त्रैमासिक बुलेटिन

# हाम्रो तानसेन

दर्ता नं.: ३२/२०७५ पाल्पा

वर्ष ३, संयुक्ताङ्क २-३, पूर्णाङ्क १०-११, २०७७ साउन/कार्तिक **Our Tansen** Quarterly Bulletin Vol. 10-11 (July 2019/Nov. 2020)



हुलाक टिकटमा रानीघाट

**यस पटक:**

- जनप्रतिनिधिको नेतृत्वमा तानसेनमा भएका मुख्य काम
- युवा स्वरोजगार
- पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७६ हिरण्यलाललाई

तानसेन नगरपालिका-१३ स्थित ऐतिहासिक रानीघाट दरवार (रानीमहल) रङ्गरोगन पछि

प्रकाशक

**तानसेन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

तानसेन, पाल्पा, लुम्बिनी प्रदेश, नेपाल

# तस्बिरमा तानसेन



लुम्बिनी प्रदेशका मुख्य मन्त्री शंकर पोखरेलसँग समसामयिक विषयमा भर्चुअल मिटिङ्मा तानसेनका नगरप्रमुख अशोककुमार शाही



तानसेन-१ र ४ का वडाध्यक्ष रामप्रसाद वस्याल, राजेन्द्रमुनि शाक्य, डा. रामप्रसाद ज्ञवाली र भेषराज नेपालसँग शीतलपाटीमा नगरप्रमुख



कोभिड-१९ को संकटका बेला आयोजित तानसेन नगरपालिका नगर कार्यपालिकाको ८औं वैठकका सहभागी



पाल्पाली करूवा बनाउने तालिमका सहभागीहरूको सीप नियाल्दै नगरप्रमुख अशोककुमार शाही र प्रवक्ता दामोदरप्रसाद घिमिरे



कोरोनाका कारण राष्ट्रिय स्वाभिमानसँग जोडिएको रणउजीरेश्वरी भगवती रथ यात्रा नभएपछि मन्दिर परिसरमा सलामी दिँदै सुरक्षाकर्मीहरू



तानसेन नगरपालिका-२ स्थित ऐतिहासिक अमरनारायण मन्दिर

# हाम्रो तानसेन । OUR TANSEN

त्रैमासिक बुलेटिन (वर्ष ३, अंक २-३, पूर्णाङ्क १०-११, २०७७ साउन/कार्तिक) दर्ता नं.: ३२/२०७५ पाल्पा

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७



**प्रकाशक**
तानसेन नगरपालिका, पाल्पा

**संरक्षक**
अशोककुमार शाही
(नगरप्रमुख)

**सल्लाहकार**
लक्ष्मीदेवी पाठक
(उपप्रमुख)
दामोदरप्रसाद घिमिरे
(प्रवक्ता)
डिल्ली राज बेल्बासे
(प्रमुख प्रशासकीय अधिकृत)

**प्रधान सम्पादक**
गोविन्द भट्टराई
(प्रेस सल्लाहकार)

**सम्पादन सहयोग**
लोचनप्रसाद तिमिल्सिना
(वडाध्यक्ष, तानसेन-१०)
कमल राना
(वडाध्यक्ष, तानसेन-१४)
कमला भण्डारी
(नगरसभा सदस्य, तानसेन-१३)
सुनिता वैंजू श्रेष्ठ
(नगरसभा सदस्य, तानसेन-३)

**व्यवस्थापन सहयोगः**
दीपक विश्वकर्मा (कार्यपालिका सदस्य)
विष्णुप्रसाद पौडेल (योजना तथा प्रशासकीय अधिकृत)
भरतप्रसाद आचार्य (शाखा अधिकृत)

**कम्प्युटर टाइपः** माया सारू
**कला निर्देशकः** नारायणकाजी बाँडे
**मुद्रणः** गणेश इन्टरनेशनल, काठमाडौं

**सम्पर्क ठेगानाः** हाम्रो तानसेन, तानसेन नगरपालिका, पाल्पा
इमेलः hamrotansenbu@gmail.com
सम्पर्क मोबाइलः ९८५७०६०७९९, ९८४७३२६७६०


**(हाम्रो तानसेनमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारसँग प्रकाशक र सम्पादकको सहमति अनिवार्य छैन ।)**

## सम्पादकीय



### शैली र सीप मौलिक अनि सिर्जनात्मक होस्

**- गोविन्द भट्टराई**

तानसेन नगरपालिका स्थापनाका हिसावले नेपालकै तेस्रो नगरपालिका हो । वि.सं. २००७ चैत्रमा स्थापना भएको यस नगरपालिकाले तानसेनको दाइ सहरका रूपमा परिचित काठमाडौं र ललितपुरको सिको गर्नतिर लागेन । संस्कार, संस्कृति, कला र सीपको धनी तानसेनको इतिहासले व्यापारिक सहर थियो यो भन्दछ । काठमाडौं पछिको महत्त्वपूर्ण राजनीतिक केन्द्र तानसेन कुनै बेला शैक्षिक नगरको रूपमा पनि चर्चित थियो । खुसीको कुरा तानसेनमा शिक्षा आर्जन गरेका व्यक्तित्वहरू शासनसत्ता सञ्चालन गर्ने, नीति निर्माणदेखि विकासका खाका कोर्ने तह र तप्कामा पुगे । पाल्पाली वा तानसेनवासी भनिए, ख्याती वा चर्चा कमाए तर तानसेनको विगतमा बनेको पहिचान कायम रहन सकेन ।

**हाम्रो तानसेन** त्रैमासिकका विगत ९ अंकले हरेक पटक विशेष सवालसँगै तानसेनको इतिहास, कला, संस्कृतिलगायत विकास निर्माणका गतिविधिलाई समेत उठान गर्दै आएको छ । विषयवस्तु चयन, प्रस्तुति, साज-सज्जा, आकारलगायतका सवालमा **हाम्रो तानसेन**ले कसैको नक्कल आवश्यक ठानेन, गरेन । गर्ने छैन । देशभरका स्थानीय तहमध्ये सर्वप्रथम विधिसम्मत ढंगले आधिकारिक निकाय (जिल्ला प्रशासन र हुलाक, सूचना विभाग, प्रेस काउन्सिल नेपाललगायत) मा दर्ता/सूचीकृत **हाम्रो तानसेन** त्रैमासिकले पुनः प्रतिवद्धता जाहेर गर्दछ- शैली र सीप मौलिक अनि सिर्जनात्मक होस् ।

**हाम्रो तानसेन** प्रकाशनको कुरामा मात्र होइन स्थानीय सरकारका नाताले तानसेन सरकारले विकास निर्माण वा मानवीय सेवाका सवालमा समेत मौलिक र सिर्जनात्मक कार्यक्रम, योजना अगाडि सार्न सकोस् । स्वास्थ्य बिमा, युवा स्वरोजगार, नागरिक जवाफदेहिता र सुशासनलाई बल पुऱ्याउन विधिसम्मत सुरू (आधिकारिक प्रकाशन) **हाम्रो तानसेन त्रैमासिक र नगर विकास वार्षिक योजना** पुस्तक प्रकाशनलगायतका काम आफैमा महत्त्वपूर्ण कदम मानिएका छन् । अरूले के गर्लान् र सिको गरौंला

भनेर जोखना हेर्नुसट्टा नागरिकको चाहना र आवश्यकतालाई आधार बनाएर गरिने कामको प्रतिफल दिगो हुन्छ भन्ने कुरामा दुईमत रहन्न ।

स्थानीय तहको निर्वाचनपश्चात् तानसेन सरकारले गरेका काम के कस्ता छन भनेर सञ्चारकर्मी तथा पत्रकारलाई समीक्षा गर्न लगाएर **हाम्रो तानसेन** त्रैमासिकबाट प्रकाशन गर्ने काम पनि तानसेनबाटै सुरू भएको हो । तानसेन नगरपालिकाले गरेका कामबारे तथ्यपरक ढंगले गरिएका आलोचनालाई समेत **हाम्रो तानसेन**ले स्थान दिएर प्रकाशित गर्ने गरेको छ । कमी, कमजोरी, त्रुटि केलाएर औल्याइदिँदा जनप्रतिनिधि र कर्मचारीलाई सच्चिने मौका प्राप्त हुन्छ साथै दिगो विकास अनि सुशासन र पारदर्शीतालाई बल पुग्छ भन्ने हाम्रो ठम्याइ छ ।




यसपटक कोरोना कहरका कारण २०७७ साउन र कार्तिकमा प्रकाशित गरिनुपर्ने हाम्रो तानसेन पूर्णाङ्क १० र ११ लाई समेटेर संयुक्ताङ्कको रूपमा प्रस्तुत गरेका छौं । २०७७ कार्तिकसम्मका कतिपय गतिविधिसमेत यसमा समेट्ने जमर्को गरेका छौं ।

शैली, सीप, साज सज्जा मौलिक र सिर्जनात्मक हुनुपर्दछ भन्ने कुरामा पुनः हामीले जोड दिँदै आलोचक तथा सम्पूर्ण शुभचिन्तकहरूमा अनुरोध गर्दछौँ– हामीलाई सुझाव दिनुहोस् । सिर्जनात्मक लेख, रचना मात्र होइन तथ्यपरक आलोचनासमेत हाम्रा खुराक हुन् तसर्थ सबैले सहयोग गर्न सक्नुहुन्छ, **हाम्रो तानसेन**लाई माया गर्नुहोस् ।

(प्रधान सम्पादक)

**प्रष्टोक्तिः यस संयुक्ताङ्कमा आर्थिक वर्ष २०७६/०७७ को तथ्याङ्कमा आधारित वडा गतिविधि छ भने अन्य कुनै लेखमा २०७७ कार्तिकसम्मको तथ्याङ्क पनि समावेश भएकोले तथ्याङ्क फरक हो कि भैं पर्न सक्छ ।**

**– प्रधान सम्पादक**

संरक्षकको कलमबाट

# स्थानीय तहको निर्वाचनपश्चात् तानसेनमा भएका गतिविधिबारे भन्नुपर्दा



- अशोककुमार शाही

नेपालको संविधानले परिकल्पना गरेको संघीय स्वरूपअनुसार सम्पन्न स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिको नेतृत्वमा तानसेन नगरपालिकामा सीमित साधनस्रोतका भरमा विकास निर्माणका अधिकतम प्रयास सम्पादन भएका छन् । तीन तहका सरकारमध्ये नागरिकले पहुँचका हिसाबले स्थानीय सरकारलाई नजिकको सरकार अर्थात् अभिभावक ठानेका छन् । नगरबासीका अधिकतम अपेक्षालाई सम्बोधन गर्न कठिनाइ भए पनि यसबीच हामीले सम्पादन गरेका विकास निर्माणका काम के कस्ता थिए ? नगरबासीलाई प्रष्ट पार्नु जरूरी ठानेर यस अंकमा उल्लेख्य कार्य स्मरण गरेका छौं । साथै आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न वडाका कामबारे चौथो अंग (पत्रकार) को प्रतिक्रियासमेत समेटेका छौं ।

निर्वाचन लगत्तै आर्थिक वर्ष २०७४/७५ मा आवश्यक स्थानीय तहसम्बन्धी कानुनको रिक्तताका कारण काममा अवरोध र अलमल भयो । प्रर्याप्त दक्ष जनशक्ति अभाव अहिलेसम्मकै पीडा हो । दर्जनबढी प्राविधिक र लेखाअधिकृतको पद रिक्त छ । यसैगरी संघ र प्रदेश सरकारबाट समयमै वजेट निकासा नहुँदा कतिपय महत्त्वपूर्ण योजनाहरू निर्धारित समयमै सम्पन्न हुन सकेनन् । तीन तहको सरकारका बीच अधिकार र साधनस्रोत बाँडफाँडका सवालमा प्रष्टता नहुनाले सोचेजसरी काम भएको छैन । कतिपय सवालमा आन्तरिक कारणसमेत जिम्मेवार छन् । पछिल्लो समय विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारी विकासनिर्माण अभियानमा बाधक बन्न पुगेको छ । तथापि हामीले तानसेनको मुहार फेर्न सक्दो प्रयास गरेका छौं ।

स्थानीय तहको निर्वाचनपश्चात् पहिलो वर्ष अर्थात् आ.व. २०७४।०७५ लाई सडक वर्षको रूपमा मनाइएको थियो । तसर्थ सडकलाई दीर्घकालीन रणनैतिक महत्त्वको सडक, अन्तर वडा सञ्जाल मोटरबाटो, पर्यटन सडक, कृषि सडक, धार्मिक तथा सांस्कृतिक सडकको रूपमा विशिष्टीकृत तथा वर्गीकृत गरी सडक नयाँ ट्र्याक खोल्ने, मर्मत तथा स्तरोन्नति गर्ने कार्यहरू सम्पादन भएका छन् । तीमध्ये केही प्रमुख योजनाहरू निम्नानुसार छन् :-

- चण्डीभञ्ज्याङ, छेलुङ कालीगण्डकी करिडोर लिंक रोड
- सेतीपोखरी गुफाचौर पहुँच मार्ग
- बर्तुङ पद्मेटारी हात्तिगौंडा माडी जाने कृषि सडक
- नयाँपाटी सारेम दमकडा कृषि सडक
- तीनलाँकुरी बांझा राजुबास मोटर बाटो
- चण्डीभञ्ज्याङ लुहुङ जोर्ते मोटर बाटो
- छात्रावास साखाखुम मौवाडाँडा हुँदै वडा नं. १२ को आमडाँडा जोडने सडक,
- बाँसटारी डाँडापिपल चुच्चेबारी भन्ज्याङ सिरसिरे ठाटी बाघखोर हुँदैं लामडाँडा कृषि मोटरबाटो
- प्रभास गणसाल सुरूङतुङ आमडाँडा बडरबोट मोटर बाटो स्तरोन्नति
- घारेखोलादेखि उकालेपिपलहुँदैं रानीघाट जाने बाटो आदि ।

यसरी हेर्दा स्थानीय तहको निर्वाचन पश्चात् पहिलो आर्थिक वर्षमा सडक नयाँ ट्र्याक खोल्ने, मर्मत तथा स्तरोन्नतिका लागि कुल रू १८ करोड २५ लाख लगानी भएकोमा त्यस वर्ष करीब ६७ कि.मी. सडक निर्माण कार्य सम्पन्न भएको तथ्य बोल्दछ । यसबीच अर्को महत्त्वपूर्ण उपलब्धिको कुरा गर्दा हामीले गरेको प्रयासअनुरूप तानसेन-५ बनदेवी क्षेत्रमा बहुउद्धेश्यीय हरियाली बसपार्क निर्माणको लागि नेपाल सरकारबाट जग्गा प्राप्त भएको छ । जहाँ पछिल्लो समय निर्माण कार्य अगाडि बढेको छ । यसैगरी तानसेन-१४ अर्गलीस्थित ऐतिहासिक राजकुलो, विभिन्न वडामा सिंचाइकुलो, प्लास्टिक पोखरी, लिफ्टिङ् सिंचाइ, सामुदायिक पोखरी निर्माण, संरक्षण र मर्मतका काम सम्पन्न भए जसले किसानलाई कृषि उद्यमका लागि सहयोग पुगेको पाइन्छ । हामीले निर्वाचित भएलगत्तै ४ वर्षभित्रमा नगरपालिका क्षेत्रमा रहेका सम्पूर्ण काठका पोल विस्थापित गर्ने नीति अगाडि सारेअनुरूप पहिलो आर्थिक वर्षमा ४५७ थान ग्याल्बोनाइज्ड विद्युत पोल जडान गरिएको छ । अन्य महत्त्वपूर्ण काममध्ये मुख्य धार्मिक तथा पर्यटकीय क्षेत्रहरूमा ५१ थान सोलार बत्ती जडान गरिएको छ । यस्तै तिनाउ गाउँपालिकासँग सिद्धार्थ राजमार्गको सिद्धबाबा बुटवल खण्डको वैकल्पिक सडकको रूपमा झुम्सा-चौकिभञ्ज्याङ्-चरङ्गे-बुटवल सडक निर्माण कार्यमा रकम प्रदान गरिएको छ । छिमेकी बगनासकाली गाउँपालिकासँग संयुक्त कार्यपालिका बैठक, सहकार्यमा सडक निर्माण, हवाइमैदान पहिचान तथा अन्य कामका लागि छलफलपश्चात् कार्यप्रक्रिया अगाडि बढेको छ । विशेषतः पर्यटन क्षेत्रको विकासका लागि छिमेकी पालिकाहरूसँग सहकार्यको सम्भावना रहेकोले सोहीअनुसार सम्वाद भएका हुन् । समुदायसँगको सहलगानीमा ६०/४० अवधारणाअनुसार विभिन्न वडामा कार्यक्रम सम्पन्न भएका छन् ।

बौघागुम्हा मगर सांस्कृतिक संग्राहलय (कुँडुले घर) को पुर्वाधार निर्माण तथा पाल्पा उद्योग वाणिज्य संघसँगको साझेदारीमा वीरेन्द्र फूलबारीलाई व्यवस्थित बनाइएको छ । यसैगरी अरू काममध्ये गरिबी न्यूनीकरणका लागि स्वरोजगार कार्यक्रम सञ्चालन, नेपाल पत्रकार महासंघ पाल्पाको संस्थागत विकास तथा स्थानीय सञ्चारगृह सबलीकरणका निम्ति सहयोगलाई निरन्तरता दिइयो । तानसेन पाल्पाको इतिहास, कला, संस्कृति तथा गतिविधि समेटेर वैधानिक निकायमा विधिसम्मत दर्ता गरेर सूचना विभाग, प्रेस काउन्सिल नेपालमा समेत सूचीकृत गरी तानसेन नगरपालिकाको मुखपत्र **हाम्रो तानसेन** त्रैमासिक प्रकाशन सुरू गरिएको छ । लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानको कदरस्वरूप तानसेन नगरकार्यपालिकाले स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारका लागि अक्षयकोष स्थापना गरिएको छ । पुरस्कार व्यवस्थापनका लागि पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष स्वायत्त संस्थाको रूपमा क्रियाशील छ । पुष्पलालको स्मृति दिवसका अवसरमा उक्त पुरस्कार प्रदान गरिने भनिएकोमा कोरोना त्रासका कारण पहिलोपटक-२०७६ मा कोषले गठन गरेको व्यक्तित्व मूल्याङ्कन समितिको निर्णय अनुसार-२०७७ असोज ६ गते वरिष्ठ पत्रकार तथा पुष्पलालका समकालीन व्यक्तित्व हिरण्यलाल श्रेष्ठलाई राष्ट्रपतिले शीतलनिवासमा आयोजित विशेष समारोहमा रू १ लाख ११ हजार १ सय ११ रूपैयाँ राशिको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार-२०७६, (पहिलोपटक) प्रदान गर्नु भएको छ । यसैगरी नेपालमै पहिलोपटक स्थानीय सरकारको पहलमा तानसेनमा १२२४ विपन्न दलितहरूको स्वास्थ्य विमा कार्यक्रम सुरूवात भयो । सुत्केरी पोषणखर्च (स्वास्थ्यचौकी/अस्पतालमा सुत्केरी भएको मात्र) को प्रारम्भ गरियो भने कर शिक्षा कार्यक्रम सञ्चालन (घरदैलोमा गई कर असुलीको व्यवस्था) गरियो । नगरबासीको गुनासो तथा समस्या सुन्न जनताको घरमा मेयर, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षणलगायत सुशासन अभिवृद्धिका विभिन्न कार्यक्रम सञ्चालन भएका थिए । विविध व्यवधानका बीच उक्त आ.व.मा आयतर्फ ९२.३६ प्रतिशत र व्यय बजेटको ८८.३५ प्रतिशत प्रगति हासिल भएको पाइन्छ ।

आर्थिक वर्ष २०७५।०७६ अर्थात् निर्वाचन पछिको दोस्रो कार्यकालमा पहिलो वर्षको तुलनामा केही हदमा वैधानिक अलमल कम हुनुका साथै कार्यसम्पादनमा समेत थोरै भए पनि प्रगति भएको महसुस भयो । आकँडा हेरौः

**आ.व २०७५।०७६ मा सम्पादन भएका केही महत्त्वपूर्ण थालनी तथा उपलब्धीहरू**

खुद्रा योजनाले मात्र तानसेनको समृद्धि सम्भव नहुने महसुस गरेर औकातअनुसार हामीले नगर गौरवका योजनालाई वजेट विनियोजन सुरू गर्न थाल्यौं अर्थात् नगर गौरवका योजनाको अवधारणा सुरू भयो । जसअर्न्तगत उल्लेख्य पक्षलाई यसरी स्मरण गर्न सकिन्छ :

- नगर गौरव अन्तर्गत ५ वटा योजनाहरू स्वीकृत भएको
  - सेतीपोखरी गुफाचौर सडक स्तरोन्नति (क्रमागत)
  - तानसेन कालीगण्डकी करीडोर लिङ्करोड स्तरोन्नति (क्रमागत)
  - सांस्कृतिक सहर पूर्वाधार कार्यक्रम
  - नयाँपाटी, शारदा. मा.वि. सा.रे.म हुँदै दमकडा कृषि सडक स्तरोन्नति
  - श्रीनगर सौन्दर्यीकरण कार्यक्रम
- नगर गौरव योजनाको लागि ३ करोड १० लाख विनियोजन गरिएको
- बसपार्क-लहरेपीपल-बतासेडाँडा सडक स्तरोन्नति (डेडिकेटेड रोड) कार्य सञ्चालन
- बनदेवी वातावरणमैत्री बस टर्मिनलको पूर्वाधारजन्य कार्य सुरू
- खरको छाना विस्थापन कार्यक्रम (तानसेन-१३ का बोटे समुदायको लागि)
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका नगरबासीको घरघरमा स्वास्थ्य सेवा अभियान अन्तर्गत ११२ वटा सिबिर सञ्चालन गरी ४३६८ जनाले लाभप्राप्त गरेका
- १२८९ जना दलित, २२३ जना अल्पसंख्यक र ७६ जना महिला स्वास्थ्य स्वयंसेविकाको स्वास्थ्य विमा गरिएको
- १४ वटै वडाहरूमा ९१५ जना महिलाहरूको पाठेघरको मुखको क्यान्सर निःशुल्क जाँच सिबिर संचालन गरिएको
- जर्मन स्वयम्सेवी दन्त चिकित्सकहरूबाट ५ वटा विद्यालयका १३७० विद्यार्थीहरूको निःशूल्क दन्त परीक्षण गरिएको
- नगर युवापरिषद् गठन गरी रचनात्मक काममा उत्प्रेरित गरिएयता विभिन्न रचनात्मक काम सम्पादन भएका । युवापरिषद् परिचालन गरी तानसेनले कोरोना संक्रमणको त्रासदीपूर्ण अवस्थामा नेपालमै पहिलोपटक कृषि एम्बुलेन्स सुरू गरेर कृषक र उपभोक्तालाई राहत पुऱ्याएको ।
- तानसेनका खानेपानी उपभोक्तालाई मासिक महसुलमा रू १००।०० छुट दिनेगरी तानसेन खानेपानी उपभोक्ता समितिलाई वार्षिक रू २५ लाख अनुदान दिन सुरू
- तानसेन नगरपालिका कार्यालयको पूर्वतिर जोडेर Annex Building निर्माण गरी थप कार्यकक्ष र सेवाग्राही मैत्री बनाइएको
- तत्काल सम्बोधन गर्नुपर्ने विशिष्ट प्रकृतिका सेवा प्रवाहमा थप चुस्तता ल्याउन वातावरण संरक्षण कोष, मर्मत सम्भार कोष, हितकारी कोष, विपद् व्यवस्थापन कोष हरेकमा एक करोडभन्दा बढी रकम विनियोजन गरी कोष मार्फत् कार्यक्रम सञ्चालन गरिँदै आएको ।
- छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको सिचुवान प्रान्तस्थित लसान नगरपालिकासँग भगिनी सम्बन्धकायम गर्न द्विपक्षीय पहल सुरू

- यस आ.व.मा ७.८१ (करिब ८) कि.मी. नयाँ मोटरेवल सडक ट्र्याक खोलेको, ४९.५३ कि.मी. सडक मर्मत तथा स्तरोन्नति गरिएको
- यस आ.व.मा आयतर्फ १०५.३६ प्रतिशत र विकास बजेटको ८७.६४ प्रतिशत प्रगति हासिल गरिएको तथ्य बोल्दछ ।
- आवश्यक स्थानीय कानुन निर्माण गरी कार्यान्वयन प्रक्रिया प्रभावकारी बनाइएको
- तानसेन नगरपालिका क्षेत्रमा स्थापना भएका सहकारीहरूको सबलीकरणका लागि आवश्यक विभिन्न कार्यक्रम अगाडि बढाइएको ।
- गत आर्थिक वर्षदेखि उत्कृष्ट सामुदायिक तर्फ १ र संस्थागत विद्यालयतर्फ १ विद्यालयलाई पुरस्कृत गरिएको

**आर्थिक वर्ष २०७६/०७७**

तानसेन नगरपालिकामा हामीले नेतृत्व सम्हालेको तेस्रो वर्षमा अर्थात् आर्थिक वर्ष २०७६।०७७ मा सम्पादन भएका मुख्य गतिविधि यी हुन्ः

- दीर्घकालीन महत्त्व राख्ने नगरगौरवका ५ वटा योजनाको लागि ४ करोड लगानी
- बिगबुद्ध परियोजना
- तानसेन रिङरोड स्तरोन्नति
- रानीघाट (रानीमहल) एकीकृत विकास कार्यक्रम
- हृषिकेश-अर्गली एकीकृत विकास कार्यक्रम

- संघ, प्रदेश तथा विकास नियोगसँगको साझेदारी (समपूरक कोष मार्फत्) कार्यक्रम सञ्चालन १८ करोड १३ लाख लगानी
- स्थानीय पूर्वाधार विकास कार्यक्रममार्फत् २ करोड ८ लाख बढीको पूर्वाधारजन्य काम भएको
- संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसँगको साझेदारीमा युवा उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिएको जसमा करिब २ करोड ३५ लाख परिचालन भएको
- प्रशासनिक तथा कार्यालय सञ्चालन खर्चमा मितव्ययिता अपनाई स्वीकृत बजेटको ११ प्रतिशत खर्च बचाउन सकिएको
- स्वरोजगार कार्यक्रममार्फत् २ करोड ४५ लाख बराबर सहलियतपूर्ण कर्जा लगानी गरी ६५ जना नवउद्यमीहरू तयार गरिएको (२०७७ कार्तिकसम्मको आँकडा अनुसार) ।
- पाल्पाली ढाका र हातबाट बनाउने काँसको पाल्पाली करूवा उत्पादन तथा विभिन्न आयमूलक कार्यक्रम उद्यम सञ्चालन र बजारीकरणलाई लक्षित गरी जनशक्ति तयार गर्न सीपमूलक तालिम सञ्चालन तथा उद्यमीलाई रेडासँगको सहकार्यमा तालिम तथा नेपाल बैंक लिमिटेड तानसेनबाट विनाधितो पूँजी प्रस्ताव ।
- यस आ.व.मा ०.५१ कि.मी. मोटरेवल सडक पि.सि.सि., ४.७४ कि.मी. ग्राभेल तथा ५४ कि.मी.सडक स्तरोन्नति गरिएको
- नव उद्यमको अनुसन्धान र विकासका प्रवर्त्तन उद्यम विकास केन्द्र (Entrepreneurship Business Incubation and Innovation Center EBIIC) स्थापना गरी सञ्चालनमा ल्याइएको
- सिद्धार्थ आर्थिक करिडोरका स्थानीय सरकार प्रमुखहरूको मञ्च गठनमा अग्रसरता एवम् सचिवालयको जिम्मेवारी तानसेन नगरपालिका र मञ्चको संयोजकको जिम्मेवारी तानसेन नगर प्रमुखलाई प्राप्त
- हेफर इन्टरनेशनल नेपालसँगको सहकार्यमा व्यवसायिक पशु विकास कार्यक्रम सञ्चालन

- वडास्तरीय पूँजीगत कार्यक्रमका लागि जनसंख्या, भूगोल, गरिबी, सांस्कृतिक सम्पदा र आन्तरिक राजश्वको योगदान अनुसार सूत्रमा आधारित भई बजेट बाँडफाँडको सुरूवात गरिएको
- विश्वव्यापी महामारीको रूप लिएको कोरोना संक्रमण रोकथाम, उपचार र राहतका लागि लक्षित कोभिड-१९ विशेष कार्यक्रमअन्तर्गत २ करोड १ लाख बराबर रोकथाम, राहत तथा रोजगारीसम्बन्धी विविध कार्यक्रमहरू सञ्चालन गरिएको
- तानसेन-४ स्थित पाल्पा दरबार सङ्ग्रहालय परिसर सौन्दर्यीकरण गरिएको
- तानसेन ९ दमकडामा जेष्ठ नागरिकहरूको लागि न्यानो तथा शीतल घर निर्माण गरिदैं
- दरबार परिसरभित्र नेपाली सेनासँगको सहकार्यमा निशान भगवती मन्दिर निर्माण (बहुवर्षीय)
- रणउजीरेश्वरी भगवती मन्दिर, शीतलपाटी हुलाक हुँदै सिल्खानसम्म सडकमा ढुंगा छपाइको काम गरी पर्यटकमैत्री सडक निर्माण गरिएको
- विगत आ.व. देखि सञ्चालन हुँदै आएका देहायका अभियान/कार्यक्रमहरूलाई थप बजेट सहित निरन्तरता दिइएको
  - खरको छाना विस्थापन कार्यक्रम
  - उज्यालो बोटे माझी गाउँ (तानसेन-१३) मा सोलार जडान
  - स्वास्थ्य विमा
  - खानेपानी उपभोक्ता समितिलाई अनुदान (Subsidy)
  - युवा स्वरोजगार कार्यक्रम
  - कार्यसम्पादनमा आधारित स्थानीय सञ्चार गृहको संस्थागत विकास
  - पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष वृद्धि र पुरस्कार प्रदान
- यस आ.व.मा आयतर्फ ९५.११ प्रतिशत लक्ष्य हासिल भएको र खर्चतर्फ ७५.२८ प्रतिशत प्रगति हासिल गरिएको छ ।
- आर्थिक वर्ष २०७४/७५ देखि नै कृषकहरूको मागअनुसार निरन्तर रूपमा मिनिटिलर, कम्वाइन्ड मिल, ग्रासकटर, माहुरीघारलगायत आधुनिक कृषि यन्त्र, कृषि उपकरण, कृषि औजार, उन्नत जातका बीउबिजन, फलफूलका विरूवा, उन्नतजातका बाख्रा-बोका, कुखुराका चल्ला (५० प्रतिशत अनुदानमा र कतिपय निःशुल्क) लगायत वितरण गरिएको छ । कृषि यान्त्रीकरणलाई जोड दिँदै नगरपालिका भित्रका कृषक समूह, सहकारी संस्था, व्यावसायिक कृषक तथा पशुपालनमा लागेका फर्महरूको मागबमोजिम कृषि सामग्री वितरण गरिएको छ । जसमा ५० प्रतिशत अनुदानमा हाते टेक्टर ६० थान, कम्वाइन्ड मिल २९ थान, च्यापकटर १५ थान वितरण भएको छ । पूर्ण अनुदानमा विभिन्न प्रजातिका उन्नत घाँसका बीउ २६०० केजी, ३ हजार सेट डाले तथा भुइँघासका बिरूवा, तरकारीका मिनिकिट सेट १ हजार थान, धान मकै र गहुँको बीउ (५० प्रतिशत अनुदानमा) १८ हजार २०० केजी विभिन्न वडाका किसानको मागअनुरूप गाउँटोलमै लगेर वितरण गरियो । माहुरीघार १५० थान र माहुरीजन्य सामग्री ५० प्रतिशत अनुदानमा वितरण गरियो भने २१ थान प्लाष्टिक पोखरी निःशुल्क वितरण गरिएको छ । २५ हजार बढी कागती, सुन्तलाका बिरूवा ५० प्रतिशत अनुदानमा किसानलाई उपलव्ध गराइयो । श्रीनगरमा दाँतेओखरका १६०० वटा बिरूवा र गुफाचौर लगायत विभिन्न सामुदायिक वनमा २००० वटा लालीगुराँसका बिरूवा रोपण गरिएको छ । त्यसैगरी कृत्रिम गर्भाधान, पशुउपचार र भ्याक्सिन दिने कार्यक्रम नगरपालिका क्षेत्रभित्र प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ । किसानहरूको उत्पादनबृद्धि र बजारीकरणका लागि कृषिमैत्री नीति निर्माण गरी योजना अगाडि बढाइएको छ ।

- तानसेनसँग जोडिएका सडकहरू बिस्तार गरिएको छ । गौँडेपुलदेखि बर्तुङ, टक्सारदेखि रिब्दीकोट गाउँपालिकाको सीमासम्म, रोज रिसोर्टदेखि गैरागाउँसम्म सडक बिस्तार आरम्भ भएको छ । वडामा जानका लागि पहुँचमार्ग निर्माण गरिएको छ ।
- नगरपालिका कार्यालयको आँगनको रूपमा रहेको टुँडिखेल सौन्दर्यीकरण तथा स्तरोन्नति कार्य आरम्भ गरिएको छ ।
- विदेशबाट फर्किएका, रोजगारी गुमाएका युवा लक्षित आयआर्जन तथा स्वरोजगार योजनाका लागि वजेट विनियोजन गरिएको छ । ४ सय युवालाई उद्यमी गराउनका लागि सीपविकास तथा उद्यम छनौट र कार्यान्वयन कार्यक्रम निरन्तर चलिरहेको छ ।
- छिटो छरितो न्याय सम्पादनमा जोड दिँदै आवश्यक पूर्वाधार तयार गरिएको छ । सबै वडाबाट छनौट भएका मेलमिलापकर्तालाई तालिम प्रदान गरी वडातहमा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।
- योजना अनुगमन, बजार अनुगमन कार्यलाई निरन्तरता दिइएको छ ।
- कुहिने तथा नकुहिने फोहर व्यवस्थापन, फोहरबाट ऊर्जा उत्पादनका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ ।

**निष्कर्ष**

तानसेन नगरपालिकामा स्थानीय तहको निर्वाचन २०७४ पश्चात् अर्थात् जनप्रतिनिधिले नेतृत्व सम्हालेयता खासै काम भएन भन्ने नकारात्मक धारणासँगै सीमित साधनस्रोतका वावजुद तानसेनमा पछिल्ला तीन वर्षमा केही काम भएका छन् भन्ने सकारात्मक सोच राख्नेहरू प्रसस्त भेटिन्छन् । हामीले वस्तुनिष्ठ आलोचनालाई सदैव सम्मान गरेका थियौँ र गर्ने छौं । तानसेनमा ३ वर्षमा केही नै भएन भन्नु पुर्वाग्रही हुनु हो र जनप्रतिनिधिले नेतृत्व सम्हालेपछि तानसेनको कायापलट गर्‍यौं भन्नु धुर्त्याइँ हो । यसर्थ यथार्थ धरातलमा उभिएर बोल्नु, लेख्नु तथा समीक्षा गर्नु मात्र न्योयाचित हुने हाम्रो ठम्याइ छ ।

विभिन्न समस्या र अभावका वावजुद हामीले विगत ३ वर्षमा नगरबासीका अपेक्षा अधिकतम सम्बोधनका लागि हरसम्भव इमान्दार प्रयास गरेका हौं । सम्वृद्धिको सपना देखेर मात्र वा गौरवका योजना बनाएर मात्र पनि विकास हुँदो रहेनछ । समयमै प्रर्याप्त वजेटको जोहो, आवश्यक दक्ष जनशक्ति अनि जनप्रतिनिधि जसरी नै प्रशासनिक क्षेत्रमा कामप्रतिको चासो नभएसम्म नागरिकका सपना साकार पार्न सकिदोरहेनछ भन्ने पाठ पनि हामीले अनुभूत गर्‍यौँ । बेलाबखतका दैवी तथा प्राकृतिक प्रकोप अनि दैनिक कार्यसम्पादनमा आइपर्ने समस्या तथा कार्यगत अप्ठेराहरूले समेत हाम्रा सोच, सपना अर्थात् योजना कार्यान्वयनमा नकारात्मक असर पुर्‍याएको तथ्य हामीले स्मरण गर्न जरूरी छ । प्रदेश, संघ र स्थानीय सरकारको कार्यक्षेत्रबारे संविधानले मात्र खाका कोरेर हुँदो रहेनछ । जनप्रतिनिधि, प्रशासक, नीति निर्माता र सरकारको बाग्डोर सम्हाल्नेहरूको नियत र कार्यान्वयन प्रक्रियाले समेत संघीय संरचना र सफलतालाई असर पार्दो रहेछ । गाउँगाउँमा सिंहदरबारको अवधारणासँगै सिंहदरवारको अधिकार आवश्यक मात्रामा स्थानीय सरकारलाई प्रत्यायोजन गर्न सकिए मात्र पालिकाहरूको कार्यसम्पादनमा सहजता आउने पक्का छ । यसतर्फ सरोकारवाला सबै सचेत र जिम्मेवार हुनै पर्दछ । थोरै भए पनि अबको बाँकी समय विगतभन्दा महत्त्वपूर्ण छ र नगरबासीका गुनासा र सुझावलाई जिम्मेवारपूर्ण ढंगले सम्बोधन गर्न चुक्नुहुँदैन अन्यथा लोकतन्त्रको अपमान हुन्छ भन्ने मर्म हामीले मनन गरेका छौं । अतः अन्तिम क्षणसम्म हाम्रो प्रयास सुशासन र पारदर्शितालाई जोड दिँदैं समृद्ध तथा सबल तानसेनका लागि लक्षित हुने प्रतिबद्धता जाहेर गर्दछौँ । विकास निर्माणका काममा सरोकारवालासँगै तानसेन नगरवासीका तर्फबाट होस्टेमा हैंसे हुने विश्वास हामीले राखेका छौं ।

(नगरप्रमुख)

# विषयसूची


| | | | |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०७६/७७ साललाई फर्केर हेर्दा | लक्ष्मीदेवी पाठक | ११ |
| २ | तानसेनको विकास हामी सबैको संकल्प | दामोदरप्रसाद घिमिरे | १४ |
| ३ | कोरोना कहरका बीच अघि बढेको तानसेनको विकास निर्माण अभियान | डिल्ली राज बेल्बासे | १५ |
| ४ | तानसेन नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा भएका गतिविधिहरू | लोचनप्रसाद तिमिल्सिना | १७ |
| ५ | पाल्पामा पुष्पलाल र वी.पी. प्रजातन्त्र र समाजवाद | झपेन्द्र जीसी | १९ |
| ६ | राजमान सिंहको सम्झनामा केही शब्द | दिल साहनी | ३१ |
| ७ | पाल्पा माडी र माडीको चोपिलो माछा | निर्मल श्रेष्ठ | ३८ |
| ८ | On Way to Smart City | Buddhi Prasad Sharma | ४३ |
| ९ | कोभिड-१९ महामारीमा पत्रकारको आर्थिक संकट | राजेशकुमार अर्याल | ४६ |
| १० | गुफाचौरमा गणेश मूर्तिः एक अवरूद्ध अभियान | टोप अस्लामी | ४८ |
| ११ | Snapshot of Tansen: Foundation of Concrete Changes | Gopal Prasad Bashyal | ५० |
| १२ | जमानी बसेर युवालाई उद्यमी बनाउँदै तानसेन नगरपालिका | माधव अर्याल | ५३ |
| १३ | 'कोरोना महामारीले सम्भावना पनि लिएर आएको छ' - तानसेनका मेयर शाही | रेखीराम राना | ५७ |
| १४ | तानसेनको (आ.व. २०७६/०७७) को शाखागत विकास गतिविधि सर्सरी हेर्दा | दुर्गा बहादुर थापा | ६१ |
| १५ | पाल्पा गौंडाबाट अंग्रेजलाई जितेको तीन युद्ध | पुष्कर अथक रेग्मी | ६८ |
| १६ | युवाहरूको लागि उद्यमशीलता विकास कार्यक्रम र यसका उपलब्धीहरू | लीला बहादुर कार्की | ७१ |
| १७ | हृषीकेश मन्दिरको ऐतिहासिक पृष्ठभूमि तथा रथयात्रा | दुर्गादत्त रेग्मी | ७५ |
| १८ | एकपटक पुग्नैपर्ने तानसेन | रमेश घिमिरे | ७८ |
| १९ | पाल्पा (कविता) | खत्री कमल | ८० |
| २० | समृद्ध तानसेनका लागि नेपाल बैंकको सहयकार्यमा सहुलियतपूर्ण कर्जा | सुरज घिमिरे | ८१ |
| २१ | हाम्रो तानसेन (कविता) | मन गहिरे | ८७ |
| २२ | प्यारो तानसेन (कविता) | चिरञ्जीवी शर्मा ढुंगाना | ८८ |
| २३ | तानसेन नगरपालिकाः अवसर दायित्व र चुनौती | चक्रपाणि गौतम | ८९ |
| २४ | उद्यमशील युवा, समृद्ध मुलुक र तानसेन नगर युवा परिषद् | गुराँस आत्रेय | ९५ |
| २५ | हाम्रो पालाको तानसेन | नारायण अधिकारी | ९८ |
| २६ | कोरोना कहरका बीच तानसेन नगरपालिकाको सेवा प्रवाह | भरतप्रसाद आचार्य | १०० |

# विषयसूची


| | | | |
|---|---|---|---|
| २७ | गौरवशाली पाल्पा (कविता) | भावना खनाल | १०१ |
| २८ | तानसेनको गहना पाल्पा दरबार संग्रहालय | चन्द्रबहादुर वली | १०२ |
| २९ | सरसफाइ तथा वातावरण शाखाका मुख्य गतिविधि | शंकर भण्डारी | १०५ |
| ३० | कोरोना महामारीकाबीच तानसेनमा रोजगार कार्यक्रम | कलश न्यौपाने | १०७ |
| ३१ | समयमै काम सम्पन्न गर्ने तानसेन-१ को प्रयास | भोजराज भट्टराई | १०९ |
| ३२ | तानसेन नगरपालिका-२ का केही मनै लोभ्याउने गतिविधिहरु | कृष्ण दर्नाल | ११२ |
| ३३ | यस्ता रहे तानसेन-३ का योजना र प्रगति | यज्ञमूर्ति तिमिल्सिना | ११६ |
| ३४ | तानसेन नगरपालिका वडा नं. ४ विकासमा फड्को मार्दै | भरत शर्मा | ११८ |
| ३५ | सिंहदरबारको अनुभूति दिलाउँदै तानसेन-५ | सुनिल कार्की | १२० |
| ३६ | अबको प्राथमिकता सडकको स्तरोन्नति | प्रकाश नेपाल | १२४ |
| ३७ | वडाबासीको मन जित्ने काम भएको छ तानसेन-७ मा | सुमन गैरे | १२६ |
| ३८ | कोरोना कहरका बावजुद सकेको काम गर्‍यो तानसेन-८ मदनपोखराले | रिमा सोमै | १२८ |
| ३९ | तानसेन-९ को विकास निर्माण समृद्धितर्फ | विजयकुमार बौडेल | १३० |
| ४० | तानसेन-१० को सबै बस्तीमा सडक पुग्यो, व्यावसायिक कृषितर्फ किसान आकर्षित | मिलन विश्वकर्मा | १३३ |
| ४१ | कोरोना महामारीमा समेत घरघरमै सामाजिक सुरक्षा भत्ता वितरण र रोजगारी ... | अमृत अधिकारी | १३७ |
| ४२ | तानसेनकै अग्लो डाँडा चेचीकोट र वडा नं १२ को विकास | झविन्द्र देवकोटा | १३९ |
| ४३ | तानसेन-१३ बौघागुम्हाको समृद्धिको आधार कृषि र पर्यटन | किरण कौशल | १४२ |
| ४४ | परिवर्तन पछ्याउँदै तानसेन नगरपालिका-१४ अर्गली | सुमन कार्की | १४५ |
| ४५ | सहकारी अभियानमा नयाँ ढङ्गले अगाडि बढौं | दुर्गा बहादुर थापा | १४७ |
| ४६ | हिरण्यलाल श्रेष्ठलाई सम्झिएको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार ... | गोविन्द भट्टराई | १५० |
| ४७ | तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को एकिकृत आर्थिक विवरण | | १५३ |
| ४८ | तानसेन नगरपालिकाको आ.व. २०७७/०७८ को प्रथम चौमासिक आय-व्यय विवरण | | १५४ |
| ४९ | आ.व. २०७७/०७८ मा तानसेन नगरपालिकाको नगरकार्यालयको कोभिड-१९ तर्फको खर्च विवरण | | १५५ |
| ५० | पत्रपत्रिकामा तानसेन | | १५६ |
| ५१ | तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति | | १५९ |

# आर्थिक वर्ष २०७६/७७ साललाई फर्केर हेर्दा



- लक्ष्मीदेवी पाठक

**न्यायिक समिति**

न्यायिक समितिबाट आ.व. २०७६/०७७ मा ५४ दुनियावादी देवानी, १८ दुनियावादी फौजदारी, २ सरकारवादी फौजदारी, ३ अन्य सरकारवादी सहित ७७ मुद्दा दर्ता भएकोमा मिलापत्र मार्फत् निरूपण गरियो । २०७६ सालमा मात्र २९ वटा विवाद मिलापत्रमार्फत् निरूपण गरिएको छ । यसै सन्दर्भमा दि एसिया फाउन्डेसनको आर्थिक सहयोग र प्राकृतिक द्वन्द्व रूपान्तरण केन्द्र नेपालको सहजीकरणमा ८४ जना मेलमिलापकर्ता छनोट गरी ८ दिवसीय (४८) घण्टाको तालिम सम्पन्न गरियो । जसमध्ये १४ वटै वडाहरूमा मेलमिलाप कार्यालय उद्घाटनसमेत गरियो । सोहीअनुसार वडामा मेलमिलापको काम सुरू भएको छ । न्याय सम्पादन सहज तुल्याउन हरसम्भव प्रयास गरिएको छ ।




**आर्थिक वर्ष २०७६/७७ को योजना अनुगमन**


तानसेन नगरपालिकाबाट आर्थिक वर्ष २०७६/७७ मा अनुगमन समिति (प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेलबासे कार्यपालिका सदस्यहरू शशी श्रेष्ठ, दिपक विक, भीमबहादुर कुमाल र योजना अधिकृत विष्णु पौडेलको टोली) पाँचौ नगर सभाबाट पारित भई सुरूवात गरिएको योजनाहरूलाई पहिलेको अवस्था, योजना सुरू भई काम गरी रहेको अवस्था, योजना सम्पन्न भई मूल्याङ्कनसमेत भएको अवस्थामा गरी तीन चरणको अनुगमन गर्ने गरिन्छ । यस्ता योजनामध्ये तानसेन, रिडी, तम्घास सडक स्तरोन्नति तानसेन नगरको सिमानासम्म पुगेको छ । तानसेन शीतलपाटीदेखि तेर्सो सडकमा ढुंगा छाप्ने काम सम्पन्न भएको छ । नगर गौरवका योजना, नगर स्तरीय योजना, समपुरक संघ र प्रदेश, वडा स्तरीय

योजनाहरू सम्पन्न भएका छन् । नगरपालिकाबाट अनुगमन गरिने योजनाहरू अवलोकन गर्दा राम्रो पाएका थियौँ । यो वर्षको अविरल वर्षाले गर्दा सम्पन्न योजनाहरूमा क्षति हुन पुगेको छ । विपदलाई कसैले टार्न सकिदो रहेनछ । यसमा उपभोक्ताहरूको दोष होइन जस्तो लाग्दछ । सडक वोर्डबाट सञ्चालित ठूलो राशिका योजनाहरू कोरना भाइरस (कोभिड-१९) को कारण कालोपत्रे गर्ने योजनाहरू सम्पन्न हुन सकेनन् । मजदुरहरू र अति आवश्यक सामग्रीहरू कोभिड-१९ को कारण जुटाउन नसक्नु पनि कारण हो । वजेट ढिलो आउनु र सम्झौता भएर पनि कामको सुरूवात ठेकेदारहरूबाट समयमै नहुनु जस्ता समस्याहरूले काम सम्पन्न गर्न असमर्थ गरायो । वजेट फ्रिज हुन पुग्यो । यसले गर्दा नगरपालिकाको प्रगति कम देखिन पुगेको छ ।

**राहत वितरण**

कोरोना महामारीको कारण लकडाउन शुरू भयो । सबै उद्योग, व्यापार व्यवसायहरू बन्द भए । सोही कारण मजदुरहरू र अति गरिबहरूको घरमा चुल्हो बल्न मुस्किल भयो । जनताको सरकार स्थानीय सरकार नै थियो । त्यसकारण भोकले मर्न नपरोस् भन्दै अति गरिब मजदुरलाई नगरपालिकाबाट पहिलो चरणको निःशुल्क राहत वितरण भयो । राहतको लागि सहयोगी हातहरू पनि आउन थाल्नुभयो । नगरको विकास योजना पनि घटाई राहत वितरण गऱ्यौं । गरिबको घरमा फेरि चुल्हो बल्न कठिन भयो पुनः अति विपन्न परिवारमा राहत वितरण गरियो । सुत्केरी आमा र नवजात शिशुलाई पनि कोभिड-१९ को प्रभाव पऱ्यो । सुत्केरी पोषण खाना लिई उपप्रमुख सम्बन्धित घर घरमा गई राहत वितरण गरियो । अति असक्त अपाङ्गता भएकाको घरमा पनि राहत पुऱ्याउने काम गरियो । थोरै पैसा भएका तर बजार बन्दको कारण समस्यामा परेका निम्न मध्यम वर्गलाई समेत नगरपालिकाको अगुवाइमा २५ प्रतिशत लागत छुटमा चामल, नुन, आटा वितरण भयो । यसले गर्दा उपभोक्ताहरूलाई धेरै राहत भयो । यसको लागि सहयोगी हातहरूप्रति तानसेन नगरपालिका कृतज्ञ छ । नगरपालिकाको अनुरोधमा सिआरएसको आर्थिक सहयोगमा कारितास संस्थाबाट पनि अति विपन्न परिवार भएका विभिन्न वडाहरूमा राहत सहयोग भएको छ । सहयोगी सबै संस्था तथा व्यक्तित्वहरू धन्यवादका पात्र हुनुहुन्छ ।

**कृषितर्फ**



तानसेन नगरपालिकाबाट कृषिमा किसानहरूलाई आत्मनिर्भर बनाउन १४ वटै वडाहरूमा उन्नत मकै, गहुँ, धानको बीउ वितरण भएको छ । त्यसको प्रभाव मकै र गहुँको राम्रो उत्पादन बढेको किसानहरू बताउनुहुन्छ । धान पनि राम्रो उत्पादन हुने आशा गरिएको छ । उत्पादन बढेमा आयात कम हुने किसानको भनाइ छ । कृषि उत्पादनलाई बढावा दिन प्लाष्टिक पोखरी शतप्रतिशत छुट (अनुदान) मा बनेका छन् । हाते टेक्टर, च्यापकटर, ग्रेण्डर मेसिन (५०% अनुदानमा) वितरण भएको छ । किसानलाई मौरी व्यवसायतिर उन्मुख बनाउन मौरी घारलगायत सामग्री वितरण गरिएको छ । सुन्तलाका, कागतीका बिरूवा वितरण भएको छ । सूर्यमुखीको बीउ वितरण, ओखर-लालिगुराँसका बिरूवासमेत रोपण भएका छन् । प्याज, च्याउ, फापरको बीउसमेत वितरण भएका छन् ।

**पशुतर्फ**

पशु व्यवसाय गरी मासु र दुधमा आत्मनिर्भर हुने गरी व्यवसाय बनाउन भकारो सुधार कार्यक्रम सञ्चालन भएको छ । बोयर जातको बोका वितरण गरिएको छ । तानसेन-१३ माझी बस्ती लगायत अन्य वडामा बीउ, बोका र बाख्राहरू वितरण गरिएको छ । युवास्वरोजगार अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । करेसाबारीलगायतका कार्यक्रममा माछा पालन, कुखुरा पालन, बच्चाहरूलाई कोचिङ पढाइ र सामाजिक परिचालकसमेतको व्यवस्था भएको छ ।

**घाँस खेती**

पशुलाई पोषण खानाको लागि नगरपालिकाबाट विभिन्न प्रजातिका घाँसका बीउ पशुपालक किसानलाई निःशुल्क वितरण गरिएको छ ।

युवा स्वरोजगार कार्यक्रमलाई अगाडि बढाउँदै विदेशबाट नेपाल फर्कने युवा र नेपालमा नै रहेका बेरोजगार युवाहरूलाई रोजगारीका साथ स्वावलम्बी बनाउन सीपमूलक तालिम, बीउपूँजी र नगरपालिकाको जमानीमा बिना धितो ऋण प्रदान गरिएको छ ।

**विपद् व्यवस्थापनको अनुगमन**

अविरल बर्षाको कारण नगरपालिकाको सबै वडाहरूमा घर भत्कने, बाटो, बारीमा पैरो जाने, पानीका मुहान पुरिने, नाला बगाएर लाने जस्ता क्षति भएको थियो । निवेदनको आधारमा उपप्रमुखको संयोजकत्वमा सदस्यहरू वडा नं. ६ का अध्यक्ष सागरमान महर्जन, वडा नं. ३ का अध्यक्ष महेशलाल शाक्य, सदस्य सीता कार्की र प्राविधिक १ जना गरी ५ जनाको टोलीले अनुगमन गरी 'क' वर्ग 'ख' वर्ग 'ग' वर्गको वर्गीकरणको आधारमा १०० परिवारलाई नगरपालिकाबाट राहत वितरण गरियो । यससँगै बेस नेपाल संस्थाको सहयोगमा त्रिपाल, म्याट, महिला, बालबालिकाले प्रयोग गर्न मिल्ने कपडाहरू बाल्टी, पानी शुद्धीकरणको लागि पियुससमेत वितरण भयो । वेस नेपाल साथै सहयोगी संस्थालाई तानसेन नगरपालिका धन्यवाद ज्ञापन गर्दछ । यस्तै पुनः अविरल वर्षाको कारण घर भत्किन सुरू भयो । निवेदनकै आधारमा संयोजक उपप्रमुख लक्ष्मीदेवी पाठक, सदस्य वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक भीमबहादुर कुमाल प्राविधिक दिपेश घिमिरेको टोली सबै वडाहरूमा घुमी निरीक्षण गर्दा ६१ घर परिवारबाट आएका निवेदनको आधारमा राहत सामग्री वितरण गरियो । साथै नगरप्रमुख मार्फत् कार्यपालिकामा प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

विदेशबाट घर फर्किएका युवाहरूलाई गाउँ टोलमै पुगेर स्वास्थ्य परीक्षण गरिनुका साथै उनीहरूलाई राख्न क्वारेन्टाइन ३५ स्थानमा र आइसोलेसन ३ ठाउँमा निर्माण गरियो ।

हरियाली बसपार्क बनाउन जग्गा खरिद गरी सोध भर्ना भएपश्चात् वनदेवी सामुदायिक वनमा करिब १०० रोपनी जग्गा प्राप्त गरी सल्लाको बोट हटाउने र बसपार्कको लागि डिपिआर गर्ने कामसमेत भएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को साझेदारीमा ढाका बुनाइ तालिम, करूवा तालिम, बाँसको सामाग्री बनाउने तालिम, कौसी खेतीदेखि फापर खेती प्रवर्द्धन कार्यसमेत भएका छन् । मरिचको बिरवा वितरणसमेतका काम नगरपालिकामार्फत् भएका छन् । अनुगमन टोलीको संयोजकको नाताले उल्लिखित बाहेक पनि कार्य निरीक्षण, अवलोकन गरिएको थियो । संकटका बेलामा पनि जनप्रतिनिधि, कर्मचारी खटेर सरोकारवालाहरूसँग समन्वय गरी तानसेनबासीलाई हामीले सेवा दिएका थियौँ ।

(उपप्रमुख)

# तानसेनको विकास हामी सबैको संकल्प



– दामोदरप्रसाद घिमिरे

तानसेन नगरपालिकाको विकासका लागि हामीले सक्दो प्रयास गरिआएका छौँ भन्ने कुरा यस अंकमा पत्रकार तथा सञ्चारकर्मीहरूले गर्नुभएको मूल्याङ्कनले पनि प्रष्ट पार्दछ । तथापि नगरबासी र हामीले चाहेर पनि सीमित साधन स्रोतका वावजुद गर्नुपर्ने कतिपय काम गर्न सकिएको छैन् । वजेटको कमी, संघ र प्रदेशबाट समयमै वजेट प्राप्त नहुनु, दक्ष तथा आवश्यक संख्यामा प्राविधिक र अन्य जनशक्तिको कमीसँगै कोरोना भाइरस (कोभिड–१९) समेत आर्थिक वर्ष २०७६/७७ मा अपेक्षित विकास निर्माणका योजना सम्पन्न हुन नसक्नुका मूल कारण हुन् ।

नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले हामीले आर्थिक वर्ष २०७६/७७ मा सम्पादन गरेका उल्लेख्य कामबारे चर्चा गरिसक्नु भएकाले मैले ती कुरा उठान गर्नुपरोइन भनेर फरक सवालहरूबारे चर्चा गर्ने अनुमति चाहन्छु । देश संघीय स्वरूपमा गएलगत्तै संघ, प्रदेश र स्थानीय सरकार निर्माणको आधारशीलाका रूपमा निर्वाचनमार्फत् नागरिकले अभिमत जाहेर गरेका छन् । अभिमतको कदर गर्दै हामीले पनि तानसेनवासीका सपना साकार पार्न १४ वडामा विभिन्न विकास निर्माणका गतिविधि सम्पन्न गरेका छौं । हामीले वडा तहमा सम्पादन गरेका गतिविधिलाई सञ्चारकर्मी तथा पत्रकारज्यूहरूले मिहिन ढंगले केलाएर कमी कमजोरी र त्रुटिहरू औंल्याइदिएकाले आगामी दिनमा सच्याएर अगाडि बढ्न मार्ग प्रसस्त भएको छ ।

स्वास्थ्य, शिक्षा र  पर्यटन केन्द्रको रूपमा तानसेनको विकास सम्भव छ भन्ने कुरामा दुई मत छैन तर कस्तो खालको शिक्षा र स्वास्थ्य सेवा तानसेनमा प्राप्त गर्न सकिन्छ ? भन्ने सवालको जवाफ निर्क्योल नभएसम्म अन्यत्रबाट विद्यार्थी वा बिरामी तानसेन आउँदैनन् । जीवनोपयोगी सीपमा आधारित गुणस्तरीय प्राविधिक शिक्षा दिनसक्ने शिक्षालय वा विद्यालय तानसेनको खाँचो हो । यसैगरी मुटु, मृगौला, हड्डी वा अरू कुनै विषयमा विशेषज्ञ सेवा दिनसक्ने अस्पतालको खाँचो छ तानसेनलाई, तब न देशका विभिन्न स्थानबाट मात्र होइन छिमेकी देशका बिरामीसमेत तानसेनमा गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा पाइन्छ भन्दै आउन लालायित हुनेछन् । पर्यटनमैत्री व्यवहार अनि सुविधा भएमात्र तानसेन पर्यटकीय गन्तव्य बन्न सम्भव छ । यसतर्फ गम्भीरतापूर्वक सबैले मनन गर्न जरूरी छ ।

शिक्षा, स्वास्थ्य र पर्यटनसँगै युवा स्वरोजगारसँग जोडिएका गतिविधिलाई स्थानीय तहको निर्वाचन यता तानसेन सरकारले प्राथमिकता दिएको छ । कुनै बेला देशकै महत्त्वपूर्ण व्यापारिक सहरको रूपमा रहेको तानसेनमा अब त्यसखालको व्यापारिक चहलपहल तत्काल सम्भव नहोला तर शिक्षा, स्वास्थ्य र पर्यटनलाई आधार मानेर गरिने विशेष गतिविधिबाट भने यहाँ प्रतिफल सम्भव देखिन्छ । जनप्रतिनिधि, कर्मचारीको जोडबलले मात्र तानसेनको विकास सम्भव नहोला यसर्थ नगरवासीले समेत तानसेनको समयोचित विकासका लागि मनैदेखि संकल्प गरी सघाउन जरूरी छ । नभूलौं, हामी सबैको प्रयास र लगनले मात्र तानसेनले विकासको गति लिन सम्भव छ ।

(प्रवक्ता, तानसेन नगरकार्यपालिका)

# कोरोना कहरका बीच अघि बढेको तानसेनको विकास निर्माण अभियान



- डिल्ली राज बेल्बासे

तानसेन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्न थालेको वर्षदिन पूरा हुँदैछ तर अनुभूतिका हिसाबले विविधताको अवधि रह्यो मेरा लागि । दरबन्दीअनुसार आवश्यक प्राविधिक र लेखा अधिकृतको रिक्तता तथा विश्वव्यापी समस्याको रूपमा सिर्जना भएको कोरोना संक्रमण त्रासका वावजूद हामीले तानसेनमा उल्लेख्य विकास निर्माणका काम सम्पन्न गरेका छौं र यसैबीच कतिपय योजनालाई निरन्तरता दिएका छौं । यस आलेखमा मैले सर्सरी केही काम स्मरण गर्ने जमर्को गरेको छु ।

तानसेनलाई पर्यटकीय हिसाबले गति दिने काममध्ये एक भगवती मन्दिर शीतलपाटी तेर्सोसडक हुँदै शिल्खानसम्म सडकमा ढुंगा छपाइको काम सकिएको छ । लकडाउनका अवधिमा आदरणीय नगरप्रमुखज्यूले निर्माण व्यवसायीलाई कामका लागि वातावरण तयार गरिदिएर कामलाई निरन्तरता दिएकै कारण ढुंगा छपाइलगायत अन्य कामले गतिलिएकोमा दुईमत छैन । तानसेन-८ गौंडेपुलदेखि विभिन्न वडा हुँदै रिब्दीकोट गाउँपालिकाको सीमासम्म सडक बिस्तारको काम लकडाउनकै वखत अघि बढेको थियो । हरियाली बसपार्क निर्माणका लागि आवश्यक जग्गा प्राप्ति, रूख कटान, डिपीआरको काम आरम्भ भएको छ ।

तानसेनको शिर श्रीनगरमा बिग बुद्ध पार्क निर्माणका लागि डिपिआरको काम अन्तिम चरणमा पुगेको छ भने फाउन्डेसन निर्माणका लागि टेन्डर प्रक्रिया अगाडि बढेको छ ।

योजना कार्यान्वयनका लागि आधारस्तम्भ ठानिने जनशक्ति विकास अन्तर्गतकै मानव संशाधन विकासको एउटा पाटो भनौं, कार्यसम्पादन सम्झौताको काम स्थानीय तहहरूमै पहिलोपटक तानसेनमा आरम्भ भएको छ । नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच अनि प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरूका बीचमा कार्यसम्पादन सम्झौता हुनेछ । यो कामका लागि प्राविधिक सहजीकरण नेपाल सरकारका पूर्व मुख्यसचिव सोमलाल सुवेदीले गर्नुभएको हो भने सहयोग दि एसिया फाउन्डेसनको रहेको थियो । कार्यसम्पादन सम्झौताले जिम्मेवारी वहनमा सकारात्मक उत्प्रेरणा दिने विश्वास गरेका छौँ ।

तानसेन नगरपालिकाअन्तर्गत १४ वटै वडा कार्यालयहरूमा घटना दर्ताका लागि अनलाइन प्रक्रिया थालनी भएको छ भने हामीले पुराना कागजात सुरक्षाका लाग डिजिटाइजेसन पद्धति सुरू गरेका छौं ।

विश्व बैंकको सहयोगमा फोहरबाट ऊर्जा बनाउने र ४०० बढी घरमा उर्जा वितरण गर्ने सोचसहित काम अगाडि बढेको छ । २० घनमिटरको टंकी निर्माण गरिदै छ । साबिक तानसेन नगरपालिकाअन्तर्गत निर्माण गरिएको रिङ्रोड बिस्तार तथा स्तरोन्नतिको काम अगाडि बढेको छ । तानसेन-१४ स्थित हृषिकेश अर्गली एकीकृत विकास कार्यक्रम कार्यान्वयन भएको छ । पर्यटकहरूको रोजाइको एक महत्त्वपूर्ण गन्तव्यको रूपमा रहेको रानीघाट दरबार (रानीमहल) एकीकृत विकास कार्यक्रम निरन्तर चलिरहेको छ भने दरबार रंगरोगनको काम सम्पन्न भएको छ ।

सार्वजनिक निजी साझेदारी (सानिसा) अन्तर्गत हाइवे रिफ्रेसमेन्ट सेन्टर निर्माण, श्रीनगर सौन्दर्यीकरण र फोहर व्यवस्थापनलगायतका कामहरूका लागि आर्थिक, प्राविधिक प्रस्ताव मूल्याङ्कन भई प्रक्रिया अगाडि बढेको छ । प्रभास

सहलगानी खानेपानी योजना, निशान भगवती मन्दिर निर्माणलगायतका काममा समेत नगरपालिकाले सघाएको छ । सबै वडा कार्यालयसम्म पहुँचमार्ग कालोपत्रे गर्न काम सुरू भएको छ । कोरोना (कोभिड-१९) संक्रमण रोकथाम, उपचार तथा राहत कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी एकतावद्ध भएर लागेको तथ्य हाम्रो तानसेन पूर्णाङ्क ९ (कोरोना विशेष अंक) मा सविस्तार प्रकाशित भएको छ ।

कोरोना संक्रमणबाट शिक्षक विद्यार्थीलाई जोगाउन नगरपालिकाभित्रका विद्यालयहरूमा आवश्यक स्वास्थ्य सामग्री उपलब्ध गराएका थियौँ । टुँडिखेल सुधार कार्य युद्धस्तरमा कार्यान्वयन गराइएको छ । कार्यालय व्यवस्थापन, फर्निचर व्यवस्थापन, १४ वटै वडामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना तथा न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरूको ज्ञान, सीप अभिवृद्धिका लागि तालिम आयोजना गरिएको थियो । न्यायिक समितिले विधिसम्मत तरिकाले अधिकांश उजुरी सम्पादन गरेको अवस्था छ ।

कृषि र पशु विकास शाखाअन्तर्गत वडामा समूह गठनका साथै आयआर्जनका काम भएका छन् । समयमै बीउ तथा मलको व्यवस्था गरेका कारण किसानहरू उत्साहित हुनुभएको पाइयो । युवा स्वरोजगार कार्यक्रमअन्तर्गत नेपाल बैंक लिमिटेडबाट तानसेन नगरपालिका जमानी बसेर बिना धितो ऋण उपलब्ध गराएलगत्तै युवाहरूमा उद्यमशीलता विकास भएको छ । गाउँमै केही गरौं भनेर विदेशबाट फर्किएका युवाहरूले तानसेन नगरपालिकाको यो अभियानलाई रूचाएको पाइयो । स्थानीय तहहरूमध्ये पहिलो तानसेनको यस अभियानमा युएनडिपीलगायत संघसंस्थाको सहयोग र सहकार्यले युवा स्वरोजगार कार्यक्रमलाई थप गति दिएको छ । नगरस्तरीय सहकारी सञ्जाल गठन गरिनुका साथै सहकारीहरूको सघन अनुगमनलाई तीव्रता दिइएको छ । साथै आवश्यक सीप विकासको कामलाई टेवा दिने खालका तालिम आयोजना गरिएको थियो ।

दि एसिया फाउन्डेसन र कमिटेड नेपालको सहयोगमा मध्यकालीन खर्च संरचना (MTEF) र तानसेन नगरपालिकाको बृहत एकीकृत योजना निर्माणको काम भएको छ । तानसेन नगरपालिकाको डिजिटल प्रोफाइल तयार भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोगमा सबै वडा कार्यालयबाट अनलाइन प्रविधिअन्तर्गत घटना दर्ता सेवा सञ्चालन भएको छ ।

कोरोना कहरका बावजुद उपभोक्ता समितिमार्फत् भएका काम सन्तोषजनक रहे भने ठेक्कामा लगाइएका काम निर्धारित समयमा सम्पन्न नभएका र कतिपय भएका कामसमेत सन्तोषजनक नभएको अवस्था छ । प्रदेश तथा संघीय सरकारबाट समयमै वजेट प्राप्त हुन नसक्नु, योजनाको समय थप नगरिनुले काममा केही असहज भयो । आन्तरिक राजश्व लक्ष्यअनुसार परिचालन गर्न सकिएन ।

आयोजना व्यवस्थापनमा समस्या, सर्वे नगरीकन हचुवाका भरमा वजेट विनियोजन गरिदा अपेक्षित प्रतिफल प्राप्त हुँदैन भन्ने सिकाइ भएको छ । प्राविधिक जनशक्ति कम अर्थात् करिब ४ सय योजनाका लागि केही जनाले हेर्नुपर्दा प्रभावकारी काम हुन सक्ने भएन नै । सुचारूरूपमा सेवा प्रवाह गर्नका लागि पनि आवश्यक जनशक्तिको खाँचो पर्छ । हामीले चाहेर पनि प्रभावकारीरूपमा फोहर व्यवस्थापनको काम गर्न सकिएको छैन । इन्टरनेट, विद्युत अवरोधका कारण बेलाबखत अनलाइन सेवामा अवरोध भएको छ । यी चुनौती तथा समस्या सम्बोधनका लागि हामी प्रयासरत छौं । सीमित साधन स्रोतका कारण तानसेन नगरबासीले आशा गरेजति काम गर्न नसकिए पनि हामीले हरसम्भव प्रयासबाट गरेका काम हेर्दा निराश हुनुपर्ने अवस्था भने देखिँदैन ।

(प्रमुख प्रशासकीय अधिकृत)

# तानसेन नगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा भएका गतिविधिहरु



- लोचनप्रसाद तिमिल्सिना

**(क) स्थानीय पाठ्यक्रम**

यसको महत्त्वलाई आत्मसात गर्दै स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयीय शिक्षामा कार्यान्वयन गर्ने उद्देश्यले तानसेन नगरपालिका नगर कार्यपालिकाको मिति २०७६/०५/१४ को बैठकले निम्नानुसारका व्यक्तिहरू रहेको तानसेन नगरपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरेको छ-

(१) कार्यपालिका सदस्य लोचनप्रसाद तिमिल्सना- संयोजक
(२) पूर्व जि.वि.स. सभापति झपेन्द्र बहादुर जीसी- सदस्य
(३) उप-प्राध्यापक शोभाखर न्यौपाने- सदस्य
(४) उप-प्राध्यापक भेषराज सुवेदी- सदस्य
(५) प्रधानाध्यापक कृष्णबहादुर थापा- सदस्य
(६) पूर्व शिक्षा प्रशासक लखन थापा- सदस्य
(७) पूर्व प्रधानाध्यापक बुद्धिप्रसाद शर्मा- सदस्य
(८) शिक्षक तीर्थप्रसाद गौतम- सदस्य
(९) श्रोत व्यक्ति लक्ष्मी ढुंगाना- सदस्य
(१०) नगर शिक्षा शाखा प्रमुख रेशमलाल न्यौपाने- सदस्य सचिव

**(ख) उद्देश्य**

- राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने ।
- स्थानीय श्रोत साधन तथा विज्ञताको उपयोग गरी स्थानीय प्रविधि र परम्परागत सीपहरूको प्रवर्द्धन गर्ने
- स्थानीय तहका कला, संस्कृति, परम्परा, पेसा, व्यवसाय, भाषा आदिको संरक्षण र सम्बर्द्धन गर्ने ।
- नगरपालिका भित्रका विद्यालयहरूमा स्थानीय विषयवस्तुको पठन-पाठनमा एकरूपता कायम गर्ने ।
- स्थानीय आवश्यकताअनुसारको सक्षमता विकास गर्ने
- विविधतालाई सम्बोधन गर्ने







**(ग) स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा समितिले गरेका कार्यहरू**

पाठ्यक्रम निर्माण अत्यन्तै विशेषज्ञता आवश्यक पर्ने कार्य हो । पाठ्यक्रम निर्माणमा विभिन्न चरणहरू रहेका छन् । यसैलाई मध्यनजर गरी समितिले पहिलो चरणमा स्थानीय पाठ्यक्रममा समावेश गर्ने विषयवस्तुहरू एकिन गर्ने उद्देश्यले जनप्रतिनिधि, प्रधानाध्यापक, नागरिक समाजका अगुवाहरू, शिक्षक, विद्यार्थी, वि.व्य.सं. अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्षलगायतका शैक्षिक सरोकारवालाहरू सहभागी गराई सान्दर्भिक प्रश्नावली तयार गरी निम्न स्थानहरूमा छलफल अन्तरक्रियाको आयोजना गरी सुझाव संकलन गर्ने प्रथम चरणको कार्य सम्पन्न गरेको छ ।

| क्र.सं. | स्थान | मिति | समेटिएको क्षेत्र |
|---|---|---|---|
| १. | देववाणी मावि | २०७६।०८।१३ | ता.न.पा.-२ |
| २. | शारदा मावि | २०७६।०९।१८ | ता.न.पा.-८ |
| ३. | लुम्बिनी मावि | २०७६।०९।१३ | ता.न.पा.-१२ |
| ४. | ता.न.पा. मिनीहल | २०७६।१०।०५ | ता.न.पा.-१,३,४,५,६,७ |
| ५. | ता.न.पा. मिनीहल | २०७६/१०/०५ | ता.न.पा.- ९,१०,११ |
| ६. | त्रिभुवन मावि | २०७६।१०।१० | ता.न.पा.-१३ र १४ |

**(घ) प्राप्त सुझावहरू**

विभिन्न स्थानहरूमा गरिएका अर्न्तक्रिया तथा शैक्षिक सरोकारवालाहरूको छलफलमा स्थानीय पाठ्यक्रमले समेट्नु पर्ने विषय क्षेत्रहरू निम्नानुसारको प्राथमिकता क्रममा रहने गरी सुझाव प्राप्त भएको र उक्त सुझावहरूलाई लिखित रूपमा अभिलेखन गरिएको छ ।

१. हाम्रो कला र सम्पदा
२. स्थानीय प्रविधि र सीपहरू
३. हाम्रा पेसा र व्यवसायहरू
४. हाम्रो संस्कृति र संस्कार
५. स्थानीय इतिहास र भूगोल
६. स्वास्थ्य र सरसफाइ
७. स्थानीय पर्यटन
८. हाम्रो राजनैतिक संरचना
९. ट्राफिक नियम
१०. स्थानीय खेलहरू
११. नैतिक शिक्षा
१२. कक्षा ६-८ मा ICT सम्बन्धी विषयवस्तुहरू

**सारांस**

आवश्यक निदानको कार्य सम्पन्न भै सकेपश्चात् स्थानीय पाठ्यक्रम निर्माण समितिले विभिन्न स्थानीय तहहरूले तयार पारेका स्थानीय पाठ्यक्रमका नमुना संकलन, पाठ्यक्रम विकास केन्द्रबाट थप परामर्श तथा विशेषज्ञ सेवाको लागि अध्ययनको कार्यक्रम तय गरिएको र तत्पश्चात् स्थानीय पाठ्यक्रमको मस्यौदा लेखन गर्ने कार्यक्रम तय गरिएकोमा विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को कारणले सिर्जित बन्दाबन्दीको कारण उत्पन्न भएको गतिरोधले अध्ययन, प्रमाण तथा मस्यौदा तयारीको कार्य पूर्ण रूपमा प्रभावित भएको छ । कोभिड-१९ का कारण सिर्जित असहज वातावरण सहज बन्दै गएपछि स्थानीय पाठ्यक्रम निर्माणको कार्यले पुनः गति प्राप्त गर्ने विश्वास दिलाउन चाहान्छु । धन्यवाद ।

(संयोजक, तानसेन नगरपालिका स्तरीय
स्थानीय पाठ्यक्रम निर्माण समिति)

# पाल्पामा पुष्पलाल र वी.पी. प्रजातन्त्र र समाजवाद



- भपेन्द्र जीसी

**१. विषय प्रवेश**

पाल्पालाई इतिहास, प्रकृति, संस्कृति र कलाकृतिले भरिपूर्ण क्षेत्र भनेर चिनिन्छ । मध्यकालमा नेपाल एकीकरण हुनुभन्दा पहिले चौबिसि राज्यहरूमध्ये पाल्पा सबैभन्दा शक्तिशाली सेनवंशीय ती राज्यका रूपमा पनि इतिहास प्रसिद्ध छ । शक्तिशाली पाल्पाली सेन राज्य वि.सं. १८६१ मा नेपाल राज्य एकीकृत भएपछि पनि पाल्पादेखि डोटी अर्थात् हालको महाकाली लिम्पिया धुरा लिपुलेक, कालपानीसम्म मात्र होइन पश्चिम गढवालसम्मको प्रमुख निजामति तथा सैनिक प्रशानिक केन्द्रका रूपमा पाल्पा रहेको पाइन्छ । राणा शासनको उदयपछि पनि पाल्पा गौडाले पश्चिम क्षेत्रकै नेतृत्व गर्‍यो । त्यति मात्र होइन शान्ति र अहिंसाका प्रवर्तक महामुनि सिद्धार्थ गौतमको जन्मस्थल लुम्बिनीको उत्खनन र पहिचान स्थापना गर्नमा पाल्पा (गौडाका प्रशासक कमान्डर इनचिफ खड्ग शमशेर वि.सं. १८४८-१८५९) को भूमिका रह्यो । राणा शासनको अन्त्य गर्न २००७ सालको क्रान्तिमा पनि पाल्पाको अग्रिम भूमिका रहेकै कारण २००७ साल पौष २१ गते पाल्पा गौंडामा प्रजातन्त्र पक्षधरको सरकार बन्यो । राजा, राणा र काँग्रेसको बीचमा दिल्ली सम्झौता भई २००७ साल फागुन ७ गते राजा त्रिभुवन दिल्लीबाट नेपाल फर्केपछि जहानियाँ राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापनाको घोषणा गरेको भनिए पनि पाल्पामा त २००७ सालको तेस्रो हप्तामै राणा शासनको अन्त्य भएको थियो । त्यसकारणले पाल्पा प्रजातान्त्रिक आन्दोलनका क्रममा सबैभन्दा जेठो क्षेत्र हो । यो कुरा डा. भवेश्वर पंगेनीले **पाल्पामा प्रजातन्त्रका सय दिन**मा विशद चित्रण गरेका छन् । यसमा नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टीको नेतृत्वको विशिष्ट भूमिका छ । वी.पी. र पुष्पलालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । २००७ सालमा स्थापित प्रजातन्त्रलाई राजा महेन्द्रले २०१७ सालमा हत्या गरे पनि त्यसपछिका ३० वर्ष पञ्चायती राजाशाही कालमा पनि प्रजातन्त्र प्राप्तिको चिरागलाई पाल्पालीले निभ्न दिएनन् । २०४४ सालको स्थानीय पञ्चायती निर्वाचनलाई नेका र नेकपाले हस्तक्षेप गरेर निर्दलीय पञ्चायतका पक्षधर उम्मेदवारलाई परास्त गरेर पाल्पा जिल्ला विकास समिति, नेपाल युवक संगठन, नेपाल किसान संगठनसमेत कब्जा गरेको गौरवपूर्ण इतिहास छ । वास्तवमा प्रजातन्त्रको प्रमुख बाधक राजा र राजाले सञ्चालन गरेको निर्दलीय पञ्चायती परिपाटीलाई ध्वंस गर्ने नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसले मिलेर आन्दोलन गर्नुपर्छ भन्ने कुरालाई यो निर्वाचन प्रेरणाको आधारशिला बन्न गयो भन्दा अत्युक्ति हुने छैन । यसरी नै निर्दलीय निरङ्कुश पञ्चायतलाई पञ्चायतइतर शक्तिहरूले मिलेर संयुक्त आन्दोलन गर्नुपर्छ भन्ने नीति (कमरेड पुष्पलालको नीति र प्रस्ताव) लाई नेपाली काँग्रेसका सर्वोच्च लिडर गणेशमान सिंहको चाक्सीवारी (क्षेत्रपाटी) को आह्वान र नेपाल कम्युनिष्ट पार्टी (मालेका) नेता जननेता मदन भण्डारीद्वारा सिराहामा आयोजित नेपाली काँगेसलगायत इतर शक्तिहरूसँग मिलेर आन्दोलन गर्ने चौथो राष्ट्रिय महाधिवेशनमा प्रस्तुत २०४६ भाद्रको फैसला बमोजिम संयुक्त आन्दोलन हुन गएको थियो । जसले गर्दा ४९ दिनको लामो संघर्षपछि २०४६ साल चैत्र २६ गते राति पौने ११ बजे राजा वीरेन्द्रले पञ्चायती संविधानबाट निर्दलीय शब्द हटाएर प्रजातन्त्रको मार्ग प्रशस्त गर्न बाध्य हुनुपरेको थियो । त्यो संयुक्त आन्दोलन पनि पाल्पामा पूर्ण रूपमा सफल भयो । यसरी नै २०५७ साल जेठ १९ गते नारायणहिटी दरबार हत्या काण्डमा राजा वीरेन्द्रको वंश विनाशपछि राजा भएका ज्ञानेन्द्र शाहले क्रमशः निर्वाचित सरकार र दलहरूलाई पाखा राखी अधिनायकवादी शासन सुरू गरेपछि भएको ०६२/०६३ को लोकतान्त्रिक आन्दोलनलाई पनि संसदीय अभ्यास गरेका ७ दल र विद्रोही नेकपा माओवादीसमेतले संयुक्त रूपमा सम्पन्न गरेका थिए । जसअनुरूप राजतन्त्रको अन्त्य २०६५ जेठ १५ गते निर्वाचित संविधान सभाबाट हुन गयो भने २०७२ साल आश्विन ३ गते संघीयता र समावेशितासहितको नेपालको संविधान सार्वजनिक हुन सफल भयो । २०७४ सालको निर्वाचनपछि नेकपाका अध्यक्ष के.पी. ओली शर्माको नेतृत्वमा नयाँ सरकार निर्माण भई सुखी नेपाली र समृद्ध नेपालको लक्ष्य उद्देश्य राखेर क्रियाशील छ । यस

आलेखमा पाल्पा क्षेत्रमा पुष्पलाल र वीपीको ध्यानाकृष्ट हुनुको पृष्ठभूमि र उनीहरूको नीति विचार र कार्यक्रमको सम्बन्धमा संक्षेपमा प्रकाश पार्ने कोशिस गरिएको छ ।

**२. पाल्पाको राजनीतिक महत्त्व**

पाल्पा ऐतिहासिक क्षेत्र हो । यो पहिलेदेखि नै राजनीतिक र सांस्कृतिक केन्द्र रहँदै आएको छ । तिब्बतको खारी/ङारी प्रदेशका राजा नागराजाले वि.सं. ११५०-११५५ को सेरोफेरोमा राज्य विस्तार गरी कर्णालीको सिँजामा राजधानी कायम गरेपछि थप राज्य विस्तारका क्रममा यो राज्य डोटीदेखि त्रिशुली नदीसम्म फैलिएको देखिन्छ । यसैले मध्यकालमा पाल्पा खस साम्राज्यअन्तर्गत समेत परेको इतिहासकारहरूले लेखेका छन् । सूचना सञ्चार सडक यातायातको अभावका कारण विस्तृत खस राज्यमा एउटै केन्द्रीय प्रशासनले हेरदेख गर्न असम्भव हुँदा कार्यसम्पादनका खातिर इलाका इलाकामा इलाकीय प्रशासक राखेर सञ्चालन गर्ने गरेको इतिहासकारहरूले लेखेका छन् । पाल्पाको पालहरूलाई मुख्खेली प्रशासक राखेको पाइन्छ । यसो भए पनि वि.सं. १३६३ मा तुथाराय सेनले हिउँदे राजधानी राजपुर (बेसी) र बर्खे राजधानी रिब्दीकोट (गाउँ) कायम गरी रिब्दीकोट राज्य स्थापना गरेको इतिहासमा उल्लेख छ । यसले के देखाउँछ भने खस साम्राज्यको विघटनको प्रक्रिया शुरू हुने क्रममा तुथाराय सेनले सेन राज्य रिब्दीकोट स्थापना गरेका रहेछन् । वि.सं. १४६१ मा खस राज्यको पूर्णतया विघटन भएको सन्दर्भमा रिब्दीकोट राज्यका शासक रूद्र सेनले १५५० मा सिलाङकोटका पाल प्रशासक समेतलाई निषेध गरी पाल्पा राज्यको स्थापना गरे । तदुपरान्त रूद्र सेनका पुत्र मणिमुकुन्द सेनले राज्य बिस्तार गरी पूर्वमा विजयपुर (धरान), चौदण्डी (उदयपुर) सम्म र पछिल्ला दिनमा सेनहरूले दार्जिलिङ सम्म नै पाल्पा राज्य बिस्तार गरेको देखिन्छ । राजा महादत्त सेनले सिलाङथोकबाट राजधानी श्रीनगर (तानसेन) मा सारेपछि पाल्पा तानसेन क्रमशः प्रशासनिक केन्द्रको रूपमा विकास भयो । विस्तारित र सङ्कुचन हुँदै आएको पाल्पा राज्यमाथि वि.सं. १८६१ जेठ २० गते सानाकाजी अमरसिंह थापा, दल भञ्जन पाँडे र वीरभद्रको नेपाली सेनाले कब्जा गरेपछि पाल्पा राज्य नेपालमा विलय भए पनि पाल्पा तानसेन पाल्पादेखि डोटीसम्मको निजामति तथा जङ्गी दुवैतर्फको प्रमुख प्रशासनिक केन्द्र (गौडा) का रूपमा रहेको पाइन्छ । वि.सं. २००९ सालको सेरोफेरोसम्म गुल्मी, पाल्पा, अर्घाखाँची, इस्मा, मुसिकोट, धुर्कोट, गलकोट, पर्वत, पाल्ही (परासी) माझखण्ड (भैरहवा) खजहनी (तौलिहवा), स्युराज (बहादुरगञ्ज) पाल्पा गौडाअन्तर्गत थिए । (स्रोतः डा. कर्णबहादुर बानियाँ, पाल्पा राज्यको इतिहास तथा संस्कृति पृ. ४९) सारत : पाल्पा नेपाल अधिराज्यमा विलयन हुनुभन्दा पहिले चौबिसी राज्यहरूमा सबैभन्दा शक्तिशाली रहेको हुँदा पनि पाल्पाको विशिष्ट महत्त्व र प्रभाव रह्यो भने एकीकरण पछि पनि यसको महत्त्व उत्तिकै रह्यो । यसरी नै जहानियाँ राणा शासनको सूत्रपात वि.सं. १९०३ मा भएपछि पनि नेपाल राज्यका चार कमाण्डिङ क्षेत्रमध्ये प.क.ज. (पश्चिम कमाण्डिङ जनरल) रहने व्यवस्थाले गर्दा राजनीतिक र प्रशासनिक महत्त्व रह्यो । यसको अर्थ यही हो कि पाल्पाको प्रशासनिक र सैन्य कमाण्डिङले डोटी अर्थात् महाकालीसम्म पकड र प्रभाव जमाउन सफल भयो । यसको अर्थ यो पनि हो कि राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि सञ्चालन गरिने यावत् आन्दोलनलाई प्रजातन्त्रका पक्षधर राजनीतिक शक्तिहरू नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेसले अत्यन्त महत्त्वका साथ लिएका थिए । पाल्पा गौंडा कब्जा गर्नुको अर्थ पाल्पाको प्रशासन क्षेत्र र प्रभाव क्षेत्र रहेका समग्र पश्चिम नेपालका मौजा, तप्पा गाँउठाउँ र क्षेत्रमा क्रान्ति सफलताको महत्त्वपूर्ण सन्देश प्रसारण गर्नु हुन्थ्यो । यस उसले पनि निरङ्कुश हुकुमी शासनको अन्त्य र नयाँ जनवाद (New Democracy) हुँदै वैज्ञानिक समाजवादी कार्यक्रमका प्रस्तोता कमरेड पुष्पलाल र प्रजातान्त्रिक समाजवादका प्रस्तोता वी.पी. कोइरालाले पाल्पा गौंडालाई क्रान्तिको महत्त्वपूर्ण रणनीतिक केन्द्रका (Startegic Centre) को रूपमा आ-आफ्ना ढङ्गले राजनीतिक अभियान सञ्चालनमा जोड दिएको देखिन आउँछ ।

**३. पुष्पलाल र वी.पी.को संक्षिप्त परिचय**

नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व वी.पी. कोइराला र वाम प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व कमरेड पुष्पलालको जन्म फरक स्थान परिवेश र मितिमा भए पनि उहाँहरूको भौतिक जीवनको बिदाई भने क्रमशः श्रावण ६ गते र श्रावण ७ गते हुन गएको थियो । वी.पी. को श्रावण ६, २०३८ मा र पुष्पलालको श्रावण ७, २०३५ मा हुन गएको थियो । सिङ्गो नेपाली समाजलाई प्रभावित परिचालित र बृहत् हितको लागि जीवनोत्कर्ष गर्न अभिप्रेरित गर्ने उहाँहरूको निधन भिन्न मितितिथिमा भए पनि श्रावण ६ र श्रावण ७ हुनु कागताली वा संयोग नै मान्नुपर्छ । यहाँ उहाँहरूको संक्षिप्त परिचय प्रस्तुत गरिन्छ जसले २००७ सालको राणा विरोधी क्रान्तिमा पाल्पा क्षेत्रमा भूमिगत रूपमा सशरीर उपस्थित भई राजनीतिक जागरणको अभियान चलाएका थिए ।

*३.१ वी.पी. कोइराला (१९७१-२०३८/१९१४ सेप्टेम्बर ८-१९८२ जुलाई २१)*

वी.पी. कोइरालाको पूरा नाम विश्वेश्वरप्रसाद कोइराला हो । उहाँको जन्म वि.सं. १९७१ साल भदौ २४ गते तदनुसार ८ सेप्टेम्बर १९१४ र देहावसान २१ जुलाई १९८२ (वि.सं. २०३८ साउन ६ गते) मा क्यान्सर रोगका कारण भएको हो । कृष्णप्रसाद कोइराला र आमा दिव्या कोइरालाको कोखबाट उहाँको जन्म भएको हो । विमातृतर्फका दाजु मातृकाप्रसाद कोइराला हुन् भने सहोदर भाइ गिरीजाप्रसाद कोइराला



हुन् । तीनै भाइ विभिन्न मितिमा नेपालको प्रधानमन्त्री भएका थिए । राणा सरकारसँग उत्पन्न भएको अन्तरविरोधका कारण कृष्णप्रसाद कोइरालाको परिवार निर्वासित भई बनारसमा बस्नु परेको हुँदा वी.पी. कोइरालाको कलकत्ता विश्व विद्यालय र बनारस हिन्दू विश्वविद्यालयबाट उच्च शिक्षा हासिल भएको हो । बाबु कृष्णप्रसाद कोइराला निर्वासित हुनुपरेको कारणले पनि वी.पी.को राजनीतिक प्रेरणाको स्रोत आफ्नो बाबु नै देखिन्छन् । सन् १९३४ मा इन्डियन काँग्रेसको सदस्य भएका वी.पी. कोइरालाको सम्पर्क महात्मा गान्धी, जयप्रकाश नारायण, राममनोहर लोहिया जस्ता नेताहरूसँग भएको थियो । भारतीय स्वतन्त्रता संग्राममा (Quit India Movement) मा भाग लिएका वी.पी. कोइराला केही समय भारतीय जेलमासमेत बस्न बाध्य हुनु भएको बताइन्छ । जयप्रकाश नारायण र राममनोहर लोहिया आदिको अभिप्रेरणाले वी.पी. समाजवादतर्फ आकर्षित भएको पाइन्छ, जसका कारण उहाँले आफ्नो कार्यक्रममा प्रजातान्त्रिक समाजवाद प्रस्तुत गर्नु भएको पाइन्छ । साङ्गठनिक रूपमा वी.पी. को नेतृत्वमा अखिल भारतीय राष्ट्रिय काँग्रेस गठन वि.सं. २००३ साल कार्तिक ३ गते बनारसमा भएको थियो । पछि नेपाल प्रजातन्त्र काँग्रेस र राष्ट्रिय काँग्रेससंग एक भई २००५ मा नेपाली काँग्रेस बनेपछि पनि वी.पी.ले त्यसको नेतृत्व गर्नु भएको थियो । नेपाली काँग्रेसले सन् १९५० को सेप्टेम्बर महिनामा नेपालको दक्षिणी सीमा वैरगनियामा आफ्नो सम्मेलन गरी सशस्त्र क्रान्ति गर्ने फैसला गऱ्यो । "सिंहदरबारमा झन्डा गाड अन्तिम हदसम्म लड" भन्ने नारा पारित गरी सशस्त्र आन्दोलन समेतको कार्यक्रमलाई अगाडि बढायो । (पुष्पलाल नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास पृ. ६१) । रविप्रसाद गुरागाईं र अभय शर्माका अनुसार राणा शासन विरूद्धको आन्दोलनका क्रममा भारतको मध्यस्थतामा राजा त्रिभुवन, नेपाली काँग्रेस र राणाबीच सम्झौता भई २००७ साल फागुन ७ गते नेपालमा प्रजातन्त्र आएको घोषणा राजा त्रिभुवनले भारतबाट फर्किआई काठमाडौंमा गरे । तदनुरूप मोहन शमशेरको नेतृत्वमा नेपाली काँग्रेस र राणाहरू सहितको सरकार बन्यो । यी सबै राजनीतिक आन्दोलनको नेतृत्व वी.पी.ले गर्नुभएको थियो र नयाँ सरकारको गृहमन्त्री वी.पी. बन्नु भएको थियो । राजा त्रिभुवनले गणतन्त्रात्मक व्यवस्थाका लागि संविधान सभाको निर्वाचन २ वर्षभित्र गर्ने घोषणा गरे पनि त्यो भएन । विभिन्न सरकार गठन पुनगर्ठनको खेलो गर्दागर्दै राजा त्रिभुवनको २०११ मा मृत्यु भएपछि राजा भएका महेन्द्रले २०१५ सालमा नेपालको संविधान आफ्नो तर्फबाट प्रस्तुत गरे । सोही संविधान अनुसार भएको २०१५ सालको आम निर्वाचनमा नेपाली काँग्रेसले १०९ सीटमा ७४ सिट जितेर वी.पी. कोइरालाको नेतृत्वमा सरकार गठन भयो । १८ महिना पुग्दा नपुग्दै राजा महेन्द्रले राष्ट्रियता खतरामा परेको बहाना देखाउँदै २०१७ साल पौष १ गते सरकार विघटन र दलहरू माथि प्रतिबन्ध लगाएर २०१९ सालमा निर्दलीय नामको पञ्चायती व्यवस्थाको संविधान लागु गरी अगाडि बढे, जुन व्यवस्था २०४६ साल चैत २६ गते राति पौने ११ बजेसम्म जारी रह्यो । यति हुँदाहुँदै पनि वी.पी.ले संवैधानिक राजतन्त्रको कार्यक्रमबाट पछि हटेनन् । तर पनि वी.पी.ले आफ्नो प्रजातान्त्रिक समाजवाद र प्रजातन्त्रको पुनर्स्थापनाको लक्ष्यबाट अविचलित भई निर्वासित र कारावासमा

रहन बाध्य हुनु भयो । प्रजातन्त्र स्थापना र राणा शासनको अन्त्यका लागि २००७ साल पूर्व वी.पी. पाल्पा तानसेनमा आएर असन्तुष्ट सी क्लासका चिफ साहेब/गौंडा प्रमुख रूद्र शमशेर समेतलाई भेटेर राणा शासनको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि चाँजोपाँजो मिलाएको बताइन्छ । नेपालमा बढ्दो वामपन्थीको प्रभाव, सिक्किम भारतमा विलय र इन्दिरा गान्धीले भारतमा लगाएको संकट कालका कारण भारतमा निर्वासित जीवन बिताएका वी.पी. कोइराला ०३३ सालमा मेलमिलापको नीतिलाई अगाडि सारेर **राजा र मेरो घाँटी जोडिएको छ** भन्ने मूल उद्देश्यका साथ नेपाल आएको बताइन्छ । २०३६ सालको जनमत संग्रहमा निर्दलीय पञ्चायतलाई हराउन बामकाङ बीचमा संयुक्त मोर्चा गठन गरेर अगाडि बढौँ भन्ने वाम वरिष्ठ नेता मनमोहनको ५ पूर्वसर्तलाई समेत अस्वीकार गरेका वी.पी.ले व्यापक धाँधलीका साथ बहुदल पक्षको २० लाख मत (हार) र निर्दल पक्षको (२४ लाख जित) ४ लाख मतको निर्दलीय पञ्चायतको अन्तरले भएको विजयलाई समेतलाई सहज स्वीकार गर्न पुग्नुभएको थियो । जे होस् आफ्नो सास रहेसम्म संवैधानिक राजतन्त्रको मान्यतालाई सर्वोपरि ठान्ने वी.पी.ले प्रजातन्त्रको पुनर्स्थापना र प्रजातान्त्रिक समाजवादको लक्ष्य प्राप्तिका लागि राजतन्त्रसँग सहकार्य गर्न कहिले घुन्क्याउने र कहिले फुन्क्याउने रणनीति बनाएर क्रियाशील हुनुभयो । यसैक्रममा आफू जीर्ण क्यान्सर रोगका कारण २०३८ साल साउन ६ गते भौतिक संसारबाबट बिदा हुनुभयो । उहाँलाई जननायकका रूपमा सर्वोपरि स्थानमा राखेको पाइन्छ । वी.पी.को राजनीतिक जीवनवृत्ति आत्मवृतान्त र जेल जर्नलमा उल्लिखित छन् जुन पठनीय छन् । उहाँको कलम साहित्यमा पनि राम्ररी चलेको छ । हिटलर र यहुदी,तीन घुम्ती, नरेन्द्र दाइ, दोषी चश्मा जस्ता उपन्यास र कथाहरू पाठ्यक्रममा समाविष्ट हुँदै आएका छन् ।

***३.२ पुष्पलाल श्रेष्ठ (१५ आषाढ १९९८१–७ श्रावण २०३५)***

पुष्पलाल श्रेष्ठ नेपाली कम्युनिष्ट आन्दोलन र नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव हुनुहुन्छ । आज नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले राज्य सञ्चालन गरिरहेको छ, यसको प्रमुख श्रेय पुष्पलाललाई जान्छ । आजीवन निरङ्कुशता विरोधी आन्दोलनमा अविचलित र निष्ठापूर्वक लाग्नुभएका पुष्पलालले नेपाली राजनीतिक क्रान्ति र सामाजिक सांस्कृतिक रुपान्तरणमा वैज्ञानिक चिन्तन प्रणाली अथवा मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादी दर्शन र चिन्तनप्रणाली निर्माण र नेपाली समाजमा प्रवेश गराउनमा अद्वितीय भूमिका निर्वाह गर्नुभएको छ । नयाँ जनवादी गणतन्त्रतात्मक क्रान्ति सम्पन्न गरेर त्यसकै जग भूमिमा उभिएर वैज्ञानिक समाजवादी समाज निर्माणको लक्ष्य उद्देश्यका प्रस्तोता कमरेड पुष्पलालको जन्म १९८१ साल आषाढ १५ गते तत्कालीन पूर्व २ नं. भनेर चिनिने रामेछापको भँगेरीमा भएको हो । उहाँको आमा तुलसीमाया र बाबु भक्तलाल श्रेष्ठ हुनुहुन्थ्यो । भक्तलाल काठमाडौंका निवासी भए पनि जागिरको सिलसिलामा रामेछापमा रहँदाबस्दा उहाँको जन्म हुन गएको हो । पुष्पलालका दाजु सहिद गङ्गालाल र भाइहरू गौरीलाल, देवीलाल, विजयलाल र दिदी हिरण्य कुमारी र बहिनी पुष्पलता हुनुहुन्थ्यो । प्रारम्भिक शिक्षा दाजु गङ्गालालबाट प्राप्त गरेका पुष्पलालले दरबार हाई स्कुलबाट मेट्रिक कक्षा १० (एस.एल.सी.) पास गर्नुभयो । पछि निर्वासनको क्रममा बनारसको हरिश्चन्द्र कलेजमा आइ.ए कक्षामा भर्ना भए पनि राजनीतिक व्यस्तताका कारण कलेज छाडेर स्वअध्ययनमा जुट्नुभयो । वैज्ञानिक चिन्तन प्रणाली र त्यही प्रणालीमा आधारित लेखन प्रकाशन र व्यवहारले उहाँ नेपालको उच्चकोटिका विद्वानका रूपमा सम्मानित र सुपरिचित हुनुहुन्छ- पुष्पलालद्वारा लिखित नेपाली क्रान्तिको बाटो नयाँ जनवाद छानिएका रचना, भाग १,२,३,४, नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास नेपाली समाजको वर्ग विश्लेषण, नेपालमा मातृसत्तात्मक समाज, मार्कस एङ्गेल्स लिखित र कम्युनिष्ट लिगबाट पारित कम्युनिष्ट घोषणापत्र (Communist Manifest) नेपालीमा अनुवाद जस्ता ३ दर्जनभन्दा बढी कृति र दस्तावेजहरू अद्यावधिक सदावहार छन्, ती पठनीय, संग्रहणीय र अनुकरणीय रहेका छन् ।

***३.३ पुष्पलालको राजनीतिक यात्रा र प्रेरणाको स्रोत***

पुष्पलालको राजनीतिक प्रेरणाको स्रोत दाजु गङ्गालाल र नेपाली समाज नै भएको पाइन्छ । वि.सं. १९९५ सालको मार्ग १३ गते शुक्रराज शास्त्रीले इन्द्रचोकमा गीता वाचन गर्दै नश्वर शरीरको मोहत्याग गरेर नागरिक अधिकारका लागि अगाडि आउन जोड दिएको प्रवचन दाजु गङ्गलाल र पुष्पलालले प्रत्यक्ष सुन्न पाउनुभयो । दाजु गङ्गालालले शुक्रराजको धार्मिक सुधारवादी आन्दोलनबारे थप व्याख्या गर्दै नेपाली राजनीतिको अवस्था राणाहरूको निरङ्कुशता र परिवर्तनको खाँचो माथि पुष्पलाललाई बताएपछि उहाँ राजनीतिक आन्दोलनमा अग्रसर हुन थाल्नुभयो । यसै क्रममा १९९७ सालमा तत्कालीन शासक जुद्ध शमशेरले शुक्रराज र धर्मभक्तलाई झुण्डयाएर र दशरथ चन्द र गङ्गलाललाई विष्णुमतीमा गोली ठोकेर हत्या गरेपछि दाजु गङ्गालाललाई श्रद्धाञ्जली दिँदै आफूले देशमा

आमूल राजनीतिक परिवर्तन गर्ने वाचा गरेको इतिहास साक्षी छ । उहाँ पहिले प्रजा परिषद्मा संलग्न भए पनि ९/१० अप्रिल १९४७ मा बनारस बोलाइएको नेपाली राष्ट्रिय काँग्रेसको दोस्रो अधिवेशनमा सहभागी हुनुभयो । त्यस अधिवेशनले अप्रिल १३ देखि राणा शाही मुर्दावादको नाराका साथ नागरिक अधिकार प्राप्ति र राजनीतिक बन्दीहरू वी.पी. लगायतलाई रिहा गर्ने कार्यक्रम पारित गरे अनुरूप पुष्पलालसहित २७ जना कार्यकर्ताहरू तिलकराज शाही, स्नेहलता, कनकलता, साधना, साहना, टङ्कविलाश हिक्मत सिंह, शम्भु एम, नारायण विलाश, नरबहादुर, देवेन्द्रलाल आदि जो कम्युनिष्ट थिए ले काठमाडौं, पाटन, भक्तपुरमा सत्याग्रह गरेका थिए । यसरी नै १५ जुलाई ११९७ मा नेपाली राष्ट्रिय काँग्रेस दिल्लीरमण समूहको तेस्रो अधिवेशन बनारसमा सम्पन्न भयो । पुष्पलाल त्यस पार्टीको केन्द्रीय कार्यालय सचिवमा निर्वाचित भई कार्यारम्भ गर्नुभयो । जेलबाट छुटेर आउनुभएका वी.पी.ले छुट्टै नेपाली राष्ट्रिय काँग्रेस सञ्चालन गर्नु तथा रेग्मीको राजा परस्त नीति व्यवहारले पुष्पलालको काँग्रेसप्रति मोहभङ हुन थाल्यो । पुनः उक्त तेस्रो अधिवेशनमा अतिथि भई आएका डा. राम मनोहर लोहियाले पुष्पलाललाई भारतमा महात्मा गान्धी सर्वमान्य नेता हुन् त्यसरी नै नेपालमा पनि एउटा सर्वोच्च नेता हुनुपर्छ, त्यो नेता हुने ल्याकत वी.पी.मा छ भन्ने खालले कन्भिन्स गर्न थाले पछि पुष्पलालले मनमनै "नेता प्रधान नभई नीति प्रधान हुन्छ पैसा प्रधान नभई राजनीति नै हमेसा प्रधान हुन्छ" भन्ने मान्यता बनाउनु भएको नेपाल कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास (पृष्ठ १८ र २५) मा उल्लेख छ । यतिन्जेल अध्ययनशील पुष्पलालले ५ अप्रिल १९४५ मै कम्युनिष्ट घोषणा पत्र प्रकाशन गरी मार्क्सवादप्रति आकर्षित भइसक्नु भएको थियो । "नागरिक तथा राजनीतिक अधिकार" विषयक गोष्ठीमा सहभागी हुन जानका लागि आफ्ना अध्यक्ष रेग्मीलाई यसबारे केही बताइदिन आग्रह गर्दा रेग्मीले उत्तर दिएछन्- "त्यो बुझ्नका निमित्त ठूलो दिमाग चाहिन्छ । एम.ए.बी.ए. गर्नुपर्छ ।" उत्तर पाएपछि पुष्पलालले पूँजीवादी पार्टीहरूबाट क्रान्ति असम्भव छ, त्यसैले नेपालमा निरंकुश राणातन्त्र र राजतन्त्र उन्मूलन गर्न र नयाँ जनवादी व्यवस्था स्थापना गर्न नेपाल कम्युनिष्ट पार्टीको स्थापना अनिवार्य आवश्यक छ भन्ने ठहर गरी आफू अगाडि बढेको कुरा पुष्पलालले उल्लेख गर्नुभएको छ । जसको परिणाम स्वरूप २२ अप्रिल १९४९ वैशाख १०, २००६ (डा. केशरजंग रायमाझीका अनुसार कलकत्तामा श्याम बजार नवीन सरकार लेन स्थित पाल्पा अर्गलीका रतनलाल ब्राहमणको घरमा महासचिव पुष्पलाल, सदस्यहरू नारायणविलाश जोशी, नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य र मोतीदेवी (दुर्गादेवी) समेत रहेको नेपाल कम्युनिष्ट पार्टीको स्थापना गर्नुभएको हो । तिनै ५ जनाबाट स्थापित कम्युनिष्ट पार्टीले आन्दोलन हाँक्ने क्रममा वाम आन्दोलनभित्र अद्यावधि अन्य कम्युनिष्ट समूह विद्यमान रहेपनि अहिले नेपाली कम्युनिष्ट आन्दोलनको मात्र नभई सिंगो राजनीतिक आन्दोलनको मूल प्रवाह र मूल शक्ति नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भएको छ । जसले झण्डै दुई तिहाई संसदीय सिट हासिल गरी नेपालको राज्य सत्ता सञ्चालन गरिनै रहेको छ । यसको मूल श्रेय पुष्पलाललाई जान्छ । २००८ सालमा नै कम पढालेखा छ भनेर पार्टीभित्रका महात्त्वाकाङ्क्षी, राजावादी र अवसरवादी गुट उपगुटले उहाँलाई एकीकृत पार्टीको महासचिव हुनबाट बंचित गरे पनि सिद्धान्त, विचार निर्माण र दस्तावेज लेखन तथा प्रस्तुतीकरणमा उहाँको अग्रिम भूमिका रहेको इतिहासले देखाउँछ । २००७ सालको क्रान्ति दिल्ली सम्झौतामा टुङ्गिएकोमा उहाँ अत्यन्त दुःखी हुनुहुन्थ्यो र यसको विरोध गर्नुभएको थियो । २०१७ सालको प्रतिक्रान्तिका विरूद्धमा होस् वा उत्तरी सीमा क्षेत्रमा भारतीय चेकपोष्ट हटाउने कुरामा होस् उहाँको आवाज बुलन्द थियो । राजा र उसको पञ्चायतको अन्त्यका लागि पञ्चायतइतर शक्तिहरूको संयुक्त मोर्चा निर्माण गरी आन्दोलन गर्ने प्रस्ताव उहाँले नेकाको नेता वी.पी. समक्ष पटक-पटक राख्नुभएको थियो तर वी.पी.ले कम्युनिष्टसँग मोर्चा गठनगर्न रूचि नदेखाएको पाइन्छ । २०१७ सालको प्रतिक्रान्ति र तेस्रो महाधिवेशनपछि नेपाल कम्युनिष्ट पार्टीका समग्र गतिविधि ठप्प भएको अवस्थामा भारत प्रवासमा निर्वासित रहेर उहाँले नेपाल कम्युनिष्ट पार्टीलाई पुनर्गठन गर्दै अघि बढिरहेको अवस्थामा २०३५ साल श्रावण ७ गते मुटुको व्यथाबाट पीडित पुष्पलालको गोविन्द बल्लभ पन्त अस्पताल दिल्लीमा असामयिक निधन भयो । उहाँको अस्तु नेपालमा ल्याई संस्कार गर्न राजाको पञ्चायतले कडा रूख अवलम्बन गरे पनि व्यापक जनसहभागितामा अन्तिम संस्कार गरिएको नेपालमा अस्तु लिएर आउने रूपन्देहीका नेता रामचन्द्र चापागाईंले बताउनुहुन्छ । पुष्पलाल पाल्पामा २००७ सालपूर्व एकपटक र २००७ सालपछि दुई पटक आएको पाका व्यक्तित्व घण्टप्रसाद अर्याल र चिनियाँलाल बज्राचार्यले बताउनुहुन्छ ।

**४. वी.पी. कोइराला र पुष्पलाललाई वैचारिक सैद्धान्तिक आधारमा हेर्दा**

**४.१ वी.पी. कोइरालाः** वी.पी. कोइराला २००७ सालपूर्व राणा शासनको अन्त्यको नारा बोकेर आउनुभएको र क्रान्तिका पक्षमा यहाँका बुद्धिजीवी अगुवा, ठूला व्यापारी वर्ग र पाल्पाको

सत्ता सञ्चालक रूद्र शमशेरलाई समेत कन्भिन्स गरी फर्केको बताइन्छ । त्यसरी २०३३ साल पौष १६ गते राष्ट्रियता र प्रजातन्त्रको लागि मेलमिलापको नीतिको व्याख्या गर्न गैरावारी (हाल विशालबजार) तानसेनमा आउनुभएको र तेस्रो पटक २०३७ साल फागुन २२ गते धवल पुस्तकालय परिसरमा नेपाल विद्यार्थी संघका कार्यकर्तालाई सम्बोधन गर्न आएको देखिन्छ । धवल परिसरमा वी.पी.ले मार्क्सवाद र समाजवाद, मार्क्सवादको औचित्य र समाजवाद, मार्क्सवादी समाजवाद र प्रजातान्त्रिक समाजवादका सन्दर्भमा सम्बोधन गरेको देखिन्छ । वी.पी.ले समाज र समाजवादको सन्दर्भमा अगाडि सारेको धारणा बुझ्न उहाँकै केही भनाइहरूलाई लेखक विधान श्रेष्ठको आलेख र वी.पी.को सम्बोधनको पूर्ण पाठमा आधारित भई जस्ताको तस्तै यहाँ प्रस्तुत गरिन्छ । उपशीर्षक मात्र लेखकका हुन् । पाठकलाई बुझ्नलाई सजिलो होला भनी यसो गरिएको हो ।

***४.१.१ समाज पहिले कि मानिस पहिले भन्ने सन्दर्भमा वी.पी.***

"त्यस्तै समाज बनिसके पछि मानिस आउँछ । समाज नभए यो तपाईलाई अप्ठेरो लाग्दो हो । कसरी ? समाज त मान्छेले बनाउँछ भनेर । समाजको व्यवस्था नभईकन एउटा बच्चा जन्मेर त्यो बाँच्न सक्दैन । केवल आमाको रेखदेखमा मात्र बच्चा बाँच्न सक्दैन । बालक जन्मिने बित्तिकै आमाको पनि संरक्षण चाहिएको छ । आमाको संरक्षणका निमित्त पुरूष चाहिएको छ । हुँदाहुँदै सामाजिक वातावरण चाहिएको छ । त्यसो हुनाले मानिस आउनुभन्दा पहिले, उसको प्रादुर्भाव हुनुभन्दा पहिले समाजको संरचना भएको भएको हुनुपर्छ । अनि मात्रै मानिस आउन सक्छ । (स्रोत : हाम्रो तानसेन पूर्णाङ्क ६ पहिलो लहर पृ. ३०)

***४.१.२ बुद्धको समाजवादी करुणा भावना, रामायण र महाभारत***

"बुद्धलाई पनि आफू र समाजलाई देख्दा एउटा करूणा भाव जागृत भयो । अब कसरी मानिसको दुर्भाग्य हटाउने भनेर उनले एउटा बाटो लिए । म त्यसलाई समाजवादी बाटो भन्दिन । तर उनको भावना यो मैले देखाएको बाटो पहिल्याउन सकेन भने मान्छेलाई दुःखैदुःख हुन्छ भन्ने जुन भावना आयो यो करूणाको भावना पनि समाजवादको भावना हो । त्यसैले रामायण वा महाभारत जति पनि धार्मिक ग्रन्थहरू छन् यसै भावनाबाट प्रेरित भएर लेखिए । (स्रोतः हाम्रो तानसेन पूर्णाङ्क ६ दोस्रो लहर पृ. ३०)

***४.१.३ प्रागैतिहासिक युगको विकास चित्रण***

अमेरिका र रूसमा पुलहरू बने । तिनीहरूले सुरूङ बनाए सुरूङमुनि अहिलेको युगले यत्रो आविष्कार गऱ्यो । चन्द्रमामा मान्छेहरू पुऱ्यायो । तर हामीहरू यो बिर्सन्छौं कि प्रागैतिहासिक युगमा झन् कति आविष्कार भए । गहुँ.....आगो.....आदि आदि (हाम्रो तानसेन पूर्णाङ्क ६ तेस्रो लहर पृ. ३०)

***४.१.४ औद्योगिक क्रान्ति र मार्क्सबारे वी.पी.***

उद्योगधन्धा कुनै एक व्यक्तिको हातमा नदिई समाजले नै चलाएमा सबैलाई लाभ हुने कुरा भनीकन इङ्ल्याण्डमा एउटा आन्दोलन (मजदूर आन्दोलन चल्यो) । तर सफल भएन आन्दोलनकारीले भनी ठाने इङल्याण्डको वातावरण ठीक छैन । त्यसैले उपनिवेश बनाएर अमेरिका गए । (रवर्ट ओवेनलाई भनेको हुनुपर्छ ।) लेखक आफूसँग भएको सबै पूँजी मिलाएर कलकारखाना खोल्ने प्रयास गरे त्यो पनि सफल हुन सकेन । तर पनि समाजवादका विचारहरू बढ्दै गए । त्यसै बखत एकसय वर्ष पहिले भन्नुपऱ्यो एउटा ठूला चिन्तक, ठूला विचारक धेरै अध्ययन गरेका कार्लमार्क्सको अभ्युदय भयो । मार्क्सभन्दा पहिले पनि धेरै विचारकहरू थिए । तिनीहरू सबैको सबै कुराको राम्ररी मनन गरेर मार्क्सले एउटा सिद्धान्तको प्रतिपादन गरे । व्यक्ति र समाज दुवैलाई जोडेर मार्क्सले भने इतिहास स्वतः चालित प्रक्रिया हो । त्यसको परिचालन त्यसको सञ्चालनमा व्यक्तिको त्यति हात हुँदैन । उनले समाज र इतिहासको एउटा आधार बनाए । आर्थिक आधार इतिहासलाई चलाउने पनि त्यही तत्त्व हो र समाजको रचनाको तत्त्व पनि त्यही हो । मानिसको बुद्धि भन्नुस् वा विवेक त्यसले पनि आर्थिक तत्वलाई इङ्गित गर्दछ मार्क्सले भने । त्यसकारण समाजवादीहरूमा सबभन्दा ठूलो प्रभाव मार्क्सको परेको छ । म केही हदसम्म मात्र मार्क्सलाई मान्दछु । सबै कुरामा मान्दिन । आफूभन्दा पहिलेका समाजवादीहरूलाई उनले भने तिमीहरूले इतिहास नबुझेर इतिहासको क्रमलाई नबुझेर समयभन्दा पहिले नै समाजवाद ल्याउने कोसिस गऱ्यौ तिमीहरू निरर्थक र असफल भयौं । (हाम्रो तानसेन पूर्णाङ्क ६ तेस्रो लहर पृ. ३०)

***४.१.५ पर्याप्त उत्पादन र वितरणबारे वी.पी.***

वी.पी. भन्नुहुन्छ मैले मार्क्सवादलाई आफ्नो भाषामा भनिरहेको छु । मानौं नेपालमा एकलाख गज मात्रै ऊनी कपडा छ भने डेढ करोड जनतालाई कसरी बाँड्ने ? समानताको आधारमा दिने हो भने एक बित्ता ऊनी कपडा दिनुपऱ्यो । हैन भने ३ करोड गज ऊनी कपडा उत्पादन चाहियो । यसका

लागि पूँजीपती (पूँजीवादी) व्यवस्थामा जानु पर्दछ । (स्रोतः हाम्रो तानसेन पृ. ३२ को पहिलो लहर)

***४.१.६ पूँजीपति व्यवस्था, समाजवाद र वामपन्थी***

शोषणकै आधारमा पूँजीपति (पूँजीवादी) व्यवस्था बढ्छ र त्यही शोषणका आधारमा त्यसले विकास पनि गर्छ । तर एक ठाउँमा पुगेपछि शोषण मात्र रहन्छ विकास रहँदैन । त्यस बखतमा भने समाजवादको कुरा गर्नुपर्दछ । अनि पूँजीवादी व्यवस्थाको अन्त्य गरेर समाजवाद ल्याउनुपर्दछ । त्योभन्दा पहिले समाजवादको परिकल्पना गऱ्यौं भने त्यो समाजवाद एउटा काल्पनिक र कोरा नारामा मात्र सीमित रहनेछ । जस्तो कि आजकालका धेरै वामपन्थीहरू यस्तै कुरा गर्दछन् । (हाम्रो तानसेन पूर्णाङ्क दोस्रो लहर पृ. ३२)

***४.१.७ मानवको आयाम र भावना***

मानिसमा केवल आर्थिक आयाम मात्र छैन । अरू आयाम पनि छन् । तिनमा आर्थिक आयाम पनि बडो महत्त्वपूर्ण हुन्छ । तर केवल आर्थिक आयाम मात्र छ भनेर मान्छेको कल्पना गर्न थाल्यो भने मान्छे सानो, सीमित र छुद्र व्यक्ति भएर जान्छ, मान्छे, भावनाको पनि मान्छे हो । साँच्चै भन्ने हो भने हो भने मान्छेको उत्थान भावनाको आधारमा भएको छ । केवल कसरी मेरो पेट भरिन्छ भन्ने चिन्तनमा त मानिसले ठूलो काम पनि गर्न सक्दैन । (स्रोतः हाम्रो तानसेन पूर्णाङ्क ६ दोस्रो लहर पृ. ३३)

***४.१.८ समाजवाद के हो ? वी.पी.***

आर्थिक आयाम बारेमा चर्चा गर्दै वी.पी. भन्नुहुन्छ- त्यसकारण आर्थिक आधार मात्र मानिसको सबै थोक होइन, त्यसैले समाजवाद भनेको ठूलो सभ्यता र संस्कृति हो । समाजवाद भनेको अहिलेसम्मको इतिहासमा जति मानव समाजले प्राप्ति गर्दै आयो त्यही हो । त्यो धार्मिक क्षेत्रमा प्राप्ति गरोस् वा औद्योगिक क्षेत्रमा वा ज्ञानको क्षेत्रमा गरोस् वा अरू क्षेत्रमा (स्रोतः हाम्रो तानसेन पूर्णाङ्क ६ दोस्रो लहर पृ. ३३ को पुच्छार)

***४.१.९ प्रजातान्त्रिक समाजवाद भनेको के हो ? वी.पी.***

समाजवाद भनेको त्यसमा प्रजातान्त्रिक पक्ष पनि त्यस सभ्यतामा रहेकालाई समाजवाद भन्दछन् । यो भन्ने खण्ड किन पऱ्यो भने समाजवादको नाउँमा प्रजातन्त्र चाहिँदैन भन्ने तत्व पनि हाम्रो मुलुकमा पनि छन् । त्यस्तै अरू मुलुकमा पनि छन् । केही मुलुकहरूमा तिनीहरूको शासन पनि चलिरहेको छ र त्यहाँ हामीहरू अधिकार दिँदैनौं केवल रोटी मात्र दिन्छु भन्छन् त्यो हामीलाई स्वीकार्य छैन । त्यसैले जुनसुकै नाउँमा चाहे पेटको नाउँमा होस् या समानताका नाउँमा अथवा जुनसुकै नाउँमा भए पनि प्रजातन्त्रको अपहरण भएको हामीलाई मान्य छैन भन्ने मात्र हामी समाजवादीहरूको एउटा विचार छ ।

***४.१.१० साम्यवाद र समाजवाद भिन्नता र समानता- वी.पी.***

समाजवाद भनेको साम्यवाद नै हो । त्यसमा प्रजातन्त्र थपिएको हुन्छ । साम्यवाद भनेको समाजवाद नै हो त्यसमा प्रजातन्त्र झिकिएको हुन्छ । साम्यवादमा प्रजातन्त्र थपिदिनुहोस् त्यो समाजवाद भयो । (स्रोतः हाम्रो तानसेन पूर्णाङ्क ६ तेस्रो लहरको पुच्छार पृ. ३३)




१. राजतन्त्र र सेना भन्ने पुस्तकको पृ. ४४ मा लेख्नुहुन्छ "तानाशाही अर्थात् हुकुमी राजतन्त्र नेपालका लागि अनुपयुक्त छ । सैद्धान्तिक दृष्टिले यो मलाई एकदमै स्वीकार छैन । गतिशील समाजका लागि यस्तो व्यवस्था प्रतिगामी व्यवस्था हो ।

२. संवैधानिक राजतन्त्र जनताको सार्वभौमिकताको मातहातको राजतन्त्र (पार्लियामेन्ट मातहतको राजतन्त्रका सम्बन्धमा भने यो प्रश्न खुला छ ।

३. राजाले त्यस्तो प्रजातान्त्रिक व्यवस्थामा आफूलाई ढाल्न र अनुकूल बनाउन चाहेनन् भने राजतन्त्र मेरा लागि अस्वीकार्य छ ।

यसो भने पनि २०३३ सालमा नेपाल आउनु भएका वी.पी.ले मेलमिलापको नीतिअन्तर्गत राष्ट्रियताका सवालमा राजा र मेरो घाँटी जोडिएको छ, राजा काँग्रेससँग र काँग्रेस राजासँग नतर्स नभ्रस्क भन्ने प्रसङ्गलाई अगाडि बढाइरहनु भयो । संवैधानिक राजतन्त्रलाई अगाडि बढाइरहनु भयो । संवैधानिक राजतन्त्रको अडानलाई पकडेरै रहेको पाइन्छ । प्रजातन्त्रको पुनर्स्थापनामा जोड दिए पनि वामशक्तिसँग तालमेल गर्न सदासर्वदा अस्वीकार गरेको देखिन्छ ।

***४.१.११ मेलमिलापको नीति***

२०३३ सालमा मेलमिलापको नीति अख्तियार गरी वी.पी. स्वदेश फर्कदाको बक्तव्य- "महाराजाधिराज लगायत सबैले बखतबखतमा राष्ट्रिय अस्तित्व माथि परेको चर्चा गरेका छन् । यो गम्भीर वास्तविकतालाई बुझेर हामी स्वदेश फर्कदैछौं ।" अपिल गर्दै वी.पी. भन्नुहुन्छ- "यस राष्ट्रिय संकटको

घडीमा हामी सबैले बितेका अप्रिय विवाद, अनुभव र मत भिन्नतालाई बिर्सेर र समाप्त पारेर एकताको सूत्रमा बाँधिनुपर्छ र राष्ट्र रहेन भने हामी रहन्नौं भन्ने भावनाले हामी प्रेरित हुनुपर्छ । मलाई थाहा छैन देशभित्र फर्केर गएपछि म कुन परिस्थितिमा हुनेछु । यस वक्तव्यद्वारा नेपाली काँग्रेसको अध्यक्षको हैसियतले सारा देशवासीलाई अपिल गर्न चाहन्छु कि राष्ट्रको रक्षा देशको उन्नति, जनताको सुख र समृद्धिको पुनित कार्यमा सबै एकमत भएर लागौं । मैले अवसर पाएको खण्डमा महाराजाधिराज समक्ष पनि आफूलाई लागेका कुरा राख्नेछु । राष्ट्रलाई बचाउने जिम्मेवारी सबैको जिम्मेवारी हो । जय नेपाल २०३३ पौष १६" ।

***४.१.१२ पुष्पलाल श्रेष्ठ***

आजसम्मको विद्यमान समाजको इतिहास आदिम साम्यवादबाहेक समाज विकासको इतिहास अमेरिकी समाजशास्त्री हेनरी मोर्गनका अनुसार आदिम साम्यवादी युग, दास युग, सामन्ती युग, समाजवादी युग वर्ग संघर्षहरूको इतिहास हो । (स्रोतः मार्क्स एङ्गेल्स लिखित कम्युनिष्ट घोषणा पत्र) ।



आधुनिक पूँजीवादी समाज सामन्ती समाज (युग) ध्वस्त भएपछि जन्मेको हो । यसले समाजको वर्ग विरोधलाई समाप्त गरेको छैन । यसले पुरानो वर्गको ठाउँमा नौलो वर्ग शोषणका पुराना तरिकाहरूका ठाउँमा शोषणको नयाँ तरिका अनि संघर्ष पुरानो तरिकाको सट्टा नौलो तरिका र संघर्षको पुरानो स्वरूपको ठाउँमा नौलो स्वरूप मात्र कायम गरेको छ । (स्रोतः कम्युनिष्ट घोषणा पत्र पृ. ३४) इतिहासकारहरूले इतिहासको व्याख्या त गरे मूल कुरा त समाजको रूपान्तरण गर्नु हो । (कार्लमार्क्स) कार्लमार्क्सका यिनै मान्यतामा टेकेर पुष्पलालले नेपाली समाजको विश्लेषण गर्दै विचार सिद्धान्त निर्माण गरेको पाइन्छ । नेपाल कम्युनिष्ट पार्टीको विधिवत् संगठन विस्तार र विकास गर्नका लागि नेकपाले कोशी, गण्डकी र कर्णाली तीन प्रदेशलाई मुख्य आधार बनाइएको थियो । जसअनुरूप गोरखा, कास्की, लमजुङ, तनहुँ, स्याङ्जा र तौलिहवा र कर्णाली प्रदेश पुष्पलालको जिम्मा परेको हुँदा पुष्पलालले पाल्पालाई विशेष ध्यान दिनुभएको थियो । यसबारे **हाम्रो तानसेन** पूर्णाङ्क ६ मा उल्लेख गरिएकोले यहाँ विशेष उल्लेख गरिएन । यहाँ पुष्पलालको वैचारिक, सैद्धान्तिक र राजनैतिक पक्षमा अत्यन्त संक्षिप्तमा प्रकाश गरिन्छ ।

***४.२.१ कम्युनिष्ट पार्टीको पहिलो घोषणा पत्र/पर्चा***

सामन्ती शासन व्यवस्थालाई चकनाचुर गरी विदेशी साम्राज्यवाद र भारतीय पूँजीवादी प्रभाव र घेरादेखि अलग होऊ । मजदुर किसानको शासन खडा गर । यस शासनमा धनी साम्राज्यवादी र प्रतिक्रियावादीहरूका दलालका बाहेक सबै शोषित जनतालाई हिस्सा देऊ ।

सोभियत रूस र द.पू. युरोपका नव प्रजातन्त्रहरू र आजाद चीनसँग राजनैतिक सम्बन्ध कायम गर समाजवादको लक्ष्य राखी शासन चलाऊ ।

यसैलाई नव प्रजातन्त्र भन्दछन् । अतएव नव प्रजातन्त्र (New Democracy) जिन्दावाद (स्रोत पर्चा नं. १ (क) २००६ वैशाख १२ गते सङ्गठक समिति नेपाल ।

***४.२.२ नयाँ प्रजातन्त्र भनेको के हो ?***

पुष्पलालले नयाँ जनवादी कार्यक्रम नेपाली क्रान्तिको एकमात्र सही मूलबाटो शीर्षकमा पुस्तक नै लेख्नुभएको छ । नयाँ जनवादी क्रान्ति भनेको के हो ? भन्ने शीर्षक छानिएका रचना भाग २ को पृ. ९३ मा उहाँ लेख्नु हुन्छ- आजको युगमा मजदुरको नेतृत्वमा सम्पन्न हुने पूँजीवादी जनवादी क्रान्तिको उद्देश्य पूँजीवादको स्थापना गर्न नभई समाजवादको स्थापनाका निम्ति पृष्ठभूमि तयार गर्नहुन्छ । यस किसिमको क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनिन्छ ।

***४.२.३ समाज विकास क्रम र इतिहासको द्वन्द्वात्मक भौतिकवादी विश्लेषण***

"पुष्पलाल छानिएका रचना भाग ४ को पृष्ठ १३५ देखि १७१ सम्म समाज विकास र शब्दार्थ विषयमा पुष्पलालले विश्व ब्रह्माण्ड, विश्व समाजको विकास क्रम दर्शन दृष्टिकोण, राजनीति जस्ता गहन विषयमा यथार्थ धरातलमा उभिएर

वैज्ञानिक विश्लेषण गर्नुभएको छ । राजतन्त्र र राज्यको उदय, यसको पतन, समाज विकासको क्रममा आदिम साम्यवाद, दास युग, सामन्ती (कृषि) युग, पूँजीवादी युग, समाजवादी युग र वर्ग विहीन र शोषणविहीन समाज स्थापना हुने वैज्ञानिक साम्यवादमाथि प्रकाश पार्नुभएको छ । एककोशीय जीवाणुबाट उत्पत्ति भएको जैविक विकासका क्रममा लामो समयको अन्तरालपछि दुई खुट्टे बानर, त्यसपछि प्राज्ञ मानवको विकास भई रूख र गुफाघरमा बस्ने मानव क्रमशः सिकारी मानव, पशुपंक्षी पालन गर्ने मानव, तदुपरान्त खेतीपाती गर्ने मानवमा विकास भई आदिम मानव समाजको विकास सुरू भएको देखाउनुभएको छ । इतिहासका निर्माता मानव, संसार निर्माण गर्ने श्रम र श्रमिक मानवको समेत चर्चा छ । वर्गविहीन, शोषणविहीन, मानवमध्येबाट कजाइ खाने मानव र कजिने मानव दुई वर्गमा विभक्त भएपछि कजाउने मालिक र कजिने दास मानव भएपछि समाजमा वर्ग विभाजन सुरू भएको हो । यस क्रममा मालिकले आफूलाई राजा र ईश्वरका रूपमा प्रस्तुत गरी सामन्ती समाजको निर्माण भएको हो आदि बताइएको छ । तदुपरान्त श्रमिकहरू जति किसान र मालिकहरू जति सामन्त भए । उत्पादन पद्धतिका विकाससँगै पूँजीवादी युगको थालनीसँगै कलकारखाना र स्वचालित यन्त्र उपकरणको आविष्कार स्थापना प्रयोगसँगै समाज पूँजीवादी युगमा पुगेपछि श्रमिक किसानहरू मजदूर वर्गमा परिणत भएको देखाइएको छ । पूँजीवादले जतिसुकै आर्थिक प्रगति गरे पनि श्रमजीवी जनताको शोषण उत्पीडनमा कसरी बृद्धि हुन्छ र भयो । नेपाली समाजमा कसरी मजदूर किसानहरू शोषित उत्पीडित हुन पर्‍यो ? कसरी सामन्तहरूले आफूलाई राजा महाराजमा र ईश्वरको अवतारका रूपमा प्रस्तुत गरे ? आदि बताइएका छन् । शब्दार्थको माध्यमबाट उहाँका विश्लेषण मार्क्सवादी लेनिनवादी वैज्ञानिक चिन्तन प्रणालीमा आधारित छन् ।

### ***४.२.४ नेपाली काँग्रेसको समाजवाद र पुष्पलाल***

नेपालमा हुन लागेका जनक्रान्तिको लक्ष्यमा संसदीय प्रजातन्त्रका पुनस्थापनाद्वारा समाजवादी बाटोबाट द्रुतगतिले विकास गरी नेपाललाई आजको विकसित दुनियाँको दाँजोमा चाँडो से चाँडो पुर्‍याउनु हो भन्ने सुवर्ण शमशेरको भूमिका सहितको प्रकाशित काशीनाथ गौतमको जनक्रान्ति किन ? भन्ने पुस्तकको सन्दर्भमा समाजवाद सम्बन्धी केही वाक्यहरू उद्धृत गरिएका छन् ।

हाम्रो समाजवाद गरिबी बाँड्ने समाजवाद होइन । तसर्थ समाजवादीबाटो निश्चित गर्दा कल्पना जगतमा मात्र नहिँडी, केही समयसम्म पूँजीलाई पनि प्रोत्साहन दिनुपरेको छ । यस्तो सरकारले आफ्नो सामार्थ्यले उद्योग आफैं प्रारम्भ गर्ने छ । यहाँनेर आईकन कुरा स्पष्ट हुन्छ कि विदेशी पूँजीमार्फत् देशलाई अमिर बनाउने र त्यही अमिरी र गरिबी होइन । देशका जनतालाई बाँड्ने अनि देशमा २०/२५ वर्षको लामो अवधिमा सामाजिक मोक्ष प्राप्त हुन्छ ।

सुवर्णका शब्दलाई उद्धृत गर्दै पुष्पलाल लेख्नुहुन्छ– "अन्तिम ऐतिहासिक समाजवादी क्रान्तिपछि केवल किसानको मोहियानी हकलाई कानुनी रूप दिई सैन्यहरूलाई पूँजीवादी जमिन्दारमा परिणत गरी देशको कृषि उत्पादन बढाई देशको अन्नसंकट टाल्न चाहन्छ । त्यसैकारण किसानलाई जमिन दिने कुरा नगरी केवल मेहेनत गर्नेहरूको स्वामित्वमा जमीन दिएर केही ठाउँमा केही समयसम्म पूँजीवादी खेती नगराई खेतीको विकास हुन सक्दैन । यसको लागि सर्वप्रथम मोहियानी हक अनिवार्य छ ।"

"पूँजीपतिलाई ग्यारेण्टी दिएको अवधि पूरा भएपछि उद्योगहरू राष्ट्रियकरण गरिने छन् । यस क्रमले समाजवादी दिशालाई द्रुत गतिले अगाडि बढाउने छ ।"

प्रजातन्त्रको पुनर्स्थापनामा नेकासँगको संयुक्त मोर्चामा जोड दिए पनि नेकाको समाजवादी अवधारणासँग पुष्पलाल असहमति राख्दै लेख्नुहुन्छ ।

वैज्ञानिक समाजवादका जन्मदाता कार्लमार्क्स र ऐंगेल्सले, आजसम्मको मानव समाज "आदिम साम्यवाद पछि को इतिहास नै वर्गसंघर्षको इतिहास हो" भनेका छन् । यसको माने यो हुन जान्छ कि आजसम्म एकपछि अर्को समाजको जुन विकास भएर आयो त्यसको मूल कारण वर्गसंघर्ष नै हो । अर्थात् समाज विकासको नियम नै वर्गसंघर्ष हो । एकपछि अर्को समाज (युग) मा जाने बाटो वर्गसंघर्ष हो । अतः समाजवादी समाजमा जाने बाटो वर्ग संघर्ष नै हो । यसभन्दा अर्को कुनै बाटो लागेमा समाजवादी समाजमा नपुगी अर्कै कुनै समाजमा पुग्ने व्याख्या गर्दै उक्त पुस्तिकामा यो भनिएको छ "पूँजीपतिलाई ग्यारेन्टी दिएको अवधि पूरा भएपछि उद्योग राष्ट्रियकरण गरिनेछन् । यस क्रमले राष्ट्रलाई समाजवादको दिशापट्टि द्रूत गतिले अगाडि बढाउने छ ।" यो बडो आश्चर्यको कुरा छ कि अवधि सकिएपछि राष्ट्रियकरण गरिनेछ भन्नु जति सजिलो छ  त्यो गर्नलाई उत्तिकै गाह्रो हुनेछ । कारण, जुन पूँजीपतिहरूले, विदेशी पूँजीपतिसम्मले देशमा उद्योगधन्दा खोल्नेछन्, के उनीहरूले राष्ट्रको समस्त आर्थिक जीवनमा कब्जा गर्ने

छैनन् ? त्यसमा पनि विदेशी पूँजीलाई खुला छुट दिएपछि उसैको समस्त आर्थिक जीवनमा कब्जा हुनेछ र उनीहरूको पूँजीलाई अवधि समाप्त हुँदैमा राष्ट्रियकरण गर्न कठिन समस्या उत्पन्न हुन जानेछ र उनीहरूको पूँजीलाई अवधि समाप्त हुँदैमा राष्ट्रियकरण गर्न कठिन समस्या उत्पन्न हुन जानेछ । अतः वर्ग संघर्ष बेगर हामी समाजवादी समाजमा जान नै सक्ने छैनौं । (स्रोतः पुष्पलाल छानिएका रचना भाग २ पृ. १७ (१८)

*४.२ ५. मुख्य अन्तर विरोध र मुख्य दुश्मनका विरुद्ध जनपरिचालन*

"२००७ सालमा राणा शाही र राणा शाही विरोधी जनसमुदायको अन्तर विरोध मुख्य थियो र राजतन्त्र तथा जनता बीचको अन्तर विरोध गौण थियो अर्थात् सामान्य भएर गएको थियो । तर त्यसबेला पनि राजतन्त्रसित सामान्य अन्तरविरोध थियो । २००७ सालको क्रान्तिपछि राजतन्त्र सामन्ती शोषण व्यवस्थाको रक्षाको फौजी किल्ला तथा यसको पृष्ठपोषकका रूपमा देखा पर्दै आएको छ । २००७ सालपछि त यसले झनै तानाशाही रूप लियो । अतः सामन्ती व्यवस्थाको पृष्ठपोषक राजतन्त्र र जनता बीचको अन्तर विरोधले आज मुख्य अन्तरविरोधको रूप लिएको छ । यसले गर्दा पूँजीवादी पक्षमा उभिने नेपालको पूँजीपति वर्ग तथा अन्य निम्न पूँजीवादी वर्ग र मजदुर किसान-बीचको अन्तर विरोधहरू आज सामान्य भएर गएका छन् । अतः एवम् जनताको मुख्य दुश्मन सामन्ती शाही हुकमत र यसले ल्याएको सामन्ती पञ्चायती व्यवस्था विदेशी एकाधिकार पूँजीवाद खासगरी भारतीय एकाधिकार पूँजीवाद तथा साम्राज्यवादलाई ध्वस्त गरी देशमा नयाँ जनवादी व्यवस्थाको स्थापनाद्वारा नयाँ तथा स्वतन्त्र नेपालको निर्माण मजदूर वर्गको नेतृत्वमा चलाइने नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नका लागि क्रान्तिको मित्र शक्ति र शत्रु शक्तिको लेखाजोखा हुन आवश्यक छ । (स्रोत : पुष्पलाल नयाँ जनवादी कार्यक्रम नेपाली क्रान्तिको एकमात्र सही मूलबाटो पृष्ठ ५७, ५८)

*४.२.६ निरंकुश राजतन्त्र र पञ्चायती व्यवस्था अन्त्यका लागि संयुक्त मोर्चाको कार्यदिशा*

नेपाल कम्युनिष्ट पार्टी र नेपाली काँग्रेस सैद्धान्तिक दृष्टिकोणले एक अर्काबाट भिन्न भए तापनि र राष्ट्रनिर्माणका निम्ति पार्टीका बेग्लाबेग्लै कार्यक्रम भए तापनि संसदीय प्रजातन्त्रको पुनर्स्थापनाका सवालले एकअर्कालाई नजिक ल्याइदिएको छ । अतः यस्तो स्थितिमा संयुक्त सोचबाट अलग रही आन्दोलनको सहयोग गर्ने कुरामा मात्र सीमित नरही दुवै पार्टी संयुक्त भई कस्तो खालको संसदीय प्रजातन्त्र कसरी ल्याउने भन्ने कुरामा छलफल गरी प्रजातान्त्रिक आन्दोलन अगाडि बढाउने सवाल नै आज देशको सर्वोपरि माग भएर आएको छ । यसको निम्ति नेपाल कम्युनिष्ट पार्टीले नेपाली काँग्रेससँग अपिल गर्दछ । (स्रोत पुष्पलाल छानिएका रचना भाग २ पृ. १९)

*४.२.७ भारतीय हस्तक्षेपका विरुद्ध राष्ट्रियताको पक्षमा*

भारतीय थिचोमिचो र विस्तारवादी नीतिका विरूद्ध भारतीय प्रधानमन्त्री नेहरूकै नाममा लेखिएको खुलापत्रमा भनिएको छ (एक अंशमात्रै) तपाईले हिन्दुस्तानी पार्लियामेन्टमा घोषणा गर्नुभयो- "हाम्रो सिमाना हिमालयसम्म पुगेको छ । तर पण्डितजी हाम्रा जनताले यसलाई कहिल्यै पनि मान्दैनन् । यसको हामी घोर विरोध गर्दछौं ।" (पुष्पलाल छानिएका रचना भाग ४ पृ. ९०-९६ २००८ साल)

*४.२.८ दलहरुमाथि प्रतिबन्ध र संसद विघटन*

२०१७ सालमा राजा महेन्द्रले राजनीतिक दलहरू माथि प्रतिबन्ध लगाएर निर्वाचित सरकार र संसदको विघटन गरेका थिए । त्यसका विरूद्ध पार्टीका तर्फबाट कडा विरोध गर्दै पुष्पलालले विघटित संसदको स्थापनाका लागि संयुक्त संघर्ष गरौं भनेर आह्वान समेत गर्नुभएको थियो । राष्ट्रका नाममा जारी पार्टीका तर्फबाट गरिएको अपिलको शीर्षक मात्र तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

- सत्रसाल पौष १ गते प्रजातन्त्र हत्याको पर्व राजदरबारबाट सात सालदेखि प्रजातन्त्रको विरूद्ध गरिएको षड्यन्त्रको पराकाष्ठा थियो ।
- राजा राष्ट्रिय स्वार्थका प्रतीक नभई सामन्ती स्वार्थका प्रतीक हुन् ।
- नेपालको सार्वभौमिकता होइन राजाको सार्वभौमिकता खतरामा छ ।
- राजा महेन्द्रको योजना राष्ट्रिय निर्माणको योजना होइन ।
- जनवर्गीय सङ्गठनहरू सामन्ती फासिष्ट संगठन हुन् ।
- शाही प्रशासकीय व्यवस्था भ्रष्टाचार र आंतकको केन्द्र भएको छ ।
- नियन्त्रित प्रजातान्त्रिक व्यवस्था सामन्ती अवसरवादीहरूका अखडा हो ।
- संयुक्त आन्दोलन नै प्रजातान्त्रिक विजयको ग्यारेन्टी हो । (स्रोत- पुष्पलाल छानिएका रचना भाग २ पृ. १-२९)

स्मरण रहोस् पुष्पलालले पटकपटक वी.पी. समक्ष संयुक्त जनआन्दोलनको प्रस्ताव राख्नुभयो तर वी.पी.ले त्यसलाई स्वीकार गर्नुभएन । पुष्पलाल २०३५ सालमा र वी.पी. २०३८ सालमा बिदा हुनुभयो । तर २०४६ सालको जनआन्दोलन भने नेपाली काँग्रेस र संयुक्त वाममोर्चाको नेतृत्वमा सम्पन्न हुन गयो । यसमा गणेशमान सिंह र जननेता मदन भण्डारी, मनमोहन अधिकारी, साहना प्रधानको सुझबुझपूर्ण समझदारीले काम गरेको देखिन्छ । त्यति मात्र होइन राजा ज्ञानेन्द्रले दलहरूलाई पाखा लगाई सञ्चालन गरेको हुकुमी शासनका विरूद्ध भने २०६२/०६३ मा विद्रोही माओवादी सहित ७ राजनीतिक दलको तत्वावधानमा सम्पन्न भयो । साथसाथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण र घोषणामा समेत कम्युनिष्ट शक्ति र नेपाली काँग्रेसको संयुक्त प्रयासले सम्भव भयो । यस मानेमा पुष्पलालको संयुक्त जनआन्दोलनको प्रस्ताव सुझबुझपूर्ण र सुविचारित ढङ्गले प्रस्तुत गरिएको थियो भन्ने ऐतिहासिक तथ्यहरूले देखाउँछन् ।

**५. २००७ सालमा पाल्पा आन्दोलन र पाल्पा मुक्ति**

पाल्पाली राजनीतिज्ञ विधान श्रेष्ठका अनुसार वी.पी. गुप्तशैलीमा २००७ सालको क्रान्ति पूर्व पाल्पा आउनुभयो । डा. त्रिवेणीप्रसाद प्रधान र बैकुण्ठध्वज राजलवट र प्रतिमान बोहराले यसको चाँजोपाँजो मिलाए बमोजिम रूद्र शमशेरसँग भेट भयो । प्रजातन्त्र स्थापनाको प्रस्तावलाई अगाडि बढाइयो । भवेश्वर पंगेनीको प्रजातन्त्रका सयदिन पुस्तकमा उल्लेख भएको साथै पुराना पाल्पाली जानकार हिक्मत बज्राचार्यका अनुसार- २००७ साल पौष १९, २०, २१ गते तानसेनमा जहाँनिया राणा शासन मुर्दावाद जेलका बन्दीहरू रिहा गर जस्ता नाराबुलन्द गर्दै जुलुस प्रदर्शन भयो । जुलुस तानसेन लक्ष्मीनारायणको मन्दिर बसन्तपुरबाट निस्केको हो । यस जुलुसको नेतृत्व कम्युनिष्ट नेता कमलराज रेग्मीले गरेका थिए । म (हिक्मत), त्रिरत्न बज्राचार्य, हरि सुमेरूलाल, बुद्धप्रसाद मलेगो, अनमोल बोहरा आदि १७ जना थियौं । पौष २१ गते राति जन सरकारको घोषणा भयो ।

१. प्रधानमन्त्री भोलानाथ शर्मा (तौलिहवा)
२. दयाशङ्कर मुन्सी (तौलिहवा)
३. खड्ग बहादुर सुनार- विदेश विभाग रक्षा
४. भुपेन्द्र विक्रम शाह-गृह
५. जंगबहादुर चन्द- सूचना
६. कर्ण शमशेर- यातायात
७. श्याम कुमार मल्ल- स्वास्थ्य

मन्त्रीपरिषद् विस्तारित हुँदा निम्न मन्त्रीहरू रहेका थिए । पदम चन्द्र गृह, लक्ष्मीप्रसाद सिमाङ्गैडा- अर्थ, मथुरा प्रसाद प्रधान- खाद्य मन्त्री, पूर्णमान गुभाजू- सिविल सप्लाई मन्त्री, भुपेन्द्र विक्रम शाह- न्यायमन्त्री, केवलप्रसाद सिमाङ्गैडा- यातायात मन्त्री, अम्बिका प्रसाद लाकौल- जनसम्पर्क मन्त्री, यादव शाही- मिलिटरी सप्लाई मन्त्री भए भने एकलौटी र एकपक्षीय रूपमा जनसरकार गठन गरिएकोमा समावेशी र सर्वपक्षीय मन्त्री मण्डल बन्नुपर्ने मागका साथ कमलराजको नेतृत्वमा विरोध भयो । नेकपाबाट विरोध भएपछि माघ ३ गते, २००७ मा पहिलो मन्त्रीमण्डल विघटन गरी दोस्रो मन्त्रीमण्डल गठन देहाय बमोजिम गरेको देखिन्छ ।

(१) काशीनाथ गौतम- मुख्यमन्त्री (२) नरेन्दध्वज जोशी- उपमुख्य मन्त्री (३) जगत बहादुर जोशी- शिक्षामन्त्री (४) धैर्यशमशेर राणा- रक्षामन्त्री (५) भुवनविक्रम शाह- न्यायमन्त्री (६) पदमचन श्रेष्ठ- गृहमन्त्री (७) मथुराप्रसाद- खाद्यमन्त्री (८) भुपेन्द्र विक्रम शाह- मिलिटरी सप्लायर्स मन्त्री (९) श्यामकृष्ण मल्ल- स्थानीय विकास मन्त्री (१०) महेन्द्रप्रसाद प्रधान- प्रचारमन्त्री (११) जङ्गबहादुर चन्द- सूचनामन्त्री (१२) त्रिरत्न बज्राचार्य- जनसम्पर्क मन्त्री (१३) तरूलता भट्टराई- शिक्षामन्त्री (१४) कमलराज रेग्मी- ग्रामीण सुधार मन्त्री (१५) नरेन्द्र प्रसाद लाकौल- सेक्रेटरी जनरल मन्त्री (स्रोतः भवेश्वर पंगेनी, पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन ।)

**निष्कर्ष**

नेपाली राजनीतिक शिखर पुरूषहरू वी.पी. र पुष्पलालको राजनीतिक पृष्ठभूमि, राजनीतिक आन्दोलनमा उहाँहरूले निर्वाह गर्नु भएको भूमिका स्मरणीय छन् । सर्सती हेर्दा वी.पी.ले वर्ग समन्वय र सत्ता समन्वयको आधारमा प्रजातन्त्र स्थापना गर्ने नीति अख्तियार गर्न खोजेको देखिन्छ । राजतन्त्रले दलहरू र नेपाली जनतालाई घोर दमन अत्याचार गरिरहँदा पनि वी.पी.ले राजतन्त्र अन्त्यको कार्यक्रम र नारा दिन अनकनाएको देखिन्छ । समाजवादको सन्दर्भमा पनि वी.पी.ले वर्गसमन्वयलाई आधार मानेर समाजवादलाई इतिहासमा आइसकेको वा आफै आउने झलक दिन प्रयत्नशील भएको आभाष मिल्छ । यसका विपरीत पुष्पलालले वर्गसंघर्षको दृष्टिकोणबाट समाज विकासको क्रमलाई मूल्याङ्कन गर्दै वैज्ञानिक समाजवादको अनिवार्य

आवश्यकता र त्यो प्राप्तिका लागि सर्वहारा मजदुर किसान र राष्ट्रिय पूँजिपतिसमेतको संयुक्त प्रयासमाथि जोड दिनुभएको छ । समाज आफै बन्ने होइन समाजलाई रूपान्तरण गर्ने मान्छेले हो भन्ने पुष्पलालको वर्गीय दृष्टिकोण र अडान रहेको देखिन्छ । जे होस् निरंकुशताका विरूद्ध आजीवन संघर्ष र अतुलनीय योगदान गरी इतिहासमा सजिन पुग्नुभएका नेताहरूको योगदानलाई सापेक्षित ढङ्गले हृदयङ्गम गर्नु नै उहाँहरूप्रतिको सम्मान हुन जानेछ । संविधानमै समतामूलक समाजवाद उन्मुख समाज निर्माण गर्ने उल्लेख भैसकेपछि अब समाजवाद लागु गर्ने दिशामा अघि बढ्नुपर्ने देखिन्छ । साथसाथै नेपाली कम्युनिष्ट आन्दोलन प्रजातान्त्रिक आन्दोलनको मूल चरित्र हो । यो कुरा २००७ सालको आन्दोलन, २०१५ सालको आम निर्वाचन, संसदको पुनर्स्थापना र २०१७ सालको शाही कदमको विरोध, २०४६ सालको संयुक्त जनआन्दोलन, २०६२/०६३ को लोकतान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको निर्माण, संसदीय चुनाव र प्रतिस्पर्धाबाट सरकार निर्माण र संचालनले यथेष्ट पुष्टि गरिसकेको छ ।

पाल्पा तानसेन विगतदेखि नै राजधानी, गौंडा सदरमुकाम, जिल्लाको सदरमुकाम, शैक्षिक केन्द्र र राजनीतिक प्रसारणको केन्द्र रहँदै आएको हो । कमलराज रेग्मी, बी.आर राई (आठराई), डा. केशरजङ्ग रायमाझी, टङ्कनाथ काफ्ले, अच्युत राज रेग्मी, पूर्णमान शाक्य, नयाँ पुस्तामा गम्भीरजङ्ग कार्की, दयाराज बस्याल जस्ता नेताहरू प्रायश यहीँ जन्मिए हुर्किए र राजनीतिको कर्मथलो पाल्पालाई बनाए । पाल्पा त्रिभुवन बहुमुखी क्याम्पस र यहाँका विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरू घनश्याम भुसाल, डा. चन्द्र भण्डारी, हरि पराजुली, हृदयेश त्रिपाठी, लालबाबु पण्डित, गोकर्ण विष्ट जस्ता व्यक्तित्वहरू मन्त्री बनिसकेका छन् । माथि उल्लिखित व्यक्तिहरू जस्तै यही ठाउँमा अध्ययन गरेका व्यक्तिहरू गोरखबहादुर बोगटी हुम्लाका सांसद भएका छन् । यही थलोमा राजनीतिक कखरा पढेका घनश्याम पाण्डे, मोहन पाण्डेय लगायतहरूले अन्य धेरै जिल्लाहरूमा नेतृत्व सम्हालेका छन् । यही पाल्पामा शिक्षा आर्जन गरेकाहरू अहिले देशका विभिन्न भागमा पुगेर राजनीतिक नेतृत्व व्यापार प्रतिष्ठान, औद्योगिक नेतृत्व र शैक्षिक नेतृत्व गरिरहेका छन् ।

प्रजातान्त्रिक लोकतान्त्रिक आन्दोलनमा पाल्पाले के गर्छ ? के भन्छ ? भनेर अन्य जिल्लाहरूले प्रतिरक्षा गर्ने अवस्था थियो । त्यसैले वी.पी. र पुष्पलालले पनि पाल्पालाई अत्यन्त महत्त्वपूर्ण राजनीतिक थलोको रूपमा लिनुभयो र राजनीतिक भूमिका निर्वाह गर्नुभयो । तर केन्द्रीकरणको सट्टा विकेन्द्रीकरण र संघीयता लागु भई विभिन्न अवसरहरू वितरण र विकेन्द्रित भइरहेको सुखद अवसरमा पाल्पाले आफ्नो पुरानो साखलाई निरन्तरता दिन र बढोत्तरी गर्न नयाँ ढङ्गले सोच्न जरूरी छ । साथसाथै संविधानमै समतामूलक समाजवाद समाविष्ट भइसकेको हुँदा समाजवादी अर्थतन्त्र अब कसरी निर्माण गर्ने हो ठोस व्यवहारिक धरातलमा उभिएर छलफल र निचोड निकाली कार्यान्वयन गर्ने बेला छ यो बेला । अबको प्रतिस्पर्धा भनेको लोकतान्त्रिक प्रतिस्पर्धा, समृद्ध नेपाल निर्माण र समाजवाद लागु गर्ने सन्दर्भकै प्रतिस्पर्धा हो भन्ने बुझाइ भए राम्रो होला । पुष्पलाल र वीपीका अनुयायीले मर्म आत्मसात गरून् ।

**सन्दर्भ सामग्री**

विश्वेश्वरप्रसाद कोइराला, राजतन्त्र र सेना, युग चिन्तन प्रतिष्ठान नेपाल, २०६१ ।

नयाँ जनवादी कार्यक्रम, पुष्पलाल

मार्क्स एङ्गेल्स कम्युनिष्ट पार्टीको घोषणापत्र, प्रगति प्रकाशन

पुष्पलाल छानिएका रचना नेपाल भाग १,२,३,४

पुष्पलाल नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास

बमबहादुर अधिकारी, नेपालको बृहत इतिहास दीपक पुस्तक भण्डार काठमाडौं २०७५

कर्णबहादुर बानियाँ पाल्पाको इतिहास तथा संस्कृति पुर्कोट सेन समाज, गुल्मी २०७०

अभय शर्मा रवि प्रसाद गुरागाई नेपाल प्रज्ञा प्रतिष्ठान, २०६९

हाम्रो तानसेन वर्ष २, अंक २ पूर्णाङ्क ६, २०७६ साउन-प्रधान सम्पादक गोविन्द भट्टराई, प्रकाशक तानसेन नगरपालिका, पाल्पा)

विष्णुप्रसाद घिमिरे, पाल्पा राज्यको इतिहास भाग १ र २

विश्वेश्वर प्रसाद कोइरालाको आत्मा वृतान्त-२०५५

भवेश्वर पंगेनी, पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन

(तानसेन नगरपालिकाका विकास सद्भावना दूत)

# राजमान सिंहको सम्झनामा केही शब्द



- दिल साहनी

कुन्नी किन मलाई सानामा पढ्नमा कुनै रूचि भएन । थिएन । मलाई पढ्न लेख्न पटक्कै मन लाग्दैनथ्यो । मन पर्दैनथ्यो । जब कि बुबा रविलाल साहनीले मलाई पढ्नलेख्न सिकाउन निकै कोसिस गर्नु भयो । गर्नुहुन्थ्यो । उहाँ सायद दोकानको माल समान चलाउन बटौलीतिर आउँदा त्यतैबाट ठूलो वर्णमालाको पुस्तक बोकेर जानुहुन्थ्यो । उहाँले मलाई पिटीपिटी ठूलो वर्णमालाबाट नै कखरा र बाह्रखरी पढाउनुहुन्थ्यो । बाबा आमा पढ्न सिकाउनुहुन्थ्यो । भन्नुहुन्थ्यो मलाई कसैले पढाएको. होइन । मैले गोठ हिंड्दा रूखको ठुटामा लेखेर पढ्न सिकेको हुँ । यसलाई यसरी मैले पढाए पनि यसले पढ्न नै मान्दैन । पढ्न नै खोज्दैन । निश्चित रूपमा मैले लेखपढ गर्ने कामलाई ठूलो बोझ सम्झिन्थें । अनावश्यक कुरो ठान्दथें । सायद मलाई लेखपढ गर्ने कुरो एउटा भयको विषय पनि बनेको थियो । म संझिन्छु मेरा कान्छा बुबाका छोरा माइला दाइ भन्ने गर्दथे- तैले लेखपढ गर्न सकिनस् भने तँलाई फलामका डण्डीले हानिन्छ । पिटिन्छ । झ्यालखानामा थुनिन्छ । म यस सन्दर्भमा के पनि सोच्दो हुँ भने मैले पढ्न थाले मलाई स्कुल पठाउन थालिनेछ । स्कुलमा ममाथि ठूलो दण्ड सजाय भोग्नु पर्ने हुन सक्दछ ।

हाम्रै दोकान अघिको चौबारीमा गाउँका कुन्नी कुनकुन केटाहरूलाई जम्मा गराएर त्यहाँ पढाउन थालिएको थियो । मलाई खेतका भिनाजु कर्णबहादुर खत्री र बुबाले जबरजस्ती चौबारीमा पुऱ्याउनुभयो । बुबाले भिनाजुलाई भन्नुभयो- ज्वाइँ मलाई गाउँतिर डुल्न जानुछ । यसले पढ्न मान्दैन । भाग्न पनि सक्दछ । तपाईंले चरप्प काखमा राखेर पढ्न लगाउनुहोला । त्यस दिन मलाई भिनाजुले काखमा राखेर पढ्न भन्नुभयो । म उहाँको.काखबाट उम्किन पाइनँ । अर्को दिन गाउँ वरिपरिका केटाहरु जम्मा हुने बेलामा दोकान नजिकैको खेतमा लुकेर लेखपढ गर्ने समय गुजारें । कुनै झगडियाले मुद्दाको तारिक गुजारे जस्तै । म हाम्रो दोकान अगाडिको चौबारीमा लेखपढ गर्न सामेल भइनँ । चौबारीको पाठशाला धेरै दिनसम्म नटिकेको हुनाले मलाई लेखपढ गर्ने बेलामा खेतमा लुक्नु पर्ने आवश्यकता परेन । यो कुरा सम्झिंदा म अहिले आफै अचम्म मान्दछु । कस्तो बुद्धि होला मेरो त्यस्तो, त्यतिबेला ?

ऐन स्रेष्ता, मुलुकी ऐन, धार्मिक ग्रन्थ तथा केही मधुमालती, बीर सिक्का आदि जस्ता तिलस्मी संसारका पुस्तक मात्र अध्ययन गरेका बुबालाई बच्चाहरूलाई कुटपिट गरेर होइन प्रेमले लेखपढ गर्न सिकाउनु पर्दछ भन्ने रूसो, पेस्टालेजी, जोन डुवे, हेलेन पार्कहरस्त, मेरिया मन्टेसरी आदिका शिक्षासम्बन्धी विचार र आधुनिक शिक्षा पद्धतिको बारेमा के जानकारी होस् । हुन त जति सुकै आधुनिक शिक्षा शास्त्र र शिक्षा पद्धतिसित परिचत भएका आधुनिक स्कुल शिक्षकले समेत प्रेमकोभन्दा पनि लौराकै बलमा शिक्षण कार्य जारी राखेका प्रशस्त उदाहरण नभएका होइनन् । मेरो बुबा जस्तै मेरो जेठा बुबा करवीर साहनीले पनि दाइहरूलाई पढाउन लेखाउन सिकाउन हुक्काको नलीले पिट्नुहुन्थ्यो भन्ने कुरा म सुन्दथें ।

हाम्रो दोकानमा रात साँझ परेपछि बाटो.हिंड्ने बटुवाहरु बास मागेर बस्ने गर्दथे । एक दिनको कुरा हो., दोकानमा रात सांझ परेकोले बास मागेर बसेको पाहुनाका उपस्थितिमा नै बुबाले मलाई पढाउन खोज्नुभयो । मैले. पढ्न नखोजेकोले बुबाले मलाई भकाभक पिट्नुभयो । म रून थालें । त्यही बेला बास बसेका पाहुनाले मेरा हात हेर्न खोज्दै भने.- बाबु तिमी तिम्रा हात देखाऊ त । म तिम्रो हात हेर्दछु । मैले रूँदै हात अघि बढाएँ ।

मेरो हात हेरेको केही बेरपछि ती पाहुनाले बुबालाई सम्बोधन गर्दै भने- तपाईंले यी बाबुलाई नपढाउनुहोस् । तपाईंले जति पढाउन खोजे पनि यी बाबुले पढ्दैनन् । यिनले नपढ्ने

होइन । पढ्छन् । तर आफ्नो खुसीले पढ्दछन् । यिनी धेरै पढेर ठूलो विद्वान नै हुन्छन् ।

बुबा ज्योतिष विद्यामा विश्वास गर्नुहुन्थ्यो । उहाँले भन्नुभयो यसको जन्म कुण्डलीमा जे. लेखेको छ त्यही हुन्छ । यसको जन्म कुण्डलीमा बाबुको सम्पति नराख्ने भन्ने लेखेको छ । यो जन्मेपछि हाम्रो धेरै सम्पति हिनाबिना भयो, म अबदेखि यसलाई पढाउँदिन । जे लेखेको छ त्यही हुन्छ ।

वास्तवमा त्यस दिनपछि बुबाले मलाई पढाउन छोड्नु भयो । बुबाको म सानै छँदा मृत्यु भएको हुनाले पछि मलाई पढाउने प्रयास गर्नुहुन्थ्यो हुन्थेन थाहा हुन सक्ने कुरा पनि भएन । बुबाको मृत्युपछि म कहिले माथि हुलुवा साहनी डाँडामा बस्ने आमा पवित्रा साहनीसित बस्दथे । कहिले तल दोकानमा बस्ने आमा तुलसीसित बस्दथें । मेरो दुईबटा आमाहरूमा दोकानमा बस्ने आमा तुलसी साहनी बढी जागरूक जान्ने बुझ्ने संघर्षशील र साहसी हुनुहुन्थ्यो । माथि घरमा खेतीपाती र भैसी पालेर बस्ने आमा पवित्रा साहनी अति सिधासाधा सोझी हुनुहुन्थ्यो । उहाँको सारा समय घर धन्दा खेतीपाती र दाउरा घाँसमा नै बित्दथ्यो । मैले पढ्नुपर्दछ भनेर जोड गर्ने तल दोकानमा बस्ने आमा तुलसी साहनी हुनुहुन्थ्यो । उहाँले मलाई भन्नुभयो- तेरा बुबाको मृत्यु भएपछि दोकानका बही खाता पुस्तक हेर्ने मान्छे कोही भएन । कागजपत्र हेर्ने मान्छे कोही भएन । ती कुरा पढ्न पनि तैले लेखपढ गर्न जान्नुपर्‍यो । फेरि तेरो उमेर पुगेपछि तैले बाबुको मुख्यौली संभाल्न पर्ला । मुखिया हुनु पर्ला । तिरो तिरेको रसिद लेखेर दिनुपर्ला । हुन पनि तल दोकानमा बही खाता कागज पत्र र पुस्तक थन्किएर बसेका थिए । माथि घरको बाकसमा पनि अनेक कागज पत्र र पुस्तकहरू थुप्रिएका थिए । ती पढ्न पनि मैले लेखपढ गर्न जान्नुपर्ने भयो. । बुबाको असामयिक मृत्युपछि आमाका कुराले मलाई पढ्न मन लाग्यो.। पढ्नु पर्ने रहेछ जस्तो लाग्यो. । केही दिन मैले वरपर सामान्य लेखपढ गर्न जान्ने मान्छेको सहयोगले पढ्न खोजें । तर त्यो स्थायित्व भएको कुरा थिएन, भएन । जब कि म जति सक्दो छिटो चिठीपत्र तमसुक र राजीनामा लेख्ने बेहोरा सिक्न चाहन्थें । गाउँघरमा त्यतिबेला यही कुराको ठूलो माग थियो । यिनै कुरा जानेको मान्छेलाई पढेलेखेको मान्छे भनिन्थ्यो । त्यतिबेला मैले कण्ठ पारेको चिठी पत्र र तमसुकको बेहोरा अझ पनि कण्ठ नै छ । सानामा कण्ठ पारेका कुरा कहिल्यै बिर्सिने रहेनछ । त्यो दिमागमा जरा गाढेर बस्दोरहेछ ।

बाइसे चौबिसे राज्यमध्ये एक राज्य गल्कोट पनि हो । बाइसे चौबिसे राज्य इतिहासका वस्तु भए पनि म सानो छँदा गल्कोटमा भरत बम मल्ल राजाको रूपमा शासन गरिरहेका थिए । उनको आफ्नै अड्डाअदालत थियो । डिट्ठा विचारी थिए । कर्मचारी थिए । पुलिस थिए । गाउँका मुखिया जिम्वालहरूले तिरो भरो उठाएर यिनै राजालाई बुझाउनुपर्दथ्यो । गल्कोट राजाको मजुवामा खेत थियो । राजाका खेतको रोपाइ बाजा बजाएर गरिन्थ्यो । पछि गल्कोटको राज्य खोसियो । खारेजमा पर्‍यो । गल्कोटे राजा राज्य बिनाका राजा भए । गल्कोटे राजा भरत बम मल्ल २०१५सालको निर्वाचनमा उम्मेद्वार भई चुनाव लडेर सांसद पनि भएका थिए ।

यतिबेला गल्कोटे राजा भरत बम मल्लको राणा शैलीमा बनेको ऐतिहासिक पुरातात्विक महत्वका दरबार जीर्ण अवस्थामा रहेको छ । बेबारिस अवस्थामा रहेको छ । भूत बंगलाको रूपमा रहेको छ । हिंजोको रौनक चहलपहल शान सौकत सबै समाप्त भएको छ ।

त्यतिबेला गल्कोटमा जम्मा दुईबटा स्कुल स्थापित भएका थिए । एउटा हरिचौर (दरम) मा थियो । त्यस स्कुलको नाम थियो- भरत चैतन्य मिडिल स्कुल । यो गल्कोटे. राजा भरत बम मल्लले स्थापना गरेको स्कुल थियो । भरत राजाको. नाम र चैतन्य रानीको नाम जोडेर स्कुलको नामकरण भरत चैतन्य मिडिल स्कुल गरिएको. थियो. । रानी चैतन्य सुवर्ण समशेरकी दिदी थिइन् । अहिले यस स्कुलको अस्तित्व छैन । अर्को स्कुल हटिया बजारमा थियो । यस स्कुलको नाम थियो गौमुखी मिडिल स्कुल । हटियाबजार हुँदे बग्ने गौंदी खोलाको मुहानको मुख गाईको मुखको जस्तो भएको हुनाले हटिया बजारमा बनेको स्कुलको नामकरण गौमुखी मिडिल स्कुल गरिएको थियो ।

भरत चैतन्य मिडिल स्कुल आँगाखेतबाट यस्तै एक डेढ घण्टाको दूरीमा थियो । हटियामा स्थित गौमुखी मिडिल स्कुल आँगाखेतबाट यस्तै आधा घण्टाको दूरीमा अवस्थित थियो । आमा तुलसी साहनीले मलाई हटियाको गौमुखी मिडिल स्कुलमा होइन हरिचोर (दरम) को भरत चैतन्य मिडिल स्कुलमा भर्ना गरिदिनु

भयो । उहाँले भन्नुभयो हटियामा पढ्न गएमा दरमखोलाको झोलुंगे पुल तरेर जानुपर्दछ । झोलुंगे पुल पार गर्दा खोलामा खस्ने डर हुन्छ । त्यसैले दरम खोलाको वारिवारि हरिचौर (दरम) मा पढ्न जानु नै ठीक हुन्छ ।

म स्कुलमा हरिचौरमा भरत चैतन्य मिडिल स्कुलमा पढ्न जाँदा त्यहाँ छात्रछात्राहरूले कानै रन्काउने गरी पढेको आवाज अहिले पनि मेरा कानमा गुञ्जिरहेको जस्तो लाग्दछ । भरत चैतन्य स्कुलको अहिले कुनै अस्तित्व नभए पनि त्यसको चित्र अहिले पनि मेरो आँखा वरिपरि नाचिरहन्छ ।

सुरूमा हाम्रो गाउँबाट स्कुल पढ्न जाने म पहिलो विद्यार्थी थिएँ । पछि मैले गाउँका धेरै केटाहरूलाई स्कुल जान उत्प्रेरित गरें । कति त जुंगाको रेखी बसिसकेका युवकलाई पनि मैले स्कुल पढ्न आकर्षित गरेंको थिएँ । कतिलाई स्कुल पढ्न मेरो साथमा लैजान मैले चराको चित्र कोरेर पनि आकर्षित गर्नुपरेको थियो । मैले उनीहरूलाई स्कुल पढ्न उत्प्रेरित गरेको मेरा धेरै साथीहरु होऊन् भनेर पनि हो । स्कुल पढ्न जाने कुरो रमाइलो होस् भनेर पनि हो । तर धेरैले केही दिनपछि स्कुल जान छोडिदिए । मसित पछिसम्म स्कुल पढ्न जाने साथीहरूमा बामियाका थमनबहादुर मल्ल र मनबहादुर गुरूंङ थिए । थमनबहादुर मल्ल पछि इंडियन आर्मीमा र मनबहादुर गुरूङ ब्रिटिश आर्मीमा भर्ती भए । मसित पछिसम्म स्कुल पढ्न जाने भैंसे बाँझबारीका बमबहादुर बस्नेत पनि थिए । उनको घर हामी हरिचौरको स्कुलमा जाने बाटोमा नै पर्दथ्यो । स्कुलबाट फर्कर आउँदा हामीलाई निकै भोक लाग्दथ्यो । कहिलेकाहीं हामी बमबहादुर बस्नेतको घरमा पसी कोदाको रोटी कनिका परेका घिउसित खान्थ्यौं । एक दिन त हामीले बाटोमा खान हुन्न भन्ने कुरा जानीजानी पनि सजीवनका गेडा बदाम जस्तै मीठो मानी खाएका थियौ । घरमा आएपछि हामी सबैले आन्द्रा बाहिर निस्केलान् जस्तै गरी उल्टी गरेका थियौं । मलाई घरमा आएर भात खाँदाखाँदे उल्टी हुन सुरू गरेको थियो । मैले उल्टीको कारण थाहा पाए पनि यथार्थ कुरा आमाका अगाडि खोलिन । आमाले आत्तिँदै भन्नुभयो तँलाई निश्चय पनि लागो लागेको हुनु पर्दछ । हेराउनु पर्दछ । यसैबीचमा पारि थमनबहादुर मल्लबाट हामीले सजीवनको गेडा खाएको रहस्य बाहिर आयो । बल्ल मैले आमालाई सबै कुुरा बताएँ । वास्तवमा मैले सानै छँदा बुबाको मुुखबाट कान्छा बुबाको बारीमा कुरा गरेको सुनेको थिएँ- सजिवनका गेडा खान हुन्न । यसले उल्टी गराउँछ । विखालु हुन्छ ।

म हरिचौर (दरम) को भरत चैतत्य मिडिल स्कुलमा कति समयसम्म पढें भन्ने कुरा मलाई स्मरण छैन । मसित भरत चैतन्य स्कुलमा पढ्न जाने साथी बाहेक अरू को को त्यस स्कुलमा पढ्दथे भन्ने कुरा पनि मलाई थाहा छैन । यहाँसम्म कि मैले के पढें र त्यस स्कुलमा हामीलाई कसले पढाउँथ्यो भन्ने कुरा पनि थाहा छैन । डा. हर्षबहादुर बुढा मगरले पनि केही समय भरत चैतन्य मिडिल स्कुलमा अध्यापन गरेका थिए । तर उनले हामीलाई पढाए वा पढाएनन् त्यो कुरा पनि मलाई थाहा छैन । मलाई अरू के कुरा भने स्मरण छ भने हाम्रो स्कुलदेखि केही पर गाईघाट जाने बाटोतिर कुनै एक विद्यार्थीको घरमा हामी जाने गर्दथ्यौं । त्यहाँ केरम बोर्ड खेल्ने गरिन्थ्यो । मलाई केरम बोर्ड खेल्न आउँदैनथ्यो । केरम बोर्ड नै नदेखेको मान्छेलाई केरम बोर्ड खेल्न आउने कुरा पनि भएन । वास्तवमा म ज्यादै केरम बोर्ड खेल्ने गरेको त त्यतिबेलाको शिलाङको नङ्थुमाई नेपाली प्रोसिडिङ हाई स्कुलमा अध्यापन गर्दा हो । म त्यतिबेला स्कुलमा फुर्सदको बेलामा दुर्गाप्रसाद जोशी, मणिप्रसाद शर्मा र हेमबहादुर क्षेत्रीसित खुब केरम बोर्ड खेल्ने गर्दथें । भरत चैतन्य मिडिल स्कुलमा पढ्दा मैले बिर्सन नसकेको एउटा घटना हो आँगाखेत सिरबारेका विद्यार्थी खडकासित सम्बन्धित । मैले स्कुल पढ्न जाने आफ्नो टोलीको संख्या बढाउन उमेरले मभन्दा निकै ठूला विद्यार्थीलाई उत्प्रेरित गर्दा सिरबारेका खड्कालाई पनि त्यसरी नै उत्प्रेरित गरेको थिएँ । तर उनी मसित धेरै दिन स्कुल पढ्न हिंडेनन् । म सम्झिन्छु उनी र म एउटै बेन्चमा बसेर पढ्दै थियौं । हाम्रो बेन्च अगाडि छात्राहरु थिए । खड्काले खुट्टाले अगाडि बसेकी छात्राको खुट्टामा स्पर्श गरेछन् । ती छात्राले सरसित सिकायत गरिन् । सर आएर खडकाको निधारमा एउटा औंलाले ट्याक्क छुँदै यस्तो बदमाशी गर्न हुँुदैन भनेका थिए । सरले त पिट्ने रहेछन् भनेर खड्काले स्कुल पढ्न छोडिदिए ।

मैले भरत चैतन्य मिडिल स्कुलमा पढ्दा र अझसम्म नबिर्सेको अर्को कुरा हो- सहिद थिर बम मल्लसित सम्बन्धित । त्यतिबेला मैले के सुनेको थिएँ भने भरत बम मल्लका माइला छोरा थिर बम मल्ललाई आफ्नै मामाले गोली हानेर मारेका थिए ।

त्यतिबेला यो कुरा थाहा थिएन कि काठमाडौंबाट आई एस सी पास गरेका भरतबम मल्लका माइला छोरा थिरबम मल्ल देहरादुनबाट आर्मीको अफिसर स्तरको तालिम प्राप्त गरिसकेका थिए । राणा शासनको बिरूद्ध लड्न उनका मामा सुवर्ण समशेरले उनलाई कलकत्ता बोलाएका थिए । पार्टीले युवक थिरबम मल्ललाई बिरगंज क्षेत्र कब्जा गर्ने जिम्मा सुम्पिएको थियो । उनको नेतृत्वमा बिरगंज कब्जा भइसकेपछि उनले भाषण गर्न थाल्दा पछाडिबाट कसैले उनको कञ्चटमा ताकेर गोली चलाएको थियो । घाइते थिरबम मल्लको नजिकैको बिहारको डन्कन अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो । मलाई जहाँसम्म संझना छ भरत चैतन्य मिडिल स्कुलको प्राङ्गणमा थिर बम मल्लको स्मृतिमा एउटा पुस्तकालय बनेको थियो । सायद त्यही पुस्तकालयको कारणले मैले थिर बम मल्लको विषयमा उनका मामाले गोली हानी मारेका थिए भन्ने कुरा सुनेको हुँदो हुँ ।

भरत चैतन्य मिडिल स्कुलमा पढ्न सर्दाखेतको एकजना मल्ल आउँथे । उनको नाम अहिले मलाई थाहा छैन । कुन्नी किन तिनीसित मेरो झगडा पर्‍यो । उनीसित लड्न भनेर पनि मैले मेरो गाउँबाट धेरै साथीहरूलाई स्कुल पढ्न प्रोत्साहित गरी भर्ना हुन लगाएको थिएँ । ती साथीहरूको बलमा हामीले सर्दाखेतका विद्यार्थी मल्ललाई राजाको पुलनेर लछारपछार पार्‍यौं । यसले गर्दा हाम्रो दुश्मनी बढ्न गयो । यही कारणले पनि मैले स्कुल परिवर्तन गर्न चाहें । मैले आमालाई भने मल्लसित दुश्मनी बढेको कुरा बताउन उचित ठानिनं । आमालाई भने तपाईंले मलाई हटियाको स्कुलमा भर्ना गरिदिनुहोस् । हरिचौर निकै टाढा भयो । म झोलुंगे पुलबाट लोट्दिनं । खस्दिनं । आमाले मेरो कुरा सुन्नुभयो र मलाई हटियाको गौमुखी मिडिल स्कुलमा संभवतः दुई क्लासमा भर्ना गरिदिनु भयो । म हटियाको गौमुखी मिडिल स्कुलमा पढ्दा त्यहाँ पढ्ने धेरै जसो साथीहरूलाई अहिले पनि स्मरण गर्न सक्दछु । हटियाको स्कुलमा पढ्ने धेरै जसो विद्यार्थीहरू बजार कै नेवार थकाली थिए । त्यस स्कुलमा गाउँबाट स्कुल पढ्न आउने क्षेत्री बाहुन गुरूङ मगर आदिको संख्या निकै थोरै थियो । नगण्य थियो ।

म हटियामा पढ्न जाँदा त्यतिबेला सुरूमा हाम्रो पढाइ झिल्ले श्रेष्ठको दुई तले घरमा हुन्थ्यो । हाम्रो स्कुल एक प्रकारले गुरूकुलको जस्तो थियो । हामीलाई पढाउने शिक्षक थिए



तानसेन पाल्पाका राजमान सिंह । हामी सुन्दथ्यौं राजमान सिंहले म्याट्रिक पास गरेका थिए । त्यतिबेला गाउँ घरमा म्याट्रिक पास गरेको व्यक्ति पाउनु भनेको पी एच डी डिलिट गरेको शिक्षक पाउनुभन्दा पनि कठिन थियो । मलाई सम्झना छ राजमान सिंह निकै सुन्दर युवक थिए । राम्रो मिजास भएका मिलनसार व्यक्ति थिए । उनले त्यतिबेला नै गल्कोटकै नन्द कुमार श्रेष्ठकी छोरी याचुमान श्रेष्ठसित बिवाह गरेका

थिए । हामीलाई राजमान सिंहले आफू बस्ने निवासमा नै राखेर अध्ययन गराउँथे । वातावरण घरको जस्तो थियो । म सम्झिन्छु राजमान सिंहले हामीलाई कहिलेकाहीं दूध चामल लिएर आउन भन्दथे । हामीले त्यही घरमा खिर बनाएर खान्थ्यौं । तर हामीले झिल्ले श्रेष्ठको पुरानो घरमा धेरै दिन अध्ययन गर्न परेन । सायद त्यतिबेला हाम्रो स्कुल भवन नजिकैको बगरमा बन्दै थियो । स्कुल भवन बनिसकेपछि झिल्ले श्रेष्ठको घरमा चलेको हाम्रो स्कुल नवनिर्मित भवनमा सर्‍यो । स्कुल भवन ठूलै थियो । लाम्चो प्रकारको थियो । तर यो कोठा कोठामा विभाजित थिएन । सबै कक्षा एउटै भवनमा चल्दथे । एउटा कक्षामा अध्ययन गरिरहका विद्यार्थीहरूले अर्को कक्षामा अध्ययन गरिरहेका विद्यार्थीलाई सजिलै हेर्न देख्न सक्दथे । गौमुखी मिडिल स्कुलमा दुई किसिमको पढाइ हुन्थ्यो । अंग्रेजी र संस्कृत पढाइ । संस्कृत अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई कुनै गुरू पण्डित चण्डी बेद उपनिषद आदि स्वर हाली हाली र हात हल्लाई हल्लाई पढाउन सिकाउँथे । ती गुरू पण्डित को थिए मलाई थाहा छैन । त्यस बारे खोज खन्तर गर्न पाएको छैन । अंग्रेजी पढ्ने विद्यार्थीहरूका तुलनामा संस्कृत पढ्ने बिद्यार्थीहरूको संख्या निकै थोरै थियो ।

त्यतिबेला हामीलाई राजमान सिंह एउटै कक्षामा पढ्ने विद्यार्थीलाई पनि संस्कृतमा जस्तै अलगअलग पाठ पढाउँथे । एउटै कक्षाका विद्यार्थी पनि कोही अघि कोही पछि हुन्थे । जसले संस्कृतमा जस्तै पाठ बुझायो त्यो अंग्रेजीको अघिल्लो पाठमा जान्थ्यो । म सम्झिन्छु गौमुखी मिडिल स्कुलमा मेरो कक्षामा पढ्ने चरौदीका उजीरबहादुर उप्रेती मभन्दा अघि थिए । म उनलाई उछिन्न चाहन्थें । यसैबीच उनी बिरामी भए । मैले उनलाई उछिनें पनि । पछि यी उजीरबहादुर उप्रेती भारतीय सेनामा भर्ती भए ।

त्यतिबेला गल्कोटमा कुनै पुस्तक पसल थिएन । हामीलाई पाठ्यपुस्तक चित्रप्रसाद गौचनका कपडा पसलबाट उपलब्ध गराइन्थ्यो । त्यतिबेला तीन कक्षामा इतिहास पनि पढाइन्थ्यो । मैले तीन कक्षामा पढेको केही पुस्तक अझ पनि गल्कोटमा थन्काएर राखेको छु । कसैले हिनाबिना नपारिदिएको भए अझ पनि सही सलामत होलान् । हामीले तीन कक्षामा पढ्ने एउटा पाठ्यपुस्तकको नाम थियो इसपका नीति कथा । त्यतिबेला इसप भन्ने मान्छे को हो मलाई के थाहा ? पछि मैले एम ए अंग्रेजीमा अध्यापन गर्दा इसपको नाउँ निकै लिन पर्ने भयो । भन्न पर्ने भयो इसप (ईशा पूर्व ६२०-५६४) ग्रिकका नीति कथाकार (Fable Story Teller) थिए । उनले पशुपक्षीको कथा भनेर मान्छेलाई नैतिक शिक्षा दिन्थे ।

त्यतिबेला गौमुखी मिडिल स्कुलमा कक्षा ५ सम्म पढाइ हुन्थ्यो । हामीसित स्कुलमा अध्ययन गर्ने छात्र-छात्राहरूमा मलाई सम्झना भएका केही केही नामहरु हुन्- दुर्गाप्रसाद श्रेष्ठ, बद्रीप्रसाद श्रेष्ठ, नगेन्द्रप्रसाद श्रेष्ठ, टेकबहादुर गौचन, दिल कुमारी गौचन, राजबीर श्रेष्ठ, नीलप्रसाद श्रेष्ठ, उजीरबहादुर उप्रेती आदि ।

मैले सुरूमा पढेको हरिचौर (दरम) को भरत चैतन्य मिडिल स्कुलको यतिबेला कुनै अस्तित्व नभए जस्तै मैले पढेको हटियाबजारको गोमुखी मिडिल स्कुलको पनि अहिले कुनै अस्तित्व छैन । त्यसको ठाउँमा पछि गल्कोट मावि बन्यो । गल्कोट क्याम्पस बन्यो । मलाई थाहा छैन किन पछि यी स्कुलका नाम हराउन पुगे । तिनका ठाउँमा अरू नै नामका स्कुल कलेज बने ।

मैले हटियाको स्कुलमा पढ्दा सम्झेको एउटा घटना झोलुङ्गे पुलको उद्घाटनको सम्बन्धमा हो । सायद गाईघाटतिर बनेको झोलुङ्गे पुलको उद्घाटनको सन्दर्भमा हामीलाई गौमुखी मिडिल स्कुलबाट लाइन लाएर पुल उद्घाटन गर्ने ठाउँसम्म पुराइएको थियो । हामी निकै रमाइलो मानेर पुल उदघाटन स्थलमा पुगेका थियौं ।

मैले गौमुखी मिडिल स्कुलमा दुई कक्षाको जाँच दिएको थिएँ । मैले जाँचमा राम्रो गरेको हुनाले राजमान सिंहले मलाई राम्रो विद्यार्थीमा गणना गर्दथे । मेरो निकै प्रशंसा गर्दथे ।

मलाई जतिबेला निकै पढ्न मन लागिरहेको थियो त्यतिबेला नै राजमान सिंहले स्कुलमा अध्यापन गर्न छोडिदिए । हाम्रो गौमुखी मिडिल स्कुल शिक्षकविहीन भयो । कहाँबाट म्याट्रिक पास गरेको अंग्रेजी पनि पढाउन सक्ने शिक्षक ल्याउने ? पाउने ? हामी विद्यार्थीहरु स्कुल पढ्न जान छोडेर घरमा नै थन्किन वाध्य भयौं ।

म भारतमा हुँदा पनि आमा तुलसी साहनीको राजमान सिंहसित बराबर भेट हुन्थ्यो । राजमान सिंहले आमालाई भन्ने गर्दथे- तपाईका छोरा पढ्नमा निकै तेज छन् । म उनले किनेको एक जोर जुत्ता लगाउने इच्छा राख्दछु । आमा तुलसीले पटकपटक यो कुरा मलाई बताउनुभएको थियो । तर मैले राजमान सिंहलाई एक जोर जुता किनेर दिने मौका पाइन ।

म भारतबाट गल्कोट गएको बेला एकपल्ट मात्र यस्तै पुग न पुग पाँच दशक अघि राजमान सिंहसित भेट भएको थियो । मेरो राजमान सिंहसित अचानक भेट भएको थियो हटिया बजारमा । त्यतिबेला उनी कुनै स्कुल शिक्षक होइन स्वास्थ्यकर्मी बनेका थिए । उनले हेल्थ पढेर स्वास्थ्य क्षेत्रमा काम गर्न थालेका थिए । उनले हामीलाई भनेका थिए यतिबेला म अन्धविश्वाससित लड्दै भिड्दै छु । हाम्रा गाउँ घरका जनता अझ पनि अन्धविश्वासी छन् । उनीहरु धामी लामामा विश्वास गर्दछन् । झारफुकमा विश्वास गर्दछन् । भूत प्रेत बोक्सीमा विश्वास गर्दछन् । उनीहरूमा आधुनिक वैज्ञानिक उपचार विधिमा कुनै विश्वास छैन ।

साँचो कुरा गर्ने हो भने मैले हाम्रा प्रारम्भिक अवस्थाका शिक्षक राजमान सिंहका बारेमा बहुत थोरै कुराको जानकारी राख्दथें । तर जब मैले पत्रकार गोविन्द भट्टराई (प्रधान सम्पादक, हाम्रो तानसेन) को मागअनुसार तानसेनको प्रकाशन **'हाम्रो तानसेन'** बारेमा तानसेन नगरपालिकाको पत्रिकाका लागि केही कोर्नपर्ने भयो मैले हाम्रा प्रारम्भिक अवस्थाका तानसेन पाल्पाबाट शिक्षक भई गल्कोट गएका राजमान सिंहकै बारेमा लेख्ने विचार गरें । यस स्थितिमा मलाई उनको बारेमा विस्तृत कुरा जान्नुपर्ने भयो । विस्तृत कुरा जान्न स्रोत खोज्नुपर्ने भयो । बेलाबखतमा मैले तानसेनमा राजमान सिंहको बारेमा कुरा चलाउँदा उनीबारे मलाई राम्रो जानकारी दिने मान्छे पाइरहेको थिइन । त्यसैले पनि एक छिन त स्रोतको खोजीमा म अल्मलिएँ । तर एक्कासि मेरा मनमा पाल्पा तानसेनमा होटल गरी बसेका गल्कोट हटियाका मेरा स्कुलका साथी टेकबहादुर गौचनको सम्झना भयो । टेकबहादुर गौचनले राजमान सिंहकी साली गनु कुमारी श्रेष्ठलाई बिवाह गरेका थिए । मलाई लाग्यो यी दुई व्यक्ति नै राजमान सिंहको बारेमा मलाई जानकारी दिने भर पर्दा स्रोत हुन सक्दछन् । मैलै यस्तै एक वर्ष अघि पाल्पा तानसेनमा यी दुबैलाई आफ्नै निवासमा भेटेर कुराकानी गरेको भए पनि उनीहरूको फोन नम्बर मसित उपलब्ध थिएन । मैले उनीहरूको फोन नम्बर ज्ञानु केसीलाई भनेर तानसेन पाल्पा निवासी ज्वाई नारायणबहादुर कार्कीबाट प्राप्त गरेँ । मैले गरेको ल्यान्ड लाइन फोन टेकबहादुर गौचनले उठाए । केही सूचना उनले दिएपछि थप जानकारीको लागि त्यो फोन आफ्नी श्रीमती गनुकुमारी गौचनको हातमा थमाइदिए । कतिपय सूचना मैले गनेकुमारी गौचनबाट प्राप्त गरेँ । अरू बढी सूचनाको लागि उनैबाट काठमाडौंमा बस्ने राजमान सिंहका छोरा बी के मान सिंहको फोन प्राप्त गरे । मैले बी के मान सिहसित र उनकी आमा याचुकुमारीसित फोन सम्पर्क गरेपछि मात्र राजमान सिंहका बारेमा धेरै कुरा चाल पाएँ । यी सूचनाका आधारमा नै मैले यो लेख तयार पारेको हुँ । यसैले यो लेख केही हदसम्म मेरै स्मृतिसित सम्बन्धित छ भने बाँकी गनु कुमारी गौचन, याचु कुमारी र बी के मान सिंहका सूचनामा आधारित । विशेषतः वी के मान सिंहको सूचनामा आधारित छ ।

त्यतिबेला हटिया बजारमा नाउँ चलेका व्यापारी थिए लालप्रसाद गौचन, गणेशकुमार श्रेष्ठ, श्यामप्रसाद श्रेष्ठ । यी सबैसित बुबाको जीवन्त सम्बन्ध र मित्रता थियो । लालप्रसाद गौचनलाई त मैले खासै चिनिन । जानिन । मैले लालप्रसाद गौचनका जेठा छोरा श्यामप्रसाद गौचनलाई पनि चिनिन । जानिन । उनी पहिलेदेखि नै बुटबलमा झरेर व्यापार गर्न थालेका थिए । लालप्रसाद गौचनका कान्छा छोरा चित्रप्रसाद गौचनलाई भने म राम्ररी नै चिन्दथेँ । कपडा दोकानमा उनी नै बस्दथे । उनका माइला दाइ भीमप्रसाद गौचनलाई भने मैले गुवाहाटी आसाममा भेटेको र चिनेको हुँ । उनी २०१५ सालमा सांसदको उम्मेदवार रहेका थिए । २०१७ सालमा पार्टीमाथि प्रतिबन्ध लागेपछि उनी आसामतिर लागेका थिए । उनी वर्तमान मेघालयको कोयला खानीमा कोयला निकाल्ने कारोबार गर्न थालेका थिए । एक दिन उनी घुम्दै फिर्दै रेलवेमा काम गर्ने मेरा काका के वी साहनीलाई भेट्न गुवाहाटी आएका थिए । त्यतिबेला नै मेरो उनीसित चिनजान भएको थियो । उनले मलाई घुमाउँदै नारंगीसम्म पुराएका थिए । गुवाहाटीमा सिनेमा देखाएका थिए ।

नन्दकुमार श्रेष्ठका दुई श्रीमतीमध्ये जेठीपट्टिका छोरा थिए गणेशकुमार श्रेष्ठ (जसलाई कन्तुरे साहु भनेर चिनिन्थ्यो) र छोरीहरु थिए- धनकुमारी श्रेष्ठ, याचुकुमारी श्रेष्ठ र पूर्णकुमारी श्रेष्ठ तथा कान्छीपट्टिका छोराहरु थिए- दुर्गाप्रसाद श्रेष्ठ, बद्रीप्रसाद श्रेष्ठ र छोरी थिइन् गनुकुमारी श्रेष्ठ । राजमान सिंहको बिवाह याचुकुमारीसित भएको थियो । गनुकुमारी श्रेष्ठको विबाह भएको थियो टेकबहादुर गौचनसित । टेकबहादुर गौचन र गनुकुमारी श्रेष्ठ गौचन तानसेन पाल्पामा लामो समयदेखि होटल व्यवसाय गरेर बसेका छन् ।

नगेन्द्रकुमार श्रेष्ठ, गणेशकुमार श्रेष्ठका छोरा थिए । उनी केही समय नेपालगञ्ज बसेर बुटबल आएका थिए । औद्योगिक क्षेत्रमा कुनै उद्योग धन्दा गर्दथे । उनीसित मेरो बुटबलमा बराबर भेट भइरहन्थ्यो । उनीसितको भेटले मेरो स्कुले जीवनको सम्झना ताजा हुन्थ्यो ।

राजमान सिंहको जन्म तानसेन पाल्पामा असार ७ गते १९८८ मा भएको थियो । उनी म्याट्रिक पास गरेपछि मेडिकल शिक्षाको लागि बनारस पुगेका थिए । छुट्टीमा घर आएको बेलामा उनलाई उनका दाइ कवीन्द्रमान सिंहले गल्कोटमा शिक्षक हुन पठाएका थिए ।

२००७ सालको परिवर्तनपछि गल्कोटमा स्कुल स्थापना गर्ने पहल गरियो । त्यतिबेला हरिचौर (दरमं) मा भरत चैतत्य मिडिल स्कुल र हटियाबजारमा गौमुखी मिडिल स्कुलको स्थापना भयो । त्यतिबेला हटियामा स्कुल स्थापना गर्ने मामिलामा विशेष पहल गर्ने व्यक्ति थिए गणेशकुमार श्रेष्ठ, श्यामप्रसाद गौचन आदि । त्यतिबेला स्कुल खोल्न जति सजिलो थियो त्यति सजिलो थिएन स्कुल पढाउने शिक्षक खोज्न । गल्कोट हटिया बजारमा स्थापित गौमुखी मिडिल स्कुलको लागि शिक्षक खोज्ने जिम्मा दिइएको थियो गणेशकुमार श्रेष्ठलाई । गणेश कुमार श्रेष्ठ दोकानका लागि माल समान चलाउन बटौली झरिरहन्थे । यसैले नै बटौलीतिर शिक्षक खोज्ने जिम्मा दिइएको थियो गणेशकुमार श्रेष्ठलाई । त्यतिबेला व्यापारीहरूले माल समान चलाए बापत सेठहरूलाई विशेष रकम बुझाउनु पर्दथ्यो । तानसेनका सेठ थिए राजमान सिंहका ठूला दाइ कवीन्द्रमान सिंह । यिनै सेठसित गणेशकुमार श्रेष्ठको स्वाभाविक रूपमा भेटघाट हुन्थ्यो । जब गणेशकुमार श्रेष्ठले गल्कोटको लागि एउटा शिक्षक खोजिदिनको लागि सेठ कवीन्द्रमान सिंहलाई अनुरोध गरे उनले नै बनारसबाट घर छुट्टीमा आएको भाइ राजमान सिंहलाई नै गल्कोटमा शिक्षक बन्न अघि लगाएर पठाइदिए । त्यतिबेला राजमान सिंहको मासिक तलब तोकिएको थियो १०० रूपैयाँ । त्यो पनि हटियाका साहुहरूले ठूलो रकम मान्दा गणेशकुमार श्रेष्ठले त्यो रकम आफ्नै पकेटबाट दिने वचन दिएका थिए । यसरी गल्कोटमा शिक्षक बनेर आएको अवस्थामा राजमान सिंहको नन्दकुमार श्रेष्ठकी छोरी याचुकुमारी श्रेष्ठसित विवाह भएको थियो । हटियामा गौमुखी मिडिल स्कुल स्थापना गरेको अभियोगमा गणेशकुमार श्रेष्ठ पक्राउ पनि परेका थिए ।

हामीलाई केही समय पढाएपछि राजमान सिंह बाग्लुङको विद्या मन्दिर हाइ स्कुलमा अध्यापन गर्न गएका थिए । बाग्लुङको विद्या मन्दिर हाइ स्कुल ओमप्रसाद गौचनको विशेष पहलमा २००३ सालमा स्थापित भएको थियो । पछि केही समय मैले यस स्कुलमा पनि अध्ययन गरेको थिएँ । तर त्यतिबेला राजमान सिंह त्यस स्कुलमा थिएनन् ।

राजमान सिंह लामो समयसम्म शिक्षक पेसामा संलग्न रहेनन् । सुरूमा नै मेडिकल लाइनमा रूचि राखेका राजमान सिंहले अध्यापन छोडेर स्वास्थ्य विषय अध्ययन गर्न थाले । मैले पछिल्लोपल्ट गल्कोटमा उनलाई भेट्दा उनी स्वास्थ्य सेवामा संलग्न थिए ।

राजमान सिंहले दोस्रो विवाह पनि गरेका थिए । उनकी जेठी श्रीमती गल्कोटको चेली थिइन् । उनकी जेठी श्रीमतीबाट राजमान सिंहलाई एक छोरा र दुई छोरी छन् । उनका जेठा छोरा वी के सिंह चार्टर एकाउन्टेन्ट हुन् । उनकी छोरी विजया श्रेष्ठ हिमालय बैंकमा अधिकृत छन् । उनकी अर्की छोरी डा. निर्मला श्रेष्ठ गायोनोकोलिस्ट हुन् । यो कुरा बेग्लै हो कि मेरो राजमान सिंहको परिवारसित प्रत्यक्ष रूपमा कुनै चिनाजानी भएको छैन । भेटघाट भएको छैन । उनीहरु यतिबेला काठमाडौंमा बस्दछन् । राजमान सिंहको मृत्यु भएको थियो काठमाडौंमा बैशाख १ गते २०६६ सालमा । उनको मृत्युका खबर मैले उनको बारेमा सोधपुछ गर्दै गर्दा धेरैपछि मात्र चाल पाएको हुँ ।

(स्वतन्त्र पत्रकार)

# पाल्पा माडी र माडीको चोपिलो माछा



- निर्मल श्रेष्ठ

नयाँ राज्यसंरचनाअन्तर्गत तानसेन नगरपालिकाको भूगोल भगवान हृषिकेशवको पाउ भएर बग्ने पवित्र कालीगण्डकीको तिरदेखि माण्डव्य ऋषिको विचरणस्थल तिलोत्तमा (तिनाउ) नदीको शिर माडीसम्म फैलिएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय रूपमा परिचित तानसेन जति प्राकृतिक मनोरम छटाले धनी छ उत्तिनै मानव निर्मित दोश्रो प्रकृतिबाट पनि भरिभराउ छ । यसको साथै अन्नभण्डार (Grain Bascet) को रूपमा अर्गली फाँट, अर्तुङ्गा फाँट, छेर्लुङ् फाँट, सपलक फाँट, प्रभास फाँट र माडी फाँटहरू रहेका छन् भन प्राकृतिक संसाधन पनि प्रसस्त छन् । परम्परागत सीप झल्किने करूवा र महिन हस्तकला ढाका कपडा पनि प्रसिद्ध छ । ऐग्रो-रिलिजन्को रूपमा चिनिने 'माडी' शब्दको शाब्दिक अर्थ दुईवटा पहाडी श्रृंखला दक्षिणतिर शिवालिक पर्वत र उत्तरतिर महाभारत पर्वतको बीचको समतल फाँटलाई 'माडी' भन्ने गरिन्छ । इडेन भेनेसस्टार्टटले दुईतिर पहाड र बीचको सम्मो भूमिलाई 'M-A-R-I' अङ्ग्रेजी शब्द 'mari' भनेर दुनको पर्यायवाची शब्दको रूपमा अघि सारेका छन् (Vansittart,1991:2) । प्यूठान माडी, चितवन माडी, सिन्धुली माडी र पादुकास्थानको डाँडी माडीलगायत नेपालका अन्य विभिन्न ठाउँमा पनि 'माडी' नाम गरेका स्थलहरू रहेका छन् ।




यस भेकमा 'माडी' र 'माण्डव्य ऋषि'लाई जोडेर हेर्ने गरिन्छ । यस विषयमा विभिन्न जनश्रुति पाइन्छन् । 'माडी'को नामाकरण 'माण्डव्य ऋषि' को नामबाट रहेको जनश्रुति पाइन्छ । माण्डव्य ऋषि एकजना भागर्व गोत्रका प्राचीन ऋषि थिए (शर्मा,१९८६:४१३) । पुराण वर्णित माण्डव्य ऋषि जसलाई 'अणिमाण्डव्य ऋषि' पनि भन्ने गरिन्छ । ऐतरेय ब्राह्मणको अनुसार यिनले ऋग्वेदको तालिकाको अर्थ विश्लेषण गरेका थिए । यिनको जीवनमा चोरी सम्बन्धी कथाहरू रहेका छन् । एउटा यिनको तपस्यास्थलमा राजाले आफ्नो घोडा छोडेर गएका थिए जो चोरले चोरेर लगे । अर्को कथामा एकजना चोरले राजाका छोरी अपहरण गरेर लगे, उनी कन्याको आभूषण माण्डव्य ऋषिको आश्रम नजिक पाइएको थियो । तेस्रो कथामा राज्यको केही धन बाटोमा छोडिएको थियो, त्यस मार्ग भएर माण्डव्य ऋषिले यात्रा गरेका थिए । राजाले उनीलाई सूलीमा चढाइ सजाय दिए । जब असली अपराधी समातिए तब राजालाई पश्चाताप भयो र उनलाई आफ्नी छोरीको विवाह गरिदिए । माण्डव्य ऋषिसँग सम्बन्धी एक अर्को कथा पनि रहेको छ, माण्डव्य ऋषिले बाल्यावस्थामा कीट-पतङ्गहरूलाई दुःख दिने काम गरेका थिए, यो पाप गरेकाले यमले उनलाई सूली चढाइ दिएका थिए । यस कुराले माण्डव्य ऋषि रिसाएर यमलाई दासीको गर्भबाट जन्म लिन परोस् भनि श्राप दिए । सो पापको प्रभावले यम दासीको गर्भबाट विदुर भई जन्मेका थिए ('पर्वतीय', २०१३:६९९) । पुराणमा मध्यदेशको कीर्तिनगरसँग जोडेर माण्डव्य ऋषिको तपोभूमि, साधनास्थल र यहाँसम्म कि कोही कोहीले माण्डव्य ऋषिको जन्मस्थल पनि भन्ने गरेका छन् (श्रेष्ठ, २०७०:२) ।

"माण्डव्य ऋषि उदाए माडी फेरोमा ।
कोकल नायर सरापकोट माडी घेरोमा ।।"

यिनै लोकलयमा मुजुरा र खैजडीको थापमा लोकभाकामा गाइने गीतले माण्डव्य ऋषिको विचरणस्थल माडी हुनुका साथै

माडीक्षेत्रको सीमारेखालाई कोरेको छ । माण्डव्य ऋषिको नामबाट 'माडी' नामकरण भएको जनश्रुतिसँगै अन्य अनौठा आख्यानहरू पनि जोडिएका छन् । माण्डव्य ऋषिले नुहाउने ठाउँ 'रानीचूडी' (कुवा), यज्ञ गरेको यज्ञस्थल 'अगोरेकुण्ड' (जहाँ अहिले पनि अलिकति खोतल्दा कालो अँगार जस्तो माटो निस्कने गर्दछ), माण्डव्य ऋषिलाई अनाहकमा चोरीको अभियोग लागेर ऋषिलाई बाधेको ठाउँ 'बधुवा बारी', आफू अनाहकमा शूली चढ्नु परेकोले ऋषिले सराप दिएको ठाउँ 'सरापकोट'भन्ने गरिन्छ । ऋषिको सराप परेकोले बालकको अन्नप्राशनमा यहाँको चामलको भात खुवाए निर्बुद्धि हुन्छ भन्ने लोक भनाइ छ । जनश्रुति, कथा र यस ठाउँको नामकरणले माडी फाँटसँग माण्डव्य ऋषिको सादृश्य रहेको भनाइ छ ।

'माडी' शब्दको अध्ययन गर्दा 'मढी' शब्द अगाडि आउने गर्दछ । 'मढी' शब्द पद्यमा 'माढी' ले प्रयुक्त हुने गर्छ (श्रेष्ठ, २०७०:२) । 'मढ' शब्दले 'संन्यासिहरूको निवास-स्थान' भन्ने पनि बुझाउँछ (कुमार,१९९९:६०१) । 'माढी' शब्दको अर्थ 'सानो मठ', 'सानो मन्दिर' वा 'कुटी' भन्ने जनाँउछ । 'मठ' शब्दले 'ठूलो अखाडा' या 'आश्रम' भन्ने बुझाउँछ भने 'मढी' 'माढी' को अर्थ 'सानो कुटी' हुन्छ (दास, २०६६:३७४९) । यस माडी भेक माण्डव्य ऋषिको विचरणस्थल र उनको कुटी रहेको जनश्रुति हुनाले भाषा विज्ञानमा भाषाको विकासलाई मुखसुखले धेरै प्रभाव पार्ने भएकाले 'मढी' बाट 'माढी' हुँदै 'माढी'शब्द समयको अन्तरालसँगै 'माडी' हुन गएको देखिन्छ ।

माण्डव्य ऋषिको सराप परेको माडीको चावलको भात अन्नप्राशनमा प्रयोग गर्ने चलन नभए तापनि माडीको धानखेतमा पाइने भोटीमाछा (Channa Orientalis) जसलाई नेपाल भाषामा 'गुँ न्या'/'को न्या' भनेर चिनिन्छ । यस माछा शुभकार्यहरूमा सगुनको रूपमा बडो आस्था एवम् रूचिका साथ प्रयोग गर्ने प्रचलन नेवारी समुदायमा रही आएको छ । 'गुँ न्या'को नेपाल भाषामा शाब्दिक अर्थ 'गुँ भन्नाले 'जंगल' र 'न्या' भन्नाले 'माछा' भन्ने बोध हुन्छ (श्रेष्ठाचार्य,२०५४:६१,२१५) । सायद माडीको भोटी माछा (चोपिलो माछा) नदीमा पाइने माछा नभएर जंगल जस्तो वर्षाले मौलाएको धानको खेतमा पाइने माछा हुनाले 'जंगली माछा' 'गुँ न्या' भनिएकोमा नजिकता देखिन्छ ।

माडीमा पाइने चोपिलो माछाको धानखेतदेखि सितनसम्मको यात्रा त्यति सहज र सरल भने छैन् । माडीमा पाइने चोपिलो भोटी माछाको कुरा चल्दा एकपल्ट तानसेन पुगेर आँगोमा सुकाएको माडीको भोटी माछा (Smoke Fish) को स्वाद लिई सकेका पारखीहरूको अनायासै मुख रसाउन थाल्छ । धानको खेतदेखि सितनसम्म यस माछाले जुन यात्रा तय गर्छ त्यो यात्रा अनौठो मात्र होइन त्यसमा परम्परागत सीप पनि खामिएको छ । खेतमा पाइने माछा भएकोले विषादीको प्रयोग नहुने हुँदा पर्यावरणीय तवरले सुरक्षित छ । धानको खेतमा हुने माछा भएकोले माछालाई जालमा पार्न सकिदैन र बल्छीले पनि मार्न सहज हुँदैन । रैथाने मगर जातिले परम्परादेखि माछा मार्ने आफ्नै मौलिक प्रविधिलाई अपनाएको पाइन्छ । जुन परम्परागत सीपको रूपमा अहिलेसम्म जीवन्त रही आएको छ । 'गलगला' को नामले चिनिने यस माछा मार्ने प्रविधिमा बाँसको लिगोमा दश/बीसवटा धागोमा गड्यौला उन्ने गरिन्छ । धानको गाँज पानीले बुडेको खेतमा गलगला हालेपछि गड्यौला टिप्ने तुनामा माछाहरू उछिनपाछिन गर्दै माछा गलगलामा पर्ने गर्दछन् । यहाँ पाइने भोटी माछाको दाँत फरक प्रकृतिको हुने हुँदा गड्यौलालाई खाने सुरमा गड्यौला उनेको गलगलामा आफू उनिएको माछालाई पत्तै हुँदैन् । गड्यौला खानु भनेको नै गलगलामा उनिनु हो । साधारणतया एकपटकमा एउटा मात्र माछा पर्ने गलगलामा कहिले काहीँ दुईवटासम्म माछा पर्ने गर्दछ । गलगलामा माछा पर्‍यो भनेर थाहा पाउन परम्परागत सीपको खाँचो पर्दछ । एकाग्रता नभए माछाले गड्यौला चट पारेर गएको पत्तै हुँदैन् । गलगलामा उन्ने गड्यौला गाईको गोबरमा पाइने गड्यौलाभन्दा भैसीको गोबरमा पाइने गड्यौलालाई माछाले रूचाउने भएकोले भैसीको गोबरमा पाइने गड्यौला राम्रो हुने गलगला खेल्नेहरूको भनाइ रहेको छ । सियो र धागो उपलब्ध नहुँदाको बखत सिउडीको काँडाले केतुकीको रेसा (धागो) मा गड्यौला उनेर माछा मारिन्थ्यो । यसकुराले गलगलाको प्रविधि परापूर्वकालदेखि चलिआएको र परम्परागत हो भन्ने पुष्टि हुन्छ । अहिले सियो धागोको सरल उपलब्धताले सिउडीको काँडा र केतुकीको रेसा (धागो) ले बनाइएको गलगला इतिहासको पानामा समेटिन पुगेको छ ।

दिनभरिको मिहिनेतले दुई/तीनमाना माछाको जोहो हुने गर्छ । सितनको रूपमा आलोमा नै माछा पकाएर खाने गरिन्छ भने पछिसम्म खानको लागि माछालाई आगोमा सुकाउने गरिन्छ । जुन सुकाएको माछा (Smoke Fish) को नामले प्रसिद्ध छ । यस प्रविधि रैथाने मगरहरूको परम्परादेखि चलिआएको परम्परागत सीप हो । माछा मारेर ल्याएपछि सर्वप्रथम माछालाई सफासँग पखाल्ने गरिन्छ । त्यसपछि माटोको हाँडी (मकै भुट्ने माटोको भाडा) को पिंदमा सालको पात ओछ्याइन्छ, त्यसमाथि माछा राखी फेरि सालको पातले नै छोपेर आगोमा बफाउने गरिन्छ । करिब आधाघण्टा जति बफाएपछि यस प्रविधिको पहिलो चरण पुरा हुन्छ । बफाएको माछालाई बीचमा प्वालै प्वाल भएको र चारैतिर चार इन्च जति माथि उठेको निगालो बाँसले बुनेको 'जाली' भनिने भाडामा राखेर चुलो माथि झुन्डाउने गरिन्छ । चुलो माथि झुन्ड्याउँदा चुलोमा बलेको आगोको लप्का र धुँवाले माछा सजिलोसँग सुक्ने गर्छ । हप्ता/दशदिनमा माछा खंग्रङ सुक्छ । कहिले काहीँ घाममा पनि सुकाउने गरिन्छ । यस परम्परागत प्रविधिले माछामा किरा नलाग्ने र एक/दुईवर्षसम्म सुरक्षित रहन्छ । यसरी तयार गरिएको माछा मगर जातिले तिहार पर्वमा प्रयोग गर्ने गर्दछन् भने माछालाई माना मानाको परिमाणमा सालको टपरीमा राखी सालको पातले ढाकी खुटेर तानसेन बजारमा बिक्रीको लागि लैजाने गर्छन् । यसरी माडीको चोपिलो भोटी माछा कहिल्यै पनि हिलोमा खुट्टा नबुडेका स्वादका पारखीहरूको हातमा पुग्ने गर्दछ । नेवार जातिले बडो रूचि राख्ने यो भोटी माछा दसैं र तिहार जस्तो चाडपर्वमा सगुनका रूपमा प्रयोग गर्ने गर्दछन् ।

शुभप्राणीको रूपमा लिइने माछालाई शुभकार्यमा समावेश गर्ने गरिन्छ । बालकको अन्नप्राशनमा प्रत्येक आफ्न्तजनले भात खुवाउनुभन्दा पहिले माछा राखेको भाडाको पानीले मुख चुठाइ दिएर मात्र भात खुवाउने प्रचलन छ । वैवाहिक शुभकार्यमा माछाले ठूलो स्थान ओगटेको हुन्छ । विवाहमा दुलाहा पक्षबाट लगिने शाहीपाटामा माछालाई सगुनको रूपमा राख्ने गरिन्छ ।

धेरै जसोले जिउँदो माछालाई भाडामा राखेर लग्ने पनि गर्दछन् भने सम्भ्रान्त परिवारले जोडी माछालाई बडो सुन्दर तरिकाले चमकदार जडिले सिंगारेर लग्ने गर्दछन् । कसै कसैले जोडी




माछालाई दुलाहा दुलहीको स्वरूप छुटिने गरी बडो सुन्दर ढङ्गले सिलाइएको मखमलको कपडामा सितारा र जडि भरेर शाहीपाटामा राखी अरू सामग्रीसहित सिंगारिएको माछाका जोडीलाई दुलहीलाई दिने गरिन्छ । यसैगरी नेवार समुदायले मनाउने संस्कार र संस्कृतिमा माछाको ठूलो महिमा रहेको छ । माछा राखी नेवारी संस्कृतिमा शुभकार्यमा सगुन दिने प्रचलन छ । यसलाई नेपाल भाषामा 'खें सगं' भनिन्छ । यस 'खें सगं'मा दही, फुल, माछा र मासुको उपस्थिति हुन्छ । यी चारथरिका वस्तुहरूको समिष्टि नै 'खें सगं' हो । यसको अर्थ गहन छ । हिउँझैँ दहीले पूर्ण चन्द्रको प्रतीक हुन्छ भने जीवनलाई जैविक तत्त्वद्वारा अभिषेक गर्ने फुलले नभचर, माछाले जलचर र मासुले थलचरलाई प्रतिनिधित्व गरेको हुन्छ । माछाको महत्त्वपूर्ण उपस्थिति रहने 'खें सगं'को दर्शनिक पक्षले जल, थल, नभका तीनै प्राणी माथि मनुष्य जातिले प्राप्त गर्न सक्नुपर्ने विजयध्वजको ओजस्वीलाई बोध गर्दछ (ग्वंग, २०५२:७१,७२) ।

पूर्वीय दर्शनमा जल (पानी) र जलचर (माछा) को ठूलो महिमा रहेको छ । मानव विकासको सुरूका दिनमा नदी र समुन्द्रको किनारमा नै सभ्यताको विकास भयो । नदी र समुन्द्रको नजिक बसोबास गर्ने मानिसहरूको आहारा माछा थियो । वस्तु-विनिमयमा होस् वा क्रय-विक्रयले तिनीहरूको वैकल्पिक आयश्रोतको साधनको रूपमा होस् मानिससँग माछाको सम्बन्ध परापूर्वकालदेखि जोडिँदै आएको छ । करिब ५४० मिलियन वर्षअघि जमिन र समुन्द्रमा कुनै पनि वनस्पति र ढाड भएका जनावरहरूको अस्तित्त्व थिएन् । यस्तो परिवेशको बीचमा दाँत, गिँजा र पखेटा सहित जलचर माछाको विकास हुन गएको थियो ।

१०० मिलियन वर्षदेखि पृथ्वीमा जीवको दवाब सिर्जना हुँदै जाँदा विस्तारै ठूलो विविधताभित्र धेरै थरिका माछाहरूको विकास हुन गयो (Ciovacco, 2006:6) । मानव जीवनमा जलचर माछा आहारालगायत आर्थिक रूपमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको माछालाई धर्मसँग पनि जोडिन थाल्यो । पूर्वीय दर्शनमा ऋग्वेदमा एकपटक माछाको उल्लेख भएको छ भने विभिन्न संहितामा माछाको उल्लेख प्रशस्त भएका छन् । हिन्दूहरूले माछालाई भगवान विष्णुको अवतारको रूपमा लिने गर्दछन् । भागवतअनुसार ब्रम्हाको मुखबाट वेदको उत्पत्ति भएपछि हृयग्रीव नामक दानवले वेदलाई चोरेर पाताललोकमा लिएर गएका थिए । तब विष्णुले 'मत्स्यावतार' लिएर वेदको उद्धार गरेको उल्लेख छ । चारहात र शिरमा सिंग भएको 'मत्स्यावतार'को तल्लो भाग मत्स्य र शरीरको माथिल्लो भाग मनुष्यको रूप भएको उल्लेख छ । सीमाहीन अयंत्रणको परिवेशमा श्रृष्टि भएको माछालाई पूर्विय दर्शनमा अभौतिक पात्रको रूपमा आत्मसात गर्नुका साथै विष्णु र वरूण देवताको अवतारको रूपमा पनि माछालाई हिन्दूहरूले आस्था राख्दछन् (श्रेष्ठ, २०७०:२) । काष्ठद्वारा निर्मित माछाको आकारको पादुका (खडाउ) लगाउँदा शुभ हुन्छ भन्ने धार्मिक मान्यता रहेको छ (Neubauer,2000:13) । हामीले मात्र होइन पश्चिमाहरूले पनि माछालाई महत्वका साथ लिने गर्दछन् । पहिले क्रिसियनहरूले माछाको चिह्नलाई ichthys ('Greek Fish') विचारमा आधारित 'Jesus Christ, Son of God' भन्ने आद्यनामको रूपमा मान्ने गर्दथे । साथै दुईवटा अर्धचन्द्र मिलेर बनेको माछाको चिह्नलाई परम्परागत प्रतिनिधित्व गर्ने पृथ्वीतलमा पानीको श्रोतकी देवीको रूपमा मान्ने गर्दछन् (Walker,1988:374) । माछा खाएको सपना देखियो भने राम्रो हुन्छ भन्ने धारणा पश्चिमाहरूले राख्ने गर्दछन् (Grosset & Geddes,2008:30) । यसरी नै पर्सियनहरूले माछाको महिमा र महत्त्वलाई उच्च राखेको पाइन्छ । प्रसिद्ध पर्सियन चित्रकलामा यसको प्रतिविम्वित भएको देखिन्छ । एकजना युवा पुरूष ठूलो 'फ्रक टेल फिस'को शिरबाट निस्किरहेको चित्र एउटा प्रसिद्ध पर्सियन चित्रकलामा देख्न सकिन्छ (Robinson,1980: 43,47) ।

धार्मिक, सांस्कृतिक र आहारको रूपमा मानव जीवनमा माछाको जुन महत्त्व छ, आयुर्वेदमा माछा गुणको वर्णन पाइन्छ । माछाको सामान्य स्वभाव मधुरो, स्निग्ध, गरम र भारी हुन्छ । रूचि गराउँदछ । कफ र पित्तलाई बढाउँदछ । वायुलाई हटाउँदछ । बल-वीर्य र मासुलाई बढाउँदछ । विशेष गरी, प्रशस्त भोक जाग्ने, मदिरा-पान गर्ने र परिश्रममा लाग्नेहरूलाई योग्य छ भनी औषधियुक्त भएको र गुण दोषलाई नेपाली निघन्टुले उल्लेख गरेको छ (देवकोटा, २०२५:३३७) । यसै गरी राजवल्लभ निघन्टुमा माछा पुष्टिकारी, भारी, बलकारक भएको उल्लेख छ (राजवल्लभः १९५२:८७) । नेपालमा करिब २२८ प्रजातिका माछाहरू पाइन्छन् । नेपालमा पाइने सबैभन्दा ठूलो माछा गोच (Bagarius yarrelli), (अधिकतम लम्बाई २०० सेन्टिमिटर) हो भने नेपालमा पाइने सबैभन्दा सानो माछा जेब्रा फिस (Danio rerio), (लम्बाई ३.८ सेन्टिमिटर/२६ मिलीमिटर) हो । नेपालमा पाइने दुर्लभ माछा तिते (Psilorhynchus pseudecheneis), रज-बाम (Anguilla bengalensis), असला (Schizothorax plagiostomus) र सहर (Tor putitora) हरू हुन् । यी माछाहरू नेपालको पहिचान हो (Shrestha,2005:6,7) । तानसेनको कालीगण्डकीमा पाइने गोच, रज-बाम, कुरूङखोलामा पाइने असला र तानसेनेली खोलामा पाइने जेब्रा फिस तानसेनको जैविक सम्पत्ति हो । माछाको महत्त्व र पहिचानलाई हृदयङ्गम् गरी एचएमजी/एन, पोस्टल सर्विसेस् डिपार्टमेन्ट नेपाल फिलाटेलिक व्युरो, काठमाडौले दश, पाँच, एक र पचिस रूपैयाको माछा टिकट-माला वि.सं. २०५० मा जारी गरेको छ । यसै गरी नेपाल सरकारले सहर माछा अंकित विश्व खाद्य दिवस अक्टोबर १६, १९८६ को अवसर पारेर रू पाँचको मुद्रा टकमरी गरेको छ ।



माडीको परम्परागत सीपबाट तयार पारिएको स्वादिलो सुकाएको भोटी माछा (Smoke Fish) स्वादका पारखी पर्यटकहरूलाई आफ्नो परिकार रोजाइको श्रृंखलामा अर्को कडी थप्न सकिन्छ । तानसेनमा आउने आन्तरिक तथा बाह्य पर्यटकहरूको खानाको परिकारमा माडीको भोटी माछा सामेल गर्न सकियो भने जसरी तानसेनमा आउने पाहुनाहरूको करूवा र ढाकाले मन मस्तिष्कमा ठाउँ ओगटेको छ, माडीको सुकाएको चोपिलो भोटी माछा (Smoke Fish) ले पाहुनाहरूको रोजाइको थप परिकार नबन्ला भन्न सकिन्न ।

**सन्दर्भ सामग्रीहरू :**

कुमार, नरेश, अपभ्रंश-हिन्दी कोश, प्र. डी.के. प्रिंटवर्ल्ड प्रा.लि., नई दिल्ली, सन् १९९९ ।

ग्वंग, तेजेश्वर बाबु, संस्कृतिका आयाम, प्र. विजया श्रेष्ठ, वि.सं. २०५२ ।

दास, श्यामसुन्दर, हिन्दी शब्दसागर, सातवाँ भाग, प्र. नागरीप्रचाणिी सभा, वाराणसी, वि.सं. २०६६ ।

देवकोटा, कोषनाथ, नेपालीनिघन्टुः, प्र. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौं, वि.सं. २०२५ । 'पर्वतीय', लीलाधर शर्मा, भारतीय संस्कृत कोश, प्र. राजपाल एण्ड सन्ज्, दिल्ली, सन् २०१३ ।

राजवल्लभः, राजवल्लभ निधन्टु, प्र. गंगाविष्णु श्रीकृष्णदास, कल्यान, मुम्बई, वि.सं.१९५२ ।

शर्मा, राणाप्रसाद, पौराणिक कोश, प्र. ज्ञानमण्डल लिमिटेड, वाराणसी, सन् १९८६ ।

श्रेष्ठ, निर्मल, माण्डव्य ऋषिको माढी, नागरिक पश्चिमेली, वर्ष २, अंक ४७, वि.सं. २०७० ।

श्रेष्ठाचार्य, इश्वरानन्द, नेवारनेपालीअङ्ग्रेजी शब्दकोश, प्र. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाडौ., वि.सं. २०५४ ।

Ciovacco, Justine etl,, Animals, pub. Discovery Communications, Mumbai, 2006A.D.

Grosset & Geddes, Dictionary Of Dreams, pub. Grosset & Geddes, New Lanark, 2008A.D.

Neubauer, Jutta Jain, Feet & Footwear in India Culture, pub. The Bata Shoe Museum Foundation, Toronto, 2000A.D.

Robinson, B.W., Persian Paintings, pub. Sotheby Parke Bernet Publications, London, 1980A.D.

Shrestha, Santoshi, Study on Fish Diversity And Fishery Resources Of Dano River, Rupandehi District, A Dissertation, Institute Of Science and Technology central Department Of Zoology, Tribhuvan University, Kathmandu, 2005A.D.

Walker, Barbara G., The Woman's Dictionary of Symbols & Sacred Objects, pub. Castle Books, New York, 1988.

Vansittart, VEden, Gurkha, pub. Asian Educational Services, New Delhi, 1991A.D.

(लेखक तथा इतिहासका जानकार)

## तानसेन नगरपालिकाको अनुरोध

- सफा टोल सफा सहर, हामी सबै तानसेन बासीको रहर
- सार्वजनिक सम्पत्ति सडक, चोक,गल्ली हामी सबैको हो, सधैं सफा राखौं
- घर घरमै फोहरलाई कुहिने र नकुहिने गरी छुट्याएर उचित व्यवस्थापन गरौं
- प्लाष्टिक झोलाको बिकल्पको रूपमा जुट, कपडा वा धेरै पटक प्रयोग हुने झोलाको प्रयोग गरौं
- सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान सञ्चालन गरौं

## सूचना

हाम्रो तानसेन बुलेटिनको बाह्रौं अंकको लागि सामग्री २०७७ पुष मसान्तभित्र पठाई सक्नुहुन सरोकारवालाहरू सबैमा सादर अनुरोध छ ।

– प्रधान सम्पादक

Email: hamrotansenbu@gmail.com

# On Way to Smart City



- Buddhi Prasad Sharma



## 1. Background:

Today's world is the world of science and technology. We the people and our rural or urban settlements are changing very fast. The discoveries and inventions, especially in Information technologies (IT), has compelled us to cope up with this technology for existence and live a life of 21st century: more comfortable and more secure. So, our existing towns or cities are bound to be improved and changed into smart cities without any delay. Realizing this challenging situation, we the people and the concerned leaders (especially Municipality representative leaders) floor the idea of Smart City for discussion and work out for Tansen on way to Smart City exploiting all kinds of resources we have. Time and tide wait for no man.

## 2. Present Situation of Tansen:

Tansen, the headquarters of Palpa district, is one of the oldest small towns, known as Tansen Municipality. It is located in the Mahabharat Range between Lumbini and Pokhara linked by the Sidhartha Highway. So it lies on the highway corridor. It is an old town (the core part settlement in linear fashion) with a history of about five decades. It was popular for trade and commerce, bronze handicrafts, Magar and Newari culture and the administrative head's seat. Even today it is popular as the centre of education, health service, agriculture, trade and commerce, Newari and Magar culture and traditions, rivers and streams, natural beauty, artistic Hindu temples, Buddhists shrines, greenish environment with unfathomable landscape, all-weather lovely climate with zero pollution and cultural tourism.

The facilities of accommodation, transport and communication, water and sanitation, electricity supply, banking and many more urban facilities are increasing day by day. Lots of development works are under construction. They are mainly modern bus terminal at Banadevi in greenish environment, granite (stone) paving on streets from Silkhan to Shitalpati,



the Kaligandaki lifting drinking water project, Dabali building ( central cultural centre), upgrading the Tansen tudikhel playground and Damakada playground, Ridi-Argali -Rhishikeshav temple conservation on the banks of the Kaligandaki river, 'Nishan Bhagawati tatha Nepali Sena Sangralaya' at Palpa Durbar Museum, Durbar court yard lawn gardening, and so on. On completion of the development works and their well functioning and time to time maintenance will certainly bring about changes. The Kali Gandaki corridor that links Tansen with Ranimahal monument and Ridi will help the town flourish in tourism, trade and commerce. Besides the Siddhartha Highway and the Kaligandaki corridor, the Gautam Buddha International Airport which is just two and half hours car drive south near Lumbini, can be additional boon for the development of Tansen. So, the maximum welcoming environment for private investors and entrerpreneurs in health, education and tourism has to be created and mobilized under 3P concept. However, the town needs more committed visionary leaders' team and clear-cut strategic planning to move forward towards smart city. The concept of smart city is not new for us because the government has declared the town to be developed as a model city, which is the foundation on way to smart city.

Therefore, this small writing attempts just to highlight on a few factors of smart city targeting Tansen on way to smart city. This may help start a new discussion for the development of Tansen.

**3. Considerable Smart City Factors:**

In reference to all mentioned above, Tansen needs planning for urbanization so that it could move on way to smart city, which should be the ultimate goal of Tansen. It is said that a planned city is a well prepared city for the all-round development using its resources of all kinds such as spaces, existing natural and man-made infrastructures, economic activities, literacy and education status, history and cultural value, interest and willpower of the people, popular identity of the town and committed elected local government leaders and so on.

When we talk about planning Tansen as a smart town, smart economy counts first. Innovative spirit, entrepreneurship, productivity willingness and ability to perform, image or identity and trademark are few things to be considered in planning. Smart economy of the town is highly affected by peoples' level of education, flexibility, creativity, co-operation, open-mind and active participation in public life with a zeal of ownership. For the town dwellers and the visitors smart mobility which includes transport and communication (now ICT) is the another important factor to be planned. Necessary reforms and upgrading in existing local, national and international accessibility are to be considered for zero pollution, safety, sustainability, innovativeness, comfort and over-all quality and friendly transport system. Existing use of tractors for different purposes has to be replaced by pick- ups and mini trucks for the safety of the streets. This help minimize pollution and maintain city beauty street life.

Generally, natural environment is charming to all: local dwellers and the visitors. So, the attractivity of natural conditions are to be well conserved. Conservation help beautify the town and save from pollution. Besides the natural environment, man- made environment also attract and charm the people; therefore it also should be well managed and well preserved. Not only these but also

physical (geographical), social, economic environment are also to be considered while planning and executing for smartness. There should be a continuous effort focusing on quality and sustainable recurrence management. Culture and traditions are said to be the life and blood of any place of human settlement. They can be the identity of the place and should be smartly managed for marketing. Not only the cultural facilities but also social cohesion, life styles, health condition, water and sanitation, individual safety, housing quality, educational facilities and touristic things and spots are to be smartly designed and managed.

A town consists of core human settlement areas, landscapes, open places, farms, jungle and so on according to the physical condition. They are to be well planned for the use of different purposes. For example, Tansen has fourteen wards, among them nine are rural areas having vast landscapes including farming plots and five are core urban areas. To use them rightly a detail feasibility study and planning and execution are required in time. A broader territorial perspective helps town attend economies of scale. Towns or cities do not operate in vacuums. Their footprints are associated to surrounding region and resources and opportunities.

Buildings with modern facilities and streets help not only beautify the place but also help provide facilities in many ways. For a smart town these are the most pronounced factors to be considered. Buildings shape and articulate space in forming street-walls of the town. Being the streets connections between spaces and places, as well as being spaces themselves, and being the street network a definition of city uniqueness, they cannot be overlooked. The value of open spaces and landscape counts much in a smart town. They can be in form of wide streets and squares, parks, gardens, recreation places such as playground and stadium. These attract local, internal and external visitors which help boost up economy of the town. Besides these, regular electricity supply, sufficient and well managed water and sanitation, ICT, information centers and accommodation facilities and many others which we think of less value and low priority in planning, they are also needed to plan minutely . Departmental stores, malls, big market areas are to be built and opened. They not only save places for open spaces for additional purposes but also provide job opportunities. Urban planning can never be implemented in execution unless there is smart governance. Smart governance is possible only when there are elected and committed local leaders who mainly consider rule of law, unbiased decision making, transparency, accountability, responsiveness, equity and inclusiveness, effectiveness and efficiency and participation. Good governance, in this century, is easier to practice by the use of Information and communication Technologies (ICTs) and available other tools.

**4.Conclusion:**

Tansen Municipality has young, energetic, elected, committed and visionary leaders. Most of the infrastructures are at hand. annual, five year and twenty years' strategic plans for development have been made with a vision focusing on ' inclusive, touristic cultural town based on well-managed infrastructure, identity and value based production and greenish environment'. Lots of development plans are in execution. They should be focused on quality and sustainability. For this municipality alone can not do. Here, peoples' mobilization and active participation counts much for promoting ownership. It can be done through good governance. Recently, the Siddhartha Highway corridor municipalities held a meeting and made an agreement for economic development of the municipalities. It can be a good land mark for all of us if we could solve the risky problem of the Siddhababa sector of the highway at first step. A village intends to become a town. In the same way a town intends to become a city. Tansen being a developed town, it should move towards a city: a smart city. We have lots of natural, physical, man-made facilities including ICTs, transport connectivity, water and sanitation, electricity supply and many others. In the first step we should improve their quality and sustainability and then go forward. Our ultimate goal should be the quality life of the people through a smart city. Therefore, considering the above mentioned factors of smart city, Tansen's existing infrastructures and developmental activities, planning, execution procedures and all should focus on smart city building without any delay. The dream of smart city should turn into reality. So let us go hand in hand: together we can.

*(Tourism Related Writers)*

# कोभिड-१९ महामारीमा पत्रकारको आर्थिक संकट



- राजेशकुमार अर्याल

नेपाल पत्रकार महासंघको तथ्याङ्क अनुसार नेपालमा १५ हजार पत्रकार छन् जसले आफूलाई पत्रकार हुँ भनेर सार्वजनिक पहिचानसहित भन्छन् । देशको कुल जनसंख्याको एक प्रतिशतभन्दा कम रहेको पत्रकारिता क्षेत्रका पेसाकर्मीले भोगेका चुनौती जीवन र जीविकोपार्जनकै हो । कोभिड-१९ पछि किन पत्रकारिता क्षेत्र असुरक्षित भइरहेको छ । आमसञ्चारमाध्यमको परम्परागत विज्ञापन सङ्कलन प्रणाली प्रभावित भएको छ । उद्योग, कलकारखाना, व्यवसाय र अर्थतन्त्र नै प्रभावित भएका बेला मिडियामा जाने विज्ञापन रोकिएको छ । मिडियाको आम्दानी अप्रत्याशित रूपमा घटेको छ, खर्च भने बढेको छ ।

सञ्चारगृहको तुलनामा त्यसमा कार्यरत जनशक्तिको अवस्था झन कहालीलाग्दो छ । महामारीको यो विषम परिस्थितिमा पत्रकारको तलव कटौती हुने र कर्मचारी कटौती गर्ने समस्या देखा परेको छ । श्रमको सम्मान गर्नुपर्ने बेला कतिपय सञ्चारमाध्यमले श्रम गर्नेको अवमूल्यन गरेका छन् । कतिपय सञ्चारमाध्यम संस्थागत भएका छैनन्, संस्थागत भएका पनि आर्थिक संकटबाट प्रताडित छन् । धेरैजसो सञ्चारमाध्यममा लगानीकर्ता र काम गर्ने मानिस एउटै छ । स्व उद्यम गरेका छन् । आफै मालिक आफै कामदारको अवस्थामा छन् । आफै सञ्चालक आफै सम्पादक बनेका छन् ।

प्रेसले कस्तो संकट भोगिरहेको छ भन्ने कुरा स्वयम् प्रेसमा कार्यरत जनशक्तिले नै महसुस गरेको छ । सञ्चारगृहले पत्रकार पाल्न सकिँदैन भन्यो र पत्रकारहरू बिदामा बसे । पालैपालो बिदा बसे । लकडाउन खुल्यो तर सञ्चारगृहले बिदामा राखेका पत्रकारलाई बोलाएनन् । तथापि पत्रकारले यत्रो ठूलो सद्भाव देखाइरहेका छन् । मिडिया हाउसले श्रम ऐनअनुसार करारपत्र पालना गरेका छैनन् ।

प्रेसका बारेमा संविधानले गरेका व्यवस्था, अर्थतन्त्रको अवस्था र सञ्चारमाध्यमको व्यवस्थापकीय पक्षमा भर पर्दछ । नेपालको संवैधानिक व्यवस्थामा प्रेसका माग सम्बोधन भएका छन्, अर्थात् सुनुवाइ भएको छ । प्रेसमैत्री संविधान ऐन कानुन र व्यवहारमा परिणत हुन अवश्य समय लाग्ला । अहिले कानुनी रूप र व्यावहारिक पक्षमा कतिपय सवालमा छलफल र वहस भइरहेका छन् ।



महामारीका समयमा प्रेस समस्यामा छ, संकटमा छ । स्वरोजगारमुखी मिडिया मात्र होइन, कर्पोरेड मिडियाको अवस्था पनि संस्थागत देखिँदैन । श्रम मुद्धालाई व्यवस्थापन गर्न सकेका छैनन् । आर्थिक संकटपछि कर्पोरेड मिडियाबाट पत्रकारहरू निकालिएका छन्, निस्किएका छन् । पत्रकारको जागिर सकिएको छ तर पत्रकारिता सकिएको छैन । मिडियाले पैसा दिन सक्दैन, आधा महिनाको तलव लेऊ वा जागिर छोड भन्न बाध्य छ । सबैले रमाइलोका लागि मात्र पत्रकारिता गरेका हुँदैनन् ।

विषयवस्तुको उठान र एंगलिङमा त्रुटि होला तर समाजमा कहिल्यै नउठेका मुद्दालाई पत्रकारले बाहिर ल्याएका छन् । तथ्यको परीक्षण र सत्यको खोजीमा कमजोरी रहलान् तर एजेन्डाबिहीन बनेका छैनन् । कन्टेन्टलाई जवाफदेही बनाउन हरेक नागरिक नागरिकको बीच वहस र छलफल प्रारम्भ हुनुपर्छ । त्यसले विश्वसनीय सूचना प्रवाह गर्न मद्दत गर्दछ । हल्ला र फेक सूचना फैलन रोकिन सक्छ ।

आर्थिक संकट यस्तो हुन्छ कि जसका विषयमा बोल्न पनि समस्या हुन्छ । कोभिडका कारण आर्थिक संकट भयो भनेर सञ्चारमाध्यमले पत्रकारलाई जानकारी दिए । तलव कटौती गरे । पारिश्रमिक घट्यो, काम र जिम्मेवारी बढ्यो । पत्रकारहरू ल्याउने लैजाने गाडी पनि बन्द गरिए । हौसला, प्रेरणा र प्रोत्साहन चाहिने बेला हतोत्साहित पार्ने काम भयो । कतिपय मिडियामा गाडी र चालक स्टयान्टबाइ छ तर गाडी गुडेन । यो जटिल अवस्थालाई मूल्याङ्कन गरेर कतिपयले पत्रकारको दुश्मन पत्रकार नै बन्ने अवस्था छ भनेर भनेका छन् । पेसा र सीपले दक्ष भएको जनशक्तिलाई समस्या कम छ । मिडिया क्षेत्र आफैमा एउटा उद्योग हो । मिडियाले समाचार र सूचना प्रवाह गर्छ । उत्पादन र वितरण गर्छ । तर उद्योगका रूपमा परिभाषित छैन । जनमत निर्माण गर्न, सोच्न, सोचेर बोल्न सघाउने भएकाले मिडियाको जिम्मेवारी ठूलो छ ।

पत्रकारितामा व्यवस्थापनमा समस्या छ । मालिकलाई मन लागेका बेला पत्रकारले जागिर छोडिदिनुपर्ने मानसिकता देखिन्छ । प्रेस यस्तो क्षेत्र हो जहाँ गरिमाको भयले पनि पत्रकारहरू आन्दोलनमा जाँदैनन् । मानवीय स्रोतलाई सेवामा ल्याएपछि सेवामुक्त गर्न विधि, प्रक्रिया र मान्यता अवलम्बन गर्नुपर्ने देखिन्छ । मानवीय जनशक्तिको सीप उपयोग गरेर सञ्चारगृहले नाम वा दाम कमाउने मात्र होइन कि दायित्व छ भन्ने भूमिका पूरा गर्नुपर्छ ।

श्रमिक र व्यवस्थापकका बीचमा हुने सौदाबाजी गर्दा मिडिया हाउसका कारोवार, कर र नाफाको बहस गर्नुपर्ने देखिएको छ । मिडियाले लामो समय लगानी गरेर कमाएको विश्वसनीयता यस्तै मुद्दाले कमजोर बनाइदिएको छ । कान्तिपुर, अन्नपूर्ण पोष्ट जस्ता ब्रोडसिटका मिडियाले समेत पत्रकार निकालिरहेका छन् । सुनिन्छ, 'कान्तिपुरको प्रेसले पत्रिका होइन, पैसा छाप्छ ।' त्यही मिडिया श्रमजीवीको मामिलामा सहयोगी छैन । अहिले मिडियाकै बारेमा जनमानसमा बहस सुनिन्छ । पत्रकारहरूलाई साथमा लिएर अगाडि बढेको भए मिडियाहरू यतिधेरै सार्वजनिक बहसमा जानुपर्ने थिएन ।

पत्रकारहरूको आफ्नो असन्तुष्टि र गुनासो बाहिर आउन थालेको छ । सामाजिक सञ्जाल र मिडियामा आउन थालेको छ । यसले मिडियामाथिको विश्वसनीयता घट्छ । शिक्षा, तालिम वा अनुभव हासिल गरेर पत्रकारितामा संलग्न मानिसहरू छन् । प्रविधिको प्रयोग गरेर सूचना प्रवाह गर्ने मानिसहरू पनि छन् । शिक्षा र प्रविधि हुनेहरूले सञ्चारगृहका समस्या बाहिर ल्याएका छन् ।

मिडियामा धेरै मिहेनेत गरेर समाचार बनाउने पत्रकारहरू छन् । तिनीहरू सबै आफ्नो कानुनी अधिकारका लागि पत्रकार श्रम अदालत जानुपर्छ । चित्त नबुझेको कुरामा उजुरी गर्नुपर्छ । ट्रेड युनियन आन्दोलनमा लागेकाहरूले पत्रकारहरूलाई आलोचना गर्ने मुख्य कारण पनि आन्दोलन गर्न नसक्ने अवस्था हो । कुनै पनि पत्रकारले मिडियामार्फत् उठाइरहेका मुद्दा आफूलाई उठाइरहेको छैन । देश र समाजका लागि काम गरेका पत्रकारहरू समेत आन्दोलित हुन सक्दैनन् । पत्रकारहरू अदालतमा जान तयार हुँदैनन् । पत्रकारको मनोभावना र मनोवृत्तिमा समस्या छ । संविधान, कानुन र श्रम ऐनले तय गरेको बाटोमा जुन दिनसम्म जाने आँट गर्दैनन्, पत्रकारहरूले नियुक्ति, पारिश्रमिक र पेसागत समस्या झेलिरहने छन् ।

अध्यक्ष, नेपाल पत्रकार महासंघ, पाल्पा

# गुफाचौरमा गणेश मूर्ति: एक अवरुद्ध अभियान



- टोप अस्लामी

जिल्ला विकास समिति (जिविस) पाल्पाको तत्कालीन सानो बजेट र स्थानीय गाउँले (तेल्घाली) को अदम्य प्रयासले गावुडाँडा तेल्घा मोटर बाटो खनिएको भए पनि बाँके पीपल (जवानो डाँडा) देखि तेल्घाको लेक (गुफाचौर) तर्फ मानिस हिँड्ने केही फराकिलो बाटो थियो जसमा मोटरसाइकल जसोतसो उक्लन्थ्यो । तेल्घाको लेकसम्म जनतन मोटरसाइकल यात्रा गर्न सकिने अवस्थालाई मध्येनजर गरी तानसेन नगरपालिकाका तत्कालीन नगरप्रमुख (हालका पनि नगरप्रमुख) अशोककुमार शाहीलाई लिएर एउटा पल्सर बाइकमा तेल्घाको लेक भ्रमण गरियो । करिब १७ वर्षको समय गुज्रँदैछ ।

अहिले अवरूद्ध अवस्थामा रहेको गुफाचौरमा गणेश मूर्ति स्थापनाको सपना त्यस बेलादेखि बीजारोपण भएको थियो । तेल्घाको लेक भाग र गुफाचौर क्षेत्र भ्रमण गरिसकेपछि सो ठाउँको स्थान आकर्षणको यथार्थलाई नगरप्रमुख अशोककुमार शाहीले उहाँका मित्र (काठमाडौं महानगरपालिकाका तत्कालीन प्रमुख, हाल प्रदेश ३ का माननीय सांसद) केशव स्थापितसँग जोड्ने काम गर्नुभयो । माननीय केशव स्थापित पाल्पा आउँदा गुफाचौर भ्रमण गरिसकेपछि त्यहाँ केही शुभ कार्य गर्दा पाल्पालाई पनि राम्रो हुने कल्पना गरी आफूले अन्यत्र कतै स्थापना गर्न निर्माण गरेको प्रस्तरको ठूलो गणेश मूर्तिलाई दिने र सो स्थापनाका लागि आफू पनि लागी पर्ने बताउनुभएको थियो । गुफाचौरमा मानवीय चलपहलको केन्द्र बनाउनु पर्छ भन्ने मेरो बाल्यकालको दृढ सोंचमा तानसेनका नगरप्रमुख अशोककुमार शाही र माननीय केशव स्थापितको मित्रता साथै उहाँहरूको विकासप्रेमी भावना एकाएक तेल्घा (गुफाचौर र स्थानीय जनता) सँग त्यसरी जोडिन आइपुग्यो । गुफाचौरलाई कस्तो रूपमा स्थापना गर्ने भन्ने सन्दर्भमा नगरप्रमुख अशोककुमार शाहीको परिकल्पना प्रमुख छ । त्यसलाई थप परिष्कृत गर्न माननीय केशव स्थापितले सहयोग गर्नुभयो । गुफाचौरमा गणेश मूर्ति स्थापनाको सपना परिकल्पनाका हिसाबले अत्यन्त गहकिलो र आकर्षक कार्य हो । यस महान कार्यमा काठमाडौंमा पाल्पाली संगम र पाल्पामा समस्त आध्यात्मिक र विकासप्रेमी महानुभावहरू, स्थानीय तेल्घाली जनताको जनश्रम साथै सहर्ष र विना लालच यस अभियानमा हातेमालो गर्ने आध्यात्मिक महानुभावहरूको लगाव रहेको छ ।

**संस्मरणका थप पक्ष**

आफ्नो परिकल्पनामा बनाइएको भगवान गणेश सम्बन्धमा माननीय केशव स्थापितले बोध गरेको दर्शन र सोही अनुसारको कर्मठ समाज निर्माण गर्ने उत्कट चाहना, पाल्पामा पश्चिमाञ्चलमै एउटा आध्यात्मिक पर्यटनको आकर्षक स्थल निर्माण गर्ने नगरप्रमुख अशोककुमार शाहीको सपना र गुफाचौरमा मानवीय चहलपहलको केन्द्र जुन ज्ञान प्राप्तिका हिसाबले पनि फलदायी होस् भन्ने मेरो बाल्यकालको सोंचको एकीकृत रूप थियो वर्तमानमा अवरूद्ध 'गुफाचौरमा गणेश मूर्ति स्थापना अभियान' । यस अभियानलाई प्रकारान्तरमा ट्रस्टमा बदल्ने उदघोषका साथ स्थापित 'सेन्टर अफ एक्सीलेन्स' नामको संस्थाबाट परिचालित गर्ने भनी बृहत प्रचार र भरमग्दुर प्रयास गरिएको हो । स्थानीय रूपमा गणेश मूर्ति स्थापना सहयोग समिति निर्माण गरेर स्थानीय जनहातेमालोका लागि गरिएका प्रयास पनि उत्तिकै स्मरणीय छन् । त्यसमा जोडिएर योगदान गर्नुहुने सबै महानुभावहरूलाई म स्मरण गर्दै नमन गर्दछु ।

यस अभियानलाई ठोस बनाउन स्थापित 'सेन्टर अफ एक्सीलेन्स मार्फत् अभिव्यक्त परिकल्पनामा धेरैले आश्चर्य प्रकट गरेकै हो । तर पनि अभिव्यक्त आश्चर्यलाई यथार्थतामा परिणत गर्नका लागि भएका कदमका फेहरिस्त निश्चय नै हृदयस्पर्शी छन् । जनताको तहबाट सार्वजनिक गरिएका तत्कालीन परिकल्पनालाई साकार पार्न मुलुकमा स्थापित पाल्पाली उच्च ओहदाका व्यक्तित्वहरू समेतलाई गुफाचौरमा मञ्चासीन गरी बोल्ने र भ्रमण गराउने काम पनि उत्तिकै उत्साहका साथ भएका हुन् ।





## पुनर्विचारका पक्ष

एउटा बृहद सपनाका साथ अगाडि बढाइएको 'गुफाचौरमा गणेश मूर्ति स्थापना अभियान' आज किन अवरूद्ध अवस्थामा छ भन्ने समग्र प्रश्नमा खास कर्ताहरूका आफ्नै अनुभव र विश्लेषण छन् । अभियानका अगुवाहरूको अनुनय-विनयमा जोडिएका कतिपय मुख्य पात्रहरूको भूमिकाको सन्दर्भ पनि उत्तिकै विश्लेषणको सन्दर्भ बन्ला । जनता तहमा बुझेका वा सम्प्रेषण भएका कुराहरू पनि छन् होला जसको चिरफार समय सन्दर्भमा हुने नै छ ।

एकाध वर्ष तानसेनको टुँडिखेमा राखिएको गणेश भगवानको मूर्तिलाई यतिबेला साविक तेल्घा गाविस (हाल तानसेन-१०) को वडाभवन नजिक लगेर राखिएको भए तापनि त्यस मूर्तिको अन्तिम पदस्थापन गुफाचौर हो भन्ने स्थानीय जनमनको दृढ भावनालाई उजागर गरिरहनु जरूरी छ ।

सुरूवात गरिएका कार्य बारेमा मानिसका आ-आफ्नै तर्क वितर्क छताछुल्ल भइरहेका हुन्छन्, कतिपय दृढ विश्वासका साथ र कतिपय विल्कुल पूर्वाग्रहका साथ । गुफाचौरमा गणेश मूर्ति स्थापनाका पहल र कार्य विल्कुल सामाजिक भावनाबाट उत्प्रेरित कार्य हो । तर उक्त कार्यलाई फत्ते गर्नका लागि अगाडि सरेका पात्रलाई विशुद्ध भावनाले आडभरोसा दिने मानवीय प्रवृत्ति ज्यादै कमजोर देखिएको छ । अर्को कुरा, विशुद्ध सामाजिक भावनाले ओतप्रोत कार्य जो कालान्तरमा राज्यको सम्पत्ति पनि हो भने त्यसमा राज्यको बजेट निष्कासन किन हुन सकेन भन्ने चासो पनि छ । कम्तीमा प्रदेश तहको सरकारी आँखा त्यहाँ पुग्नु पर्थ्यो ।

भविष्यमा स्थानीय सत्ता, समग्र पाल्पाली जनता र प्रदेशकै लागि सदैव एउटा विशेष पक्षको रूपमा रहिरहने गुफाचौर गणेश मूर्ति स्थापना कार्ययोजनालाई निरूत्साह गरेर जो कोहीले नेतृत्व लिएर समाजको अगुवाइ गरे तापनि समाजमा ठोस भावना पैदा हुन सक्दैन । किनभने आजका हाम्रा कार्यको परिणति नै भोलिको समाजको प्रतिविम्ब हो भन्नेमा त सायद सबै सचेत तप्कालाई अगवत छ । जे कुरा अगवत छ त्यसमा अटल विश्वासको खडेरी कायम गर्न खोज्ने मानवीय कमजोरी हावी गराउने चेष्टा अग्र भागमा आउँदा पाल्पाली जगतको विरासत कायम होला कि नहोला भन्ने कुरा ज्वलन्त प्रश्नको रूपमा जहिले रहिरहन्छ । मुलुकको आमूल परिवर्तनको लडाइँमा इतिहास कायम गरेको पाल्पाली जुझारूपना पछिल्ला पुस्ताहरूमा कसरी स्थानान्तरण गर्ने भन्ने कुरामा हामीले आध्यात्मिक पक्षलाई आत्मसात गरेर मात्र दरिलो रूपमा अगाडि बढाउन सक्तछौं ।

## अब कसो गर्ने ?

समय र परिस्थिति सधैँ एकनास हुँदैन । वर्तमानको खुला समाज, कोरोना भाइरसको सन्त्रासले थिलो पारेको मनोविज्ञान, पछिल्लो राजनीतिक घटनाक्रम सबै पक्षले समाजमा सृजना गर्ने नयाँ मनोविज्ञानसँग स्थगित र अवरूद्ध परियोजनालाई घुलमिल गराउँदै सम्पन्न गर्नु निकै नै चुनौतीको विषय हो । जनता र सहयोगी मनको हातेमालोलाई आधार बनाई अगाडि बढाइएको त्यो बृहत परियोजनालाई अन्तिम रूपमा उभ्याउनु कष्टकर पनि छ । तथापि सो अभियानमा शुरूवातदेखि योगदान गर्ने मात्र होइन नेतृत्वकारी भूमिका निर्वाह गरेका व्यक्तित्वलाई आड भरोसा प्रदान गर्दै घच्घचाउनु जरूरी छ । यस परियोजनालाई पाल्पाली जनताले आलोचनात्मक हिसाबले हेरे तापनि सुन्दर उद्देश्यका खातिर र लिगेसीका हिसाबले पनि माहोल बनाउँदै लैजानु, गणेश मूर्ति स्थापना परियोजनालाई कम्तीमा चासो राख्नु र अधिकतममा आफ्ना तर्फबाट योगदानका लर्कन खडा गर्न जरूरी छ । बीचबीचमा हुने गरिने छिर्के कटुताका भाव र लिगेसी तोडेर फगत सपना बोक्ने सोंच कसैको पनि नबनोस् । गुफाचौरमा गणेश भगवानको मूर्ति स्थापनाका लागि हातेमालो गर्ने, सकारात्मक चिन्तन राख्ने र पछिका अन्य सपनामा पनि पाल्पालीले सक्षम तरिकाले एक भई कार्य गर्नुपर्छ भन्ने सोंच र व्यवहारका सबै महानुभावहरूमा हार्दिक कृतज्ञता अनि धन्यवाद प्रकट गर्न चाहन्छु । जय गणेश ।

(गुफाचौर/गणेशधाम अभियानका एक अभियन्ता)

# Snapshot of Tansen: Foundation of Concrete Changes



- Gopal Prasad Bashyal

Tansen Municipality maintained administrative and development activities at its regular speed and brought some concrete changes to be observed in the fiscal year 2076/2077. When the government agencies were about to gear up their functions after the Municipal Council meeting and some preliminary procedures were at hand, the COVID-19 distracted everyone from development activities to manage the pandemic crisis. Tansen Municipality showed a serious and matured leadership of coordination among the government and the non-government agencies to control the adverse effects of the pandemic. At the same time, some crucial steps were taken and the development projects were continuously accomplished. A few major development activities are highlighted as below. I'm thankful to the officials for providing information to prepare this article.

1. **Bus terminal:** The construction of Green Bus Terminal at Bandevi has been speeded up at the lock down period. The almost half a century old bus park has become quite narrow and there is growing threat of accidents around there. Unfortunately, the huge project of restructuring Tansen was cancelled due to lack of agreement on the place for the bus park some years ago. After the continuous dialogues and negotiations of the local government, the selection of Bandevi area was finalized. It took almost one year for completing all legal procedures. It's been decided that Bandevi Green Bus Park will occupy 100 ropanies of land. There will be lots of facilities like garage, petrol pump and hotels etc. In this period cutting down of pinewoods and their management activities in coordination with District Forest Office were completed. There will be the systematic bus park in Tansen. It's a significant contribution of Tansen government to ensure road safety and beautify the city.

2. **Siddhartha Economic Corridor (SEC):** Sometimes intellectuals grumble at the declining fate of Tansen's glorious history. Tansen government is seriously working to regain its glory, beauty and establish it as really an economic hub. It seems



impossible to Tansen for its sustainable development alone. Therefore, establishing economic corridor is promptly chosen as a crucial intervention for its growth. Economic corridors connect economic agents along a defined geography and region. They establish links among economic hubs. For this, there is dire need of developing necessary infra-structures and upgrading services and logistics. Improved logistics efficiency is associated with trade expansion, export diversification, investment in productive capacity, economic growth and poverty reduction. Tansen Municipality initiated, perhaps the first time in Nepal, and organized a two day conference on developing Siddhartha Economic Corridor (SEC) on December 1-2, 2019. The programme was a milestone on brainstorming on joint efforts of economic development to attain the motto of "prosperous Nepal, happy Nepali", said Mr Ashok Kumar Shahi, the Mayor. The policy makers and planners of Lumbini and Gandaki Province, parliamentarians, chief and deputy chief of Municipalities and Rural Municipalities, officials, development workers and politicians adjacent to the Siddhartha highway gathered together and discussed the necessity, possibility, challenges and conditions for materializing SEC as one of the major intervention of upgrading people's economic status. As the Conference gave wonderful suggestions, Tansen has organized the virtual meetings with the partnering local governments, donor agencies and seeking their supports to materialize this mega project.

3. **Marble Street:** As a continuous project of the previous fiscal year, the marble street project has covered a long street distance of Bhagawati temple-Terso sadak-Silkhan tole street. It has widened the street area and also beautified the street.

4. **COVID-19 crisis and Tansen Municipality:** Tansen Municipality showed insightful coordination among the government and non-government agencies to manage the possible effects of COVID-19. All the representatives and staffs were actively mobilized. There will be a huge list of activities related to this. But in brief, it must be said that Tansen Municipality served a lot to manage and control the pandemic. There is not any grumbling observed at any public forum in this regard. The following activities were really remarkable during the pandemic crisis.

a. Coordination: To manage the COVID-19 crisis, Tansen Municipality could coordinate well with the hospitals, forces, administration, organizations and other local governments as well. The construction of quarantines, managing community quarantines and holding center are really praiseworthy works of Tansen for serving people irrespective to their residing districts and local councils. Janapriya School quarantine, Bhusaldanda isolation and Batasedanda holding center served people from different geographical and political maps. Tansen served the best humanitarian services to the needy ones. Mandavya community quarantine was also a good initiation of local people at such crisis period.

b. **Active role of local government representatives for COVID-19 management:** The Mayor, Deputy Mayor and all other elected representatives of Tansen Municipality actively engaged in COVID-19 management and monitored every activity well. They regularly visited the quarantines, isolation and holding centers, managed necessary facilities, visited the people at homes and inspected for betterment.

c. **Agriculture ambulance:** The Youth Council of Tansen Municipality, in the financial assistance of the Municipality, started Agriculture Ambulance and served cheap vegetables at the doors during the lockdown. The city dwellers were thrilled to receive the cheaper and fresh vegetables at the door. Later, the farmers' cooperatives of Argali and other nearby villages also started serving vegetables at the doors.

d. **Foods in subsidized rate:** Tansen Municipality, in coordination with Nepal Army and police for distribution, provided rice at subsidized rate at the door. The poor people received free food items during the lockdown. All the elected representatives, staffs and security were engaged and these services were well managed.

e. **Remote teaching:** Tansen Municipality sponsored the radio teaching programmes for SEE and Grades 11-12 examination preparing students on the Community Radio Madanpokhara and the Unique FM respectively. These radio teaching were well appreciated to keep the students active and prepare the exams. The Municipality also provided two weeks of ICT training for all teachers.

f. **Alternative reading materials:** Tansen Municipality printed the home-based reading materials produced by the Center for Education human Resource Development (CEHRD) and distributed free to all students in Tansen. The Municipality also provided support to the teachers of institutional schools.

5. **Social services:** The maternity services, distribution of disable certificates and other social welfare services were provided at the doors even at the crisis period. The Judiciary Committee continued building relationship and trust among the conflicting individuals. Most of the cases were solved with agreement among disputing individuals, said Mrs Laxmi Pathak, the Deputy Mayor. The Reconciliation Center has been set up in all Wards and functioning well.

6. **Media:** Hamro Tansen bulletin was regularly published even at the pandemic period. There were several press conferences as usual. Tansen also provided corona insurance to 85 journalists.

7. **Pushpa Lal Smriti Rastriya Patrakarita Puraskar:** Tansen Municipality has established a national level journalist award to remark the valuable contribution of late Pushpa Lal Shreshtha, the founder of Nepal Communist Party, and maintained a Fund for this. The Fund has decided to award Mr Hiranya Lal Shreshtha, the senior journalist and the foreign affairs scholar, on Asadh 14, the birthday of Pushpa Lal at an august gathering of Mrs Vidhya Devi Bhandari, President, Nepal.

8. The Asia Foundation, as a partner organization joining hands to enhance good governance, organized different workshops on strengthening local governments in Tansen.

9. The widening of highway at different spots was done. However, it has several challenges of motivating people residing at the road sides. It also looks ugly until the roadside area gets green and roads get black-topped.

Due to COVID-19, some projects were disturbed. The Big Buddha, one of the highly prioritized projects of Tansen, couldn't start since Rs. 25 lakh of this project was transferred to the COVID-19 management fund. Similarly, the beautification and upgrading of Tundikhel was also affected. The other expansion of rural roads and graveling were also halted.

Despite of COVID-19 crisis, Tansen Municipality laid foundation of people's prosperity and regains the glory of Tansen. Big projects like Big Buddha will spread Tansen's virgin history of mini Kathmandu. This will also enrich harmony among people of diverse social and religious cults. Tansen also observes progressive economic activities and prosperity with the implementation of Siddhartha Economic Corridor. Although it demands huge technical expertise and financial investments, it's been clear that this project will certainly be materialized with the prompt coordination among the partnering local governments, donor agencies and non-government sectors as well. Similarly the Bandevi Green Bus Park is another remarkable beginning which will definitely manage traffic and support beautifying Tansen. These major achievements have spread the message of Tansen Municipal Council speeding up its performance in satisfactory pace.

*( Journalist)*

# जमानी बसेर युवालाई उद्यमी बनाउँदै तानसेन नगरपालिका



- माधव अर्याल

तानसेन नगरपालिकाले मुलुकभरमै पहिलोपटक नयाँ कार्यक्रम लागु गरेको छ । विशेष गरी कोभिड-१९ बाट प्रभावित युवाका लागि लक्षित गरेर नयाँ कार्यक्रम सुरूवात गरेको हो । सहयोगी संस्थाकोसमेत सहयोगमा नगरपालिकाले युवा लक्षित कार्यक्रम लागु गरेको जनाएको छ । यसबाट धेरै युवा, महिला, दलित महिला लाभान्वित भएका छन् । तानसेन नगरपालिकाले नेपाल बैंक लिमिटेड तानसेन शाखासँग सम्झौता गरेर युवाका लागि बिना धितो ऋण परिचालन गर्ने गरेको छ । यति मात्र होइन, युवाका लागि सहयोग पुगोस् भनेर नै नगरपालिकाले यी पंक्ति लेख्दासम्म १ करोड ५० लाख जमानी रकम राखेको छ ।

तानसेन नगरपालिका-७, की कोपिला हितङगाले श्रीमान्सँगै माछापालन व्यवसाय गर्नुभएको छ । उहाँले माछापालनका लागि केही महिना अघि दुई पोखरी खनाउनुभयो । यसबाट आम्दानी राम्रो हुन्छ भन्नेमा उहाँ ढुक्क हुनुहुन्छ । केही महिना अघि मात्रै उहाँका श्रीमान् विदेशबाट फर्कनुभएको हो । 'मैले माछापालनको तालिम लिएकी हुँ,' उहाँले भन्नुभयो, 'घरमै बसेर श्रीमान्ले पनि सघाउनुभएको छ । पुनः विदेश जाने सोंच राख्न दिएकी छैन ।'



उहाँले सस्तो व्याजदरमा ५ लाख ऋण लिनुभएको हो । तानसेन नगरपालिकाको धन जमानीमा नेपाल बैंक लिमिटेड तानसेन शाखामार्फत् लिएको ऋणको व्याज ३ प्रतिशत मात्रै छ । बाँकी व्याज नगरपालिकाले छुट दिने घोषणा गरिसकेको उहाँले बताउनुभयो । तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा सञ्चालित कार्यक्रममा तालिमको सहजीकरण ग्रामीण आर्थिक विकास संघ (रेडा) ले गरेको हो ।

'नगरपालिकामार्फत् तालिम पाइयो,' उहाँले भन्नुभयो, 'काम गर्नका लागि सहुलियतमा ऋण नेपाल बैंकले दिएको छ ।' तानसेन नगरपालिका-८, मदनपोखराकी उमा अर्याल घरेलु तथा साना उद्यमी बन्नुभयो । उहाँले तानसेन नगरपालिका-४, बारूदखानमा नारी सेनेटरी प्याड उद्योग खोल्नुभएको छ । सिरक डसनाको पसल गर्ने श्रीमान्ले समेत अहिले श्रीमतीको उद्योगमा साथ दिनुभएको छ् । छोराछोरी, श्रीमान् मात्र होइन थप पाँच जनालाई उहाँले रोजगारी दिनुभएको छ । स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधिअनुसार तानसेन नगरपालिकाले युवासँग निवेदन माग गरेको थियो । २ सय ३५ युवाको आवेदनमध्ये उमा पनि छनोट हुनुभएको हो । निवेदनअनुसार उहाँले उद्योग सञ्चालन गर्न प्रस्ताव पेश गर्नुभयो । 'निवेदन धेरैको परेको थियो,' उहाँले हाम्रो तानसेन त्रैमासिकलाई भन्नुभयो, 'काम गर्न सक्छु भन्ने दृढ विस्वास जाग्यो । ऋण लिएर काम सुरू गरेँ ।'

उमाको नारी सेनेटरी प्याड उद्योगले अहिले उत्पादनअनुसार बजार पाएको छ । उत्पादन खपत भएपछि थप हौसला मिलेको उहाँले बताउनुभयो । उहाँले नगरपालिकाबाट सहुलियतको ५ लाख ऋण लिएको बताउनुभयो । यी सामग्रीका लागि सम्वाद गर्दाताका बजार बिस्तार गर्न घरबाट अलग्गै थप ऋण लिने सोंचमा हुनुहुन्थ्यो । उमाले भन्नुभयो 'बजारमा प्रतिस्पर्धा गर्न सक्छु भनेर हौसला दिने तानसेन नगरपालिका नै हो,' उहाँले भन्नुभयो, 'नगरपालिकाको सोंच, सहयोग र नेपाल बैंकको ऋणले मलाई उद्यमी बनायो ।'

तानसेन नगरपालिका-८, का युवा श्रवण लम्साल चार वर्ष विदेश बसेर फर्कनुभएको हो । खाडी मुलुकमा समय बिताउनु भएका उहाँको घरमा आम्दानी केही थिएन । खाडी बस्दाको सबै कमाइ घर खर्चमै सीमित भयो । कोभिड-१९, को मारमा घर फर्केपछि उहाँले नगरपालिकाले सञ्चालन गरेको युवा स्वरोजगार कार्यक्रममा सहभागी भएर रेडाले सहजीकरण गरेको

दुध र विविधिकरणको तालिम लिनुभयो । लगत्तै एक भैंसी र ५ गाई पाल्नुभयो । लम्साल गाईफार्म चलाउनु भएका श्रवणले ऋण लिएको रकमबाट गोठ व्यवस्थित गरेको बताउनुभयो । उहाँले पनि सहुलियत व्याज दरमा ५ लाख ऋण लिनुभएको नेपाल बैंक लि. तानसेनका प्रबन्धक सुरज घिमिरेले बताउनु भयो । 'काम सुरू गरेपछि राम्रै आम्दानी भएको छ,' श्रवणले भन्नुभयो, 'किस्ता समयमा तिर्छु भन्ने दृढ विश्वास छ ।'



तानसेन नगरपालिका जमानी बसेर नेपाल बैंकबाट ऋण लिएर सफल व्यवसाय गरेका यी केही उदाहरण मात्र हुन् । तानसेन नगरपालिकाले मुलुकमै पहिलो र नयाँ अभ्यास सुरू गरेको दाबी गरेको छ । दातृ संस्थाको सहयोगमा विदेशबाट फर्केका र यहीँ बसेका १८ वर्ष पुगेका युवा कार्यक्रममा सहभागी हुन पाउने नगरपालिकाले जनाएको छ । दलित र महिलाका लागि उमेर हद तोकेको छैन । तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले भन्नुभयो, "आगामी आर्थिक वर्षभित्र ८ सय युवालाई स्वरोजगार बनाउने अभियान सुरू गरेका छौं । 'योजनाअनुसार छिट्टै काम गर्न कोभिड-१९ ले केही असर गरेको छ,' उहाँले अगाडि भन्नुभयो, 'तर पनि आगामी वर्ष कम्तीमा ५ सय युवालाई स्वरोजगार बनाउन सकिन्छ भन्ने लाग्छ ।'

### सहयोगी संस्थाको साथ

तानसेन नगरपालिकालाई नेपाल बैंक लिमिटेड मात्र होइन, धेरै सहयोगी संस्थाले यस अभियानमा साथ दिएका छन् । अझ धेरै संस्था साथ दिनका लागि आउने तयारीमा छन् । यो कार्यक्रमबाट प्रभावित भएका संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युनएनडीपी), हेफर इन्टरनेशनल नेपाल, ग्रामीण आर्थिक विकास संघ (रेडा) लगायतले सहकार्य गरिसकेका छन् । अन्य निकायलाई पनि कार्यक्रममा सहभागिताका लागि आग्रह गरिसकेको तानसेन नगरप्रमुख शाहीले बताउनुभयो ।

नगरपालिकाले पहिलो चरणमा आव्हान गरेअनुसार २ सय ३६ जनाले आवदेन दिएका थिए । हेफरमार्फत् ५ सय र युएनडिपी अन्तर्गत १ सय १३ जनाको निवेदन परेको छ । प्राप्त निवेदनलाई छनोट गरिएको नगरप्रमुख शाहीले बताउनुभयो । 'अवस्था, आवश्यकता हेरेर मात्र ऋण लगानी गर्नेछौँ,' उहाँले भन्नुभयो, 'यसबाट युवाले खोजेको र चाहेको उद्योग, व्यवसाय गर्न सक्ने छन् ।' नगरप्रमुख शाहीका अनुसार कतिपय युवालाई तालिमसमेत दिइएको छ ।



कार्यविधिअनुसार संघीय, प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट सहयोगको अपेक्षा छ । वित्तीय संस्थाबाट प्राप्त अनुदान तथा ऋण रकम, नगर सभाबाट कोषका लागि विनियोजित रकम पनि कार्यक्रममा लगाउन सकिने गरी कार्यविधि बनेको छ । कोष परिचालनबाट प्राप्त आम्दानी, नगरपालिकामा रहेको घुम्ती कोष (गाउँनगर साझेदारी कार्यक्रमबाट) खर्च गर्न सकिनेछ । नगरपालिकाले युवालाई १४ वटै वडा कार्यालयमार्फत् फर्म भर्न पाउने व्यवस्था गरेको नगरप्रमुख शाहीले बताउनुभयो ।

कार्यक्रमका लागि तानसेन नगरपालिकाले १ करोड ५० लाख नेपाल बैंक लिमिटेडमा धितोका रूपमा राखेको छ । यो रकमबाहेक बैंकले चार गुणा बढीसम्म लगानी गर्ने सम्झौता छ । यसबाट युवाले बिना धितो ५ लाखसम्म ऋण लिन सक्छन् । 'अवस्था हेरीकन एकदेखि पाँच लाखसम्म ऋण लगानी गरिनेछ,' उहाँले भन्नुभयो, 'अहिले अधिकतम् ५ लाखसम्म ऋण लगानी गरिएको छ ।' २ सय बढी युवालाई तालिम दिइसकिएको छ ।

### यस्तो छ कार्यविधिको सार

तानसेन नगरपालिकाले यही कार्यक्रमका लागि निर्माण गरेको कार्यविधिअनुसार तरकारी उत्पादन, बीउबिजन, वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी, पशुपन्छीपालन गर्न

पनि सक्ने नगरपालिकाले जनाएको छ । फलफूल उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरणका साथै मत्स्यपालनका योजना पनि बनाउन सक्ने नगरपालिकाका योजना तथा प्रशासकीय अधिकृत विष्णु पौडेलले बताउनुभयो ।

च्याउ, पशु बधशाला, मासुजन्य उत्पादन, दुग्ध उत्पादन, जडिबुटी तथा गैरकाष्ठ वनपैदावर, उखु, कफी, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो खेती तथा यिनीहरूको उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण गर्ने योजना पेश गर्न सकिनेछ । कार्यविधिले पुष्प व्यवसाय, मौरी पालन, जौ, फापर, सिलाम, प्राङ्गारिक तथा जैविक मल, कपास, ऊन, रेसम खेती, भेडा, च्याङग्रा र चौरी लगायतको ऊनको उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्न सकिने उल्लेख गरेको छ ।

युवालाई हाते तथा खुट्टे तान, अर्ध स्वःचालित तान, सिलाई, बुनाई, उनी पोशाक, सिकर्मी, काठबाट कलात्मक वस्तु, बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य गर्न प्रोत्साहन गरिने योजना तथा प्रशासकीय अधिकृत पौडेलले बताउनु  भयो । हाते कागज उत्पादनका साथै सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरूको कार्य गर्न पनि प्रस्ताव आव्हान गरेको छ । गहना तथा मूर्ति बनाउने कार्य, सेरामिक्स वा कुमालेको पेसा, छालासम्बन्धी, चित्रकला, कागज तथा स्थानीय स्रोत साधनमा आधारित कार्य गर्न प्रोत्साहित गरिने कार्यविधिमा छ ।



विष्णु पौडेल

दलित तथा अल्पसंख्यक समुदायका लागि परम्परागत बजाउने बाजा, सिलाइकटाई, परम्परागत आय आर्जनका पेसा, फलाम, कोइला आदि वस्तु खरिद-विक्री गर्न सक्ने व्यवस्था छ । यसैगरी आरन, जुत्ता बनाउन चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता चप्पल, ब्याग, काठ र  माटोबाट कलात्मक वस्तु, सुन, चाँदी, तामा पित्तलका गहना एवम् भाँडाकुडा बनाउने योजना पेश गर्न सक्नेछन् ।

**ऋण लिएका खुसी**

ऋण लिएर काम गरेकाहरू अहिले हौसिएका छन् । उनीहरूले विगतमा पैसा नभएर त्यसै बस्नुपरेको थियो । बिना धितो ऋण लिएकाहरूले अहिले समयमै व्याज र साँवा बुझाउने गरेका छन् । यति मात्र होइन, पुँजी हुनेलाई सीप र सीप हुनेलाई पुँजी दिएकाले पनि तानसेन नगरपालिका सहयोगी बनेको छ । 'विगतमा १८ देखि २४ प्रतिशत व्याजमा लिनुपर्ने अवस्था थियो,' गणेश पेपरप्लेट सञ्चालन गर्नुभएकी चुनु पाण्डेयले भन्नुभयो, 'तानसेन नगरपालिकाको अभियानले हामी जस्ता साना उद्यमीलाई धेरै फाइदा पुगेको छ ।' अन्य कामका लागि ऋण लगेकाहरू पनि अहिले खुसी नै छन् । नेपाल बैंक लिमिटेड तानसेनका शाखा प्रबन्धक सुरज घिमिरेका अनुसार यो पंक्ति लेख्दासम्म नगरपालिकाको सम्झौताअनुसार १ सय १२ जनाले ऋण लगिसकेका छन् । उनीहरूले समयमा ऋणको व्याज, किस्ता बुझाएमा सहुलियत पाउनेछन् ।

बढ्दो शैक्षिक बेरोजगारी, युवा शक्तिको विदेश मोह, ज्ञान, प्रविधि, उचित परामर्शको अभावका बेला यो कार्यक्रम प्रभावकारी भएको प्रवन्धक घिमिरेले बताउनुभयो । चर्को तथा झन्झटिलो ऋण, निर्वाहमुखी कृषि प्रणालीबाट नैराश्यता, पेसाको आधारमा विभेद, सरकारी अनुदार नीति, बजारीकरण जस्ता समस्या छन् । 'यस्तो अवस्थामा तानसेन नगरपालिकाले जुन सोंच ल्याएको छ,' उहाँले भन्नुभयो, 'त्यसबाट युवालाई विदेश पलायन गराउनेभन्दा पनि यही केही गरौं भन्ने भावना जागृत हुनेछ ।' उहाँका अनुसार युवा तथा महिला उद्यमी यो कार्यक्रमबाट लाभान्वित भएका छन् । थप युवाले निवदेन पेश गरेका छन् । बैंकका शाखा प्रबन्धक घिमिरेका अनुसार नगरपालिका जमानी बसेपछि यो सामग्री तयार पार्दासम्म बिनाधितो दुई करोड १६ लाख कर्जा प्रवाह भएको छ ।

व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा २३ जनाले ९७ लाख ५० हजार लगेका छन् । महिला उद्यमशील कर्जा २६ जनाले ९९ लाख लिए । दलित समुदाय व्यवसाय विकास कर्जाअन्तर्गत चार जनाले १० लाख ५० हजार लगेर उद्यमी बनेका छन् । विदेशबाट फर्किएका युवा परियोजना कर्जा अन्तर्गत दुई जनाले नौ लाख लगेर तरकारी खेती गरेका छन् । नगरपालिकासँग भएको सम्झौताअनुसार सहुलियत दरको कर्जा लगानी गरिएको शाखा प्रबन्धक घिमिरेले बताउनुभयो । यसरी कर्जा पाउनेहरू अहिले कुनै न कुनै उद्यम गरेर उद्यमशील बनेको उहाँले बताउनुभयो । 'यसरी लगानी गर्दा बैंकलाई जोखिम हुन्छ,' उहाँले भन्नुभयो, 'तर सुरूबाटै जोखिमलाई न्यूनीकरण गर्दै नियन्त्रणको उपाय पनि अवलम्बन गरिएको छ ।'

नेपाल बैंकले मुलुकभरमै पहिलो पटक तानसेन नगरपालिकाको प्रस्तावअनुसार स्थानीय तहसँग यसरी सम्झौता गरेर युवालाई उद्यमशील बनाउन कर्जा प्रवाह गरेको जनाएको छ । कर्जा प्रवाहबाट कृषि, परम्परागत तथा घरेलु उद्योग, महिला उद्यमशीलता, युवा स्वारोजगारजस्ता क्षेत्रको विकास हुने अपेक्षा गरिएको तानसेन नगरपालिकाका नगरप्रमुख शाहीले बताउनुभयो । पछिल्लो ६ महिनायता नगरपालिका भित्रका १

सय १३ जना युवा उद्यमशील बनेका छन् । परम्परागत पाल्पाली ढाका, दुग्धजन्य, बाँसका सामग्री, करूवा, पुष्पखेती, माछापालनलगायतको तालिम प्रदान गरिएको छ । 'कार्यक्रमले मासिक १०/१५ हजारका लागि विदेश जाने युवालाई रोक्न सफल भएकोछ,' नगरप्रमुख शाहीले भन्नुभयो, 'स्वरोजगार बन्न सहयोग गरेको छ भने युवा पलायन हुनबाट पनि रोकिएको छ ।'

**नेपाल बैंकसँगको सम्झौता**

तानसेन नगरपालिका र नेपाल बैंकबीच युवा स्वरोजगारको लागि सहुलियतपूर्ण ऋण लगानीसम्बन्धी सम्झौता भएको छ । तानसेन नगरपालिकाका नगर प्रमुख अशोककुमार शाही र नेपाल बैंक लुम्बिनी प्रदेशका प्रमुख पासाङ दोर्जे शेर्पाले सम्झौता-पत्रमा हस्ताक्षर गर्नुभएको छ । सम्झौताले सरकार र बैंकले युवालाई पत्याउँदैन भन्ने भ्रमलाई चिरेको छ । मिहिनेती युवालाई स्वरोजगार बनाउनका लागि तानसेन नगरपालिका जमानी बस्नेगरी सम्झौता गरेको हो ।

ऋण दिने मात्र नभई साँच्चिकै युवालाई स्वाभिमान गराउने लक्ष्य तानसेन नगरपालिकाको हो । कुनै पनि व्यवसाय गर्ने उद्देश्यका साथ समूहमा वा व्यक्तिगत ऋण लिन आउने युवालाई नगरपालिकाको तर्फबाट आवश्यक प्रक्रिया पूरा गरी नेपाल बैंकबाट ऋण उपलब्ध गराइने छ । नेपाल सरकारको स्वीकृती लिएर वैदेशिक रोजगारमा गएका र सीप सिकेर फर्केका युवालाई बढी प्राथमिकता दिएको छ । प्रक्रिया पूरा गरी तानसेन नगरपालिकाको सिफारिसमा युवालाई एक करोडसम्म सहुलियत दरमा ऋण उपलब्ध गराउने कुरा सम्झौतामा छ ।

सहुलियतपूर्ण कर्जासम्बन्धी स्थानीय तहसँग गरिएको यो सम्झौता नेपालकै सन्दर्भमा पहिलो हो । बैंकले एक ठाउँमा निक्षेप सङ्कलन गरी प्रायः बाहिर लगानी गर्ने प्रचलन रहेकोमा यस्तो प्रकारको सम्झौताले तानसेनमा सङ्कलन भएको पैसा यहीँका युवाले प्रयोग गर्न पाउने वातावरण सिर्जना भएको छ । सरकार जमानी बसेर युवालाई ऋण उपलब्ध गराउने काम सह्रानीय छ । ऋण नतिर्ने ऋणीसँग ऋण असुल्ने काममा नगरपालिकाले सहयोग गर्नुपर्ने हुन्छ । उठ्न नसकेको ऋण नगरपालिकाले भुक्तान गर्नुपर्ने उल्लेख गरिएको छ । युवा स्वरोजगार कार्यक्रमअन्तर्गत युवालाई बैंकले सहुलियत दरमा बिना धितो ऋण उपलब्ध गराउने छ ।

**सबैको साथ र सहयोग**

परियोजनाअन्तर्गत नगरपालिका, युएनडिपी र रेडा मिलेर सूचना प्रणाली सीप, क्षमता विकास तथा प्रविधि हन्तान्तरणका कार्यक्रमसमेत सञ्चालन भएका छन् । उद्यम विकास योजनासम्बन्धी तथ्याङ्कमा आधारित रहेर बजारको सर्वेक्षण पनि गरिएको छ । पाल्पाली पहिचान (ढाका कपडा र करूवा) सम्बन्धी उत्पादनको सीप नयाँ पुस्तालाई हस्तान्तरण गर्ने तालिम प्रदान गरिएको रेडाका कार्यकारी निर्देशक लीलाबहादुर कार्कीले बताउनुभयो । त्यसका लागि युएनडिपीले पनि सहयोग गरेको छ । 'आगामी दिनमा युएनडिपी र नगरपालिकाको सहकार्य हुने पक्का जस्तैछ,' उहाँले भन्नुभयो, 'पहिलो चरणको कार्यक्रमलाई कोभिड-१९ ले केही असर गरे पनि आगामी दिनमा राम्रोसँग हुने विश्वास छ ।'

युएनडिपीको सहयोगमा तानसेन नगरपालिकाको समन्वयमा रेडाले स्थानीय उत्पादनलाई स्थायी रूपमा बिक्री गर्न प्रदर्शनी कक्ष (आउटलेट) हरू निर्माण गर्न बजेट विनियोजन गरेको छ । तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्ली राज बेल्वासेका अनुसार युवाहरूलाई सूचना आधार प्रदान गर्न इन्टरप्राइज बिजनेस इन्कुवेसन एन्ड इन्नोभेसन सेन्टर (इबिक) पनि स्थापना भएको छ । युवा उद्यमीहरूलाई प्रोत्साहित गर्न स्थानीय सफल र अनुभवी उद्यमीको अनुभव आदान प्रदान गरिनेछ । युएनडिपीको सहयोगमा यी पंक्ति लेख्दासम्म १ सय १३ जना बेरोजगार युवालाई १५ दिनदेखि ३ महिनासम्मको सीपमूलक तालिम सञ्चालन भइसकेको छ ।

पुष्प खेती, ट्राउट माछापालन, उच्च मूल्यका तरकारी तथा फलफूल, दुध र मासुजन्य, बाँस तथा काष्ठ, माटोका कलात्मक सामग्री बनाउने तालिम सञ्चालन गरेको युएनडिपीका कार्यक्रम प्रमुख सुदीप अर्यालले बताउनुभयो । 'तानसेन नगरपालिकाले जुन सोंच र लक्ष लिएर काम अघि बढाएको छ,' उहाँले भन्नुभयो, 'यसबाट दिगो विकास लक्ष्य (एसडिजि) हासिल गर्न र युवालाई स्वरोजगार बनाउन सहयोग पुग्ने छ ।' यस्तो प्रकारको कार्यक्रमले युवाहरूलाई पुनः विदेश फर्किन बाध्य पार्ने छैन भन्ने विश्वास छ । तर यसका लागि झन्जटिलो प्रक्रिया अपनाउन भने हुँदैन । युवाले स्वरोजगार हुनका लागि केही काम गर्न खोज्दा समस्यै समस्या निम्तिन नदिने वातावरण तयार गर्नुपर्छ । कार्ययोजना पेश गरेका र तालिम लिएका युवाहरूका लागि नगरपालिका र सम्बन्धित संस्थाले सहजीकरण गरी सहज ढंगले सहयोग गर्न भने चुक्नु हुँदैन ।

(उप-सम्पादक, कान्तिपुर दैनिक)

अन्तर्वार्ता

# 'कोरोना महामारीले सम्भावना पनि लिएर आएको छ' - तानसेनका मेयर शाही



प्रस्तोता - रेखीराम राना



(देश संघीय संरचनामा गए लगत्तै सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधीहरूको अगुवाइमा तानसेन नगरपालिकामा भएका कामबारे नगरप्रमुख अशोककुमार शाहीसँग नवसंवाद साप्ताहिकका सम्पादक रेखीराम रानाले गर्नुभएको कुराकानीको सार- प्रधान सम्पादक)

**तानसेनले तीन वर्षको अबधिमा सडक सञ्जाल र पर्यटनलाई किन प्राथमिकता दिइरहेको छ ?**

पहिलो, तानसेन नगरपालिकाले सडक निर्माणलाई विशेष प्राथमिकता दिएको छ । त्यसमध्ये सिद्धार्थ लोकमार्गलाई फराकिलो गर्ने सवालमा पनि बर्तुङदेखि गौडेंको पुलसम्म हामीले जिम्मेवारी लिएर काम थालेका छौं । त्यसले हामीलाई आर्थिक रूपले र तत्काल वातावरण प्रदूषणको समस्या त परेको छ तर पनि यसले हाम्रो आर्थिक गतिविधिलाई अलिकति विस्तारित गर्छ भन्ने हाम्रो विश्वास छ ।

त्यसैगरी तानसेन तम्घास सडकअन्तर्गत टक्सार जिरो किलोमिटरदेखि अन्तिम सिमानासम्मको बाटोलाई फराकिलो पार्ने काम भ्याएका छौं र सडक कार्यालयसँग सहकार्य गरेर नाली बनाउने र ग्राभेलिङ गर्ने काम सुरू भएको छ । यी दुई सडक भनेको अत्यन्त महत्त्वपूर्ण सडक हुन् ।

दोस्रो, नगरपालिकाको ४५ किलोमिटर सडक, म २०५४ सालमा मेयर हुँदा खनेका थियौं, रिङरोड भनेर । त्यो बेला ४/५ मिटर खन्यौ अहिले ८ मिटरको माग भयो, त्यसैले यसलाई ८ मिटर चौडा गर्दैछौं । अर्को तपाईमार्फत् के भन्न मन लाग्यो भने सेतीपोखरीबाट सिधै वृन्दावन पेट्रोलपम्प निस्कने बाटो अहिले हामी खोल्दै छौँ । बजेट विनियोजन भैसकेको छ । प्रदेश सरकारबाट पनि बजेट मागेका छौं, प्रदेश सरकारबाट पनि केही बजेट प्राप्त भएको छ । त्यो बाटो ल्यायौं भने तानसेनबाट बुटवल जाँदा ५ किलोमिटर छोटो हुन्छ । अहिले सकेसम्म

बाटो (सडक) लाई छोटो गर्ने, बाटोलाई सहज गर्ने, एकैस्थानमा झुरुप्प परेको बस्तीलाई बिस्तार गर्ने योजनाअन्तर्गत हामी लागिरहेका छौं । सँगसँगै नगरक्षेत्रमा ढुंगा छाप्ने काम गर्दा अहिले हामीलाई अलि डिस्टर्व भयो । तानसेनको कोर एरियामा ढुङ्गा छाप्ने कामको पहिलो चरण सकियो । यो साल प्रदेश सरकारबाट प्राप्त बजेटले दोस्रो चरणको ढुङ्गा छाप्ने काम सुरू हुँदै छ । आगामी वर्ष फेरि केही भागमा काम गर्दैछौं । यसको मुख्य उद्धेश्य के हो भने, तानसेनलाई पर्यटकीय नगरको रूपमा विकास गर्ने, पर्यटकले हेर्न चाहाने खालको हुनुपर्छ र हाम्रा भावी सन्नतीले पनि हाम्रो इतिहासलाई देख्न पाउनुपर्छ । त्यो कामका लागि हामी लागिरहेका छौँ । यी कामबाट पर्यटन विकासमा हामीले फड्को मार्न सक्छौं भन्ने विस्वास छ ।

तेस्रो तानसेन नगरपालिकाकै अगुवाइमा सिद्धार्थ आर्थिक करिडोरको मुद्दा अगाडि सारेका छौँ । यो मुद्दालाई अहिले क्रमशः लुम्बिनी प्रदेश सरकार, गण्डकी प्रदेश सरकारले पनि अपनत्व ग्रहण गरेको अवस्था छ । वर्ल्ड बैंक लगायतका संस्थाहरूले २९.५ मिलियन डलरको कार्यक्रमको प्याकेज ल्याएका छन् । त्यो मार्फत् यस क्षेत्रमा शून्यतातर्फ झरिरहेको आर्थिक क्रियाकलापलाई चलायमान गर्नेतर्फ लागिरहेका छौँ । सिद्धार्थ लोकमार्ग नजिक बस्ने मानिसहरु पलायन हुनबाट रोक्न सकिन्छ र हामीले आर्थिक गतिविधि अगाडि बढाउन सक्छौँ भन्ने विस्वासमा आर्थिक कोरिडोरलाई अगाडि बढाएका छौँ । नयाँ सडक सँगसँगै ट्रेकिङ् रूट बनाउनेतर्फ हाम्रो ध्यान गएको छ । पर्यटकीय नगरमा अब हामीले केही ट्रेकिङ रूट ओपन गरेर पर्यटन गतिविधि बढाउने तयारीमा छौँ । मोटामोटी तानसेनको श्रीनगर, कोकललगायतका स्थानमा १५/२० किलोमिटरको ट्रेकिङ् रूट बनाउन सक्यौं भने पनि तानसेनलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ ।

पर्यटनलाई फोकस गर्ने अर्को योजना भनेको तानसेन नगरपालिकालाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने हो । अहिले तानसेनले एसिया प्यासिफिक रिजनको टुरिजम प्रमोसन अर्गनाइजेसन (टिपिओ) को सदस्यता प्राप्त गर्दै छ, त्यसमार्फत् हामीले पर्यटनका दृष्टिकोणले विदेशी पर्यटकसमेत भित्र्याउन सक्छौँ भन्ने आधार हो । यसले पनि पर्यटनलाई टेवा पुर्‍याउछ भन्ने विस्वास छ ।

**तानसेनको मुख्य बजारलाई सडक सञ्जालबाट जोड्न खोज्नुको अर्थ के ?**

कोर एरिया मात्र होइन, हिजो हाम्रो कन्सेप्ट के थियो भने पर्यटक आउँदा उनीहरु हिमालमात्रै, डाँडामात्रै, वनमात्रै हेर्छन कि भन्ने थियो । तर उनीहरूले त हाम्रो जीवन्त संस्कार र संस्कृति पनि हेर्ने कुरा हो नि । त्यसकारण हाम्रो वरिपरि जुन संस्कृति छन्, तिनलाई चिनाउने हो । जस्तो मगर समुदायको युनिक संस्कृति छ । बोटे समुदायको छुट्टै संस्कृति छ । तानसेनमा मिक्स संस्कृति छ, नेवार, क्षेत्री/व्राम्हण समुदायको पनि ।

यो संस्कृति ट्रेकिङ रूटको रूपमा, संस्कृतिक हिसाबले हेर्ने त्यसरी विकास गर्न सकियो भने त्यसको सकारात्मक प्रभाव पर्छ । मलाई के लाग्छ भने, पर्यटकले के हेर्छन् भन्ने कुरा हामीमा डिफाइन हुन जरूरी छ । हिमालै मात्र हेर्न युरोपमा जति पनि हिमाल छ । वनमात्रै हेर्ने हो भने पनि जति पनि छ । मन्दिर हेर्न हो भने काठमाडौंबाट बाहिर आउनै पर्दैन । त्यसैले हामीसँग भएको युनिक कल्चर छ, त्यसलाई उनीहरु सामु प्रस्तुत गरेर पर्यटक तान्ने हो ।

हाम्रो भाषा शैली र संस्कारका कुराहरू, हिजो पूर्खाहरूले निर्माण गरेका कलाकौशलका कुराहरु यी सबैको मिक्सअप हुन सक्यो भने पर्यटन क्षेत्रको बिस्तार हुन्छ ।

**पर्यटन विकाससँग सम्बन्धित तानसेनमा भएका कामहरू के-के हुन् ?**

संस्कृतिको क्षेत्रमा तानसेनमा मगर सांस्कृतिक भिलेज बनाउने योजनामा छौँ । पहिले नै सुरू गरे पनि महत्त्वाकांक्षी योजना भएकाले यो विस्तारै अगाडि बढेको छ । हामीले के चाहन्छौं भने मगरका भावी सन्तानहरूले पनि मेरो संस्कृति मेरो संस्कार भनेर देख्न जाने कहाँ हो त ? अहिले हामी आधुनिकताको नाममा बाहिरी कुराहरूको नक्कल गरिरहेका छौँ । नाममा मगर राख्ने संस्कार र संस्कृति छोड्ने काम गरिरहेका छौँ । त्यसको लागि अध्ययन स्थलको रूपमा पनि होस् र हामी आफै यहाँका मगरहरूका लागि पनि होस् । बाहिरकालाई पनि यहाँ मगरहरु पहिले कसरी बस्थे ? के पोसाक कसरी लाउँथे ? के गर्थे ? के खान्थे ? यो समयसम्म आउँदा समाज विकासको क्रममा कति योगदान गरे ? कति संघर्ष गर्नुभयो ? त्यो संस्कृति

एउटा शिक्षा पनि हो, संस्कार पनि हो, त्यो अध्ययनको थलो पनि हो । यसरी लान सकियो भने त्यसले पैसा पनि आउँछ संस्कृतिको जगेर्ना पनि हुन्छ भन्ने हाम्रो मान्यता हो ।

अर्को कुरा, तानसेनमा बस पार्क सार्‍है साँघुरो र अव्यवस्थित अवस्थामा थियो । अहिले नेपाल सरकारबाट हामीले जग्गा प्राप्त गरिसकेका छौँ । आधुनिक बस स्टप (बस पार्क) बनाउन जग्गामा फडानी भैसकेको छ र त्यहाँ हामी बस टर्मिनल बनाउने क्रममा छौँ । यसले पनि तानसेन नगरपालिकाको बजार व्यवस्थित र विष्तृतीकरण गर्ने दुवै कुरालाई सघाउ पुर्‍याउँछ ।

त्यस्तै बतासेडाँडामा सांस्कृतिक डवली बन्दै छ । त्यसले हाम्रो सांस्कृतिक गतिविधि अगाडि बढाउने खालका आधारहरु प्रदान गरेको छ । संस्कृतिलाई आयस्रोतसँग जोडने कुराहरु हुनसक्छ ।

त्यस्तैगरी हामीले हाम्रो सान भन्ने, कथा हाल्न नथाक्ने पाल्पाली करूवा लोप हुन लागेको थियो । पाल्पाली ढाका लोप हुन लागेको थियो । अहिले लगभग दुई दर्जन बढी महिलालाई तालिम दिइसकेका छौँ । उहाँहरूलाई तीनवटा विकल्प दिएका छौं, तपाईंहरु घरमा सिङ्गल भएर तान राख्न चाहानुहुन्छ राख्नुस् हामी पैसा दिन्छौं, तान अनुदान दिन्छौं । होइन, दुई तीनजना मिलेर सामूहिक उत्पादन गर्न चाहान्छौं भन्नुहुन्छ भने गर्नुस्, हामी सहयोग गर्छौं । होइन हामी यी दुबै गर्न सक्दैनौ हामी स्थापित उद्योगमा काम गर्छौ भन्नुहुन्छ भने नगरपालिका बीचमा बसेर एग्रिमेन्ट गरिदिन्छ तपाईंहरूको श्रम शोषण हुँदैन ।

हाम्रो चाहाना के हो भने, हाम्रो युनिक कुरा रिभाइभ होस् । एउटा महिला घरमा बसी-बसी एकछिन फुर्सद भयो भने पाँच इन्च ढाका कपडा बुने पनि उसलाई फाइदा होस् । फुर्सदको समय पैसामा कन्भर्ट होस् भन्ने हो ।

त्यस्तै काँसको पाल्पाली करूवाको सवालमा अहिले तीन ठाउँमा तीनवटा उद्योगसँग सम्पर्क गरेर तालिम दिइरहेका छौँ । अहिले तालिम सकियो, तर उहाँहरु भन्नुभएको छ, अर्को एक दुई महिना तालिम दिनुहोस् हामी काम गर्छौ । करूवाको सामूहिक उद्योगहरु खोलिदिने, त्यसलाई अन्तर्राष्ट्रियकरण गर्ने, समय र मागअनुसार करूवाको साइजमा अलि सानो गरेर लाने हो भने त्यस्तो कलालाई पनि व्यवसायिक ढंगले लैजान र संस्कृतिलाई पनि व्यावसायिक ढंगले लैजान सहज हुन्छ । त्यसलाई मानिसको आर्थिक उपार्जनसँग जोड्ने काम हामीले गर्नुपर्छ भनेर लागेका छौँ । तानसेनको कला संस्कृतिको जगेर्नासँगै अर्थतन्त्रमा समेत टेवा पुर्‍याउने खालका कामलाई हामीले महत्त्व दिएका छौँ ।

**तानसेनको समृद्धि कसरी सम्भव छ ?**

यो स्वयंममा गाह्रो काम रहेछ । कतिपय ढंगले सहजै मुल्याङ्कन गर्न नसकिने काम । जस्तो पाल्पाली ढाकाको तालिम त दिइयो, त्यसको मापन कसरी गर्ने ? सडक बने देखिन्छ । पाल्पाली करूवाको तालिम दिइयो, तर मापन कसरी गर्ने ? अहिले हामीले सातवटा समूहमा थुप्रै युवालाई तालिम दियौं । बाँसको फर्निचर, डेरी प्रोडक्टदेखि लिएर विभिन्न सीपका लागि तालिम दियौँ, तर हामी के कुरामा छौं भने सहजै मापन गर्न नसकिने कामले समाजमा परिवर्तन ल्याउँछ । मैले अघि पनि भने, स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग नजोडदासम्म हामी समृद्ध हुन सक्दैनौं, स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग नजोडदासम्म युवालाई देश बाहिर पलायन हुनबाट पनि रोक्न सक्दैनौं । यो कुरामा हामी ध्यान दिएका छौं ।

हामीलाई के कुरामा अप्ठयारो परेको छ भने, अहिले तानसेन नगरपालिकाका ९ हजार ऊर्जाशील युवा बाहिर छन् । जसमध्ये ६ हजार विदेशमा छन् । तीन हजार बाहिरी जिल्लामा छन् । हामीले घरधुरी सर्वे गर्दा देखेको कुरा हो यो । अहिले हामीले अनलाइन सर्भे गर्‍यौँ कतिपय मानिसहरु जिल्ला फर्किरहेका छन् ।

**तानसेनको विकासमा युवालाई जोड्न सकिन्छ ?**

हामीले युवा लक्षित कार्यहरू अघि सारेका छौँ । जस्तै हामीले हेफर नेपाल र युएनडिपीको सहयोगमा वार्षिक ४०० युवालाई स्वरोजगार गराउने भनेका छौं । हामीसँग पर्याप्त युवा सम्पर्कमा आएका छैनन् । यसको पछाडिको बीचको कडी कहाँ हरायो भन्ने कुरामा हामी चिन्तित छौँ । हामीसँग पैसा पनि छ, कार्यक्रम पनि छ, दिई पनि रहेका छौँ । प्रचार पनि भइरहेको

छ । तर, हामीले सोचेअनुसार युवा सम्पर्कमा आएका छैनन् । त्यसैले यो विषयमा अब हामीले टोल विकास संस्थाहरूलाई, कतिपय सामाजिक संस्थाहरूलाई परिचालित गरेर, युवालाई रोजगार दिने सन्दर्भमा, हाम्रो हिसाब के हो भने, बाहिर जाने अदक्ष श्रमिकहरूले कमाउने भनेको मासिक करिब १५ हजार हो । हामीले यही १५ हजार कमाइन्छ भन्ने कुरा तथ्यगत तालिम दिएर बताइदिने र उनीहरूलाई सीप, स्रोत र मार्केट पनि दिने जुन कोसिस गरिरहेका छौं, यसमा युवाको चाखलाई बढाउन चुनौती महसुस गरेका छौँ । मलाई लाग्छ कोभिडका कारण अब तीनदेखि चार वर्ष बाहिर जाने अवस्था रहँदैन्, यो बीचमा खाली बस्नु भनेको उसको परिवारको रोजीरोटीको समस्या हुन्छ । परिवारको शिक्षाको समस्या हुन्छ । आफ्नै समस्या हुन्छ । त्यसैले यो विषयमा अलिकति लाग्न पर्ने, कोसिस गर्नुपर्ने अवस्था छ । यसमा हामी लाग्न सकियो भने सफल भइन्छ भन्ने विश्वास छ ।

**कोरोनाको महामारी छ, यसले तपाईंहरूको योजनामा असर गर्ला नि ?**

हरेक समस्याले सम्भावना जन्माउँछ भनेजस्तै कोरोनाले पनि समस्यासँगै सम्भावना ल्याउँदै छ हाम्रा लागि । कोरोनाले आर्थिक र सांस्कृतिक परिवर्तनको संम्भावना बोकेर आएको छ । तर हामीले प्रयास र प्रयत्न नगर्ने हो भने कोरोनाले ल्याएको नकारात्मक समस्यामाथि अर्को समस्या थपिन सक्छ । रोजगार गुमाउने फ्रस्टेड युवाको समूह पनि हुनसक्छ । त्यसकारण यो विषयमा हामी सचेतनापूर्वक लागिरहेका छौँ । यो काम गर्न सकियो भने सकारात्मक सोचको विकास हुन्छ । हामीले युवालाई सकारात्मक बनाउनैपर्छ । अहिलेको हाम्रो मुलुकको सबैभन्दा राम्रो पक्ष भनेको जनसंख्याको दुई तिहाई भाग उत्पादन गर्न सक्ने ऊर्जाशील जनशक्ति छन् । तानसेनकै कुरा गर्ने हो भने पनि लगभग त्यही संख्यामा छन् । ९ हजार युवा यति सानो नगरबाट बाहिर जानु भनेको नगरलाई नै घाटा हो । उत्पादन गर्नसक्ने युवा बाहिर पलायन हुनु राम्रो होइन । अब अर्धबेरोजगारको संख्या हेर्ने हो भने तथ्याङ्कले के देखाएको छ भने लगभग ४/५ हजार अर्धबेरोजगार छन् । आयस्रोत बढेपछि सकारात्मक सोच बन्छ । सकारात्मक सोचको विकास भएपछि आत्मबल बढ्छ, आत्मबल भएपछि राम्रो काम गर्छ । त्यसले विकास निर्माणदेखि सबै कुरामा अर्थ राख्दछ । यो कुरामा हामीले कोसिस गरिरहेका छौँ । यसमा सबैको सहयोगको अपेक्षा गरिरहेका छौँ । सहयोग पाइयो भने यसले नगरपालिकाको भावी पुस्तालाई राम्रो नगर सुम्पन सक्छौँ भन्नेमा म विश्वस्त छु ।

**तानसेनको विकासमा सडकको सञ्जाल अनि पर्यटनको पूर्वाधारहरूले परिवर्तन ल्याउँछ भन्ने यहाँलाई विश्वास छ ?**

सडक र पर्यटन पूर्वाधारले तानसेनको विकासमा परिवर्तन ल्याउँछ भन्ने हाम्रो पूर्ण विस्वास छ । मेजरेबल परिवर्तन ल्याउन लामो समय लाग्ला तर अनुभूति गर्ने खालको परिवर्तन चाँहि हाम्रो कार्यकालमै हुन्छ । जस्तै अहिले तपाईंले हेर्नुभयो भने थुप्रै ठाउँमा जान सक्नुहुन्छ । विदेशबाट फर्केर आएर स्वदेशमै केही गर्छु भनेर युवाहरु गोबर सोहोरेर बसेका छन्, भैसी पालेर बसेका छन् त्यसै गरी बाख्रा पालेर गाउँमा बसेका छन् ।

हिंजो त्यही युवा गोबर सोहोर्दा इज्जत जान्छ भन्ने अनुभूति गर्थ्यो । अहिले विदेशबाट फर्किएर त्यही कामलाई गर्वसाथ गरिरहेका छन् । त्यही युवा जो कृषिमा हलो समात्दा जात जान्छ कि भैँ गर्थ्यो, उसले कृषि कर्म गरेको छ । अहिले म जे काम पनि गर्न सक्छु भनेर आइरहेको छ । यो भनेको मानिसको एटिच्युडमा चेन्ज हुनु हो । जब एटिच्युडमा चेन्ज हुन्छ त्यो बेलामा स्थानीय सरकारले अभिभावकत्व लिन सक्यो, उसलाई प्रोत्साहन गर्न सक्यो भने त्यो अगाडि बढेको बढेइ गर्छ भन्ने हाम्रो सोच हो । व्यवहारिक रूपमा परिवर्तन हुने तर एकदम निरास खाली हात फर्किनुपर्‍यो भने त्यसले राम्रो प्रतिफल दिंदैन ।

त्यसकारण तानसेन नगरपालिका आवश्यकता परेकाहरूको, समस्यामा परेकाहरूको, इमान्दारिता भएका, जोसजाँगर भएका, सीप भएकाहरूको अभिभावक बन्न तयार छ । नगरपालिका सहयोगी र अभिभावक पक्कै बन्छ ।

(नवसंवाद सप्ताहिकका सम्पादक रेखीराम रानासँगको सम्वादमा आधारित)

# तानसेनको (आ.व. २०७६/०७७) को शाखागत विकास गतिविधि सर्सरी हेर्दा



- दुर्गा बहादुर थापा

नगरवासीको जीवनस्तर अभिवृद्धिको लागि तानसेन नगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न विकास निर्माण लगायतका कार्यहरू सम्पन्न गरेको छ । यस क्रममा पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकासका क्षेत्रमा विभिन्न विषयगत कार्यक्रम तथा आयोजनाहरू मार्फत् जनस्तरमा विभिन्न सेवा पुर्‍याइएको छ । हाम्रो तानसेनका प्रधान सम्पादक गोविन्द भट्टराईको आग्रहअनुसार यस आलेखमा तानसेन नगरपालिकाको शाखागत विकास गतिविधि सर्सरी केलाउने प्रयास गरिएको छ ।



यस आ.व.मा विशेष गरी नगरपालिकाको दीर्घकालीन एकीकृत विकास योजना तयारी कार्य सम्पन्न गरिनु, कार्य सम्पादन सम्झौता प्रक्रिया अगाडि बढाइनु, हरित बसपार्क निर्माणका लागि रूख काट्ने कार्य सम्पन्न गरी डिपीआर तयारी साथै औद्योगिक ग्राम निर्माणको लागि डिपीआर तयारी प्रक्रिया अगाडि बढाइनु, रानीघाट दरबारलाई पुरानै ढाँचामा रङ्गरोगन गरिनु, दृष्टिबिहीन छात्रावास निर्माण, न्यानो शीतलु घर



निर्माण,योग साधना अभियानलाई अगाडि बढाउन ११ वटा ट्रस निर्माण, उजीर सिं पार्क निर्माण, तानसेन होर्डिङ्ग बोर्ड निर्माण लगायत प्रमुख उपलब्धिको रूपमा रहेका छन ।

कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण, उपचारका कार्यहरू र कोभिड महामारीका कारण समस्यामा परेका विपन्न एवम् लक्षित वर्गलाई खाद्यान्न राहत प्रदान र मध्यम वर्गीय परिवारलाई समेत गुणस्तरीय सहुलियत दरको खाद्यान्न उपलब्ध गराउनु समेत यस अवधिका मुख्य कार्य हुन् । सेवाग्राहीको सहजताको लागि नेपाल बैंक लिमिटेडको काउन्टर नगरपालिका कार्यालय परिसरभित्र सञ्चालन गरिनु, नगरस्तरीय सहकारी सञ्जाल गठन, सघन अनुगमन र प्रशिक्षण कार्यबाट सहकारी संस्थाहरूमा प्रभावकारिता ल्याउनु, उपभोक्ता हित संरक्षण र बजार अनुगमन कार्यमा सरोकारवालाहरूमा अपनत्व अभिवृद्धि हुनु, सहुलियत व्याजदरको ऋण परिचालन, युवालाई विभिन्न उद्यमहरू मार्फत् स्वरोजगार बनाउने कार्य आफैमा महत्त्वपूर्ण रहेका छन ।

वित्तीय रूपमा आर्थिक वर्ष २०७६/०७७ मा १ अरव ७ करोड ४ लाख ३१ हजार ४१८ संशोधित विनियोजनमध्ये ८० करोड ५८ लाख ९ हजार ९८० खर्च भई ७५.२८ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । कोभिड-१९ को महामारीका कारण योजना तथा कार्यक्रम कार्यान्वयनको मुख्य समयमा बन्दाबन्दी र जटिल अवस्था सिर्जना भएकोले यो वर्ष विकास निर्माण कार्य सञ्चालनको लागि अत्यन्तै चुनौतीपूर्ण रह्यो । यस आर्थिक वर्षमा भएका विषयगत एवम् शाखागत कार्यहरूलाई यहाँ सर्सरी उल्लेख गरिएको छ-

## पूर्वाधार विकास

### योजना तथा पूर्वाधार

नगरपालिकाबाट यस आ.व.मा नगर गौरबका आयोजनाहरू ५, नगर स्तरीय पुँजीगत आयोजनाहरू ५३,वडा स्तरीय पुँजीगत आयोजनाहरू २६३, संघ तर्फका विशेष योजना ३ र समपूरक

योजना २, प्रदेश तर्फका विशेष योजना २ र समपूरक योजना ५, स्थानीय पूर्वाधार विकास कार्यक्रमतर्फ १०, सडक बोर्डतर्फ १ र लागत सहभागिताका आयोजनाहरू ८ गरी कुल ३५२ मध्ये ३४६ आयोजनाहरू कार्यान्वयन गरिएको छ । यसमा ७.८१ कि.मी. नयाँ सडक निर्माण, १२.३३ कि.मी.मर्मत र ३७.५० कि.मी. स्तरोन्नती गरिएको छ । खानेपानीतर्फ २३ नयाँ निर्माण, ४३ मर्मत र १ योजना स्तरोन्नति भएको छ । ७.६२ कि.मी. सिंचाइ कुलो स्तरोन्नति गरिएको छ । भवनतर्फ १४ नयाँ निर्माण र २४ मर्मतको कार्य गरिएको छ । ८ वटा ढल मर्मत तथा व्यवस्थापन योजना सम्पन्न भएको छ । ३ वटा नयाँ कल्भर्ट निर्माण, ४ खेलकुद मैदान स्तरोन्नति, २ सम्पदा संरक्षण क्षेत्र स्तरोन्नति, ५ वटा पर्यटकीय प्रवर्द्धन योजना र अन्य १५ योजना नयाँ निर्माण, २५ मर्मत र २५ स्तरोन्नति गरिएको छ ।

नगर गौरवका आयोजनाका रूपमा सांस्कृतिक सहर पूर्वाधार कार्यक्रमतर्फ भगवती मन्दिर उत्तर ढोका, शीत्तलपाटी हुलाक चोकदेखि एनआइसी एसिया बैंक सिल्खानसम्म बाटो सुधार तथा ढुङ्गा छाप्ने कार्य सम्पन्न भएको छ । बिग बुद्ध परियोजना सुरू, रिङ्गरोड बिस्तार, लोकमार्ग क्षेत्रका सडक बिस्तारका कार्यहरू गरिएको छ । नयाँपाटी, शारदा मा.वि. सा.रे.म हुँदै दमकडा सडक स्तरोन्नति भएको छ । नगर विकास प्रर्बद्धनात्मक कार्यक्रमतर्फ नगरपालिका कार्यालय भवनको थप कक्ष (Annex Building) निर्माणलगायतका विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको छ । सडक वोर्डतर्फ भीमसेन मन्दिर निशानधारा अप्पुभिलेज बतासे सडक मर्मत कार्य जारी रहेको छ । यसैगरी प्रमुख योजनाको रूपमा डाँडाँकटेरी केरबादी अर्तुङा कालीगण्डकी कोरीडोर जोड्ने सडक, नारनडाँडा बिसडाँडा अर्चले सापाखुम हुँदै चण्डीभञ्ज्याङ जोड्ने सडक, भालेबास छाप पिपलडाँडा तिनाउ सडक, पक्लुवादेखि अम्लिहान सडक खण्ड स्तरोन्नति, टक्सार बनदेवी बतासेदेखि ढुङ्गाखानी सडक स्तरोन्नति, टुँडिखेल सुधार कार्य, बतासेडाँडा कैलाशनगर श्रीनगर सडक, कैलाशनगर आँखा अस्पताल लायन्स धर्मशाला सडक, गैरागाउ ध्रुबघाट रोजरिसोर्ट सडक, शीत भण्डार निर्माण जस्ता मुख्य आयोजनाहरू कोभिड महामारी लगायतका कारण कार्यान्वयनमा ढिलाइ भएकोमा तत्काल कार्यान्वयन गर्न निर्माण व्यवसायीहरूलाई ताकेता गरिएको छ ।

**भवन तथा नक्सा**

घर नक्सा शाखा तर्फ १५३ प्लिन्थ लेभल सम्मको अस्थायी इजाजत, १४२ सुपरस्टक्चरसम्मको स्थायी इजाजत र १२५ सम्पन्न आवास नापजाँच गरिएकोमा ७५ सम्पन्न आवास निर्माणको सम्पन्नता प्रमाणपत्र प्रदान गरिएको छ ।

**आर्थिक विकास**

**कृषि विकास**

यस आर्थिक वर्षमा नगरपालिकाबाट कृषि विकास कार्यक्रममार्फत् कृषकहरूका लागि ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिक सहयोगतर्फ ३७ हाते ट्र्याक्टर, ९० मौरीघार, ५५ सेट पञ्जा टोपी, ७५ सिकेचर, २५ करौती वितरण गरिएको छ । कृषकलाई सहयोग पुऱ्याउन ७२०० केजी धान, ५२०० केजी मकै, १२००



केजी गहुँ, ६०० प्याकेट च्याउको बीउ र प्लाष्टिक १५ केजी, प्याजको बीउ र २० केजी सूर्यमुखीको बीउ, ५५०० सुन्तला तथा कागतीका १५००० विरूवा र १६०० ओखरको विरूवाहरू उपलब्ध गराइएको छ भने १००० सेट बोडी, सिमी, कात्रा र भिन्डीको मिनी किट वितरण गरिएको छ ।

**पशु विकास सेवा**

तानसेन नगरपालिकाबाट पशु विकास सेवाअन्तर्गत पशु आहारा सेवातर्फ २४० जनालाई उन्नत जातका हिउँदे घाँसको बीउ वितरण, नवयुग कृषि सहकारीमार्फत् १० रोपनी जग्गामा जै घाँसको प्रर्दशनी प्लटमा घाँस खेतीमा सहयोग, सहकारी, फर्म, समूह मार्फत् वर्षे तथा बहुवर्षे घाँसको बीउ तथा विरूवा वितरण गरी ४८१ जना कृषकहरूलाई लाभ पुऱ्याइएको छ ।

नश्ल सुधार कार्यक्रम अन्तर्गत सशर्त कृत्रिम गर्भाधान सेवाको लागि नाइट्रोजन खरिद तथा ढुवानी गरिएको छ भने उन्नत जातको ५ गोटा बीउ बोका ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । २ वटा सेवा केन्द्रमार्फत् पशु सेवा सम्बन्धी औषधि तथा उपकरण खरिद गरी किसानस्तरमा सेवा दिइएको छ । नियमन कार्यतर्फ सञ्चालनमा रहेका कृषि फार्म,नर्सरी तथा एग्रोभेट पसल र दुग्ध पसलहरू अनुगमन तथा नियमन कार्य गरिएको छ । मागमा आधारित कृषक स्तरीय स्थलगत तालिम सञ्चालन लगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन भएका छन् ।

यान्त्रीकरणतर्फ किसानको मागको आधारमा ५० प्रतिशत अनुदानमा २६ थान कम्बाइन मिल, १२ थान च्यापकटर उपलब्ध गराएको छ । मागमा आधारित कार्यक्रमबाट राइ खन्यु १,५०० विरूवा, किम्बुको विरूवा ८,००० सेट, सुपर नेपियरको १५००० सेट, मोलाटो, पास्पालम २०,००० सेट डालेघाँस तथा अन्य बहुवर्षे घाँसको बीउ वितरण गरिएको छ । ससर्त कार्यक्रमबाट चउनवारी दुग्ध उत्पादक सहकारी, लुहुङ कृषि सहकारी र मदनपोखराको चेतना महिला कृषक समुह मार्फत् ३ वटा कलस्टरमा ३० परिवार लाभान्वित हुनेगरी भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको छ ।

**सहकारी प्रवर्द्धन कार्यक्रम**

सहकारी क्षेत्रतर्फ यस आ.व.मा ५ वटा सहकारी संस्थाहरू दर्ता गरिएको र सहकारी संस्थाहरूको हालसम्मको तथ्याङ्कहरू अद्यावधिक गरिएको छ । तानसेन नगरपालिकाको स्थानीय सहकारी सञ्जाल गठन सम्बन्धी कार्यशाला गोष्ठी गरी नगरस्तरीय ९ सदस्यीय सहकारी सञ्जाल गठन गरिएको छ । २३ वटा सहकारी संस्थाहरूको सघन अनुगमन गरिएको छ । दुग्ध सहकारी संस्था सहयोगतर्फ ५० प्रतिशत अनुदानमा चउनबारी दुग्ध उत्पादक सहकारी संस्था, ता.न.पा. ५ लाई मिल्क एनलाइजर सेट १-१ थान, चिनारी दुग्ध उत्पादक सहकारी संस्था लि., ता.न.पा. १२ लाई डीपफ्रिज १ थान, पनिर बनाउने डाई २ थान र कम्प्रेसर मेसिन १ थान प्रदान गरिएको र विभिन्न दुग्ध सहकारी संस्थाहरूलाई ७०० के.जी. खनिज तत्त्वहरूको मिश्रण (Mineral Mixture) उपलब्ध गराइएको छ । ६ वटासहरकारी संस्थाहरूको विनियम संसोधनमा सहयोग गरी स्वीकृति प्रदान गरिएको छ । सहकारी क्षेत्रको सघन अनुगमन कार्यबाट सहकारी संस्थाहरूमा प्रभावकारिता आएको छ भने हालै दर्ता गरिएको उद्यमी नेपाल कृषि सहकारी संस्था लिमिटेडले बृहत कुखुरा, कालिज र बाख्रा फर्म सञ्चालन गरेको छ ।

**निजी सार्वजनिक साझेदारी (सानिसा)**

तानसेन नगर कार्यपालिकाले ८ वटा सानिसा परियोजना स्वीकृत गरेपश्चात् श्रीनगर वन क्षेत्रका सरोकारवालाहरू, नगर क्षेत्रका यातायात व्यवसायीहरू, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ, निर्माण व्यवसायी संघ, गैसस महासंघ लगायतका संघ-संस्था, जिल्ला सहकारी संघ, वचत तथा ऋण सहकारी संघ, प्रमुख सहकारी क्षेत्रका पदाधिकारीहरू, वगनासकाली र कालीगण्डकी गाउँपालिकाका पदाधिकारीहरूलगायत अन्तरपालिकाका पदाधिकारीहरू र सम्भाव्य लगानीकर्ता तथा सरोकारवालाहरू बीच विभिन्न ५ चरणमा छलफल अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो । आशय पत्र आह्वान (EOI) मा ५ परियोजनाको लागि सफल १६ वटा संस्था/कम्पनीहरूको लागि प्राविधिक तथा वित्तीय प्रस्तावका बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । हाल ४ वटा परियोजनाको लागि ५ वटा कम्पनीबाट प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याङ्कन प्रक्रिया अघि बढाइएको छ ।

**बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण**

बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणको कार्यमा सम्बन्धित निकायहरूसँग सहकार्यका कारण सरोकारवालाहरूमा अपनत्व अभिवृद्धि भएको छ । यस अवधिमा तानसेन नगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन ऐन तर्जुमा गरिएको छ । नियमावली र तानसेन नगरपालिकाको सहुलियत मूल्य पसल सञ्चालन तथा व्यवस्थापन निर्देशिका (मस्यौदा) कार्यपालिकाबाट स्वीकृत भएकोले आगामी दिनमा उपभोक्ताहरूले गुणस्तरीय सेवा सुपथ मूल्यमा प्राप्त गर्ने अपेक्षा गरिएको छ । यस अवधिमा चार पटक उपभोक्ता हित संरक्षण समितिको बैठक बसी बजार व्यवस्थापन र उपभोक्ता अधिकारको बारेमा नीतिगत निर्णयहरू भएका छन । बाह्र पटक बजार अनुगमन समितिको बैठकगरी बजार अनुगमनका कार्यहरू अगाडि बढाइएको छ । यी पंक्ति तयार पार्दासम्म १५ टोलिबाट १७

पटक तानसेन नगरपालिकाको बजार तथा ग्रामीण बजार क्षेत्रमा दुध डेरी तथा मासु पसल र वधस्थलहरूको निरीक्षण, बेकरिज तथा खाद्य वस्तुहरूको अनुगमन, तानसेन-१४ अर्गली क्षेत्रमा उपभोक्ता अधिकार र सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन र अनुगमन तथा आवश्यक क्षेत्रमा आकस्मिक अनुगमनसमेत गरी बजार व्यवस्थापन तथा अनुगमनका कार्यलाई प्रभावकारी बनाइएको छ ।

### गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट तानसेन नगरपालिकामार्फत् सञ्चालन भएको गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमअन्तर्गत तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न भएको छ । तानसेन नगरपालिकाको सम्पूर्ण तथ्याङ्कहरू मन्त्रालयको केन्द्रीय सर्भरमा समावेश गरिएको छ । यस कार्यक्रमका लागि तानसेन नगरपालिकाबाट ११ जना गणक र १ जना सुपरिवेक्षक नियुक्ति गरी परिचालन गरिएको थियो ।

### युवा स्वरोजगार कार्यक्रम

कोभिड महामारीका कारण स्वदेश फर्किएका र अन्य बेरोजगार युवाहरूका लागि उद्यमशील बनाउन तानसेन नगरपालिकाले युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रमको लागि कार्यविधि तर्जुमा गरी हाल १ करोडभन्दा बढी रकम घुम्ती कोषमार्फत् परिचालन गरिएको छ । ३८ किसिमको उद्यमको लागि प्रस्तावना स्वीकृत गरी ५३ जना युवालाई सुलभ कर्जा प्रदान गरिएको छ । यसतर्फ व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा २३, महिला उद्यमशील कर्जा २४, दलित समुदाय व्यवसाय विकास कर्जा ४ र विदेशबाट फर्किएका युवा परियोजना कर्जा २ रहेको छ । यस कार्यमा २ करोड ६ लाखको ऋण परिचालनभएको छ । सहुलयितपूर्ण ऋण (Soft Loan) लगानीका लागि नेपाल बैंक लिमिटेड, पाल्पासँग समझदारी (MOU) गरिएको छ । यसतर्फ महिला उद्यमीको लागि ३.८४ र पुरूष उद्यमीलाई वार्षिक ४.८४ प्रतिशत ब्याजदरमा लगानी भएको थियो । २०७५ माघ र २०७६ भाद्रमा गरी दुईपटक सूचना आव्हान गरिएकोमा ४१३ जना प्रस्तावित उद्यमीबाट आवेदन दर्ता भएको छ । हालसम्म ऋण असुली नियमित रहेको र खराव ऋण लगानी शून्य प्रतिशत रहेको छ । पूर्व छनौटका लागि वडा समितिलाई क्रियाशील गराइएको छ भने युवा स्वरोजगार सहयोग केन्द्र (EBIIC) स्थापना र उत्प्रेरक अभिलेख (Mentor Roster) खडा गरिएको छ ।

### रोजगार सेवा केन्द्र

प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ नगरपालिकाको रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिहरूको रोजगारीको सूचना सङ्कलन तथा अद्यावधिक गरेको छ । यस आ.व.मा काममा आधारित सामुदायिक आयोजनाको लागि आएको सशर्त अनुदान रकम अनुसार ९ वटा आयोजना सञ्चालन गरिएको छ । आयोजनाहरूबाट नगरका १५८ जना श्रमिकले रोजगारी प्राप्त गरेका छन् ।

नगरपालिकाको श्रममा आधारित राहत कार्यक्रमअन्तर्गत १७ वटा योजना सञ्चालन गरिएकोमा श्रममा आधारित राहतअन्तर्गत ६८० जना विपन्न श्रमिकले रोजगारी प्राप्त गरेका छन् । **(थप विवरण कलश न्यौपानेको लेखमा छ)**

### युवाहरूका लागि उद्यमशीलता विकास कार्यक्रम

तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक सहयोग र ग्रामीण आर्थिक विकास संघ (रेडा) को सहजीकरणमा स्वदेशमा रहेका र विदेशबाट फर्केका युवाहरूलाई सीप, पूँजी र बजार व्यवस्थापनमा सहयोग गरी आयआर्जन बृद्विका कार्यक्रम सञ्चालन गरिएको छ ।

यसतर्फ हालसम्म पुष्प खेती, पाल्पाली ब्रान्डेड् ढाका बुनाइ, व्यावसायिक माछा पालन, पाल्पाली ब्रान्डेड् करूवा, दुग्ध उत्पादन तथा प्रशोधन, उच्च मूल्य फलफूल तथा तरकारी खेती, काठ र बाँसको तालिममार्फत् ११३ जनालाई उद्यमशील बनाउने प्रयास गरिएको छ । माझी महिला उत्थान विकास कार्यक्रमतर्फ ६०० वटा कुखुराका चल्ला, ७६ वटा माउ र २ वटा बीउ बोका वितरण गरिएको छ भने ४० वटा बाखाको खोर निर्माणमा सहयोग गरिएको छ । बाखा पालन तथा तरकारी खेती तालिम प्रदान गरी बीउ विजन वितरण गरिएको छ । विद्यार्थीलाई छात्रवृत्ति, पोसाक, कापी, किताब, कलम र झोला प्रदान गरिएको छ । नगरपालिकाबाट उज्यालो कार्यक्रमअन्तर्गत सोलार बत्ती र बिजुली पोल सहयोग गरिएको छ भने कार्यक्रमको अनुगमनसमेत गरिएको छ ।

**राजश्व सङ्कलन तथा प्रवर्द्धन**

नगरपालिकाबाट अचल सम्पत्तिमा लाग्ने कर, खुद सम्पत्तिमा लाग्ने चालु कर, पूर्वाधार सेवा उपभोग कर, मनोरञ्जन, विज्ञापनकर, व्यवसाय कर, भाडा तथा रोयल्टी रजिष्ट्रेसन,



वस्तु सेवा बिक्री, प्रशासनिक सेवा शुल्क, सेवा दस्तुर, दण्ड जरिवाना, लगायतबाट रू. ५७८०५७ र ९७ पैसा राजश्व प्राप्त गरीलक्ष्यको ७१.८३ प्रतिशत प्रगति हासिल भएको छ ।

**सामाजिक विकास**

**स्वास्थ्य सेवा**

स्वास्थ्य सेवातर्फ तानसेन नगरपालिकाबाट नियमित उपचार गर्ने बिरामीलाई यातायात खर्च व्यवस्था, आवश्यक औषधि खरिद, महिला स्वास्थ्य स्वयंसेविका परिचालन, एकीकृत प्रजनन स्वास्थ्य शिविर, घरघरमा स्वास्थ्य सेवा अभियान, विपन्न र असहाय अपाङ्गता भएकाको स्वास्थ्य विमा कार्यक्रम, नेपाल पत्रकार महासंघ पाल्पामा आवद्ध पत्रकारहरूको कोरोना विमा, सुत्केरी स्याहार कार्यक्रम सञ्चालन गरिएको छ ।

स्वास्थ्य संस्थामार्फत नियमित खोपको कार्यक्रमलाई नियमित रूपमा संचालन गरिएको छ । कम्युनिटी डट्स कार्यक्रम सञ्चालन, क्षयरोग निदान, एचआइभी संक्रमित तथा प्रभावितलाई सहयोग, परिवार नियोजन, मातृ तथा शिशु कार्यक्रम सञ्चालन, विभिन्न सरूवा र नसर्ने रोगबारे जनचेतनाका कार्यक्रम सम्पन्न गरिएको छ ।

कोभिड नियन्त्रण, रोकथाम र उपचारतर्फ २ क्वारेन्टाइन सम्पूर्ण वडाहरूमा ३५ सामुदायिक क्वारेन्टाइन केन्द्र र ३ वटा आइसोलेसन केन्द्रमार्फत् सेवा सञ्चालन भएको छ ।

कारितास नेपालको सहयोगमा कार्यक्रममार्फत् २४ स्थानमा ह्यान्ड वासिङ् स्टेसन, १२७ अति विपन्न परिवारलाई खाना वापतको नगद सहयोग, ६४ स-साना व्यवसायी सहयोग, क्वारेन्टाइनमा रहेका  व्यक्तिहरूको लागि ९५ सेट स्वास्थ्य सामग्री प्रदान गरिएको छ ।

**शिक्षा**

नगरपालिकाबाट शैक्षिक क्षेत्रमा प्रभावकारिता ल्याउन विभिन्न ७ विद्यालयलाई शिक्षण सहयोग अनुदान, १५ विद्यालयहरूमा युरोगार्ड जडान, कक्षा ५ र ८ को अन्तिम परीक्षा सञ्चालन तथा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप प्रतियोगिता, विद्यालय अनुगमन, ICT & IEMIS अनलाईन तालिम, ECD स.का. तथा अंगेजी तथा नेपाली, विज्ञान तथा गणित विषय शिक्षकका लागि अनलाइन तालिम सम्पन्न गरिएको छ ।

शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन, प्राविधिक धार प्रयोगशाला व्यवस्थापन, कोभिड-१९ बाट भएको शैक्षिक क्षति न्यूनीकरण तथा विद्यार्थीको सिकाइ प्रवर्द्धन कार्यक्रम, युवा प्रतिभा पहिचान, स्थानीय पाठ्यक्रम निर्माण, वैकल्पिक सिकाइ सामग्री मुद्रण, दूर शिक्षा रेडियो टिभी कार्यक्रम सञ्चालन गरिएको छ । यस्तै तानसेन नगर स्तरीय अनलाइन वादविवाद प्रतियोगिता सञ्चालन लगायतका शैक्षिक गतिविधी सम्पन्न भएका छन् ।

आधारभूत तथा माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षक र परिषद् तथा प्राविधिक धारका लागि तलब भत्ता, सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, दिवा खाजा कार्यक्रम, विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानमार्फत् शैक्षिक प्रवर्द्धनका कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

सामाजिक सुरक्षातर्फ जेष्ठ नागरिक, अन्य जेष्ठ नागरिक दलित, विधवा/एकल, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग, बालबालिका सुरक्षा भत्ता दलित, जेष्ठ नागरिक उपचार खर्चगरी कुल रकम रू. १२१४३०४०० वितरण गरिएको छ । पञ्जीकरण कार्य तर्फ यस अवाधिमा जन्म दर्ता १११०, मृत्यु दर्ता ३७४, विवाह दर्ता ४३७, बसाइसराइ दर्ता १८० मध्ये आएको १७४ तथा गएको ५२४ र सम्बन्ध विच्छेदका २३ वटा घटनाहरू दर्ता गरिएको छ ।



१४ वटै वडामा VERSP-MIS प्रणालीबाट व्यक्तिगत घटना दर्ता प्रणाली सुचारू गरी तानसेन नगरपालिकामा घटना दर्ता पूर्ण अनलाइन भएको घोषणा गरिएको छ । नगरपालिकामा रहेका ५३,८०० घटना दर्ताको विवरणको तथ्याङ्क अनलाइन प्रणालीमा लैजान राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा पठाइएको र तथ्यांक डिजीटलाइज गर्न बजेट उपलब्ध भएको छ । सुदृढीकरण आयोजनाको स्थानीय स्तरको सेवालाई प्रभावकारी बनाउन इकाइ सञ्चालानका लागि २ जना एम.आइ.एस. अपरेटर र १ जना फिल्ड सहायकको पद स्थापना गरी जनशक्ति परिचालन गरिएको छ ।

यसका अलावा सामाजिक विकास शाखाबाट विभिन्न क्षमता विकासका कार्यक्रमहरू नगरस्तर र वडास्तरमा सञ्चालन गर्नुको साथै नगर प्रवर्द्धनका कार्यक्रमहरू समेत कार्यान्वयन गरिएको छ ।

**सूचना प्रविधि**

नगरपालिकाको सूचना तथा प्रविधितर्फ विभिन्न कार्यहरूलाई प्रभावकारी बनाइएको छ । अनलाइन सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली, वेबसाइट तथा सामाजिक सञ्जालको व्यवस्था, नगरपालिकाको सम्पूर्ण निर्णयहरु तत्काल वेवसाइटमा राख्ने तथा सम्पूर्ण वडा कार्यालयहरूमा इमेलद्वारा पठाउने गरिएको छ । राष्ट्रिय योजना आयोगद्वारा बनाइएको संघीय समपूरक र विशेष योजना माग गर्ने सिस्टमद्वारा तानसेन नगरपालिकाको समपूरक र विशेष अनुदानका लागि निर्णय भएका योजनाहरूको माग अनलाइन प्रक्रियाद्वारा गरिएको छ । योजना र जिन्सी शाखामा सफ्टवेयर जडान गरिएको छ । तानसेन नगरपालिकाको आधिकारिक वेबसाइट साथै फेसबुक पेजमार्फत् सरोकारवालाहरूको लागि सूचनाहरू नियमितरूपमा उपलब्ध गराइएको छ ।

नगरस्तरीय वास योजना निर्माणको लागि गणकहरूलाई २ दिने मोबाइल एपसम्बन्धी तालिम र रिफ्रेसमेन्ट तालिम प्रदान गरिएकोमा उनीहरूबाट सङ्कलन गरिएको तथ्याङ्कहरूलाई सूचना व्यवस्थापन प्रणालीमा मिलान गरिएको छ । गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमतर्फको सूचना व्यवस्थापन कार्यमा पूर्णरूपमा सहयोग पुऱ्याइएको छ । सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरूलाइ ८ दिने ICT र IEMIS तालिम सञ्चालन गरिएको र नगर स्तरीय अनलाइन वादविवाद प्रतियोगिता सञ्चालनमा प्राविधिक सहयोग प्रदान गरिएको छ । कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणतर्फ विदेशबाट आएका मानिसहरूको विवरण संकलन, राहत प्राप्त व्यक्तिहरूको नामावली अद्यावधिक, राहत वितरण सामग्रीको विवरण अद्यावधिक, विदेशमा भएका नेपाली नागरिकहरूको विवरण संकलन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रदान गरिएको CMIS (Covid Crisis Management System) को नियमित अद्यावधिकलगायतका कार्यहरू सम्पन्न भएका छन् ।

**न्यायिक समिति**

उपप्रमुख संयोजक रहेको तानसेन नगरपालिकाको न्यायिक समिति क्रियाशील छ । न्यायिक समितिमा आर्थिक वर्ष २०७६/०७७ मा ५४ दुनियावादी देवानी, १८ दुनियावादी फौजदारी,

२ सरकारवादी फौजदारी, ३ अन्य सरकारवादी सहित ७७ मुद्दा दर्ता भएकोमा सबै मुद्दाहरू मिलापत्रको माध्यमबाटै निरूपण भएका छन् ।

**नगर प्रहरी परिचालन**

तानसेन नगरपालिकाका विभिन्न कार्यहरूमा नगर प्रहरी परिचालन गरी समुदायस्तरमा सहयोग पुऱ्याइएको छ । यस क्रममा आगलागिका घटनामा दमकल परिचालन, नियम विपरीत बनेका संरचना भत्काउने, कार्यालयको सुरक्षाको व्यवस्था, लकडाउनको बेला राहत वितरण, क्वारेन्टाइन आइसोलेसन निर्माण तथा व्यवस्थापनमा समेत नगर प्रहरीलाई परिचालन गरिएको छ ।

बजार व्यवस्थापन तथा अनुगमन र अखाद्य वस्तु नस्ट गर्ने, नागरिकको सुरक्षा सम्बन्धी जनचेतना, विपत व्यवस्थापन तथा उद्धार, सडक अतिक्रमण नियन्त्रण, ट्राफिक व्यवस्थापनको कार्यमा सुरक्षा निकायसँग समन्वय गरी प्रभावकारी रूपमा नगर प्रहरीबाट कार्य सम्पादन गरिएको छ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

**खानेपानी तथा सरसफाइ**

तानसेन नगरपालिकामा दैनिक करिब पाँच टन फोहर सङ्कलन तथा व्यवस्थापन गरिएको छ । २५ वटा टोल विकासमार्फत् हरेक महिना सफा तानसेन अभियान सञ्चालन गरेकोमा उनीहरूको कार्यमा थप टेवा पुऱ्याउन टोल विकास संस्था तथा सार्वजनिक स्थानमा करिब १००० थान फोहर संकलनका लागि बाल्टिन वितरण कार्यक्रम सम्पन्न गरिएको छ । नियमित रूपमा स्थानीय पाटी, पौवा, पानीका मुहान, धाराहरू मठ मन्दिर, दरबार परिसर, रानीघाट दरबार परिसर गरी करिब १५५ स्थानमा सरसफाइका विशेष कार्यक्रम सञ्चालन भएको छ । ३६ स्थानमा फोहर नगरौँ भन्ने सन्देशमुलक बोर्ड राखिएका छन् । जथाभाबी फोहर गर्ने ८९ जनालाई १०० देखि १५०० सयसम्म जरीवाना गरिएको र १२९ जनालाइ सचेत बनाइएको छ । जसले पोकामा फोहर फाल्छ उसैलाई हस्तान्तरण भन्ने अभियानअन्तर्गत ९२ जनालाई लागि पोका अभियानमार्फत् कार्वाही गरिएको छ । बजार क्षेत्रका ७६ वटा कुकुरको स्थायी बन्ध्याकरण गरिएको छ ।

टुँडीखेल, विद्युत कार्यालय अगाडि र टक्सार टोलमा रहेका नगर भित्रका शौचालय सञ्चालनमा ल्याइएको छ । फोहरवाट ऊर्जा परियोजनाअन्तर्गत विश्व बैंक, बैकल्पिक ऊर्जा केन्द्र र तानसेन नगरपालिका वीच स्थलगत अध्ययन, समझदारी र सम्झौता गरी लगानीकर्ता छनोट भएको र करीव १४ करोडको लगानीमा पाइप लाइनबाट टोल बस्तीहरूमा ग्यास वितरण गर्ने कार्य प्रक्रियामा रहेको छ । प्रदेश सरकार र तानसेन नगरपालिकाको लक्ष्य बमोजिम तीन वर्षभित्रमा एक घर एक धाराको अवधारणाअनुसार तथ्याङ्क सङ्कलन गरी वास योजना तयारीको कार्य अगाडि बढाइएको छ । नगरपालिकाबाट विपद व्यस्थापन कोष खडा गरी प्रभावितहरूलाई सहयोग र राहत प्रदान गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास**

सुशासन तथा संस्थागत विकासतर्फ दि एसिया फाउण्डेसनको सहयोगमा नगरपालिकाको दीर्घकालीन एकीकृत विकास योजना तयारी कार्य सम्पन्न भएको, कार्य सम्पादन सम्झौता प्रक्रिया अगाडि बढाइएको, बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण नियमावली, सुपथ मूल्य पसल सञ्चालन निर्देशिका तयार गरिएको छ ।

सूचना प्रविधिमा आधारित कार्यालय सञ्चालन तथा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइएको छ । संगठन तथा व्यवस्थापन अध्ययन कार्य अगाडि बढाइएको छ । तानसेन नगगरपालिकाको **हाम्रो तानसेन** त्रैमासिक बुलेटिनमार्फत् नगरका गतिविधि तथा अन्य सामग्रीहरू सरोकारवाला माझ पुऱ्याइएको छ । विशेषतः **हाम्रो तानसेन** बाहिरबाट तानसेन घुम्न आउने पाहुनाहरूका लागि कोशेलीको रूपमा उपयोगसमेत भएको छ । सञ्चार क्षेत्रसँग साझेदारी र सहकार्यहरू अगाडि बढेको छ । सूचनाको हकअनुसार माग गरिएका सूचनाहरू निर्धारित समयावधिमा उपलब्ध गराई उत्तरदायित्व र सुशासन प्रवर्द्धनका कदमहरू अगाडि बढाइएको छ ।

(वरिष्ठ अधिकृत)

# पाल्पा गौँडाबाट अंग्रेजलाई जितेको तीन युद्ध



- पुष्कर अथक रेग्मी

**१ पृष्ठभूमि**

हिन्दूस्थान गर्मी र नेपाल शीतल मुलुक भएकाले अंग्रेजहरूले नेपालप्रति आँखा गाडेका थिए । बडा महाराजाधिराज पृथ्वीनारायण शाहले सिन्धुलीगढीको युद्धमा अंग्रेजलाई नराम्रोसँग पराजित गरेकोले उनीहरू कुनै न कुनै बहाना बनाएर नेपालसँग युद्ध गर्ने तयारीमा लागेका थिए । यही क्रममा पञ्जावका राजा रणजीत सिंहलाई नेपालमा आक्रमण गर्नका लागि मच्चाएर पाल्पा गौँडाको बुटवल क्षेत्रमा सीमा विवाद उठाएर जनरल लर्ड हेस्टिङ्ले पच्चीस दिनभित्र नेपालीहरूले बुटवल र शिवराज क्षेत्र छोड्नु भनी युद्धको हाँक दिए । अन्ततः १ नोभेम्बर सन् १८१४ मा अंग्रेजले नेपाल विरूद्ध युद्धको घोषणा गरे ।

नेपालसँग युद्ध गर्न भनी पश्चिमतिरबाट ६ हजार सैन्यसहित जनरल अक्टरलोनी अघि बढे । करिब ४ हजार सिपाही र तोपहरू लिएर जनरल जिलेस्पी देहरादूनको बाटो भई गढवाल हान्न पुगे । ८ हजार सिपाही र तोपहरू लिएर जनरल मार्ले मकवानपुरतिरबाट काठमाडौं आक्रमण गर्ने योजनामा हिँडे । करिब २ हजार सैन्यसहित मेजर लेटर सिक्किमलाई उचाली नेपालको पूर्वी क्षेत्र कब्जा गर्न भनी अगाडि बढे । यता गोरखपुरबाट करिब ४ हजार फौज र तोपहरू लिएर जनरल सुलेभान उड पाल्पा हान्ने सुरले अगाडि बढे । नेपाल अँग्रेज युद्धमा पाल्पागौँडा क्षेत्रबाट अंग्रेज विरूद्ध तीनवटा लडाई लडिएका थिए र ती तीनवटै लडाइमा नेपाली/गोर्खाली/पाल्पालीहरूले अंग्रेजलाई नराम्रोसँग पराजित गरेका थिए । प्रस्तुत लेखमार्फत् तिनै ऐतिहासिक युद्धको संक्षेपमा उल्लेख गरिएको छ ।

**२. पहिलो युद्ध (अमरसिंह थापा)**

नेपालको इतिहासमा दुईजना अमरसिंह थापा छन् । राष्ट्रिय विभूतिको रूपमा प्रतिस्थापित अमरसिंह थापालाई वडाकाजी भनिन्छ भने नेपालका प्रथम प्रधानमन्त्री भीमसेन थापाका बाबु अमरसिंह थापालाई सानाकाजी भनिन्छ । यिनै सानाकाजी जनरल अमरसिंह थापा, काजी दलभञ्जन पाण्डे र काजी वीरभद्रसहितको नेपाली पल्टनले पाल्पा राज्यलाई नेपालमा विलीन (वि.सं. १८६१ ज्येष्ठ २०) गरायो । तत्पश्चात् पाल्पा गौँडाको प्रथम तैनाथवाला भएर सानाकाजी जनरल अमरसिंह थापाले मृत्युपर्यन्त दशवर्ष (वि.सं. १८६१-१८७१) सम्म माथवरी सम्हाले । तत्कालीन समयमा पाल्पा गौँडा निकै शक्तिशाली थियो । पाल्पाको सदरमुकाम तानसेनलाई कब्जामा लिन सकिएमा आधा नेपाल अंग्रेजको अधिनमा रहन्छ भने ज्ञात अंग्रेजलाई थियो । हावापानी शीतल रहेकोले पनि पाल्पालाई अंग्रेजले आँखा गाढेका थिए । यही क्रममा अंग्रेजले बुटवल र शिवराजको क्षेत्रलाई लिएर सीमा विवाद गर्न लाग्यो ।

नेपाल सरकारका तर्फबाट सकेसम्म युद्ध नगर्ने प्रयास गरिए तापनि निर्धारित समय अगावै वि.सं. १८७१ वैशाख १० गते अंग्रेजी सेना बुटवल क्षेत्र प्रवेश गरी आक्रमण गऱ्यो । यो अप्रत्याशित आक्रमणको क्रममा नेपालतर्फका चारजना रक्षकहरू मारिए र त्यस क्षेत्र कब्जामालिई सुरक्षाचौकीसमेत स्थापना गरे । अमरसिंह थापा पूर्व तयारीमा नरहेको हुनाले उनले चुपचाप सात हप्तासम्म शक्ति सञ्चय गरे । वि.सं. १८७१ साल जेष्ठ २८ गतेका दिन पाल्पाबाट प्रत्याक्रमण गर्न भनी नेपालतर्फबाट गएका सुबेदार दले थापा, जयन्त शाही र मनिराजसमेतको सैनिक पल्टनले रातको समय पारी अंग्रेज सुरक्षा चौकीमाथि आक्रमण गरे । अंग्रेज पक्षको १८ सैनिक मारिए ६ जना घाइते भए । बाँकी अंग्रेज सेनाहरू सुरक्षा चौकी छाडेर बुटवलदेखि भागेर गए । यसरी अमरसिंह थापाले गुमेको जमिन फिर्ता लिन सफल भए । पाल्पा क्षेत्रबाट अंग्रेजका विरूद्ध गरिएको यो पहिलो विजय थियो । नेपोलियन बोनापोर्टलाई समेत पराजित गर्ने अंग्रेजलाई जित्न सक्दा अमरसिंह थापाको खुसीको सीमा रहेन । विजयोत्सवको खुसियालीमा उनले तिनाउ नदीको नजिकै लक्ष्मीनारायणको मूर्ति प्रतिष्ठापित गरेर एक सुन्दर मन्दिर निर्माण गर्न लगाए ।

वर्षायाम शुरू भइसकेको थियो । अंग्रेजहरूलाई युद्ध गर्ने यो समय अनुकूल थिएन । अंग्रेजहरू क्रुद्ध भई वर्षा हटेपछि नेपाललाई चारैतिरबाट आक्रमण गर्ने योजनामा जुटिरहे । अमरसिंह थापाले बुटवल क्षेत्रबाट अंग्रेजहरूलाई भगाएर कब्जा जमिन फिर्ता लिएपछि नै नेपाल अंग्रेज युद्धको सुरूवात भयो । युद्धको समुदघाटन पाल्पा गौँडाका प्रमुख तैनाथवाला

जनरल काजी अमरसिंह थापाबाट नै हुन गयो । बुटवल क्षेत्रको सुरक्षार्थ अमरसिंह थापाले मनिराजलाई नै राखे । उनले सदरमुकाम तानसेनबाट सम्भाव्य अंग्रेज विरूद्ध हुने युद्वको लागि बन्दोबस्त मिलाउँदै रहे । भावी युद्वको तयारीमा जुट्दाजुट्दै सोही वर्ष वि.सं. १८७१ आश्विन शुक्ल अष्टमीका दिन ५५ वर्षको उमेरमा सानाकाजी अमरसिंह थापाको असामयिक निधन भयो । 'हामीले अंग्रेजसँग टक्कर लिन सक्यौ भने हाम्रो ख्याति एक वीर जातिको रूपमा सम्पूर्ण भारतमा गनिनेछ' भन्ने अमरसिंह थापाको धारणा थियो ।

### ३. दोस्रो युद्व (उजीरसिंह थापा)

कर्णेल उजीरसिंह थापा नयनसिंह थापाका जेठा छोरा थिए भने साना काजी अमरसिंह थापाका नाति थिए । यिनी प्रधानमन्त्री भीमसेन थापाका भतिजा र माथवरसिंह थापाका दाजु थिए । नेपाल अंग्रेज युद्व हुने परिस्थितिलाई आँकलन गरेर र उजीरसिंहलाई काविल ठानेर नै भीमसेन थापाले उनलाई तैनाथवालाको रूपमा पाल्पा पठाएका थिए । वि.सं. १८७१ मंसिर ८ गते तानसेन आइपुगेका उनले युद्वको तयारी गर्दै शक्ति सञ्चयतर्फ लागे । अंग्रेजहरूले आफ्नो आक्रमणको केन्द्रबिन्दु पाल्पा गौँडाको बुटवल क्षेत्रलाई बनाएका थिए । पाल्पालाई कब्जामा लिने उनीहरूको रणनीति यस्तो थियो

**प्रथमतः** गोरखपुरबाट सबैभन्दा नजिक पर्ने पाल्पा पहाडी क्षेत्र र सुन्दर शीतल छ ।

**दोस्रोः** कुमाउ गढवालसम्म सबै पाल्पाकै नियन्त्रणमा रहेकोले पश्चिमी सम्पर्क टुटाउन सकिन्छ ।

**तेस्रोः** शक्तिकेन्द्रको रूपमा काठमाडौंलाई सहयोग गर्दै आएको पाल्पा कब्जामा लिएपछि नेपाल कमजोर हुन्छ ।

**चौथो :** कालीगण्डकीको मार्ग हुदै तिब्बतसँग व्यापार गर्न अंग्रेजलाई सहज हुन जान्छ ।

गणेश दल, रणसिंह दल, सिंह विक्रम, युद्धशार्दूल, दुर्गभञ्जन, भीमविक्रम, समरसुर, समरबहादुर दललगायत ८ वटा पल्टन र उजीरसिंहसँगै आएका सबुज र गुरूबक्स पल्टन गरी १२ पल्टनमा जम्मा १२ सय ३२ जवान सैनिकहरू थिए । उजीरसिंहले सैनिक शक्ति ३ हजारको संख्यामा पुऱ्याए र आधारभूत तालिम दिए । गढी, आड तथा धरापहरू निर्माण गर्न लगाए । भौतिक सुरक्षाको बन्दोबस्त मिलाए । सरकारले सेती नदीदेखि पूर्वका उपाध्याय ब्राह्मणहरू बाहेक सबै वर्गका मानिसहरूलाई झारामा बुटवल पुग्न निर्देशन दिएको थियो । झारामा गएकाहरूले आफ्नो खानाको बन्दोबस्त आफैँ गर्नुपर्ने र साथमा हातहतियार आफूसँग जे छ कोदालो, कोदाली, बञ्चरो, गल, खुकुरी धनुवाण, गुलेली आदि लैजानुपर्ने उर्दी दिइएको थियो ।

अंग्रेजी फौजको नेतृत्व जनरल सुलेभान उडले गरेका थिए । वि.सं. १८७१ पौष २२ गते जनरल उड मेजर कोम्य, इन्जिनियर मोरिसन, रेकी प्रमुख स्टेफन्स, अफिसर, कनकनिधि (तत्कालीन पाल्पा राज्यका सल्लाहकार) सहित ठूलो संख्यामा अंग्रेजी फौज बुटवल आइपुग्यो । नेपाली सेना नुवाकोट गढीमा रहेको ठानी अंग्रेजले बुटवल गढीमा आक्रमण गऱ्यो । तर चतुऱ्याइँपूर्वक बनाइएका नक्कली गढी, ढिक, आडहरूले उनीहरूलाई फसायो र दोहरो भीडन्तमा जनरल उड, मेजर ह्याट, स्टेफन्स सहित घाइते भएकाले अंग्रेजहरू लडाइँ छाडेर भागे । धेरै अंग्रेजहरू मरे । हातहतियार छाडेर भागे । नेपालीहरूले लखेटीरहे । बुटवलगढी, नुवाकोट गढी अनि माथागढी क्षेत्रहरूमा समेत रातभरि राँको लिएर भैसीको सिङमा पराल बाँधी आगो लाएर लखेटी अंग्रेजहरूलाई थरिकम्पन पारे । यस युद्वमा भीमसेन, रणसुर, हंसवीर, नकुल, अम्बर, वृषासुर र शूरवीर सहित सात जनावीर नेपालीहरू सहिद भए । संसार जित्ने अंग्रेजलाई नेपाली/गोर्खाली/पाल्पालीहरूले जितेको खुसीयालीमा बुटवलगढीको नाम जीतगढी राखियो । **मैदानी इलाकामा नलड, पर्ख हेर र हान, छलि युद्व गर** यही नै उजीरसिंहको लडाईको रणनीति थियो ।

### ४. तेस्रो युद्व (उजीरसिंह थापा)

अंग्रेजमाथिको विजयपश्चात् नेपाली सेनाको मनोबल निकै बढ्न गयो । पराजित भएर भागेका जनरल उड आत्मग्लानिसहित शिवराज गढबाट चारकोस टाढा डग्डुवा भन्ने ठाउँमा सैनिकहरू सहित बसेका थिए । उनी आफ्ना मृतक एवम् घाइते सैनिकहरू सहित बसेका थिए । उनले आफ्ना मृतक एवम् घाइते सैनिकहरूलाई फर्काउन उजीरसिंह समक्ष अनुरोध गरी सन्देश पठाएका थिए । विजयको उन्मादमा रहेका जोसिला युवा कर्णेल उजीरसिंह थापाले यसरी जवाफ दिए, 'मैले यस विजयी राज्यको फौजलाई आदेश जारी गरेको छु कि आफ्ना चोट लागेका घाइते सिपाहीहरूलाई सताउने दुःख दिने काम नगर्नू । हाम्रो यस शक्तिशाली नेपाल राज्यमा उदण्डपूर्वक व्यवहारगर्दै आक्रमण गर्ने प्रयास गरेमा सुरवीर सेनाद्वारा अंग्रेजहरूलाई कठोर सजाय दिइनेछ ।'

उजीरसिंहको सन्देश सुनेपछि जनरल उड रिसले चुर भई शिवराज बुटवल क्षेत्रको गाउँबस्तीहरूमा आगो लगाउन र लुटपाट गर्न निर्देशन दिए । अंग्रेज सेनाले उपद्रव मच्चाउँदै

रह्यो । वि.सं. १८७२ वैशाख ७ का दिन जनरल सुलेभान उड बन्दोबस्तीका सामान र सैन्यशक्तिसहित पुनः बुटवल गढी र नुवाकोट गढी आक्रमण गर्न आए । उजीरसिंह थापा सैन्य शक्ति सहित नुवाकोट गढीमा बसेका थिए भने बुटवल गढीमा समेत सैन्य शक्ति राखेका थिए । कर्णेल उजीरसिंह थापा औलो लाग्ने डरले गढी छाडेर नेपाली फौजसहित तानसेन सदरमुकाम गएका छन् भन्ने झूठो हल्ला फिजाउँदा उजीरसिंह भाग्यो भनी अंग्रेजहरू खुसी भएका थिए । बुटवल क्षेत्रसम्म उधुम मच्चाउँदै आएका अंग्रेजहरूले बन्दूक पड्काउँदा समेत नेपाली सेनाबाट कही कतै कुनै प्रतिकार नभएकोले उनीहरू कुसुमघाट र बुटवलगढीको बीचमा रहेको तिनाउ नदी तर्न भनी लागे ।

जब अंग्रेज फौज नदीमा पस्यो तब लुकेर बसेका नेपाली फौजले अस्थायी बाध खोलिदिए । गढीको दुलो दुलोबाट गोली वर्षा गरे । धनुवाण र गुलेली मटेङ्ग्राले हाने । अंग्रेजहरू त्राहीमाम भए । अंग्रेजी फौज नदीमा हेलिएर बग्न लागे । नेपालीहरू अंग्रेजमाथि अरिङ्गालझैँ जाइलागे । भिडन्तमा अंग्रेजहरूको ठूलो क्षति भयो । सानो ठाउँमा आफ्ना सिपाहीहरूको अनाहकमा भएको मृत्यु र फौजमा आएको विचलन देखी जनरल उडसहित अंग्रेज सेना लडाइ छाडेर भागेर ज्यान जोगाएर फर्किए । यस लडाइमा सय जना जति नेपालीहरू घाइते भए भने चौबीस जना वीर नेपालीहरू सहिद भएका थिए । दोस्रो पटक पनि हार खाएर फर्केका अंग्रेजी सेनाले अझ बढी तयारी गरेर ठूलो शक्तिका साथ आक्रमण गर्छन् कि भन्ने शङ्का उजीरसिंहलाई लागेको थियो । किनकि जीतगढीको युद्वमा पराजित भएको भए तापनि नालापानी, मलाउ, देउथल र जैथकको युद्वमा अंग्रेजहरू विजयी भएका थिए । राजधानी काठमाडौंमा सन्धि पत्रमाथि छलफल हुँदै थियो । वीर उजीरसिंह थापा नेपालीहरूको स्वाभिमान झुक्ने गरी सन्धि गर्नु हुँदैन भनी सन्धिको विपक्षमा थिए । अन्ततः पूर्वमा मेची, पश्चिममा महाकाली उत्तरमा हिमाल र दक्षिणमा तराईको मैदान रहने गरी नेपाल खुम्चिदै वि.सं. १८७२ फागुन २० का दिन सुगौली सन्धि भयो र नेपाल अंग्रेज युद्व समाप्त भयो ।

**५. समापन**

सुगौली सन्धिद्वारा नेपालले आफ्नो सम्पूर्ण मैदानी इलाका गुमाउनु परे तापनि युद्वको बेला मुख्य विवादमा रहेको बुटवल क्षेत्र भने नेपालले नै पायो । त्यसको मुख्य कारण त्यस क्षेत्रमा नेपालको विजय हुनु थियो । बुटवल क्षेत्र नेपालमै रहने भएपछि उजीरसिंह थापालगायत सम्पूर्ण पाल्पालीहरूको हर्षको सीमा रहेन । उजीरसिंहले आफ्ना बहादुर सेना, झारा सेना र समस्त पाल्पाली जनहरूको प्रशंसा गरे । उनले लडाइमा जानुपूर्व तानसेनकी भगवती माता सामु- 'हे माता लडाईमा विजय प्राप्त गर्न सकूँ । फर्किएपछि हजुरको नित्यपूजा चलाउँछु । गुहेश्वरीको जस्तै सुन्दर मन्दिर बनाउँछु । इन्द्रजात्रा सरी नै वर्षेनी सिन्दुरे जात्रा चलाउँछु ।' भनी भाकल गरेका थिए । यो भाकल पूरा गर्न उजीरसिंहकी दुई मुखेनीहरू उजलादेवी र राजकुमारीले दिनहुँ भगवतीको पूजा आराधना समेत गरेका थिए । उजीरसिंहले तीनतले सुन्दर भगवती मन्दिर बनाउन लगाए । वि.सं. १८७६ भाद्र कृष्ण नवमीको दिनदेखि राष्ट्रिय अदवका साथ पाल्पाको तानसेनमा भगवती जात्राको शुभारम्भ भयो । भगवतीको मन्दिरलाई श्री ७ रणउजीरेश्वरी भगवती भनिन्छ । उजीरसिंहले दश वर्ष सम्म पाल्पामा अख्तियारी सम्हाले । अन्ततः औलोको कारण वि.सं.१८८१ मार्ग बाह्र शुदिका दिन काठमाण्डौँ महाबौद्धस्थित आफ्नै घरमा उनको अल्पायुमै असामयिक निधन हुन गयो । उनको अन्तिम दाहसंस्कार काठमाडौं आर्यघाटमा भयो । पाल्पा क्षेत्रबाट भएको तीन वटै युद्वमा नेपालले अंग्रेजलाई परास्त गरेर नेपाल र नेपालीको शिर विश्वकै उच्च बनाउन सानाकाजी अमरसिंह थापा, कर्णेल उजीरसिंह थापालगायत बहादुर सेनाहरू सफल भएका थिए ।

अमरसिंह थापा धर्मपालसमेत थिए र आधुनिक तानसेनका पितासमेत भए । उन्नीस/बीस वर्षे उमेरमै युद्व कौशलताका साथ अंग्रेजलाई हराउन सक्ने खुबी भएका कर्णेल उजीरसिंह थापा साँच्चै वीरहरूका पनि वीर थिए । नेपालको इतिहास लेखनी र राज्यपक्षद्वारा अझै पनि यी दुवै वीरहरूको योगदानलाई ओझेलमै राखिएको छ । हामी चाहान्छौ सानाकाजी अमरसिंह थापा र कर्णेल उजीरसिंह थापा जस्ता विजयी बहादुर वीरहरूको सत्यतथ्य इतिहास लेखिनुपर्दछ । **हाम्रो तानसेन** त्रैमासिक मार्फत् हामी राज्यको ध्यानाकर्षण गर्दै उद्घोष गर्दछौँ- राज्यले यी दुवै वीरहरूलाई राष्ट्रिय विभूति घोषणा गर्नुपर्दछ ।

**सन्दर्भ सामग्री**

अर्याल, ईश्वरराज (२०४३) नयाँ नेपालको इतिहास, काठमाडौंः रत्न पुस्तक भण्डार ।

पंगेनी, भवेश्वर (२०६५) नेपालको प्रशासनिक इतिहास, भाग-२, काठमाडौंः श्रद्धा स्रष्टा प्रकाशन ।

बानियाँ, कर्णबहादुर (२०७०) नेपालको इतिहासमा उजिरसिंह थापाको योगदान, पाल्पाः धवल पुस्तकालय ।

रेग्मी, पुष्कर अथक (२०७६) अमर पात्र, ऐतिहासिक नाटक संग्रह, पाल्पा : पाल्पा साहित्य समाज

श्रेष्ठ, रामेश्वर (२०६०) नेपालको इतिहासमा जनरल अमरसिंह थापा, काठमाडौंः राष्ट्रिय विभूति भीमसेन थापा स्मृति प्रतिष्ठान ।

(अध्यक्ष, पाल्पा साहित्य समाज)

# युवाहरुको लागि उद्यमशीलता विकास कार्यक्रम र यसका उपलब्धीहरु



- लीला बहादुर कार्की

**परिचय**

तानसेन नगरपालिका र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको आर्थिक सहयोग र ग्रामीण आर्थिक विकास संघ (REDA) पाल्पाको सहजीकरणमा तानसेन नगरपालिकाभित्र सञ्चालित "युवाहरूको लागि उद्यमशीलता विकास कार्यक्रम" हो । स्वदेशमा रहेका वा विदेशबाट फर्केका युवाहरूलाई सहभागी गराई उनीहरूको जीवनस्तर सुधार गर्ने कार्यक्रमको लक्ष्य रहेको छ । दैनिक रूपमा देशबाट विदेशिने युवाहरूको संख्या ३,५०० देखि ४,००० रहेको छ । तानसेन नगरपालिका पनि यो समस्याबाट अछुतो रहेको छैन । नगरपालिकाको विवरणअनुसार यस नगरपालिका भित्र करिब २०,००० युवाहरूको संख्या रहेको र तीमध्ये ११,००० युवाहरू रोजगार तथा स्वरोजगारमा संलग्न रहेको पाइन्छ । ९,००० युवाहरू बेरोजगार अवस्थामा रहेको पाइन्छ । उक्त ऊर्जाशील श्रम शक्तिलाई विभिन्न उद्यमको माध्यमबाट रोजगार तथा स्वरोजगारी सिर्जना भई आय बृद्धि गरी युवाहरूको गुणस्तरीय जीवनयापन गर्न सघाउन यो कार्यक्रम लागु गरिएको हो । यो कार्यक्रम मिति २०७६ आषाढ २२ देखि सुरू भई २०७७ भाद्र १५ सम्म सञ्चालन भएको थियो ।

**उद्देश्यहरू**

- स्वदेशमा रहेका वा विदेशबाट फर्केका युवाहरूलाई सीप, पूँजी र बजार व्यवस्थापनमा सहयोग गरी आयआर्जन बृद्धि गर्नुको साथै आत्मनिर्भर र स्वावलम्बी बनाउने ।
- दिगो विकासका लक्ष्यहरूलाई प्राप्त गर्न कार्यकमको स्थानीयकरण गर्ने ।

**कार्यक्रम सञ्चालन प्रक्रिया**

- तानसेन नगरपालिकाका जनप्रतिनिधि, संघीय सांसद, प्रदेश सभासद, पूर्व जनप्रतिनिधि, कर्मचारी र यससँग सम्बन्धित सरोकारवालाहरूको सहभागितामा नगरस्तरीय अभिमुखीकरण कार्यक्रम गर्ने,
- तानसेन नगरपालिकाका वडा तथा टोल स्तरमा अभिमुखीकरण कार्यक्रम गर्ने,
- नगरपालिकाको कार्यालय, वडा कार्यालयबाट सहभागी छनौट गर्ने,
- छनौट भएका सहभागीलाई तालिम दिने,
- तालिम प्राप्त सहभागीलाई सामग्री, बीउ पूँजी, तथा प्राविधिक सहयोग गर्ने ।
- सहुलियत व्याजदरमा बिनाधितो ऋण प्रवाह गर्ने आदि ।
- नगरस्तरीय अनुगमन समिति गठन गर्ने ।
- पत्रकार महासंघ, नगरस्तरीय युवा संघ, पत्रकार एवम् सञ्चारकर्मी, युवाहरूको सहभागितामा अभिमुखीकरण गर्ने ।



**तालिममा सहभागीको विवरण**

| तालिमको नाम | कुल संख्या | दलित | | जनजाती | | अन्य | | वडा |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| पुष्प खेती तालिम | १० | ० | २ | ० | ५ | ० | ३ | १, २, ४, ५ र ७ |
| काठ, बाँस र माटोको तालिम | १० | २ | ४ | ३ | १ | ० | ० | १, ३, ४, ५, ६ र ८ |
| पाल्पाली ब्राण्डेड् ढाका बुनाई तालिम | १५ | ० | २ | ० | ७ | ० | ६ | २, ३, ४, ५, ६, ७, ११ र १२ |
| व्यवसायिक माछा पालन तालिम | १० | १ | २ | ३ | ० | २ | २ | ६, ७, ८, ९, १० र १४ |
| पाल्पाली ब्राण्डेड् करुवा तालिम | १३ | ४ | ५ | २ | २ | ० | ० | १, २, र ३ |
| दुग्ध उत्पादन तथा प्रशोधन प्रर्वदन तालिम | १४ | ० | ० | १ | ० | ९ | ४ | ४, ५, ६, ८, ९, १०, ११, १२, १३ र १४ |
| उच्च मूल्य फलफूल तथा तरकारी खेती तालिम | ४१ | ३ | १ | १ | २ | १४ | २० | १, २, ४, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ |
| **जम्मा** | ११३ | १० | १६ | १० | १७ | २५ | ३५ | |

यसरी विभिन्न तालिम लिएपश्चात् अहिले सबै व्यक्तिहरूले विभिन्न उद्यमहरू सञ्चालन गर्दै आएका छन् । युवाहरूको जोस जाँगर र इमान्दारिताको आधारमा नगरपालिकाबाट प्रदान गर्ने सहुलियत व्याजदरमा बिनाधितो ऋण प्रवाह, बीउ विजन, मल र अन्य कृषि सामग्री सहयोग स्वरूप उपलब्ध गराउँदै आएको छ ।

- **सहुलियत व्याज दर र बिना धितो ऋण प्रवाह**

  तानसेन नगरपालिकाले युवा स्वरोजगार कार्यक्रममार्फत् नेपाल बैङ्क लिमिटेडसँग सम्झौता गरी सहुलियत व्याज दर र बिनाधितो ऋण प्रवाह गर्दै आएको छ । त्यसको लागि आवश्यकपर्ने व्यावसायिक कार्य योजना निर्माण, व्यवसाय दर्ता, ऋण प्रवाहको प्रकृयाको बारेमा सहजीकरण गर्ने कार्य भने ग्रामीण आर्थिक विकास संघ (रेडा) ले गर्दै आएको छ । विगत १ वर्षमा सहुलियत व्याज दरको ऋण ५३ जनाले २ करोड ६ लाख परिचालन गरेका छन् ।



- **नव उद्यमीलाइ तरकारीको वीउ, माछाका भुरा र अन्य सामग्री सहयोग**

  तालिम प्राप्त व्यक्तिहरूमध्ये तरकारीका उद्यमीहरूलाई बीउ उपलब्ध गराउनुका साथै माछा पालन गर्ने उद्यमीहरूलाई माछाका भुरा तथा अन्य सामग्री उपलब्ध गराइएको छ । तरकारीमा ४१ जना युवा उद्यमीहरूले सफलतापूर्वक कार्य थालनी गरेका छन् । यो वर्षको भीषण वर्षा तथा विश्वव्यापी महामारी नोबेल कोरोना भाइरस (कोभिड-१९) का कारण सहभागीहरूले सोचे अनुरूपको प्रतिफल प्राप्त गर्न नसके तापनि उत्साह




र जोश जाँगर भने कम भएको छैन । सोही उत्साहका साथ आफ्नो उद्यम सञ्चालन गरिरहेका छन । त्यसै गरी माछापालनमा ११ जनाले तालिम लिएका उद्यमीहरूले पोखरी निर्माण गरी १२ हजार माछाका भुरा पाल्ने कार्य गर्दै आएका छन् । केही उद्यमीले दसैं, तिहारलाई लक्षित गरी माछा पालेका थिए ।

- **पुष्प खेती तालिम**

  पाल्पा जिल्लालाई आवश्यक पर्ने फूल तथा माला बाहिरी जिल्लाहरूबाट आयात गरिने हुँदा यहाँको पैसा अन्य जिल्लामा गइरहेको हुनाले त्यसलाई कम गर्नका लागि यहाँको पूँजी यही सदुपयोग गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो । युवा महिला दिदी बहिनीहरूको नेतृत्व र सहभागितामा तालिम भएपश्चात् फूलका बेर्ना उत्पादन र बिक्री वितरण गर्नुका साथै तिहारलाई मध्यनजर गरी फूलका बेर्नाहरू लगाएका छन् । क्रमशः यस खेतीले पनि व्यावसायिक रूप लिँदै गएको छ । तालिम लिएका १० जनामध्ये ६ जनाले सामूहिक रूपमा व्यावसायिक पुष्प खेती गर्दै आएका छन् ।

**करूवा, पाल्पाली ढाका, बाँस काठ सामग्री बनाउने तथा दुग्ध प्रशोधन सम्बन्धी तालिम**

**पाल्पाली ब्रान्डेड ढाका बुनाइसम्बन्धी तालिम**



यस तालिममा १५ जना महिला सहभागी भएमध्ये ९ जनाले विभिन्न ढाका उद्योगमा काम गर्ने योजना रहेको र ६ जना उद्यमीले आफै उद्योग सञ्चालन गर्ने योजना रहेको छ ।

- **पाल्पाली ब्रान्डेड करूवा उत्पादन तालिम**

सहभागीहरूले विभिन्न साइजका करूवा उत्पादन गर्न थालेका छन् । सामूहिक रूपमा उद्योग दर्तागर्ने प्रक्रियामा



रहेका छन् । उनीहरूको सीप र दक्षता अभिबृद्धिका लागि आगामी वर्षको कार्यक्रममा समेत एडभान्स लेवलको तालिम दिने कार्यक्रम रहेको छ ।

- **बाँस काठका सामग्री बनाउने तालिम**

सहभागीहरू मध्ये केही बाँस काठका सामग्री बनाउने तालिममा सहभागी भएका थिए । जसले बाँसका



सोफासेट, कुर्ची, टेबल, स्टुल, टी टेबल, अफिस टेबल आदि तयार गरेका थिए ।

- **दुग्ध उत्पादन तथा प्रशोधन तालिम**

सहभागीहरूले तालिमको समयमा दुधका विभिन्न परिकार जस्तै छुर्पी, कुल्फी, पनीर, दही, ध्यु आदि जस्ता



परिकार बनाएका थिए । तालिमपश्चात् विभिन्न उद्यमीहरूले दुधालु गाई/भैंसीको संख्या थप्नुका साथै स्थानीय स्तरमा विभिन्न परिकार बनाई बिक्री वितरण गर्दै आइरहेका छन् ।

- **इबिक र नबिनतम चुनौती कोषको (EBIC and Challenge Fund) स्थापना**

इबिक भन्नाले युवाहरूका लागि नयाँ सोच र नयाँ विचार सृजना विकास गर्ने एक इकाइ हो । उद्यम गर्न तत्पर युवाहरूलाई आवश्यक पूँजी र सीपसँग इबिकले समन्वय गर्दछ । नवीन उद्यम व्यवसायको खोज तथा अनुसन्धान गर्न खुल्ला रूपमा आह्वान गरी व्यावसायिक सोच पत्ता लगाउनु र त्यो सोचलाई उद्यम व्यवसायमा परिवर्तन गर्नु इबिक र नवीनतम चुनौती कोषको मुख्य उद्देश्य हो । त्यसैगरी नवीन विचार अभिव्यक्त गर्न विभिन्न प्रतियोगिताहरू सञ्चालन गर्ने, उत्कृष्ट विचार र अवधारणालाई व्यवसायिकीकरण र बजारीकरणमा आवश्यक सहयोग गर्ने तथा सञ्चालनमा रहेको उद्यम/व्यवसायलाई प्रवर्द्धनका लागि अध्ययन गर्ने र गराउने आदि काम भइरहेको छ । तानसेन नगरपालिकाको वार्ड नं ६ वडा भवनमा इबिकको सम्पर्क कार्यालय रहेकोछ ।

- **बोटे माझी महिला उत्थान विकास कार्यक्रम**

तानसेन नगरपालिका, सयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र हेफर प्रोजेक्ट नेपालको सहयोगमा माझी उत्थान विकास कार्यक्रम तानसेन नगरपालिकाको वडा नं.१३ मा सञ्चालित छ । यो कार्यक्रम महिलाहरूकै नेतृत्व र सहभागितामा सञ्चालित छ । यस कार्यक्रमअन्तर्गत ४० घर परिवारलाई २ वटा बाख्राको दरले बाख्रा, २ वटा उन्नत जातका बोकाको साथै ४० वटा आधुनिक खोर निर्माणका लागि प्रति खोर रु २०,००० का दरले रु ८००,००० नगरपालिकाबाट उपलब्ध गराई खोर निर्माण गरिएको थियो । प्रत्येक घरलाई १२ देखि १६ वटासम्म स्थानीय जातका कुखुराका चल्ला उपलब्ध गराइएको छ । त्यसैगरी बाख्रा सहुलियत व्याजदरमा युवा स्वरोजगार कार्यक्रमअन्तर्गत नेपाल बैङ्क लिमिटेडमार्फत् ऋण उपलब्ध गराई वितरण गरिएको छ । यो कार्यक्रमलाई तानसेन नगरपालिकाले आफ्नो पहिलो प्राथमिकताको कार्यक्रमको रूपमा लिई माझी समुदायका बाल बालिकाहरूलाई पढाउने, पोसाक, शैक्षिक सामग्री, बत्ती नभएको घरमा सोलार बत्ती तथा बिजुली उपलब्ध गराइएको थियो । तरकारी उत्पादनसम्बन्धी तालिम सञ्चालन गरी बीउ विजन वितरण गरिएको छ । यो कार्यक्रमलाई तानसेन नगरपालिकाले नमुना कार्यक्रमको रूपमा प्रवर्द्धन गर्दै आएको छ । यो कार्यक्रमलाई हेफर प्रोजेक्ट नेपालले सामाजिक परिचालनमा सहयोग गरेको छ भने ग्रामीण आर्थिक विकास संघ (रेडा) ले स्थानीय रूपमा सहजीकरण गर्दै आएको छ ।

**निष्कर्ष**

यस कार्यक्रमबाट प्रत्यक्ष रूपमा जम्मा १५६ घरघुरी संख्या लाभान्वित भएका छन् । आगामी दिनमा पनि सञ्चालित कार्यक्रमको निरन्तरता भएमा तानसेन नगरपालिकामा रहेका युवाहरूको स्वरोजगारमा वृद्धि भई विदेश पलायन हुने युवाहरूलाई स्थानीय स्तरमा रोजगारको अवसर उपलब्ध हुने विश्वास गरिन्छ ।

(कार्यकारी निर्देशक, रेडा, पाल्पा)

# हृषीकेश मन्दिरको ऐतिहासिक पृष्ठभूमि तथा रथयात्रा



- दुर्गादत्त रेग्मी

नेपालकै प्रसिद्ध धार्मिक पवित्र चारधाममध्ये रूरू क्षेत्र एउटा प्रसिद्ध धाम हो । यसै पवित्र धाममा भृगुवंशीय देवदत्त ऋषिले कठोर तपस्या गरेको प्रभावबाट ईन्द्रासन डगमगाउन लागेपछि ऋषिको तपस्या भंग गराउने उद्देश्यले स्वर्गकी सुन्दरी प्रम्लोचा नामकी अप्सरालाई राजा ईन्द्रले यस स्थलमा पठाएको बताइन्छ । तिनी अप्सराको हाउ भाव कटाक्षबाट विचलित भै तपस्या भंग भएपछि अप्सरा र तवस्वी देवदत्त ऋषिको गर्भधारण हुन गै अप्सराको गर्भबाट कन्याको जन्म दिई आफूलाई स्वर्गबाट दिइएको जिम्मेवारी पूरा भएकोमा सन्तोषको महसुस गरी बच्चीलाई त्यसै ठाउँमा छोडी स्वर्गमा गएकी र देवदत्त ऋषि पनि धेरै वर्षसम्म गरिएको कठोर तपस्या भंग भएकोमा पश्चाताप गर्दै पुरानो तपस्थल गोलफुले ओढार (गुफा) छोडी स्याङ्जा जिल्लामा पर्ने भृगुतुँगेश्वर गुफामा गै पुनः तपस्यामा लाग्नु भएको धार्मिक विश्वास छ । अनाथ बालिकालाई तपोवनमा चर्न आउने रूरू नामक मृगिणीले दूध पान गराई बच्चीलाई संरक्षण गर्दै हुर्काएको कारण उनको नाम पनि रूरू कन्या भएको र यता ऋषि कन्या सांसारिक मोहमा नफस्ने उद्देश्यले यस क्षेत्रको धार्मिक महत्त्वको महिमा बढाउने र यस क्षेत्रका वासिन्दाहरूलाई सत्मार्गको माध्यमबाट मुक्ति प्राप्त गराउने दृढ संकल्पका साथ तपस्या गर्न लागिन् । उनको तपस्याबाट प्रभावित भै बैकुण्ठ लोकबाट स्वयम् भगवान विष्णु उनलाई दर्शन दिन आउनुभयो । उनलाई दर्शन दिएपछि भगवान विष्णुले 'हे बालिका म तिम्रो तपस्याबाट प्रसन्न भएको छु तिमीले चाहेको वरदान माग म दिन तैयार छु' भन्नु भएपछि कन्याले- 'प्रभु मलाई कुनै सांसारिक वैभवतामा रमाउने खालको कुनै पनि वरदानको आवश्यकता छैन । यस धार्मिक क्षेत्रमा हजुर स्वयंको अवतार भई यस संसारका मानवको रक्षा गर्ने पवित्र तीर्थस्थलमा मेरो नाम जोडियोस् र हजुर स्वयम् समेत शालिकरामको अवतारको रूपमा यहीँ विराजमान होइबक्सियोस्' भनेपछि भगवानले तथास्तु भनी वरदान दिनुभएकोले यस क्षेत्रको नाम रूरू क्षेत्र हुन गएको जनविश्वास छ ।



यिनै कालिगण्डकीमा भगवान विष्णु चतुर्वाहु शालिकरामको रूपमा अवतार लिनुभएको कुरा पौराणिक कथामा प्रष्ट उल्लेख भएको पाइन्छ । कालान्तरमा सेन वंशीय राजा मणिमुकुन्द सेन गुल्मी जिल्लाबाट विजयोत्सव मनाउँदै आइरहेको बेला कालिगण्डकीमा स्नान गर्नको लागि डुबुल्की मार्दा भगवान विष्णुको अवतरित चर्तुवाहु शिलामा ठोकिन गएको र सोही दिन रात्रीमा सपनामा समेत राजा मणिमुकुन्द सेनलाई दर्शन दिई मेरो यो शिलारूपी मूर्तिलाई यसै ठाउँमा स्थापित गरी यस क्षेत्रको धार्मिक महिमाको प्रचार गराऊ भन्ने निर्देशनसमेत भएकोले राजा मणिमुकुन्द सेनले यो मूर्तिको स्थापना गर्नुभएको बताइन्छ । यो मूर्ति कुनै बेला कुनै कालिगढ, मूर्तिकार तथा कुनै कलाकारबाट निर्मित भएको होईन भन्ने आम विश्वास रहन गएको छ । त्यसैले यस क्षेत्रमा आई भक्तजनहरूले कालीगण्डकीमा स्नान गरी गण्डकीको शुद्ध जल भगवानको पाउमा अर्पण गरी सोही पाउबाट निश्रित भएको चरणोदक पान गरेमा मनुष्यले तिर्नुपर्ने पितृऋण, ऋषिऋण, देवऋणबाट समेत मुक्त हुने विश्वास रहेको छ । भगवानका चरणको जलआचमन गर्दा सम्पूर्ण पापबाट मुक्त भई पुर्नजन्म हुने भन्ने जनविश्वास छ । जस्तैः

अकाल मृत्यु हरणं सर्वव्याधि विनासनम्
विष्णु पादोदकं पित्वा पुनर्जन्म नविद्यते ॥

त्यसैकारण यस रूरू क्षेत्रको ठूलो महिमा रहन गएको छ । यो मन्दिरको स्थापना कालदेखि राजा मणिमुकुन्द सेनकै राज्यकालमा उक्त मन्दिरलाई अक्षताको व्यवस्थाको लागि अर्गलीमा ठूलो गरा भन्ने खेत बनाई सिंचाइको व्यवस्था गर्न कुलोसमेत निर्माण गरिएको थियो । जुन अहिले पनि राजकुलोको नामबाट चर्चित छ । उक्त कुलो निर्माणमा केही समस्या भई ज्योतिषि पण्डितहरूको सल्लाहनुरूप उक्त कुलोको बाधा फुकाई सहजताको लागि त्यसै ठाउँमा उत्पन्न भएकी मधुमति नामकी देवीलाई नरवलि चढाए मात्र कुलो चल्ने अन्यथा कुलो भासिने ठहरअनुसार अरू धेरैलाई वलि दिने मानिस खोज्दा तत्काल कोही प्राप्त नहुने भएको र राजाका तिनओटी महारानी भएकोमा जेठी महारानी र कान्छी महारानीलाई सन्तान नभएका, माहिली महारानीको मात्र छोरा युवराज भावि राजा हुनपर्ने अवस्थामा महारानी वलि जान तयार भएपछि देवी प्रसन्न भई भावि दिनमा राजा हुने युवराजको संरक्षण गरी राजकाज चलाउन पर्ने अवस्था देखी देवी स्वंयमले महारानीको एउटा अंगुलीको रगत मात्रले पूर्ण भएको स्वीकार गरी कुलो निर्माण निर्विध्नतापूर्वक सम्पन्न भई उक्त ठूला गरामा सिंचाइ हुँदै समस्त अर्गलीको सिंचाइको व्यवस्था भएको जनश्रुति छ । हालसम्म पनि कुलोमा गरिने धार्मिक संस्कार जस्तै वार्षिक वलि पूजा, वडादसैंमा विशेष पूजा र प्रत्येक ३/३ वर्षमा पञ्चवलि दिने चलन यथावत छ । यसरी स्थापना भएको हृषीकेश मन्दिरको दैनदिनी आजापूजा चलाउन गुठीको व्यवस्था गरी अर्गलीका भट्टराई थरका ब्राह्मणहरूबाट नित्य नैमितिक पूजाको व्यवस्था भईरहेको छ । यस क्षेत्रमा विभिन्न समयमा विभिन्न मेला लाग्दछन् । जस्तै, वैशाख संक्रान्ति र वैशाख भरी उक्त ठाउँमा कालिगण्डकीमा स्नानगरी १०८ पीपलको जल खाई पुण्यप्राप्त गर्न वैशाख महिनाका सबै शनिवार विशेष मेला लाग्ने गर्दछ । जेष्ठ महिनामा दशहरा मेला तथा आषाढमा हरिशयनी एकादशी मेला, श्रावणमा संक्रान्ति, आश्विनमा नवदुर्गा, कार्तिकमा हरिबोधनी एकादशी र द्वादशी विशेष मेला, माघेसंक्रान्तिमा पूर्वकालमा ३ दिन मान्ने चलन थियो । जसमध्ये जेठी, माहिली, कान्छी संक्रान्ति मान्ने चलन भए तापनि हाल विशेष मेलाको कारणले दसौं दिनसम्म पनि मेला लाग्ने गर्दछ । भगवान हृषीकेशको विशेष पर्वको रूपमा हरिबोधनी एकादशी र द्वादशीमा भव्य मेलासहित भव्य रूपमा रथयात्रासमेत गरिन्छ । उक्त रथ यात्राको आरम्भ वि.सं. १९५२ देखि तत्कालीन अर्गली गुठीयारका अगुवाहरू रिडी बजारका गुठीयारहरूको सल्लाह अनुसार तत्कालीन साहु किष्णलाल श्रेष्ठको नेतृत्वमा रथयात्रा सञ्चालन भएको पाइन्छ । त्यसपछि मन्दिरको दैनन्दिन पूजाआजाको व्यवस्था गर्न र विशेष पर्व सञ्चालनको लागि रिडी बजारकै गुठीयारहरूको नेतृत्वमा समिति गठन भई केही काल समितिमार्फत् उक्त व्यवस्था चलेको थियो । केही कारणवश तत्कालीन समिति आपसमा विवाद भई समितिको नेतृत्वको लागि गुठी संस्था मालपोत कार्यालयसम्म पुगी सञ्चालक समिति विघटन गरी समस्या उत्पन्न भएको बेलामा नित्य पूजा यथावत् गर्ने र विशेष रथयात्रा सञ्चालन कार्यको लागि तत्कालीन गाउँ पञ्चायतका प्रधानपञ्च, गुठीयारी प्रतिनिधि, पुजारी प्रतिनिधि, गुठी संस्थान/मालपोत कार्यालयको प्रतिनिधि र अन्य गुठीयारका प्रतिनिधिबाट छानिएका प्रतिनिधिमार्फत्बाट रथयात्रा र मेला सञ्चालन गर्ने गरिन्थ्यो । त्यस्तो प्रक्रिया धेरै वर्ष रह्यो र वि.सं. २०५६ सालमा नेपाल सरकार गुठी संस्थानबाट राष्ट्रभरिका धार्मिक सम्पदाको सञ्चालन गर्न स्थानीय जनताको भावना अनुकूल समिति गठन कार्यादेशसमेत निर्धारण गरी जिम्मेवार समिति गठन गर्ने नीतिअनुरूप र उक्त समितिमार्फत् धार्मिक सम्पदाहरूको विकास गर्ने उद्देश्यले गरिएको व्यवस्थापन समितिबाट हाल आजापूजाहरूको सञ्चालन भइरहेको छ । यस मन्दिरमा रू १०००/- माथि अक्षयकोष (अठका) राख्ने भक्तजनहरूलाई रथयात्राको महाप्रसाद हुलाकमार्फत् घरमा पठाइदिने व्यवस्था समेत गरिएको छ र यस रथयात्रामा सहभागी हुने यस क्षेत्रका विभिन्न सरकारी गैरसरकारी सामाजिक संस्थाहरूलाई समेत उपलब्ध साधनमार्फत् महाप्रसाद उपलब्ध गराउने व्यवस्था छ । यो हलुवाको ठूलो महत्त्व रहेको छ र यसको निर्माण विशेष प्रकारले गरिन्छ । यस्तो गुणस्तरीय हलुवा अन्यत्र बन्दैन् ।

यो रूरू क्षेत्र ३ जिल्लाको संगम भएकोले यसको छुट्टै धार्मिक महत्त्व रहन गएको छ । हाल यहाँ पाल्पा, गुल्मी, स्याङ्जा ३ जिल्लालाई जोड्ने संगम पुल निर्माण हुँदै छ । यसले यस क्षेत्रको महिमा बढाउने छ । यस क्षेत्रका विभिन्न ऐतिहासिक संस्कार, संस्कृतिहरूको विकास गरी संसार भरका धार्मिक प्रर्यटकलाई आर्कषण गर्न ३ वटै जिल्लाका सरोकारवालाहरूको समन्वयबाट यसको द्रुतदर विकास गर्न सकिन्छ ।

यस क्षेत्रका धार्मिक मेलाहरू माथि उल्लेखित तिथि मितिमा सञ्चालन भईरहेका छन् । विशिष्ट पर्व हरिबोधनी एकादशी

र द्वादशीको रथयात्रा पर्व हृषीकेश मन्दिर व्यवस्थापन समितिको आयोजनामा र स्थानीय सरकारको सहयोगमा सम्पन्न गर्ने गरी हरिबोधनी एकादशीका दिन फूलपाती भित्र्याउने र महाप्रसाद वितरण, द्वादशीका दिनसमेत फूलपाती भित्र्याई रथयात्रा सञ्चालन गर्ने चलन चलिआएको छ । उक्त रथयात्रा सञ्चालनका लागि तत्कालीन अवस्थामा अर्गली खेतबाट ९० पाथी गहुँ, ग्वादी खेतको रू ३००० हजार, ख्याहा खेतको दुधबापत वार्षिक १६०० र हलुवा पकाउने दाउरा कुसेनीको खरबारीबाट आउने गर्दछ । नपुग रकम गुठी संस्थान रू ३६०००/- र आवश्यक अन्न विभिन्न क्षेत्रबाट सहयोग लिई परिपूर्ति गरिन्छ । रथ बोक्ने जिम्मा स्याङ्जा जिल्ला, साविक किपटका मगर समुदायका गुठीयारहरूको जिम्मा लगाइएको र रथ यात्रामा सम्पूर्ण गुठीयारहरूको अनिवार्य सहभागिता हुने व्यवस्था छ । बाजा बजाउने व्यवस्था सम्पूर्ण बाजाको बाना मन्दिर समितिले खरिद गरी कुसेनीका गुठीयार बानेदारहरूले बजाउने र बाजा बजाएवापत् गुठीयारहरू र बाजा बजाउनेहरूलाई समेत एक भाग महाप्रसाद उपलब्ध गराउने व्यवस्था थियो । त्यस रथ यात्रा पर्वमा उपस्थित हुने सम्पूर्ण भक्तजनहरूलाई उक्त महाप्रसाद विशेषगरी हलुवा एकादशी र द्वादशीका दिन वितरण गर्ने चलन यथावत् छ । हाल बाजा बजाउने बानेदारहरूले बाजा बजाउन छाडेकोले उक्त महाप्रसाद भाग उपलब्ध नगराउने गरेको छ । हाल रथ बोक्ने र बाजा बजाउने ज्यालादारी व्यवस्था भएकोले सो समस्या नरहेको र रथ बोक्ने र बाजा बजाउने बानेदारहरूलाई ज्याला र नास्ता मात्र उपलब्ध गराउने व्यवस्था छ । उक्त रथ यात्रा प्रकरण हाल जस्तो उतिबेला सजिलो नभएकोले रातमा समेत रथ घुमाउन पर्ने भएकोले उज्यालोको लागि हिँड्दा चिराक बाल्नुपर्दथ्यो र मैनटोलसमेतको व्यवस्था गरिन्थ्यो । तत्कालीन अवस्थामा भगवान हृषीकेशको प्रतिमूर्ति राखी एउटा मात्र रथ प्रयोग गरिएकोमा कहिले, कसरी दुईवटा रथ शुरू गरियो र किन गरियो ? अनुसन्धानको सवाल बनेको छ । हाल दुई वटा रथमध्ये पुरानो लक्ष्मीनाराणको नामबाट र दोस्रो राधाकृष्णको नामबाट रथ यात्रा गर्ने गरिन्छ । उक्त रथ यात्रा पर्व केही तत्कालीन समस्याबाहेक निरन्तर रूपमा दैनन्दिन पूजाआजा र वार्षिक रथयात्रा पर्व निर्विध्नतापूर्वक चलिआएको छ । यस यात्राको अर्को महत्त्वपूर्ण पक्ष के पनि छ भने भगवानलाई भोग लगाउन निर्मित हलुवाको गुणस्तर प्रसिद्ध भएकोले उक्त महाप्रसाद खोजीखोजी जो कोहीले ग्रहण गर्न चाहान्छन् । यस मन्दिरको संरक्षणमा तत्कालीन श्री ५ को सरकारबाट २ जना प्रहरीको दरबन्दी भएकोमा कहिलेकाही प्रहरीहरू देखिने, निजहरूको निरन्तरता नहुने अवस्था थियो । कालान्तरमा सो दरबन्दी खारेज भई मन्दिरको सुरक्षाको समस्या गुठीयारहरूमा रह्यो र गुठीयारहरूको आलोपालो डिउटी र पहराको व्यवस्थाबाट संरक्षण भइरह्यो । भगवान हृषिकेशका गुठीयारहरूलाई भगवानको सेवामा खटिएवापत् तत्कालीन शासकबाट लगाइने बेठी, बेगारी, झारा, टन्टाको मिनाहा गरिएको थियो । हाल मन्दिरको सुरक्षाको लागि २ जना सुरक्षाकर्मीको व्यवस्था भएको छ । साथै गुठीबाट उठेको तिरोबाट वार्षिक रूपमा श्रीकृष्णाजन्माष्टमी र रामनवमीको विशेष पूजामा खर्च गरी तत्कालीन दरबन्दीअनुसार शेष रकम मालपोत कार्यालयमा दाखिला गर्ने चलन थियो र त्यो बेलामा पूजा खर्चको लागि दैनिक रू ३ पूजा खर्चवापत् राज्यले प्रदान गरेको रकमसमेत यथावत छ । हाल उठेको मालपोत रकम मन्दिर व्यवस्थापन समितिको खातामा रहेको छ । हाल मन्दिर व्यवस्थापन समितिको व्यवस्थापनले उक्त मन्दिरमा आवश्यक व्यवस्था केही भएका छन् र केही समयानुकूल परिवर्तन र थप व्यवस्थापन गर्न आवश्यक छ । वि.सं. २०७५ सालदेखि अर्गलीमा समेत रथयात्रा गर्ने भन्ने व्यवस्थापन समिति र स्थानीय सरकारको निर्णय भई अचेल अर्गलीमा समेत रथयात्रा गर्न लागिएको छ । उक्त रथहरूलाई गाडीमा राखी यात्रा गराइन्छ । भगवान हृषिकेशको रथ वि.सं. २००४ सालमा तत्कालीन राजर्षि जुद्ध शमसेर महाराज अर्गलीमा हुँदा उहाँको दरबारमा ल्याइएको थियो र ७२ वर्ष पछि २०७५ सालदेखि अर्गलीमा रथ यात्रा भएको छ । यो रमाइलो पक्ष हो । समयानुकूल उक्त व्यवस्था राम्रै भएको छ । यो हृषीकेशको मन्दिर हाल तानसेन नगरपालिका वडा नं. १४, रूरू क्षेत्र अर्गलीमा पर्दछ । यसको पौराणिक र ऐतिहासिक महत्त्व त छँदैछ तापनि समयानुकूल नगरपालिकाले यस क्षेत्रको महत्त्वलाई बुझेर प्रचार प्रसारमा बढी ध्यान दिनुपर्ने र विशेष पर्वहरूमा राष्ट्रिय मेलाको रूपमा सबै पक्षको सहभागिता गराई धार्मिक पर्यटनको क्षेत्र निर्धारण गरी सबै क्षेत्रलाई समेटेर गुरू योजना बनाई विकास गर्न यथाशीघ्र पाइला चाल्नुपर्दछ ।

(पूर्व अध्यक्ष, हृषिकेश व्यवस्थापन समिति)

# एकपटक पुग्नैपर्ने तानसेन



- रमेश घिमिरे

केही वर्षअघि **दृष्टि** साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठको प्रेरणामा परिवारकासाथ सांस्कृतिक वैभवले परिपूर्ण तानसेनको भ्रमण गर्ने संयोग जुरेको थियो।

तानसेन नगरपालिका लुम्बिनी अञ्चलकै ऐतिहासिक र धार्मिक दृष्टिले प्रसिद्ध अत्यन्त रमणीय क्षेत्रको रूपमा रहेको पाल्पा जिल्लाको सदरमुकाम हो । यहाँ स्थित सुन्दर श्रीनगरडाँडा १३३१ मिटरको उचाइमा रहेको छ । तानसेन नगरपालिका क्षेत्रभित्र धेरै धारा र कुवा रहेका छन । होलाङ्दी खोला, गुरूजुधारा, तीनधारा र नारायणस्थान मुख्य धारा हुन् । यो बुटवलदेखि ३९ कि.मी. र काठमाडौंदेखि ३१० कि.मी को दूरीमा रहेको छ । यसको भौगोलिक अवस्थिति २७० ५०′ उत्तर देखि २७० ५३′ उत्तरी अक्षांश र ८३० ३१′ पूर्वदेखि ८३०३५′ पूर्वी देशान्तरमा रहेको छ । तानसेन नगरपालिकाले २३.५ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । पूर्वमा बगनासकाली गाउँपालिका, पश्चिममा रिब्दीकोट, दक्षिणमा तिनाउ र माथागढी गाउँपालिका, उत्तरमा स्याङ्जा जिल्लासँग सीमा जोडिएको छ । मुख्य वस्तीहरू नगरको दक्षिणी भागमा अवस्थित छन । तानसेन नगरपालिका अत्यन्त पुरानो नगरपालिका हो । यसको स्थापना वि.स २००७ साल चैतमा भएको हो । स्थापनाको हिसाबले तानसेन नेपालको तेस्रो नगरपालिका हो ।

तानसेनको ऐतिहासिक पृष्ठभूमि अत्यन्त रोचक छ । मुसलमानहरूले भारतमा आक्रमण गर्दा धेरै राज्यका हिन्दू वंशहरू उत्तरी क्षेत्रतर्फ भागेर आए । कालान्तरमा तिनीहरू हिमाली प्रदेशतर्फ प्रवेश गरे र तिनीहरूले आफनै छुट्टै राज्य स्थापना गरे । त्यस समयमा रूद्र सेनले पाल्पामा सेन वंशीय राज्य बिस्तार गरे । जसको राजधानी तानसेन बन्न पुग्यो । पौराणिक किम्बदन्तीअनुसार तानसेन भन्ने शब्द सेन वंशका राजाको नामबाट ताम्रसेन को रूपमा रहेको थियो । जसले सहरी क्षेत्रमा मात्र राज्य गरेका थिए । अर्को मान्यताअनुसार मगर शब्द "तान्सिङ बाट तानसेन बन्न गयो । जसको अर्थ उत्तरी बस्ती भन्ने बुझाउँछ ।

जलवायुको हिसाबले तानसेन नगरपालिका अत्यन्त रमणीय स्थानको रूपमा परिचित छ । यसलाई नेपालको दार्जिलिङको रूपमा पनि लिने गरिन्छ । यहाँ गर्मीको समयमा अधिकतम ३५ डिग्री सेल्सियससम्म तापक्रम रहने र जाडो समयमा न्यूनतम शून्य डिग्रीसम्म तथा औषत २४ डिग्री सेल्सियस तापक्रम रहने हुँदा न त धेरै जाडो न त धेरै गर्मी हुने गर्दछ । यहाँ जाडो महिनामा बाक्लो कुहिरो लाग्नुको सट्टा बिहानै घाम लाग्ने र गर्मी समयमा पनि शीतलताको अनुभूति गर्न सकिन्छ ।



विक्रम सम्बत १८८५/८६ तिर काजी बख्तावरसिंह पाल्पाको तैनाथवाला भई आएका थिए । वि.सं. १८८६ मै खरका छाप्राहरू तथा कच्ची घरहरू भएको तानसेनमा भयानक आगलागी भयो । विचल्लीमा परेका बासिन्दाहरूको निवेदनपछि भीमसेन थापाले व्यक्तिगत सम्पत्तिको सुरक्षा गर्न र पक्की घर बनाएर बसेमा घरपतिले जग्गा बेचबिखन गर्न पाउने, अमाली वा चौधरीले पजनी गर्न नपाउने आदेश दिए र वर्तमान तानसेन सहरको निर्माण सुरू भएको थियो ।

मगर जातिको प्रमुख थलोको रूपमा पाल्पा जिल्ला परिचित रहे तापनि तानसेन नगरमा नेवार, ब्राम्हण र क्षेत्री प्रमुख जातिको रूपमा रहेका छन । धार्मिक बाहुल्यता हिन्दु, बौद्ध र मुस्लिम तथा अन्य रहेको छ । प्रमुख लोकमार्ग सिद्धार्थ लोकमार्ग सुनौली-पोखराले छोएको छ ।



अमरसिंह थापाले निर्माण गरेको अमरनारायण कलात्मक मन्दिर र अमरनारायण पौवा (अमरगञ्ज), उजीरसिंह थापाले निर्माण गरेको रणउजिरेश्वरी भगवती मन्दिर, खडग शमशेरद्वारा निर्मित रानीघाट दरबार, प्रताप शमशेरद्वारा पुनर्निर्माण गरिएको पाल्पा दरवार, बग्गी ढोका, मुलढोका, विजय स्तम्भ, शीत्तलपाटी, अण्डाकार टुँडिखेल मैदान, पश्चिमी शैलीमा निर्माण भएको त्रिभुवन बहुमुखी क्याम्पसको प्रशासकीय भवन, वीरेन्द्रपार्क, ढुंगा छापिएका सडक र गल्ली, पाल्पाली ढाका उद्योग, करूवा उद्योग, श्रीनगरडाँडा, पारीलेयक वन आदि यहाँका दर्शनीय स्थल एवम् महत्त्वपूर्ण संरचनाहरू हुन । नेवारी, मगरी संस्कृतिको धनी छ पाल्पा तानसेन ।

तानसेनबाट १६ कि.मी उत्तर कालीगण्डकी नदीको किनारमा खडग शमशेरद्वारा प्रिय रानी तेजकुमारी देवीको सम्झनामा निर्माण गरिएको रानीघाट दरबार (नेपालको ताजमहल), ९ कि.मि पश्चिममा पाल्पा कालभैरव मन्दिर र उक्त मन्दिरमा रहेको एसियाकै सबैभन्दा ठूलो पित्तलको त्रिशुल, १५ कि.मी पूर्वमा रम्भादेवी मन्दिर, ५ कि.मी दक्षिणमा रहेको ता.न.पा ११ को प्रभास ताल र ३० कि.मी दक्षिणमा रहेको कोलडाँडाको सत्यवती ताल पाल्पाका मुख्य दर्शनीय स्थलहरू हुन् । जसबाट आन्तरिक पर्यटनले समेत बढावा पाएको छ ।

यी त भए तानसेन र सेरोफेरोको ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय महत्त्व झल्काउँने विषयवस्तुहरु । हामी पोखरा भ्रमणपश्चात् स्याङ्जा हुँदै तानसेन भ्रमणमा गएका थियौँ । हाम्रो भ्रमणदलमा विदेशबाट आएका आफन्तहरु पनि थिए। उनीहरु तानसेनको स्वच्छ वातारण, त्यहाँका मानिसहरूको सरलता र सांस्कृतिक सम्पदाप्रति अत्यन्त लोभिएका थिए। उनीहरूलाई पोखराभन्दा कैयौंगुना बढी तानसेनले लोभ्याएको थियो ।

साँच्चै भन्ने हो भने तानसेन लुकेको खजाना हो । जसलाई हामीले जनसमक्ष उद्घाटित गर्न सकेका छैनौँ । सायद तानसेनको यही महत्त्वलाई बुझेर नाङ्लोका संस्थापक श्यामसुन्दरलाल कक्षपतिले तीसवर्षअघि नै तानसेनलाई सांस्कृतिक सहरकारूपमा जीवन्त राख्न बन्दीपुर जस्तै होम स्टे सञ्चालन गर्ने गुरूयोजना अधिसारेका थिए । तर, बन्दीपुर, बन्दीपुर बन्यो । तानसेनले त्यसको उपयोग गर्न सकेन । त्यसबेला पुराना घर भत्काएर कंक्रिटको जङ्गल बन्यो । र तानसेनको मौलिकतामा ठूलो क्षति पुग्यो । यद्यपि पछिल्लो वर्षमा सडकमा ढुंगा छाप्ने, सडक विस्तार, विग बुद्ध पार्क योजना, हरियाली बसपार्क योजनाका कारण तानसेनले काँचुली फेर्छ कि भन्ने आशा छ ।


तानसेनमा माथि उल्लेख गरिएका सम्पदाहरु बाँकी नै रहेको हुनाले ती सम्पदाहरूको उचित संरक्षण सम्वर्धन गरी तानसेनको वैभव कायम राखिनुपर्दछ । प्रकृतिले तानसेनलाई धैरैकुरा दिएकी छन्। त्यसमध्ये वातारण प्रमुख हो ।

तानसेन भौगोलिक रूपमा अत्यन्त अनुकूल स्थानमा रहेको छ । बाटो राम्रो बनेमा दुई घण्टाभन्दा कमको ड्राइभिङ्गमा लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थलबाट त्यहाँ पुग्न सकिन्छ । त्यस्तै भारतको बनारसबाट त्यहाँको उखरमाउलो गर्मी छल्न भारतीय पर्यटकहरु एकैदिनमा त्यहाँ आइपुग्न सक्दछन् । यसका लागि उचित प्रचारप्रसार र पर्यटकीय सुविधाहरूको विस्तार गर्नुपर्दछ ।

हाललाई यतिमात्र गरिएमा तानसेनले छिट्टै नै पोखराभन्दा बढी प्रसिद्धि पाउनेछ र केही वर्षमै थामिनसक्दो रूपमा पर्यटकहरूको आवागमन हुँनेछ ।

मेयर अशोककुमार शाहीको अग्रसरतामा तानसेन नगरपालिकाले यसकार्यको नेतृत्वलिई कामगर्ने विश्वास लिएको छु ।

(स्वतन्त्र पत्रकार, काठमाडौं)




कविता

# पाल्पा



- खत्री कमल

माडी फल्दछ  लाग्छ रत्नमणिको, भण्डार यो सुन्दर ।
पाल्पाझैँ अति शान्त सुन्दर धरा अर्को कहाँ पो छर ?
साँच्चै  गौरव लाग्छ सारसुखको हो केन्द्र पाल्पा रथी ।
आफै बोल्दछ तानसेन कविझैँ, फुल्छिन् यहीँ मालती  ।।

१

सारै सुन्दर मोहिनी प्रकृतिले, पोख्दै गरेको खुसी ।
खेल्छन् पुष्पलताहरु नव झुली, वैसाखमा बुर्कुसी ।।
आई ती ऋतु तानसेन जूनको सन्देश जो छर्दछन् ।
त्यो सन्देश लिई चलाख भँमरा संसार यो घुम्दछन् ।।

२

राँको निभ्दछ जण्ड गृष्म ऋतुको, घुम्दै यहाँ आउँदा ।
लोभिन्छन् बटुवाहरु अमर ती, गाथा यहाँ गाउँदा ।
तारापुञ्ज झरी सुटुक्क दिल यो जान्छन् लिई दूरमा ।
पाल्पाको यश तानसेन नगरी, छिप्दैन त्यो दूरमा ।।

३

पाल्पा गर्दछ सेनराज्यहरूको चर्चा यशोगानको ।
पाल्पा बोल्दछ वाङ्मयी सुमनको, खम्बा बनी सानको ।।
पाल्पाली करूवा झुकाउँछ सबै जो छन् कलापारखी ।
साँच्चै लाग्दछ तानसेन मणिझैँ धेरै भनूँ के सखी ।।

४

पाल्पाली परिकार, बालन मिठा, कौरा मिठा छन् यहाँ ।
रोदी, निर्गुण, झ्याउरे,भजनका, झङ्कार छुट्छन् यहाँ ।।
सालैज्यू अनि सोरठी छमछमी, भोगाइका  नाँच्दछन् ।।
फुल्छन् फूल यहाँ अनेक रङका, एकत्वमा बाँच्दछन् ।।

५

रक्षाखातिर छिन् यहाँ भगवती, सन्ताप बस्छिन् हरी ।
बाँकी जीवन यो बिताउन सकूँ, पूजा यिनैको गरी ।
घट्ने जीवनमा हरेक घटना जात्रा यहाँ बोल्दछन्
जात्रामा सुरराज नाद विधिको गर्दै स्वयम् बोल्दछन् ।।

६

पाल्पा जीवन हो यहाँ कुसुमका आभा बनून् ओखती ।
पाल्पा सुन्दर वाग हो प्रकृतिको, फुल्ने सबै फूल ती ।
पाल्पाली धरती निमग्न छ सधैं, काव्यादिको रागमा ।
यस्तो सुन्दर काव्यवाग नभुली, फुल्दिन्छु यै वागमा ।

७

धोई यो मन शान्तिपूर्वक बसूँ, चाहिन्न केही अरु ।
हावा शान्त सधैं पिऊँ नियतिको, पञ्जा म तोडूँ बरू ।।
मेरा काव्य फुलून् वसन्त तरूझैँ, होस् भावको पूर्णता ।
लेखूँ उन्नत तानसेन नगरी, देखूँ म सम्पूर्णता ।।

८

(सर्जक)

# तस्बिरमा तानसेन



तानसेन नगरपालिकामा सहयोग गर्न आएका जापानी स्वयम्सेवक दाइसुके ओगुरा (रामबहादुर) लगायत उपप्रमुख लक्ष्मीदेवी पाठकसँग



तानसेनका नागरिक ब्रम्हकुमार हरि निवास अगाडि सरसफाइ गर्दै




सामुदायिक रेडियो मदनपोखरामा पुष्प स्मृति दिवस-२०७७ मा आयोजित रेडियो परिसंवाद कार्यक्रमका सहभागी




तानसेन बजारमा अनुगमन गर्दै जनप्रतिनिधि, पत्रकार, सुरक्षाकर्मीलगायत

# तस्बिरमा तानसेन



तानसेन-७ मा नगरप्रमुखको उपस्थितिमा सम्पन्न सार्बजनिक सुनुवाइ कार्यक्रममा बोल्दै वडाध्यक्ष मुक्तिराम जीसी (माधव)




हाम्रो तानसेन त्रैमासिक पढ्दै भैरवनाथ मन्दिरका मुल पुजारी जीतनाथ योगी




तानसेन-४ मा कोरोना पहिचानका लागि पिसिआर. परिक्षण गरिँदै



तानसेन बजारमा सडक मिचेर बनाएका पेटि भत्काउँदै नगर प्रहरी



तानसेनमा बजार अनुगमन गर्दै नगर प्रहरी

# तस्बिरमा तानसेन



२०७७ असार २५ मा सम्पन्न समसामयिक सवालमा केन्द्रित तानसेन नगर कार्यपालिकाको वैठकका सहभागी



तानसेन नगरपालिका कृषि तथा पशु सेवा शाखाबाट आधुनिक यान्त्रिकरण वितरण समारोहमा नगरप्रमुख, उपप्रमुख, प्रवक्ता लगायत



तानसेन नगरपालिका स्तरीय सहकारी सञ्जाल गठनका लागि आयोजित भेलाका सहभागी

# तस्बिरमा तानसेन



तानसेन नगरपालिका कृषि तथा पशु सेवा शाखाबाट गरिएको उन्नत जातको बीउ बोका वितरण कार्यक्रमको झलक



कोरोना संक्रमणबाट सुरक्षाका लागि बजारका विभिन्न स्थान निसंक्रमण गर्दै सरसफाइ शाखाका सुपरभाइजर रविकर क्षेष्ठ



तानसेन नगरपालिकामा नेपाल बैंकको एक्टेन्सन काउन्टर शुभारम्भ गर्दै नगरप्रमुख अशोककुमार शाही



सूचना प्रविधि सम्बन्धी तालिम सहजीकरण गर्दै सूचना प्रविधि अधिकृत प्रकाश गैरे



तानसेन नगरपालिका स्वास्थ्य शाखा संयोजक झविन्द्र न्यौपाने, सहसंयोजक सिरबहादुर राना लगायत स्वास्थ्यकर्मीहरू

# समृद्ध तानसेनका लागि नेपाल बैंकको सहकार्यमा सहुलियतपूर्ण कर्जा



- सुरज घिमिरे

**प्राक्कथन**

देशमा संघीयताको विकाससँगै नागरिकको नजिकको सरकार भनिएको स्थानीय सरकारले आफ्नो आर्थिक विकासको लागि माटो र परिवेश सुहाउँदा कार्यक्रमहरू लागू गरिरहेका छन् । यसै सन्दर्भमा प्रजातन्त्रको उदयसँगै वि.सं. २००७ सालमा स्थापित तानसेन नगरपालिकाले नगरको आर्थिक विकासका लागि पहल गर्दै आएको छ । तानसेन नगर क्षेत्रका युवाहरूमा भएका ज्ञान, सीपको सदुपयोग गर्दै उद्यमशीलता, सिर्जनशीलता तथा सीपको विकास गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न साथै विदेशबाट फर्केका युवाहरूको सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई आत्मनिर्भर एवम् स्वरोजगार बनाउन अभियान थालेको छ । साथै महिला उद्यमशीलताको विकास र दलित तथा अल्पसंख्यक समुदायहरूको परम्परागत सीप र पेसालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रबर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध तानसेन निर्माणको आधार तयार गर्न नेपाल बैंक लिमिटेड र तानसेन नगरपालिका बीच मिति २०७६ असार १८ गतेका दिन एक सम्झौता भएको छ । जसअनुसार स्वरोजगार तथा उद्यमशीलताको विकासका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रमको सुरूवात गरेको छ । यसबाट उद्यम गर्न चाहने तर पूँजी तथा ऋणको लागि बैंकलाई धितोको रूपमा दिनुपर्ने अचल सम्पत्तिसमेत नभएका महिला, दलित, विदेशबाट फर्किएका युवाहरूलाई उत्साह थप्ने आशा गर्न सकिन्छ । यस आलेखमा तानसेन नगरपालिका र नेपाल बैंकको सहकार्यमा सहुलियतपूर्ण कर्जा कार्यक्रमको शीर्षकहरू, कर्जाका विशेषताहरू, यो लेख तयार पार्दासम्म भए गरेका लगानी विवरणहरू र यस कार्यक्रमका चुनौती तथा आगामी दिशाबारे केही विश्लेषण गर्ने प्रयास गरिएको छ ।

**विषय प्रवेश**

प्रदेश नं ५ अन्तर्गत पाल्पा जिल्लाको सदरमुकाममा रहेको तानसेन नगरपालिका बुटवलदेखि ३९ कि.मी. र काठमाडौंदेखि ३१० कि.मी को दूरीमा रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १०९.८ वर्ग किलोमिटर छ, जस अन्तर्गत १४ वटा वडाहरू रहेका छन् । नगरपालिकाद्वारा २०७५ मा गरिएको घरधुरी तथ्याङ्क सङ्कलन अनुसार यस नगरपालिकामा १३,१२२ घरपरिवार रहेका छन् । जसमा २१,४१४ पुरूष, २५,९९२ महिला गरी नगरको जनसंख्या कूल ४७,४०६ रहेको छ । तथ्याङ्कअनुसार यहाँको लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरूषको जनसङ्ख्या भने कम अर्थात् ८२.३९ प्रतिशत देखिन्छ । काम गर्ने उमेरका र काम गर्न इच्छुक नगरवासीमध्ये ३३ प्रतिशत नगरवासी आंशिक वा पूर्ण बेरोजगार रहेका छन् ।

ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको तानसेनमा आधुनिक कृषि प्रणालीको माध्यमबाट आर्थिक विकासको आधार तयार गरी पर्यटन, व्यावसायिक ढाका र करूवा तथा भाडाबर्तन निर्माण उद्योगहरूको प्रचुर सम्भावना रहेको छ । यही सन्दर्भमा समृद्ध तानसेनको परिकल्पनासहित नेपाल बैंक लिमिटेड र तानसेन नगरपालिका बीच मिति २०७६ असार १८ गतेका दिन एक सम्झौता गरी स्वरोजगार तथा उद्यमशीलताको विकासका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रमको सुरूवात भएको हो ।

**कर्जा कार्यक्रमका विशेषताहरू**

नेपाल बैंक लिमिटेड र तानसेन नगरपालिकाबीच भएको सम्झौताबमोजिम सहुलियतपूर्ण कर्जाबाट यस क्षेत्रको कृषि, परम्परागत तथा घरेलु उद्योग, महिला उद्यमशीलता, युवा स्वारोजगारजस्ता विविध क्षेत्रमा विकासको अपेक्षा गरिएको छ । बैंकबाट पर्वाह गरिने कर्जाहरूमध्ये सहुलियतपूर्ण कर्जा र त्यो पनि स्थानीय तहसँगको साझेदारीमा गरिएको कर्जा लगानी नेपालकै सन्दर्भमा एक विशेष कार्यक्रम हो । तानसेन नगरपालिका जमानी बसी प्रदान गरिने यस किसिमको कर्जा बैंकका अन्य कर्जाहरूको तुलनामा यो एक फरक अर्थात् विशेष कर्जा कार्यक्रम हो । त्यसैले यसका विषेशताहरू पनि अन्य कर्जाहरूभन्दा भिन्दै किसिमका रहेका छन् ।

**कर्जाको लागि धितो आवश्यक नरहने**

- बैंकको आधार दरमा २ प्रतिशत प्रिमियम जोडी व्याजदर निर्धारण हुने भएकाले बैंकको व्याजदर न्यून हुने
- समयमा तिर्ने असल वर्गका ऋणीहरूको हकमा तिरेको व्याजमा ५ प्रतिशत अनुदान उपलब्ध हुने
- महिला उद्यमीहरूको हकमा भने ६ प्रतिशत व्याज अनुदान उपलब्ध हुने
- कर्जा सूचना रिपोर्ट, विमा पोलिसीलगायतमा शुल्क बाहेक थप सेवा शूल्क नलाग्ने
- आवश्यक कागजात दिएको ३ कार्यदिनभित्र ऋण प्रवाह गरिने
- नगरपालिकासँगको सम्झौता गरी सञ्चालित परियोजना भएकाले यस शीर्षकका कर्जाहरूलाई बैंकले अन्य कर्जाहरूको तुलनामा बढी महत्त्व दिएर कार्य अगाडि बढाएको
- लकडाउनको समयमा पनि बैंकले सहुलियतपूर्ण कर्जा लगानीलाई नरोकेको
- नगरपालिका स्थानीय सरकार भएको र यसमा राजनैतिक परिवेशबाट चुनाव जितेर आउनुभएका पदाधिकारीहरूसमेत रहेको भए पनि कर्जा लगानीको लागि बैंकलाई व्यक्तिगत तथा राजनैतिक दबाब नभएको ।
- आवेदकहरूलाई ग्रामीण आर्थिक विकास संघ (रेडा) मार्फत् तालिमसमेत दिई उद्यामशीलताको विकास गर्न यस कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको ।

**सहुलियतपूर्ण कर्जा कार्यक्रमका शीर्षकहरू**

**१. व्यावसायिक कृषि तथा पशुपछी कर्जा**

कृषि क्षेत्रको विकासमा तानसेन नगरपालिकाले जोड दिएको छ । कृषकहरूको उत्पादन आफै खरिद गरी आउटलेटमार्फत् बिक्री गर्नेसमेत योजना रहेको हुँदा यो क्षेत्रले तानसेनको लागि सुन्दर आर्थिक आधार स्तम्भ तयार गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

तानसेन नगरपालिकाको जमानीमा हालसम्म रू. १० लाखसम्म ऋण लगानी गरिएको भए पनि नेपाल बैंकले धितो लिइ थप रू. पाँच करोड रूपैयाँसम्म कर्जा प्रवाह गर्न सक्छ । यस कर्जा शीर्षकमा निर्धारण गरेको व्याजदरमध्ये ५ प्रतिशत व्याज अनुदान सुविधा उपलब्ध हुनेछ । व्यवसायिक कृषि तथा पशुपछी कर्जाको अर्को सुन्दर पक्ष भनेको व्यवसायिक परियोजना धितो लिई कर्जा प्रवाह गर्दा गरिने परियोजनाको बिमा लागतको ७५ प्रतिशत बिमा शुल्क नेपाल सरकारले अनुदान दिने गरेको छ । अर्थात् कृषकले प्रिमियमको मात्र २५ प्रतिशत रकम तिरे पुग्छ ।

**२. शिक्षित युवा स्वरोजगार कर्जा**

शिक्षित युवाहरूमा उद्यमशीलताको विकास गरी रोजगारी सिर्जना गर्ने उद्धेश्य बोकेको यस कर्जा शीर्षकअन्तर्गत कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण युवाहरूलाई यो कर्जा प्रवाह गरिन्छ । कर्जाको अधिकतम सीमा रू. ७ लाख सम्म रहेको छ । कम्तीमा स्नातक तह उत्तीर्ण भएको र ४० वर्ष उमेर ननाघेको, विदेशी विश्वविद्यायलबाट शैक्षिक योग्यता हासिल गरेकाको हकमा नेपालको कुनै विश्वविद्यालयबाट समकक्षता निर्धारण गरिएको प्रमाण, घरेलु तथा साना उद्योग कार्यालय समिति, सीप विकास तालिम केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद लगायतका सरकारी निकायहरूबाट कम्तीमा ७ दिनको उद्यम वा व्यवसाय गर्ने सीप विकास तालिम अनिवार्य रूपमा लिएको वा उक्त कर्जा स्वीकृत भएपछि त्यस्तो संस्थामा सीप विकास तालिम लिएको प्रमाण पेश गरेको हुनुपर्नेछ ।

**३. विदेशबाट फर्केका युवा परियोजना कर्जा**

विदेशबाट फर्केका युवाहरूलाई उनीहरूमा रहेको ज्ञान तथा सीपको सदुपयोग गर्दै रोजगारी, उत्पादन, आम्दानी वृद्धि गर्न यस शीर्षकको कर्जाले महत्त्वपूर्ण योगदान दिने देखिन्छ । यस शीर्षकअन्तर्गत श्रम स्वीकृति प्राप्त गरी वा नगरी कुनै पनि देशमा कम्तीमा ६ महिना सम्बन्धित तालिम/पेसा/व्यवसाय क्षेत्रमा काम गरी नेपाल फर्केको तीन वर्ष ननाघेको युवाहरूलाई कर्जा प्रवाह गरिन्छ । यसमा कर्जा सीमा बढीमा रू. १० लाखसम्म रहेको छ । विदेशबाट फर्केको भए पनि कुनै पनि देशको स्थायी बसोबासको स्वीकृति प्राप्त (PR/Green Card Holder) व्यक्तिलाई यस्तो कर्जा प्रदान गरिँदैन ।

**४. महिला उद्यमशील कर्जा**

आधा आकास ढाकेका महिलाहरूको आर्थिक उन्नतिबिना समग्र देशको उन्नति हुन नसक्ने भएकाले आयआर्जनको क्षेत्रमा महिलाहरूको सहभागिता बढाउनुपर्ने सन्दर्भमा महिला उद्यमशील कर्जाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्छ । यस शीर्षकअन्तर्गत

आर्थिक क्षेत्रमा महिलालाई एकल वा सामूहिक रूपमा उद्यमशील बन्नको लागि कर्जा प्रवाह हुनेछ । यस शीर्षकमा कर्जाको सीमा बढीमा रू. १५ लाखसम्म रहेको छ । यस किसिमको कर्जाको एक सुन्दर पक्ष भनेको अन्य सबै कर्जाहरूमा ५ प्रतिशत व्याज अनुदान प्राप्त हुने भए पनि यस कर्जा शीर्षकमा ६ प्रतिशतको व्याज अनुदान प्राप्त हुन्छ ।

**५. दलित समुदाय व्यवसाय विकास कर्जा**

दलित समुदायमा रहेको सीप, ज्ञान र क्षमताको विकास गरी वर्षौंदेखि पछाडि परेका उक्त समुदायको आर्थिक उन्नतिमा यो कर्जाले महत्त्वपूर्ण योगदान दिने देखिन्छ । खास गरी यो कर्जा दलित समुदायको परम्परागत सीप र पेसालाई आधुनिकीकरण एवम् प्रवर्द्धन गर्नका लागि प्रदान गरिन्छ । यस शीर्षकअन्तर्गत दलित समुदायलाई समूहमा वा एकल रूपमा कर्जा प्रवाह गर्न सकिने व्यवस्था रहेको छ । "दलित समुदाय" भन्नाले गाँउपालिका वा नगरपालिकाले दलित जात भनी सिफारिस गरेको जनजाति सम्झनु पर्छ । यो कर्जाको सीमा बढीमा १० लाख रहेको छ ।

**६. उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा**

यो कर्जाको लागि न्यूनतम् शर्त भनेको माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी, स्वदेशको कुनै कलेज वा विश्वविद्यायलमा अध्ययन गरिरहेको वा गर्ने हुनुपर्दछ । साथै बैंकले निवेदकको वा ऋणीको ऋण तिर्न सक्ने क्षमताको विश्लेषण गरेपश्चात् मात्र यो ऋण प्रवाह गर्नसक्ने व्यवस्था रहेको छ ।

यो कर्जा रकम विद्यार्थीको लागि आवश्यक पर्ने कलेजको भर्ना शुल्क, मासिक शिक्षण शुल्क तथा अन्य विलको रकम सिधा सम्बन्धित कलेजले नै पाउने गरी कलेजको खातामा जम्मा हुने गरी स्वीकृत सीमाभित्र रहने गरी वितरण गरिनेछ । यो कर्जाको लागि न्यूनतम् शर्त भनेको माध्यमिक शिक्षा वा सो सरह उत्तीर्ण गरी २५ वर्ष उमेर ननाघेको, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय वा लक्षित वर्गको विद्यार्थी, स्वदेशको कुनै कलेज वा विश्वविद्यायलमा अध्ययन गरिरहेको वा गर्ने हुनु पर्दछ । साथै बैंकले निवेदकको ऋणीको ऋण तिर्न सक्ने क्षमताको विश्लेषण गरेपश्चात् मात्र यो ऋण प्रवाह गर्नसक्ने व्यवस्था रहेको छ । यो कर्जाको सीमा रू. ५ लाखसम्म रहेको छ ।

**७. भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा**

यो कर्जा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण सुरू गर्न नसकेका भूकम्प पीडित योग्य व्यक्तिको लागि प्रदान गरिन्छ । यसको कर्जा सीमा बढिमा ३ लाख रहेको छ । नेपाल सरकारले निजी आवास अनुदान दिएबाहेक अरू संस्थागत अनुदान नपाएको, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग



| क्र.सं. | कर्जाको प्रकार | कर्जा रकम सीमा | व्याजदर | व्याज सहुलियत |
|---|---|---|---|---|
| १ | व्यावसायिक कृषि तथा पशुपन्छि कर्जा | रू. ५ करोड सम्म | आधार दर+२% | ५% |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | रू. ७ लाख सम्म | आधार दर+२% | ५% |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | रू. १० लाख सम्म | आधार दर+२% | ५% |
| ४ | महिला उद्यमशील कर्जा | रू. १५ लाख सम्म | आधार दर+२% | ६% |
| ५ | दलित समुदाय व्यवसाय विकास कर्जा | रू. १० लाख सम्म | आधार दर+२% | ५% |
| ६ | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | रू. ५ लाख सम्म | आधार दर+२% | ५% |
| ७ | भुकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा | रू. ३ लाख सम्म | आधार दर+२% | ५% |

निजी आवास निर्माण गर्न सम्झौता गरी आर्थिक अभावका कारण हालसम्म आवास निर्माण कार्य सुरू गर्न नसकेका भूकम्प पीडित, ऋणी वा निजको परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको घर परिवारले मात्र यस शीर्षकको कर्जा प्राप्त गर्नसक्ने व्यवस्था रहेको छ । साथै बैंकले आफ्नो कार्यविधि बमोजिम भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा प्रवाह गर्दा राष्ट्रिय पुनर्निमाण प्राधिकरणले आवास निर्माण सम्पन्न गर्न तोकिएको अवधिभित्र कर्जा लिई सक्नुपर्ने प्रावधान पनि रहेको छ ।

### कर्जा लगानीको प्रक्रिया

तानसेन नगरपालिकाको स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि २०७५ तथा नेपाल बैंक लिमिटेडको सहुलियतपूर्ण कर्जाको एकीकृत कार्यविधि २०७५ एवम् तानसेन नगरपालिका र नेपाल बैंक लिमिटेडबीच २०७६ असार १८ गते भएको सम्झौताबमोजिम सहुलियतपूर्ण कर्जा लगानी गर्ने व्यवस्था छ । यसअन्तर्गत सबैभन्दा पहिले कर्जाको लागि तानसेन नगरपालिकामा आवेदन माग गरिन्छ । आवेदकहरूबाट कर्जाको आवेदन लिइसकेपछि नगरपालिकाले उक्त आवेदनहरूलाई बैंकमा पठाउँछ । त्यसपछि बैंकका कर्मचारीहरूले आवेदकहरूको प्रस्ताव तथा फिल्ड अध्ययन गरिसकेपछि कुनकुन आवेदनलाई कर्जा दिने/नदिने, दिन मिल्ने भए कति रकमसम्म दिनसकिने भन्ने रिपोर्ट तयार पार्दछन् । यो रिपोर्ट बैंकले नगरपालिकालाई दिन्छ । यही रिपोर्टको आधारमा निवेदनमाथि थप अध्ययन अनुसन्धन गरी तानसेन नगरपालिकामा बनेको कर्जा निर्णय कमिटिले कर्जाको लागि बैंकमा सिफारिस गर्दछ ।

यसरी नगरपालिकाबाट प्राप्त सिफारिसका आधारमा बैंकले छनौट भएका निवेदकहरूसँग आवश्यक कागजात माग गरी कर्जा स्वीकृत गर्ने र तमसुक तथा परिवारको व्यक्तिगत जमानत लिई खातामार्फत् कर्जा प्रवाह गर्दछ । यस कार्यक्रममा समय समयमा बैंकको निरीक्षण तथा नगरपालिकाको प्रतिनिधिसहितको टोलीले कर्जाको सदुपयोग भए नभएको र कर्जा लगानीले पारेको प्रभावका विषयमा स्थलगत तथा गैरस्थलगत निरीक्षण तथा अध्ययन गर्ने व्यवस्था पनि गरिएको छ । यसरी कर्जा प्रवाहमा गहिरो अध्ययन गरिसकेपछि मात्र अगाडि बढिने भएकाले र ऋणीहरूले चाहेमा रेडामार्फत् तालिम पनि प्राप्त गर्नसक्ने भएकाले उद्यमशीलताको विकाससहित नगरको आर्थिक समृद्धिमा यस कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने देखिन्छ ।

### हालसम्म बैंकबाट भएको लगानीको विवरण

सहुलियतपूर्ण कर्जाका ७ शीर्षकहरूमध्ये हालसम्म ४ वटा शीर्षकमा लगानी भएको छ । बाँकी ३ शीर्षकका कर्जाहरू शिक्षित युवा स्वरोजगार कर्जा, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा र भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जाको माग नभएको हुँदा हालसम्म यी शीर्षकमा लगानी भएको देखिँदैन । यी पंक्ति तयार पार्दासम्म कुल ५३ जनाले २,०६,००,०००/ (दुई करोड छ लाख मात्र) कर्जा उपभोग गरेका छन् । समूहमा प्रवाह गरिएको कर्जालाई समेत जोड्दा यस कार्यक्रममा १०० जनाभन्दा बढीको सहभागिता भइसकेको छ । यो कार्यक्रम निरन्तर लागू भइरहेको हुँदा कर्जा लगानीको क्रम पनि चलिरहेको छ ।

| कर्जा शीर्षक | लगानी संख्या | लगानी रकम | कैफियत |
| --- | --- | --- | --- |
| व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा | २३ | ९७,५०,००० | |
| महिला उद्यमशील कर्जा | २४ | ८९,००,००० | |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ४ | १०,५०,००० | |
| विदेशबाट फर्किएका युवा परियोजना कर्जा | २ | ९,००,००० | |
| कूल | ५३ | २,०६,००,००० | |

महिला उद्यमशील कर्जा शीर्षकमा अन्य कर्जाहरूमा भन्दा बढी सहुलियत प्राप्त हुने भएकाले महिलाहरूको नाममा व्यवसाय दर्ता गरी कर्जा माग गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । उद्योग, व्यवसाय, ब्युटिपार्लर, पोल्ट्री तथा कृषि क्षेत्रमा महिला उद्यमशील कर्जा बढी मात्रामा प्रवाह भएको छ । महिला उद्यमशील कर्जाका कारण आर्थिक रूपमा महिला सशक्तीकरणमा पनि तानसेन नगरपालिका अगाडि बढ्दै गएको अनुमान गर्न सकिन्छ । त्यसपछि भने व्यावसायिक कृषि तथा पशुपक्षी कर्जा लिनेहरूको संख्या बढी छ । यसअन्तर्गत व्यावसायिक तरकारी खेती, बाख्रा पालन, बंगुर पालन, भैंसी पालन, पोल्ट्री फर्म, च्याउ खेती आदि रहेका छन् । बजार व्यवस्थापनलाई व्यवस्थित गर्नसके तानसेन नगरपालिका कृषि क्षेत्रमा समृद्ध बन्न सक्छ । यसप्रति सरोकारवालाहरूको समयमै ध्यान जानु जरूरी देखिन्छ ।

### कर्जा लगानीबाट गरिएको अपेक्षा

बैंकबाट पर्वाह गरिने कर्जाहरू खासगरी उपभोक्ता कर्जा र व्यावसायिक कर्जा गरी दुई किसिमका हुन्छन् । उपभोक्ता कर्जाले उपभोक्ताहरूको चाहनाको पूर्ति मात्र गर्ने भए पनि व्यावसयिक कर्जाबाट उत्पादन, रोजगारी, उपभोग र मागसमेत बढ्ने भई देशको समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ । सहुलियतपूर्ण कर्जाबाट व्यवसाय गर्न सीप, योग्यता, क्षमता र चाहना भएका तर बैंकलाई धितो दिन स्थिर सम्पत्ति नभएकाहरूलाई तानसेन नगरपालिकाको जमानीमा कर्जा प्रवाह गरी अर्थचक्रलाई सकारात्मक दिशातिर लैजान सहयोग गर्न सकिन्छ । तानसेन नगरपालिकाभित्र खासगरी कृषि, परम्परागत सीप, ढाका कपडा उद्योग, करूवा उद्योग, धातुका भाँडावर्तन बनाउने उद्योग, ब्युटीपार्लर, फेन्सी, किराना, होमस्टेलगायतका विविध क्षेत्रमा लगानीको सम्भावना देखिन्छ ।

- कर्जाको लागि धितो आवश्यक नरहने हुँदा सीप, दक्षता र योग्यता भएकाले धितो राख्न नसके पनि बैंकबाट कर्जा लिई उद्योग, व्यवसाय गर्नसक्ने ।
- परम्परागत सीप र उद्योगहरूको संरक्षण, सम्बर्द्धन र विकास हुने ।
- तानसेन नगर क्षेत्रमा स्वरोजगार हुँदै थप रोजगारी सिर्जना गर्नसक्ने क्षेत्रको विकास हुँदै जाने ।
- नगर क्षेत्रमा आयात प्रतिस्थापन गरी अन्य जिल्लाहरूमा निर्यात बढ्दै गई आत्मनिर्भर तानसेन तथा समृद्ध तानसेन बनाउन कोसेढुङ्गा सावित हुनसक्ने ।
- यो नेपालकै नमुना आयोजना भएको हुँदा यसको सफलताले अन्य स्थानीय तह र बैंकले पनि यही मोडलको सिको गरी अर्थतन्त्रको विकासमा सहयोग पुग्नसक्ने ।

### कर्जा लगानी गर्दा देखा परेका चुनौतीहरू

बैंकले कर्जा लगानी गर्दा बखत नै जोखिमको सुरूवात हुन्छ । तर, सुरूबाटै जोखिमलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने विषयमा बैंकले जोखिम नियन्त्रणका उपायहरू अपनाउने गर्दछ । बैंक र तानसेन नगरपालिकाबीच सम्झौता भई लागू भएको युवा स्वरोजगार कार्यक्रमअन्तर्गत सहुलियतपूर्ण कर्जाका विशेषताहरू तपसिल बमोजिम रहेका छन् ।

- सस्तो ब्याजदर हुने र धितो पनि नचाहिने भएकाले योजना नै नभएका व्यक्तिहरू पनि यो कार्यक्रममा निवेदन दिई बैंकसम्म आउनु र ऋणको लगि बैंकलाई दबाब दिन खोज्नु ।
- अन्य बैंक तथा वित्तीय संस्थाहरूमा कर्जा उपभोग गर्दै आएका र ती संस्थाहरूमा कर्जा नियमित नभएका व्यक्तिहरूले कर्जा निवेदन दिंदा अन्यत्र रहेको ऋणको बारेमा जानकारी नदिनु तर बैंकले कर्जा सूचना केन्द्रबाट

आवेदकको रिपोर्ट निकाल्दा अन्य बैंक तथा वित्तीय संस्थाहरूमा ऋण लिइरहेको र उक्त ऋणहरू असल वर्गमा पनि नपरेको देखिँदा कर्जा अस्वीकृत गर्नपर्ने बाध्यता सिर्जना हुनु ।

- आवेदकहरूको विवरणसहितको निवेदन (फाइल) नगरपालिकाबाट बैंकसम्म आइनपुगेको हुँदा नामकै आधारमा मात्र निजहरूको सम्पर्क नम्बर पत्ता लगाई फिल्ड रिपोर्ट तयार गरी अगाडि बढ्न बैंकलाई अप्ठेरो हुनु ।
- टाढा टाढासम्म फिल्डमा जान भौगोलिक विकटताले गर्दा यातायातको समस्या भई समयमै फिल्ड रिपोर्ट तयार गर्न समस्या हुनु ।
- कार्यक्रममा कहिलेकाँही सस्तो व्याज भएकाले मात्र आकर्षित भएका आवेदकहरूको वास्तविकता बुझ्न नसक्दा ऋणको रकम अन्यत्र उपयोग हुनसक्ने जोखिम रहनु ।
- कोरोना भइरसको संक्रमणसँगै देशको अबको प्राथमिकता कृषि क्षेत्र भएको हुँदा धितो जमानी सहित नगरपालिकाको यस कार्यक्रममा समावेश हुन चाहने र अलि बढी रकम माग गर्ने कृषकहरूको लागि मालपोत कार्यालयबाट टोकन लिई दश पन्ध्र दिन पर्खनुपर्ने हुनु ।

### चुनौती समाधानका उपायहरू

- कर्जा कार्यक्रम, यसको प्रकृया आदिका बारेमा आवेदकहरूलाई पहिले नै सुसूचित गराउने व्यवस्था गर्नुपर्ने ।
- नगरपालिकाअन्तर्गत युवा स्वरोजगारका लागि कम्तीमा एक जना कर्मचारीसहित सहुलियतपूर्ण कर्जाको छुट्टै डेक्स स्थापना गर्नुपर्ने ।
- आवेदनहरूलाई लिस्टिङ गरी उनीहरूको सम्पर्क नम्बरसहित एक्सलसिटमा विस्तृत विवरण भरी बैंकसम्म पठाउने व्यवस्था नगरपालिकाले गर्नुपर्ने ।
- छिटोछरितो काम गर्नका लागि बैंकमा थप कर्मचारीको व्यवस्थापन हुनुपर्ने ।
- द्रुत रूपमा कर्जा लगानी निर्णय गर्ने परिपाटीको विकास गर्नुपर्ने ।
- समयसमयमा यस परियोजनाको समीक्षाको लागि नगरपालिका र बैंक प्रतिनिधिहरूबीच छलफलको कार्यक्रम हुनुपर्ने ।
- बेलाबखत यस कार्यक्रमको विस्तृत विवरणहरू पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिनुपर्ने ।

### निष्कर्ष

देशमा संघीयताको विकाससँगै स्थानीय सरकारहरूले पनि आफ्नो स्थानीय तहको आर्थिक विकासको लागि माटो र परिवेश सुहाउँदा कार्यक्रमहरू लागू गरिरहेको सन्दर्भमा नेपाल बैंक लिमिटेड र तानसेन नगरपालिका बीच मिति २०७६ असार १८ गतेका दिन एक सम्झौता गरी स्वरोजगार तथा उद्यमशीलताको विकासका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रमको सुरुवात भएको एक वर्षभन्दा बढी भइसकेको छ । उद्यम गर्न चाहने तर पूँजी तथा ऋणको लागि बैंकलाई धितोको रूपमा दिनुपर्ने अचल सम्पत्तिसमेत नभएका महिला, दलित, विदेशबाट फर्किएका युवाहरूलगायतलाई तानसेन नगरपालिकाले आरम्भ गरेको यस कार्यक्रमले उत्साह थपेको छ । सहुलियतपूर्ण व्याजदरमा कर्जा प्रवाह हुने भएकाले पूँजीको लागत कम हुन गई व्यवसायमा नाफा बढाउन अन्य कर्जाहरूभन्दा सहुलियतपूर्ण कर्जाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । हालसम्म ५३ जनाले कूल २ करोड ६ लाख बराबरको ऋण सुबिधा उपभोग गर्दै आएका छन् । समूहमा प्रवाह गरिएको कर्जालाई समेत जोड्दा यी पंक्ति तयार पार्दासम्म यस कार्यक्रममा १०० जनाभन्दा बढीको सहभागिता भइसकेको छ । युवा स्वरोजगार कार्यक्रमअन्तर्गत सहुलियतपूर्ण कर्जा कार्यक्रमले आर्थिक सशक्तीकरणमा महिला, दलित, युवा सबैलाई समेट्दै रोजगारी, आम्दानी बढाउने र उत्पादनका माध्यमबाट माग तथा आपूर्तिको स्तर वृद्धि गरी तानसेनको आर्थिक समृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने देखिन्छ । तर यसको लागि कर्जा लगानीमा देखा परेका चुनौतीहरूलाई समयमै व्यवस्थापन गर्ने तथा बजार व्यवस्थापनप्रति पनि सरोकारवालाहरूको समयमै ध्यान जानु जरूरी देखिन्छ । चुनौती सम्बोधन गर्न सकिएमा युवा स्वरोजगार अभियान सार्थक हुनेछ ।

( शाखा प्रबन्धक, नेपाल बैंक लिमिटेड, पाल्पा शाखा)




कविता

# हाम्रो तानसेन



- मन गहिरे

करूवा ढाका तयार हुन्छ तानसेन सहर
मुगल शैली कलात्मक छन् यहीँ दरबार
संस्कृति अनि सभ्यता यहीँ पाखा र पखेरा
होलाङ्दी, गुर्जु, सिन्दुरे तीन मुलका पँधेरा । १

सद्भाव धेरै देखिन्छ यहाँ अनेक जातिमा
अनेकौं धर्म मिलेर बस्ने पाल्पाको छातीमा
शिरीष सल्ला, अर्गली राम्रो हरिया फाँटमा
अमर प्रेम झल्किन्छ गाथा रानीको घाटमा । २

मूलढोका ठूलो गौरवशाली राष्ट्रकै महिमा
देवीको रथ सिंन्दुर जात्रा देशकै गरिमा
पौरखी युवा बेसिमा झर्छन् लगाई परिम
सुगन्ध छर्छन् सुनौला फूल तानसेन भरिमा । ३

गणेश, दुर्गा, नारनस्थान देवलमन्दिर
प्रभास ताल जंगली धान तानसेन तल्तिर
रिडीमा हृषिकेश धाम तेल्घा गुफाचौर
होमस्टे बौघा जान्छन् धेरै तानसेन दरबार । ४

सुन्दर दृश्य कुहिरो फाको शीतल समीर
अनेकौं भाषा अनेकौं कला भेषमा गम्भीर
अदुवा कफी उब्जन्छ यहीँ खेत र बारीमा
कटुस बनकाफल फल्छ ऐँसेलुटारीमा ॥ ५

श्रष्टाले यहाँ शृङ्गार भर्दै रचेका सिर्जना
गुन्जिन थाल्छ भक्तिका भाव जगाई तिर्सना
गुराँस पैयुँ फुल्दछन् पाखा श्रीनगर ढाकेर
तानसेन अघि बढ्दैछ यहाँ विकास हाँकेर ॥ ६

(सर्जक)



कविता

# प्यारो तानसेन



- चिरञ्जीवी शर्मा ढुंगाना

काली गण्डकीको पवित्र कञ्चन जल पिउन मन लाग्यो
तानसेनको छत्रछायाँमा जिउन मन लाग्यो
जहाँ गए पनि मेरो तानसेन प्यारो
प्राणभन्दा प्यारो लाग्छ तानसेन मेरो !
श्रीनगर डाँडाको सिरानी
स्वच्छ हावा जडीबुटीको खानी
प्रकृति सुन्दरताको महारानी
तानसेनको पाखा, पखेरी, बाटो घाटोमा बितोस् जिन्दगानी ।
लालीगुराँस फुल्छ
काफल, ऐसलु फल्छ
सल्लाका बुटा हाइ झुल्छ
कोइली चरीको कुहुँ कुहुँमा मेरो मन भुल्छ ।
शिव, गणेश, भगवती, भैरव, नारायण हृषिकेश मन्दिर
गुफाचौर, सूर्यकुण्ड अनेक पवित्र स्थल
हात्तीढुङ्गा, बैकुण्ठ, प्रेमप्रतीक रानीमहल,
कति खुसी लाग्ला हेर तानसेनको स्थल ।
प्यारो लाग्छ 'तानसेन' धन्य सुन्दर सहर
स्वच्छ मन राखौँ सबले उचो आत्मबल
तानसेनको सेवा गरौं सबले पाउँछौं सन्ततिको बर
शिक्षा, स्वास्थ्य पर्यटन फैलाउन गरौँ 'यज्ञ' को रहर
यहाँ आउने सबै आगन्तुक ज्यूहरूलाई 'तानसेन' को नमस्कार ।

(सर्जक)

# तानसेन नगरपालिका: अवसर दायित्व र चुनौती



- चक्रपाणि गौतम

**पृष्ठभूमि**

नेपालकै पुरानो नगरपालिकामा पर्ने तानसेन नगरपालिका पश्चिम नेपालमै ऐतिहासिक नगरपालिका हो । १४ वडामा विभाजित यस नगरपालिकाले हाल ग्रामीण परिवेशका भौगोलिक क्षेत्रसमेत समेटी बृहत रूप ग्रहण गरेको छ । अर्गलीदेखि दमकडा र तिनाउ गाउँपालिका एवम् बराङ्दी चिर्तुङधारादेखि तेल्घा, बन्दीपोखरासम्म फैलिएको यो नगरपालिका २००७ सालमा स्थापित भएको हो । अहिलेको संघीय संरचनाअनुसार एकातिर यसले केही महत्त्वपूर्ण अवसर र अधिकार पाएको छ भने अर्कोतिर यसका निमित्त केही दायित्व पनि थपिएका छन् । जुन पूरा गर्ने सम्बन्धमा यसले केही चुनौतीहरूको पनि सामना गर्नुपर्नेछ ।

**अवसर**


नगरपालिका भन्नु वास्तवमा एउटा अर्मूत कुरा हो तर यस अमूर्त तहलाई सजीव बनाउने काम यसका जनप्रतिनिधि र प्रशासकहरूको हो । नयाँ परिवेशअनुसार यसको प्रथम चरणमै अगुवाइ गर्न पाउनु आफैमा एउटा सुखद अवसर हो । यस अवसरलाई सदुपयोग गर्न जनप्रतिनिधि र प्रशासकीय कर्मचारीको सिंगो टिम एक भएर लाग्नुपर्छ जसको अगुवाइ मेयर र प्रमुख प्रशासकीय अधिकृतले गर्दछन् । नगरपालिकाले प्राप्त गरेका अवसरलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**(१) अधिकार क्षेत्र**

संघीय व्यवस्थाको प्रथम अधिकारसम्पन्न नगरपालिका स्वतन्त्र एवम् आफैमा एउटा स्वायत्त र अधिकारसम्पन्न संस्था हो । यसले आफ्नो पालिकाको सन्तुलित विकास गरी उचाइमा पुऱ्याउने महत्त्वपूर्ण अधिकारहरू प्राप्त गरेको हुन्छ । यस्तो अवस्थामा जनप्रतिनिधिहरू जनसरोकार राख्ने विकासका काम गर्नुबाट उम्किन सक्दैनन् ।

**(२) ठूलो क्षेत्रको नेतृत्त्व**

पहिले भन्दा यस नगरपालिकाको क्षेत्र बढेको छ । भौगोलिक क्षेत्र बढ्नु भनेको जनसाङखिकीय विविधता बढ्नु पनि हो । शिक्षा र चेतनाको स्तर फरक भएका



विविध परिवेशको जनसंख्या पनि स्वभावैले बढ्न पुगेको छ । यी सबै जनतासँग समन्वय गरी सबैलाई नेतृत्व प्रदान गर्न पाउनु ठूलै अवसर हो । यस परिस्थितिमा नगरपालिकाले नेतृत्वदायी भूमिकामा आफ्नो क्षमता र कौशल देखाउन सक्नुपर्छ ।

**(३) नयाँ अनुभव**

नगरका जनप्रतिनिधिहरूको निम्ति यो नौलो अनुभव हो । यद्यपि कतिपय जनप्रतिनिधि विगतकै दोहोरिए पनि तुलनात्मक रूपमा ठूलो जिम्मेवारी सहितको अनुभव उनीहरूको निम्ति नौलो हुनेछ । यस अवस्थामा नियत सफा राखी काम गर्दा केही गल्ती भए पनि क्षमा हुन सक्छ । यो पनि एउटा राम्रो अवसर हो ।

**(४) संघीय सरकारको पूर्ण प्रतिनिधि**

तानसेन नगरपालिका केन्द्रीय सरकारको जनस्तर (Grassroot) तहको स्थानीय पूर्ण प्रतिनिधि हो यसैले यसलाई स्थानीय सरकार पनि भन्ने गरिन्छ । केन्द्रमा केन्द्रीय सरकारको जुन भूमिका हुन्छ स्थानीय तहमा स्थानीय सरकारको पनि उही भूमिका हुन्छ ।

**(५) क्षमता देखाउने अवसर**

नगरपालिकाले स्थानीय जनताको समर्थन र सहयोग लिई स्थानीय सरकारको हैसियतमा आफ्नो क्षमता, कौशल, दुरदर्शिता र विकासप्रतिको समर्पण भाव देखाउने अवसर पाएको हुन्छ । यस अवसरलाई तानसेन नगरपालिकाले कत्तिको उपयोग गर्छ भन्ने कुरा नगरवासीले हेरेका छन र अबको बाँकी समय पनि हेर्ने नै छन् ।

## दायित्व र कर्तव्य

अधिकार र कर्तव्य लोकतन्त्ररूपी सिक्काका दुई पाटा हुन् । यी दुवैलाई अलग गर्न मिल्दैन किनकि यी दुवैको समुचित तालमेलबाट नै लोकतन्त्र पुष्पित, पल्लवित र फलित हुन्छ । यसैले यस नगरपालिकाका पदाधिकारी पनि यी दुवैप्रति सचेत हुनु पर्छ किन कि जनताले हेर्ने भनेको उनीहरूको काम, कर्तव्य नै हो । कर्तव्य र अधिकारको प्रयोगप्रतिको सचेततामा नै उनीहरूको भविश्य र सफलता निर्भर रहन्छ ।

**(१) सन्तुलित विकास गर्नु**

स्थानीय तहको सन्तुलित विकासमा प्रदेशको र प्रदेशहरूको सन्तुलित विकासमा राष्ट्रको विकास निर्भर रहन्छ । यसलाई ध्यानमा राखी तानसेन नगरपालिकाले आफ्ना सबै भौगोलिक क्षेत्रको सन्तुलित विकास गरी आफूलाई अब्बल देखाउनुपर्छ ।

**(२) जनताप्रतिको प्रत्यक्ष जिम्मेवारी बहन गर्नु**

नगर सरकारको प्रत्यक्ष जिम्मेवारी नगरवासीप्रति रहन्छ । नगरवासीको चाहनाअनुसार नगर क्षेत्रको सर्वाङ्गीण विकासप्रति समर्पित रहनु नै नगर प्रतिनिधिहरूको मुख्य कर्तव्य हुन्छ । जनतासित प्रत्यक्ष सम्बन्धित भै उनैको राय सल्लाह र सुझाव अनुसार उनकै निम्ति दायित्व बहन गर्नु यिनीहरूको प्रमुख कर्तव्य हो ।

**(३) सर्वाङ्गीण विकास गर्नु**

कुनै पनि ठाउँको विकास भनेको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक लगायत समग्र भौतिक विकास भनी बुझ्नुपर्छ । कुनै एक पक्षको विकासले मात्र राष्ट्र समुन्नत बन्न सक्दैन । यसैगरी यस तानसेन नगरपालिकाले पनि अब बजारमा मात्र नभै पुरै नगरपालिका क्षेत्रभित्र उक्त सबै पक्षमा ध्यान दिनु पर्छ । खानेपानी, बिजुली, ढलनिकास, फोहरमैला व्यवस्थापन र सरसफाइ, कृषि उत्पादन र बजार व्यवस्थापन, सडक निर्माण, विस्तार र स्तरोन्नति, धर्म संस्कृति एवम् मठ मन्दिर पाटीपौवाको संरक्षण आदि न्यूनतम कार्यका साथै दूरगामी असर गर्ने विकास निर्माणका कार्यहरू तदारूकताका साथ गर्नुपर्दछ ।

**(४) एक पालिका दुई दायित्त्व**

तानसेन नगरपालिकाले अब जनप्रतिनिधिमूलक र प्रशासनिक दुवै दायित्व निर्वाह गर्नुपरेको छ । नगरपालिका स्वतः जनप्रतिनिधिमूलक संस्था भएकोले जनताको विकाससम्बन्धी काम त छँदैछ । यस अतिरिक्त अब जिल्लाका अधिकांश सरकारी कार्यालयका शाखा-प्रशाखाहरू पनि यही रहने भएकाले यिनीहरूको व्यवस्थापन, नियमन पनि नगरपालिकाको थप जिम्मेवारी रहेको छ ।

नगरपालिका-कर्मचारीको संगठन परिचालनमा मात्र सीमित यस तानसेन नगरपालिकाले एउटा बृहत् सशक्त कर्मचारी टिमलाई हाँक्नु पक्कै पनि यसको निम्ति नयाँ अनुभव हुनेछ ।

**चुनौती**

लक्ष्यतर्फ अघि बढ्ने क्रममा विविध प्रकृतिका बाधा व्यवधानहरूको सामना गर्नुपर्ने हुन्छ । हिन्दीमा एउटा सेर छ-

"बह पथ क्या पथिक क्या जिसमें बिखरे ल न हो
नाविक की धैर्य परीक्षा क्या, यदी धाराएँ प्रतिकूल न हो "

हो, सजिलो मार्गमा जो कोही पनि सजिलै हिँड्न सक्छन् तर कठीन बाटो नहिंडी उसको धैर्य, पुरूषार्थ थाहा हुँदैन । यस तानसेन नगरपालिकालाई पनि आफ्नो दायित्व पूरा गर्न संघर्ष गर्नै पर्ने हुन्छ । विश्वास छ, Mission र Vision लिएर अघि बढ्यो भने Goal का चरणहरू पार गर्दै लक्ष्य बिन्दुसम्म (Objectives) पुग्न नगरपालिका अवश्य सफल हुनेछ ।

**भौगोलिक र सामाजिक असमानता**

यहाँ एकातिर पहाडी-समतल भूभाग, नगर-गाउँ, शिक्षित-अर्धशिक्षित, विकसित-अविकसित, उर्वर-अनुर्वर जमिन, सम्पन्नता-विपन्नता आदि विभिन्न भौगोलिक र सामाजिक परिवेश फरक छन् भने मानिसको चेतनाको स्तर पनि एकैनाश छैन । यस्ता विभिन्नता पनि नगरपालिकाका निम्ति चुनौती बन्न सक्छन् । कमजोर वर्ग र क्षेत्रलाई प्राथमिकता दिएर उक्त भिन्नताहरूसित संघर्ष गर्दै नगरपालिकाले गन्तव्य तय गर्नुपरेको छ र यो नै नगरपालिकाको निम्ति चुनौती बन्ने कुरा निर्विवाद छ ।

**गन्तव्य निर्धारण**

कुनै पनि संस्था के को निम्ति बनेको र यसले कसको निम्ति के काम गर्ने भन्ने पूर्वतयारी भएको हुन्छ । स्पष्ट छ, नगरपालिका नगरवासीको सुविधा र नगर क्षेत्रको विकास र समुन्नति निमित्त बनेको संस्था हो । यसले यसैअनुरूप काम गर्नुपर्छ तर गर्नुपर्ने काम असीमित हुन्छन् किनकि समुन्नति र विकासको कुनै सीमा हुँदैन । आफूले अधिकतम कहाँ कतिसम्म गर्ने भन्ने मात्र कुरा हो । यसको निम्ति सर्वप्रथम आफ्नो गन्तव्यको सीमा तोक्नुपर्छ । यसको निम्ति सर्वप्रथम नगरपालिकाले आफ्नो लक्ष्य बिन्दुको सीमा निर्धारण गरी Mission र Vision लिई अघि बढ्नु पर्छ । पहिले सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, कलाकृति, कृषि, खेलकुद, मनोरञ्जन आदि विभिन्न क्षेत्रको अलग अलग लक्ष्य निर्धारण गर्नुपर्छ । यसपछि यी सबैको समष्टि लक्ष्यबिन्दु निर्धारण गरी समग्र नगरविकास लक्ष्यको वस्तुगत खाका तयार गर्नुपर्छ । यो लक्ष्य मापनीय (Measorable) हुनुपर्छ ।

**तानसेन नगरपालिकाले गर्नै पर्ने कुराहरू**

तानसेनको विकास भनेर गोष्ठी-सेमिनार र चर्चा-परिचर्चा गर्न लागेको धेरै भयो तरपनि हामीले दुरगामी सोच राख्न सकेनौं । बिजुली, पानी, फोहरमैला व्यवस्थापन आदिको न्यूनतम सीमामै अड्किरह्यौं । आजको परिवेशमा विकास यत्तिले पुग्दैन । हामी दुरगामी सोच राखी २१ औं शताब्दीको माग थेग्ने विकासको मामिलामा पाइला चाल्नुपर्छ । अब हामीले नगरपालिकाका न्यूनतम परम्परागत कार्यहरूलाई व्यवस्थित रूपले सम्पन्न गर्दै निम्न थप अतिरिक्त कार्यहरू सम्पन्न गर्नु पनि अत्यावश्यक भैसकेको छ ।

(१) **स्वच्छ सफा हराभरा तानसेन** (Greencity/Green Tansen)

अहिले सहरहरूलाई सडक बीचमा पुष्पोद्यान र सडक दायाँ बायाँ वृक्षरोपण गरी हराभरा गराउने अवधारणा विकसित हुँदैछ । बुटवलले यस अवधारणालाई मूर्त रूप दिएको छ अथवा दिदैछ । यस्तै हामीले पनि तानसेनलाई हराभरा सहरको (Greencity) रूपमा विकसित गर्दै जानुपर्छ । बजारभित्र पुष्पोद्यान र बजार बाहिर सडकको दयाँबायाँ वृक्षरोपण गरी हरियो सहरको रूपमा तानसेनको विशेषता झल्काउनुपर्छ । मानिसहरूलाई आआफ्नो घर-करेसा र पेटीमा गमलामा फूलहरू रोप्न प्रोत्साहित गर्नुपर्दछ । यसले तानसेनको स्वरूप नै फेरिने छ । अमरनारायण मन्दिर परिसरको पश्चिमतिरको निकुञ्ज मासेर चमेरा समेत विस्थापित गरी ऐतिहासिक र प्राकृतिक सौन्दर्य मेट्ने विगतमा जुन गल्ती गर्‍यौं, अब नगरौं । यसले गर्दा पानीको मूललाई समेत असर गरेको छ र तानसेनको अवलोकनीयताको एउटा अंश चमेराहरू विस्थापित भएका छन् ।

### (२) श्रीनगरको विकास

श्रीनगर तानसेनको मुख्य गन्तव्य हो । हाल स्वतः प्रकृतिको वरदानमा मात्र यसको सौन्दर्य टिकेको छ । टावर र बुद्धमूर्ति अतिरिक्त मानव संरचित अन्य आकर्षण खासै केही छैन । बुटवलले रूखो बन्जर डाँडा र अन्य समतल स्थलहरूलाई हिलपार्क, वनवाटिका, फूलबारी आदिको रूप दिएर पर्यटनीय बनाए झैँ हामीले पनि श्रीनगर, शतञ्चुली, वंशगोपाल, बतासेडाँडा जस्ता आकर्षक डाँडाहरूलाई ग्रिनपार्क, हिल कटेज आदिको स्वरूपमा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्छ । नगरप्रमुख अशोककुमार शाहीले प्रस्ताव गरेको श्रीनगर बिग बुद्ध पार्कको अवधारणा साकार पार्न सकिएमा श्रीनगरको कायापलट हुने छ । तानसेन आउने मानिसहरूको आँखाले पहिले श्रीनगरलाई नै नियालेको हुन्छ । यसको पूर्व, पश्चिम र दक्षिणतर्फका प्रवेश मार्गहरूलाई नागबेली स्वरूपका बाटाहरू बनाई दायाँ-बायाँ फूल, धूपी र साना उचाइको रूखहरू लगाई मानिसलाई प्रवेशबिन्दुमै आकर्षण दिन सक्नुपर्छ । अहिले श्रीनगर एउटा वनभोज र नयाँ वर्षको रमाइलो गर्ने ठाउँको रूपमा मात्र सीमित छ भन्दा फरक नपर्ला । रमणीय श्रीनगर भनेर पाहुनाहरू डाँडामा गैसकेपछि हेर्ने घुम्ने त्यहाँ खास के त ? भ्यु टावर, सल्लेरी र वनबाहेक केही छैन । माल पाएर चाल नपाउने अवस्थालाई नगरपालिकाले सुधार गर्नुपर्छ । तानसेन बजारको शिरलाई जो हामीले व्यवस्थित गर्न सकेनौं भने अरू के गरौंला ? विशाल पोखरीको कल्पना गरी खनेर यसको समतल भाग विकृत भई सुकेताल हुन पुग्यो र यो "न हाँस न कुखुरा" बन्न पुग्यो । यसको मूल निकुञ्जको स्वरूपलाई कायमै राखी वरिपरि र भित्रै पनि खालि ठाउँमा साना साना कटेजहरू, फूलका क्यारीहरू, नागबेली पैदल मार्गहरू, बस्ने बेन्चहरू आदिको निर्माण गरेर प्रकृतिको वरदान माथि सुनमा सुगन्ध थप्नुपर्छ । यो नगरपालिकाको मुख्य कामभित्र पर्छ । विग बुद्ध पार्कको अवधारणा व्यवहारमा साकार तुल्याउन सकिएमा मात्र पनि तानसेनले काँचुली फेर्न सक्छ ।

### (३) रानीघाट दरबार परिसरको विकास

हामी काम गर्नभन्दा नक्कल गर्न एक कदम अगाडि छौँ । परापूर्वकालदेखि चलिआएको रानीघाट/रानी दरबारलाई हामीले ताजमहलको सिको गरी 'रानीमहल'



नामकरण गऱ्यौँ । नामको त सिको गऱ्यौँ तर कामको सिको गरेनौँ । हामीले आफ्नै नामबाट यसको प्रचारप्रसार गर्न सके राम्रो हुने थियो । रानीघाटलाई तानसेन नगरपालिकाले प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक गन्तव्यको रूपमा विकास गर्नुपर्छ । यहाँको प्राकृतिक, भूगोलीय र जैविक विविधतालाई कायम राख्दै आकर्षक संरचनाहरूले भरेर प्रमुख पर्यटकीय गन्तव्य बनाउनुपर्छ । बाहिर चलेको नामअनुसार मानिसहरू खोजीखोजी जब त्यहाँ पुग्छन् त्यहाँको गतिहीन अवस्था, जाँदाजाँदै बाहिर विश्राम कटेज र बेन्चहरूको अभाव, चमेना घर र स्तरीय होटेलहरू नहुनु, घाटको अवस्था, धुले बगर, सूचना संयन्त्रको अभाव आदि देखेर उनीहरू खिन्न हुन्छन् । बोर्डमा ऐतिहासिकताका दुई चार लाइन लेखेर सूचना प्रवाहको दायित्व पूरा गरिएको छ । त्यहाँसम्म पुग्ने बाटोको स्तरोन्नति गर्ने काम पहिले गर्नुपर्छ । बीचबीचमा विश्रामस्थल (Rest spot) र चमेना गृहहरूको व्यवस्था गर्नुपर्छ । रानीले नुहाउने तर्फको घाटलाई सुरक्षित, आकर्षक र व्यवस्थित गर्नुपर्छ । नदी र खोलाले सृजना गरेको बगरीय क्षेत्रलाई पक्की संरचनाहरूले व्यवस्थित गर्नुपर्छ । वर्षाको बाढीले ढाके पुरेपनि पछि फेरि साविकै अवस्थामा ल्याउन सकिने

खालका पक्की संरचना तयार गरी बगरको उपयोग गर्नुपर्छ । यसको पारि स्याङ्जातर्फ सटुका, आलमदेवी (शाहवंशको कुल देवता), कोटाकोट, लसर्घा जस्ता सुन्दर ठाउँहरू भएकोले स्याङ्जा जिल्लासित समन्वय गरी उताबाट यता र यताबाट उता आन्तरिक/बाह्य पर्यटकहरू घुम्न आउने जाने गरी यसको गन्तव्यताको विकास गरिएमा दुवैलाई फाइदा हुनेछ । पक्की पुल निर्माण भैसकेको अवस्थामा यो कार्य सहजै गर्न सकिन्छ । तानसेन नगरपालिका यसतर्फ अघि बढ्नुपर्दछ ।

**(४) प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक तानसेन**

तानसेन नगरपालिकालाई प्राकृतिक, धार्मिक, सांस्कृतिक र ऐतिहासिक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्छ । यहाँको प्राकृतिक र भौगोलिक विविधताको संरक्षण गर्दै तानसेनलाई पर्वतीय हरित सहरको (Hill Green City) अवधारणामा विकास गर्नुपर्छ । यस्तै यहाँका विविध देवस्थलहरूलाई आकर्षक अवलोकनीय बनाउनु पर्छ । हरेक मन्दिरमा भजन-कीर्तन स्थल, साधु-सन्यासी र धार्मिक आवास बनाउनु पर्छ । बेलाबेलामा धार्मिक व्यक्तित्वहरूलाई आमन्त्रण गरी शास्त्रीय प्रवचन गराउने, बिहानमा माइकबाट प्रवचन र भजन-कीर्तन प्रसारण गर्ने जस्ता धार्मिक गतिविधिहरूको व्यवस्था गरेर धार्मिक चहलपहल बढाउनुपर्छ । धार्मिक व्यक्तित्वहरू केवल दर्शन गर्न मात्र नभै धार्मिक गतिविधिहरूमा सहभागी हुने वातावरण सिर्जना गरेमा यहाँको धार्मिक पर्यटन पनि बढ्ने छ । अमरगञ्जस्थित पाल्पाको पुरानो सरस्वती मन्दिरको जीर्णोध्दार र थप संरचनासहित आकर्षक बनाउनुपर्छ । नयाँ-नयाँ बनाउने सन्दर्भमा पुराना धरोहरलाई पनि बिर्सिनु हुँदैन । अमरनारायण मन्दिर, रणउजीरेश्वरी भगवती, हृषीकेश मन्दिर, पाल्पा दरबार, रानीघाट दरबार, अर्गली दरबार आदि जस्ता ऐतिहासिक इतिवृत्तासित सरोकार राख्ने मन्दिरहरूमा धार्मिकका साथै यिनको ऐतिहासिक पृष्ठभूमि झल्किने सूचना दिने संयन्त्र स्थापित गर्नुपर्छ । यसरी यस्ता ऐतिहासिक, धर्म, कला, संस्कृति जीवन्त धरोहरलाई संरक्षण र विकास गर्नुलाई पनि यस नगरपालिकाले प्राथमिक दायित्वमै राख्नुपर्छ । यसको निमित्त Cultural visit को अवधारणा ल्याउनुपर्छ ।

**(५) पर्यटन सूचना केन्द्र**

तानसेन पर्यटन सूचना केन्द्रको अभाव छ । आन्तरिक र बाह्य पर्यटकहरू जब बसपार्कमा ओर्लिन्छन, उनीहरू रनभुल्लमा पर्दछन् । उनीहरू यताउता मानिसहरू र दुकान तिर गई कहाँ बस्ने, हेर्ने कुरा के के छन् ? रानीघाट दरबार कतापट्टि पर्छ ? पाल्पा भैरव कता छ ? जस्ता कुराहरू सोध्न पुग्छन् । यसो हुनु पर्यटकीय गन्तव्यको अवधारणामा उचित होइन । बसपार्कमा ओर्लिने बित्तिकै त्यहीं सेरोफेरोमा कतै पर्यटन सूचना केन्द्रको स्थापना गर्नुपर्छ । यसबाट उनीहरू (पर्यटक) सरासर त्यहीँ गई होटल, पर्यटन स्थल, मठमन्दिर, पाटीपौवा, रानीघाट, श्रीनगर, भैरवस्थान, हृषीकेश, अर्गली, माण्डव्य ऋषि आदि मुख्य मुख्य गनतव्यस्थलहरूबारे जानकारी दिने व्यवस्था गर्नुपर्छ । प्रत्यक्ष परामर्श, बुकलेट, पुस्तक बोर्डहरूको माध्यमबाट उनीहरूलाई सूचना दिने व्यवस्था गर्नुपर्दछ । साथै चिडियाखोला, प्रभास, बर्तुङ आर्यभन्ज्याङ आदि नाकाहरूमा पनि संक्षिप्त सूचना दिन संयन्त्र खोल्ने हो भने तानसेन आइपुग्दासम्म उनीहरूले केही Soft Concept बनाउन सक्छन् । यसमा पुरै नगरपालिका क्षेत्रको जानकारी समावेश हुनुपर्छ । भारतको विकट उत्तराखण्डका सानासाना पर्वतीय सहरहरूमा यी सबैको बडो राम्रो प्रबन्ध गरिएको पाइन्छ । यहाँको भन्दा भीषण भोगोलिक परिवेशमा पनि यहाँ नदीका घाटहरूलगायत बस्तीहरू बडो आकर्षक र पर्यटकीय हिसाबले सुन्दर बनाइएको छ भन्नुको तात्पर्य गरेदेखि असम्भव केही छैन, तर गर्नुपर्छ भन्ने नै हो ।

**(६) मिसन अस्पताल**

मिसन अस्पताल, पाल्पा अस्पताल, जिल्ला आयुर्वेद कार्यालय र लुम्बिनी मेडिकल कलेज यहाँका प्रमुख स्वास्थ्य केन्द्र हुन् । मिसन अस्पताल पाल्पाको पुरानो र जनआस्था बोकेको अस्पताल हो । आज पनि यसको महत्त्व उत्तिकै छ । यहाँ हाल साना गाडी पार्किङको




आवश्यकता देखिएको छ । यसतर्फ नगरपालिकाले अविलम्ब सोच्नुपर्छ । मिसन आउने जाने साधनको अलि सुलभ दरमा व्यवस्था गर्नुपर्छ । अन्य अस्पतालहरू यथास्थान ठिकै छन् ता पनि यिनीहरूलाई अझ उन्नत बनाउने प्रयासलाई भने जारी राख्नै पर्छ ।

**(७) पोखरीहरूको संरक्षण र सुधार**

जाने बुझेसम्म यस तानसेन नगरपालिकामा चार वटा पोखरी छन् जुन संरक्षणीय अवस्थामा रहेका छन् । नारायणस्थान पोखरी, नागपोखरी, पर्वासको कमलपोखरी र अर्गलीको पोखरी । नारायण स्थानको पोखरी पहिले धेरै राम्रो अवस्थामा थियो । सङ्लो पानीमा माछा सल्बलाएको र देववाणी पाठशालामा पढ्दा यहाँ पौडी खेल्ने गरेको भर्खरै जस्तो लाग्छ । पछि यसको र नाग पोखरीको (उत्तर) अवस्था नाजुक हुँदै बेवारिसे अवस्थामा पुग्यो । पर्खालका धेरै च्याप्टा ढुंगाहरू गायव भए । कसैलाई खोजखबर भएन । हाल मर्मत सुधार हुँदै छ जुन खुसीको कुरा हो तर सामान्य विधि पुऱ्याउने मात्र नभई वरिपरि आधा पर्खालमा फूल रोप्ने, माछा पाल्ने, शुल्क लिएर पौडी खेल्ने व्यवस्था गरी यी दुबै पोखरीलाई आकर्षक र अवलोकनीय बनाउनुपर्छ । यस्तै प्राकृतिक धान हुने पर्वासको प्रसिद्ध कमलपोखरी हाल घाँसहरू उम्रेको र ढलनालले गर्दा फोहर अवस्थामा रहेको छ र यो अतिक्रमणको चपेटामा परेको छ । यसको संरक्षण गरी यसको धार्मिक र सांस्कृतिक गरिमालाई जीवन्त राख्न पनि नगरपालिका अग्रसर हुनुपर्छ । यस्तै अर्को अर्गलीको पोखरी पनि संरक्षण र स्तरसुधारको पर्खाइमा छ ।

**(८) प्याकेज टुर**

तानसेन, पाल्पा घुम्न आउने जो कोही आन्तरिक/बाह्य यात्रुहरू घुम्ने ठाउँ, लाग्ने समय साधन, खर्च, आवास र कताकतापट्टि जाने भन्ने बारेमा अनभिज्ञ र रनभुल्लमा परेका हुन्छन् । प्याकेजटुरको व्यवस्था नगरपालिकाले मिलाउन सकेमा यो समस्या समाधान हुन्छ । ४/५ देखि ८/१० सिट क्षमतासम्मका साना गाडीलाई दररेट तोकी तयारी अवस्थामा राख्नुपर्छ । उनीहरूको इच्छाअनुसार छोटो लामो दुरी तोकी गन्तव्यस्थलहरू घुमाई तानसेनमै ल्याई छोड्नुपर्छ । यसो गर्दा माथिका सबै समस्या हल भई यात्रुहरू समुचित तानसेन पाल्पा भ्रमणबाट सन्तुष्ट भई फर्किन्छन् र गईसकेपछि अरूलाई पनि तानसेन आउन उत्प्रेरित गर्छन् ।

**निष्कर्ष**

समयको गति तीब्र छ, मानिसले गर्ने काम अनन्त छन् । यस्तै तानसेन नगरपालिकाले गर्ने काम पनि थुप्रै छन् । यहाँ माथि उल्लेख गरिएका त नगरपालिकाका प्रतिनिधि कार्यहरू मात्र हुन् । यसैले Mission र Vision का साथ योजनाबद्ध रूपले धैर्यपूर्वक तानसेन नगरपालिकाले आफ्ना काम सम्पन्न गर्दै जानुपर्छ । समयले हामीलाई धेरै उछिनिसकेको छ । अहिले यसले गर्ने कार्यमा २१ सौं शताब्दी एवम् भावी पिंढीको आवश्यकता र आकांक्षा प्रतिविम्वित हुनुपर्छ । आशा कल्पना र विश्वास गरौँ सबै नगरबासीको सहयोग लिएर नगरपालिकाले आफ्ना दायित्वहरू निर्वाह गर्दै जानेछ । हामीले आफ्नो जीवनकालमा सबल र समृद्ध तानसेन नगरको छनक केही अंशमा भए पनि भोग्ने छौं र हाम्रा नगरनिवासी भावी पिंढीले समृद्ध तानसेन नगरपालिकाको बासिन्दा हुने सौभाग्य प्राप्त गर्नेछन् । अस्तु ।

(लेखक/सर्जक)

# उद्यमशील युवा, समृद्ध मुलुक र तानसेन नगर युवा परिषद्



- गुराँस आत्रेय




कोरोना भाइरस (कोभिड-१९) संक्रमणको कारणले अहिले विश्व एक विशिष्ट परिस्थितिमा छ । विश्वभर करोडौं मानिस संक्रमित भएका छन् भने कोरोनाले लाखौंको ज्यान लिएको छ । विश्वको नियमित विकास प्रक्रिया रोकिएको छ, बन्दाबन्दीमा विश्व छ । मानिस, मानिससँगै भागिरहेको छ आफू बाँच्ने अन्तिम लक्ष्य राखेर । बाँच्नकै खातिर विभिन्न उपायसहित जीवनयापन गरेको छ । मानव जीवन, जनजीविका र अर्थतन्त्रबारे अन्योल र अनिश्चितता बढिरहेको छ । अध्ययनका अनुसार दोस्रो विश्वयुद्ध पछाडिको सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय संकट अहिले कोरोना (कोभिड-१९) ले निम्त्याएको छ । त्यसैले यो मानव संकटमात्र होइन, आर्थिक र विकास संकट पनि हो । विश्वभर उत्पादन, रोजगारी र वित्तीय बजारलाई कोरोनाले प्रभावित पारेको छ । अहिले नै क्षति आँकलन गर्न सकिन्न । कोरोना भाइरसको प्रकोपजन्य संक्रमण रोकथाम र नियन्त्रण गर्न चालिएका कदमहरूले गर्दा विश्वभर गरिबी र बेरोजगारीको संख्या बढाएको छ । यस महामारीले सिर्जना गरेको आर्थिक संकटले विश्वव्यापी रूपमा लाखौं मानिसहरू बेरोजगार बन्ने अन्तर्राष्ट्रिय श्रम संगठनको सर्वेक्षणले देखाएको छ । हामी जस्तो अदक्ष वा अर्धदक्ष जनशक्ति विदेश पठाउने देशका लागि त कोरोनाको नकारात्मक असर अझै भयावह हुने नै भयो । समय मै प्रभाव न्यूनीकरणका लागि प्रयास गरिएन भने आम नागरिकको जीवनयापनका लागि आगामी दिनहरू अझै कष्टपूर्ण हुने निश्चित छ ।

नेपालबाट विगत केही वर्षदेखि वार्षिक करीव ५ लाख श्रमिकहरू विदेशमा रोजगारीका लागि जाने गरेको तथ्याङ्क छ । जसमध्ये हिजो नेपालमा पुर्ख्यौली कृषि कार्यमा सक्रिय रहेका अदक्ष जनशक्तिको सख्या बढी छ, जो कोरोना महामारीको कारण रोजगारी गुमाएर नेपाल फर्कदै छन् । यसर्थ पनि नेपालमा बेरोजगारीको ठूलो समस्या निम्तिदैछ । नेपालमा रोजगारी गुमाएका र विदेशमा रोजगारी गुमाएर नेपाल फर्केकाहरूको उचित व्यवस्थापन गर्नु नै अहिलेको स्थानीय, प्रदेश र केन्द्र

सरकारको मुख्य चुनौती हो । त्यसो त यो समस्यालाई सही व्यवस्थापन गर्न सके यो चुनौती मात्र नभएर राष्ट्र निर्माणको अवसर पनि बन्न सक्नेछ ।

सबैलाई दिगो रूपमा उद्यम र व्यवसाय सहित नेपालमा बस्ने वातावरण मिलाउन सकियो भने देशले चाँडै काँचुली फेर्ने छ । बेरोजगारीको सम्भावित संकट कम गर्न व्यापक रूपमा उद्यमशीलताको विकास गरी रोजगारी र स्वरोजगारी सिर्जना गर्न जरूरी छ । विभिन्न उद्यमका माध्यमबाट उत्पादनशील रोजगारीको तथा स्वरोजगारीको सिर्जना, उत्पादन वृद्धि, आयात प्रतिस्थापन, निर्यातमा वृद्धि, गरिबी निवारणका लागि ठोस र कार्यान्वयन गर्न सकिने खालका प्रगतिशील कार्यक्रमहरु आवश्यक छन् । एक तथ्याङ्कअनुसार नेपालमा हाल १८ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि र २८ प्रतिशत बहुआयामिक गरिबीको रेखामुनि रहेका छन् भने नेपालको बेरोजगारी दर ११ प्रतिशत छ । सामान्य घरायसी उपभोग्य वस्तुहरूसमेत हामी उत्पादन नगरी आयात गरिरहेका छौं । बाँझो रहेका हाम्रा खेतबारीमा उत्पादन हुन सक्ने मकै, गहु, बेसार, तरकारी, फुल, मसला, खसी, बोका, राँगा लगायत सामान्य वस्तुहरू विदेशबाट अरबौ रूपैयाँको आयात भइरहेको छ । कान सफा गर्ने, दाँत कोट्याउने छेस्को, टीका पोते, चुरादेखि भगवानका मूर्ति पोष्टर सबै विदेशबाट आउँछ । कपाल काट्ने, मोटरसाईकल, गाडी मर्मत गर्ने, घरमा पेन्ट लगाउने, घर सिँगार्ने, कार्नेस, फल्ससिलिङ, बाटो बनाउने जस्ता सयौं काम हामीले गर्न नसकेर छिमेकी देशका कामदारको भरोसामा छौँ । भारतमा गएका नेपाली दाजुभाइ दिदीबहिनीले नेपाल पठाउने रकमको मात्राभन्दा नेपालमा रहेका भारतीय कामदारले भारत पठाउने रकमको मात्रा धेरै हुन्छ । भारतलगायत वैदेशिक रोजगारीमा विभिन्न मुलुकमा जाने अधिकांश नेपालीले कुल्ली, चौकीदारी र भाँडा माझ्ने काम गरेका हुन्छन तर भारतीयहरूले नेपालमा गर्ने कपाल काट्नेदेखि, निर्माण व्यवसायका काममा हामी नेपाली युवाको ध्यान अझै गएको छैन । यसैगरी रोजगारीका लागि विदेशिन बाध्य कतिपय नेपाली चेलीवेटीको अस्मिता लुटिने गरेको खवर बारम्बार हामीले सुनेका छौँ । यी सारा भुक्तमान व्होरेर पनि खै हामीले देशमै पौरख गर्नेबारे सोचेको ?

बजारका ठूला किराना पसल, होटल, उद्योग सबै छिमेकी (प्रायः भारत) का उत्पादनले चलेका छन । भिरपाखोमा उम्रेका आर्युवेदका औषधि त्यसै खेर गएका छन । केही बिक्री भए पनि बिनाप्रशोधन कौडीको भाउमा बिक्री भएका छन । अदुवा, तेजपात, तितेपाती, टिमुर जस्ता वस्तु सामान्य प्रशोधन मात्र गरेर विदेश पठाउन सके करौडौँ कमाउन सकिन्छ । जसमा उद्यमशिलताको विकास हुन्छ, दृढ संकल्प, इच्छाशक्ति र लक्ष्य हुन्छ उ सफल हुन्छ । यसतर्फ हाम्रो ध्यान अझै पुग्न सकेको छैन ।

भनिन्छ, 'प्रत्येक मानिस जन्मजातै उद्यमी हुन्छन्, कसैले आफ्नो क्षमता देखाउने अवसर पाउँछन् भने कसैले पाउँदैनन् कतिपय त आफूभित्र त्यो क्षमता छ भन्नेसमेत बुझ्न पाउँदैनन् ।' वित्तीय पहुँचभन्दा टाढा, कमजोर आर्थिक अवस्थाका कारण जीवनमा केही गर्न सकिन्न भनेर हरेस खाएका विपन्न वर्गले आफ्नो क्षमताको आभास पनि पाउँदैनन् ।

उद्यमशीलता र आर्थिक समृद्धिका बीच अन्योन्याश्रित सम्बन्ध छ । समृद्धिका लागि उद्यमशीलता र उद्यमशीलताका लागि ज्ञान, सीप, पूँजीमा पहुँच अपरिहार्य हुन्छ । उद्यमी बन्ने भनेको एउटा सिर्जनात्मक व्यक्तित्वको निर्माण गर्नु पनि हो जसमा नयाँ तरिकाले सोच्ने, नयाँ आविस्कार गर्ने र नवीनतम काम गर्ने इच्छाशक्ति र क्षमता रहेको हुन्छ । उद्यमशीलताले स्वाभाविक रूपमा नाफाको अपेक्षासहित जोखिम लिने क्षमताको माग गर्दछ । शाब्दिक अर्थमा उद्यमशीलता भन्नाले उद्यमी र उसको क्रियाकलापलाई जनाए पनि यसले धेरै विषय र क्षेत्र समावेश भएको एउटा बृहत् परिधिलाई जनाउँछ । सामान्यतया मानवीय कार्य जुन अधिक धन आर्जन गर्ने उद्देश्यले प्रेरित भई गरेको हुन्छ । त्यस्ता क्रियाकलापलाई उद्यमशीलता भन्न सकिन्छ तर उद्यमशीलता शब्दसँग मुनाफा, जोखिम र निरन्तरता जस्ता तत्त्वहरू पनि गाँसिएका हुन्छन् । यसप्रकार उद्यमशीलताको सम्बन्ध ती आर्थिक कार्यहरूसँग छ जो लाभ वा धन प्राप्त गर्ने उद्देश्यले वस्तुहरूको रचनात्मक प्रस्तुति, वस्तु तथा सेवाहरूको नियमित उत्पादनसँग सम्बन्धित छ, जसमा उद्यमीद्वारा भूमि, भवन, संयन्त्र, उपकरण, श्रमिक, सामग्री, प्रविधि, कच्चा पदार्थ आदिको संकलन गरी नयाँ व्यवसाय सञ्चालन गर्नु हो । जसमा जोखिम बहन गरेर नयाँ सिर्जनात्मक कार्य र उत्पादनसहित नयाँ व्यवसाय सिर्जना गर्न र निरन्तरता दिनसक्ने आँट हुन्छ र मात्र उ सफल हुने अपेक्षा गरिन्छ ।

उद्यमी बन्ने कुरा आफैमा सजिलो छैन तर दृढ इच्क्षाशक्तिका साथ नयाँ व्यवसायको सिर्जना, कडा परिश्रम र जोखिम बहन

गर्ने क्षमता भएमा असम्भव पनि छैन । लामो समय टिक्नको लागि उद्यमशीलताबारे निर्णय गर्दा धैर्यता र दिगो सोचका साथ निर्णय गर्नुपर्दछ जसको लागि अवसरको विश्लेषण, व्यावसायिक योजना विकास, व्यवसायको स्थापना, वित्तीय स्रोत साधनको पर्याप्ततासहित व्यावसायिक योजना कार्यान्वयनका साथ अगाडि बढ्नुपर्दछ । व्यक्तिगत, साझेदारी, सहकारी तथा सामूहिक प्रयासबाट उद्यमशीलता वा व्यवसायको विकास गर्न सकिन्छ । स्थानीयस्तरमा उपलब्ध श्रम, साधन-स्रोत, पूँजी तथा प्रविधिको उपयोगका साथै सीपमूलक तालिम र वित्तीय पहुँच विकास गरी उद्यमशीलता विकास गर्न सकिन्छ । लघु, साना तथा मझौला उद्यमको विकास नगरी विकासले आमनागरिकलाई समेट्न सक्दैन । उद्यमीले सम्भावित जोखिम न्यूनीकरणका लागि अनिवार्य बिमाको व्यवस्था गर्नुपर्छ ।

युवालाई उद्यमशील बनाउने र हरेक क्षेत्रमा सफल बनाउने काम हरेक तहका सरकारको पनि हो । स्थानीय सरकारले अहिले कोभिडको कारणले बिस्थापित र बेरोजगार युवालाई सम्बोधन गर्ने गरी कार्यक्रमहरू ल्याउने प्रयास गरेको छ र ल्याउन जरूरी पनि छ । साना तथा मझौला उद्यमहरूलाई प्रोत्साहित गर्ने नीतिगत, कानुनी, प्रकृयागत र व्यावहारिक रूपमा सहजीकरण गर्नु आवश्यक देखिन्छ । तानसेन नगरपालिकाले युवा स्वरोजगारको लागि विभिन्न सस्थाहरूसँग मिलेर काम गरिरहेको छ । तानसेन नगरपालिकाद्धारा गठीत तानसेन नगर युवा परिषद्ले पनि आफ्नो कार्यकालको पहिलो वर्ष युवा उद्यमशीलता विकासले मात्रै समृद्ध नगर बन्ने धारणाका साथ काम गरिरहेको हो । तसर्थ युवा समृद्ध, समाज समृद्ध, नगर समृद्ध र मुलुक समृद्ध बनाउन उद्यमशीलताको विकास गरौँ, उद्यमीलाई सम्मान गरौँ ।

**तानसेन युवा परिषद गठनयता हामीले के गर्‍यौ ?**

कोरोना संक्रमण शुरू भए लगत्तै नेपाल सरकारले २०७६ चैत्र ११ देखि बन्दाबन्दीको घोषणा गर्‍यो । किसानका तरकारी बारीमै कुहिने अनि नगरबासीले महंगोमा किनेर पनि तरकारी खान नपाउने अवस्थामा तानसेन नगर सरकारको सहयोगमा तानसेन नगर युवा परिषदले कृषि एम्बुलेन्समार्फत् परल मोलमा नगरबासीका घरघरमा तरकारी उपलब्ध गराएको कर्मले देशव्यापी चर्चा पायो । योलगायत तानसेन नगर युवा परिषद्ले गठनदेखि २०७७ असार मसान्तसम्म सम्पादन गरेका मुख्यकाम क्रमशः बुँदागत रूपमा टिपिएका छन्-

- परिषद्का सदस्यहरूको नेतृत्व विकाससहित युवा क्षमता पहिचान र युवाको सामाजिक कर्तव्य सिकाउने तालिम सञ्चालन ।
- रोजगारी बृद्धिको लागि उद्यमशीलता विकाससम्बन्धी तालिम सञ्चालन ।
- पाल्पाको विकासको लागि पर्यटन विकासलाई टेवा दिने गरी तानसेन नगर युवा परिषद् सदस्यहरूलाई तानसेनको इतिहास, वर्तमान, भविष्य र सम्भावनाका विषयमा प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम ।
- युवा दिवसको अवसरमा तानसेन नगरपालिकाभित्रका मेहेनती, रचनात्मक र सफल कृषक, उद्यमी र व्यवसायीलाई सम्मान कार्यक्रम ।
- विपद व्यवस्थापनको लागि नगरपालिकाको सबै वडाका युवाहरूलाई विपत प्रतिकार्य तालिमको सञ्चालन ।
- समुदायस्तरमा हुने योजना तर्जुमा वा नीति निर्माणमा युवाको सहभागिताको लागि सहजीकरण र समन्वय ।
- नगरपालिका भित्ररहेका खेलाडीहरूको सम्मान र प्रतिभा पहिचानको लागि नगरका वडास्तरीय भलिबल प्रतियोगिता सञ्चालन गरी नगरस्तरीय भलिवल टिम निर्माण ।
- युवालाई उद्यमी र व्यावसायी बनाउन तानसेन नगरपालिकाको सहजीकरणमा विभिन्न सस्थाहरूमार्फत् सञ्चालित युवा स्वरोजगार कार्यक्रममा सहयोग ।
- लकडाउनको बेला किसानले उत्पादन गरेको तरकारी बिक्री नभएर बारीमै कुहिने र उपभोक्ताले महङ्गोमा खरिद गनुपर्ने अवस्थालाई मध्यनजर गर्दै किसानको तरकारी किसानकै मूल्यमा उपभोक्ताको घरदैलोमा पुर्याउने गरी कृषि एम्बुलेन्स सञ्चालन ।

उद्यमशील युवाले मात्र समृद्ध गाउँ, नगर र राष्ट्र निर्माण गर्ने हुनाले युवाहरू उद्यमी बनौँ, पौरखी बनौँ, समृद्ध राष्ट्रनिर्माणमा सहभागी बनौँ । पूँजी अभावले तानसेनका युवा खुम्चिन पर्दैन तानसेन नगरसरकार जमानी बसेर लगानी सुरू गरिसकेको छ । ढिला नगरौँ, जागौँ, उद्यमशीलतातर्फ लागौँ ।

(अध्यक्ष, तानसेन नगर युवा परिषद्)

# हाम्रो पालाको तानसेन



- नारायण अधिकारी

तानसेन, हाम्रो बोलिमा तान्छिन । बाले भन्नुहुन्थ्यो- कपडा बुन्ने तान भए नेर बजार भएकोले तान छिम हुँदै तानछिन भएको । थाह भएन हामीलाई, तर हाम्रो जिब्रोमा तान्छिन नै झुन्डियो- त्यही भनियो । पछि पढ्न जान्ने भएपछि 'तानसेन' लेखेको बोर्ड देखेपछि बल्ल तानसेन भन्न थालियो ।

म सानो हुँदा बाको पछि लाएर पहिलो पटक तानसेन गएँ । बा घ्यु बेच्न जाँदा । फराकिलो ढुङ्गा छापेको बाटोमा घ्यु खारेको बासना सुङ्दै र सिध्राको गन्ध आउँदा नाक थुन्दै मान्छेको भीडमा हराइन्छ कि भनेर बाको हात समाउदै तानसेन घुमेको सम्झना ताजै छ । पान खाएर थुकेका राता डामहरू, साँढे र शीत्तल पाटीको ठूलो खसी, कल धाराहरू, मूल ढोकाबाट छिरेर दरबारलाई बाहिरैबाट हेरेको झलाक-झुलुक सम्झिन्छु । टुँडिखेल देख्दा हाम्रो घर पारीको सानिचहुर किन सानो भयो ठम्याउनै सकेको थिएन । मान्छेका बोली पनि आर्कै-नबुझिने । घरमा बोल्ने जस्तो पनि हैन, बुढीचौर धरम पानीका मगर बाहरू बोलेजस्तो पनि हैन, बेग्लै ।

बीचमा कहिले जात्रा हेर्न, कहिले किताब किन्न त कहिले चङ्गा किन्न तानसेन गएँ तर जहिले पनि हराइन्छ कि भन्ने त्रास मनमा भैरहन्थ्यो र टुँडिखेलको पाउरोटी कम्पनीबाट ओरालो लागेपछि मात्र ढुक्क भइन्थ्यो।

चिदीपानी सौभाग्य मा.विबाट दस कक्षा पास गरेपछि एस एल सी दिनको लागि ट्युसन पढ्न कोठा लिएर बस्न थालियो । पास भएपछि क्याम्पस पढ्न पनि तानसेनमै बसियो । अनि तानसेनसँग झ्याम्मिन थालियो ।

आफ्नै उमेरका जिल्ला भरिबाट र बाहिरबाट समेत ट्युसन र क्याम्पस पढ्नको लागि कोठा लिएर बसेका साथीहरू, क्याम्पस पढ्न बसेका दाइ, दिदीहरू, बिरामी भएर उपचार गर्न आएका मानिसहरू, बजार गर्न आएका गाउँलेहरू, परेड खेल्ने सिपाहीहरू, भारी बोक्न पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, स्याङ्जा लगायतबाट आएका भरियाहरू, घाटीमा घण्ट र निधारमा ऐना लाएका खच्चरका ताँती हेरेर हामी जिल्ल पर्थेम । अझ हिउँदमा आउने जादूवाला र राजाको जन्मोत्सबमा निस्कने बाजा गाजासहितको जुलुस देखेपछि त केही साथीहरू ट्युसन र क्याम्पस जान पनि भुल्थे । बसपार्कलाई बस टेसन भन्थे । बस टेसनमा गएर बस आएको, मान्छे झरेको र चढेको, कुल्लीहरू भारी उतार्न तछाड-मछाड गर्दै झगडा गरेको हेर्न थाल्यो भने त रात परेको थाहै नहुने । कोठामा जाँदा पानी छैन, १० लिटरको ग्यालन बोकेर नारन थान गयो- पधेर्नीहरूको भीड । पालो कुरेर बस्यो, अधेरो भएपछि मात्र पालो आउथ्यो ।

हामी बस्ने घरमा धारा त थियो तर नुहाउन नपाइने । सातामा एक फेरा नुहाउन कहिले देवन धारा, कहिले हुलुङ्दी (होलाङ्दी) त कहिले जेलमुनि गयो । उस्तै भीड । नाङ्गै भएर पालो कुर्‍यो । पिसाब लाग्दा पनि पालो मिचिने डरले खटाएर बसिन्थ्यो । जब नुहाउने पालो आएर टाउकोमा धारो थापिन्थ्यो, पिसाब फेर्ने समय त्यही हुन्थ्यो ।

बजारमा व्यापारी प्राय नेवार मात्र हुन्थे, केही भारतीय मूलका । अन्य जातिका व्यापारी खासै थिएनन । होटेल बस टेसनमा मात्र थिए - धेरैजसो थकाली समुदायका ।

जिल्ला प्रशासन कार्यालयलाई सि डि ओ कार्यालय भन्थे । सि डि ओ साब प्राय घोडामा हिन्थे, उनको शानैअर्कै । सि डि ओ आउने बेलामा पुलिसहरूले बाटो पन्छाउथे - बटुवाहरूलाई दायाँ-बायाँ लगाउथे ।

तानसेन पश्चिम नेपालको व्यापारिक केन्द्र नै थियो । दिनमा तानसेनको कुनै गल्ली पनि खाली हुँदैनथ्यो, भीडको भीड । चामल, कपडा, नून, तेल, मट्टितेल, खुदी, दाल लगायत घर छाउने टिन र सिमेन्ट (सिमन्टी) पनि तानसेनबाटै स्याङ्जा,

गुल्मी, बागलुङ, अर्घाखाची र प्युठानसम्म पुग्थ्यो । सामान अधिकाम्स मान्छेले र केही खच्चरले बोक्ने चलन थियो । भारी बोक्ने मान्छेलाई रूहानी भन्थे ती कुन जातिका हुन, थाह भएन । सर सफाइ नगरेका तर असाध्य बलिया हुन्थे । महिलाले समेत ठूलो टिनको चार टिन मट्टितेल खापेर बोक्थे ।

क्याम्पसमा विद्यार्थीको ओइरो लाग्थ्यो । पर्वत, बागलुङ रूपन्देही, परासी, कपिलवस्तु, स्याङ्जा, गुल्मी, अर्घाखाँची, प्युठान, रूकुम, दाङ र हुम्लाका साथी त हाम्रै क्लासमा थिए । तरकारी बेच्नेहरू सबैजसो भारती मूलका थिए र घर-घरमै पुऱ्याइदिन्थे । पाल्पा क्याम्पस पढेको भनेपछि टि यु मा जादा पनि हाम्रो इज्जत अर्कै हुन्थ्यो ।

तानसेनको फोहर पनि चर्चा गर्न लायक नै हुन्थ्यो । सौचालय आधा जनसख्यालाई पुग्ने पनि थिएन होला । आगन्तुकहरूले दिसा-पिसाब खुलामै गर्थे होला, रातिमा । बिहान बस पार्कको छेउ छाउ, टुँडिखेलको आसपास, देवन धारा जाने बाटोको छेउ छाउ मल फालेभैं हुन्थ्यो । बर्खामा चिफ्लेकिरा निस्कन्थ्यो । मान्छेको मलको चारैतिर घेरिएर सिङ ठड्याउदै चिप्लेकिराले दिसाको रस चुसेको दृष्य हेर्न लायक हुन्थ्यो । सबै जसो घरका शौचालयको निकास ढलसँग जोडिएको हुन्थ्यो । पानी परेर भल चल्दा सबै खोल्सा-खाल्सीमा भएका मल बग्थे र सफा हुन्थे । तर पनि शीत्तलपाटी, नारनथान, जिल्ला प्रशासनको अगाडि, बस पार्क र टक्सारको पल्लो छेउमा सार्वजनिक शौचालय थियो अहिले बरू छैन ।

रातीमा रमन घुम्ने चलन थियो । यो भनेको प्रहरी गस्ती हो । १० बजेपछि डुल्न, घुम्न पाइदैनथ्यो । कहिले काहीं राजनीतिक भेलामा रातिसम्म बस्नु पर्थ्यो त्यहाँबाट फर्किदा फिलिम हेरेर फर्केको हुलमा मिसिएर हिडिन्थ्यो-अन्यथा पुलिसले समाइ हाल्थ्यो ।

हामी SLC दिने बेलासम्म हालको मोहन कन्या मा.वि को छेउमा सिनेमा हल थियो । त्यसलाई सन्तोष टाकिज भन्थे । पछि विशाल बजारमा नयाँ हल बनेर सिनेमा हल त्यतै सऱ्यो । हालको विशाल बजारलाई गैरावारी भन्थे । उत्तरबाट भारी बोक्न आएका खच्चर राख्ने ठाउँ त्यही हो । २०३६ सालमा बहुदलको प्रचार गर्न पाल्पा आएका बि पी कोइरालालाई तत्कालीन सरकारले टुँडिखेलमा भाषण गर्न नदिएपछि स्थानीयले त्यही गैराबारीको चहुरमा मन्च बनाएर बि.पीलाई भाषण गर्न सहज बनाइदिएका थिए । त्यो मलाई पनि सम्झना छ- र त्यही नै हालको बि.पी चोक हो ।

नास्ता भनेको विद्यार्थीको लागि चिया-पाउरोटी थियो । एक सुकामा दुधको चिया र एक सुकामै गोलो पाउरोटी पाइन्थ्यो । शीत्तल पाटीमा एकजना बा ले पहेलो पित्तलको अनौठो भाडो (हाल सायद नाङ्लो होटलमा छ) मा चिया बनाएर ल्याउनुहुन्थ्यो र धारो खोलेर गिलासमा दिनुहुन्थ्यो । पाउरोटी पनि बेच्नुहुन्थ्यो । शीत्तल पाटीकै गोल घरमा पाच मोहरमा झोलमा डुबाएको स्वादिलो मम पाइन्थ्यो ।

नारनथान माथिको हल्वाइको पसलमा एक रूपैयाँमा दुईवटा जुलेबी (जेरी) पाइन्थ्यो ।

तानसेनमा पाउरोटी उद्योग, साबुन उद्योग (डल्ले साबुन र सर्बोदय साबुन), मसला उद्योग, कापी, प्रेस, कपडा, ढाक, भाँडा र करूवा उद्योग एकदमै चलेका र नाफामा गएका उद्योग थिए ।

बसाइ सर्ने चलन थिएन । सेंठ, महाजनहरू पनि तानसेनमै बस्थे ।

कपडा धुने, कपाल काट्ने र बाटो बढार्नेहरू पनि पहाडी मूलकै थिए ।

अहिले तुलना गरेर हेर्दा धेरै कुरा मिल्दैनन । मेरो आलेखमै कति कुरा समेटिएका छैनन । अझ हामी त दोश्रो पुस्ता । पहिलो पुस्ताका बा, आमा र दाइ भाउजूको अगाडि मेरो अनुभव फिका हुन्छ । तर हालको युवा पुस्तालाई केही नौलो होला ।

समग्रमा पुरानो अवस्था सम्झँदा हालको तानसेन सप्रिदै गएको हो कि निख्रिँदै गएको हो, मलाई ठम्याउन गाह्रो हुँदै गएको छ । सायद मेयरसाबको नेतृत्वमा रहेको टोलीले तानसेनको विकासका लागि दीर्घकालीन खाका बनाएर अगाडि बढेको होला ।

(सर्जक, लेखक)

# कोरोना कहरका बीच तानसेन नगरपालिकाको सेवा प्रवाह



- भरतप्रसाद आचार्य

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट प्रभावित नगर मध्ये तानसेन नगरपालिका पनि एक हो । जिल्लाको सदरमुकाम त्यसमा पनि युनाइटेड मिसन अस्पताल, लुम्बिनी मेडिकल कलेज तथा शिक्षण अस्पताल र पाल्पा अस्पताल जस्ता ठूला अस्पताल र मेडिकलहरू रहेको नगरमा उपचारका लागि समेत विभिन्न ठाउँका मानिस आउने र उपचारका क्रममा संक्रमणको जोखिम थियो नै । सवारी साधन तानसेन हुँदै विभिन्न ठाउँमा जाने र त्यहाँबाट आउने अनि  बैंक तथा सरकारी कार्यालय रहेको त्यसैगरी अन्य विभिन्न कारणले यस क्षेत्रका जनप्रतिनिधि, स्वास्थ्यकर्मीलगायतका सरकारी कर्मचारीहरू समेत यस रोगबाट संक्रमित हुनपुगे । तानसेनका १४ वडामा समुदायस्तरमा रोगको प्रभाव पछिल्ला दिनमा बढेको छ । प्रतिदिन औषतमा करिब २० जना संक्रमित भएको यस नगरमा संक्रमण न्यूनीकरणका लागि विभिन्न प्रयासहरू नभएका होइनन् । यसक्रममा विभिन्न संघ-सस्था र व्यक्तिहरूबाट नगरपालिकाले सुरू गरेको राहतकोषमा सहयोग प्राप्त भएको छ । विगतमा निःशुल्क अनि सहुलियतपूर्ण राहत वितरण, आइसोलेसन, संयुक्त पालिकास्तरीय र एकलढंगले समेत क्वारेन्टाइन निर्माण गरी उपचारका लागि तानसेनमा विभिन्न प्रयासहरू भएका थिए । पछिल्लो समय नेपाल सरकारको निर्णयअनुसार तानसेन नगरपालिकामा समुदायस्तरमै रोकथामका लागि व्यवस्थापकीय प्रयास भएका छन् ।



परिस्थिति बदलिँदै गयो, साथै सरकारको निर्णय दिनानुदिन परिवर्तन हुँदै गयो । होम आइसोलेसन र स्वसुरक्षामार्फत् व्यवस्थापन गर्नुपर्ने अवस्था सिर्जना भयो । उता लकडाउन/शिलबन्दी जस्ता कार्यबाट ज्याला मजदुरीको काम गर्नेहरूका लागि यो समय कष्टकर बन्न पुग्यो । यसलाई मध्यनजर गर्दै तानसेन नगर सरकारबाट सुरक्षा मापदण्ड अपनाई सेवा प्रवाहलाई प्रभावकारी ढंगबाट अगाडि बढाइयो । यद्यपि समय निकै संकटपूर्ण छ, यसका वाबजुद योजना कार्यक्रम तर्जुमा, विकास निर्माण प्रकृयामा जानुपर्ने, विभिन्न विषयगत समितिका बैठकहरू तथा कार्यपालिका बैठक बस्नुपर्ने, दैनिक प्रशासनिक कामकाज गर्नुपर्ने साथै वडा कार्यलयबाटै सिफारिस गरिनुपर्ने हुनाले जनप्रतिनिधि र नगर/वडाका कर्मचारी अहोरात्र खटिएर सेवा प्रवाहलाई व्यवस्थापन गर्दै आइरहेका छौं । उपचार, राहतसँगै कोभिड-१९ का कारण मृत्यु भएकाहरूको लागि शव व्यवस्थापन र सवारी साधन व्यवस्थापन गर्नुपर्ने अवस्थाले गर्दा नगरका जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई कोभिड-१९ को व्यवस्थापन गल्पासो बन्न पुग्यो । सीमित साधन, स्रोतका भरमा काम गर्नुपर्दा दुःख भएको छ तर भन्ने कसलाई ? गाउँठाउँको सिंहदरबारको उपमा दिइएकाले शंकटका घडीमा स्थानीय तहलाई काम नगरी सुखै छैन ।

विश्वभर फैलिएको कोभिड-१९ को त्रासबाट तानसेन नगरपालिकाको सेवा प्रवाह समेत प्रभावित भएको छ । जनताको प्रत्यक्ष सरोकार राख्ने स्थानीय तहमा दैनिक रूपमा कामका लागि आउने सेवाग्राहीको सेवाकार्यमा संलग्न रहने जनप्रतिनिधि र कर्मचारीहरू आफ्नो सुरक्षालाई भन्दा जनताको सेवालाई प्राथमिकतामा राखी अहोरात्र काम गरेका छौं भन्दा फरक परोइन ।

(शाखा अधिकृत, तानसेन नगरपालिका)




कविता

# गौरवशाली पाल्पा



- भावना खनाल

पाल्पाली कवि हो कथा र कविता हाम्रै कहानी भर
आई घुम्छ र भन्छ पर्यटकले पाल्पा निकै सुन्दर
पाल्पा हो नमुना छ स्वास्थ्य सुविधा शिक्षा र सञ्चारको
मीठो आत्मियता अमूल्य गहना प्यारो सदाचारको !

पूर्वी भेग छ तेजपात अदुवा खेती भयो अम्रिसो
कोदो फापर सुन्तला फलिरहे हावा असाध्यै चिसो
माडी फाँट र अर्गली छ रसिलो छन् धान फल्ने कति
बाँच्ने अन्न दिँदैछ रामपुरले टार्दैछ खाँचो अति !

कौडा बालन झ्याउरे कति भए मेला र जात्राहरू
हाम्रो धर्म सहिष्णुता छ बलियो बन्दैन कोही अरू
सल्लाका धुनमा सुरम्य कविता संगीत गुञ्जन्छ नि
रानीघाट छ प्रेम उच्च नमुना ढाका करूवा पनि !

थुङ्गे फूल गुराँस औ मखमली फुल्छन् बगैंचातिर
काँढेभ्याकुर नाच्छ रे मुजुर झैं डुल्दै यहाँ मुन्तिर
हाम्रै गाउँ रमाइलो छ रसिलो आऊ न भन्छे चरी
सुन्दै छौं कति रम्य गीत सुरिलो आफ्नै पखेराभरी !

भाषा एक अनेक छन् विविधता सद्भाव फुल्छन् यता
बस्छौं साथ अनेक जात र कला नौलो छ यो एकता
साच्चै स्वर्ग र शान्ति देख्नु छ भने आओ न पाल्पातिर
यौटा जून चमक्क बल्छ जहिले आकाशका मुन्तिर !!!

(सर्जक)

# तानसेनको गहना पाल्पा दरबार संग्रहालय



- चन्द्रबहादुर वली

**१. नेपालमा संग्रहालय**

संग्रहालय इतिहासको ऐना होभन्दा फरक परोइन । किनकि संग्रहालयहरू त्यस्ता संस्था हुन्, जसले ऐतिहासिक, सांस्कृतिक, प्राविधिक, वैज्ञानिक वस्तुहरू तथा मानव ज्ञान सीपको दृष्टिकोणबाट महत्त्वपूर्ण वस्तुहरूको मानव हितका लागि त्यस्ता वस्तुहरूको प्राप्ति वा संकलन, प्रदर्शनी, संरक्षण, अध्ययन-अनुसन्धान सम्बन्धी काम गर्दछन् र गराउँदछन् । संग्रहालयले यस्ता महत्त्वपूर्ण वस्तु आगन्तुक अर्थात् Visitor सम्म पुऱ्याउने सेतुको काम गर्दछन् अर्थात् महत्त्वपूर्ण वस्तुहरूको संकलन र प्रदर्शनीको माध्यमबाट त्यस्ता वस्तुहरूलाई सर्वसाधारण समक्ष पुऱ्याउने काम गर्दछन् संग्रहालयहरूले । तर आधुनिक संग्रहालयको परिभाषा एवम् उद्देश्य यतिमा मात्र सीमित हुँदैन । आधुनिक संग्रहालयको अर्थ, उद्देश्य तथा परिभाषालाई व्यापक अर्थमा हेर्न थालिएको छ । आधुनिक संग्रहालयको भूमिका केवल महत्वपूर्ण वस्तुहरूको संकलन, प्रदर्शनी एवम् संरक्षण गर्नुमा मात्र सीमित नभई संग्रहालयलाई एउटा शैक्षिक केन्द्रको रूपमा विकास गर्नु पनि हो । अर्थात् कुनै निश्चित क्षेत्रको, देशको, समुदायको कलात्मक, सांस्कृतिक तथा अन्य विधाका वस्तुहरूको बारेमा प्रदर्शनी एवम् जानकारीमूलक सूचनाको माध्यमबाट मानवको ऐतिहासिक, सांस्कृतिक, सामाजिक, वैज्ञानिक आदि विकासक्रमको बारेमा सर्वसाधारणलाई जानकारी दिनु हो । कुनै जातीय एवम् लैङ्गिक विभेद नगरी सबै वर्ग समुदायको पहुँच र प्रवेश सुनिश्चितताका साथ परम्परागत एवम् आधुनिक ज्ञान तथा सीपका उपलब्धीलाई आगन्तुक समक्ष पुऱ्याउने शैक्षिक संस्थाको रूपमा विकास भइरहेका छन् आधुनिक संग्रहालयहरू । तसर्थ संग्रहालयहरू एउटा अनौपचारिक पाठशाला हुन् । संग्रहालयमा प्रस्तुत दृष्टान्तहरू तथ्यपरक एवम् खुल्ला किताब जस्तै हुन्छन् । संस्कृति, इतिहास, कला, वास्तुकला तथा विज्ञान आदिको बारेमा एकै थलोमा जानकारी दिने महत्त्वपूर्ण संस्था हुन् । शैक्षिक जानकारीको अतिरिक्त मनोरञ्जनका केन्द्र पनि हुन् संग्रहालयहरू । संग्रहालयहरू मानवीय आवश्यकताको विषय भइसकेका छन् । नेपालको सन्दर्भमा संग्रहालयको इतिहास त्यति पुरानो छैन । काठमाडौंको छाउनीस्थित हालको राष्ट्रिय संग्रहालय वि.सं. १९९५ मा "नेपाल म्यूजियम" नामाकरण गरी स्थापना भएको नेपालको पहिलो संग्रहालय हो । त्यसपछि अर्थात् झन्डै २२ वर्षपछि २०१७ सालमा भक्तपुरमा राष्ट्रिय कला संग्रहालय, २०१९ मा पाटनमा धातुकला संग्रहालय (हालको पाटन संग्रहालय) स्थापना भए । त्यस्तै चालीसको दशकमा नेपाल सरकारको सबै विकास क्षेत्रहरूमा जातीय क्षेत्रीय संग्रहालय स्थापना गर्ने योजनाअन्तर्गत धनकुटा, पोखरा एवम् सुर्खेतमा क्षेत्रीय संग्रहालयहरू स्थापना भए । वि.सं. २०६२/०६३ को संयुक्त जनआन्दोलनपछि जनस्तरमा समेत पहिचान स्थापित गर्ने उद्देश्यले संग्रहालय स्थापनाको अभियान (थारू, मगर, संग्रहालय आदि) आरम्भ भएको छ । कति त निजीस्तरमा समेत (पाल्पा संग्रहालय) संग्रहालय स्थापना भएको पाइन्छ । यस सँगसँगै धेरै जातीय संस्कृतिसम्बन्धी संग्रहालयहरू पनि स्थापना भए र यो क्रम जारी छ ।

**२. पाल्पा दरबार संग्रहालय**





नेपालमा संग्रहालय विकासको यही पृष्ठभूमिमा पाल्पा दरबार संग्रहालयलाई हेरिनु पर्दछ । २०७२ सालमा नेपालको संविधान जारी भएसँगै नेपाल संवैधानिक रूपमा संघीय राज्य प्रणालीमा प्रवेश गरेको छ र संविधानले तीन तहको सरकार- संघीय,

प्रादेशीक र स्थानीय सरकारको व्यवस्था गरेको छ । यसै प्रशासनिक संरचनाअनुसार संघीय, प्रादेशिक, एवम् स्थानीय संग्रहालयहरू स्थापना गर्न सकिन्छ । यस क्रममा पाल्पा दरबार संग्रहालयलाई प्रदेश नं. ५ को प्रादेशिक संग्रहालयको रूपमा हेर्न सकिन्छ । हाल प्रदेश नं. ५ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत रहेको यो संग्रहालय वि.सं. २०७३ सालमा स्थापना भएको थियो । सरकारी स्तरबाट स्थापित यो सबैभन्दा कान्छो संग्रहालय हो । यो संग्रहालय संग्रहालयकै प्रयोजनका लागि निर्माण भएको भवनमा नभई आवासीय प्रयोजनको लागि निर्माण भएको ऐतिहासिक पाल्पा दरबारलाई संग्रहालयमा रूपान्तरण गरिएको हो । तसर्थ संग्रहालय प्रदर्शनीका आधुनिक सिद्धान्तअनुसार प्रदर्शनीको व्यवस्था मिलाउन गाह्रो हुन्छ, संग्रहालयले आफ्नै तरिकाले संकलित वस्तुहरूको प्रदर्शनीको व्यवस्था गरेको छ । पूर्व एवम् पर्याप्त तयारी तथा योजनाबिना नै संग्रहालय खोलिएको हुँदा केही समस्याहरू देखिने नै भए । जस्तो यस संग्रहालयको संग्रहालय प्रदर्शनीलाई प्रभावकारी एवम् आकर्षक बनाउन सकिएको छैन । प्रदर्शनीको लागि आवश्यक सामग्रीहरू संकलन एवम् प्राप्त गर्न समस्या देखिएको छ । मुख्य कुरा यस संग्रहालयको प्रकृति एवम् मुख्य विषय किटान हुन सकेको छैन । संग्रहालय सेवा सुविधा एवम् प्रवर्द्धनसम्बन्धी कार्य गर्न सकिएको छैन । विषयगत जनशक्तिको अभाव छ । यी समस्याहरूको संवोधन गरी यस संग्रहालयको स्तरोन्नति गरी एउटा आकर्षक एवम् स्तरीय संग्रहालयको रूपमा विकास गर्न एउटा विशेष एवम् प्रभावकारी कार्ययोजनाको आवश्यकता देखिएको छ । त्यस्तो आवश्यकता यस गुरूयोजना/कार्ययोजनाले पूरा गर्न सक्ने विश्वास गरिएको छ । गुरूयोजनाले प्रस्ताव गरेका कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन हुन सके यस संग्रहालयलाई प्रदेश नं. ५ को इतिहास एवम् संस्कृतिको प्रतिनिधित्व गर्ने संग्रहालयको रूपमा विकास गर्न सकिने प्रचुर संभावना रहेको छ ।

**३. संकलित एवम् प्रदर्शित सामग्रीहरूको प्रदर्शनी**






पाल्पा दरबारको वर्तमान प्रदर्शनीमा राखिएका सामग्रीहरू हेर्दा मिश्रित प्रकृतिका छन् । साबिक पाल्पा राज्यको ऐतिहासिक विवरण अर्थात सेनवंशी राजाहरूको विवरण, जनजातिको संस्कृतिसम्बन्धी सामग्रीहरू, खासगरी पाल्पा तथा आसपासको क्षेत्रमा प्राचीन समयदेखि बसोबास गर्दै आएको मगर जातिको संस्कृतिसम्बन्धी सामग्रीहरू, पाल्पा तानसेनमा निर्मित धातुका भाँडाकुँडाहरू यस क्षेत्रका महत्त्वपूर्ण स्मारकहरु एवम् जीवन्त संस्कृतिसम्बन्धी तस्बिरहरू प्रदर्शनीमा राखिएका छन् । यसरी विषयगत एवम् विधागत रूपमा हेर्दा इतिहास, जातीय संस्कृति, कला, वस्तु, मूर्त/अमूर्त संस्कृतिसम्बन्धी सामग्रीहरू रहेका छन् ।

**४. काठमा मिनिचर सामग्रीहरूको प्रदर्शनी**

पाल्पा उद्योग बाणिज्य संघबाट हस्तान्तरित काठका सामाग्रीहरू प्रदर्शनीमा राखिएको छ ।



**५. संग्रहालय परिसर बगैंचा स्तरोन्नति तथा बेन्च निर्माण**

पाल्पा दरबार संग्रहहालय परिसरलाई सौन्दर्यता प्रदान गर्ने गार्डेनमा फोहरा सञ्चालन गरिनुको साथै संग्रहालय अवलोकन कर्तालाई आराम गर्नको लागि परिसरमा बेन्च निर्माण गरिएको छ । मुख्य प्रवेशद्वारका दायाँबायाँ रहेका गार्डेन तानसेन नगरपालिकाको सहयोगमा निर्माण गरिएको हो ।





**६. संग्रहालय पछाडि गार्डेन निर्माण**

पाल्पा दरबार पछाडि परिसर सफासुघर हरियाली बनाई राख्न गार्डेन निमाण गएिको छ ।





**७. नेपाली सेना सम्बन्धी सामग्रीहरूको प्रदर्शनी**

पाल्पा दरबार संग्रहालयले पाल्पास्थित नेपाली सेनाको समन्वयमा सैनिक संग्रहालय निर्माण कार्य सम्पन्न भई प्रदर्शनीमा राखिएको छ ।



**८. सि.सि.क्यामेराबाट निगरानी**

पाल्पा दरबार संग्रहालयमा अवलोकन गर्दा कुनै गैरकानुनी क्रियाकलाप हुनबाट संग्रहालयलाई सुरक्षित राख्न सि.सि. क्यामेराको व्यवस्था गरिएको छ ।



**९. आगामी सम्भावित कार्यक्रम**

संग्रहालयमा प्रदेश नं ५ का जातिहरूको संस्कृति झल्कने खालका सामग्री संकलन गरी प्रदर्शनीमा राख्नुका साथै लाइब्रेरी स्थापना अबको खाँचो हो ।

**स्रोतः**

१. पाल्पा दरबार संग्रहालय गुरूयोजना
२. पाल्पा दरबार संग्रहालय प्रशासन
३. हाम्रो तानसेन त्रैमासिक (विभिन्न अंक)

(प्रमुख, पाल्पा दरबार संग्रहालय)

# सरसफाइ तथा वातावरण शाखाका मुख्य गतिविधि



- शंकर भण्डारी

तानसेन नगरपालिकामा बाहिरबाट आउने पाहुनाहरूले सफा रहेछ सहर भनेर प्रतिक्रिया जनाए पनि नगरबासी आफैं भने सरसफाइप्रति सन्तुष्ट नभएको अवस्था छ । टोलविकास समितिहरूले पछिल्ला दिनमा सरसफाइ अभियानमा साथ दिए पनि कतिपय पढेलेखेका र शिक्षित व्यक्तिहरूले सडकमा कुकुरलाई हगाउने अनि फोहर झ्यालबाट फालेर सडकमा निस्केर नगरपालिकालाई सराप्ने प्रवृत्ति भने तानसेनमा व्याप्त छ । सफा तानसेनका लागि सबैको सहयोग जरूरी छ । तथापि तानसेन नगरपालिकाले सक्दो प्रयास गरेकै छ । प्रस्तुत छ आव २०७६/७७ मा भएका गतिविधिका मुख्य बुँदाहरू :

- टोल विकास संस्थालाई र सरकारी कार्यालय तथा सामाजिक संघ-संस्थालाई यी पंक्ति तयार पार्दासम्म ८०० वटा फोहर राख्ने डस्टविन (Dustbin) वितरण ।
- तानसेनका सामुदायिक तथा संस्थागत विद्यालयद्वारा ४३२ स्थानमा सरसफाइ अभियान सञ्चालन
- २५ वटा टोल विकास सस्थासँग सरसफाइमार्फत् अन्तरक्रिया सम्पन्न । सात वटा टोल विकास संस्थाबाट हरेक शनिवार तानसेन सफा अभियान सञ्चालन ।
- संघ-संस्था र सरकारी कार्यालय, गोरख दल गण, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतको सहयोगमा सार्वजनिक स्थल अमरनारायण परिसर, भगवती मन्दिर परिसरलगायत १९ सार्वजनिक स्थल सफा गरिएको ।
- फोहरमैला तथा सरोकारवालालगायत २८ संघसंस्थासँग बैठक डाँकेर विविध सवालमा छलफल गरियो ।
- नेपालको ताजमहलको रूपमा रहेको रानीघाट दरबार अर्थात् रानीमहल परिसर स्थानीय प्रहरी बिटको सहकार्यमा तीन महिनाको १ पटक अथवा वर्षमा चार पटक सफा गरियो ।
- तानसेन दरबार परिसर र त्यस क्षेत्र सफा गर्नका लागि मासिक दुई पटक नियमित सफा गर्ने गरिएको छ ।




- नगरपालिकाको सरसफाइ शाखाका कर्मचारीको लागि स्वास्थ्य बिमा, जीवन बिमा र आधारभूत स्वास्थका बारेमा छलफल गरी सकिएको र कोरोना बिमा गर्ने काम गरी कोरोनाबाट बँच्ने सबै उपाय अपनाइएको छ ।
- अमरनाराण मन्दिरलाई फूलबारी बनाउने उद्देश्यले तानसेन वडा कार्यालय र २ नम्बर वडाका टोल विकास संस्थालाई उत्प्रेरित गरी महिनामा १ पटक सफा गर्ने योजना बनाई सकेको र हाल स्थानीय अमरनारायण क्लब र गुठीसँग मिली हरेक शनिवार सफा गर्ने काम सुरू भएको छ ।
- होलाङ्दीधारा, तीनधारा, अमरनाराणधारा, निशानधारा, प्रभासक्षेत्रमा सफा अभियान चलाइएको ।
- तानसेनका सबै खानेपानीको मूल सफागर्ने र मूल वरपर विरूवा लगाउने गरिएको छ ।
- बतासेडाँडा, श्रीनगरडाँडा र टुँडिखेल पटपटक सफा गरी अनुगमनको पाटोलाई निरन्तरता दिइएको छ ।
- वनदेवी क्षेत्रको मन्दिर र हाल निर्माण हुनलागेको हरियाली बसपार्क परिसर क्षेत्रलाई सफा राख्न सन्देशमूलक बोर्ड बनाई कार्यान्वयनमा ल्याइएको छ र फोहर

कम गर्न श्रोतबाटै फोहर कम गर्नेबारे छलफल चलाइएको छ ।

- तानसेन प्रवेशको नाका मानिने बर्तुङ्मा सफा टोल बनाउने उद्देश्यले टोल विकाससँग मिली ३ वटा सन्देशमूलक बोर्ड राखिएको छ ।
- वैकल्पिक ऊर्जा केन्द्र र तानसेन नगरपालिकाबीच कुहिने फोहरबाट ऊर्जा परियोजना कार्यान्वयनको लागि सम्झौता पत्रमा हस्ताक्षर गरिसकिएको छ भने डिपीआर पूरा भई लगानीकर्ताको छनोट गरेर काम थालनीको चरणमा पुगेको छ । यो महत्त्वपूर्ण योजनाको रूपमा कार्यान्वयन गरिँदै छ ।
- तानसेनको बजार क्षेत्रमा यत्रतत्र फोहर फाल्ने ९२ जनालाई पोका अभियानमार्फत् सचेत गराई छाडिएको छ ।
- बजार क्षेत्रमा फोहर नगर्न र निषेधित प्लाष्टिक प्रयोग नगर्नेबारे माइकिङ र छड्के अनुगमन गरिरहेका छौँ ।
- बजारको बाहिरी भागमा बजारलाई कुरूप देखिने गरी राखिएका ब्यानर, बोर्ड र फ्लेक्स सिट (करिब यो वर्ष १००० वटा) नगरपालिकाको सरसफाइ शाखाबाट बरामद गरिएको ।
- फोहर नगर्नु हुन र गरे जरिवाना गरिनेछ भन्ने करिब ९१ वटा सचेतनामूलक बोर्ड नगरका विभिन्न ठाउँमा राखिएको छ ।
- यत्रतत्र फाल्ने माटोलाई प्रस्तावित बसपार्क स्थलमा फाल्ने समझदारी बनाई कार्यान्वयन गरिएको र निरन्तरको अनुगमनका लागि योजना निमार्ण गरी अगाडि बढेको छ । अटेर गर्ने केही सवारी धनीलाई कानुनको दायरामा ल्याइएको छ ।
- तानसेनका ११२ वटा स्थानका ढल पुरिएको, जाम भएकोलाई पुनः निर्माण र मर्मत गरिएको छ ।
- विभिन्न सार्वजनिक स्थानमा डस्टविन राखिएको छ ।
- तानसेन सफा र सुन्दर राख्ने कामका लागि आमनागरिकको सहभागिता अनिवार्य हुन्छ । नगरवासीको साथ बिना सफा तानसेन सम्भव छैन भन्ने आसयलाई सार्थक बनाउने काममा सघाउन अभियान थालनी गरिएको छ ।
- तानसेन बजार क्षेत्रभित्र विभिन्न स्थानमा तानसेन सफा राखौँ भन्ने नारा र फोहर गरे कारबाही गर्ने भन्ने सन्देशसहित होर्डिङवोर्ड राखिएको ।
- तानसेनको बजार क्षेत्रमा रहेका सार्वजनिक शौचालयलाई पुनः सञ्चालनका लागि सफा गरी मर्मत गरिएको । टक्सार, विद्युत प्राधिकरणनेर र टुँडिखेलको शौचालय सञ्चालनमा ल्याइएको छ ।
- सार्वजनिक यातायातबाट निस्कने फोहरका बारेमा सचेतनामूलक स्टिकर तयार गरी वातावरण सफा राख्नका लागि जनचेतनामूलक सन्देश तयार गरी पाल्पा तानसेनबाट छुट्ने सबै सवारी साधनमा स्टिकर टाँस गरिएको छ ।
- श्रीनगर, अमरनारायण र दरबार परिसर सफा राख्नका लागि हप्तामा एक दिन तोकी काम अगाडि बढाएका छौँ ।
- कुकुरका कारण सडक फोहर भयो भन्ने जन गुनासालाई मध्यनजर गरी कुकुरको स्थायी बन्ध्याकरण आरम्भ गरेका छौँ । आशा छ, सरोकारवालाहरूबाट सहयोग हुने नै छ ।
- फोहरलाई श्रोतबाटै कम गर्न सबैमा हार्दिक अपिल गर्दछौँ । सडक, चौर, बगैँचा र सार्वजनिक स्थलको संरक्षणका लागि अरूको मुख ताक्नुभन्दा आफ्नो टोल आफै सफा गरौँ अभियानमा लाग्नु हुन तानसेन नगरकार्यपालिकाले हार्दिक अनुरोध गरेको छ नगरवासीलाई ।
- नयाँ वर्षका बेला श्रीनगर र त्यस क्षेत्रको सरसफाइ गरियो
- श्रीनगरमा खानेपानीको धारा जोड्नका लागि सरसफाइ शाखाले तयारीको काम सबै गरेको ।
- पाल्पाको मुटु भनेको तानसेन क्षेत्र हो । यसलाई सफा राख्नु सबै नागरिकको कर्तव्य हो । तसर्थ आउनुहोस् हामी सबै यो अभियानमा जुटौँ ।
- टोलविकास संस्था र स्थानीयको मागलाई आधार बनाई केही दिनमा १००० डस्टविन वितरणको योजना बनाई आवश्यक प्रक्रिया अगाडि बढाएका छौँ ।
- सरसफाइको काम सबै तानसेन नगरपालिकाको दायित्व हो भन्ने सोच त्यागौँ र हामी पनि जिम्मेवार हौँ भन्ने भावनाको विकास गरौँ । सबै मिले मात्र **सफा सुन्दर तानसेन सहर** नारा साकार हुनेछ ।

(प्रमुख, वातावरण तथा सरसफाइ शाखा)

# कोरोना महामारीकाबीच तानसेनमा रोजगार कार्यक्रम



- कलश न्यौपाने

### पृष्ठभूमि


नेपालको संविधानको धारा ३३ ले रोजगारीको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ । सोही मौलिक हकको कार्यान्वयन गर्न रोजगारीको हकसम्बन्धी ऐन, २०७५ जारीसमेत भएको छ । नेपाल सरकारले सार्वजनिक विकास निर्माणका कार्यहरूमा रोजगारीका अवसर सिर्जना गरी आगामी पाँच वर्ष भित्रमा कुनै पनि नेपाली नागरिकले वाध्यताले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्ने घोषणा गरेको छ । सार्वजनिक विकास निर्माणसम्बन्धी कार्यक्रम तथा आयोजनाहरु सरकारका विभिन्न तहअन्तर्गतका विषयगत मन्त्रालय तथा निकायहरूबाट सञ्चालन हुने गरेका छन् । यसरी विभिन्न निकायहरूले विकास निर्माण सम्बन्धी कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दा रोजगारी सिर्जनालाई यथोचित प्राथमिकता दिन नसकेको अवस्था छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको छ ।

### काम र रोजगारी

- मुलुकभित्र थप रोजगारी सिर्जना गरी क्रमशः नेपालीलाई वैदेशिक रोजगारीमा जान नपर्ने अवस्था सिर्जना गर्नु प्रधानमन्त्री रोजगार कार्यक्रमको लक्ष्य रहेको छ
- रोजगार जनशक्ति दर्ता र रोजगारीका अवसरको सूचना आदानप्रदान गर्ने
- श्रम बजारको मागअनुरूप सीपयुक्त जनशक्ति आपूर्ति गर्न छोटो अवधिका निःशुल्क तालिम सञ्चालन गर्ने
- व्यवसायिक सीपयुक्त जनशक्ति तयार गरी स्वरोजगार प्रवर्द्धन गर्ने

### रोजगार सूचना प्रणालीमार्फत् श्रम सूचना व्यवस्थापन [EMIS]

बेरोजगारहरूको तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्दै समग्र रोजगारीको सूचना बैंकको अवधारणाका साथ नेपाल सरकारले रोजगार सूचना प्रणालीको विकास गरेको छ । स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमार्फत् रोजगारीसम्बन्धी सूचनाहरू उक्त EMIS प्रणालीमा online प्रविस्ठ गर्ने व्यवस्था गरिएको छ ।




### कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना

चालु आ.व. २०७६-७७ मा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको लागि ससर्त अनुदान रकम रू. २०९३०००/- बाट तानसेन नगरपालिका रोजगार सेवा केन्द्रले विभिन्न ९ सामुदायिक आयोजनामार्फत् १५९ सूचीकृत बेरोजगारहरूलाई रोजगारी प्रदान गरी सम्पूर्ण आयोजनाहरू पूर्ण रूपमा कार्यान्वयन गरियो ।

### श्रममा आधारित राहत

महामारीको रूपमा फैलिरहेको COVID-19 का कारण दैनिक ज्यालादारी गरिखाने श्रमिकहरूको रोजगारी गुमेको कारण जोखिममा परेको समुदायलाई श्रममा आधारित राहत कार्यक्रममार्फत् रोजगारी प्रदान गर्न चालु आ.व २०७६/७७ मा तानसेन नगरपालिकाबाट वडाहरूमा २ लाखको दरले विनियोजन गरी कुल १७ आयोजनाअन्तर्गत ६८० जना बिवपन्न श्रमिकलाई रोजगारी प्रदान गरियो ।

**प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत तानसेन नगरपालिकाको विभिन्न वडामा सञ्चालित योजनाको वित्तीय प्रगति आ.ब २०७६/७७**

| | कामका लागि पारिश्रमिक आयोजनाको नाम | कुल अनुमानित लागत | प्रधानमन्त्री रोजगार कार्यक्रमको सशर्त अनुदानबाट खर्च | कुल रोजगारी |
|---|---|---|---|---|
| १ | मौवाडाँडा चोपबहादुर विश्वकर्माको घरदेखि हुमबहादुर विश्वकर्माको घरसम्म नयाँ बाटो निर्माण (वडा १२) | ३३९७०६ | २९१८१७ | ३५ |
| २ | सपाङ्दी साफाखुमदेखि अर्चलेसम्म सडक मर्मत (वडा ५) | २३०१०७ | २१३००० | ११ |
| ३ | पीपलडाँडामा रहेको कुडुले घर जोड्ने सडक मर्मत तथा नाली निर्माण (वडा ८) | २२९०९० | २१०००० | २१ |
| ४ | बाँझा कुरूङखोला कृषि सडक मर्मत (वडा ११) | २२०४५३ | २१०००० | १७ |
| ५ | गोठघरदेखी बाउन्डिपीपलसम्मको सडक मर्मत (वडा १३) | २१४००८ | २१०००० | १७ |
| ६ | दमकडा माण्डव्य क्याम्पस नयाँपाटी जम्दारबारी डाँडा सडक मर्मत (वडा ९) | २१६९२३ | २१०००० | १४ |
| ७ | पक्लुहवा कुन्सरे सिंचाइ खानेपानी योजना (वडा ७) | २१९१८८ | २१०००० | २१ |
| ८ | पालेपीपल (सिद्धार्थ लोकमार्ग) देखि नरेशको घर हुँदै पहिरापानीसम्मको बाटो निर्माण (वडा ६) | ३१७५३७ | २८५३९४ | १३ |
| ९ | बराङ्दी माथिल्लो घरदेखि खानेपानी टंकीसम्म जाने बाटो मर्मत र बजादीदेखि मित्रलाल बश्याल सम्मको गोरेटो बाटो मर्मत (वडा १) | २२१५३६ | २१०००० | १० |
| | जम्मा | २२०८५४८ | २०५०२११ | १५९ |







**निस्कर्ष**

नेपालको संविधानले रोजगारी र श्रमसम्बन्धी हकलाई मौलिक हकको रूपमा समाबेस गरेको छ । देशमा बढदै गरेको बेरोजगारी दर तथा कोरोना महामारीको कारण वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई देशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्ने आजको चुनौती रहेको छ । तसर्थ श्रम बजारको माग बमोजिम दक्ष तथा सीपयुक्त जनशक्तिको विकास गर्नु आजको मुख्य आवश्यकता रहेको छ । उत्पादनमूलक रोजगारी सिर्जना गर्दै युवा श्रमशक्तिको अधिकतम उपयोग गरी कृषि, उद्योग, निर्माण तथा पर्यटन जस्ता क्षेत्रको उत्पादकत्व वृद्धि भई समग्र अर्थतन्त्रको संरचनात्मक परिवर्तनमा सहयोग पुग्ने देखिन्छ ।

(रोजगार संयोजक, तानसेन नगरपालिका)

# समयमै काम सम्पन्न गर्ने तानसेन-१ को प्रयास



- भोजराज भट्टराई

धेरैजसो ग्रामीण क्षेत्र र थोरै मात्र केही सहरी भागमा अवस्थित तानसेन नगरपालिका वडा नं. १ मा आ.व. २०७६/०७७ मा पूर्वाधारतर्फ समयमै प्रायः काम सम्पन्न भएको भेटिन्छ । वडा कार्यालयका अनुसार विकास निर्माणका काममा आवश्यकताअनुसार लागत सहभागिता तथा जनश्रम जुटाई सम्पन्न गरिएको हो । आर्थिक वर्ष २०७६।०७७ मा कोभिड-१९ का कारण विकास निर्माणका काम प्रभावित भए पनि प्रायः विकास निर्माणका गतिविधि सन्तोषजनक ढङ्ले सम्पन्न भएको वडा अध्यक्ष रामप्रसाद बस्याल (पोषकान्त) ले जानकारी दिनुभयो । उहाँका अनुसार लक्षित कार्यक्रमलगायत पूर्वाधार एवम् सामाजिक विकासका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ । सम्पन्न भएका केही योजनाहरु तथा विकास निर्माणका कामहरुलाई यहाँ संक्षेपमा समावेश गरिएको छ ।



वडाध्यक्ष रामप्रसाद बस्याल

**प्रधानमन्त्री स्वरोजगार कार्यक्रमतर्फ**

तानसेन नगरपालिका वडा नं. १ स्थित बराङ्दी माथिल्लार खानेपानी टंकीसम्मको बाटो मर्मत भएको छ । योसँगै बजादीदेखि मित्रलाल बस्यालको घरसम्म जोड्ने बाटो मर्मत कार्य २ लाख १० हजार विनियोजित बजेट अनुसार २०७७ असार १ गते सम्पन्न भएको वडा सदस्य शिव थापा बताउनुहुन्छ । उहाँका अनुसार आ.व. २०७६/०७७ मा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमतर्फ शतप्रतिशत प्रगति भएको छ ।

तानसेन नगरपालिका वडा नं. १ को अन्य पूर्वाधारतर्फ दुर्गा मन्दिरको भुइँ ढलान नगरपालिकाबाट विनियोजित बजेटबाट सम्पन्न भएको छ । सांसद विकास कोषबाट प्राप्त ५ लाख बजेटमा योग सिविर केन्द्रको ट्रष्ट निर्माणको काम समेत निर्धारित समयमै वडाले सम्पन्न गरेको छ । यस्तैगरी राहतको सट्टा श्रम गरेवापत वडा नं. १ मा २ लाख बराबरको काम सम्पन्न भएको छ । वडा कार्यालयले आवश्यकताअनुसार वडाका विकास निर्माणका कार्यक्रममा जनसहभागिता जुटाएको देखिन्छ । वडाकै माथिल्लो गैरागाउँमा ६०/४०, आँपटारी लिफ्टिङ ६०/४० कार्यक्रमबाट २०७७ असार २३ मा सम्पन्न भएको र आँपटारी लिफ्टिङ खानेपानी योजनातर्फ नगरपालिकाबाट १६ लाख ३८ हजार ८५ रूपैयाँ र त्यसको ४० प्रतिशत





जनश्रमदानबाट सम्पन्न भएको वडा कार्यालयबाट जानकारी प्राप्त भएको छ । यस्तै तानसेन नगरसभाबाट विनियोजित ३ लाख बजेटबाट २०७७ जेष्ठ २२ गते सम्झौता भई प्रगतिशील टोल विकास बोर्डदेखि खल्लुकधारासम्मको अधुरो ढल निर्माणको काम आ.व. २०७६।०७७ मा सम्पन्न भएको वडा कार्यालयले जानकारी गराएको छ ।

**निर्वाचन क्षेत्रतर्फ**

गैरागाउँ लालीगुराँस चोकदेखिमाथि ट्याङ्कीसम्मको मोटरबाटो आरसिसी गर्ने काम निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट प्राप्त १० लाख बजेटमध्येबाट २०७६ पौष २४ गते सम्झौता भई निर्धारित समयमै सम्पन्न भएको वडा कार्यालयले जानकारी दिएको छ ।

**सामाजिक विकास मन्त्रालय प्रदेश र नगरपालिका बजेटबाट सम्पन्न योजना**

भुसलडाँडा कभर्डहल निर्माण कार्य १५ लाख बजेटबाट २०७६ फागुन २८ मा सम्झौता भई निर्धारित समयमै बजेट बराबरको काम सम्पन्न भएको बाँकी काम आ.व.२०७७।०७८ मा सम्पन्न गर्ने लक्ष्य रहेको वडा सदस्य शिव थापाले जानकारी दिनुभयो । उहाँका अनुसार वडा नं. १ स्थित माइस्थानदेखि दुर्गा मन्दिर हुँदै लायन्स धर्मशाला मोटरबाटोको काम उपभोक्ता समितिमार्फत् ६०/४० कार्यक्रमबाट २०७६ जेठ १६ मै सम्झौता भई २०७७ असार २५ गते सम्पन्न भएको छ । उक्त बाटोको कामको लागि ११ लाख २ सय १९ रूपैयाँ बजेट इस्टिमेट गरिएको थियो ।

**आ.व. २०७६।०७७ मा सम्पन्न वडास्तरीय योजना**

वडा नं. १ स्थित अशोकनगरदेखि खल्लुकधारा निस्कने बाटो मर्मतको काम १ लाखको बजेटमा २०७७ जेठ २९ गते सम्झौता भई २०७७ असार ११ गते सम्पन्न भएको छ । यस्तैगरी बिजुलीको बल्वलगायत सामग्रीको खरिद १ लाख ८ हजार बजेटबाट सम्पन्न भए पनि कोभिड-१९ को संक्रमणका कारण बालबालिकाको क्षमता विकासतर्फको विनियोजित ५० हजार बजेट रकमान्तर भएको वडा कार्यालयले जानकारी दिएको छ ।

वडा नं. १ मा वडालाई प्राप्त भएको बजेटलाई प्रतिफल प्राप्त हुने गरी खर्च गरिएको छ । लालीगुराँस टोलको वडा नं. १ र २ को सीमानामा पर्ने बाटो निर्माण १ लाख बजेटबाट २०७६ फागुन ५ मा सम्झौता भई २०७६ असार २२ मा सम्पन्न हुनु, कुमारी फर्निचरदेखि आँपटारी जोड्ने बाटो पिसिसी गर्ने काम २ लाख ५० हजार बजेटबाट २०७६ मंसिर ३० मा सम्झौता भई २०७६ फागुन १० गते नै सम्पन्न हुनु र घुम्तीटोलको फर्निचरदेखि आँपटारी जोड्ने बाटो बाँकी ट्र्याक खोल्नेकाम २ लाख बजेटबाट २०७६ माघ ६ गते सम्झौता भई २०७७ जेठ २७ गते सम्पन्न हुनुले वडाले निर्धारित समयमै सम्झौता भई शतप्रतिशत काम गरेको देखिन्छ । यस्तैगरी वडास्तरीय योजनातर्फ नै नमुना भिलेजदेखि सिद्धार्थ राजमार्ग जोड्ने मोटरबाटो ट्याक खोल्ने काम १ लाख ५० हजार वडाबाट विनियोजित बजेटबाट २०७६ पौष १७ मा सम्झौता भई २०७७ जेठ २५ मा सम्पन्न भएको छ । यस्तै गोर्खेकोट शिवालय मन्दिरको रेलिङ र ढलाइको काम २ लाख ५० हजार बजेटबाट २०७६ माघ १० गते सम्झौता भई २०७७ असार १७ मा सम्पन्न भएको छ ।

वडास्तरीय योजनाअन्तर्गत नै सातलखोला लक्ष्मणको घरदेखि रेश्मीटोलको गोरेटो बाटो २०७६ असोज २९ गते सम्झौता भई २०७६ वैशाख १ गते सम्पन्न भएको थियो । उक्त योजनाको लागि वडाबाट १ लाख बजेट विनियोजन गरिएको वडा कार्यालयले जनाएको छ । यस्तै सोरबहादुरको घरदेखि माइस्थान हुँदै मिसन आउने अधुरोबाटो ३ लाख बजेटमा निर्धारित समयमै सम्पन्न भएको छ । खल्लुकधारा ट्रान्सफर्मरबाट चण्डीस्थानहुँदै भोजलाल खातीको घरबाट लालीगुराँस टोल जोड्नेबाटो वडाको २ लाख बजेटबाट २०७६ मंसिर १८ मा सम्झौता भई २०७७ जेठ ३० गते सम्पन्न भएको छ । भुसलडाँडा दुर्गा मन्दिर भवन मर्मतको काम वडाको २ लाख बजेटबाट २०७६ भदौ २५ गते सम्झौता भई २०७६ फागुन २७ गते सम्पन्न भएको छ ।

कोभिड-१९ का कारण जनशक्ति अभाव, अवधि कमभएका कारण गैरागाउँ रामु खड्काको घरदेखि खानेपानी ट्याङ्की निस्कने बाटोको लागि वडाबाट १ लाख बजेट भए पनि निर्माण सम्पन्न हुन नसकेको वडा कार्यालयले जनाएको छ । वडास्तरीय योजनाअन्तर्गत नै सातलखोला बुचाटोल घर जाने गोरेटो बाटोको लागि वडाको १ लाख बजेटबाट निर्धारित समयमै सम्पन्न भएको छ । यस्तै बराङ्दी ज्योतिलालको घरदेखि पिपलडाँडा जानेबाटो वडाको १ लाख विनियोजित बजेटबाट २०७६ फागुन १८ गते सम्झौता भई २०७७ असार २ गते सम्पन्न भएको वडाले जानकारी दिएको छ ।

आ.व. २०७६।०७७ कै वडास्तरीय योजना आँपको रूखदेखि रानीघाट जानेबाटो २ लाख बजेटबाट निर्धारित समयमै सम्पन्न भएको छ । यस्तै बिसिन्तीरी महिला भवन वडाको १ लाख ५० हजार बजेटबाट २०७६ फागुन १३ मा सम्झौता भई २०७७ असार १५ मा मर्मत कार्य सम्पन्न भएको छ । उकाले पीपल सामुदायिक भवन १ लाख ५० हजारमा २०७६ फागुन २१ मा सम्झौता भई २०७७ असार १२ मा सम्पन्न भएको छ । वडा कार्यालयका अनुसार गोर्खेकोट खानेपानी निर्माण तथा पाइप मर्मतका लागि वडाबाट २ लाख ५० हजार बजेट विनियोजन भई निर्धारित समयमै काम सम्पन्न भएको छ ।

**आ.व. २०७६/०७७ मा सम्पन्न नगरस्तरीय योजना**

नगरस्तरीय योजनाहरू अन्तर्गत आ.व. २०७६/०७७ मा ६ वटा योजना सम्पन्न भएको वडा कार्यालयले जनाएको छ । जसअन्तर्गत बिसौना चौपारीदेखि टिमुरेसम्म ट्रेकिङ रूट नगरको ४ लाख बजेटबाट २०७६ माघ ५ गते सम्झौता भई २०७७ असार २३ गते सम्पन्न भएको छ । यस्तैगरी तानसेन चर्चदेखि मिसन आउने अपुरोबाटो पिसिसी गर्नेकाम नगरको ३ लाख बजेटमा निर्धारित समयमै सम्पन्न भएको वडा कार्यालयले जानकारी दिएको छ ।

गोर्खेकोट मोडदेखि चिलाङ्दी जोड्ने मोटरबाटोको नयाँ ट्र्याक खोल्ने काम नगरको ४ लाख बजेटबाट २०७७ असार १६ मा सम्पन्न भएको छ भने नारायणडाँडा शिवालय मन्दिरमा ढलान तथा मर्मत वडाको ४ लाख बजेटमा २०७६ फागुन १८ मा सम्झौता भई २०७७ असार २३ मा सम्पन्न भएको छ । नगरस्तरीय योजनाअन्तर्गत नै गाईमुखे धारामा पाटी पौवा निर्माण ३ लाख बजेटमा २०७६ माघ १० मा सम्झौता भई काम सम्पन्न भएको छ । यस्तै बराङ्दी खोला टिमुरे हुँदै रानीघाट जोड्ने बाटोको स्तरोन्नति ५ लाख बजेटबाट सम्पन्न भएको छ । ध्रुवघाट लामेचौर खोल्सामा कल्भर्ट निर्माण गर्ने कार्य (३ लाख बजेट बराबरको) सम्पन्न भएको छ ।

वडा अध्यक्ष रामप्रसाद बस्यालले जनप्रतिनिधि, कर्मचारी र उपभोक्ता समितिमा समन्वय भएका कारण योजनाहरु समयमै सम्पन्न भएको बताउनुहुन्छ । उहाँका अनुसार वडामा खानेपानीको मुख्य समस्या रहेपछि त्यसको समाधानको लागि प्रदेश सरकार र नगरपालिकाको सहयोग, समन्वयमा सम्भाव्यता अध्ययन गरी जनचाहनाअनुसारका कार्यक्रमका लागि वडा कार्यालय प्रतिबद्ध रहेको छ । वडा सदस्य शिव थापाले जनप्रतिनिधिहरु बीच मेल हुनु तथा कर्मचारी र जनप्रतिनिधिबीच समन्वय हुनुले काम गर्न सहज भएको बताउनुहुन्छ । उहाँले वडा नं. १ मा प्रायः ग्रामीण क्षेत्रसँग समेटिएकोले अपेक्षाअनुसार पूर्वाधार विकास हुन नसकेको बताउनुभयो ।

यस्तैगरी वडा सदस्य नारायण न्यौपानेले वडामा थुप्रै जनअपेक्षा अनुसारका कार्यक्रम सम्पन्न भएको बताउनुहुन्छ । सरसफाइ, खेलकुद, महिला सशक्तीकरण, लक्षित वर्गका लागि वडाले विशेष चासो दिएर कार्यक्रमहरु निर्धारित समयमै सम्पन्न गरेको न्यौपानेले बताउनुभयो । वडामा छिटफुट विरोध जस्तो देखिनुभन्दा राम्रा कामका लागि सबैले समर्थन गर्नुपर्नेमा वडा सदस्य न्यौपानेले जोड दिनुभयो । यस्तैगरी वडाले असक्त अपाङ्ग भएका नागरिकहरूलाई सम्बन्धित व्यक्तिकै हातहातमा सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ । वडा कार्यालयका अनुसार लक्षित कार्यक्रम लगायतका पूर्वाधार एवम् सामाजिक विकासका कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिएको छ । कोभिड-१९ का कारण जनशक्ति अभाव, अवधि कम लगायतका कामबाट कतिपय काम सम्पन्न हुन नसकेको वडाका जनप्रतिनिधिको गुनासो छ । यद्यपि सन्तोषजनक प्रगति भएको कुरामा जनप्रतिनिधि सहमत छन् ।

(सम्पादक, परेवा पाक्षिक)

# तानसेन नगरपालिका २ का केही मनै लोभ्याउने गतिविधिहरू



- कृष्ण दर्नाल

तानसेन आउने जो कसैको नजर पर्ने तानसेन नगरपालिका-२, नारायणस्थानस्थित काजी अमरसिह थापाबाट वि.स. १८६३ सालमा निर्माण गरिएको अमर नारायण मन्दिर र ठूलो पोखरी जिल्लाकै पर्यटकीय सम्पदा हुन् । यी सम्पदाहरूले ऐतिहासिक, धार्मिक, सामाजिक-सांस्कृतिक तथा पर्यटकीय महत्त्व बोकेका छन् । अमरनारायण मन्दिरमा ऐतिहासिक काष्ठकलाको बेजोड प्रस्तुतिको कुनै कमी छैन । स्वदेशी तथा विदेशी पर्यटकहरू काष्ठकलाका प्रस्तुतिले लोभिन्छन र मन्दिर सेरोफेरोमा टहलिन बाध्य हुन्छ ।



वडाध्यक्ष वरूणप्रसाद रेग्मी

यस वडाले आर्थिक वर्ष २०७६।०७७ को नगर स्तरीय २० लाख बजेट परिचालन गरी ऐतिहासिक पोखरीमा १०८ गौमुखी धारा र शिवलिङ्ग स्थापना गर्ने काम अघि बढाएको छ । बहुवर्षीय योजनाअनुसार जीर्ण तथा फोहोर पोखरीको तल्लो भाग सम्माउने, भित्तालाई व्यवस्थित गर्ने, पोखरी सरसफाइ, प्रवेश



गर्न सिँढी, रेलिङ्ग, टंकीलगायतका काम सकिएको छ । पोखरीको योजना सम्पन्न गर्न कोभिड-१९ कारण केही ढिलो भएको छ । चालु आर्थिक वर्ष २०७७।०७८ मा काम सम्पन्न हुने गरी काम अघि बढाएको वडाध्यक्ष बरूणप्रसाद रेग्मीले बताउनुभयो । "वि.स. २०७७ भदौ मसान्तसम्म पहिलो वर्षको बजेटबाट ३० ओटा गौमुखी धारा स्थापना हुनेछ । बाँकी काम चालु आ.व.को बजेटबाट १०८ धारा नै स्थापना हुनेछ," वडाध्यक्ष रेग्मीले बताउनुभयो । यस गौमुखी धारा जडानपछि धार्मिक पर्यटकीय गन्तव्यका रूपमा अमर नारायण मन्दिरको थप पहिचान हुनेछ । यस कार्य पूरा हुँदा मुक्तिनाथको झल्को पाल्पाबाट दिइनेछ । अमरनारायण मन्दिर परिसरमा निर्माण गरिएको पूर्वाधारले यस क्षेत्र पर्यटकीय गन्तव्यको रूपमा विकास हुने देखिएको छ । पोखरी व्यवस्थित गरी पर्यटक आकर्षण गर्न ४३ लाखको योजना तयार भएको छ ।

- गत आ.व.को नगरस्तरीय १२ लाख ६८ हजार रूपैयाँको बजेटमार्फत् नारायण मन्दिरको फूलबारी परिसरलाई तारबारले घेरिएको छ । नापी कार्यालयबाट धवल पुस्तकालयसम्म तारजाली लगाउने काम सम्पन्न भएको हो । तार जाली लगाउँदा मन्दिर परिसरमा स्थानीयले फोहर तथा जग्गा अतिक्रमण गरी खेतीपाती गर्ने समस्या सधैका लागि हल भएको छ । जथाभावी मन्दिर परिसर प्रवेश गरी फोहोर गर्ने कार्य तारजालीले रोकिएको छ । तारजालीकै कारण मन्दिर क्षेत्र सुरक्षित हुँदै गएको छ । अमरनारायण मन्दिर परिसर फूलबारी क्षेत्रमा जीर्ण अवस्थामा रहेको हनुमान मन्दिर मर्मत तथा निर्माण, शौचालय, विष्णु पादुका, प्रतीक्षालय निर्माणले पर्यटक टहलिन सजिलो भएको छ । यस क्षेत्रमा पर्यटक टहलिँदा तानसेनमा पर्यटकीय चहलपहल बढ्दो हुनेछ ।



- गत आ.व.कै नगरस्तरीय बजेटमार्फत् तानसेनकै मेहलधारास्थित पोलधारा, सिविआर हुँदै तीन धारा जोडने सडकमा ढलान तथा स्तरोन्नति गर्ने काम पूरा भएको छ । तानसेन नगरपालिका र स्थानीयको श्रमदान गरी कुल २ लाख २१ हजार ३८७ रूपैयाँ लागतमा सडकको काम असार महिनामा पूरा भएको थियो । तानसेन मेहलधाराका केशव पौडेल भन्नुहुन्छ- "मेहलधारास्थित पोलधारा, सिवीआर, तीनधारा हुँदै बर्तुङ्गसँम्म जोड्ने तानसेनको छोटो बाटो हो । आगामी वर्ष यो बाटो बर्तुङ्गसँम्म जोड्ने काम हुनेछ । अहिले पनि मानिसहरू बर्तुङ्गबाट यही सडक पैदल हिडेर यात्रा गर्छन् ।"

**आ.व. २०७६।०७७ मा सम्पन्न गतिविधिहरू**

तानसेन नगरपालिकाको सहयोगमा सञ्चालित तीन ओटा नगर स्तरीय योजनामध्ये दुई ओटा सम्पन्न र एउटा निरन्तर काम भइरहेको यी केही उदाहरण मात्र हुन् । यस वडामा आ.व. २०७६।०७७ मा अधिकांश काम पूरा गर्न सफल बनेको छ । नगर स्तरीय बाहेकका वडाका योजना सम्पन्न भएकै छन् । रेडक्रस भवनको नजिकै सभाहल, शिवहरी शर्माको घरदेखि तल मूलबाटो झर्नेमा रेलिङ्ग राख्ने तथा बाटो मर्मत, तानसेनकै मेहलधारास्थित सिविआर भवन मर्मत, देववाणी स्कुल पछाडिको पर्खाल मर्मत, प्रतीक्षालयको भुइमा ढलान, मेहलधारामा वडा कार्यालय रहेको भवनमाथि ट्रस्ट छाना राख्ने काम भयो । अमरनारायण फूलबारी क्षेत्रभित्र रहेको हनुमान मन्दिर मर्मत, पर्यटन क्षेत्रको विकास, तानसेन २ धर्मचक्र विहारमा रङरोगन तथा मर्मत, अमरनारायण नुहाउने पोखरीमा पानीको निकासका लागि नाली मर्मत, मन्दिर परिसरमा रहेका चारओटा चौपारी निर्माण, शिरू गोतामेको घरदेखि हुमबहादुर बस्यालको घर अगाडिको ढल तथा नाली मर्मत, सडकका सोलार मर्मत तथा बिजुलीका पोल बदलियो, भरत खड्गीको घरदेखि तीनधारा जाने बाटोमा सिँढीको काम समय अवधिमा सम्पन्न गर्न सफल बनेको देखिएको छ ।

नेपालको संविधानले संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेपछि सिंहदरबारको अधिकार गाउँगाउँमा भन्ने नाराले नागरिकहरू उत्साहित नै थिए । आ.व.२०७६।७७ मा वडागत ११ योजनामध्ये एउटा काम हुन सकेन । कोरोना भाइरसका कारण वडास्तरीय ब्याडमिन्टन प्रतियोगिता हुन नसेकेको हो । प्रतियोगिता बाहेकका सबैजसो योजनाका काम समयमा सम्पन्न हुँदा स्थानीय बासिन्दाहरू खुसी छन् । गत आ.व मा २८ लाख ८९ हजार बराबर वडाको बजेट थियो ।

**बाटो र नाली बाहेक चासो**

भौतिक पूर्वाधार बाहेक वडाले समाजका पिँधमा रहेका वर्गको उत्थानका निम्ति लगानी गरेको छ । लक्षित वर्ग दलित, महिला, जनजाति, बालबालिका, अपाङ्गका लागि पनि बजेट विनियोजन गर्दै आएको छ । राज्यबाट पछाडि पारेका समुदायको उत्थानका लागि चालु आ.व.मा खर्च गर्ने गरी दुई लाख बजेट विनियोजन गरेको छ । गत आवमा लक्षित वर्गको उत्थानका लागि विनियोजित बजेट खर्च हुन सकेन । कोरोना संक्रमणले आयआर्जनमूलक तालिम, गोष्ठीका कार्यक्रम हुन नसकेपछि असनटोलको छिंडीमा रकम खर्चिएको हो । महिला, बालबालिका लक्षित कार्यक्रम स्थगित भएकोले सिविरका बालबालिकालाई सहयोग गरेको हो । यस वर्षको रकम लक्षित समुदायको हितमा आयआर्जनमा नै खर्च गर्ने योजना छ, वडा सदस्य महेश्वर श्रेष्ठले बताउनुभयो ।

वडाभित्र रहेका ऐतिहासिक महत्त्व बोकेका धर्म, संस्कृति संरक्षणमा विशेष चासो छ । गाँठेमंगल, हनुमान जयन्ती,

अमरनारायण, गणेश जात्रा र मेहलधाराका शिव मन्दिरमा शिवरात्रिको अवसरमा वडाले सहयोग गर्दै आएको छ । ऐतिहासिक, सांस्कृतिक महत्त्व बोकेको पक्षलाई प्रर्वद्धन गर्न लगानी गरेकै कारण वडाले स्थानीय बासिन्दाको पनि परम्परागत संस्कृतिको संरक्षणमा सहकार्य गरी अघि बढेको छ । स्थानीय स्तरका कला, संस्कृति, भेषभूषा तथा खानपानको प्रचार हुने गरी सञ्चालित महोत्सवलाई वडाले सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने वडा सदस्य महेश्वर श्रेष्ठ बताउनुहुन्छ ।

**श्रममा आधारित राहत**

कोभिड-१९ का कारण रोजगारी गुमाएका तथा बेरोजगार युवालाई श्रममा आधारित राहत कार्यक्रममा सहभागी गराइएको छ । यस कार्यक्रममार्फत् वडाका ३३ जना युवाहरू लाभान्वित भएको पाइन्छ । श्रममा आधारित राहत कार्यक्रमले रोजगार गुमाएका परिवारका लागि घरखर्च जुटाउन सहजता भएको छ । श्रममा आधारित राहत कार्यक्रमले अमरनाराण परिसरमा चौपारी निर्माण तथा पोखरी सरसफाइ, नाली सरसफाइ गर्ने काम सम्पन्न भयो । वडामा श्रम गरेवापत दैनिक ६४० रूपैयाँ पारिश्रमिक पाउँदा बेरोजगार युवाहरूको अनुहारमा खुसी देखिएको थियो ।

**कोरोना विपतमा सचेतना**

वडाको सक्रियतामा प्रत्येक चोकचोकमा कोरोना भाइरसको संक्रमणबाट सुरक्षित हुन सचेतनासम्बन्धी ब्यानरहरू टाँसिएको छ । नारायण युवा क्लव मार्फत् र प्रत्येक टोल विकास संस्था, आमा समूहरूलाई कोरोना संक्रमणबाट जोगिन सचेतना कार्यक्रम गरियो । रेडक्रडको भवनमा तीन जना डाक्टर र चालीस जना स्थानीयबासिन्दाको उपस्थितिमा कोरोनाबाट सुरक्षित रहनका लागि सचेतना कार्यक्रम गरिएको थियो । कोरोनाबाट आफू सुरक्षित हुँदै अरूलाई सुरक्षित बनाउन सचेतनाको आयोजना गरिएको हो । सचेतना कार्यक्रमका सहभागीले टोलटोलमा कोरोना संक्रमणबाट सुरक्षित रहने ज्ञान, सीप र क्षमता अभिवृद्धिमा भूमिका खेलेका थिए ।

**महामारीमा राहत**

विश्वव्यापी रूपमा फैलिएको कोरोना संक्रमणका कारण सिर्जित बन्दाबन्दीमा वडाबासीले आर्थिक समस्या भेलेका थिए । श्रम गरी खाने वर्गका मानिसलाई बन्दाबन्दीको मार खेपेका बेला वडाले राहतका कार्यक्रम ल्याएपछि वडाबासीले गुन मानेका छन् । बन्दाबन्दीमा रोजगारी गुमाएका परिवारमध्ये पहिलो चरणमा सय जनालाई राहत वितरण गरेको हो । नुन, चामल, दाललगायतका खाद्य सामग्री पाएपछि वडाबासी खुसी देखिएका थिए । दोस्रो चरणको राहत ३६५ जनाले पाएका थिए । सहुलियत दरमा खाद्य सामग्री पाउँदा स्थानीयबासिन्दा निकै उत्साहित थिए । रोजगारी गुमाई गोजीमा पैसा नभएका बेला सहुलियत दरमा खाद्य सामाग्रीको व्यवस्था नगरपालिकाबाट वडा स्तरमै हुँदै आएको थियो । तेस्रो चरणको राहत वडा र तरूण दलको सहकार्यमा ५० जनालाई तरकारीसहित, नुनतेल, खाद्य सामग्री वितरण गरियो । चौथो पटक लाईन्स क्लव, पाँचौमा नारायण युवा क्लवबाट ४० अति विपन्न परिवारलाई राहत वितरण गरिएको थियो । तानसेन नर्सिङ्ग कलेज पाल्पाबाट २६ जनालाई मास्क, सेनिटाइजर, साबुन एक महिनाका लागि चाहिने खाद्य सामग्री वितरण गरिएको वडा सदस्य शान्ति भेडी थापाले बताउनुभयो ।

**छ युवालाई करूवाको सीप**

ग्रामीण आर्थिक विकास केन्द्र रेडाको सहजीकरणमा र युएनडिपीको सहयोगमा सञ्चालित करूवा प्रर्वद्धन तालिममा यस वडाका ६ जना युवा सहभागी भएका छन् । वडाको सिफारिसमा तालिममा सहभागिता जनाएको हो । तालिमपछि युवाहरू करूवा उत्पादन गर्ने ज्ञान, सीपको मालिक बनेका छन् । करूवा उद्योग सञ्चालन गर्ने बीउ पुँजी पाएपछि करूवा उद्योग सञ्चालन गर्ने सोचमा छन् । साथै पुष्प खेतीका लागि महिलाहरूले तालिम पाएका छन । तालिम प्राप्त महिलाहरूले व्यवसायिक रूपमा पुष्प खेती गरेका छन् ।

**वडाबाट नै विवाद छिनोफानो**

वडामा देखिएका सानातिना विवाद वडाबाट नै समाधान भएका छन् । वडा मेलमिलाप समितिबाट नै वडाको क्षेत्रधिकारभित्र

रही विवाद समाधान गरिएको छ । दुई पक्षलाई नै समावेश गरेर छलफल गराइ सहमतिमा समस्या समाधान गरिएको छ । वडातहमा विवाद समाधान हुन नसकेका र वडाको क्षेत्रधिकारभन्दा बाहिरका विवाद नगरपालिकाको न्यायिक समितिमा पठाउने काम पनि भएको छ ।


**केही समस्या तथा चुनौती**

वडागत रूपमा योजनाका काम सम्पन्न गर्न उपभोक्ता समिति गठन गरिएको छ । तर समितिबाट समयमा योजना सम्पन्न गर्न समस्या देखिएको छ । उपभोक्ता समितिले पेस्की रकम नपाउँदा सापटी खोजेर काम गनुपर्ने समस्या छ । जसका कारण उपभोक्ताहरूको सक्रियतामा कमी देखिएको हो । योजना पूर्ण रूपमा सम्पन्न भए पनि प्राविधिक मूल्याङ्कनमा लागत कमी हुँदा उपभोक्ताले गुनासो गर्ने गरेका छन् । उपभोक्ता समितिलाई व्यवस्थापन वापतको रकम नहुँदा कामप्रति चासो कम हुँदै गएको पाइन्छ । सरकारी काम गरे पनि आफनै गोजीबाट चिया, नास्ता तथा टेलिफोन खर्च गरी काम गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । नगरपालिकामा प्रयाप्त मात्रामा दक्ष प्राविधिकको अभाव र नयाँ प्राविधिकले सही स्टमेट र मूल्याङ्कन नगर्दा उपभोक्ताले समस्या खेपेका छन् । सरकारी काममा ढिलो भुक्तानी हुँदा व्यापारीले उधारो सामान दिन मान्दैनन् । उपभोक्ताले लगानी गर्न नसक्दा झनै समस्या हुँदै आएको छ ।

**केही सिकाइ**

तानसेन नगरपालिकाले प्रत्येक वडामा एक प्राविधिक राख्ने नीतिगत व्यवस्था गरेको छ । प्रत्येक वडामा एकएक जना प्राविधिक राख्न आर्थिकरूपले समस्या झेल्नुपर्छ । तर, दुई वडालाई एक जना प्राविधिक राख्दा योजनाका काम समयमा नै सम्पन्न हुने देखिएको छ । योजनाका इस्टमेट समेत राम्रो हुने र भौतिक पूर्वाधारका काम थप प्रभावकारी हुने देखिन्छ । यसो भएमा असार मसान्तमा प्राविधिक तानातान गर्नुपर्ने बाध्यता समाप्त हुनेछ । वडागत रूपमा प्राविधिक रहँदा नगरपालिकामा कामको भारी कम हुनेछ । योजना थालनीपछि पेस्कीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ । उपभोक्ता समितिलाई योजनासम्बन्धी तालिम र केही मात्रामा प्रशासनिक खर्चको व्यवस्थापन गर्न सकेको अवस्थामा नगर तथा वडाका काम अझै प्रभावकारी हुने देखिएको छ ।

(रासस प्रतिनिधी)



# यस्ता रहे तानसेन-३ का योजना र प्रगति



- यज्ञमूर्ति तिमिल्सिना

तानसेन नगरपालिका वडा नं. ३ ले आर्थिक, सामाजिकपूर्वाधार विकास, वन वातावरण तथा विपद् व्यवस्थापन विषयमा उत्तिकै प्राथमिकताका साथ बजेट विनियोजन गर्दै आएको छ । यो वडाले विनियोजित बजेटलाई कसरी सही रूपमा योजनामा लगाउन सकिन्छ र अपेक्षाकृत सफलता प्राप्त गर्न सकिन्छ भन्नका लागि समय समयमा सरोकारवाला निकायहरूसित छलफल अन्र्तक्रिया गर्दै सुझाव सल्लाहबमोजिम आफ्ना गतिविधिहरूलाई अगाडि बढाउँदै आएको छ ।



वडाध्यक्ष महेशलाल शाक्य

## आर्थिक विकासतर्फ

आर्थिक विकासतर्फ यो वडाले आर्थिक वर्ष २०७६।०७७ मा ६ लाख ७० हजार रूपैयाँ बजेट विनियोजन गरेको छ । जसअन्र्तगत वडाको सौन्दर्यीकरणका लागि ८० हजार, तानसेन-३ को पर्यटन प्रवर्द्धनका लागि पार्क चौपारी निर्माण, शान्ति स्तुपपार्क, तारे चौपारी, एक्लो पीपल चौपारी, ठुटे पीपल चौपारी मर्मत तथा निर्माणका लागि ५ लाख र वडाभित्रको सडक बत्ती व्यवस्थापनका लागि ९० हजार रूपैयाँ विनियोजन गरेको वडाअध्यक्ष महेशलाल शाक्यले बताउनुभयो ।



वडाको सौन्दर्यीकरणका लागि विनियोजित वजेटबाट यो वडाको धार्मिक गन्तव्य बद्रेश्वर शिवालय क्षेत्रमा चौपारी निर्माण गरिएको छ । पुरानो पीपलसमेत यहाँ संरक्षण भएको छ । भक्तजन तथा बटुवाहरूले यो चौपारीबाट लाभलिएका छन् । यो योजनामा समुदाय स्तरमा उपभोक्ता समितिसमेत गठन गरी समुदायबाट समेत लागत सहभागितामा १० प्रतिशत लगानी भएको छ ।

त्यस्तै वडाको पर्यटन प्रवर्द्धनका लागि बिनियोजित ५ लाखबाट शान्ति स्तुपमा रङ्गरोगन र फूलबारी निर्माण, तारे चौपारीमा जालीबार र कुर्सी राख्ने काम भयो, एक्लोपिपल चौपारीमा चौपारी निर्माण भएको छ । त्यस्तै वडाका साविकका ३ वटा वडाहरू र हालको वडा नं. ३ का सबै स्थानमा सडक बत्ती व्यवस्थापन भएको छ । यसबाट रातिको समयमा हिँड्डुल गर्ने बटुवा र स्थानीयलाई सहजभएको अध्यक्ष शाक्यले बताउनुभयो ।

## सामाजिक विकासतर्फ

यो वडाले २०७६/०७७ मा सामाजिक विकासतर्फका योजनाहरूमा ५ लाख रूपैयाँ रकमबजेट विनियोजन गरेको थियो । स्थानीय जनता माध्यमिक विद्यालयमा बालबालिकाहरूको कक्षा व्यवथापनका लागि १ लाख, पप स्कुलको बालकक्षाको लागि खेलकुद तथा शैक्षिक सामग्री व्यवस्थापनका लागि १ लाख, महिला लक्षित कार्यक्रमअन्र्तगत कानुनसम्बन्धी सचेतना कार्यक्रमका लागि ९० हजार, महिला लक्षित अन्र्तगत नै स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमका लागि ५० हजार, बालबालिका लक्षित अन्र्तगत बालबालिका तथा युवायुवतीलाई प्रजनन तथा वातावरण स्वास्थ्यसम्बन्धी कार्यक्रम अन्र्तगत ३० हजार, त्यस्तै आदिवासी जनजातिको भाषा सम्वन्धी तालिमका लागि ३० हजार रूपैयाँ विनियोजन गरेको छ । कोरोना महामारीका कारण कार्यक्रम गर्ने अवस्था नभएपछि यो वर्ष लक्षित अन्र्तगत विनियोजित बजेटका कार्यक्रम हुन नसकेको अध्यक्ष शाक्यको भनाइ छ ।

जनता माविका लागि विनियोजित बजेटबाट कक्षा कोठामा बालमैत्री भित्ते लेखन गरिएको छ । जसका कारण कलिला बालबालिकहरूलाई अध्ययनमा सहज भएको छ ।

पप माविका लागि विनियोजित १ लाखबाट खेलकुद सामग्री तथा बालबालिकाकालागि शैक्षिक सामग्री खरिद गरिएको छ । यसबाट पनि बालबालिका लाभान्वित भएका छन् ।

**पुर्वाधार विकासतर्फ**

यो वडाले आर्थिक वर्ष २०७६।०७७ मा पुर्वाधार विकासतर्फ १८ लाख ७३ हजार रूपैयाँ बजेट विनियोजन गरेको थियो । जेभिटी स्कुलमा फर्निचर व्यवस्थापनका लागि १ लाख विनियोजन गरिएकोमध्ये फर्निचर खरिद गरिएको छ । सन्तोष खनालको घरदेखि सेन्ट कपितानियो स्कुल जाने अधुरो बाटो निर्माणका लागि ५० हजार विनियोजन गरिएकोमा यो बाटो निर्माण कार्य सम्पन्न भएको छ । यसबाट स्थानीय लाभान्वित भएको वडा सचिव मिरा क्षेत्रीले बताउनुभयो । लोकमान शाक्यको घरदेखि भुयुमान लिगलको घरसम्म ढल निर्माणका लागि २ लाख विनियोजन गरिएको सबै रकम बराबरको काम सम्पन्न भएको छ । तेजबहादुर छविलालको घर जाने बाटो निर्माण प्रगति नगरका लागि १ लाख ५० हजार विनियोजन गरिएको उक्त योजना पनि सफलतापूर्वक सम्पन्न भएको उहाँले बताउनुभयो ।

वडा कार्यालयमा सामग्री व्यवस्थापनका लागि १ लाख विनियोजन गरिएकोमा कार्यालयका लागि आवश्यक कुर्सी, टेबुललगायतका सामग्रीहरू खरिद गरिएको छ ।

गणेश टोल विकास महिला भवन मर्मतका लागि १ लाख ५० हजार विनियोजन गरिएकोमा अधुरो भवनमा आल्मोनियमको झ्याल ढोका व्यवस्थापनसहित प्लाष्टर रंगरोगन तथा टायल बिछ्याउने काम भएको छ । हरिबहादुर थापाको घरदेखि गंगादेवी बस्यालको घरसम्म ढल बाटो निर्माणका लागि १ लाख ५० हजार विनियोजन गरिएकोमा उपभोक्ताको लागत सहभागिता सहित यो योजना पनि सफलतापूवर्क सम्पन्न भएको छ ।

पानी टंकी टोल विकास संस्थाको भवनमा फर्निचर व्यवस्थापनका लागि ३० हजार विनियोजन गरिएकोमा संस्थाको भवनका लागि कार्पेट, कुर्सी र दराज खरिद गरिएको छ ।

दिलिप सोनीको घरदेखि देउविरको घरसम्म जाने अधुरो बाटो निमार्णका लागि १ लाख विनियोजन गरिएकोमा उक्त बजेटबाट टेवापर्खाल उठाई बाटो निर्माण कार्य गरिएको छ । प.प स्कुल पछाडि पट्टिको अधुरो ढल निमार्णका लागि १ लाख विनियोजन गरिएकोमा ढल निर्माण कार्य पनि सम्पन्नभएको छ । प.प स्कुलको पूर्वको सडकमा पर्खाल निर्माणका लागि २ लाख विनियोजन गरिएकोमा यो योजना पनि सम्पन्न भएको छ ।

रामबहादुर राउतको घरदेखि सिन्दुरे धारा जाने चोकसम्म तार जालि वा ढुङ्गे जाली राख्नका लागि १ लाख विनियोजन गरिएकोमा सडक किनारमा कार्य सम्पन्न भएको छ । जसका कारण सडक दुर्घटनाका लागि उच्च जोखिम रहेको यो स्थानमा दुर्घटनाको जोखिम कम भएको छ । जे.भि.टि. छात्राबासदेखि हरि रावलको घरसम्म ढल मर्मतका लागि १ लाख विनियोजन गरिएकोमा उपभोक्ता समितिको लागत सहभागितासहित यो योजना पनि सम्पन्न भएको छ । पूर्वाधार विकासतर्फ नै भैरव मन्दिरदेखि न्यूहोराइजन जाने बाटोका लागि ५० हजार विनियोजन गरिएकोमा यो योजना पनि सम्पन्न भएको छ । श्रीनगर जाने बाटो निर्माणका लागि २ लाख ९३ हजार रकम विनियोजन गरिएकोमा उक्त योजना पनि सम्पन्न भएको छ । यसबाट श्रीनगर क्षेत्रमा नयाँ गोरेटो निर्माण गरिएको छ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

वन वातावरण तथा विपद् व्यवस्थापनअर्न्तगत वडाले सिंन्दुरे धारा जाने बाटो मर्मत तथा मूल संरक्षणका लागि १ लाख १० हजार विनियोजन गरिएकोमा यो योजना पनि सम्पन्नभएको छ । त्यस्तै चेतबहादुर कुँवर, पुष्पाको घरहुँदै आँखा अस्पतालसम्मको ढल बाटो मर्मतका लागि १ लाख १९ हजार ३ सय ७० रूपैयाँ विनियोजन गरिएकोमा यो योजनालागत सहभागिता सहित सम्पन्नभएको छ । वडा कार्यालय विपद् व्यवस्थापन योजनाअर्न्तगत विनियोजित ५० हजारबाट गल, चुच्चे, बेल्चा, बाल्टिन, घाँस काट्ने मेसिन, हसियाँलगायतका सामग्री खरिद गरिएको छ । त्यस्तै मंगल नेपालीको घरदेखि तलझर्ने बाटो मर्मतका लागि ५० हजार विनियोजन गरिएकोमा उक्त योजना पनि सम्पन्न भएको छ ।

योजना द्रुत गतिमा सञ्चालन गर्नुपर्नेमा समेत कोभिडका कारण जताततै समस्या भएपछि योजनाहरू समयमा सञ्चालन गर्न सकिन्न कि डर सृजना भएको र स्थानीय समुदायको अग्रसरतामै योजनाहरू सफलतापूर्वक सम्पन्न गर्न सकिएको वडाध्यक्ष शाक्यले बताउनुभयो । कोभिडकै कारण कार्यक्रम गर्ने अवस्था नभएपछि लक्षित वर्गका कार्यक्रमहरू सञ्चालन हुन नसकेको अवस्थामा चालु आर्थिक वर्षमा लक्षित वर्गका लागि महत्त्व दिएर योजना बनाइएको र कार्यक्रमहरू सञ्चालन गरिने उहाँले बताउनुभयो । समग्रमा भन्नुपर्दा यो वडामा कोभिडका बावजुद सन्तोषजनक ढंगले काम भएको पाइयो ।

(सम्पादक- पाल्पा समाचारपत्र साप्ताहिक)

# तानसेन नगरपालिका वडा नं. ४ विकासमा फड्को मार्दै



- भरत शर्मा

पाल्पाको सदमुकाम तानसेन हो भने तानसेन नगरपालिका वडा नं. ४ तानसेन सहरको मुख्य भाग मानिन्छ । तानसेन नगरपालिकाका विभिन्न वडाहरू विभाजन र समायोजन हुँदा पनि यो वडा साविक वडा नं. ४ नै बनेको छ । यस वडामा जम्मा घर धुरी ९०१ छन् भने जनसंख्या ३४४५ रहेको छ । तानसेन नगरपालिकाका १४ वडामध्ये यस वडाले सबभन्दा बढी राजस्व संकलन गर्दै आएको छ ।



वडाध्यक्ष राजेन्द्रमुनि शाक्य

यहाँ जिल्ला प्रशासन, जिल्ला प्रहरी, दुर सञ्चार, पाल्पा अस्पताल र बैंक तथा वित्तीय संस्थाका साथै मठ मन्दिर र वौद्ध विहार अवस्थित छन् । वडामा विभिन्न जात जाति र हिन्दू, वौद्ध र अन्य धर्मावलम्बीको बसोवास रहेको छ । २०७४ सालमा भएको स्थानीय निर्वाचन पछि वडाका निर्वाचित जनप्रतिनिधिहरूले विकास निर्माणका थुप्रै कामहरू जनसभागितामा सम्पन्न गर्दै आएका छन् । जसअनुसार आ.व. ०७६।०७७ मा सम्पन्न मुख्य योजनाहरू यस प्रकारका छन्–

१. खाना तथा सांस्कृतिक महोत्सव सम्पन्न । गत २०७६ पुसको ४ गते विशालबजार टोल विकास संस्थाद्वारा आयोजित यस महोत्सवमा ७ हजार आन्तरिक तथा बाह्य पर्यटकद्वारा अवलोकन भएको थियो भने विनियोजित रकम १ लाख २५ हजार थियो ।

२. हुलाङ्दी मूल संरक्षण तथा क्रियापुत्री भवन निर्माण सम्पन्न । नगर स्तरीय योजनाअनुसार विनियोजित रकम १६ लाख रहेको थियो ।

३. मखन टोलदेखि एन. आई .सि .एसिया वैकसम्म (नगरस्तरीय) ढुङ्गा छाप्ने काम सम्पन्न भएको छ ।

४. बाल मन्दिर खेलकुद सामग्री खरिद वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाखबाट काम भएको छ ।

५. अपाङ्ग बालबालिका वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम ६२ हजार ४ सय २५ पाल्पा सिविआरलाई प्रदान गरिएको छ ।

६. नयाँ बस्ती अपुरो बाटो पूरा गर्नको लागि बोहरा सरको घर अगाडि मोटरबाटो वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम ३ लाखबाट ।

७. त्रि.वि बाटोदेखि सन्तवीर बरालको घरसम्मको बाँकी बाटो निर्माण वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम २ लाखबाट ।

८. श्री महावोधि विहारको भवन छत मर्मत वडास्तरीय कार्यक्रम अन्तर्गत विनियोजित रकम १ लाख रहेको थियो ।

९. जिल्ला अस्पतालको गेटबाट पोष्टमार्टम भवन जाने बाटो ढलाई वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख ५० हजारबाट सम्पन्न भएको छ ।

१०. उद्घोषण तलिम महिलाहरूको लागि वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाखबाट आयोजना गरिएको थियो ।

११. साई मन्दिरको ट्रष्ट निर्माण अधुरा कामहरू पूरा गर्ने वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख २५ हजार थियो ।

१२. होलाङ्दी स्थित बुद्ध विहारमा पहिरो नियन्त्रण गर्न टेवापर्खालको लागि वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख २५ हजारबाट काम भएको छ ।

१३. कृषि ज्ञान केन्द्रदेखि लहरेपीपल निस्कने बाटो स्तरोन्नति वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम २ लाख रहेको थियो ।

१४ . मेन रोडदेखि तल रमेश पाण्डेयको घरसम्म वडा स्तरीय

कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख २५ हजार ।

१५. रामजीसरको घर अगाडि ढिस्को व्यवस्थापन वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख ।

१६. मोहन कन्या मा.वि. ढल व्यवस्थापन वडास्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख ।

१७. शिव मन्दिर जाने बाटो निर्वाचन कार्यालय अगाडिको बाटो वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम २ लाख ।

१८. जेष्ठ नागरीक सम्मान वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम ५० हजारबाट काम गरिएको ।

१९. गणेश महोत्सव सडक लाइन वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम ७५ हजार रहेको थियो ।

२०. वडावासीको पिसिआर परीक्षण ।





**सम्पन्न हुन नसकेका योजनाहरू**

१. वारूदखान निर्वाचन कार्यालयदेखि पशु कार्यालयसम्मको नाली निर्माण नगर स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १० लाख ।

२. सबै टोल विकास संस्थाका संस्थागत तथा क्षमता विकास वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख ५० हजार ।

३. खेलकुद क्रिकेट खेल सञ्चालन वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम १ लाख ।

४. महिलाहरूका लागि तीजगीत प्रतियोगिता वडा स्तरीय कार्यक्रमअन्तर्गत विनियोजित रकम ७५ हजार सम्पन्न हुन नसकी पाल्पा जिल्ला अस्पताल गेटदेखि पोस्टमार्टमस्थलसम्म जाने बाटो निमार्णका लागि रकमान्तर गरिएको । उल्लिखित योजना सम्पन्न गर्ने कार्यक्रम भएको तर कोभिड-१९ महामारीले गर्दा लकडाउन भएकोले हुन नसकेको कार्यवाहक अध्यक्ष गणेशबहादुर थापाले बताउनुभयो ।

**उपलब्धी**

उल्लिखित सम्पन्न योजनाहरूले वडाका विकास निमार्णको काममा धेरै सघाउ पुऱ्याएता पनि यस आर्थिक वर्षमा जनअपेक्षाअनुसार काम गर्नसकेमा अन्य वडाको दाजोमा अग्रपंक्तिमा रहने देखिएको छ ।



कार्यवाहक अध्यक्ष गणेश थापासँग कुरा गर्दै

**सुझाव**

वडाको प्रत्येक क्रियाकलापमा जनप्रतिनिधि सबैले सहभागिता जनाई पारदर्शी रूपमा योजनाहरू सम्पन्न गर्नुपर्ने हुन्छ । स्थानीय वडाका मागहरू असीमित हुन्छन् । तथापि सीमित साधन स्रोतको अधिकतम परिचालन गरी जनधारणा अनुरूप प्राथमिकताक्रम निर्धारण गरी योजना छनोट गर्नुपर्ने हुन्छ । योजना छनोट गर्दा जेष्ठ नागरिक, बालवालिका, अपाङ्गता भएका र निम्न वर्गका नागरिक लक्षित योजनाहरूलाई प्राथमिकता दिन आवश्यक छ । यस आर्थिक वर्षमा पनि कोरोना भाइरसको असरले विकास निमार्णका कामलाई असर पुऱ्याउनसक्ने देखिएको हुँदा वडावासीको रायसुझाव लिएर काम गर्न आवश्यक देखिएको छ । **हाम्रो तानसेन राम्रो तानसेन** बनाउन जनप्रतिनिधि, कर्मचारीसँगै नगरबासीको समेत महत्त्वपूर्ण भूमिका रहन्छ ।

(उपाध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)

# सिंहदरबारको अनुभूति दिलाउँदै तानसेन-५



- सुनिल कार्की

तानसेन नगरपालिका वडा नं ५ सिंहदरबारको अधिकार गाउँगाउँमा विस्तार भएको अनुभूति दिलाउन सफल छ । नेपालको वर्तमान संविधानको मर्मअनुरूप संघीय शासन प्रणालीको कार्यान्वयनको गतिलो उदाहारण हो वडा नं ५ । तानसेन नगर सरकारका १४ वटा वडामध्ये एक विकसित वडासमेत हो तानसेन-५ । अन्य वडाभन्दा ठूलो र सहर बजारसँग जोडिएको यो वडा तानसेन नगरपालिकाको पश्चिम उत्तरमा अवस्थित छ । तत्कालीन बराङ्दी गाउँ विकास समितिको वडा नं १, तानसेन नगरपालिकाको साविक वडाहरू १२, १३ र ७ नम्बर वडाको भू-गोल मिलेर बनेको सन्तुलित संरचना हो वडा नं. ५ । वडालाई जसरी भौगोलिक संरचनाले साथ दिएको छ त्यसै गरी त्यहाँ बसोबास गर्ने बहुसंख्यक विविधता बोकेका समुदायले वडाको विकासमा हातेमालो गर्दै आएका छन् । श्रीनगरको चिसो पर्यावरण त्यसमाथि बतासेबाट दृश्यावलोकन गर्न सकिने मनमोहक हिमालयले वडालाई अझै चम्किलो बनाएको छ । स्वर्गको टुक्राको रूपमा परिचित माछापुच्छ्रे, कञ्चनजङ्घा हिमाल लहराए जस्तै वडावासी वडामा भएको विकास र समृद्धिबाट मुस्कुराइरहेका छन् । भनिन्छ नि विकासमा सम्बन्धित क्षेत्रको प्रतिनिधित्वबिना कुनै पनि सफल विकास सम्भव हुँदैन भनेर त्यस्तै हरेक योजना, कार्यक्रम, छलफलमा वडावासीले देखाएको सक्रिय सहभागिताले नमुना विकासको अवधारणा बोकेको छ यो वडाले । वडावासी राम्रो काममा मात्रै समर्थन जनाउँदैनन् हरेक काममा हुन सक्ने ढिला सुस्तीमा खबरदारी गर्नसमेत पछि हट्दैनन् । त्यसैले लाग्छ सन्तुलित र छोटो समयमै वडाले विकासको गतिमा मारेको फड्को अनुसरण योग्य छ र भन्न सकिन्छ हुने विरूवाको चिल्लो पात भने जस्तै अहिले देखिएको संकेतले निकट भविष्यमा हुन सक्ने विकास र जनताको समृद्धिलाई सङ्केत गरेको छ ।



वडाध्यक्ष रामबहादुर रावल

वडाले सुरूका वर्षदेखि नै जनताको जनचाहना र भावनाअनुरूपका कार्यक्रम र योजना प्रारम्भ गरेको थियो । पहिलो वर्ष वडावासीलाई सिंहदरबारकै झल्को दिन सफल भएको वडाले पछिल्ला वर्षहरूमा वडावासीहरूको सहयोग, सुझाव र सुभेच्छालाई आत्मसात गरेर अघि बढिरहको वडा अध्यक्ष रामबहादुर रावलको भनाइ छ । वडा अध्यक्ष रावल भन्नुहुन्छ- "वडावासीको मार्गदर्शनमा अघि बढेर होला सानादेखि ठूला योजनामा स्थानीयको बलियो साथ पाएको छु" ।

**वडाका मुख्य योजना**

तानसेन नगरपालिका वडा नं ५ मा आ.व २०७६/७७ को वार्षिक कार्यक्रमअन्तर्गत वडा स्तरीय योजना ३५ वटा, नगर स्तरीय ८ वटा, क्षेत्रगत ८ वटा र प्रदेश स्तरीय श्रीनगर सांस्कृतिक डबली (राष्ट्रिय नाचघर) श्रीनगर बाटो चौडा तथा पार्किङ्ग स्थल निर्माण, होलाङ्दी ढुङ्गाखानी बाइपास बाटो निर्माणलगायतका गौरवका योजना सम्पन्न हुने क्रममा रहेका छन् ।



संघअन्तर्गत निर्वाचन क्षेत्र विकास पूर्वाधार योजनाअन्तर्गत श्रीनगरमा अङ्ग्रेजी अल्फाबेटमा TANSEN लेखिएको विद्युतीय धातुबाट बनेको होर्डिङ्ग डिजिटल बोर्ड स्थापना भएको छ । यस्तै सेतीपोखरीमा प्राकृतिक व्यायाम केन्द्र स्थापना, गौतम बुद्ध सामुदायिक मुटु अस्पतालको १० बेडको डाइलोसिस केन्द्र, वनदेवीमा हरित बसपार्क निर्माणको क्रममा रहेको छ । लक्ष्मी माध्यमिक विद्यालयको शौचालय तथा २ कोठे भवन निर्माणले विद्यालयलाई भौतिक पूर्वाधारयुक्त बनाई पठनपाठनमा सहजता भएको छ । विभिन्न शीर्षकअन्तर्गत घरबाटो प्रमाणित, चार किल्ला प्रमाणित, नागरिकता सिफारिस, जग्गा नामसारी, कोरोना कहरका बाबजुद गन्तव्यमै पुग्नुपर्ने वडाबासीको सहजताको लागि प्रशासनसँग समन्वय, विपद् व्यवस्थापन सिफारिस, अन्य सिफारिस पेन्सन तथा भारतीय नागरिक सिफारिस गरी ११५२ वटा सिफारिस गरी जनमैत्री सेवामा वडा कार्यालय खटिएको छ ।

**कोभिड-१९ रोकथाम र न्यूनीकरणमा तानसेन-५**

विश्वभर फैलिएको कोरोना भाइरसको महामारीले आक्रान्त नपारेको सायद क्षेत्र नै भएन होला । कोरोना भाइरसलाई रोकथाम र न्यूनीकरणमा तानसेन नगरपालिकाले गरेको प्रयास नगरबासीले अनुभूति गरेको सर्वविदितै छ । कोरोना भाइरस कोभिड-१९ लाई वडाले आफ्नै तवरबाट भरमग्दुर रोकथामको लागि खटिएको थियो । होलडिङ्ग क्वारेनटाइन निर्माण होस या समुदायस्तरमै क्वारेनटाइन निर्माणमा वडाले गरेको कामबाट वडावासी सुरक्षित भएको महसुस गरेका छन् । बढ्दो कोरोनाको संक्रमणलाई ध्यानमा राखेर विदेशबाट आएकालाई समन्वय गरी क्वारेनटाइनमा सुरक्षा प्रदान गरी त्यहाँको बसाइलाई व्यवस्थित बनाउन वडाको भूमिका प्रशंसायोग्य रह्यो । संक्रमणको उच्च जोखिमका बीच वडावासीको घरघर टोलटोलमा गई कोरोना भाइरससम्बन्धी अवस्था बुझ्ने, परीक्षणका लागि समन्वय गर्ने, जनचेतनामूलक सन्देश आदन-प्रदान, सचेतनामूलक कार्यक्रम सञ्चालनलगायत थुप्रै काम भए । कोभिड-१९ बाट प्रभावित असंगठित क्षेत्रमा दैनिक रूपमा ज्याला मजदुरी गर्ने १७५ घर परिवारलाई पहिलो चरणमा निःशुल्क राहत वितरण गरेर ठूलो सहयोग वडाले गरेको थियो । यसैबीच लकडाउनकै समयमा आफूसँग पैसा भए पनि घर बजारसम्म आउन नपाएका मध्यम वर्गको लागि खाद्यान्नको पहुँच विस्तारको लागि ४०० घर परिवारलाई तानसेन नगरपालिकाको सहयोगमा २५ प्रतिशत छुटमा सहुलियत दरमा खाद्यान्न वितरणको काम भएको थियो । यस्तै पछि वडामा रहेका ६६ घर परिवारलाई नागरिक समाज, पत्रकार, जनप्रतिनिधि, कार्यालयका कर्मचारी घर-घरमा गई निवेदन संकलन गरी दोस्रो चरणको राहत वितरण गर्ने काम भयो भने तानसेन गुठीको सहयोगमा २२ परिवारलाई राहत हस्तान्तरण भएको थियो ।

वडाबाट प्रतिनिधित्व गरी विदेशमा रहेका ३०० जना दाजुभाइ र दिदी बहिनीको तथ्याङ्क लिई नेपाल फर्कन चाहानेलाई समन्वय गरी स्वदेश फिर्ताको लागि आवश्यक प्रक्रियाको सुरू गरेको थियो । उनीहरूलाई स्वदेश फर्किसकेपछि बतासेस्थित विज्ञान संकायको भवनमा होल्डिङ्ग क्वारेनटाइन सञ्चालन गरी तानसेन नगरपालिकाका १४ वटै वडासहित जिल्लाका बाँकी ९ स्थानीय तहका नागरिकलाईसमेत होल्ड गरी कोरोना संक्रमण व्यवस्थापनमा वडा नं ५ ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । यस्तै वडामा रहेका अन्य विद्यालयलाई र खाली घरलाई व्यवस्थित क्वारेनटाइन बनाई वडा टोलकालाई त्यहाँ नै बस्ने व्यवस्था मिलाइएको थियो भने पिसिआर परीक्षण र रिपोर्ट आइसकेपछि घरमा बस्दा अपनाउनुपर्ने उपायको बारेमा समेत सचेतना दिइएको थियो ।



यस वडामा रहेका व्यक्तिहरूको लागि श्रममा आधारित राहत रोजगार कार्यक्रमअन्तर्गत नर्सरी, धरमपानी, सेतीपोखरी, माथिल्लो धरमपानी र रानीघाट जाने मोटर बाटो पैदल मार्ग चण्डीस्थानलगायतका ठाउँमा कच्ची नाली निर्माण गर्ने कार्य रू. ४००००० (रू चार लाख) बराबरको लागतमा सम्पन्न भएको र कोभिड-१९ लक्षित कार्यक्रममा प्रदेश सरकारअन्तर्गत यस वडा कार्यालयबाट १२ जना कृषकहरू तथा पशु व्यावसायीहरू लाभान्वित भएका थिए ।

**उद्यमशीलतामा वडाको अग्रसरता**

हालसम्म तानसेन नगरपालिकाले हेफर इन्टरनेशनलको आर्थिक सहयोग,ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाको सहजीकरणमा वडावासीलाई उद्यमशीलतामा प्रोत्साहन गरी स्वरोजगार सिर्जानामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । स्थानीय स्वावलम्बन समूह तानसेन ५ अर्चलेको समन्वयमा आधारशीला तालिम ४ दिन चलेको थियो । यस्तै समुह व्यवस्थापन तालिम ३ दिन, सहभागितामूलक स्वसमीक्षा तथा योजना तर्जुमा गोष्ठी १ दिन, करेसाबारी तालिम १ दिन, घाँस तथा नर्सरी व्यवस्थापन तालिम १ दिन गरी उद्यमशीलतामा लाग्न हौसला प्रदान गर्न तालिम प्रशिक्षणलगायतका गतिविधि वडावासीलाई लक्षित गरी सञ्चालन भएका पाइयो । यस्तैगरी वडालाई स्वच्छ मासुमा आत्मनिर्भर बनाई समुदायलाई आर्थिक समृद्धिको मार्गमा डोऱ्याउन वडामा अहिलेसम्म ५० वटा बाख्रा, १ वटा बोयर र २ वटा जबुनापारी गरी ३ वटा बोका वडावासीलाई हस्तान्तरण गरि सकिएको छ । पशुलाई रोग व्याधीबाट टाढा राख्न ६०० वटा बाख्रालाई जुकाको औषधि, पिपिआर भ्याक्सिन र १००० वटा कखुरालाई जुकाको औषधि वितरण गरिएको थियो ।

यस्तै प्रत्येक सदस्यलाई २५० वटाका दरले घाँसको विरूवा र बीउ हस्तान्तरण गरिएको छ । सामुहिक घाँस नर्सरी २ रोपनी जग्गामा पुग्ने गरी वितरण गरिएको छ । जस अन्तर्गत १००० पासपलान,१००० सुम्बासेटरिया, १००० मोलाटा, २००० सुपरनेपियरर १५० किंम्बु एक कार्यक्रमका बीच किसानलाई सहयोग गरिएको छ । जसले किसानलाई घाँस बाहिरबाट मगाउनुपर्ने बाध्यताको अन्त्य हुने अपेक्षा गरिएको वडा कार्यालयले जनाएको छ ।

**नगरप्रमुख र प्रमुख प्रशासकीयको नजरमा वडा**

भनिन्छ, एउटा परिवारमा सफलता हासिल गर्न खुसीयाली छाउन प्रत्येक सदस्यको समन्वय जरूरी हुन्छ । हरेक योजना, कार्यक्रम, छलफलमा नगर कार्यपालिकाको कार्यालयसँग हुने आपसी सम्झदारीले वडाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको मेयर अशोककुमार शाहीले बताउनुभयो । भिजन, मिसन,सक्षम र सबल व्यवस्थापनले वडा नं ५ को विकासमा महत्त्वपूर्ण टेवा पुगको मेयर शाही बताउनुहुन्छ । बजार र गाउँसँग जोडिएको वडाले भौगोलिक विषमताको बाबजुद हासिल गरेको समृद्धिले समग्र नगरपालिकाको विकासमा समेत जस मिलेको अनुभव मेयर शाहीसँग रहेको छ । वडाको विकासमा वडाका जनप्रतिनिधिले नगरपालिकासँग गर्ने समन्वय उदाहारण नै प्रस्तुत छ । वडामा भएका योजना आफू अनुकूलका समेत छैन्न एक वडादेखि अर्को वडासम्म होस् या फरक स्थानीय तहलाई सडक सञ्जालले जोड्ने सवालमा वडाले अनुकरणीय काम सम्पन्न गरेको छ । वडामा २/३ वर्षको अन्तरालमा एक सय बढी योजना सफल रूपमा जनताले अनुभूति गर्ने गरी सम्पन्न हुनुले वडाको गरिमालाई अझ ओझिलो बनाएको छ । गत आर्थिक वर्षमा वडाको तानसेन-रिडी खण्डखण्डअन्तर्गत बतासे, ढुङ्गाखानी क्षेत्रमा स्थानीय तहका जनप्रतिनिधिले त्यस क्षेत्रमा सिर्जना भएको समस्यालाई समाधान गर्न देखिाएको सक्रियता निकै अनुकरणीय रह्यो । साबिक तानसेन नगरपालिका वडा नं १३ धुनाघाटदेखि तानसेन ११ लाई सडक सञ्जालले जोडी हरेक कृषि उत्पादन छिटो छरितो ढुवानी र स्थानीयलाई आवतजावतमा सहज भएको छ ।

चालु आर्थिक वर्षमा नगर सरकारले लिएको गौरव गर्न लायक योजनामध्ये सेतीपोखरी-नयाँपाटीसम्मको फास्ट ट्याकको बिस्तारले वडा नं १० को गणसाल, तेल्घा, वडा नं ७ को प्रभास, बाँसटारी र वडा नं ८ को मदनपोखरासहित सिद्धार्थ लोकमार्गको बुटवल पाल्पा सडक खण्डसँग यातायात पहुँच मार्गसँग जोडेर आर्थिक, कृषि, सडकसँगै अन्य लाभ लिन सकिने छ । वडादेखि नगर सरकारको तर्फबाट पर्ने नगर स्तरीय हरेक योजना, कार्यक्रम समयमै सम्पन्न गरी बजेटको पारदर्शिता देखाई वडावासीलाई सुबिधा प्रदान गर्न वडा हरप्रहर जुटिरहेको हुन्छ । विकासमा वडावासीको लगनशीलता, आत्मअनुशासन, दायित्वबोधले वडाका हरेक पूर्वाधार विकासमा रूप स्वरूप परिवर्तन देखिने अपेक्षा मेयर शाहीले लिनुभएको छ । सेनेटरी ल्यान्डफिल्ड साइडलाई सुचारू गरी ग्यास प्लान्टमार्फत् स्वरोजगार सिर्जना गर्ने अभिप्रायमा नगर सरकार प्रभावित क्षेत्रका जनतासँग समन्वयमा जुटेको छ । वडाका जनप्रतिनिधिले जनताको सेवालाई पहिलो प्राथमिकतामा राखी विकास निर्माण गर्ने जनसेवाको शैली अनुकरणीय छ ।




समृद्ध वडाको परिकल्पनालाई सार्थकता प्रदान गर्न कुशल प्रशासन हुनुपर्दछ । अनुभवी, बुझेका र प्रभावकारी समन्वय गर्न सके मात्रै योजनाले गति लिन सक्छन । तानसेन नगरपालिकाको नयाँ कार्यकारी प्रमुख भएर आएपछि डिल्ली राज बेल्बासेले तानसेन नगरपालिकाको विकासमा महत्त्वपूर्ण कदमहरू चाल्दै आउनुभएको छ । सबै जनप्रतिनिधिसँगको सहकार्य र वडाका हरेक गतिविधिमा चासोपुर्वक समस्याको समधानको लागि प्रमुख प्रशासकीय अधिकृत बेल्बासेले भूमिका निर्वाहा गरी रहनुभएको छ । वडा नं ५ को विकास अन्य वडा र टोलभन्दा तीव्र गतिमा अघि बढेको अनुभव उहाँसँग रहेको छ । योजना र कार्यक्रमलाई लक्षित वर्गमैत्री मात्रै होइन यसमा गराईने सहभागिता निकै उत्साहापूर्ण रहेको अनुभव प्रमुख प्रशासकीय अधिकृत बेल्बासेसँग रहेको छ ।

कोभिड-१९ ले समस्या परेकालाई राहत वितरणमा वडाले खेलेको भूमिका होस् या सेवाग्राहीलाई सेवा दिने सवालमा वडा निकै अघि रहेको मूल्याङ्कन प्रशासनले गरेको छ । वडाले दिने छिटो छरितो सेवप्रवाहलाई वडाबासीले मन पराएका छन् । वडामा योजना सम्पन्न निकै सन्तोषजनक, पारदर्शी हुनुमा स्थानीय जनप्रतिनिधि र सरोकारवालाको भूमिका नै प्रमुख भएकोले वडामा योजनाको भौतिक र वित्तीय प्रगति राम्रो रहेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बेल्बासेले बताउनुभयो ।

वडावासीले ५ वर्षको स्थिर विकासको लागि प्रत्यक्ष चुनेर पठाएका जनप्रतिनिधिबाट र वडातहबाट ठूलै विकासको अपेक्षा राखेका छन । जुन खालको जनअपेक्षा छ त्योअनुरूपको विकास गतिमा अघि बढ्न सके राम्रो हुने थियो । बाँकी रहेको २ वर्षको समयलाई वडाले जनअपेक्षा र दिगो विकासका योजना कार्यक्रम र बजेट ल्याउन आवश्यक छ । यसका लागि वडाको समन्वय नगर सरकार, प्रशासन, प्रदेशदेखि केन्द्रसम्मै आफ्ना कार्यक्रम लैजान सके प्रभावकारी हुने देखिन्छ । वडाबासीको अपेक्षासमेत यही छ ।

(पत्रकार)

# अबको प्राथमिकता सडकको स्तरोन्नति



- प्रकाश नेपाल

राज्य पुर्नसंरचनाका क्रममा सहरदेखि गाउँसम्मको बस्तीलाई एउटै मालामा जोडिए जस्तै वडा न. ६ पनि जोडिएको हो । बजारदेखि ग्रामीण बस्ती जोडिए पनि विकास निर्माणमा समान र सन्तुलन भएको वडाबासीको अनुभव रहेको छ । सीमित साधन, श्रोत असीमित आवश्यकतालाई सम्बोधन नगर परिषद्बाट विनियोजित रकमबाट असहज भएको तथा जनताको आशा र अपेक्षा बढी भएको जनप्रतिनिधिहरूको बुझाइ र अनुभव रहेको छ ।



वडाध्यक्ष सागरमान महर्जन

वडाका स्थानीय बासिन्दा एवम् कुन्सरेका अगुवा कृषक दीर्घसिं थापा भन्नुहुन्छ- "बस्ती तहबाट छनोट भएका योजनालाई वडाले प्राथमिकतामा राखेकोले जनताको समस्याप्रति वडा संवेदनशील रहेको छ । सहरी क्षेत्रदेखि ग्रामीण बस्तीमा फरक-फरक आवश्यकता भए पनि मूलभूत रूपमा सडकको स्तरोन्नति नै मुख्य प्राथमिकता र अहिलेको आवश्यकता हो ।"

वडा अध्यक्ष सागरमान महर्जनका अनुसार आर्थिक वर्ष २०७६/७७ मा ३५ लाख ६५ हजार वडाको र नगरको ३० लाख गरी ६० लाख ६५ हजार रूपैयाँबाट सडकको स्तरोन्नती, सडक बत्ती, कृषि सडक, स्वास्थ्य, शिक्षा जस्ता विकास क्षेत्रमा लगानी गरियो । योजना सञ्चालन गर्दा पनि कार्यतालिका बनाएर गरिएको हुन्छ । त्यही कार्यतालिका अनुरूप योजनाहरू कार्यान्वयनका लागि सम्झौता गराएका कारण कोभिड-१९ को संक्रमणको भयले कामामा खासै प्रभाव र असर परेन योजना सम्पन्न गर्नका लागि । समयमै काम गऱ्यो भने यस्ता विपत्ति महामारीको कुनै प्रभाव र असर नर्पदो रहेछ भन्ने सिकाइसमेत भएको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा सबैभन्दा ठूलो योजना भनेको वडाको १४ लाख रूपैयाँ बजेट बराबरको थियो । गाउँदेखि सहर जोड्ने छोटो र पुरानो सडकको स्तरोन्नति गर्ने कार्य सम्पन्न भयो । पालेपीपल, भोटेचौपारी, सम्मचौपारी, हात्तीगौंडा कृषि सडक योजना सम्पन्न भएपछि यस सडकले ग्रामीण बस्तीका कृषकहरूद्वारा उत्पादित कृषि उपज बजारमा छोटो समयमा पुऱ्याउनका लागि सहज भएको स्थानीय कृषक इन्द्रबहादुर सारूको भनाइ छ ।

नयाँ संरचना र नयाँ संविधानअनुरूप स्थानीय सरकारको निर्माण भएको पनि तीन वर्ष पूरा भयो तर आम जनतालाई विकास र निर्माणको कार्यमा प्रत्यक्ष रूपमा सहभागिता गराउने



भनेको जन श्रमदानको क्षेत्रमा हो तर १० प्रतिशत जन सहभागिता एवम् जनश्रमदान जुटाउनसमेत कठिन भएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा वडाभित्रका बस्तीबाट छनोट भएका २९ वटा योजनाहरू समावेश भएका थिए । योजना सम्पन्न गर्नका लागि नगर परिषद्ले ३० लाख रूपैयाँ विनियोजन गरेको थियो । सरकारले सबै वडामा प्राविधिक पठाउने निर्णय गर्दा काम सहज हुने भयो भन्ने आशा पनि लागेको थियो तर सरकारको निर्णय कागजमा मात्र सीमित हुँदा यसको असर र प्रभाव सबैभन्दा तलका उपभोक्तामा पर्दोरहेछ । वडा तहमा ढुक्कै एक वडामात्र हेर्ने प्राविधिक छैनन् । कृषि भेटेनरीका प्राविधिक पनि छैनन् । समस्या यहाँ हुन्छ । समयमै प्राविधिक पुग्दैनन् । उपभोक्ताले काम गर्नु नै पऱ्यो प्राविधिकले मूल्याङ्कन गर्दा पुग्दैन । अन्ततः फर्स्योटका बेला उपभोक्ता मारमा परेको गुनासो सुन्नुपर्दछ । अधिकांश वडाको समस्या हो यो ।

"वडा नं. ६ मा कृषि पशुपालनको समेत सम्भावना भएको बस्तीहरू पनि छन् । यसै वडामा उन्नत जातको बोर बोकाको फार्म पनि सञ्चालनमा आएको छ । वडाबाट बाह्रै महिना तरकारी किनेर खानेलाई घरको छतमा तरकारी खेती गर्न सकिन्छ भन्ने ज्ञानसीपयुक्त तालिम दिइयो । प्राङ्गारिक मल बनाउन सिकायौँ । यो पनि साना कृषकहरूको लागि निकै उपयोगी साबित भएको छ ।" वडा अध्यक्ष सागरमान महर्जनले बताउनुभयो ।

वडा अध्यक्ष महर्जनको बुझाइमा सिकाइ भनेको विनियोजित रकम पर्याप्त मात्रामा वडा तहमा योजनाको प्रतिफल प्राप्त हुने गरी बजेट आयो भने बल्ल सार्थकता हुँदोरहेछ । समस्या वा चुनौती पनि यही हो । अर्को समस्या जनप्रतिनिधिले उपपभोक्तालाई जन सहभागिताको बारेमा बुझाउन हम्मे परेको अवस्था विद्यमान छ । काम गर्दा निरन्तर रूपमा अगाडि बढियो भने सफलता प्राप्त गर्न सकिन्छ भन्ने सिकाइ पनि यस वडामा भएको छ । आर्थिक वर्ष २०७६/७७ का योजनामध्ये यस वडाले सम्पूर्ण योजनाहरू समयमै सम्पन्न गरेको पाइयो यसले जनप्रतिनिधिको सक्रियतालाई पुष्टि गरेको छ ।

(पत्रकार)



कोशल र भूपेन्द्र नाम दुई भाइको
लेखा शाखा सम्हाल्ने साझा दायित्व !



पाल्पाली करूवा पाइन्छ तानसेनमा
युवापुस्ता आकर्षित भइ लागे उत्पादनमा !

# वडाबासीको मन जित्ने काम भएको छ तानसेन-७ मा



- सुमन गैरे

नियमित विकासका गतिविधिहरूको निरन्तरता मात्रै हैन तानसेनको वडा नं ७ ले अन्य गतिविधिलाई पनि अवलम्बन गरेको छ । वडाअन्तर्गतका समस्या तत्काल समाधान गर्नुपर्छ भन्ने मानसिकतामा काम गर्ने वडा अध्यक्ष मुक्तिराम जीसी (माधव) को स्वभावले वडाको विकासमा ठूलो टेवा पुगेको छ । तानसेन-७ प्रवासका प्रदीप खनालले जनताका तत्कालीन आवश्यकताका काम व्यक्तिगत रूपमै लागेर पनि समाधान गर्ने वडा अध्यक्षको स्वभावले वडाबासी खुसी भएको बताउनुभयो ।



वडाध्यक्ष मुक्तिराम जीसी

"नगर वा वडामा रकम विनियोजन नगरिएका कतिपय कामहरू वहाँले व्यक्तिगत लगानी गरेरै भए पनि पार लगाउनुहुन्छ ।" खनालले भन्नुभयो- "वडाबासीले आशा गरेअनुरूप वहाँले काम गर्नु भएको छ ।"

तानसेन नगरपालिकाको वडा न ७ मा आर्थिक वर्ष २०७६/७७ का लागि ३४ लाख ८० हजार ५ सय १९ रूपैयाँ बजेट विनियोजन गरिएको थियो । वडाबासीको मागअनुसारको आवश्यकता पूरा गर्न यो रकम न्यून भए पनि वडा अध्यक्ष जीसीको संयोजनमा अन्य काम पनि नगरस्तरीय बजेटबाट सम्पादन भएकाले वडाबासी सन्तुष्ट छन् । भौतिक पूर्वाधार र सामाजिक क्षेत्रमा सबैभन्दा बढी योजना छन् । भौतिक विकासमा र सामाजिक क्षेत्रमा ११/११ वटा योजना रहेको वडा अध्यक्ष जिसीले बताउनुभयो । स्थानीय नागरिकको प्रत्यक्ष मागमा आधारित रहेर योजना निर्माण गरेको बताउदै जीसीले वडाको विकासका लागि अन्य स्रोतबाट पनि काम अगाडि बढाएको धारणा राख्नुभयो ।

वडा नं ७ कै गौरवको योजना मानिएको बाघखोर फुटबल मैदान निर्माणका लागि ५ लाख रूपैयाँको बजेटमा काम सम्पन्न भएको छ । युवाहरूको खेल मोहलाई सम्बोधन गर्न खेल मैदान निर्माणका लागि बजेट विनियोजन गरेको अध्यक्ष जीसीको भनाइ छ । ठाँटी तिलबारी हुँदै बाँसटारी घुम्ती बाटो ग्राभेलका लागि १ लाख रूपैयाँ वजेट विनियोजन गरिएअनुसार काम भएको छ ।

बाँसटारी क्रियापुत्री टहरो मर्मत तथा चापाकल जडान तथा मर्मतका लागि १ लाख रूपैयाँ वजेट विनियोजन गरेर काम गरी सामाजिक उत्तरदायित्वमा वडाले भूमिका निर्वाह गरेको पाइयो ।

**वडाका अन्य योजना**

ठाँटी पार्क र चण्डीस्थानमा प्लाष्टिक पानी टंकी, पाइप र मोटरका लागि १० लाख वजेट रहेको थियो । सरस्वती मावि दलित तथा विपन्न बालबालिकाको लागि खाजावापत् ८० हजार ५ सय १९ रूपैयाँ खर्च भएको छ । बालज्योति प्रावि दलित तथा विपन्न बालबालिकाको खाजालाई ५० हजार विनियोजन गरिएको थियो । विद्यालय तथा युवा क्लबको खेलकुद विकास कार्यक्रमका लागि ५० हजार लगानी भएको छ । नयाँगाउँ अधुरो खानेपानी योजना पूरा गर्न २ लाख वजेटबाट काम भएको पाइयो । धार्मिक तथा सांस्कृतिक पर्व संरक्षण तथा दैनिक पूजासामग्री व्यवस्थापनमा १ लाख खर्च भएको छ । मंगल कुमाल र गिरीराज पाण्डेको घरदेखि रानीकोहल, बेलानीचौर, सानीपिपल बेहोरेघारी हुँदै दुर्गामन्दिर जाने भित्री बाटो स्तरोन्नति, नाली निर्माण तथा मर्मतका लागि ४ लाख रूपैयाँ लगानी भएको थियो ।

पक्लुवा चोकदेखि भित्री बाटो तानसेन-९ र ७ को सिमाना माधव पौडेल र केशव गैरेको घर हुँदै जाने बाटोको तानसेन





७ तर्फ नाली निर्माण तथा मर्मतका लागि १ लाख लगानी भएको छ । देवीस्थानदेखि पीपलटारीसम्म नयाँ बाटो खोल्ने योजनाका लागि रू १ लाख लगानी गरिएको छ । देवकोटा चोकदेखि माथिल्लो टोलसम्म जाने बाटो व्यवस्थापन तथा स्तरोन्नतिको काममा १ लाख खर्च भएको छ । कमिरेदेखि पुरन बिकको घरसम्मको बाटो व्यवस्थापन तथा स्तरोन्नतिको काम भएको छ । नारायण खड्काको घरदेखि बेसीटोल झर्ने अधुरो मोटरबाटो पूरा गर्ने योजनाका लागि १ लाख लगानीमा काम भएको छ । यसैगरी शालिकरामको घरदेखि शान्तिकुञ्ज जाने मोटरबाटो स्तरोन्नतिका लागि १ लाख खर्च गरिएको छ । रक्साहाको निर्माणाधीन सामुदायिक भवन पूरा गर्न १ लाख ५० हजार वजेट लगानी गरिएको छ । कमला रावलको घरदेखि कृष्णदेवी नेपालको घर हुँदै विष्णु अधिकारीको घरसम्म जाने नयाँ बाटो निर्माणका लागि १ लाख विनियोजन गरी काम भएको छ । माया वाकावलको घरदेखि वाकावल बाजेको घरसम्म नयाँ बाटो निर्माणका लागि १ लाख रूपैयाँ लगानी भएको छ ।

बाँसटारीदेखि सरस्वती मावि हुँदै दरबारथुम्का जोड्ने मोटरबाटो स्तरोन्नति तथा ग्राभेलका लागि १ लाख ५० हजार लगानी भएको छ ।

नयाँ गाउँ झर्ने बाँसको रूखदेखि चिउरीडाँडासम्म जाने नयाँ बाटो निर्माणका लागि १ लाख विनियोजन गरी काम गरिएको छ । होलाङदी खोला मूल व्यवस्थापन तथा टंकी निर्माण (खुर्पादी) मा १ लाख लगानी भएको छ । सहलधारा मूल संरक्षण तथा टंकी निर्माणका लागि ५० हजार खर्च गरिएको छ । पिपलटारीको २ कुवा मर्मत तथा पोखेल पँधेरो र चुडी पँधेरोको अधुरो टहरो पूरा गर्न १ लाख लगानी भएको छ । बाँसटारी धारा सिद्वार्थ राजमार्गदेखि शिखरडाँडा निस्किने पैदल उकालो बाटोमा सडक बत्ती तथा बाटो मर्मतका लागि १ लाख लगानी भएको छ ।

खल्डुक पँधेरो स्तरोन्नति र भञ्ज्याङ क्रियापुत्री टहरो निर्माणमा १ लाख लगानी भएको छ । सरसफाइ तथा सडक बत्तीका लागि १ लाख खर्च भएको छ । पक्लुवा मंगल कुमालको घर अगाडिको चौपारी मर्मतमा ५० हजार लगानी भएको छ ।

विनियोजित बजेट सर्सरी हेर्दा यस वडाले थोरै बजेटमा पनि धेरै काम गर्ने योजना बनाएको देखिन्छ । आर्थिक इमान्दारिता हुने हो भने थोरै बजेटले पनि धेरै काम हुन सक्छ भन्ने उदाहरण यस वडाले दिन खोजेको छ । विगतका योजनाको पूर्णताका लागि पनि योजना हुनु दुरगामी विकासको सोच हो ।

(कलाकार तथा पत्रकार)

# कोरोना कहरका बावजुद सकेको काम गऱ्यो तानसेन-८ मदनपोखराले



- रिमा सोमै

सामुदायिक सञ्चार, सामुदायिक वन र व्यावसायिक कृषिसँगै आउने नाम हो मदनपोखरा । साबिक मदनपोखरा गाउँ विकास समितिका वडाहरू २,३,४,५ र ९ मिली बनेको ग्रामीण वडा नै हालको तानसेन नगरपालिका वडा नं ८ हो । जिल्ला सदरमुकाम तानसेन देखि करिब ११ किलोमिटर दक्षिणमा रहेको यस वडामा अधिकांस जनजाति र दलित समुदायको बसोबास रहेको छ ।



वडाध्यक्ष रामप्रसाद घिमिरे

शिक्षा र सञ्चारको क्षेत्रमा नमूना मानिएको यो वडामा सामुदायिक तर्फ १ माध्यमिक, १ आधारभूत तथा २ वटा प्राथमिक विद्यालय र संस्थागततर्फ १ विद्यालय सञ्चालित छन् । यस वडामा नै दक्षिण एसियाकै पहिलो ग्रामीण सामुदायिक रेडियो मदनपोखरा गौरवको रूपमा सञ्चालनमा रहेको छ ।

करिब १६ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यस वडामा जम्मा घरधुरी संख्या ६ सय ३० रहेको छ । ४ हजार ३ सय ८० जनसंख्या रहेको यस वडामा अधिकांस नागरिक कृषि पेसामा आश्रित रहेका छन् ।

कृषि पेसालाई अत्यन्त सम्मानित मर्यादित रूपमा लिने यस वडाका कृषकहरू बेमौसमी तरकारी उत्पादनमा देशैभरि परिचित छन् । कृषि उत्पादनलाई संकलन गर्नका लागि कृषकको पायक पर्ने स्थानमा संकलन केन्द्र पनि निर्माण भइरहेका छन् ।

गएको आर्थिक वर्षमा जस्तै यस वर्ष पनि तानसेन नगरपालिकाले झन्डै ६० प्रतिशत रकम ग्रामीण मोटरबाटो निर्माणमा खर्च गरेको छ । तानसेन नगरपालिकाको एक घर एक धारा नीतिअनुसार यस वडाले खानेपानीको समस्या समाधानका लागि खानेपानी योजनाको काम गरिरहेको छ । स्थानीय समुदायको घरदैलोसम्म एम्बुलेन्स सेवा पुग्ने गरी सडक बिस्तार र स्तरोन्नति गर्ने काम गरिएको छ । समुदायको सरसफाइको लागि सरसफाइको अभियानसमेत सञ्चालनमा ल्याइएको छ । यस वडालाई अमिलो जातको फलफूल पकेट क्षेत्र निर्माणको लागि ५० प्रतिशत अनुदानमा कागती र सुन्तलाको विरूवा वितरण गरिएको वडा अध्यक्ष रामप्रसाद घिमिरेले बताउनुभयो ।

यस आर्थिक वर्षको अन्त्यतिर संसारभर महामारीको रूपमा फैलिएको कोभिड-१९ कोरोनाका बाबजुद पनि वडामा रहेका करिब ३२ वटा सामाजिक, पूर्वाधार तथा वनवातावरणका योजना यस वडामा सम्पन्न भएका छन । यस वडामा यस आर्थिक वर्षमा सम्पन्न योजना र बजेट राशि यस प्रकार रहेका छन्-





- बिर्ता शान्ति टोल लिफ्ट खानेपानी योजना १०,००,००० रूपैयाँ ।
- गांगदी खोला पाँडेखर्क कोकल मोटरबाटो स्तरवृद्धि ५,००,००० रूपैयाँ ।
- देउराली कोकल देउराली मोटरबाटो स्तरोन्नति २,३४,७७१ रूपैयाँ ।
- अति विपन्न विद्यार्थीका लागि वडाभित्रका सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यमका पुस्तक वितरण ४०,००० रूपैयाँ ।
- चाउरी पोखरा स्वास्थ्य चौकीलाई व्यवस्थापन साम्रगी २५,००० रूपैयाँ ।
- जरेपीपलमा बैठक सभाहल निर्माण ३,००,००० रूपैयाँ ।
- तल्लो डुम्रे खानेपानी टंकी निर्माण १,५०,००० रूपैयाँ ।
- पीपलडाँडामा बैठक सभाहल निर्माण ३,००,००० रूपैयाँ ।
- मूलगैरा तिन्टीआप क्षेत्रमा बैठक सभाहल निर्माण ३,००,००० रूपैयाँ ।
- माझटोल मौरीखर्क लिफ्ट खानेपानी योजनाका लागि १,००,००० रूपैयाँ ।
- हुल्दी खानेपानी टंकी निर्माणका लागि १,५०,००० रूपैयाँ ।
- कोकलमैदानमा तरकारी संकलनका लागि ट्रस्ट निर्माण ३,००,००० रूपैयाँ ।
- बुढाघरे चौपारीमुनिको खोलामा तटबन्ध १,००,००० रूपैयाँ ।
- गुन्द्रेखोल्सामाथिको बस्ती संरक्षण ५०,००० रूपैयाँ ।
- रितुबर्ण टोल बस्ती जाने मोरबाटो निर्माण १,००,००० रूपैयाँ ।
- बाँसगैरादेखि खिर भञ्ज्याङ ठाडो बाटो ढुङ्गा छपाइ १,००,००० रूपैयाँ ।
- बाटुलचौरदेखि देउगिरको घरमाथि अधुरो ठाडो बाटो सिढी निर्माण १,००,००० रूपैयाँ ।
- जरेपीपलदेखि चाँदनी टोल सडक बिस्तार १,५०,००० रूपैयाँ ।
- मदनपोखराको कुकुरडाँडा क्षेत्रदेखि पाँडेखर्क बस्तीसम्म मोटरबाटो निर्माण १,००,००० रूपैयाँ ।
- खरिपानी फेकलीडाँडादेखि देउराली जोड्ने मोटरबाटो स्तरवृद्धि १,००,००० रूपैयाँ ।
- गैरापीपलदेखि ठकुरी बारी मोटरबाटो बिस्तार १,००,००० रूपैयाँ ।
- बृन्दावन बस्तीस्तर मोटरबाटो बिस्तार १,००,००० रूपैयाँ ।
- गैराबारीदेखि ढोलेनीडाँडा गुन्द्रेखोल्सा मोटरबाटो स्तरवृद्धि १,५०,००० रूपैयाँ ।
- पौडेलचौपारीदेखि शिखरडाँडा मोटरबाटो स्तरवृद्धि १,००,००० रूपैयाँ ।
- गुन्द्रेखोल्सादेखि माझीधारा बस्ती मोटरबाटो (तानसेन-८ सीमासम्म मोटरबाटो) बिस्तार तथा स्तरोन्नति १,००,००० रूपैयाँ ।
- जैदेउ खानेपानी टंकी निर्माण १,००,००० रूपैयाँ ।
- कमेरेपानी टिमुरेगैरा तिन्टिआँपसम्म मोटरबाटो बिस्तार तथा स्तर वृद्धि १,००,००० रूपैयाँ ।
- सर्वेश्वर मन्दिर परिसरमा शौचालय निर्माण १,००,००० रूपैयाँ ।

**योजना सञ्चालन तथा कार्यान्वयनमा समस्या चुनौती**

- वडाको विकासको लागि मागअनुसार बजेट नहुनु ।
- दक्ष प्राविधिक कर्माचारीको अभाव ।
- समयमा योजना सम्पन्न गर्न कठिनाइ, उपभोक्ता समितिलाई व्यावहारिक तालिम तथा सहजीकरणको आवश्यकता ।
- ठूला योजनाहरूमा उपभोक्ताले अनिवार्य १० प्रतिशत रकम उठाउनुपर्नेमा कतिपय योजनामा समस्या ।
- उपभोक्ता र प्राविधिकबीच काममा आपसी बुझाइ कमजोर हुँदा धेरै काम गरेर कम इष्टिमेट आउने गरेको उपभोक्ताको गुनासो ।

**निष्कर्ष**

जनप्रतिनिधि निर्वाचित भएर आएपछि वडामा नागरिकको काममा विगतको तुलनामा सहज भएको छ । सेवाग्राहीलाई समेत आफ्ना गुनासा राख्न सहज माध्यम जनप्रतिनिधि बनेका छन् । लोककल्याणकारी कार्यक्रमबाट नागरिक सिधै लाभान्वित हुने भएकोले पनि उनीहरूको चाहना लोककल्याणकारी कार्यक्रम नै रहेको पाइन्छ । नगरपालिकाभित्र अन्तरवडास्तरमा समन्वय, सहकार्यका लागि वातावरण बनाउन सकिएमा कतिपय योजना कार्यान्वयनमा सहजता हुने देखिन्छ । यसमा सरोकारवालाको ध्यान पुग्न जरूरी छ ।

(पत्रकार)

# तानसेन-९ को विकास निर्माण समृद्धितर्फ



- विजयकुमार बौडेल

वर्तमान विश्वमा प्रविधि र भौतिक विकास अभुतपूर्व गतिले अघि बढेको छ । देशमै पनि स्थानीय तहको निर्वाचन भएपछि विकासमा सहज अवस्था आएको छ । विकासका लागि महत्त्वपूर्ण भूमिका खेल्ने स्थानीय तहलाई राष्ट्र निर्माणको मेरूदण्डसमेत मानिन्छ ।



वडाध्यक्ष हरिसुमर रेग्मी

स्थानीय तहहरूले विकास निर्माणका योजनाहरूको प्रत्यक्ष साझेदार बनेर वा उत्पादन र व्यवसायलाई प्रोत्साहन गरेर देशको समग्र अर्थव्यवस्थामा सघाउ पुऱ्याएका छन् । त्यसमा पनि कतिपय वडाका जनप्रतिनिधिले त फिल्डमै खटिएर विकासमा मद्दत पुऱ्याइरहेका छन् ।

निर्माणका स्रोत साधन स्थानीय तहद्वारा नै परिचालित हुने गर्छन् । आयोजनाको सफलता पनि मुख्यगरी स्थानीय तहकै जनप्रतिनिधिहरूको योग्यता/दक्षतामा आधारित हुन्छ । विज्ञान र प्रविधिको भरपुर सदुपयोग गर्दै अन्य उद्योगहरूले आफ्नो



सञ्चालन प्रणालीमा आमूल परिवर्तनलाई आत्मसात गरिसक्दा स्थानीय तहको कार्यशैली प्रविधिको गुणस्तरमा खासै धेरै परिवर्तन भएको छैन । अब प्रविधिको उच्चतम सदुपयोग गरी विकासनिर्माण र योजना सञ्चालन गर्नतर्फ जनप्रतिनिधिहरू अग्रसर हुनु जरूरी छ ।

राजनीतिक संक्रमणलाई परास्त गरेर सम्पूर्ण देश समृद्ध नेपालको परिकल्पनातर्फ अग्रसर हुँदा जनप्रतिनिधिहरूको क्षमतामा गुणात्मक वृद्धि हुनु अपरिहार्य छ । यसका लागि सरकारको नीतिगत योजना र भूमिका प्रभावकारी रहेको छ ।

तानसेन नगरपालिका वडा नं. ९ को विकास निर्माण र अन्य योजनाहरू सञ्चालन भइरहँदा हरेक तहको अनुभव भएको जनप्रतिनिधि भएकाले कार्यसम्पादनमा सहज भएको छ । नेपालमा अवसरको कमीको कारण शिक्षा अनि रोजगारको लागि युवाहरु विदेशिएका छन् । हाल तराई क्षेत्र र मुख्य गरी भारतबाट ल्याइने मजदूरहरूले नै विकास तथा निर्माणमा श्रम गरी रहेका छन् । त्यसको समाधान गर्न वडा तहका जनप्रतिनिधिहरू दत्तचित्त भएर लागेका छन् । तानसेन नगरपालिका वडा नं. ९ ले स्थानीय तहको अधिकार अनुसूची ८ अन्तर्गत काम गरिरहेको छ ।

तानसेन नगरपालिका वडा नं. ९ को आर्थिक वर्ष २०७६/७७ को विकास निर्माण गति हेर्दा सन्तुष्ट रहने अवस्था आयो अर्थात् आर्थिक वर्षको अन्त्यमा आएको कोरोना भाइरसको कारणले प्रतिकूल प्रभाव पारे पनि अधिकांश योजनाहरू सम्पन्न भए । यो आर्थिक वर्षमा तानसेन नगरपालिका वडा नं. ९ का ३३ योजनाहरू सम्पन्न भए ।

तानसेन नगरपालिकाको नगरस्तरीय योजनाअन्तर्गत २० लाखको लागतमा जेठ मसान्त भित्रै विनियोजित रकमअनुसार शीतल न्यानो घरको काम सम्पन्न भयो । तानसेन नगरपालिकाको विशेष कार्यक्रमअन्तर्गत यहाँका वृद्धवृद्धाहरूलाई जाडोमा न्यानो

र गर्मीमा शीतल हुने खालको शीतल न्यानो घर निर्माण भएको छ । शीतल न्यानो घरबाट करिब २०० जनाले फाइदा लिनेछन् । त्यस्तै ३८ लाखको लागतमा पक्लुवा चोकदेखि अम्लिहानसम्मको मोटरबाटो स्तरोन्नति गरिएको छ । यो आर्थिक वर्षमा दमकडा चोकदेखि माण्डव्य क्याम्पस हुँदै सामुदायिक रेडियो मदनपोखरा जाने बाटो सुधार गरिएको छ । जसबाट एकहजार परिवार लाभान्वित हुने छन् ।

त्यस्तै वडा स्तरबाट कृषि क्षेत्रतर्फ ५ वटा तरकारी सङ्कलन केन्द्र निर्माण भएका छन् । विभिन्न टोलमा सूर्यज्योति तरकारी सङ्कलन केन्द्र, शान्तिटोल तरकारी सङ्कलन केन्द्र, आरूखर्क तरकारी सङ्कलन केन्द्र, कोईरालडाँडा तरकारी सङ्कलन केन्द्र र देउराली तरकारी सङ्कलन केन्द्र निर्माण सम्पन्न भएको छ । तरकारी सङ्कलन केन्द्रबाट एक हजार जना लाभान्वित हुने छन् । सङ्कलन केन्द्रमा किसानहरूले उत्पादित तरकारी सङ्कलन गरी बिक्रीका लागि बजार पठाउने छन् ।

त्यस्तै बालबालिकाको लागि तिन्टीआँप प्रावि र बालकृष्ण प्राविमा खेल सामग्री वितरण गरेको छ । विद्यालयका करिब २०० विद्यार्थीहरू लाभान्वित हुने छन् । खानेपानीतर्फ त्यस्तै निर्मलगैरा बोख्खर लिफ्ट खानेपानी र माझिधारा मूल संरक्षणका लागि वडाले बजेट विनियोजन गरेर कार्यसम्पन्न गरेको छ । वडा नं. ९ ले संस्कृति संरक्षणतर्फ लोपोन्मुख संस्कृति संरक्षण र तीजगीत प्रतियोगिता सम्पन्न गरेको छ ।

वडाले मोटरबाटो, नाली निर्माण र ढलभल नियन्त्रणमा सबैभन्दा धेरै योजना सम्पन्न गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा तानसेन नगरपालिका वडा नं. ९ मा तिन्टीआँप कमलेश्वर चिसापानी, ढाक्रेबास, धैरेनी खण्ड मोटरबाटो, अर्खले चिदियार मोटरबाटो, बुढीकुवा पक्लुवा मोटरबाटो, डिलबहादुर मार्ग स्तरोन्नति, बेलटारी खरक तिलाहार हुँदै चुइकिने पीपल मोटरबाटो नाली निर्माण, अँधेरी गब्देचौर भेलीगैरा मोटरबाटो नाली निर्माण, लक्ष्मीटंकी श्याम श्रेष्ठ मोटरबाटो निर्माण, सेतोकाम्रो राउदी ढलभल नियन्त्रण, दमकडा चोकदेखि अँगारेकुण्ड मोटरबाटो ढुङ्गा छपाई, चिदियारगैरा रसगाग्री देउराली मोटरबाटो नाली निर्माण र ग्राभेल गर्ने, दमकडा गोठुवा मोटरबाटो निर्माण सम्पन्न भएको छ ।

त्यस्तै दमकडा स्कुलदेखि चिदियार खोला र नन्दलाल कुमालको घरदेखि रानीआँपसम्म जाने मोटरबाटो निर्माण, रानीचुँडी



रानीआँप डिलबहादुर मार्ग जोड्ने मोटरबाटो निर्माण, रानीचुँडी रानीआँप डिलबहादुर मार्ग जोड्ने मोटरबाटोको पक्की नाली निर्माण, अर्खले जोगिनीखोला मोटरबाटो निर्माण, माण्डव्य ऋषि आश्रमनेर बेलको बोटमा विश्राम स्थल निर्माण, दमकडा फिल्डदेखि चिदियारगैरा चोक कैलाश बैंक अगाडिसम्म ढलभल नियन्त्रण, टेडुलीको ढलभल नियन्त्रण र सामुदायिक जडिबुटी नर्सरी लगायतका योजनाहरू पूर्ण रूपमा समयमै सम्पन्न भएको वडाध्यक्ष हरिसुमर रेग्मीले बताउनु भयो ।

जिल्लाका धेरैजना जनप्रधिनिधिले चुनावमा गरेका बाचा पूरा गर्न चाहँदाचाहँदै पनि पहिलो वर्ष सिकाइकै रूपमा बितेको वडाध्यक्ष हरिसुमर रेग्मी बताउनुहुन्छ । जनप्रतिनिधिले सिकाइ वर्षका रूपमा बिताएको पहिलो वर्षलाई नागरिकले पनि सहजै बुझेका छन् । गतवर्ष योजना छनोट र बजेट विनियोजनमा भएका कमीकमजोरी सच्याउँदै आगामी आर्थिक वर्षका लागि फरक ढंगबाट काम गरिरहेको वडाध्यक्ष रेग्मीको भनाई छ ।

कर्मचारी अभाव, ऐन कानुन निर्माणमा असहजता, दक्ष स्रोत व्यक्तिको अभावलगायत विविध कारणले काम गर्न असहज भए पनि धेरै हौसलाका साथ काम गरिरहेको वडाध्यक्ष रेग्मीले बताउनुभयो । आफूहरूले सकेसम्म विकास निर्माणका लागि प्रयत्न गरिरहेको र पाँच वर्षमा नागरिकसमक्ष देखाएका सपना बढीभन्दा बढी पूरा गर्नेमा केन्द्रित भएको रेग्मीले बताउनुभयो ।

निर्वाचनबाट देशभरका स्थानीय तहले जनप्रतिनिधि पाएका छन् । अब स्थानीय तहमा जनप्रतिनिधि हुँदा के फरक पर्दोरहेछ भन्ने व्यवहारमा अनुभव गराउने काम निर्वाचित जनप्रतिनिधिको हो । उनीहरूको पहिलो दायित्व नै यही हो । यसभन्दा पनि

महत्त्वपूर्ण त अराजकता, सामाजिक विभेद र नागरिकको सम्मानका साथ बस्न पाउने अधिकारको सुनिश्चितताका लागि स्थानीय जनप्रतिनिधिको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । त्यसैगरी जनताको गुनासाको तत्काल सम्बोधन गर्ने संयन्त्र पनि स्थानीय तह नै हो ।

निर्वाचित भइसकेपछि राज्यप्रदत्त सेवासुविधामा जनताको समान हक स्थापित गर्ने र सबै जनताको सहभागितामा विकास प्रक्रियालाई व्यापक बनाउने विषयमा आग्रह र दलगत स्वार्थभन्दा माथि उठेर काम गर्ने संकल्प जनप्रतिनिधिले गर्न सक्नुपर्ने वडाध्यक्ष रेग्मीको सिकाइ छ । स्थानीय तहका पदाधिकारीहरु आफ्नै ठाँउमा बसेर दिनदिनै जनताको सेवामा खट्ने जनप्रतिनिधि हुन् । त्यसकारण उनीहरुको नागरिकहरुसँग दिनहुँ संवाद भइरहन्छ । औपचारिक र अनौपचारिक संवादका माध्यमबाट उनीहरूले जनताको प्रतिक्रिया, चाहना र आवश्यकता थाहा पाउँछन् । तिनैका आधारमा योजना निर्माण गर्ने र कार्यान्वयन गर्ने दायित्व पूरा गर्न उनीहरु दैनिकरुपमा उत्प्रेरित पनि भइरहन्छन् । सँगसँगै उनीहरु आफ्ना दैनिक क्रियाकलापका आधारमा पनि नागरिकप्रति उत्तरदायी हुनुपर्छ । त्यसकारण नागरिक उत्तरदायी सरकारको भूमिका पनि उनीहरूले प्रदर्शन गर्नु अनिवार्य हुन्छ । दल र कार्यकर्ताको मात्र स्वार्थको अपेक्षा नराखेर जनप्रतिनिधिलाई काम गर्न प्रोत्साहित गर्ने दायित्व सबैले निर्वाह गर्नुपर्ने रेग्मीको भनाइ छ ।

स्थानीय सरकारलाई अधिकार सम्पन्न र जिम्मेवार बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले पनि आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न र विकास तथा समृद्धिको यात्रालाई ढिलाइ नगरी गतिशील बनाउनुपर्ने देखिन्छ । यसको लागि जन प्रतिनिधि तथा कर्मचारीहरुमा ज्ञान, सीप, क्षमता र अभिवृत्तिको विकास गर्दै उनीहरूलाई सक्षम योग्य र पूर्ण बनाउनु जरूरी हुन्छ । नागरिकले चाहेको र खोजेको सुख, शान्ति, समृद्धि र समुन्नतिको अनुभूति गराउने महत्त्वपूर्ण अभिभारा स्थानीय सरकारमा रहेको छ ।

यसर्थ स्थानीय सरकारलाई राजनीतिक, आर्थिक, प्रशासनिक र न्यायिक रुपमा सबलीकरण गर्दै सशक्त, सक्षम र आत्मनिर्भर बनाउँदै जानुपर्ने देखिन्छ ।

(पत्रकार)


- **कर तिरौं, नगरको विकास निर्माणमा सहभागी बनौं।**
- **नगरपालिकालाई तिर्नु पर्ने सम्पूर्ण कर चुक्ता नगरे कुनै पनि सेवा सुविधा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।**
- **कर तिर्नु सबै नगरबासीहरूको कर्तव्य हो, सेवा प्राप्त गर्नु अधिकार हो।**
- **कर तिरौं, सभ्य नागरिक बनौं।**
- **समयमै कर तिरौं, जरिवानाबाट बचौं।**

**अनुरोधकः तानसेन नगरपालिका, पाल्पा**

- बातावरणमैत्री नगर बनाउन सबै क्षेत्र जिम्मेवार बनौं।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं।
- प्लाष्टिकमुक्त नगर बनाउने हाम्रो पहललाई साकार पारौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा



- विद्यालय, समुदाय र पारिवारमा बालमैत्री वातावरण सिर्जना गरौं।
- विद्यालयलाई शान्तिक्षेत्र कायम गरौं।
- बालबालिकाको अधिकतम सिकाइको सुनिश्चितता गरौं।
- बाल बिबाहलाई निरूत्साहित गरौं।
- बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं।

अनुरोधकः तानसेन नगरपालिका, पाल्पा

# तानसेन-१० को सबै बस्तीमा सडक पुग्यो, व्यावसायिक कृषितर्फ किसान आकर्षित



- मिलन विश्वकर्मा

तानसेन नगरपालिकाअन्तर्गत सबैभन्दा ठूलो वडाको रूपमा वडा नं. १० तेल्घा रहेको छ । नगरपालिकाको केन्द्रदेखि दक्षिण पश्चिममा यो वडा पर्दछ । नगरपालिकाको कार्यालयदेखि १० किलोमिटर टाढा पर्ने यो वडामा २०६८ को जनगणना अनुसार ३ हजार १ सय १३ जनसंख्या रहेको छ । यहाँका नागरिकको मुख्यपेशा कृषि हो । कृषिलाई प्राथमिकता दिएर वडामा ४५ प्रकारका योजना तथा कार्यक्रम प्रभावकारी ढंगले अगाडि बढिरहेका छन् । जसमध्ये ४१ वटा वडास्तरीय छन् भने ४ वटा नगरस्तरीय योजना हुन् । वडास्तरीय योजना सम्पन्न गर्नको लागि ४४ लाख ६७ हजार ९१३ र नगरस्तरीय योजना सम्पन्न गर्नको लागि २८ लाख बजेट विनियोजन भएको थियो । वडा कार्यालय पहुँच मार्ग निर्माणको लागि ३६ लाख, निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमअन्तर्गत १५ लाख  र मागमा आधारित योजनाअन्तर्गत ४ लाख ८० हजार बजेट उपलब्ध भएको थियो ।



वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिना

**सबै बस्तीमा सडक**

आफूहरूको बस्तीमा सडक पुगेपछि यहाँका स्थानीय निकै खुसी भएका छन् । गाडी चढेर बजार आउन जान पाएपछि उनीहरु दंग परेका छन् । वर्षातको समयमा नचले पनि हिउँदको समयमा गाडी चढेर जिल्लाको सदरमुकाम तानसेन बजारसहित अन्य ठाउँमा जान पाएपछि आफूहरूलाई राहत मिलेको भार्केसका रामबहादुर भट्टराईले बताउनुभयो । अब सडकको स्तरोन्नति गरेर बाह्रैमास गाडी चलेमा सुविधाको लागि बसाइ सरेर अन्यत्र जानुपर्ने अवस्था नआउने उहाँले बताउनुभयो । यस वडाले सडकलाई पहिलो प्राथमिकता दिएको छ । जनताको माग र वडाभित्रका सबै प्रकारको विकासका लागि सडक नै प्रमुख भएको वडाको ठहर छ । सबै बस्तीमा सडकको पहुँच पुऱ्याउने उद्देश्यले काम भइरहेको वडाध्यक्ष लोचनप्रसाद तिमिल्सिनाले बताउनुभयो । खेतबारी जोत्न समेत ट्याक्टर प्रयोग हुन थालेपछि ट्याक्टर लैजानको लागि पनि सडक आवश्यक परेको उहाँले बताउनुभयो । 'प्रायः घरमा साना ठूला सवारी साधन छन्' उहाँले भन्नुभयो 'बिरामी पर्दा एम्बुलेन्स चढेर अस्पतालसम्म पुग्नको लागि पनि सडक चाहियो । त्यसैले यहाँका जनताको मागअनुसार सडक निर्माण र मर्मतलाई प्राथमिकता दिएको हो ।' यहाँका कृषि उपजलाई बजारसम्म पुऱ्याउनको लागि पनि सडक आवश्यक रहेको उहाँले बताउनुभयो ।

यो आर्थिक वर्षमा २१ लख ५० हजार रूपैयाँ बजेट भौतिक पूर्वाधार निर्माणको लागि विनियोजन भएको थियो । अधिकांश बजेट सडक निर्माणमै खर्चिएको छ । रखलडाँडादेखि म्यालपोखरी हुँदै नयाँ पाटीसम्म नयाँ ट्र्याक निर्माण गरिएको छ । २ लाख २५ हजार बजेटबाट यो सडक निर्माण भएको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार बर्रे खिरभञ्ज्याङ-तल्ली पीपल-ढापखोला-बयरघारी-खरखरडाँडा हुँदै चण्डिथान जाने मोटर बाटो १ लाख ५० हजारमा स्तरोन्नति गरिएको छ ।

यस्तै सिमलेटोल अलैंचीगैरा मोटरबाटो निर्माण गरिएको छ । बयरघारी-चुकाहा-गणसाल हुँदै सेतीपोखरी जोड्ने मोटरबाटो स्तरोन्नति गरिएको छ । नगरस्तरीय ५ लाख बजेटबाट यो मोटरवाटो चौडा गरिएको हो । यस्तै डुम्रे-सुनडाँडा-तेल्घा हुँदै सिँजालीटोल मोटरबाटो पनि १० लाख ५० हजार बजेटबाट स्तरोन्नति गरिएको छ । प्रभास गणसाल आमडाँडा गावुडाँडा मोटरबाटोमा नगरस्तरीय योजनाबाट १० लाख ५० हजार बजेट विनियोजन भएको छ ।

वडाभित्रका ठूला योजनाका रूपमा रहेका यी दुई मोटरबाटो नगरस्तरीय बजेटबाट स्तरोन्नति गर्ने काम भएको उहाँले बताउनुभयो । यहाँका अन्य भित्री सडक निर्माण तथा मर्मत गर्ने काम वडाले गरेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार वडाभित्रका १४ वटा मोटरबाटो निर्माण तथा स्तरोन्नतिका योजनामा यस वर्ष काम भएको छ ।

केही सामुदायिक भवनसमेत निर्माण गरिएको छ । साविकको वडा नम्बर ४ गावुडाँडामा सामुदायिक भवननिर्माण गरिएको छ । साविक वडा नम्बर ५ मा भवन निर्माण कार्य थालिएको छ । साविक वडा नम्बर ८ को स्याउलीखोली र साविक वडा नम्बर ६ को राना पँधेरामा क्रियापुत्री टहरो निर्माण गरिएको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । उहाँका अनुसार धन्सार कुना उकालो गोरेटोबाटो मर्मत गरिएको छ ।

तानसेन नगरपालिकाको गौरवको योजनाअन्तर्गत सेतीपोखरी-गुफाचौर सडक कालोपत्रे गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो । उहाँका अनुसार यस्तै वडा कार्यालय पहुँचमार्ग निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको छ ।

**घरघरमा खानेपानीको धारा**


वडाले खानेपानीका योजना सम्पन्न गर्ने कायलाई पनि प्राथमिकता दिएको छ । शुद्ध, सफा र स्वच्छ पानी पिउन पाउने अभियानका साथ खानेपानीका योजनाहरू अगाडि बढेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । 'खानेपानीका धारा घरघरमा ल्याउने अभियानस्वरूप काम भइरहेको छ' उहाँले भन्नुभयो 'पानीका मुहानको संरक्षण तथा व्यवस्थित गरिरहेका छौं ।' वडाका अधिकांश बस्तीमा खानेपानीको धारा पुगेको उहाँले बताउनुभयो । यो आर्थिक वर्षमा ढंडाहा बस्तीमा खानेपानीको योजना सम्पन्न भएको छ । अधिकांश दलित र जनजाती समुदायको बस्ती रहेको करिब २० घरमा खानेपानीको धारा पुगेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । घण्टौं समय लगाएर पानी बोक्न बाध्य भएका यहाँका मानिसले अहिले घरमै धारा पाएका हुन् । विगत वर्षमा थालिएको योजना यो वर्ष पूरा भएको हो । १ लाख २५ हजार बजेटबाट घरघरमा पानीको धारा पुऱ्याउन सफल भएको उहाँले बताउनुभयो । यो आफ्नो वडाको प्रगतिको रूपमा लिएको उहाँले बताउनुभयो । 'सानो बजेटबाट ठूलो योजना सफल भएको छ' उहाँले भन्नुभयो- 'यो योजना वडाभित्रको नमुना कामको रूपमा लिएका छौं ।' उहाँका अनुसार गणसाल खानपानीको मर्मत गरिएको छ । 'साविक वडा नम्बर ४ को बीचमा पर्ने धारापानी (तिनाउ) को लागि पाइप खरिद गरिएको छ' उहाँले भन्नुभयो 'सिँजालीटोल गोवन्दी पधेरामा मूल संरक्षण गर्ने काम भएको छ ।' साविक वडा नम्बर ५ को तल्लो धारापानीमा इन टंकी निर्माण र पाइप खरिद गर्ने काम भएको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

**कुरिलो खेतीतर्फ किसान आकर्षित**

तानसेन नगरपालिकाका वडाहरूमध्ये वडा नम्बर १० कृषिमा संभावना बोकेको वडा हो । यहाँ तरकारी खेतीको प्रचुर संभावना छ । त्यसैले वडाले कृषिलाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्दै आएको छ । बजारको मागअनुसारका खेती गर्न किसानलाई प्रोत्साहित गरेको छ । पछिल्लो समयमा उन्नत जातको कुरिलो खेतीमा यहाँका किसानलाई जोड्ने काम भइरहेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । परीक्षणको रूपमा यहाँ कुरिलो लगाइएको छ । यहाँका २८ जना किसानले कुरिलो लगाएको उहाँले बताउनुभयो । लगाएको ठाउँमा कुरिलो खेती राम्रो भएको उहाँले बताउनुभयो । बजार नजिक रहेको वडामा कुरिलो खेतीलाई व्यावसायिक बनाउन सके यहाँका किसान स्वरोजगार बन्ने छन् । 'कुरिलो खेतीसम्बन्धी पहिलो चरणमा किसानलाई तालिम दिएका थियौं' उहाँले अगाडि भन्नुभयो- 'काम गर्न इच्छुक किसानलाई कुरिलो बीउ निःशुल्क वितरण गरेका थियौं । परीक्षणको रूपमा वडाका विभिन्न भागमा लगाइएको कुरिलो खेती राम्रो भएको छ ।' आगामी आर्थिक वर्षदेखि किसानलाई यो खेतीमा व्यावसायिक बनाउने योजना



रहेको उहाँले सुनाउनुभयो । किसानलाई कुरिलो खेतीमा प्रोत्साहित गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने र ठाउँअनुसार उत्पादन हुने तरकारी खेतीलाई व्यावसायिक बनाउने काममा किसानलाई वडाले सहयोग गर्ने वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।



यहाँका किसानलाई तानसेन नगरपालिकाले तालिम, मल, बीउ तथा सिंचाइ, प्लास्टिक पोखरीको व्यवस्था गर्दै आएको छ । यस्तै विभिन्न ठाउँमा कृषि कुलो निर्माण तथा मर्मत गरिएको छ । १/१ लाख बजेटबाट छबिसे कृषि कुलो र बाउन्ने कृषि कुलो मर्मत गरिएको छ ।

**विद्यालयलाई जंकफुड निषेधित बनाउने अभियान**

वडाभित्रका सामुदायिक विद्यालयलाई जंकफुड निषेधित क्षेत्र बनाउने अभियानमा वडाले काम थालेको छ । जंकफुडले बालबालिका अस्वस्थ हुने भएकोले यो अभियान थालिएको हो । बालबालिकाले आवश्यक ज्ञान लिन स्वस्थ र स्फूर्त हुनुपर्छ । बालबालिका स्वस्थ रहनको लागि उनीहरूलाई जंकफुड खानबाट रोक्नुपर्ने हुन्छ । विभिन्न सामुदायिक विद्यालयका कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई टिफिन बक्स विरतण गरिएको छ । करीब ५० हजार बराबरको टिफिन बक्स विरतण गरिएको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । अहिले बालबालिकाले घरबाट नै टिफिनमा खाजा राखेर ल्याउन थालेका छन् । जंकफुड सेवनले अभिभावकसमेत अल्छी बनेको उहाँले बताउनुभयो । 'बालबालिका बिरामी भए स्वास्थ्य बिमा छ भन्छन् अभिभावक' उहाँले भन्नुभयो- 'चाउचाउ किनेर नास्ता खाउ भन्ने प्रवृत्तिले बालबालिकाको स्वास्थ्यमा गम्भीर असर परेको छ । अर्कातर्फ अभिभावक अल्छी बन्दै गएका छन् ।' टिफिन दिएपछि अभिभावकले केही न केही घरबाट नै अर्गानिक नास्ता पठाउन थालेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो ।

मण्डली माध्यमिक विद्यालयमा खानेपानीको व्यवस्थापन भएको छ । बालकन्या भगवती आधारभूत विद्यालयमा खाजा व्यवस्थापनको लागि वडाले सहयोग गरेको छ । यहाँका शिक्षकले कुन दिन कुन नास्ता खाने भनेर योजना बनाउँछन् र सोही अनुरूप खाजा तयार गरी बालबालिकालाई खुवाउने गर्छन् । जसको खर्च वडाले बेहोर्ने गरेको छ । यो आर्थिक वर्षमा खाजा



व्यवस्थापनको लागि ४० हजार बजेट विनियोजन गरिएको थियो । यस्तै प्रजातन्त्र प्राथमिक विद्यालयमा ह्वाइट वोर्ड र फर्निचर सहयोग भएको छ । ५० हजार बजेट बराबरको वडाले सहयोग गरेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । यसैगरेर स्वास्थ्यतर्फ तल्ली पीपल गाउँघरे क्लिनिकका लागि कोठा व्यवस्थापन र स्वयमसेविकलाई झोला वितरण गर्ने काम सम्पन्न भएको छ । यस्तै जेष्ठ नागरिकलाई सम्मान गरिएको छ ।

**कोरोना भाइरस (कोभिड-१९) रोकथाममा वडाको प्रयास**

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) रोकथामको लागि वडाले पनि सक्दो प्रयास गरेको

छ । कोरोना भाइरस के हो ? यसबाट कसरी बाँच्न सकिन्छ भन्नेबारे जनचेतनामूलक कार्यक्रम गरिएको छ । साथै मास्क र सेनिटाइजर समेत वितरण गरिएको छ । वडाका केही कार्यक्रमको बजेट रकमान्तर गरी कोरोना रोकथाममा खर्चिएको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । महिलाका लागि मौरीपालन तालिम र समुदायमा आधारित फोहरमैला व्यवस्थापन कार्यक्रमको लागि गरी २ लाख रूपैयाँ बजेट कोरोना रोकथामका कार्यक्रममा खर्चेको तिमिल्सिनाले बताउनुभयो । लकडाउन अवधिभर काम गर्न नपाएर बिहान साँझ छाक टार्न समस्या भएकालाई तानसेन नगरपालिका, वडा कार्यालय र विभिन्न संघसंस्थाको सहयोगमा राहत वितरण गरिएको छ । अहिले पनि कोरोना महामारी रोकथाम नभएकोले वडाका विकास निर्माणका काममा असर परेको छ ।

**२ लाख बढी राजश्व संकलन**

आर्थिक वर्ष २०७६/७७ मा तानसेन नगरपालिकाको कर सप्ताह कार्यक्रम अनुसार संकलन गरिएको र आर्थिक वर्ष २०७६/७७ मा घर तथा जग्गाको तिरोको राजश्व बाहेक वडा कार्यालयबाट २ लाख बढी राजश्व संकलन गरिएको छ । विभिन्न शीर्षकमा २ लाख ७१ हजार ८ सय ८० रूपैयाँ राजश्व संकलन गरिएको वडासचिव ऋषिकेष घिमिरेले बताउनुभयो । उहाँका अनुसार अचल सम्पत्ति मूल्याङ्कन शुल्क २२ हजार ११५, सर्जमिन दस्तुर २३ हजार, निवेदन दस्तुर ४ हजार ७३०, सिफारिस दस्तुर १ लाख ८२ हजार ५३५, नाता प्रमाणित १५०००, फाराम विक्री १२ हजार ८००, घटना दर्ता (दण्ड तथा जरिवाना) ११ हजार ७०० राजश्व संकलन भएको छ ।

**वडाका विकासमा देखिएका समस्या र चुनौती**

- उपभोक्ता समितिका लागि वडास्तरमा आयोजना गर्न भनिएका तालिम नहुँदा उपभोक्तामा रहेको अन्योलता कायमै छ । वडास्तरबाट उपभोक्तालाई तालिम दिने व्यवस्था मिलाउनुपर्नेमा समयमा तालिम दिन नसक्दा कतिपय योजना तथा कार्यक्रम प्रभावकारी बन्न सकिरहेका छैनन् ।
- वडास्तरीय मेलमिलापकर्ताहरूको काम प्रभावकारी हुन सकेको छैन् । प्रभावकारी बनाउन आवश्यक प्रक्रिया अगाडि बढाउन आवश्यक छ ।
- वडा कार्यालयको इन्टरनेट अत्यन्त सुस्त चल्ने भएकोले कामलाई चुस्तदुरूस्त बनाउन कठिन भइरहेको छ । कम्प्युटरबाट काम गर्न असहज भएकोले ल्यापटप व्यवस्था मिलाउनुपर्ने अवस्था रहेको छ ।
- वडामा सञ्चालित योजनाहरूको अन्तिम मूल्यांकन बारेमा वडा कार्यालयमा पनि तथ्यांक रहने व्यवस्था मिलाउनुपर्ने ।
- प्रत्येक योजनाको के कति भुक्तानी भयो ? त्यसबारे वडा कार्यालयलाई जानकारी हुनुपर्ने ।
- नयाँ वडा सचिवलाई तालिमको व्यवस्था नहुँदा काम प्रभावकारी हुन सकेको छैन् ।
- अनुगमनपछि पनि योजना सुधार हुन सकिरहेका छैनन् ।
- सामाजिक सुरक्षा भत्ता वितरणको लागि सम्झौता भएको बैंकबाट सेवा प्रभावकारी नभएको गुनासो ।
- वडा कार्यालय खुला ठाउँमा रहेकोले घेराबार गर्नुपर्ने । छतबाट पानीसमेत चुहिने भएकोले ट्रसको व्यवस्था गर्नुपर्ने ।

(कोषाध्यक्ष, नेपाल पत्रकार महासंघ पाल्पा)



**नाम उनको मोहन, काफ्ले हो थर
कार्यालयको रखवारी गर्छन्, तानसेन हो घर !**

## कोरोना महामारीमा समेत घरघरमै

# सामाजिक सुरक्षा भत्ता वितरण र रोजगारी गुमाएकालाई काम दियो बन्दिपोखराले



- अमृत अधिकारी

कोरोना महामारीको बीचमा पनि जनतालाई स्थानीय सरकारको अनुभूति गराउने काम तानसेन नगरपालिका वडा नं. ११ ले गरेको छ । नगरपालिकाको प्रवक्ता समेतको जिम्मेवारी रहेको वडा अध्यक्ष दामोदरप्रसाद घिमिरेले आफ्नो वडामा रहेका हरेक समस्यालाई सकेसम्म समाधान गरेर जनतालाई जनप्रतिनिधिको आभाष गराउनुभएको छ ।



वडाध्यक्ष दामोदरप्रसाद घिमिरे

आर्थिक वर्ष २०७६। ०७७ मा बजेट कार्यान्वयनको अन्तिम चरणमा कोरोनाले गर्दा केही असहजता भए तापनि वडामा उल्लिखित कामहरू तोकिएकै समयमा सम्पन्न भएका छन् । पूर्वाधार विकासतर्फ (कृषि सडक) तल्लीपीपल ढुङ्गेडाँडा गुदियाचौर मोटरबाटोका लागि १४ लाख विनियोजित गरिएको थियो । यो योजना सम्पन्न भएको छ । यस्तै तिनलाँकुरी बाँझा राजुबास मोटरबाटो ८ लाख, चण्डीभञ्याङ खयरतुङ मोटरबाटोमा विनियोजित रकम रू ४ लाख पचासहजार, गार्गी ठुलापोखरा धुनाघाट मोटरबाटो रू ३ लाख, रातडाँडा गहते भालुवन मोटरबाटो रू ३ लाखको आयोजनाहरू सम्पन्न भएका छन् । पूर्वाधार विकासमै कुँडापानी चण्डीथान थुम्की मोटरबाटो रू २ लाख, पातिखरक बाँझा मोटरबाटो रू २ लाख ८२ हजारको सडकमा कोरोना महामारीमा रोजगारी गुमाएकालाई दैनिक ज्यालादारी काम गराई निर्माण भएका छन् ।

बन्दिपोखरामा पूर्वाधार विकासकै रूपमा रहेका सामुदायिक भवनहरू पनि निर्माण भएका छन् । यस वर्ष तिलाहार सामुदायिक भवनमा रू ३ लाख लगानी गरेर निर्माण गरिएको छ । गाउँमा खेलकूदको विकासको लागि विभिन्न खेलमैदानहरूमा समेत बजेट खर्च गरिएको छ । तिलाहार खेल मैदान रू १ लाख, कुडापानी खेलमैदान रू १ लाख बजेट निकासा भएको छ । गाउँमा रहेका सडकहरूमा अध्याँरोबाट उज्यालो बनाउनका लागि ७० हजारको लागतमा सडक बत्ती जडान गर्न काम सुरू गरिएको वडा अध्यक्ष दामोदरप्रसाद घिमिरेले बताउनुभयो । यस्तै गाउँमा रहेका युवा तथा बालबालिकाहरूलाई लक्षित कार्यक्रममा ७० हजार खर्च भएको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रू २ लाख १० हजारको लागतमा बाँझा कुरूङखोला सडक सुधार र विस्तार गरिएको छ । कोरोना महामारीको बीचमा गाउँमा काम नपाएर अलपत्र परेका स्थानीयलाई राहत प्रदान गर्नको लागि प्रधानमन्त्री स्वरोजगार कार्यक्रममार्फत् मोटरबाटोको निर्माण र नाली निर्माण गरिएको हो ।

### कोरोनाले असर गरेका व्यक्तिलाई ज्यालादारीमा काम

यस्तै कोरोना भाइरसबाट रोजगारी गुमाएका असंगठित क्षेत्रका स्थानीय मजदुरहरूलाई दैनिकज्यालादारी काममा लगाइ रोजगारी उपलब्ध गराइएको वडाध्यक्ष घिमिरेले बताउनुभयो । यस कार्यक्रममा स्थानीय २ सय २५ जना युवाहरू सहभागी भएका थिए । रोजगारी गुमाएका अतिविपन्न १ सय २५ परिवारलाई निःशुल्क खाद्यान्न वितरण गरिएको छ । बन्दाबन्दीको अवस्थामा गाउँका ३ सय घर परिवारलाई सहुलियत मूल्यमा घरघरै खाद्यान्नसमेत उपलब्ध गराईएको छ ।

### सामाजिक सुरक्षा भत्ता घरघरमै गएर वितरण

कोरोना महामारीको कारण यातायात सञ्चालन हुन नसक्दा गाउँका वृद्धा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू बैंक र वडामा गएर भत्ता बुझ्न सक्ने अवस्था थिएन । जसको समाधानको लागि वडाले प्रत्येक जेष्ठ नागरिकको बैंक खाता खोलिदिएको छ । यस्तै कोरोना महामारीमा बैंकमा रकम निकाल्न जान समस्याको समाधानमा ४ सय ५६ जनालाई जनप्रतिनिधि घरघरमै पुगेर सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकलाई लकडाउनको समयमा घरघरमै भत्ता उपलब्ध गराएको यो जिल्लाकै पहिलो र उदारणीय नमुनायोग्य काम रहेको छ ।

अत्याधिक मनसुनी वर्षाको कारणबाट बाढिपहिरो जाँदा धनजनको क्षती भएका स्थानमा राहत प्रदान गरिएको छ । यस्तै थप राहत प्रदानको लागि सम्बन्धित निकायमा समेत सिफारिस



गरिएको छ । वर्षातले बाटोसमेत अबरूद्ध भएपछि तोकिएको समयमा योजना सञ्चालन गर्न नसकिने भनी म्याद थप गर्न माग भएका योजनालाई म्याद थपको लागि नगरपालिकामा पठाइएको छ । जसमा लिपिन्देवी सामुदायिक भवन रू ५ लाख, सिस्नेभालुबनडुम्रे कृषि सडक रू ५ लाख, रानाटोल राजुगैरा ढुङ्गेडाँडा मोटरबाटो रू २ लाखका आयोजनाहरूको अन्तिम चरणमा कामहरू भइरहेकोले नयाँ आर्थिक वर्ष २०७७।०७८ मा क्रमागत रूपमा काम गरी बजेट फरफारक गर्ने गरेर नगरपालिकामा सिफारिस गरिएको छ ।

**कार्यालयको दैनिक सेवा**

विकास निर्माणको कामको साथसाथै जनताको पिरमर्का, समस्या, दैनिक घटना दर्ता, अभिलेख व्यवस्थापन, सेवा सुविधाहरूको प्रवाहसमेत वडाले गरेको छ । वडाले यस वर्ष दैनिक घटना दर्ता अनलाइनमार्फत् गर्न सफल भएको छ । जसमा जन्मदर्ता ७८ जना, विवाह दर्ता २१ जना, मृत्यु दर्ता २२ जना, बसाइसराइ ७ जना, जेष्ठ नागरिक र अपाङ्गता परिचयपत्र र अन्य विभिन्न सिफारिसहरू ४ सय ५९ जनाले पाएका छन् । उनीहरूलाई कोरोनाको जोखिममा अन्यत्र जान तथा अत्यावश्यक अवस्थामा काम गर्नका लागि जिल्ला प्रशासन र अन्य निकायहरूसँग समन्वयमा आवश्यक कामहरूसमेत गरिएको छ ।

यस्तै कोभिड-१९ महामारी रोकथाम गर्नका लागि भारत र तेस्रो मुलुकबाट आउने नागरिकहरूलाई अनिवार्य रूपमा १४ दिनसम्म स्थानीय स्तरमा सामुदायिक क्वारेन्टाइन निर्माण गरी राख्ने र उनीहरूको स्वास्थ्य जाँच गर्ने लगायतका कामहरू समेत भएका छन् । बाहिरबाट आएका नागरिक गाउँमा आउन जानको लागि यातायातको व्यवस्थापन, सिफारिस गरिएको छ । जसले गाउँलेले बन्दाबन्दीको समयमा समेत सेवा प्राप्त गर्न सफल भए । कोरोनाको अवस्थामा गाउँगाउँमै स्वास्थ्यकर्मी लगेर नियमित स्वास्थ्य परीक्षण र औषधि वितरणसमेत गरिएको वडा अध्यक्ष घिमिरेले बताउनुभयो ।

**मुख्य प्राथमिकता**

कोरोना महामारीको अहिलेको अवस्थामा वडाबासीलाई रोग र भोकबाट बचाउनु नै पहिलो प्राथमिकता रहेको वडा अध्यक्ष दामोदरप्रसाद घिमिरेले बताउनुभयो । उहाँका अनुसार गाउँमा आर्थिक र सामाजिक विकासमा लागि रोजगारी गुमाएका मजदुर, विदेशबाट आएका युवालाई विशेषखालको आर्थिक क्रियाकलापमा लगाउने र स्वरोजगारी, कृषि, पशुपालनमार्फत् रोजगारीमा लगाउनु आजको प्राथमिकता बनेको छ । यस्तै एक घर एक धारा, पूर्ण सरसफाइ, पूर्ण खोप, युवास्वरोजगार, कृषि, पशुपालन विकास, हरित विकासलगायत निर्वाचनताकाको प्रतिबद्धतालाई पूरा गर्नसमेत वडाले विशेष खालको योजना बनाएको छ ।

**समस्या**

आर्थिक वर्षको अन्तिममा बजेट निकासा हुने र समयमै प्राविधिक मूल्याङ्कन हुन नसक्दा तोकिएको समयमै योजना फरफारक र योजना सम्पन्न गर्नमा समस्या रहेको पाइयो । यस्तै कोरोना महामारीको कारण धेरै लक्ष्यहरू पूरा हुन नसकेकोले आगामी दिनमा त्यसलाई पूरा गर्दै लैजानको लागि तालुकवाला निकायले सोहीअनुसारको योजनाहरू बनाउनु आवश्यकता रहेको देखिन्छ ।



**सुझाव**

समयमै बजेटको निकासा, योजनाको सम्झौता, कार्यान्वयन, अनुगमन र फरफारक हुने व्यवस्था भएमा वर्षातको समयमै हतारो गरेर कामहरू सम्पन्न गर्नुपर्ने अवस्था आउने थिएन । नगरपालिकाले ग्रामीण वडाहरूमा समानीकरण तवरले प्राथमिकतामा राखेर प्राविधिक मूल्यांकन, समयमै निकासा र भुक्तानी हुने वातावरण भएमा तोकिएको समयमा योजनाहरू सम्पन्न हुने र गाउँमा विकासको अनुभूतिसमेत दिलाउन सकिन्छ । यस्तै कोभिड-१९ महामारी नियन्त्रणमा प्रभावकारी संयन्त्र निर्माण गरी तल्लो क्षेत्रसम्म चेतना, सुरक्षा र शिक्षा प्रदान गरी यस्ता महामारी विरूद्ध एकजुट भएर लड्न सक्नुपर्दछ ।

(सम्पादक, इरानीमहल डटकम)

# तानसेनकै अग्लो डाँडा चेचीकोट र वडा नं १२ को विकास



- झविन्द्र देवकोटा

**तानसेनको सबैभन्दा अग्लो डाँडा चेचीकोट**

धेरैलाई कौतुहलता लाग्न सक्छ तानसेन नगरपालिकाको सबैभन्दा अग्लो डाँडा कुन हो ? यसमा कुनै विवाद नै छैन । तानसेन नगरपालिका वडा नं. १२ मा रहेको चेचीकोट डाडाँ नै तानसेन नगरपालिकाको सबैभन्दा अग्लो डाँडा हो । झण्डै १७ सय ५० मिटर अग्लो उचाइरहेको यस डाँडो प्राचीनताको हिसाबले निकै महत्त्वपूर्ण मानिन्छ । तानसेनबाट उत्तरपश्चिम भागमा पर्ने यस ठाउँमा पुग्न तानसेन बसपार्कबाट ५ किमिको दूरी छ । डाँडामा पुग्न तल मोटर बाटोबाट पैदल हिड्नुपर्ने हुन्छ ।



वडाध्यक्ष देवन्द्रबहादुर राना

डाँडाको टुप्पोमा प्राचीन समयमा भुरे राजाको दरबार थियो भन्ने कुरा विभिन्न इतिहासहरूबाट जान्न सकिन्छ । अग्लो डाँडाबाट चारैतिर देख्न सकिने भएकोले सेन राजाले यो स्थान



रोजेको अनुमान लगाउन सकिन्छ । डाँडाको टुप्पोमा दरबारको जग र पानी पोखरी अहिले पनि प्रस्ट देख्न सकिने प्रमाणहरू छन् । विगतमा यति उचाइमा त्यो पनि पोखरीमा आफै पानी उम्रने गरेको भनाइ छ । अहिले भने त्यो स्थानको पोखरीमा पानी छैन । यो पोखरीमा रानीले नुहाउने गरेको स्थानीयहरू बताउँछन् ।

यो डाँडो यस क्षेत्रका बासिन्दाको धार्मिक आस्थाको केन्द्र पनि हो । यहाँ दसैं, चैते दसैंमा र रतनपाँडेको साधना स्थलमा स्थानीय बासिन्दाले पूजा गर्ने चलन छ । चारैतिर पर्खालले घेरिएको बीचमा दाहिने शंख र धेरै घण्टहरू राखिएका छन् । खुला क्षेत्र भएकोले यहाँबाट धेरै अगाडि सबैभन्दा ठूलो घण्ट चोरी भएको छ । यहाँ प्रत्येक वैशाख महिनामा पानी माग्ने चलन रहिआएको छ । वैशाखमा यहाँ पानी मागेपछि आकाशबाट पानी पर्ने र खडेरी नपर्ने जन विश्वास छ । यहाँ पोखराथोक, चिउदी, नामीकुवा, चण्डीभञ्ज्याङ्, लुहुङ, आमडाँडा, डाँडाकटेरी लगायतका स्थानबाट पानी माग्न स्थानीयहरू आउने गर्दछन् । पहिले-पहिलेबाजागाजासहित उपस्थिति हुने र पानी मागेर घर फर्कदा पानीमा रूझ्दै फर्कने गरेको स्थानीयको अनुभव छ । "रतन पाँडे भुरे राजाका तान्त्रिक पुजारी हुन । उनकै नामबाट यसले प्रसिद्धि कमाएको छ ।" वडा नं १२ का अध्यक्ष देवेन्द्र रानाले बताउनुभयो । यस रतन पाँडेको नाममा माडी फाँटमा गुठी जग्गा रहेको तर केही व्यक्तिहरूले त्यसलाई बेचेर सिध्याई यसका नाममा केही पनि नराखेको वडाध्यक्ष रानाले बताउनुभयो । वि.सं. १८९० तिर रतन पाँडेले तत्कालीन सरकारबाट लालमोहर प्राप्त गरेका थिए । उक्त लालमोहर अहिले पनि सुरक्षित छ ।

स्थानीय सरकार बनेपछि यहाँ आ.व. २०७४/०७५ मा बाटो निर्माणको लागि तानसेन नगरपालिकाबाट ५ लाख विनियोजन भई काम सम्पन्न भएको थियो । गत आर्थिक वर्ष २०७६/०७७ मा नगरस्तरीय ५ लाख बजेट कोरोना महामारीका कारण काम हुन नसकी फिर्ता भएको छ । यो इतिहासलाई संरक्षण गर्न नगर सरकारले व्यवस्थित योजना बनाई काम गर्नुपर्ने देखिन्छ । यहाँ तल मोटरबाटोबाट माथि डाँडासम्म दोहोरो

हिँड्न मिल्ने गरी सिँढी बनाउने र माथि पार्कको रूपमा विकास गर्न जरूरी देखिन्छ । यति गर्न सके स्थानीय तथा बाह्य पर्यटकको घुइँचो लाग्ने छ । यस आ.व. मा पनि ट्रस निर्माण गरी साधनास्थल बनाउन नगरस्तरीय योजनाबाट ५ लाख रूपैया विनियोजन भएको वडाध्यक्ष देवेन्द्र रानाले बताउनुभयो ।

डाँडाको बारेमा अध्ययन गर्नुभएका पाल्पाका इतिहासविद् झपेन्द्र जीसी यसो भन्नुहुन्छ- "रतन पाँडे मणिमुकुन्द सेनका पालाका महातान्त्रिक हुन् । लामा धामीहरूका पनि गुरूको रूपमा उनलाई पुकार गरिन्छ । अहिले पनि लामा बस्ने बेलामा परालल्लाई आगोको कोइलामा धुँवा पारेर रतन पाँडेको नामबाट बक्न सुरू गरिन्छ । त्यसकारण रतन पाँडे महातान्त्रिक हुन ।" गाई-भैसी तथा मानिसको रोग निको पार्न लामाधामी बस्नु परेमा रतन पाँडेको नाम पुकारिने जीसीको भनाइ छ ।

### वडा नं १२ को विकास

कामै भएन भनेर स्थानीय सरकारलाई गाली गर्नेहरूले एउटै वडामा एक वर्षमा २९ वटा योजनाहरू सम्पन्न भएको देख्लान कि नदेख्लान ? काम भएन भनेर अनर्गल प्रचारबाजीमा रमाउनेहरू र चौतारामा बसेर मजाक गर्नेहरूका लागि वडा नं १२ का काम गतिलो झापड बनेको छ । वडाले २२ वटा वडा स्तरीय, २ वटा नगर स्तरीय, प्रधानमन्त्री स्वरोजगार कार्यक्रमतर्फ १ वटा, खानेपानी योजना १ वटा प्रदेश सरकारबाट, संघीय सरकारको २ वटागरी जम्मा २९ वटा योजनाका कामहरू सम्पन्न गरेको हो । यी सबै ठूला र साना योजनाहरूमा जम्मा रकम रू. १ करोड २२ लाख ९९ हजार ३ सय ९ रूपैयाँ खर्च भएको छ ।

वडास्तरीय योजनाअर्न्तगत जेष्ठ नागरिक तथा बुहारी सम्मानमा ३५ हजार, लोपोन्मुख मारूनी नाँच संरक्षण गर्न ६० हजार, कात्तिके जर्नेटा चुनढुंगा सामुदायिक वनको लागि १ लाख ८० हजार, भुतेधारा चण्डीभञ्ज्याङ् मोटरबाटो ३ लाख ५० हजार, खयरतुङ नामीकुवा मोटरबाटो निर्माणकालागि ४ लाख, स्वास्थ्य चौकीदेखि सर्वोदय मावि जाने मोटरबाटो निर्माणकालागि २ लाख, बतासेडाँडा लुहुङ्ग जोर्ते मोटरबाटो स्तरोन्नति २ लाख ४५ हजार, काभ्रे खानेपानी २० घन मिटर टंकी निर्माण ३ लाख, जुठेल्ना पानी संकलन योजना १ लाख, अपाङ्गता भएकाहरूलाई न्यानो कपडा वितरण ४० हजार, गर्भवती परीक्षणकालागि वेड खरिद योजना ६० हजार, आरन मर्मत तथा खानेपानी टंकी निर्माण गर्न ६० हजार, १ हजार दिनका आमालाई पोषण कार्यक्रम सञ्चालन गर्न ४० हजार, लोकादी चिदियार खानेपानी मुहान संरक्षण गर्न ५० हजार, बेरूवा खानेपानी मूल संरक्षण गर्न ५० हजार, कृषि औजार बनाउने तालिम तथा उपकरण वितरण गर्न १ लाख, मौवाडाँडा अवल मोटरबाटो (वडा गौरवको योजना) ७ लाख, चिनारी दुग्ध उत्पादन सहकारी भवन भुइँ ढलाइ गर्न १ लाख ५० हजार, जर्नेटा चुनढुंगा सामुदायिक वन वृक्षारोपण गर्न १ लाख गरी जम्मा ५९ लाख ८९ हजार ३ सय ९ रूपैयाँ बराबरको योजना सम्पन्न भएको छ ।

यसैगरी नगरस्तरीय योजनातर्फ बतासे लुहुङ् जोर्ते मोटरबाटो निर्माणका लागि २२ लाख, अगाहाखोला कुलो मर्मत गर्न १ लाख गरी २ वटा योजना सम्पन्न गर्न २३ लाख विनियोजन भई काम सम्पन्न भएको छ । प्रधानमन्त्री स्वरोजगार कार्यक्रमतर्फ मौवाडाँडा चोपबहादुर वि.कको घरदेखि हुमबहादुर विकको घरसम्म नयाँ मोटरबाटो निर्माण गर्न ३ लाख १० हजार खर्च गरी काम सम्पन्न भएको छ । वडामा राजुबास खानेपानी योजना २० लाखको लागतमा सम्पन्न भएको छ । प्रदेश सरकारबाट कोभिड-१९ लक्षित कार्यक्रमअर्न्तगत राहतमा आधारित बजेटबाट मजुवा कुलो मर्मत तथा कार्तिके जर्नेटा चुनढुंगा सामुदायिक वनमा पहुँच मार्ग निर्माण योजना २ लाखको लागतमा सम्पन्न भएको छ । स्थानीय पूर्वाधार विकास कार्यक्रम अर्न्तगत संघीय सरकारबाट २ वटा योजना सम्पन्न भए । जसमा बतासे लुहुङ् जोर्ते मोटरबाटो खण्डको लोकादीदेखि श्रीङखर्कसम्म मोटरबाटो निर्माण तथा स्तरोन्नति गर्न १० लाख र लुहुङ्ग शान्ति चौरमा योग तथा व्यायामको लागि ट्रस निर्माण गर्न ५ लाख बजेट खर्च भएको कुरा वडाध्यक्ष देवेन्द्र रानाले बताउनुभयो ।

### जुठेल्नोको खुसी

रकम थोरै देखिने तर स्थानीय स्तरमा नयाँ र प्रभावकारी देखिएको काम हो जुठेल्नो योजना । डाँडाकटेरी, वीरपोखरा, मौवाडाँडा लगायतका डाँडा भेगमा बसोबास गर्ने तर पानीको अभाव झेलिरहेका स्थानीयहरूको लागि वडाले बनाएको जुठेल्नोको पानी संकलन गर्ने योजना ज्यादै प्रभावकारी बन्यो । आर्थिक बर्ष २०७५/०७६ मा १२ वटा र २०७६/०७७ मा २५ वटा गरी जम्मा ३७ वटा जुठेल्नोको पानी संकलन गर्ने टंकीहरू बने । यस कार्यक्रमअर्न्तगत वडाले ४ हजार रूपैयाँ र स्थानीयको प्रतिघर ४ हजार रूपैयाँ गरी प्रति घर ८ हजारको लागतमा जुठेल्नोको पानी संकलन गर्ने टंकीहरू निर्माण भयो । घरायसी

काममा जस्तै : भाँडा माझ्दा, कपडा धुँदा, नुहाउँदालगायतमा प्रयोग गर्दा पोखिने पानीलाई संकलन गरी तरकारी खेतीमा लगाउँने गरिएको छ । तरकारीमा सबै घर आत्मनिर्भर बन्नुपर्छ भन्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष रानाले बताउनुभयो । यो कार्यक्रमबाट जुठेल्नो बनाएर प्रयोग गर्ने स्थानीयहरू निकै खुशी भएका छन् ।

**वडाका नियमित काम**

वडामा २०७६ वैशाखदेखि २०७७ चैत्र मसान्तसम्म ४६ जनाले विवाह दर्ता, ८४ जनाले जन्म दर्ता, ३७ जनाले मृत्यु दर्ता, ४ जनाले सम्बन्ध विच्छेद, ५ घर परिवारको बसाइसराइ भएको छ । यसरी वडामा यी पंक्ति तयार पार्दासम्म १ सय ७६ घटना दर्ता भएका छन् । वडाले तीन चरणमा सामाजिक सुरक्षा भत्ता समेत वितरण गरेको छ । सुत्केरी तथा पोषण कार्यक्रमअन्तर्गत १९ जनालाई ३ हजारका दरले ५७ हजार, ८ जनालाई १ हजारका दरले ८ हजार गरी ६५ हजार वितरण गरेको छ । वडाको गत आर्थिक वर्षको आन्तरिक आम्दानी १ लाख ९३ हजार ८ सय ४३ रूपैयाँ रहेको थियो ।

**वडा नं १२ मा कोभिड-१९**

कोभिड-१९ बाट तानसेन नगरपालिका वडा नं १२ पनि प्रभावित बन्यो । पहिलो चरणमा कोभिड-१९को निःशुल्क राहत वितरण तर्फ १ सय ६४ घर परिवारलाई २ लाख, ४२ हजार, ४ सय, ५० रूपैयाँ बराबरको खाद्यान्न वितरण गरियो । खाद्यान्नमा चामल २९ सय २५ केजी, दाल २९ सय २५ केजी, नुन १ सय ६८ प्याकेट, नुहाउने साबुन ३ सय २८ वटा, कपडाधुने साबुन ३ सय २८ वटा, तेल १ सय ९५ लिटर, चिनी १ सय ९५ केजी वितरण भएको छ । यसैगरी कोभिड-१९को सहुलियतमा राहत वितरण दोश्रो चरणको कार्यक्रमअन्तर्गत २ सय ११ घर परिवारलाई १ लाख, ९२ हजार, ३ सय ७५ रूपैयाँ बराबरको खाद्यान्न सामग्री वितरण भएको छ । जसअन्तर्गत चामल ४ हजार, २ सय ७५ केजी, आटा १ हजार ४ सय ५० केजी वितरण भएको हो । दोश्रो चरणको राहत वितरण कार्यक्रमबाट ९ सय २८ जना लाभान्वित भएका छन् । सरस्वतीनाथ प्रावि, रैनादेवी प्रावि, विष्णु प्रावि, लुम्बिनी मावि र होम क्वारेन्टीन गरी ४० जना क्वारेन्टाइनमा बसेर घर फर्के ।

कोभिड-१९ का कारण यस वडाका केही योजनाहरू सम्पन्न हुन सकेनन् । जसबाट ६ लाख २० हजार रूपैंया रकम फिर्ता भएको वडाध्यक्ष रानाले सुनाउनु भयो ।

**आगामी योजनाहरू**

आगामी योजनाहरूको बारेमा प्रश्न गर्दा वडाध्यक्ष रानाले बुँदागत रूपमा यसरी आफ्नो वडाको योजनाहरू रहेको सुनाउनुभयो ।

१. बतासेडाँडा हुँदै लुहुङ्ग सम्मको मोटरबाटोलाई पुरा गर्ने ।
२. कुहिरे भीरको छेउको भागमा बार लगाई पिकनिक स्पट तथा कुहिरे भीर र बरूणडाँडा जोड्ने सिसै सिसाको पुल बनाउन नगरपालिका हुँदै केन्द्र सरकारसम्म अनुरोध गर्ने । जसबाट साहसिक पर्यटनको प्रवर्द्धन गर्ने ।
३. रातेपोखरा डाँडामा अवस्थित लवर्स पोइन्ट ज्यादै सुन्दर भएकोले यसको प्रचार-प्रसार गर्ने ।
४. रतन पाँडेको साधना स्थलको गुरू योजना बनाई माथि पार्क र जानेबाटो पुरै भऱ्याङ् हालेर सिँढीयुक्त बनाउन पहल गर्ने ।
५. अहिले थाम्का डाँडामा युवाहरूको सक्रियताले पिकनिक स्पट तथा युवा जोडी घुम्ने स्थल बनेका कारण यस स्थानलाई युवा मैत्री तथा पिकनिक स्पट पार्कको रूपमा विकास गर्ने । यस स्थानमा १ सय ८ पीपल समेत रोपिएको छ । स्थानीय स्तरबाट विश्राम स्थल तथा बाल उद्यान्नसमेत बनेको छ ।
६. युवाहरूलाई कृषि, पशुपालन, पक्षी (मासुजन्य र दुग्ध पदार्थ) तथा आय-आर्जनका काममा लाग्न प्रोत्साहन गरी रोजगारीका अवसर बृद्धि गर्ने । यो काम भइरहेको पनि छ ।
७. निर्यातमुखी उत्पादनलाई प्रोत्साहन गर्ने ।
८. स्थानीय विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने ।
९. प्रत्येक टोल-टोलमा स्तरीय मोटरबाटो निर्माण गर्ने ।
१०. सबै घरमा क्रमागत रूपमा खानेपानीको विस्तार गर्ने ।

वडा नं १२ ले समग्रमा उत्कृष्ट काम गरे तापनि योजनाहरू पूरा गर्ने काममा केही प्राविधिक तथा आर्थिक समस्याहरू झेल्नु परेको छ । योजना सुरूदेखि फर्स्यौटसम्म नगरपालिका धाउनुपर्ने, उपभोक्ता समितिले प्राविधिक दृष्टिकोणभन्दा आफ्नै ढंगले काम गर्न खोज्ने प्रवृत्ति, प्राविधिकले स्टमेट गरेभन्दा बढी रकम योजनामा खर्च हुनु, योजना सम्पन्न गर्न असार मसान्त नै कुर्ने प्रवृति जस्ता समस्या नभएका होइनन् । यद्यपि वडामा रहेको टिमको कार्यकुशलता र खटाइले कामहरू गुणस्तरयुक्त र स्थानीयको मन जित्ने खालका भएका छन् ।

(पत्रकार)

# तानसेन-१३ बौघागुम्हाको समृद्धिको आधार कृषि र पर्यटन



- किरण कौशल

तानसेन नगरपालिका वडा-१३ कृषि र पर्यटन विकासको प्रचुर सम्भावना भएको वडा हो । स्थानीय तहको पुनःसंरचनासँगै निर्वाचित वडाका जनप्रतिनिधि र नगर सरकारको पहलमा केही विकासले गति लिन थालेको देखिन्छ । वडाध्यक्ष टुक प्रसादभट्टराई, कार्यपालिका सदस्य कमला भण्डारी, सदस्यहरु राधा वि.क. गीता भट्टराई र तुल बहादुर सोमरेले वडा नं. १३ को नेतृत्व गर्नुभएको छ । ५ सय ५२ घरधुरी रहेको वडामा छेर्लुङ्, केरवादी र बौद्यागुम्हा ३ वटा मुख्य टोल रहेका छन् । पर्यटकीय स्थल रानीघाट दरबार, मगर होमस्टे बौघागुम्हाले वडाको पर्यटकीय महत्त्व र वडाको आर्थिक समृद्धिको लागि बल पुगेको छ । कालिगण्डकीको किनारमा रहेको सुन्दर बस्ती र रमणीय फाँट रहेको वडाको प्रमुख विशेषता नै कृषिको विकास र पर्यटन प्रर्वद्धन रहेको छ । कालीगण्डकी करिडोरबाट तानसेन नगरलाई जोड्ने द्रुतमार्ग निर्माणको चरणमा रहेको छ । यो सडक निर्माणसँगै यस वडाको मुहारमा परिर्वतन आउने देखिन्छ ।



वडाध्यक्ष टुकप्रसाद भट्टराई

वडाका सबै स्थानमा १२ महिना सहज यातायात सेवा पुऱ्याउने, घर घरमा बिजुली बत्ती पुऱ्याउने, कृषि तथा पशुपालन पकेट क्षेत्र निर्माण गर्ने, एक घर एक धारा पुऱ्याउने लक्ष्य वडाले लिएको वडाध्यक्ष टुकप्रसाद भट्टराईको भनाइ छ । यातायातको असुविधा रहेको तल्लो भेग छेर्लुङ र केरवादीमा उत्पादित कृषि र पशुजन्य उत्पादन बजारिकरणमा समस्या भएकाले त्यसको सहजता नै वडाको विकासको प्राथमिकतामा परेको छ । पशुपालन क्षेत्रमा मिलनसार महिला उद्यमी सहकारी संस्थाले बाख्रापालनको स्रोत केन्द्र स्थापना गरेको छ । कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने उद्देश्य राखेको छ । पर्यटन विकासका लागि बौघागुम्हाको मगर होमस्टेमा एउटै प्रकृतिका छानाहरू भएको चिटिक्क घरहरू निर्माण गर्ने र मगर संग्रहालयको स्थापना गर्ने योजना वडाको रहेको छ । प्रदेश सरकारसँग समन्वय गरेर बौद्यागुम्हा होमस्टेलाई थप व्यवस्थित बनाउने र पर्यटकहरूको आर्कषणको केन्द्र बनाउने अभियान थालिएको छ । हाल रानीघाट दरबार रंगरोगन, शौचालय निर्माण, खानेपानीको व्यवस्थापन र सरसफाइका कामहरू निरन्तर नगरस्तरीय योजनाहरूबाट भइरहेकामा अझै थप र व्यवस्थित गदै जाने योजना पनि रहेको छ ।

यस वडामा गत आर्थिक वर्ष २०७५/०७६ मा ३५ लाख ७१ हजार र यस आर्थिक वर्षमा ३४ लाख ४१ हजार बजेट वडास्तरीय योजनाको लागि विनियोजन भएको पाइयो ।

## वडाका उपलब्धी

### शिक्षा

२ वटा विद्यालयमा सर्वोदय मा.वि र ज्ञान उदय प्रा.विको लागि बजेट विनियोजन गरेर कम्पाउन्डमा तारबार गरिएको छ । अभिभावकहरूलाई हाजिरी जवाफ प्रतियोगिता, जेहेन्दार विद्यार्थीहरू र अति गरिब विद्यार्थीहरूका लागि किताब र कापीसहितको स्टेसनरी सहयोग गरिएको थियो । जसबाट २३ जना विद्यार्थीहरू लाभान्वित भएका छन् । बोटे माझी समुदायको बसोबास रहेको राधाकृष्ण प्रा.विमा पढ्ने विद्यार्थीहरूका लागि नगरस्तरीय कार्यक्रममा एक/एक जोर स्कुल पोसाक विवरण गरिएको थियो । वडाका ४ वटा विद्यालयहरूमा भुइँ बसाइ व्यवस्थापन, बालबालिकाहरूको सिकाइमा सहजता ल्याउन, कागजका खेलौना निर्माण, अभिभावक र विद्यार्थी दुवैलाई तालिमहरू सञ्चालन गरिएको छ । राधाकृष्ण प्रा.वि परिसरभित्र रहेको राधाकृष्णको मन्दिरलाई विद्यालयको परिसरभन्दा बाहिर निर्माण कार्य गरिएको छ । जसले विद्यालयको पठन पाठनमा सहजता ल्याउने र धार्मिक धरोहरको संरक्षण पनि भएको छ ।

### कृषि र पशुपालन

युवा किसानहरूलाई लक्षित गरेर कृषि र पशुपालन व्यवसाय गर्न बिनाधितो ऋण प्रदान गर्ने कार्यक्रम नगरस्तरीय योजना रहेकोमा यहाँका युवाहरू पनि यसबाट लाभान्वित भएका छन् । गाई-भैसी पालनका लागि यी पंक्ति लेख्दासम्म (३ देखि ५ लाख) ८ जना युवाहरूले यो सुविधा लिएको वडाध्यक्षको भनाइ छ । ४ देखि ५ प्रतिशत व्याजदरमा ऋण लिनका लागि १८ जना युवाहरूले निवेदन दिएका छन् । यसलाई अझै वृद्धि गरिने योजना छ । वडाको माथिल्लो भागमा फापर खेती र तल्लो भागमा आधुनिक प्रविधिबाट तरकारी र खाद्यान्नबालीको खेती विस्तार गर्न खोजिएको छ । कृषि र पशु विकासका लागि किसानहरूलाई अनुदान वितरण, माटो परिक्षण र यान्त्रिकरण प्रयोगमा जोड दिने प्रयास भएको छ । केरवादी बस्तीको बझादीमा पोखरी निर्माण गरेर गाई वस्तुलाई पानी खुवाउने र तरकारी खेतीमा सिंचाइको व्यवस्था भएको छ । जसका लागि ३ लाख रकम विनियोजन गरिएको थियो । बाँझो रहेको जग्गामा खेती गर्न प्रोत्साहन गरिएको छ । उब्जाउ हुने जग्गा बाँझो राखेमा करको दायरामा ल्याउने नीति लागु गर्ने सोच वडाको रहेको छ । कतिपय स्थानलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गर्ने योजनासमेत रहेको छ । किसानहरूलाई लक्षित गरेर प्रति घर बीउ बाख्रा र १० वटा कुखुरा वितरण गरियो जसबाट २५ घर परिवार लाभान्वित भएका छन् । गैर सरकारी संस्थाको समन्वयमा आयआर्जन बृद्धिका लागि सामाजिक परिचालनको काम भइरहेको छ ।

### स्वास्थ्य

वडामा नयाँ स्वास्थ्य चौकी भवन निर्माण भएकाले स्वास्थ्य सेवा प्रवाहमा सहजता भएको छ । वडा कार्यालयको पहलमा नगरपालिका स्तरीय कार्यक्रम अर्न्तगत वडाका मुख्य तीन वटै बस्तीहरूमा घर/घर स्वास्थ्य परीक्षण, औषधि वितरण र आवश्यक परामर्श सेवा प्रदान गरिएको छ । नगरप्रमुखसँग जनता कार्यक्रमअर्न्तगत डाक्टरहरू सहितको टोली घर/घरमा पुगेर स्वास्थ्य सेवा प्रदान गरेका हुन् । वडाले सुत्केरी र गर्भवती महिलाहरूको पोषणलाई ध्यानमा राखेर २५ किलो चामल, दाल र तेललगायतका सामग्रीहरू समेत करिब ११ परिवारलाई वितरण गरेको थियो ।

### खानेपानी सुविधा

वडाका बस्तीहरूमा खानेपानीलाई व्यवस्थित गर्नका लागि आर्थिक वर्ष २०७५/०७६ मा १ लाख बराबारको खानेपानी पाइप खरिद गरेर वितरण गरिएको थियो । बोटेमाझी बस्तीमा खानेपानी समस्यालाई समाधान गर्न ५०० मिटर पाइप खरिद र खानेपानी पाइप मर्मत गरिएको थियो । खानेपानीको मूल संरक्षण र पाइप खरिद वडा र नगरस्तरीय योजनाबाट भएको थियो । धारा पीपल खानेपानी टंकी निर्माणका लागि ३ लाख, तिलके खानेपानी र रजभञ्जाङ खानेपानी मर्मतमा १ लाख दरले बजेट परिचालन गरिएको थियो । मूल संरक्षणका लागि बाँधखोलामा जाली भर्ने काम भयो । नगरस्तरीय मागमा आधारित योजनाको १ लाख ७१ हजारसमेत वडाको खानेपानीका लागि विनियोजन भएको थियो । वडाभित्रका बस्तीमा एक घर एक धारा निर्माणका लागि लिफ्ट खानेपानी योजनाको परिकल्पना भएको छ ।

### सडक र यातायात पहुँच

मेकोट देवीको मन्दिरसम्म पुग्ने देवस्थान पैदलमार्ग निर्माण कार्य गत वर्ष २ लाख ५० हजारको लागतमा सिँढी निर्माण तथा बाटोको स्तरोन्नति गरिएको छ । जसले यहाँ पुग्ने तीर्थयात्रीहरुको लागि सहज भएको छ । वडाकै आस्थाको केन्द्रको रूपमा परिचित भएकाले यहाँ हरेक दिन नित्य पूजा



हुनुका साथै चैते दसैं र वडा दसैंमा मेलासमेत लाग्दछ । ३ लाखमा कालिगण्डकी करिडोर सपौंदी मोडदेखि ठुलोपोखरासम्म जाने मोटरबाटो स्तरोन्नति, करिडोरदेखि अल्कालेक हुँदै ठुलोपोखरा जोड्ने मोटरबाटो १ लाखमा स्तरोन्नति र १ लाख लागतमा रक्सेदी ठुलोपोखरा नयाँ ट्क्याक खोल्ने काम भयो ।




**ठूला योजनाहरू**

प्रदेश र नगरस्तरीय योजनाबाट बौघागुम्हा, छेर्लुङ्, वरको रूख क्षेत्रमा खानेपानी आपुर्तिका लागि जि.आई पाइप खरिद गर्ने कार्य भएको छ । ११ लाख नगरपालिकाको, १५ लाख प्रदेश सरकारको बजेटले योजनाको सुरूवात गर्न खोजिएको छ । ५ वर्ष अगाडि डि.पिआर र सर्भे भएको योजनाको काम थालनी भएको छ । करिब १ करोड ५० लाख लागत अनुमान गरिएको योजनाबाट करिब ४ सय बढी परिवार लाभान्वित हुने छन् । नगरपालिकाको सहकार्यमा बिजुलीका काठका पोलहरूलाई हटाउने अभियान चलेको छ । यस आर्थिक वर्ष भित्र उक्त कार्य पूरा हुने छ । करिब १ सय ५० पोल गाडिएको र अब ८० पोल गाडेपछि काठका सबै पोल विस्थापन हुनेछ ।

**नगरस्तरीय योजनाहरू**

बौघागुम्हादेखि केरवादीसम्म जोड्ने मोटरबाटो चौडा र स्तरोन्नति गर्ने काम ८ लाख लागतमा भएको छ । जसमा साढे २ किलोमिटर नाली निर्माण र ७ मिटर चौडा सडक बनाउने काम भएको छ । मगरी होमस्टे रहेको बौघागुम्हामा संग्राहलय निर्माण गर्न आवश्यक संरचनाहरू निर्माणको थालनी भएको छ । कुँडुले घर निर्माण, पर्खाल र तारजाली ग्याविङ् निर्माण गरिएको छ । बहुवर्षिय योजनाको रूपमा ११ लाख लागत अनुमानमा काम भएको हो । करिब ४२ मिटर पर्खाल निर्माण भएको छ । कुडुले घरमा ३० जनासम्म बसेर सभा गर्न मिल्दछ । माझी र बोटे समुदायको बस्ती रहेको क्षेत्रमा करिब २४ घरमा सोलार बत्ती जडान गरेर उज्यालो बनाइएको छ । विजुली बत्ती पुग्न नसकेको र घरमा बिजुली जोड्न नसकेकाहरूको पहिचान गरेर सोलार वितरण गरिएको हो । वडाका सबै घरमा खरको छानालाई हटाउने काम पूरा भएको छ । ३५ घर परिवारलाई जस्तापाता वितरण गरिएको छ । बोटेमाझी बस्तीमा नगरप्रमुख पुगरे जनगुनासो सुन्ने काम भएको पाइयो ।

वडा नं. १३ को समृद्धिका लागि यहाँको कृषि र पशुपालनको विकाससँगै पर्यटन प्रर्वद्धनमा जोड दिनुपर्ने देखिन्छ । कृषि र पर्यटनको प्रचुर सम्भावना भए पनि सोहीअनुसारको लगानी र व्यवस्थापकीय पक्षमा थप बृद्धि र सुधारको खाँचो देखिन्छ । समृद्धिका लागि प्रमुख आधार कृषि र पर्यटन बनाउने विषयमा नगर सरकारको ध्यानसमेत जान आवश्यक छ ।

(सचिव, नेपाल पत्रकार महासंघ पाल्पा)

# परिवर्तन पर्छ्याउँदै तानसेन नगरपालिका-१४ अर्गली



- सुमन कार्की

धार्मिक दृष्टिकोटवाट नियाल्दा नेपालको पवित्र ४ धामहरूमध्ये एक धाम पाल्पामा पर्दछ । त्यो पनि हाम्रो नगरभित्र भन्ने विषयमा धेरैलाई ज्ञान नै नहुन सक्दछ । बत्तीमुनि अँध्यारो भन्नुको तात्पर्य यही हो । तानसेन नगरपालिकाको वडा नं.१४ साविकको अर्गलीमा नेपालको प्रसिद्ध ४ धाममध्ये एक धाम मानिने रूरू धाम पर्दछ ।



वडाध्यक्ष कमल राना



स्थानीयतहमा लामो समयदेखि जनप्रतिनिधिको रिक्तताले सुनसान जस्तै भएको रूरू क्षेत्रमा २०७४ पछि धार्मिक पर्यटक तीर्थाटनका लागि आउने क्रम बढेको छ । जनप्रतिनिधि आइसकेपछि यस क्षेत्रको विकास, पूर्वाधार निमार्णका साथै केही प्रचार प्रसारका कारणले धार्मिक पर्यटकको संख्यामा समेत वृद्धि भएको हो भन्ने स्थानीय वासिन्दाहरूको बुझाई छ ।

यस वडामा गौरवका विषय खोतल्दै जाँदा अनगिन्ती भएको र त्यसको संरक्षण, सम्बर्द्धन, प्रचार-प्रसारका लागि स्थानीय सरकारको तर्फवाट सकारात्मक पहल भएको स्थानीय जनप्रतिनिधि सीता ज्ञवालीको भनाइ रहेको छ । खाद्यान्न उत्पादनका लागि उर्वर भूमि पनि यहीँ छ । यहाँका अधिकाँस कृषकहरू व्यावसायिक खेतीतर्फ उन्मुख भएको देखिन्छ । स्थानीय कृषकहरूको मुख्य आम्दानीको श्रोत नै दुध उत्पादन, तरकारी खेती एव्म बाख्रा पालन भएको स्थानीय कृषक वेणीराम गैरे बताउनुहुन्छ ।

मणिमुकुण्द सेनद्वारा हृषीकेश मन्दिरको नियमित पूजा-आजा नरोकियोस् भनी नियमित पूजाको लागि आवश्यक पर्ने अक्षता निरन्तर उपलब्ध भैरहोस भन्ने उद्देश्यका साथ अर्गली फाँटमै धान उत्पादन गर्ने उद्देश्यले १६औं शताब्दीमा निमार्ण गराएका कुलो जसलाई राज कुलो भनेर चिनिन्छ । यही कुलोका



विषयमा स्नाकोत्तर तहका देश तथा विदेशका धेरै विद्यार्थीहरूले शोधपत्र समेत तयार गरिसकेको स्थानीय वासिन्दा तुलसी पाण्डे बताउनुहुन्छ ।

साविकको अर्गलीले राज्यको पुनसंरचनाका क्रममा तानसेनको वडा नं. १४ को दर्जा प्राप्त गरेको छ । २०६८ को जन गणनाअनुसार झण्डै ३५०० जनसंख्या रहेको यस वडालाई मूलतः अर्गली भनेर चिनिन्छ । चारधाममध्येको एक धाम मानिने

रूरू रिडी क्षेत्रमात्र नभई, हृषिकेश आश्रम, और्वआश्रम, सत्तेश्वर महादेव, ऐतिहासिक अर्गली दरबारसमेत यस वडाभित्र पर्दछन् । कालीगण्डकी यसै वडा हुँदै वगेको र रिडी नदी किनारामा शालिग्राम पर्याप्त पाइने हुँदा यस वडाको थप महत्त्व छ । और्व गल्लीबाट अपभ्रंस भै यस ठाँउको नाम अर्गली रहन गएको हुन सक्ने प्राचीन मान्यता रहेको छ ।

राज्यको पुर्नसंरचना भएपछिको पहिलो स्थानीय निर्वाचनपछिको निर्वाचित जनप्रतिनिधि एवम् वडा अध्यक्ष कमल रानाको बुझाइमा यस वडाभित्र पर्यटकीय, सांस्कृतिक, धार्मिक महत्त्व बोकेका स्थान धेरै छन् । जनताको जीवनस्तरमा प्रत्यक्ष रूपमा अनुभूति र अनुभव हुने काम गर्दा धेरै विषय छुटेका छन् । अर्कोतर्फ जनताका इच्छा र आकांक्षा धेरै छन् तर सीमित स्रोत र साधनले काम गर्नुपर्दा सबै पूरा गर्न नसकिने अध्यक्षको अनुभव छ ।

गत आर्थिक वर्षको लागि नगर परिषदबाट पारित योजनाहरू, नगरको गौरवको आयोजना र वडास्तरीय बस्तीबाट छनौट भएका योजनाका लागि करिब १ करोड १५ लाख रूपैयाँ विनियोजन भएको थियो । आर्थिक वर्षमा वडाले गरेको ठूला योजनामध्ये सिंचाइका लागि चारकुलो लिप्टिङ्, लिप्टिङ् खानेपानी साथै ख्याहा अर्गली मोटरबाटो रहेको छ । स-साना योजनामा कृषि, पशुपालन, तरकारी संकलन केन्द्रको निर्माण, स्वास्थ्य, शिक्षा जस्ता विषयमा पनि वजेटले यथासक्य सम्बोधन गरेको छ ।

आर्थिक वर्षको अन्तिममा आइपुग्दा ठूला-ठूला योजना तथा विकास निमार्णको कामलाई सम्पन्न गर्न कोभिड-१९ को संक्रमणको जोखिमवाट सरकारले लगाएको लकडाउनका कारण प्रभावित भए पनि वडाभित्र भ्युटावर र ठूलो शिवलिङ्को निमार्ण कार्य सम्पन भैसकेको र पर्यटकीय क्षेत्रको रूपमा और्व आश्रम निर्माणको काम हुँदै गरेको वडा अध्यक्ष रानाले जानकारी दिनुभएको छ ।

**समस्या**

नगरपालिकाको केन्द्र निकै टाढा, योजना सम्झौता, फरफारकका लागि उपभोक्ता समितिले निकै सास्ती खेप्नु परेको गुनासो छ । सरकारले सबै वडाहरूमा प्राविधिक पुऱ्याउने भने पनि सो हुन नसकेको कारण प्राविधिक समस्या वडामा बेलाबेलामा आइरहने भएको छ । योजना सम्पन्न गर्नका लागि गठित उपभोक्ता समिति र आम जनताहरूमा श्रमदान गर्नुपर्दछ भन्ने विषयमा बुझाउन नसकिएको वडाध्यक्ष रानाको भोगाइ छ ।

**सिकाइ**

कुनै पनि सानो तिनो योजनाको लागि आफूले प्रत्यक्ष रूपमा निगरानी बढायो भने काम गुणस्तर, भरपर्दो, बलियो हुने रहेछ । अर्कोतर्फ  विकास र निर्माणको काम गर्दा विकल्प खोज्नु तथा छान्नु पनि पर्दोरहेछ भन्ने अनुभव भएको छ । शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा जनताको बढी अपेक्षा रहेको छ ।

यो सिकाइ एवम् बुझाइ हो । त्यसैगरी योजनाको निरन्तर रूपमा अनुगमन गर्नुपर्दो रहेछ । न्यूनतम श्रोत र साधनको प्रयोगले अधिकतम काम गर्नुपर्दा जनतालाई पनि विकास निमार्णमा सहभागी गराउनुपर्दो रहेछ जसले गर्दा योजनामा अपनत्व गराउनुको साथै दिगोपन ल्याउछ ।

**उपलब्धी**

योजना प्राथमिकीकरण, राम्राकाम, भएको कार्यको दिगोपन, प्रत्यक्ष रूपमा जनता लाभान्वित भएको, विकास निमार्णको कामले जनतामा विकासको अनुभूति भएको ।

**अन्त्यमा**

वडाध्यक्ष राना भन्नुहुन्छ- हाम्रो वडामा प्राकृतिक, सांस्कृतिक सबै कुरा छ त्यसको व्यवस्थापन, प्रचार-प्रसार गर्न नसक्दा पछाडि परेका छौँ । कृषि अन्तर्गत मौसमी बेमौसमी तरकारी, फलफूल, मकै, धान, पशुपालनका सवालमा बाखापालनले सफलता हासिल गरेको छ । पुरातात्विक, धार्मिक सम्पदा पनि छन् । छिट्टै निर्माण हुने तीन जिल्ला जोड्ने तिनमुखे पुलको निमार्ण कार्य पनि अन्तिम चरणमा पुगेको छ । सेनकालीन ऐतिहासिक सभ्यता र संस्कृति, पौराणिक धार्मिक संस्कृति, आधुनिक सभ्यता र संस्कृतिको भण्डार अर्गली स्वभावैले तानसेन नगरको एक महत्त्वपूर्ण वडाको रूपमा रहेको छ तथापि यो वडा पुरानो तानसेन नगरपालिकामा मिसिन आएको हुनाले ग्रामीण वडाहरूलाई हेर्ने नगरको दृष्टिकोण फरक भएको हुनसक्ने सामाजिक कार्यकर्ताहरूको गुनासो छ ।

(पत्रकार)

# सहकारी अभियानमा नयाँ ढङ्गले अगाडि बढौं



- दुर्गा बहादुर थापा



वर्तमान समयमा राज्यले सहकारी क्षेत्रलाई अत्यन्तै महत्त्व दिएको छ । नेपालको संविधानले संघ र प्रदेशको साझा अधिकार, प्रदेशको एकल अधिकार, प्रदेश र स्थानीय सरकारहरूको साझा अधिकार र स्थानीय सरकारको एकल अधिकारको रूपमा सहकारी क्षेत्रलाई प्राथमिकता दिई तत्तत् सरकारको अधिकार क्षेत्रभित्र राखिएको छ ।

स्वावलम्वन र पारस्पारिकताका आधारमा देशका कृषक, कालीगढ, कम पुँजीवाल र निम्न आय वर्गका श्रमिक, भूमिहीन तथा बेरोजगार वर्गलाई उनीहरूकै अग्रसरतामा उनीहरूमा रहेको पूँजी प्रविधि र प्रतिभालाई एकीकृत र परिचालन गर्नु हालको आवश्यकता हो । त्यस्ता वर्गको आर्थिक सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्ने उद्देश्यका साथ उनीहरूकै अग्रसरता र अपनत्वमा सहकारी संस्थाहरू सञ्चालन भएका हुन्छन् । सामाजिक व्यवसायको माध्यमबाट सदस्यहरूको आर्थिक र सामाजिक विकास तथा सांस्कृतिक उन्नयन नै सहकारी संस्थाहरूको प्रमुख ध्येय रहेको हुन्छ ।

आफूलाई आवश्यक रहेको विषयगत सहकारी संस्थामा आवद्ध रही सामाजिक व्यवसायका माध्यमबाट आफ्नो क्षमता र हैसियतअनुसारको योगदान गर्ने र सोहीअनुसार लाभ हासिल गर्न सहकारी सदस्यहरू क्रियाशील हुन्छन् । संस्थाको वर्गीकरणका हिसाबले उत्पादक संस्था, उपभोक्ता संस्था, वित्तीय संस्था, श्रमिक संस्था, बहुउद्देश्यीय संस्था र अन्य संस्थाहरू समेतजुनसुकै रूपका सहकारी संस्थाहरूमा आवद्ध रहे तापनि सदस्यहरू साधारण नून तेलको जोहोदेखि आफ्ना विविध आर्थिक र सामाजिक समस्याहरू समाधानमा तल्लीन हुन्छन । मालिक आफै, लाभ आफै, नियन्त्रण आफै भन्ने भावनाले सदस्यहरूलाई सशक्तीकरण गरिरहेको हुन्छ ।

राज्यको हालैको आवधिक योजनामासमृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना गरिएको छ । यसमा सरकारी, सहकारी र निजी क्षेत्र सम्मिलित तीन खम्बे अर्थनीति अवलम्बन गरिएको छ । दिगो विकास लक्ष्य प्राप्तिमा समेत सहकारीको योगदान अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

देश नयाँ संघीय राज्य व्यवस्थामा अघी बढेको वर्तमान सन्दर्भमा नयाँ सहकारी ऐन, नियमावलीसमेत जारी भैसकेकोले हाल सहकारी संस्थाहरूलाई कार्यक्षेत्रमा विविधीकरण गरी सहकारी अभियानमा प्रेरित गर्नु आवश्यक रहेको छ ।

स्थानीय सरकारको क्षेत्राधिकार सहकारी क्षेत्रमा रहेबाट हालको नयाँ व्यवस्थाले नगर सरकारलाई नगरपालिकाभित्रका सहकारीहरूसँग ज्यादै नजिकबाट सहकार्य गर्ने पद्धतिको थालनी भएको छ । यसतर्फ तानसेन नगरपालिकाबाट सहकारी

दर्ता, अनुमति, खारेजी र विघटनलगायत नियमन, अनुगमन, प्रवर्द्धन र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन् । साथै नगरस्तरमा रहेका सहकारी संस्थाहरूको संस्थागत विकास र रणनीतिक सहयोगमा नगरपालिकाले जिल्ला सहकारी संघ, जिल्ला वचत सहकारी संघ, राष्ट्रिय सहकारी महासंघ, सहकारी विभाग र भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग समन्वय तथा सहकार्य गरिरहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन जारी भएपश्चात्को यस अवधिमा तानसेन नगरपालिकाले तानसेन नगरपालिकाको सहकारी ऐन, २०७४ जारी गरेको र सहकारी संस्थाहरूको लागि प्रथम चरणमा क्षमता विकास, दोस्रो चरणमा सम्पूर्ण सहकारी संस्थाहरूको रणनीतिक योजना निर्माण कार्यमा सहयोग, तेस्रो चरणमा सघन अनुगमन र चौथो चरणमा सहकारी सञ्जाल निर्माण तथा क्षमता विकासका कार्यक्रमहरू सम्पन्न गरेको छ ।

२०७७ आषाढ मसान्तसम्म तानसेन नगरपालिका क्षेत्रभित्ररहेका ११कृषि, १७ वचत तथा ऋण, १२ बहुउद्देश्यीय, १ अदुवा, ३ दुग्ध, २ कफी र ३ अन्य सहकारी संस्था गरी कुल ४९ वटा विभिन्न विषयगत सहकरी संस्थाहरू रहेकोमा विद्यमान संस्थाहरूमा २५९१२ सेयर सदस्यहरू, ४३० सञ्चालक, १३६ जना कर्मचारीहरू आवद्ध रहेका छन । वित्तीय रूपमा १९,४२,७६,३५०।- सेयर पूँजी, ४,७७,४१,५६४।- जगेडा कोष, १,४१,८२,२२,३३८।- वचत संकलन भई १,३९,०३,३७,६३७।- ऋण परिचालन भएको छ । हालको कोभिड-१९ महामारिका कारण तरलता केही बढी रहेको देखिन्छ ।

नगरपालिकाभित्र रहेका उल्लिखित विभिन्न सहकारी संस्थाहरूले समाजको समृद्धि र दिगो विकासतर्फ महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन । सहकारी संस्थाका पदाधिकारीहरूले सहकारी अभियान सञ्चालनमा प्रभावकारी कदमहरू चालेको अवस्था छ । सहकारी अभियन्ताहरूको सोँच, विचार, चिन्तन र योगदानका कारण नगर क्षेत्रमा रहेका संस्थाहरूले ऊर्जा हासिल गरेका छन । नगरपालिकामा रहेका सहकारी संस्थाहरूमध्ये ५ वटा सहकारी संस्थाहरू क्रियाशील देखिँदैनन् भने २ वटा सहकारी संस्थाहरू समस्याग्रस्त अवस्थामा रहेको देखिन्छ । यसो हुनुमा सहकारी संस्था गठन गर्दा हतारिलो भावनात्मक रूपमा सहकारीको स्थापना हुनु र कतिपय अवस्थामा सरकारी वा दातृनिकायको बलमै सहकारी संस्थाको गठन हुनु प्रमुख कारण रहेको देखिन्छ । यसमा सहकारी संस्थाका पदाधिकारीहरू जिम्मेवारी र दायित्व विर्सेर उदासीन रहेको अवस्था छ तर यसको जिम्मेवारीबाट कोही पनि उम्किन सक्ने अवस्था रहँदैन । सहकारी संस्थापकका तत्कालका योजना, विचार र चिन्तनले कुनै व्यवसाय वा कम्पनी जस्तै, कतिपय बाह्य लाभ र सरकारी क्षेत्रको अनुदानप्रति आकर्षित भएर सहकारी संस्था दर्ताको लागि अगाडि बढियो भने सहकारी संस्थाका सदस्यहरूलाई धोका हुन सक्दछ । यस शैलीले सहकारी अभियानलाई समेत घात गर्दछ । संस्था दर्ता गर्ने कार्यमा परिकल्पना र उद्देश्यभन्दा पनि सहकारी संस्थाको मूल्य, मान्यता र सिद्धान्तका साथै संस्थाले सञ्चालन गर्ने क्रियाकलापहरू महत्त्वपूर्ण हुन्छन । परिकल्पना, लक्ष्य र उद्देश्यहरू उच्च राख्ने तर कुनै प्रभावकारी क्रियाकलापहरू सञ्चालन गर्न नसक्ने गरी सहकारी संस्थाहरू अगाडि बढाउनुभन्दा सहकारी संस्था नै सञ्चालन नगर्नु उत्तम विकल्प हुन्छ ।

नयाँ सहकारी ऐन, नियमावलीसमेत जारी भैसकेकोमा ऐन र नियमावली अनुसार कतिपय सहकारी संस्थाको विनियम तथा कार्यविधिहरू संशोधन र अद्यावधिक हुन सकेका छैनन् ।

दिशाहीनता र योजना विहीनताले सहकारी अभियान अगाडि बढ्न सक्दैन । यसको लागि सहकारी संस्थाका पदाधिकारीहरू बढी जिम्मेवार हुनुपर्ने देखिन्छ । वर्षौ देखिका नियमित प्रक्रियाभन्दा अब आफ्ना सदस्यहरूको लागि पूर्ण सेवा दिन सक्ने गरी संस्थाले आफ्ना कार्यहरूलाई अगाडि बढाउन आवश्यक रहेको छ । नगरस्तरीय सहकारी अभियानको सन्दर्भमा संख्यात्मक भन्दा गुणात्मकढङ्गले अगाडि बढौं ।

जय सहकारी ।

(वरिष्ठ अधिकृत)

# तानसेन नगरपालिकाबाट ग्रामीण बजार अनुगमन

तानसेन नगरपालिका, बजार अनुगमन समितिबाट ग्रामीण भेगका विभिन्न बजारमा अनुगमन गरिएको छ । कात्तिक २० र २१ गते दुई दिन गरी नगरपालिकाको वडा नं. ८ र ९ का विभिन्न बजारमा अनुगमन गरिएको हो । उक्त दुई दिन नगर क्षेत्रको मदनपोखराको अम्लिहान, दमकडा, तिन्टीआँप, डुम्रे, जरेपीपल, नयाँपाटीलगायतका ग्रामीण बजारमा अनुगमन गरिएको छ ।



तानसेन नगरपालिकाका बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समितिका संयोजक एवम् कार्यवाहक नगरप्रमुख लक्ष्मीदेवी पाठकको विशेष उपस्थिति र बजार अनुगमन समतिकि संयोजक एवम् प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, पाल्पा उद्योग वाणिज्य संघ, पाल्पा व्यापार संघ, नेपाल पत्रकार महासंघ पाल्पा लगायतका प्रतिनिधि र बजार अनुगमन समितिमा संलग्न पदाधिकारीहरूबाट सघन रूपमा अनुगमन कार्य गरिएको हो । यस पटकको अनुगमनमा दि एसिया फाउन्डेसनका लुम्बिनी प्रदेश संयोजक चुरामणि पोखरेल, उपभोक्ता हित संरक्षण मञ्चका कन्द्रीय उपाध्यक्ष केशवराज शर्मा, केन्द्रीय सदस्य वसन्त न्यौपाने, जिल्ला अध्यक्ष कृष्णप्रसाद अधिकारी र जिल्ला सचिव कमलराज तिमिल्सेनाको सहभागिता रहेको थियो ।

बजारमा हुने कालोबजारी नियन्त्रणको लागि यसपटक ग्रामीण भेगमा रहेका बजारलाई प्राथमिकता दिएर अनुगमन गरिएको हो । बजार अनुगमन समितिका संयोजक बेल्बासेका अनुसार- 'यस पटक ग्रामीण भेगमा खाद्यवस्तु खरिद गर्दा उपभोक्ता ठगिन सक्ने सम्भावनालाई ध्यान दिई अनुगमन गरिएको साथै पहिलो चरण भएकोले व्यापारीलाई सचेत गराउँदै गुणस्तरहीन सामग्री बरामद गरिएको छ' । आगामी दिनमा अनुगमन कार्यलाई अझ बढी प्रभावकारी रूपमा अगाडि बढाइने कार्यक्रम तय गरिएको उहाँले बताउनुभयो ।

अनुगमनका क्रममा म्याद गुज्रेका विभिन्न खाद्यवस्तु बिक्री गरेको, मूल्यसूची नभएको, कतिपय पसल दर्ता नै नगरेको, दर्ता भएपछि समयमा नवीकरण नभएको फेला परेका छन् । ५० हजार बराबरको म्याद गुज्रेका र गुणस्तरहित खाद्यसामग्री बरामद गरेर नष्ट गरिएको छ । बोतलको पानीसहित विभिन्न पेय पदार्थ, बिस्कुट, सूजि, कस्मेटिकका सामग्री बरामद गरिएको छ । आगामी दिनमा थप कडाइका साथ अनुगमन गरिने र अर्को पटकको अनुगमनमा यस्तो गतिविधि गरेको पाइएमा कानुन बमोजिम कारबाही गरिने कार्यवाहक नगरप्रमुख पाठकले बताउनुभयो । तानसेन नगरपालिकाले आवश्यकता अनुसार बजार अनुगमन कार्यलाई निरन्तरता दिएको छ ।

**– दुर्गा थापाबाट**

# हिरण्यलाल श्रेष्ठलाई सम्झिएको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषबारे केही कुरा



- गोविन्द भट्टराई



तानसेन नगरपालिकाद्वारा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ (पहिलो पटक) सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीका हातबाट ग्रहण गर्दै वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठ (२०७७ असोज ६ गते ११ बजे , शितलनिवास, काठमाडौं)

तानसेन नगरपालिकाले स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ पहिलेपटक पुष्पलालका समकालीन व्यक्तित्व, वरिष्ठ पत्रकार, लेखक तथा परराष्ट्रविद हिरण्यलाल श्रेष्ठलाई असोज ६ गते राष्ट्रपति भवन शीतलनिवासमा भव्य समारोहबीच सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले प्रदान गर्नुभयो । पुरस्कार व्यवस्थापनका लागि स्थापना भएको स्वायत्त संस्था पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष-२०७५ को २०७६ माघ १८ मा सम्पन्न प्रथम साधारणसभाको सर्वसम्मत निर्णयअनुसार नै पुरस्कार प्रदान गरिएको हो । पुष्पलाल स्मृति दिवसमा तानसेनमा पुरस्कार प्रदान गर्ने भनिएकोमा कोरोना संत्रासका कारण २०७७ असारमा कार्यक्रम आयोजना गर्न सकिएको थिएन ।

कोषका संयोजक वरिष्ठ पत्रकार शम्भु श्रेष्ठको सभापतित्व तथा संरक्षक एवम् तानसेन नगर प्रमुख अशोककुमार शाहीको आतिथ्यतामा सम्पन्न प्रथम साधारणसभामा स्वागत मन्तव्य कोषका सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका तत्कालीन कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले राख्नुभएको थियो । कोषका सदस्य सचिव गोविन्द भट्टराईको सञ्चालन तथा कोषका सदस्य एवम् नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष राजेशकुमार अर्यालको माइन्युट लेखनमा सभा चलेको थियो । सभामा वरिष्ठ पत्रकार एवम् व्यक्तित्व सिफारिस समितिका संयोजक दिल साहनीले सिफारिस गरिएका व्यक्तित्वहरू क्रमशः हिरण्यलाल श्रेष्ठ, भैरव रिसाल र अर्जुन ज्ञवालीको नाम सिफारिस गर्नुको औचित्यबारे प्रकाश पार्नुभएको थियो । सभामा संयोजक,

सहसंयोजक, सिफारिस समितिका सदस्य वरिष्ठ पत्रकार मेघराज शर्मा तथा अन्य सदस्यहरूले सिफारिस व्यक्तित्वहरूको बारेमा आआफ्नो राय प्रकट गर्नुभएको थियो । हिरण्यलाल श्रेष्ठलाई पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ प्रदान गर्नुपर्दछ भन्ने सर्वसम्मत निर्णय भएको थियो ।



नेपालको लोकतान्त्रिक आन्दोलनका अगुवा तथा कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठको स्मृतिमा पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कारकालागि तानसेन नगरकार्यपालिकाको गठन आदेश २०७५ बाट पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ सञ्चालक समिति गठन भएको हो । नेपालको पत्रकारिता क्षेत्रमा आजीवन समर्पित भएर पत्रकारिताको माध्यमबाट राष्ट्र, राष्ट्रियता, राष्ट्रिय एकता र लोकतन्त्रको संस्थागत विकासको निम्ति पत्रकारिता तथा लेखन क्षेत्रबाट उल्लेखनीय योगदान पुऱ्याएका एकजना वरिष्ठ पत्रकारलाई हरेकवर्ष पुष्पलालको जन्म जयन्तीको अवसरमा उक्त पुरस्कार प्रदान गरिने निर्णयसहित कोष क्रियाशील रहेको छ । कोषमा पत्रकारिता र लेखनसँग जोडिएका विभिन्न क्षेत्रमा स्थापित पत्रकार तथा लेखकहरूको समावेशी सहभागिता रहेको छ । राष्ट्रिय स्तरको समिति हुनाले नगरकार्यपालिकाले पाल्पा बाहिरबाट पनि समितिमा निश्चित व्यक्तित्वहरूको सहभागिता गराएको पाइन्छ । कोषको वर्तमान स्वरूप २०७५ माघ ८ गते तय भएकोले सोही आधारमा प्रथम वार्षिक साधारणसभा आयोजना गरिएको हो ।

**कोषको मुख्य उद्देश्य निम्न अनुसार छ–**

(क) लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्मरणीय बनाउने ।

(ख) मर्यादित र पेसागत पत्रकारिताको विकास गर्न नेपाली पत्रकारहरूलाई प्रोत्साहित गर्नु ।

(ग) राष्ट्रियता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्यायका लागि पैरवी गर्ने ।

**कोषको अवस्था**

तानसेन नगरपालिका पाल्पाद्वारा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ मा २०७४ देखि हालसम्म नगरपालिकाले अक्षयकोषको रूपमा रहनेगरी पहिलो पटक एकमुष्ठ १० लाख र दोस्रो पटक ५ लाख समेत ३ वर्षको रू १५ लाख निकासा गरिगरिसकिएको छ । उक्त रकम नेपाल बैक लि. तानसेनमा समितिको नाममा मुद्दती खातामा जम्मा गरिएको छ । मुद्दती खाताबाट प्राप्त व्याज मात्र खर्च गर्न सकिने मूलधन मास्न नपाइने प्रावधान रहेको छ । पुरस्कार कोषको रकम बृद्धि गर्ने उद्देश्यले अन्य स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारलाई समेत सहयोगका लागि अनुरोध भएकोमा तानसेनबाहेक अन्यत्रबाट सहयोग जुटेको छैन । भविष्यमा सहयोगक्षेत्र बृद्धि हुने अपेक्षा राख्न सकिन्छ ।

**कोषको वैधानिकता**

मिति २०७५ माघ ८ गते गठित यस समितिलाई तानसेन नगरपालिकामा (२०७६ असार ३१ गते द.नं. ००१) दर्ता गर्नुका साथै प्रदेश नं ५ , आन्तरिक मामिला तथा कानून मन्त्रालयमा समेत (२०७६ असोज १३, द.नं. ००३/०७६/०७७) दर्ता गरिएको छ । कोषको लेखा परीक्षकमा दिवाकर अर्याल नियुक्त हुनुभएको छ ।

**महत्त्वपूर्ण बैठक र उल्लेखनीय निर्णय**

कोषको पहिलो बैठक २०७५ चैत्र २२ गते संयोजक शम्भु श्रेष्ठको अध्यक्षतामा बसेको थियो । कोषको बैठक ६–६ महिनामा बस्ने वैधानिक व्यवस्था हुनाले तत्काल कामका लागि बैठकले आवश्यक कायार्थ शम्भु श्रेष्ठ संयोजक, मेघराज शर्मा, गोपाल बस्याल, सन्तोष खनाल र गोविन्द भट्टराई रहेको कार्यसम्पादन समिति गठन गरेको थियो । संस्थाको विधान, नियमावली, कार्यविधि मस्यौदाका लागि सदस्य राजेशकुमार अर्याल संयोजक, सदस्यहरू झपेन्द्र गहिरे, प्रेस संगठनको प्रतिनिधि, गणेश ज्ञवाली, सुशीला श्रेष्ठ रहेको उपसमिति गठन गरेको थियो । उपसमितिहरूले आफ्नो काम सम्पादन गरेका छन् ।

कोषको दोस्रो बैठक २०७६ असार १८ गते र तेस्रो बैठक २०७६ असार १९ गते सम्पन्न भयो । ती बैठकमा कोषको

विधान, कार्यविधि पारित गरिनुका साथै कोष दर्ता गर्ने, बैंक खाता खोल्ने, कोषको छाप, लोगो तयार गर्नेलगायतका निर्णय गरेको थियो । निर्णयअनुसार काम सम्पादन गरिएको जानकारी गराउन चाहन्छु । समितिको चौथौ बैठक २०७६ भाद्र ६ गते बसेर विभिन्न निर्णय गरेको थियो । सोही बैठकले पहिलो पटक पुरस्कार प्रदान गर्नका लागि कोषका सदस्य दिल साहनी संयोजक, सदस्यहरू मेघराज शर्मा र सुशीला श्रेष्ठ रहेको व्यक्तित्व सिफारिस उपसमिति गठन गरेको थियो । उपसमितिले तोकिएकै मितिमा प्रतिवेदन बुझाएको थियो । पुरस्कार प्रदान लगत्तै वर्तमान परिवेशअनुरूप २०७७ असोजमा भएको बैठकले लेखा परीक्षक नियुक्त गरेको छ । पुरस्कार प्रदान गरिदिनुभएकोमा सम्माननीय राष्ट्रपतिलाई आभार प्रकट गर्नुका साथै पुरस्कार स्थापना गर्न सहयोग गर्ने तानसेन नगरपालिकालाई कोषको वैठकले धन्यवाद ज्ञापन गरेको छ ।

कोषको प्रथम साधारण सभाले कोषलाई स्वतन्त्र र स्वायत्त संस्थाको रूपमा विकसित गर्दै नेपाली समाजको रूपान्तरण र विकासमा पत्रकारिताका माध्यमबाट योगदान गर्ने व्यक्तिहरूको सूची बनाई सम्मानित गर्दै जाने नीति अघि सारेको छ । सभाले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको स्मृतिमा तानसेन नगरपालिकाद्वारा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदानगर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरेको हो । पुष्पलालको स्मृतिमा स्थापित यस कोषको पहलमा पुष्पलाल पार्क, अध्ययन केन्द्र निर्माणका लागि समेत छलफल भएको छ ।

वरिष्ठ पत्रकार दिल साहनीको संयोजकत्वमा गठित सिफारिस समितिले पुष्पलालका समकालीन, राष्ट्रियता र देशभक्तिका मुद्दामा सदैव दृढ रहनुभएका डेली डायरी साप्ताहिक, रातो युगधारा साप्ताहिक र जन जागृति साप्तहिकका प्रधान सम्पादक, विभिन्न पुस्तकका लेखक हिरण्यलाल श्रेष्ठलाई पुरस्कार प्रदान गर्दा कोषको गरिमा र ओज बढ्ने रायसहित सिफारिस गरेको थियो । जनजागृतिमा लेखेको सम्पादकीयले तत्कालीन व्यवस्थालाई आघात पुगेको निहुँमा हिरण्यलाललाई ३ वर्ष कैद सजाय भएको थियो । राष्ट्रियता, स्वाधीनता र राष्ट्रिय अखण्डताका पक्षमा दृढताका साथ उभिनुभएका, पुष्पलालको विचार र योगदानलाई पत्रकारिताका माध्यमबाट जनजनमा पुऱ्याउन सशक्त भूमिका निर्वाह गर्नुभएका श्रेष्ठ नेपाली पत्रकारितामा सिद्धहस्त व्यक्ति हुनुहुन्छ । पुरस्कारको राशी १ लाख ११हजार १ सय ११ रूपैंयाँ रहेको छ । ताम्रपत्र, पाल्पाली ढाकाको दोसल्ला, ढाकाटोपीसमेत पुरस्कार सामग्री स्वरूप हिरण्यलाल श्रेष्ठलाई प्रदान गरिएको थियो । श्रेष्ठले आफूलाई सम्झेकोमा कोष तथा तानसेन नगरपालिका परिवारलाई धन्यवाद व्यक्त गर्नुभएको छ ।

पुष्पलालको जन्मदिनको अवसर पारेर २०७७ सालको असार १४ गते तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी पुरस्कार प्रदान गरिने निर्णय भएकोमा कोरोना संन्त्रासका कारण २०७७ असोज ६ गते राष्ट्रपति निवासमा विशेष समारोहबीच पुरस्कार प्रदान गरिएको हो । सम्माननीय राष्ट्रपतिज्यूबाट तानसेन नगरपालिकाका मेयरलगायत नगरपालिका परिवारलाई पुष्पलालको योगदानको कदर गर्दै पुरस्कार स्थापना गरेकोमा धन्यवाद व्यक्त गर्नुभएको थियो ।




पुरस्कार वितरण समारोहमा कोषका संयोजक शम्भु श्रेष्ठ, सहसंयोजक तथा प्रेस काउन्सिल नेपालका तत्कालीन कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ र सदस्य सचिव गोविन्द भट्टराईलगायतको उपस्थिति रहेको थियो । पुरस्कार वितरण लगत्तै प्रेस विज्ञप्तिमार्फत् तानसेन नगरपालिकाका नगरप्रमुख अशोककुमार शाहीले पुष्पलाल जस्तै लोकतन्त्रका लागि योगदान दिएका वीपी कोइराला, मदन भण्डारीलगायत व्यक्तित्वलाई तानसेनले सम्झने उल्लेख गर्दै हिरण्यलाल श्रेष्ठलाई पुरस्कार प्रदान गरिदिनु भएकोमा राष्ट्रपतिलाई धन्यवाद ज्ञापन गर्नुभएको छ । सदस्य सचिव गोविन्द भट्टराईले पनि पुरस्कार प्रदान लगत्तै काठमाडौंबाट उक्त कार्यक्रमबारे जानकारी दिँदै विज्ञप्ति जारी गर्नुभएको थियो । हिरण्यलाल श्रेष्ठलाई पुरस्कृत गरेकोमा कोष र पुरस्कार स्थापना गर्न सहयोग गर्ने तानसेन नगरपालिकालाई सबैले राम्रो काम भनेर तारिफ गरेको पाइयो ।

(सदस्य सचिव, पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष)

# तानसेन नगरपालिकाको कार्यालय तानसेन, पाल्पा आर्थिक वर्ष २०७६/०७७ को एकीकृत आर्थिक विवरण

मिति २०७७/०४/०७

| आय | | | | व्यय | | |
|---|---|---|---|---|---|---|
| सि.न | आदानी शिर्षक विवरण | | रकम | व्यय शिर्षक विवरण | | रकम |
| क | आन्तरिक आमदानी | | ५००७९००४.६ | चालु खर्च | | ४५७६०५२६८. |
| ख | नेपाल सरकार बाट प्राप्त अनुदान | | ६३१७८९८६५.० | प्रशासनीक चालु खर्च समेत | १३९७२०३११.५ | |
| १ | राजश्व वाडफाड | ८११९२९३५.० | | सर्शत अनुदान संघ | ३१३४०१५६७.९ | |
| २ | वितिय समानिकरण अनुदान | १५७८००००.० | | सर्शत अनुदान प्रदेश | ४४८३३८९.० | |
| ३ | सशेत अनुदान | ३७०६१७०००.० | | | | |
| ४ | विशेष अनुदान संघ | १०००००००.० | | पुजीगत खाता | १४२४१७४२६.१ | १८१५०५३०२. |
| ५ | संघिय समपुरक अनुदान | ११९०००००.० | | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुजिग | २०७३२०१२.० | |
| ६ | एल जि सि डि पि कार्यक्रम | २७९९३०.० | | संघिय समपुरक संघ | ६४०००००.० | |
| ग | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ४८४०९२३२.१ | संघिय समपुरक प्रदेश | ४८६६४२६.० | |
| १ | वितिय समानिकरण अनुदान प्रदेश | ४७४५५००.० | | प्रदेश सशेत तर्फ | १००००००.० | |
| २ | सशेत अनुदान प्रदेश | ११००००००.० | | बिशेष अनुदान प्रदेश | ६०८९४३८.० | |
| ३ | विशेष अनुदान प्रदेश | १०००००००.० | | | | |
| ४ | समपुरक अनुदान प्रदेश | १५००००००.० | | संघ फिर्ता | ५१९८३४२०.२ | |
| ५ | राजश्व वाडफाड प्रदेश | ७६६३७३२.१ | | प्रदेश फिर्ता | १९५६०७४७.० | |
| घ | **अन्य अनुदान तथा सहयोग** | | | **चालु पुजि जम्मा खर्च** | | ६३९११०५७ |
| १ | सडकवोर्डबाट पूजिगत अनुदान | ६३०१३४४.० | २०५३२४८०.० | जम्मा फिर्ता | | ७१५४४१६७. |
| २ | जनसहभागिता ६०/४० नगद जम्मा | ३४०९४६९.० | | चालु पुजि खाता बाट मुलकोषमा फिर्ता रकम | | २७१९४५८९. |
| ३ | अधोगिक ग्राम | ९२०००००.० | | | | |
| ४ | कारीतास बाट कृषि सम्बन्धि कार्यक्रम | ६२१६६७.० | | कारीतास बाट कृषि सम्बन्धि कार्यक्रम | ६२१६६७.० | |
| ५ | न्यानो शितल घर | १००००००.० | | न्यानो शितल घर | ८५३९४०.० | १७८८९२१८४. |
| ६ | सांशद विकास कोष | २०८२९४०८.० | १९०३७५१२६.१ | सांशद विकास कोष | २०८२९४०८.० | |
| ७ | पर्यटन पुर्वाधार विकाश आयोजना | २५४२५.० | | पर्यटन पुर्वाधार विकाश आयोजना | २५४२५.० | |
| ८ | राष्ट्रिय परिचयपत्र पंजिकरण | १०८९६३४.० | | राष्ट्रिय परिचयपत्र पंजिकरण | १०८९६३४.० | |
| ९ | सामाजिक सुरक्षा अनुदान | १२१६७००००.० | | सामाजिक सुरक्षा अनुदान | १२१६७००००.० | |
| १० | कोभिड कृषि कार्यक्रम | २८२००००.० | | कोभिड कृषि कार्यक्रम | २८२००००.० | |
| ११ | समाज कल्याण कार्यक्रम | ११०००००.० | | समाज कल्याण कार्यक्रम | ११०००००.० | |
| १२ | कोरोना भाइरस सक्रमण तथा नियन्त्रण कोष | २६२३५०००.० | | कोरोना भाइरस सक्रमण तथा नियन्त्रण कोष | २०१८९३३५.० | |
| १३ | नगरसाझेदारी सावा ब्याज बापत प्राप्त रकम | ५०६१४०.० | | नगरसाझेदारी सावा ब्याज बापत प्राप्त रकम | ०.० | |
| १४ | युवा स्वरोजगार | ४५०००००.० | | | | |
| १६ | एस वि आइ बैक ब्याज वापत प्राप्त | ३३१९९७.६ | | | | |
| १७ | धरौटि प्राप्त | ६६४५३९४.१ | | धरौटि फिर्ता | ९२४१०५६.० | |
| १८ | हिमालयन बैक आम्दानी | ५१९८५९.१ | | धरौटि सदरस्याह | ४५१७१९.० | |
| १९ | कन्टिन्जेन्सी कट्टी तथा अन्य आम्दानी | ४१०२२६८.४ | | | | |
| ङ | **आ व २०७५।०७६ बाट जिम्मेवारी** | | १७३४६५१४१.९ | बैक मौज्दात | | |
| १ | मूलकोष खाता | ११४२३८४१८.० | | मूलकोष खाता | ११९८६७२४७.० | १९७९०९३३८. |
| २ | पुजिगत खाता | ०.० | | पुजिगत खाता | ० | |
| ३ | चालू खाता | ०.० | | चालू खाता | ० | |
| ४ | कर्मचारी कल्याणकोष खाता | २९७१३५८.० | | कर्मचारी कल्याणकोष खाता | २९७१३५८.० | |
| ५ | मर्मत सम्भार कोष खाता | ३६३२६४३.१ | | मर्मत सम्भार कोष खाता | ३६३२६४३.१ | |
| ६ | राजश्व वाडफाड खाता | २०५००००.० | | राजश्व वाडफाड खाता | १८२४५१११.० | |
| ७ | दैवि प्रकोप खाता | ३४१४७२.५ | | दैवि प्रकोप खाता | ३४१४७२.५ | |
| ८ | मानव ससाधन कोष खाता | २१९०२.० | | मानव ससाधन कोष खाता | ३१३५०.० | |
| ९ | वातावरण सरक्षण कोष खाता | ५१३१७३.१ | | वातावरण सरक्षण कोष खाता | ५१३१७३.१ | |
| १० | गरिवि निवारण कोष खाता लागत सहभागिता | ७९३७२०३.३ | | गरिवि निवारण कोष खाता लागत सहभागिता | ०.० | |
| ११ | सित भण्डार खाता एस वि आइ बैक | ७२४०२४६.४ | | सित भण्डार खाता एस वि आइ बैक | ७४१०५११.७ | |
| १२ | एस वि आई बैक चल्ति खाता | ५४०.० | | एस वि आई बैक चल्ति खाता | १६२२७२.३ | |
| १३ | कृषि विकास बैक खाता सामाजिक सुरक्षा | २७८६११९.० | | कृषि विकास बैक खाता सामाजिक सुरक्षा | २६६८८९९.० | |
| १४ | महिला तथा वालवालिका कोष खाता | ७१०६९५.४ | | महिला तथा वालवालिका कोष खाता | ७१०६९५.४ | |
| १६ | ने बै लि युवा स्वरोजगार | ५००००००.० | | ने बै लि युवा स्वरोजगार | ९५०००००.० | |
| १७ | ने बै लि गाउनगर साझेदारी कोष खाता | ३३७९३४.२ | | ने बै लि गाउनगर साझेदारी कोष खाता | ७४७९३४.२ | |
| १८ | हिमालयन बैक | १५५४९३९.५ | | हिमालयन बैक | १५७०३९८.९ | |
| १९ | धरौटि मौज्दात | २३०१०८७७.९ | | धरौटि मौज्दात | २०३३१२९१.३ | |
| २० | हिमालयन बैक | १११७५३९.५ | | हिमालयन बैक | १६३७३९८.५ | |
| २१ | | | | कोरोना भाइरस संक्रमण उपचार कोष | ७५६७५८२.७ | |
| | जम्मा आम्दानी | | १११४६५०८४९.७ | जम्मा खर्च | | १११४६५०८४९. |

तयार गर्नेको नाम, दस्तखत

पेश गर्नेको नाम, दस्तखत
कोशल राज घिमिरे
अधिकृत स्तर छैठौं तह

स्वीकृत गर्नेको नाम, दस्तखत
डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

# तानसेन नगरपालिका नगखरकार्यपालिकाको आ.व. २०७७/०७८ प्रथम चौमासिक आय-व्यय विवरण

| आय शिर्षक | प्रस्तावित आय | वास्तविक आय | मौज्दात | व्यय शिर्षक | बार्षिक बजेट | खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|
| गत वर्षको अल्या | ८०,०००,००० | ११९,८६७,२४७।० | (३९,८६७,२४७) | क प्रशासनिक खर्च | ११५,०००,०००।० | २९,०९२,६०६।२ | ८५,९०७,३९४ |
| राजश्व आमदानी | ६२,३३५,००० | १२,०००,८९८।७ | ५०,३३४,१०१ | ख बित्तिय व्यवस्था | ५,०००,०००।० | २,७२७,६५०।० | २,२७२,३५० |
| **आन्तरिक आमदानी जम्मा** | *१४२,३३५,०००।०* | *१३१,८६८,१४५।७* | *१०,४६६,८५४।३* | ग नगर गौरव आयोजना | ४०,०००,०००।० | ५९४,४८४।० | ३९,४०५,५१६ |
| समानिकरण आमदानी | १५४,६००,००० | ७७,३००,०००।० | ७७,३००,००० | सडक बोर्ड कार्यक्रम | १५,८००,०००।० | ७३३,५१३।० | १५,०६६,४८७ |
| सर्शत अनुदान संघ | ३७१,५००,०००।० | १२९,०१७,०००।० | २४२,४८३,००० | COVID-19 Responsive project UNDP ) | १०,०००,०००।० | | १०,०००,००० |
| समपुरक अनुदान संघ | १५,०००,०००।० | | १५,०००,००० | समपुरक अनुदान प्रदेश | ५०,०००,०००।० | | ५०,०००,००० |
| **संघिय सरकार अनुदान जम्मा** | **५४१,१००,०००।०** | **२०६,३१७,०००।०** | **३३४,७८३,०००।०** | समपुरक अनुदान संघ | ३०,०००,०००।० | | ३०,०००,००० |
| वित्तिय समानिकरण प्रदेश | ५,६४४,००० | २,८२२,०००।० | २,८२२,००० | शितभण्डार भारतिय दुतावास | ४९,८७९,९७४।० | | ४९,८७९,९७४ |
| शर्शत अनुदान प्रदेश | ३३,३५०,०००।० | ८,७७९,०००।० | २४,५७१,००० | हेफर परियोजना नेपाल पशु तथा कृषि | २३,०४५,०००।० | ६,१३९,४०५।० | १६,९०५,५९५ |
| समपुरक अनुदान प्रदेश | २०,०००,०००।० | | २०,०००,००० | नगर स्तरिय पुजिगत कार्यक्रम | ६०,०००,०००।० | ११,१५३,५४१।० | ४८,८४६,४५९ |
| **प्रदेश सरकार अनुदान जम्मा** | *५८,९९४,०००।०* | *११,६०१,०००।०* | *४७,३९३,०००।०* | प्रबंधनात्मक कार्यकम | ६४,३९४,१०६।० | ८,२१६,४१७।० | ५६,१७७,६८९ |
| राजश्व वाडफाड सं | ९६,७२८,७७३ | १९,१०१,३७२।० | ७७,६२७,४०१ | विशेष कोष मार्फत संचालन हुने कार्याक्रम | ९,५००,०००।० | १,६११,८१०।० | ७,८८८,१९० |
| राजश्व वाडफाड प्र | ९,१०३,००० | | ९,१०३,००० | वडास्तरीय खर्च | ४९,०००,०००।० | १,२५५,६५९।० | ४७,७४४,३४१ |
| प्रधान्मन्त्रि रोजगार कार्यक्रम | ६,३००,००० | | ६,३००,००० | सर्शत अनुदान संघ | ३७१,५००,०००।० | ९५,३०८,१९६।८ | २७६,१९१,८०३ |
| सडक बोर्ड कार्यक्रम | ११,०००,००० | | ११,०००,००० | सर्शत अनुदान प्रदेश | ३३,३५०,०००।० | २,४३७,५००।० | ३०,९१२,५०० |
| भाय्रतिय दुतवास कार्यक्रम सितभण्डार | ४४,३७९,९७४ | | ४४,३७९,९७४ | प्रधानमन्त्रि रोजगार कार्यक्रम | ६,३००,०००।० | | ६,३००,००० |
| पि एल जि एस तर्फ | ३७५,००० | | ३७५,००० | पि एल जि एस तर्फ | ३७५,०००।० | | ३७५,००० |
| नेपाल पर्यटन वोर्ड | १,९००,००० | | १,९००,००० | नेपाल पर्यटन बोर्ड | १,९००,०००।० | | १,९००,००० |
| जनसहभागीतामा आधारित कार्यक्रम | १६,७००,००० | | १६,७००,००० | जनसहभागीतामा आधारित कार्यक्रमं | ३६,७००,०००।० | | ३६,७००,००० |
| सामाजिक सुरक्षा कार्यक्रम जेष्ठ ना स | १२०,०००,००० | ३६,४९५,६६३।० | ८३,५०४,३३७ | सामाजिक सुरक्षा कार्यक्रम जेष्ठ ना स | १२०,०००,०००।० | ३६,४९५,६६३।० | ८३,५०४,३३७ |
| गरिव परिवार पहिचान कार्यक्रम संघ | ४००,००० | | ४००,००० | गरिव परिवार पहिचान कार्यक्रम | ४००,०००।० | | ४००,००० |
| कारितास कार्यक्रम | ५००,००० | १६७,७०३।० | ३३२,२९७ | कारितास कार्यक्रम | ५००,०००।० | १६७,७०३।० | ३३२,२९७ |
| राष्ट्रिय परिचय पत्र पञ्जिकरण संघ | 4600000 | | ४,६००,००० | आ व २०७७।०७८ को भुक्तानी दिनु पर्ने योजना | ५,०५०,०००।० | | ५,०५०,००० |
| विधुत रोयल्टि ने वि प्रा | १०,०००,००० | | १०,०००,००० | बिधुत रोयल्टि बाट प्राप्त रकम | १०,०००,०००।० | | १०,०००,००० |
| श्रममुलक कार्यक्रम एन यु आ जि पि | १५,०००,००० | | १५,०००,००० | श्रममुलक कार्यक्रम एन यु आ जि पि | १६,६६६,६६७।० | | १६,६६६,६६७ |
| घाटा बजेट | ४९,५४५,००० | | ४९,५४५,००० | राष्टिय परिचयपत्र पंजिकरण | ४,६००,०००।० | | ४,६००,००० |
| | ३८६,५३१,७४७ | ५५,७६४,७३८ | ३३०,७६७,००९ | | | | ( |
| **कुल जम्मा** | १,१२८,९६०,७४७।० | ४०५,५५०,८८३।७ | ७२३,४०९,८६३।३ | कुल जम्मा | १,१२८,९६०,७४७।० | १९५,९३४,१४७।९ | ९३३,०२६,५९९।१ |

केशव राज घिमिरे
अधिकृत स्तर छैठौं तह

डिल्ली राज ...स
प्रमुख प्रशासकिय अधिकृत

## आ.व. २०७७/०७८ मा तानसेन नगरपालिकाको नगरकार्यालयको कोभिड-१९ तर्फको प्रथम चौमासिक खर्च विवरण

| सि न | विवरण | रकम रु |
|---|---|---|
| १ | सुरक्षा कर्मिहरुको लागी खाध सामग्री तथा खाजा नास्ता वापत खर्चको भुक्तानी गएको । | ४४,२८५.०० |
| २ | नगरपालिका क्षेत्रको विधालयमा रहेको कोरेन्टाइन हटाइ विधालय परिसरलाइ निमृलिकरण गर्न लागेको खर्चको भुक्तानी गएको । | ६४,९१५.०० |
| ३ | सवारी साधन उपलब्ध गराएवापत खर्चको भुक्तानी इश्वरी वस्यालालाइ गएको । | १६६,६६६.०० |
| ४ | वाड न ५ बतासेडाडामा पानी खोल्ने तथा रेखदेख वापत पारिश्रमिक विक्रम जलान्दरलाइ गएको । | ३,१००.०० |
| ५ | खाध सामग्रीहरु उपलब्ध गराएवापत खर्चको भुक्तानी राजेश किराना स्टोर्स लाइ गएको । | ११८;९६५.०० |
| ६ | २०७७ अषाढ र श्रावण महिनाको पारिश्रमिक राम कुमार चौधरीलाइ गएको । | ६१,३२०.०० |
| ७ | वाड न ६ मा पानि तथा बिजुलि ब्यवस्थापन खर्चको भुक्तानी जनप्रिय मा वि लाइ गएको । | ३२,२७६.०० |
| ८ | आइसोलेशन ब्यवस्थापनमा खटिएवापतको पारिश्रमिक रविकर श्रेष्ठ र गोकुल थापालाइ गएको । | ७०,०००.०० |
| ९ | बतासेडाडा कोरेन्टाइन्मा पानी विजुली बापत खर्चको भुक्तानी त्रि भु ब.क्यामपस लाइ गएको । | १७,४२६.०० |
| १० | स्वास्थ्यकर्मि र डाक्टर हरुलाइ सेवा पुऱ्याएबापत गाडि भाडा भुक्तानी विनय महजनेलाइ गएको । | २००,०००.०० |
| ११ | कोभिड १९ बाट मृतकको शव ब्यवस्थापनका लागी सवारी साधन उपलब्ध गराएवापत खर्चको भुक्तानी यमलाल श्रेष्ठलाइ गएको । | ७,०००.०० |
| १२ | बतुङ्ग क्वारेन्टाइन र बतासेडाडा क्वारेन्टाइनमा भएको विविध खर्चको भुक्तानी सुरज कुमार कसौधन लाइ गएको । | २३,८४५.०० |
| १३ | क्वारेन्टाइनमा भएको खर्चको भुक्तानी जीवलाल सुवेदीलाइ गएको । | ५,०००.०० |
| १४ | क्वारेन्टाइनमा आवस्यक सामग्रीहरु पुऱ्याएवापत खर्चको भुक्तानी किरण चित्रकारलाइ गएको । | ३,६००.०० |
| १५ | आइसोसेशन कक्षमा खाना खाजा तथा अौषधि लगायत खर्चको भुक्तानी युनाइटेड मिशन हस्पिटल तानसेनलाइ गएको । | ९८,८००.०० |
| १६ | ग्यास रिफिल र पिसिआर परिक्षण गदा खाध सामग्री लगायतका सामग्रीहरु उपलब्ध गराएवापत खर्चको भुक्तानी कविर स्टोर्सलाइ गएको । | १७,०३०.०० |
| १७ | भि टी एम टयु सेनिटाइजर फेस सिल्ड पन्नजा के एन ९५ माक्स उपलब्ध गराएवापत खर्चको भुक्तानी रानिमहल मेडिको सप्लार्यसलाइ गएको । | २६५,९७०.०० |
| १८ | कोरोना परिक्षणका लागी भि टि एम टयुव, हेयर कभर, फेस सिल्ड, सेनिटाइजर, के एन ९५ माक्स, पन्जा लगायतका सामग्रीहरु उपलब्ध गराएवापत खर्चको भुक्तानी रानिमहल मेडिको सप्लायर्सलाइ गएको । | २२०,९२६.०० |
| १९ | कोरेन्टाइनको लागी १०० सेट फलामको बेड उपलब्ध गराएवापत खर्चको भुक्तानी न्यु आलमदेवी ग्रिल उधोगलाइ गएको । | ३६९,८९७.०० |
| २० | वाड न ५ बतासेडाडा होलडिङ्ग कोरेन्टाइनमा प्रहरीहरु खटिएवापतको सेवा सुविधा सिवलाल खास मार्फत गएको । | ८,०००.०० |
| २१ | खर्चको भुकतानी अविक मेडिसिन र रानिमहल हेल्थ केयर सचिन विष्ट लाइ गएको । | ५९,७७३.०० |
| २२ | खर्चको भुक्तानी लुम्बिनि मेडिकल कलेजलाइ गएको । | २७४,०४०.०० |
| २३ | खर्चको भुक्तानी कल्पना कार्की लाइ गएको । | ३०,०००.०० |
| २४ | ४ वटै पालिकाको स्वास्थ्यकर्मिहरुले खाना खाजा तथा बसाइ वापत खर्चको भुक्तानी अन्नपुर्णा गार्डनलाइ गएको । | २८,७८८.०० |
| २५ | खानेपानी ग्राहक न ११३१४१८ को भाद्र र असोज महिनाको भुक्तानी त्रिभुवन बहुमुखी क्याम्पसलाइ गएको । | ५,७८४.०० |
| २६ | विधुत तथा खानेपानी महसुल वापतको रकम भुसलडाडा मा विलाइ गएको । | २६,२७९.०० |
| | जम्मा | २,२२३,६८५.०० |

### आ व २०७७।०७८ मा तानसेन नगरपालिका नगरकार्यलयको कोभिड १९ आइसोलेशन तर्फको प्रथम चौमासिक खर्च विवरण

| सि न | विवरण | रकम रु |
|---|---|---|
| १ | आइसोलेशन ब्यवस्थापनमा खटिएवापतको पारिश्रमिक रविकर श्रेष्ठ र गोकुल थापालाइ गएको । | ७०,०००.०० |
| २ | स्वास्थ्यकर्मि र डाक्टर हरुलाइ सेवा पुऱ्याएबापत गाडि भाडा भुक्तानी विनय महजनेलाइ गएको । | २००,०००.०० |
| ३ | विधुत तथा खानेपानी महसुल वापतको रकम भुसलडाडा मा विलाइ गएको । | २६,२७९.०० |
| | जम्मा | २९६,२७९.०० |

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

[signature] राज घिमिरे
अधिकृत स्तर छैठौं तह

डिल्ली [signature]
प्रमुख प्रशासकिय अधिकृत

# पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

करूवा अर्धसाप्ताहिक, २०७७ असोज ०८

## पुष्पलाल पत्रकारिता पुरस्कार श्रेष्ठलाई



पाल्पा (करुवा)। पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार परराष्ट्रविद् तथा पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदान गरिएको छ। राष्ट्रपति भवन शीतल निवासमा आयोजित समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले पुष्पलालका समकालीन श्रेष्ठलाई पुरस्कार प्रदान गरेकी हुन्।

तानसेन नगरपालिकाले स्थापना गरेको कोषबाट प्रदान गरिएको पुरस्कार राष्ट्रपति भण्डारीले श्रेष्ठलाई नगद १ लाख ११ हजार १ सय ११, सम्मानपत्र, पाल्पाली ढाकाटोपी, ढाकाकै दोसल्ला ओढाएर श्रेष्ठलाई सम्मान गरिन्। परराष्ट्रविद् श्रेष्ठ चीन तथा रूसका लागि पूर्व नेपाली राजदूत हुन्। उनी नेपाल, भारत र चीन मामलासम्बन्धी एक सुपरिचित विज्ञ हुन्। श्रेष्ठले अन्तर्राष्ट्रिय मामलासम्बन्धी विभिन्न पुस्तक र संग्रहका साथै कैयन लेख लेखेका छन्। कूटनीतिज्ञ, राजनीतिशास्त्री र पत्रकारका रुपमा परिचित श्रेष्ठ निरन्तर लेख्ने, पढ्ने अनि चिन्तन गरिरहने साधक हुन्। पञ्चायतका कठोर दिनहरूदेखि रूसी महासंघमा राजदूतका रूपमा काम गर्दा वा पत्रकारिता गर्दा होस् वा प्राध्यापन गर्दा, उनी सधैं लेख्ने, पढ्ने र पढाउनेजस्ता शैक्षिक वा अनुसन्धानमुखी कार्यमा अविचलित रहिआएको उनका जानकारहरु बताउँछन्। तानसेनमा आयोजना गर्ने भनिएको पुरस्कार वितरण समारोह कोभिड १९ का कारण शीतल निवासमै आयोजना गरिएको कोषका सदस्य सचिव गोविन्द भट्टराईले बताए। उनका अनुसार पुष्पलालको जन्मदिनमा प्रदान गर्ने भनिएको पुरस्कार कोभिड १९ का कारण मंगलबार मात्र वितरण गरिएको छ। प्रेस काउन्सिल नेपालले ५१ औं वार्षिकोत्सवका अवसरमा गोपालदास पत्रकारिता पुरस्कार दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठलाई प्रदान गरेको छ।

राष्ट्रपति विद्यादेवी भण्डारीले श्रेष्ठसहित अन्य पत्रकारहरुलाई पुरस्कार प्रदान गरिन्। प्रेस काउन्सिलका पूर्वअध्यक्ष स्व. गोपालदास श्रेष्ठको स्मृतिमा स्थापना गरिएको कोषबाट १ लाख ५१ हजार रुपैयाँको पुरस्कार प्रदान गरिएको हो।

बोली दैनिक २०७७ असोज १३

## तानसेनको कोल्ड स्टोर आठ वर्षमा पनि बनेन

पाल्पा। तानसेन नगरपालिका वडा नं ७ बाघखोरको निर्माणाधिन शीत भण्डार (कोल्ड स्टोर) को काम अलपत्र परेको छ।

नगरपालिकाले पन्ध्र महिनामा सक्ने गरी हिमडुङ एण्ड थोकर एण्ड जय रक्तकाली जेभीलाई ठेक्का दिएको कोल्ड स्टोरको काम ८ वर्ष बित्दासमेत सम्पन्न हुन सकेको छैन। विगत तीन वर्षदेखि निर्माणको काम ठप्प छ। निर्माण भएका संरचना काम नलाग्ने अवस्थामा पुगेका छन् भने कतिपय संरचनामा थप कार्य गर्न नहुने अवस्थामा पुगेको छ। कृषि उपज भण्डारण गरी किसानलाई सहुलियत दिने उद्देश्यले महत्वका साथ अगाडि सारेको यो योजनाले पाल्पामा असफल योजनाका रुपमा चर्चा पाइरहेको छ।

तानसेन नगरपालिकाले निर्माण व्यवसायीको कार्य सन्तोषजनक नभएकाले कारबाही प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ। असोज ८ गते बसेको नगर कार्यपालिकाको बैठकले अन्तिम कारबाहीका लागि कानुनी प्रक्रिया अगाडि बढाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराज बेल्बासेले बताउनुभयो। भारतीय राजदूतावासको ४ करोड ९९ लाख ९१ हजार ९ सय ५ रुपैँया आर्थिक सहयोगमा सुरु भएको कोल्ड स्टोरको ८ वर्षको अवधिमा २७ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। बहादुरसिंह लामाको हिमडुङ एण्ड थोकर र रामप्रसाद भट्टको जय रक्तकालीले जेभीमा यो योजनाको ठेक्का लिएका हुन्।

२०६९ फागुन २३ गते सम्झौता भएको योजना २०७१ जेठ ३० गते सम्पन्न गर्ने म्याद रहेको थियो। समयमा काम सम्पन्न नभएपछि नगरपालिकाले ३ पटक योजनाको म्याद थपेको छ। असार मसान्त यता भने सम्झौताको म्याद थपिएको छैन। नगरपालिकाले २०७५ माघ ८ गते पूर्व निर्धारित क्षतिपूर्ति वापत ४८ लाख २२ हजार ५५ रुपैँया बुझाउन व्यवसायीलाई पत्राचार गरेको र त्यसपछि काम नभएकाले कारवाहीका लागि प्रक्रिया अन्तिम अगाडि बढाउने तयारी गरेको इन्जिनियर रामप्रसाद श्रेष्ठले बताउनुभयो। सार्वजनिक खरिद ऐन अनुसार अन्तिम कारवाही भनेको कालोसूचीमा राख्ने हो।

निर्माण व्यवसायी रामप्रसाद भट्टले आफूले काम गर्न हिमडुङ एण्ड थोकरसँग जेभी बनाएर ठेक्का लिएको र भुक्तानीमा समस्या रहने गरेकाले काममा ढिलाई भएको बताउनुभयो। भारतीय दूतावासकै पहलमा नगरपालिका र निर्माण व्यवसायी बहादुरसिं लामा बीच नगरपालिकाले जरिमाना नलगाउने र निर्माण व्यवसायीले मूल्य वृद्धि नखोज्ने सहमति भएको

भट्टको भनाई छ। निर्माण व्यवसायी भट्टले कामको मूल्यांकन गरी ५० लाख रुपैँया आफूहरुले भुक्तानी नपाएको दावी गर्नुभयो। नगरपालिकाले निर्माण कम्पनीलाई हालसम्म २ करोड १६ लाख रुपैँया भुक्तानी दिएको छ।

नगरपालिकाले निर्धारित रकमको क्षतिपूर्ति तिर्न पत्राचार गर्ने र बीचमा कार्यान्वयन नगर्दा निर्माण व्यवसायीले सरकारलाई नटेरेको सरोकारवालाहरु बताउँछन्। निर्माण व्यवसायीलाई नगरपालिकाले कालोसूचीमा राख्ने भन्न थालेको पनि २ वर्ष बितिसक्यो। निर्माण व्यवसायीले आलटाल गर्दा गर्दै कोल्ड स्टोर नबन्ने अवस्था आएपछि यस क्षेत्रका किसानहरु निराश भएका छन्।

नगरपालिकाका प्रमुख अशोककुमार शाहीले निर्माण व्यवसायीको कमजोरीका कारण सिंगो नगरपालिकाको विकास योजना प्रभावित हुने गरेको बताउनुभयो। प्रमुख शाहीले काममा ढिलासुस्ती र लापरवाही गर्ने निर्माण व्यवसायीको सूची तयार गरी निर्माण कार्यमा सहभागी नगराउने निर्णय गरेको बताउनुभयो। नगरपालिकाभित्र निर्माण व्यवसायीबाट भएका अनगिन्ती समस्याका कारण स्थानीयस्तरबाटै सार्वजनिक खरिद नियमावली जारी गरी काम नगर्ने निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने प्रबन्ध गर्न कार्यपालिकाले सुझाव दिएको छ।

पाल्पा र आसपासका क्षेत्रमा उत्पादन भएका तरकारी, फलफूल, अदुवा, दूधलगायतका कृषि उत्पादनलाई चिस्यान केन्द्रमा भण्डारण गर्न यसको आवश्यकता महशुस गरिएको थियो। उत्पादित समयमा बजारमा खपत हुन नसकेको वस्तु र कृषि उपजको मूल्यका कारण किसानलाई हुने नोक्सानीबाट जोगाउन यो दुई हजार टन क्षमताको कोल्ड स्टोरको निर्माण सुरु गरिएको हो।

# पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

नवसंवाद साप्ताहिक, २०७७ साउन २५

## तानसेन बजारमा प्रशासनको अनुगमन

नवसंवाद संवाददाता



पाल्पा/जिल्ला प्रशासन कार्यालय पाल्पाद्वारा बजार अनुगमन गरेको छ । जिल्ला प्रशासन कार्यालय, पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडेको संयोजकत्वमा तानसेन नगरपालिकामा अवस्थित विभिन्न औषधि, खाध्य सामग्री, मासु तथा अन्य प्रकारका सामग्री बिक्री वितरण गर्ने पसलहरुको अनुगमन गरेको सहायक प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडेले बताउनुभयो ।

अनुगमनको क्रममा मास्कको मूल्यमा एकरुपता कायम गर्न, पसलमा मूल्य सूची टास गर्न तथा स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाई बिक्री वितरण गर्न निर्देशन दिएको बन्जाडेले बताउनुभयो ।अनुगमनमा तानसेन नगरपालिका नि.प्रमुख प्रशासकीय अधिकृत रेशमलाल न्यौपाने, जिल्ला प्रशासन कार्यालय प्रमुख प्रशासकीय अधिकृत यज्ञश्वर पन्थी, जिल्ला प्रहरी कार्यालय प्रहरी निरिक्षक लक्ष्मण पचभैया, नगरपालिकाका अधिकृत भरत प्रसाद आचार्य, नेपाल खाद्य प्रविधि तथा गुणास्तर निरिक्षण कार्यालय निमित्त प्रमुख नरेश श्रेष्ठ, पत्रकार महासंघ,पाल्पा कोषाध्यक्ष मिलन विक, संचारकर्मी माधव अर्याल, जिल्ला प्रशासन कार्यालयका नायब सुव्वा लक्ष्मण घिमिरे लगायतका कर्मचारी र सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो । बजारमा मास्कको कालोबजारी बढेको मूल्यवृद्धि बढेको कोरोना सामाजिक दुरी कायम नगरिएको विषयमा समाचार तथा गुनासो आएपछि प्रशासनले अनुगमन गरेको हो । तर प्रशासनले कुन-कुन पसलमा अनुगमन गऱ्यो, अनुगमनका क्रममा के-कति कमीकमजोरी भेटिए, क-कसलाई कारवाही गरियो भन्ने बारेमा भने उल्लेख गरेको छैन ।

गोरखा पत्र दैनिक, २०७७ कार्तिक २२

## स्थानीय तहको जमानीमा बिनाधितो ऋण

▪ तानसेन समाचारदाता

पाल्पा, कातिक २१ गते। तानसेन नगरपालिका जमानी बसेपछि यहाँका युवाले उद्यम गर्न बिनाधितो सहुलियत ऋण पाएका छन्। तानसेनका ५५ जना युवा तथा महिलाका लागि नगरपालिका जमानी बसेपछि उनीहरूले बिनाधितो दुई करोड १६ लाख कर्जा पाएका हुन्।

कृषि तथा पशु क्षेत्रका २३, महिला उद्यम गरिरहेका २४, दलित समुदायका चार, विदेशबाट फर्किएका दुई गरी ५५ जना युवालाई नेपाल बैङ्क पाल्पा शाखाले ऋण प्रदान गरेको हो। बैङ्कका शाखा प्रबन्धक सुरज घिमिरेका अनुसार गत २०७७ असार १८ गते तानसेन नगरपालिकासँग भएको सम्झौताअनुसार सहुलियत दरको कर्जा लगानी गरिएको हो।

तानसेनका युवा तथा विपन्नलाई स्वरोजगार र उद्यमी बनाउने उद्देश्यले नगरपालिकासँग सम्झौता गरी कर्जा लगानी गरिएको घिमिरेले बताउनुभयो। बैङ्कले नेपालमै पहिलोपटक सातवटा शीर्षकमा स्थानीय तहसँग सम्झौता गरेर कर्जा प्रवाह गरिएको प्रबन्धक घिमिरेले बताउनुभयो। बैङ्कले यी शीर्षकमा तीन लाखदेखि पाँच करोडसम्म कर्जा प्रवाह गर्ने जनाएको छ।

महिला उद्यमी कर्जाअन्तर्गत ३ र अन्य कर्जाअन्तर्गत ५ प्रतिशतमा यहाँका उद्यमीले कर्जा पाएका छन्। तानसेन नगरपालिकाले गत वर्षदेखि सुरु गरेको योजनाअनुसार स्वरोजगार बन्न चाहने तर पुँजी नभएका महिला, युवा, विपन्न दलित महिलालाई सहुलियत कर्जा दिइएको हो। कर्जा प्रवाहबाट कृषि, परम्परागत तथा घरेलु उद्योग, महिला उद्यमशीलता, युवा स्वरोजगारजस्ता क्षेत्रको विकास हुने अपेक्षा गरिएको बैङ्कले जनाएको छ।

नगरपालिका जमानी बसेपछि ऋणीले कागजपत्र पुऱ्याएको तीन दिनभित्रै कर्जा पाएका छन्। यसले उद्यमी बन्न चाहने युवा तथा महिलाका लागि सस्तो दरमा बैङ्कबाट ऋण पाउन सहज भएको छ। तानसेनले यो कार्यक्रमलाई सफल बनाउन तानसेन नगरपालिकाले गैरसरकारी संस्थामार्फत उद्यमीका लागि आवश्यक तालिम दिइरहेको जनाएको छ। युवालाई स्वरोजगार बनाई उद्यमी बनाउन नगरपालिका जमानी बसेर बिनाधितो सहुलियतमा कर्जा प्रवाह गरिएको नगरप्रमुख अशोककुमार शाहीले बताउनुभयो।

यो कार्यक्रमले १०/१५ हजारका लागि विदेश जाने युवालाई रोक्ने र स्वरोजगार बन्न सकिने उहाँले बताउनुभयो। बैङ्कले सहुलियतमा कर्जा प्रवाहको कार्यक्रमलाई निरन्तरता दिँदै जाने बताएको छ। तानसेन नगरपालिकाले हरेक वर्ष कम्तीमा दुई सय युवालाई स्वरोजगार बनाउने लक्ष्य लिएकाले यो कार्यक्रमले लक्ष्यलाई पूर्ति दिने जनाएको छ।

जनचेतना राष्ट्रिय दैनिक, २०७७ जेठ १६

## कैलाशनगरका विपन्न परिवारलाई राहत



पाल्पा, जेठ १५/तानसेन नगरपालिका ५, कैलाश महिला टोलविकास संस्थाले विपन्न परिवारलाई राहत वितरण गरेको छ । गणतन्त्र दिवसको अवसरमा टोल विकास संस्थाले लकडाउनका बेला समस्यामा परेका विपन्न परिवारलाई राहत स्वरुप खाद्यान्न वितरण गरेको हो । कोरोना महामारी नियन्त्रणका लागि सरकारले जारी राखेको लकडाउनका कारण दैनिक ज्यालादारी गरी जाविकोपार्जन गर्दै आएका मजदुर तथा विपन्न परिवार भोकै रहने अवस्था सिर्जना भएकाले केही भएपनि राहत मिल्ने भन्दै विपन्न १६ घरपरिवारलाई राहत स्वरुप चामल, तेल आलु र हरियो तरकारी वितरण गरिएको संस्थाका अध्यक्ष इच्छा लिगलले जानकारी दिइन् । उनले भनिन् 'विषम परिस्थितीमा समस्यामा परेका व्यक्तिहरुलाई सक्दो सहयोग गर्नु मानवियता हो, त्यसैले सबैले दुःखमा परेकाहरुलाई सहयोग गर्नुपर्छ ।' संस्थाले एक कार्यक्रमका बीच सामाजिक दुरी कायम गर्दै विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको थियो । कार्यक्रम संस्थाकी अध्यक्ष लिगलको अध्यक्षता, सचिव मालती पौडेलको सञ्चालनमा भएको थियो ।

नवसंवाद साप्ताहिक, २०७७ साउन ११

## तानसेन सहकारी सञ्जालद्वारा सपथग्रहण

नवसंवाद संवाददाता



पाल्पा/नवनिर्वाचित तानसेन नगरपालिकाभित्रका सहकारी सञ्जालका पदाधिकारीहरुले सपथग्रहण सम्पन्न भएको छ । तानसेन नगरभित्रका सहकारीको भेलाबाट निर्वाचित सञ्जालका पदाधिकारीहरुले सपथग्रहण गरेका हुन् । निर्वाचित पदाधिकारीहरुलाई तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीले सपथ खुवाउनुभयो । उहाँले सहकारी सञ्जालले सहकारीहरुलाई एकताबद्ध बनाई नगरको विकासमा नेतृत्वदायी भूमिका खेल्न शुभकामना दिनुभयो । उहाँले सहकारीहरुसँग सहकार्य गरेर नगरको विकास गर्न सकिने धारणा सहित नगरपालिकाले सहकारी सञ्जाल बनाएको बताउनुभयो । दुई साताअघि तानसेनमा भएको भेलाले महेश्वर पन्तको संयोजकत्वमा ९ सदस्यीय तानसेन नगरपालिकाको स्थानीय सहकारी सञ्जाल गठन गरेको थियो । उक्त भेलाले सहसंयोजकमा गंगा पौडेल, सचिवमा मीना जिसी, सहसचिवमा महेश शर्मालाई निर्वाचित गरेको छ । यस्तै सदस्यहरुमा रीता पंगेनी, धनीसरा थापा, सकुन्तला बज्राचार्य, रामप्रसाद शर्मा र गीता भट्टराई रहनुभएको छ । कार्यक्रममा निर्वाचन समितिका अधिकृत ओगलाल विकको अध्यक्षता, उपप्रमुख लक्ष्मीदेवी पाठकको स्वागत गर्नुभएको थियो । कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष जगदीश भट्टराई, नेपाल पत्रकार महासंघ पाल्पा शाखाका पूर्वअध्यक्ष एवं सल्लाहकार गोविन्द भट्टराईले सहकारीको मर्मअनुसार सहकारीहरुलाई क्रियाशिल बनाउन आग्रह गर्नुभयो । कार्यक्रममा निर्वाचित संयोजक पन्तले तानसेनका सहकारीहरुलाई एकताबद्ध गरी अगाडि बढाउने प्रतिबद्धता मनतव्य राख्नुभएको थियो ।

# पत्रपत्रिकामा तानसेन

(प्रष्टताः सरोकारवालाहरूसँग आव्हान पछि प्राप्त सामग्रीलाई स्थान दिइएको -प्रधान सम्पादक)

बुटवल टुडे, २०७७ असार ०१

## तानसेनमा बन्ने भो 'हरित बसपार्क'

**स्थानीय सरकारको पहलमा तानसेन-तम्घास सडक खण्डमा पर्ने वनदेवी सामुदायिक बनमा नेपाल सरकार, वन मन्त्रालय, स्थानीय सरकार बीच समन्वय भएपछि बसपार्क निर्माणका लागि सल्लाका रुख कटानको कार्य अगाडि बढेको छ ।**

**प्रकाश नेपाल**
पाल्पा, १२ जेठ।

अस्त व्यस्त बसपार्क भनेर सदैव सर्वत्र आलोचनाको मुख्य पात्र बनेको तानसेन नगरले अब आलोचना खेप्न नपर्ने भएको छ।

स्थानीय सरकारको पहल वनदेवी सामुदायिक वनमा बसपार्कको निर्माण कार्यको प्रारम्भिक कार्य अगाडि बढाएपछि तानसेनले नयाँ व्यवस्थित बसपार्क पाउने भएको हो। व्यवस्थित र सुविधा सम्पन्न बसपार्क निर्माणका लागि राजनीतिक दलहरू बिच एकमत हुन नसक्दा बसपार्क निर्माणका लागि दातृ संस्थाबाट प्राप्त रकम फिर्ता भएको बखतमा स्थानिय सरकारको पहलमा वनदेवी सामुदायिक वनमा बसपार्कको निर्माण कार्यको अगाडि बढेको छ।

स्थानिय सरकारको पहलमा तानसेन तम्घास सडक खण्डमा पर्ने वनदेवी सामुदायिक बनमा नेपाल सरकार, वन मन्त्रालय, स्थानिय सरकार बीच समन्वय भएपछि बसपार्क निमार्णका लागि वनमा भएका प्रस्तावित रुख गरिएका स्थानका सल्लाका रुख कटानको कार्य अगाडि बढेको छ।

डिभिजन वन कार्यलयका सुचना अधिकारी अर्जुन चापागाईका अनुसार पहिलो चरणको कार्यअनुसार सल्ला प्रजातिका १ हजार ३ सय रुख, १८ वटा चिलाउने, २ वटा जामुनोका रुखहरू कटान गरी व्यवस्थापन गर्न लागिएको छ। झण्डै १ सय रोपनी वन क्षेत्रफलमा बसपार्क निर्माणका लागि मन्त्री परिषदवाट अनुमोदन भइ वन मन्त्रालयवाट रुख कटानका लागि स्वीकृत भएपछि कटान कार्य सुरु भएको उनले बताए। बसपार्क निर्माणका लागि वनदेवी क्षेत्र प्रस्तावित गरिए पनि वनमा भएका रुख कटानका लागि कानुनी अडचनका कारण रोकीएको थियो। गत वर्ष नेपाल सरकारको निर्णय अनुसार रुख कटानका आदेश भएपछि काम अगाडि बढेको तानसेन नगरका प्रवक्ता दामोदर घिमिरे बताउँछन्। सिद्धार्थ राजमार्गको निर्माण कार्य सँगै बुटवल तानसेन सडक निर्माण कार्य पुरा भए पछि तानसेनमा निर्मित बसपार्क समयानुसार सानो हुँदै गएपछि बसपार्क निकै अस्त व्यस्त भएको थियो।यसले गर्दा तानसेन आउने स्वदेशी विदेशी पर्यटकहरूले नकारात्मक संदेश लिएर जाने गर्दछन्। बस टर्मिनलको निर्माण कार्य पुरा भएपछि तानसेनको पर्यटन विकासमा थप सहयोग पुग्ने नगरका पर्यटन समितिका संयोजक सागर महर्जन बताउछन्।

नगरमा जन प्रतिनिधि भएका बखत देखि लिएर जन प्रतिनिधि विहिन अवस्थामा नगरको वार्षिक सभामा सबै भन्दा बढि बसपार्क निर्माणका लागि जमिन प्रस्तावित, छनोट गर्ने विषयले सबै भन्दा बढि समय खानी गरेको उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष मधु दयाल सैंजुले आफ्नो अनुभव बताउँछन्। (बाँकी ३ पृष्ठमा)



बसपार्क बनाउने स्थान तानसेन-तम्घास सडक खण्डमा काटिएका सल्लाका रुखहरू। तस्वीरः कृष्ण मल्ल/बुटवल टुडे



**अशोक कुमार शाही**
नगरप्रमुख, तानसेन नगरपालिका, पाल्पा

बसपार्क सुबिधा सम्पन्न हुनेछ । बजारमा सवारी जाम कम गर्नका लागि सहयोग पुराउने गरी पेट्रोल पम्प, गाडि बनाउने ग्यारेज सबै एकै ठाउँ राख्ने योजना छ । बसपार्कमा ठूला पाँच सय सवारीका साधन अट्ने क्षमताको हुनेछ ।

बुटवल टुडे, २०७७ माघ १४

## सडक चौडा गर्दै स्थानीय सरकार

**प्रकाश नेपाल**
पाल्पा, १३ माघ।

लामो समयपछि सदरमुकाम तानसेन पुगेका जो कोहीलाई पनि लाम्न सक्छ सडक उही हो भनेर सडक धुलाम्य भए पनि राष्ट्रिय मापदण्ड अनुरुप चौडा सडक देख्दा सबैलाई अचम्म लाग्ने गर्दछ

सदरमुकामको मुख्य सडक एवं राजमार्गमा बढ्दो सवारीका चापका कारण र लामो समय देखि अतिक्रमणको चपेटामा सडक स्थानीय सरकार र सडक कार्यलयद्धारा चौडा गर्ने नाली टेवा पर्खालको निर्माणका कार्य एक साथ अगाडि बढेका कारण सडक चौडा तथा फराकिला भएका हुन्।

तानसेन नगर सरकारले बटुइ नयाँपाटी, टक्सार देखि रिब्दीकोट गाउँपालिका सामाकोट सम्म १० देखि १५ मिटर कायम गर्ने गरी सडक चौडा गरिएको नगरका प्रमुख इन्जिनियर राम प्रसाद श्रेष्ठले बताउँछन्। सडकमा बढ्दो सवारीका साधनको चापका कारण साँघुरा सडकमा बढ्दो दुर्घटनालाई न्यूनीकरण गर्न र सहज रुपमा आवत जावत गर्ने उदेश्यले सडक चौडा गरिएको उनले बताए।

सडक साँघुरा भएका कारण तानसेन प्रवेशको मुख्य नाका ठानिने प्रभास लामडाँडा क्षेत्रमा कहाली लाग्ने गरी सवारी दुर्घटना भएको स्मरण गर्दै सवारी चालक क्षम बहादुर गुरुङ भन्दछन सडक चौडा भए पछि कहाली लाग्दो दुर्घटना दोहोरीने छैन

स्थानीय सरकारले सडक चौडा गर्ने सडक कार्यलयले टेवा पर्खाल, नाली निर्माणको काम एक साथ अगाडि बढाएको छ। सडक कार्यालयका प्रमुख मुकुन्द राज अधिकारी भन्दछन्। स्थानीय सरकार सँग समन्वय गरिएको यस कार्यमा दोस्रो फेजमा कालोपत्रे गरिन्छ। नाली निर्माण टेवा पर्खालको काम पछि कालो पत्रे गर्ने गरी काम अगाडि बढाइएको छ। धुलाम्ये सडकको सास्ती धेरै दिन सम्म बेहोर्न नपर्ने उनले बताए।


सात देखि ९ मिटर भएको सडक १० देखि १५ मिटर सम्मको चौडा हुदा दुर्घटना र जाम हुने समस्याको समाधान हुने सवारी चालकहरू बताउँछन। गण्डकी र लुम्बिनी प्रदेशलाई जोड्ने यस सडक खण्डमा वर्षायाम होस वा पूर्व पश्चिम सडक अवरुद्ध हुँदा राजधानी बाट पश्चिम तर्फ जाने सवारीका साधनहरूले यही राजमार्ग भएर गुड्ने हुदा साघुरा सडकका कारण दुर्घटना बढने र जाम हुने समस्या थियो। त्यही समस्यालाइ ध्यान दिएर चौडा गरिएको नगरका प्रमुख प्रशाशकिय अधिकृत डिल्लीराज बेल्वासेले बताए।

तानसेन नगरले मुख्य सडक चौडा गरेर प्रसंशा त कमायो तर नगर भित्रको गल्ली जस्तो सडक चौडा गर्ने, मर्मत गर्ने कार्यलाई समेत ध्यान दिन पर्दछ। नगर भित्र कै सडक नै दुर्घटनाको जोखिम युक्त भएको सवारी चालक श्याम कार्कीले बताए।

नगर प्रमुख अशोक कुमार शाही भन्दछन यस पटक मुख्य प्रवेशका सडक चौडाका लागि झण्डै २ करोड खर्चियो। क्रमिक रूपमा जनताका आवस्यकता र मागलाई प्रकृयागत रूपमा सम्बोधन गरिने छ। यस कममा उचित व्यवस्थापन गरी बस्ती हटाएर सडक चौडा गरिने नगरको मुख्य योजना रहेको प्रमुख शाही बताउँछन्।

नगर सरकारले जस्तै तिनाउ, बगनासकाली, माथागढी, गाउँपालिकाले समेत सडक कार्यालय सगं समन्वय गरी कार्य गरेको खण्डमा सिद्धार्थ राजमार्गको नै स्वरूप फेरिने फराकिलो सडकका कारण पाल्पाको पर्यटन बिकासमा थप टेवा पुग्ने स्थानीय बासिन्दाहरूको भनाइ रहेको छ।

तानसेन नगरले सडक चौडा गरेको ठाउँमा पर्खाल नाली निर्माणका लागि सडक कार्यलयले ठेक्का मार्फत ८ करोड ५० लाख रूपैयाँ खर्च गरेको सडक कार्यलयका सुचना अधिकारी सिबु खत्रीले बताए। यो वर्षको काम यसै वर्ष सकिने छ। अर्को वर्ष बाट कालो पत्रे गरिने छ उनले भने। ■





# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

## पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष

स्थापना २०७५
तानसेन, पाल्या

मिति : २०७७ असार १४

### प्रेस विज्ञप्ति

नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको स्मृतिमा तानसेन नगरपालिका पाल्पाले स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ को प्रथम साधारणसभाको निर्णय अनुसार पुष्पलालका समकालीन तथा नेपाली समाजको रुपान्तरण र विकासका लागि पत्रकारिताको माध्यमबाट योगदान पुऱ्याउनु भएका वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई विशेष समारोहबीच पुष्पलालको जन्मदिन पारेर २०७७ असार १४ गते तानसेनमा १ लाख ११ हजार १ सय ११ रुपैयाँ राशिको *पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६* प्रदान गर्ने भनिएकोमा विश्वव्यापी रुपमा फैलिएको कोरोना (कोविड-१९) भाइरस संक्रमणका कारण विषम परिवेश सिर्जना भएकाले आज उक्त कार्यक्रम आयोजना नगरिएको तथ्य अवगत गराउँदछौं । उपयुक्त समयमा कोषको उल्लिखित निर्णय कार्यान्वयन गरिने कुरा सूचीत गर्दै स्वर्गीय पुष्पलालप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछौं ।

गोविन्द भट्टराई
सदस्य सचिव

---

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

✆ ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति.................................

### हार्दिक आभार तथा बधाई

लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको योगदानलाई चिरस्मरणीय बनाउन, राष्ट्रियता, लोकतन्त्र, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सामाजिक न्यायका लागि पैरवी गर्न तथा मर्यादित र पेशागत पत्रकारिताको विकासका लागि सहयोगगर्ने मुख्य उद्देश्यले तानसेन नगरपालिकाले स्थापना गरेको **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार** कोष २०७५, को निर्णय बमोजिम पुष्पलालका समकालीन व्यक्तित्व हिरण्यलाल श्रेष्ठ ज्यू सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी ज्यूका हातबाट सम्मानित हुनु हाम्रो लागि समेत गर्व गर्नलायक सवाल हो । पुरस्कार प्रदान गरिदिनुभएकोमा सम्माननीय राष्ट्रपति ज्यूमा तानसेन नगर कार्यपालिकाको तर्फबाट हार्दिक आभार प्रकट गर्दछु ।

पुष्पलाल, मदन भण्डारी, वीपी लगायत शीर्षस्थ नेताहरुको योगदानको कदरस्वरुप हामीले सक्दो काम गर्दै जानेछौं । त्यसैगरी वरिष्ठ पत्रकार शम्भु श्रेष्ठ ज्यू संयोजक तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ ज्यू सहसंयोजक रहनु भएको कोषले भविष्यमा उल्लेख्य काम गर्दै जाने हाम्रो विश्वास छ । उक्त कोष स्थापनामा यथासक्य सहयोग गर्न पाएकोमा हामी खुसी छौं । **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार** २०७६ (पहिलो पटक) बाट सम्मानित हुनु भएका वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठ, प्रेस काउन्सिल नेपाल गोपालदास पत्रकारिता पुरस्कारबाट सम्मानित कोषका संयोजक तथा वरिष्ठ पत्रकार शम्भु श्रेष्ठ लगायत सबैलाई हार्दिक बधाई ज्ञापन गर्दै थप प्रगतिको कामना गर्दछु । समन्वयकारी भूमिका निर्वाह गर्नुहुने प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष ज्यू लगायत सबैमा धन्यवाद ज्ञापन गर्दछौं ।

अशोककुमार शाही
नगर प्रमुख
Mayor

मिति : २०७७ असोज ६, पाल्पा

---

दर्ता नं. ०१/२०७५, तानसेन

## पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष

तानसेन-६, पाल्पा
स्था. २०७५

च.नं.
पत्र संख्या :

### प्रेस विज्ञप्ति

तानसेन नगरपालिकाले नेपालको लोकतान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको स्मृतिमा स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोष २०७५ तानसेन पाल्पामा रहेको छ । कोषका संयोजक वरिष्ठ पत्रकार शम्भु श्रेष्ठको अध्यक्षता, प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष तथा कोषका सहसंयोजक किशोर श्रेष्ठको विशेष आतिथ्यतामा २०७६ माघ १८ गते तानसेनमा सम्पन्न कोषको प्रथम साधारणसभाले सर्वसम्मत निर्णय गरेअनुरुप **पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६** (पहिलो पटक) वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई पुस्पलालको स्मृति दिवसका अवसरमा असार १४ गते प्रदान गर्ने भनिएकोमा कोरोना भाइरस (कोभिड-१९) का कारण स्थगित रहेको थियो । कोषको विशेष आग्रहलाई मनन गर्दै सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी ज्यूबाट २०७७ असोज ६ गते शीतलनिवासमा आयोजित समारोहमा कोषका संयोजक शम्भु श्रेष्ठ र प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ, कोषका सदस्य सचिव गोविन्द भट्टराई लगायतको समुपस्थितिमा उक्त पुरस्कार प्रदान गरिएको सहर्ष जानकारी गराउन चाहन्छु ।

पुष्पलालका समकालीन, राष्ट्रियता र देशभक्तिका मुद्दामा सदैव दृढ पत्रकारिता र लेखनका माध्यमबाट पुष्पलालका विचारलाई जनस्तरमा स्थापित गराउन आजीवन समर्पित वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई सम्मान गर्न पाएकोमा कोष परिवारले गौरव अनूभूति गरेको छ ।

व्यस्तता र विषम परिस्थितिका बावजूद पुरस्कार प्रदान गरि पत्रकारहरुको हौसला अभिवृद्धिमा टेवा पुऱ्याइदिनु भएकोमा सम्माननीय राष्ट्रपति ज्यूमा आभार प्रकट गर्दै समन्वयकारी भूमिका निर्वाह गर्नुहुने प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष ज्यू तथा कोषलाई सहयोग गर्नुहुने नगरप्रमुख अशोककुमार शाही लगायत तानसेन नगरपालिका परिवारलाई धन्यवाद ज्ञापन गर्दछौं । पुरस्कारमा नगद रु १ लाख ११ हजार १ सय ११ रुपैयाँ, पाल्पाली ढाका टोपी र ढाकाकै दोसल्ला सहित सम्मानपत्र रहेको छ । यस अवसरमा राष्ट्रपति ज्यूबाट आजै प्रेस काउन्सिल नेपाल गोपालदास पत्रकारिता पत्रकारिता पुरस्कारबाट सम्मानित कोषका संयोजक तथा वरिष्ठ पत्रकार शम्भु श्रेष्ठलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

गोविन्द भट्टराई
सदस्य सचिव

मिति : २०७७ असोज ६, काठमाडौं

---

### प्रेस विज्ञप्ती

नेपाल सरकार र बेलायतमा अध्ययन गरेका नेपालीहरुको सामाजिक संस्था लोकल इन्टरभेन्सन्स् ग्रुप (Local Interventions Group) को सहकार्यमा सन् २०२० देखि आगामी ५ वर्षका लागि विभिन्न विकास नियोगहरुको वित्तिय सहयोगमा संचालन हुन लागेको कार्यक्रम हो "मिसन वृत्ति" ।

मिसन वृत्ति एक नविनतम् सोचका साथ अघि सारिएको आर्थिक विकास कार्यक्रम हो । यस कार्यक्रमले विशेषत: युवा तथा महिला उद्यमीहरुले नयाँ सोचका साथ अघि सारेका उद्यमशिलता सम्बन्धी योजनामा विभिन्न तरिकाले आर्थिक तथा प्राविधिक सहयोग र सहजीकरण गर्दछ । मिसन वृत्ति कार्यक्रमको लागि परियोजना अवधि भर करीब २० अर्ब परिचालन हुने लक्ष्य राखिएको छ । नेपालका सात वटै प्रदेशमा यो कार्यक्रम संचालन हुने भएता पनि प्रथम चरणमा प्रदेश नं. १ र प्रदेश नं. ५ बाट परियोजना प्रारम्भ हुनेछ ।

मुलत: यो कार्यक्रमले कृषि क्षेत्रलाई उच्च प्राथमिकता दिएको छ, तथापि अन्य नवप्रवर्तनात्मक र सृजनशील क्षेत्रको लागि पनि कार्यक्रम खुला हुनेछ ।

मिसन वृत्तिले प्रत्येक नवउद्यमीहरुको लागि ५ लाख सम्म अनुदान, थप पूंजी आवश्यकता परेमा सुलभ र सस्तो ब्याजदरमा वित्तिय संस्थासंग पहुँचका निम्ति सहजीकरण, ३ महिनासम्म उद्यमशिलता विकास सम्बन्धी विशेष प्रशिक्षण, कानुनी, वित्तिय र बजारीकरणमा समेत सेवा प्रदान गर्नेछ । उद्यमीहरुहको व्यवसायीक वृत्ति विकासका लागि सफल उद्यमीको पृष्ठभुमि बोकेका Mentor(प्रशिक्षक) हरु नियमित परामर्श सेवा पनि दिनेछ । उद्यमीहरुले उत्पादन गरेका वस्तु तथा सेवालाई बिक्री वितरण गर्न कोभिड १९ को रोकथाम भए लगतै करिब ५००० वर्ग फिटको "Open enterprise hub" समेत निर्माण गर्ने कार्यक्रम समेत रहको छ ।

लोकल इन्टरभेन्सन्स् ग्रुप (Local Interventions Group) संलग्न अधिकांश सदस्यहरु विश्व मै प्रशिद्धी प्राप्त शैक्षिक प्रतिष्ठान "लण्डन स्कुल अफ इकोनोमिक्स" मा संलग्न नेपालीहरुको संस्था हो । यो संस्था Echoing Green को ८० हजार डलर र अमेरिकाको D-Prze प्राप्त गर्ने एक मात्र नेपाली विजेता कम्पनी पनि हो । विश्व प्रशिद्ध BBC, New York Times, Huffington Post, Forbes जस्ता अन्तर्राष्ट्रिय ख्याती प्राप्त मिडियाले समेत लोकल इन्टरभेन्सन्स् ग्रुप (Local Interventions Group) का बारेमा समाचार समेट्दै आएका छन् । यस अघि पनि नेपालका विभिन्न सरकारी निकायहरुमा यो संस्थाको सफल कार्यानुभव रही सकेको छ ।

मिसन वृत्तिले Siddhartha Economic Corridor को आर्थिक तथा सामाजिक समृद्धिका लागि कार्यक्रम संचालन गर्ने भएको सहर्ष जानकारी गराउँदछौं । Siddhartha Economic Corridor मा सम्बद्ध सबै स्थानीय सरकार अर्थात १५ वटै पालिकाहरु, नागरिक, तथा लक्षित समुदायले यो कार्यक्रमबाट लाभ लिने अपेक्षा गरिएको छ । यस अभियानका लागि Mayor's Forum for Siddhartha Economic Corridor ले स्थानिय स्तरमा समन्वय गर्नेछ । प्रारम्भिक चरणमा Siddhartha Economic Corridor का लागि करीब २६.५ मिलियन डलर लगानी हुने अपेक्षा गरिएको छ ।

अन्तमा, Siddhartha Economic Corridor को आर्थिक तथा सामाजिक समृद्धिका लागि संचालन हुन गैरहेको मिसन वृत्ति कार्यक्रम निकट भविश्यमै औपचारिक रुपमा प्रारम्भ हुन लागेको पूर्वसंध्यामा सरोकारवालाहरुलाई सूचीत गर्ने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा Mayor's Forum for Siddhartha Economic Corridor का संयोजक र लोकल इन्टरभेन्सन्स ग्रुपका प्रमुख कार्यकारी अधिकृतले संयुक्त रुपमा हस्ताक्षर गरी यो प्रेस विज्ञप्ती जारी गरेका छौं ।

धन्यवाद्

अशोककुमार शाही
नगर प्रमुख, ता.न.पा.
संयोजक : Mayor's Forum for Siddhartha Economic Corridor

प्रणव बुढाथोकी
प्रमुख कार्यकारी अधिकृत
Local Interventions Group

मिति : २०७७ असोज १९ गते, तानसेन

# तानसेन नगरपालिकाद्वारा प्रकाशित तथा सम्बन्धित केही प्रेस विज्ञप्ति

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति २०७७ कार्तिक ४

### हार्दिक शुभकामना !

हामी नेपालीहरुको महत्वपूर्ण पर्वहरु बडादशैं, तिहार, नेपाल संवत र छठ पर्वको अवसरमा तानसेनवासीलगायत सम्पूर्ण नेपालीजनमा हार्दिक शुभकामना प्रकट गर्दछौं ।

एकातिर विश्वभर महामारीको रुप लिएको कोरोना (कोविड-१९) भाइरस संक्रमणको अवस्था हाम्रो देशमा समेत बढ्दो छ भने अर्कोतिर संस्कृति संरक्षणको कुरा छ । कोरोनाबाट बचेर चाडपर्वको मौलिकता संरक्षणसँगै सामाजिक सदभाव, सहिष्णुता प्रवर्द्धन महत्वपूर्ण सवाल हो यसर्थ सुरक्षा मापदण्ड पालना गर्दै पर्व मनाउनेतर्फ हामी सबै चनाखो हुन आवश्यक छ । यसपटकको दशैंमा संयमता अपनाएर संस्कार बचाऔं, भीडभाड नगरौं तथा फजुल खर्च नियन्त्रण गरी बचत गर्ने बानीको विकास गरौं । भीडभाडलाई निरुत्साहित गरौं । हामी जो जहाँ छौं सम्भव भएसम्म त्यहीं बसेर पर्व मनाऔं । कोरोनाबाट बचौं र बचाऔं । हामीले पटकपटक हेक्का राख्नै पर्ने सवाल हो-कोरोना संक्रमणबाट आफू बचौं अरुलाई बचाऔं साथै तानसेनलाई सफा र सुन्दर राख्दै स्वस्थ वातावरण कायम राख्न, शान्ति सुरक्षा र सामाजिक सद्भाव अभिवृद्धिका लागि नगर सरकारलगायत सरोकारवाला निकायलाई नगरबासीले सहयोग गरौं ।

कोरोना भाइरस (कोविड-१९) संक्रमण रोकथाम तथा विपन्न अनि प्रभावित परिवार र व्यक्तिलाई आवश्यक उपचार, राहतको लागि तानसेन नगरसरकारले शुरुदेखि नै यथासक्य आवश्यक कदम चालेको तथ्य सबैलाई विदितै छ । एक्लो प्रयासले मात्र महामारी नियन्त्रण सम्भव छैन तसर्थ कोरोना भाइरस संक्रमण नियन्त्रणमा आआफ्नो ठाउँबाट सक्दोसहयोग गर्न सबैलाई पुनःसादर अनुरोध गर्दछौं ।

अन्त्यमा, विजयादशमी (बडा दशैं) २०७७, दिपावली (तिहार) २०७७ , नेपाल संवत् ११४१ र छठ पर्व २०७७ को उपलक्ष्यमा तानसेनस्थित सम्पूर्ण जनप्रतिनिधि, बुद्धिजीवी, सञ्चारकर्मी, उद्यमीव्यवसायी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मीहरु लगायत सम्पूर्ण तानसेन पाल्पावासी एवम् नेपालीजनमा सुस्वास्थ्य, दीर्घायु र सुखसमृद्धिका लागि पुनः हार्दिक मंगलमय शुभकामना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

## तानसेन नगरपालिका

तानसेन, पाल्पा
५ नं. प्रदेश, नेपाल

© ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
Website : www.tansenmun.gov.np

पत्र संख्या :
चलानी नं. :

मिति.........................

### हार्दिक श्रद्धाञ्जली !



तानसेन नगरपालिका वडा नम्बर २ का वडा सदस्य, नगरसभा सदस्य, प्रजातन्त्रवादी व्यक्तित्व, सबैका प्रिय गोपालप्रसाद श्रेष्ठको मिति २०७७ असार ३१ गतेका दिन असामयिक निधन भएको खबरले तानसेन नगरपालिका परिवार स्तब्ध भएका छौं । वि.सं. २००६ सालमा जन्मनु भएका असनटोल, तानसेन, पाल्पा निवासी श्रेष्ठ मिलनसार, मृदुभाषी, सहयोगी, सामाजिक तथा धार्मिक स्वभावका हुनाले सबैसँग उहाँको मित्रवत व्यवहार रहेको थियो । उहाँले तानसेन गुठीको अध्यक्ष, विश्व हिन्दू महासंघ पाल्पाको उपाध्यक्ष, गणेशधाम निर्माणका लागि सहयोग लगायत जिम्मेवारी वहन गर्नु भएको थियो । विकास निर्माणका काममा मनैदेखि लाग्ने स्वर्गीय श्रेष्ठको निधनले शोकाकूल परिवारजनमा मात्र नभै त्यसक्षेत्रको सामाजिक काममा समेत अपुरणीय क्षती पुगेको हामीले महसुस गरेका छौं । उहाँले पुऱ्याउनुभएको योगदानको उच्च मुल्याङ्कन सहित दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकको यस घडीमा शोकमा रहनुभएका परिवार तथा आफन्तजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री अशोककुमार शाही
नगरप्रमुख एवम्
तानसेन नगरपालिका परिवार

२०७७ साउन १

**पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका** संयोजक शम्भु श्रेष्ठको अध्यक्षता तथा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष एवम् कोषका सहसंयोजक किशोर श्रेष्ठको विशेष आतिथ्यतामा मिति २०७७ असोज ७ गतको दिन सम्पन्न कोषको विशेष बैठकले देहाय बमोजिम निर्णय गरेको छ :

उपस्थिति

१. शम्भु श्रेष्ठ, संयोजक
२. किशोर श्रेष्ठ, सहसंयोजक
३. मेघराज शर्मा, सदस्य
४. दिल साहनी, सदस्य
५. राजेशकुमार अर्याल, सदस्य
६. झपेन्द्र गहिरे, सदस्य
७. भगवान भण्डारी, सदस्य
८. गोपालप्रसाद बस्याल, सदस्य
९. सुशीला श्रेष्ठ, सदस्य
१०. गणेश ज्ञवाली, सदस्य
११. राजेन्द्र लिगल, सदस्य
१२. किरण कौशल, सदस्य
१३. सन्तोष खनाल, सदस्य
१४. गोविन्द भट्टराई, सदस्य सचिव

आमन्त्रित

१. अशोककुमार शाही, नगरप्रमुख, तानसेन
२. लक्ष्मीदेवी पाठक, उपप्रमुख, तानसेन
३ डिल्लीराज बेल्वासे, प्रमुख प्रशासकीय अधिकृत, तानसेन
४.कोशलराज घिमिरे, लेखा अधिकृत, तानसेन

निर्णय

१. कोषको साधारणसभाको सर्वसम्मत निर्णयअनुसार पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ (पहिलोपटक) २०७७ असोज ६ गते राष्ट्रपति निवासमा आयोजित विशेष समारोहमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले वरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठलाई प्रदान गरिदिनुभएकोमा आभार प्रकट गर्दछौं । पुरस्कृत व्यक्तित्व श्रेष्ठलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सुस्वास्थ्य र प्रगतिको कामना गर्दछौं ।

२. पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका संयोजक शम्भु श्रेष्ठ प्रेस काउन्सिल नेपालले स्थापना गरेको गोपालदास पत्रकारिता पुरस्कार प्राप्त गरी राष्ट्रपति निवासमा सम्मानित हुनुभएकोमा कोष परिवार उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछ । यसैगरी कोषका सदस्य राजेशकुमार अर्याल संविधान दिवसका अवसरमा मानपदवीबाट विभुषित हुनुभएको र अर्का सदस्य सन्तोष खनाल त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको सहायक क्याम्पस प्रमुख हुनु भएकोमा उहाँहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सबैको थप प्रगतिको कामना गर्दछौं ।

३. लोकतन्त्रका मूर्धन्य व्यक्तित्व पुष्पलालको स्मृतिमा तानसेन नगरपालिकाले स्थापना गरेको पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका लागि नगरपालिकाबाट विनयोजित आव ०७७/७८ को रकम कोषको नेबैलि तानसेनस्थित खातामा जम्मा हनुगरी निकासाको लागि सदस्य सचिव मार्फत् अनुरोध गर्ने निर्णय गरियो ।

४. पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ राष्ट्रपतिबाट प्रदान गर्ने कामका लागि कोष र तानसेन नगरपालिकाको समेत प्रतिनिधित्व गरेर कोषका सदस्य सचिव काठमाडौं जाँदा आउँदा र त्यहाँ भएको सम्पूर्ण खर्च (प्लेन,उपहार, जलपानलगायत) र पुरस्कार वापत कर समेतको खर्च व्यहोर्न तानसेन नगरपालिकालाई अनुरोध गर्ने साथै हिरण्यलाल श्रेष्ठलाई प्रदान गरिएको (रु १,११,१११।-) चेक वापतको रकम कोषको खातामा जम्मा भएको ब्याजबाट तानसेन नगरपालिकालाई फिर्ता गरी सदस्य सचिवको नाममा निकासा गरिएको पेश्की फर्स्यौट गर्ने निर्णय गरियो ।

५. कोषको प्रथम अधिवेशन २०७७ कार्तिक २० गते तानसेनमा आयोजना गर्ने साथै उक्त कार्यक्रममा पुरस्कृत व्यक्तित्व हिरण्यलाल श्रेष्ठ लगायतलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

६. कोषको लेखा परीक्षकमा दिवाकर अर्याललाई नियुक्त गर्ने निर्णय गरियो ।

७. तानसेन नगरपालिकाका प्रमुख लगायत तानसेन नगरपालिका परिवार तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्ने सबैलाई बैठक धन्यवाद ज्ञापन गर्दछ ।

# तस्बिरमा तानसेन



प्रेस काउन्सिल नेपाल गोपालदास पत्रकारिता पुरस्कार राष्ट्रपतिबाट ग्रहण गर्दै पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका संयोजक शम्भु श्रेष्ठ




रिडी बजारमा हृषीकेश रथयात्रा



हाम्रो तानसेन त्रैमासिकका लेखक राजेन्द्रगोपाल सिंहलाई प्रशंसा-पत्र प्रदान गर्दै नगरप्रमुख अशोककुमार शाही



हाम्रो तानसेन त्रैमासिकका लेखक वरिष्ठ पत्रकार दिल साहनीलाई सम्मान गर्दै प्रधान सम्पादक गोविन्द भट्टराई




पाल्पाली संगमका अध्यक्ष तथा हाम्रो तानसेन त्रैमासिकका लेखक पदम न्यौपानेलाई सम्मान गर्दै प्रधान सम्पादक गोविन्द भट्टराई



तानसेन नगरपालिका-११ स्थित ऐतिहासिक सुरूङ

पाल्पा जिल्ला हुलाक दर्ता नं.: १/२०७६-७७

# "सफा सुन्दर तानसेन शहर, हामी सबैको रहर !"



तानसेन नगरपालिकाद्वारा स्थापित पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार २०७६ (पहिलो पटक ) सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीका हातबाट ग्रहण गरेपछि बरिष्ठ पत्रकार हिरण्यलाल श्रेष्ठ, पुष्पलाल स्मृति राष्ट्रिय पत्रकारिता पुरस्कार कोषका संयोजक शम्भु श्रेष्ठ, प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठ, कोषका सदस्य सचिव गोविन्द भट्टराई सामुहिक तस्बिरमा (२०७७ असोज ६ गते ११ बजे, शितलनिवास, काठमाडौं)



तानसेन नगरपालिका स्तरीय सहकारी सञ्जालका पदाधिकारीलाई समारोह बीच सपथ ग्रहण गराउँदै नगरप्रमुख अशोककुमार शाही